# त्रिवर्षीय योजना

## (२०६७/०६८ - २०६९/०७०)

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाडौं, नेपाल

असार, २०६८

प्रधानमन्त्री

काठमाडौं, नेपाल

# शुभकामना

नेपालमा योजनाबद्ध विकासको थालनी भएको साढे पाँच दशक पूरा भइसकेको छ । यस अवधिको शुरुका वर्षहरूमा बिशेषगरी पूर्वाधार विकास र त्यसपछि गरिबी निवारणमा जोड दिइएको भएतापनि मुलुकका स्रोत र साधनहरुको समुचित प्रयोगमार्फत जनताको जीवनस्तरमा अझै अनुभूति गर्न सकिने सुधार ल्याउन सम्भव भएको छैन । मुलुक अझै पनि निर्वाहमुखी अर्थतन्त्रमा रहेको छ, पूर्ण एवं अर्ध-बेरोजगारीको चपेटामा पनि छ र व्यापार घाटा र मूल्यबृद्धिको मार खेपिरहेको छ । समष्टिमा नेपाल अहिले पनि अति कम विकसित राष्ट्रको श्रेणीमा नै रहेको तथ्य सर्वविदितै छ ।

यस पृष्ठभूमिमा प्रस्तुत त्रिवर्षीय योजना (२०६७/०६८-०६९/०७०) ले नेपाललाई विकासशील राष्ट्रको पंक्तिमा रुपान्तरित गरी समृद्ध, शान्त र न्यायपूर्ण राष्ट्र निर्माणको दीर्घकालीन सोंच अगाडि सारेको छ । यसलाई मूर्तरुप दिन विशेषतः ठूला आर्थिक-सामाजिक पूर्वाधार निर्माण गर्न सार्वजनिक क्षेत्रको अगुवाई, प्रतिस्पर्धात्मक रुपमा औद्योगिक, व्यापारिक एवं सेवा क्षेत्रको नेतृत्व गरी आर्थिक बृद्धि गर्न निजी क्षेत्रको नेतृत्व तथा निर्वाहमुखी ग्रामीण अर्थतन्त्रलाई उत्पादनशील एवं व्यावसायिक बनाई समावेशी तथा समन्यायिक विकास गर्न सामुदायिक/सहकारी क्षेत्रको प्रमुख भूमिका हुने गरी उत्पादनका सबै शक्तिहरूको यथोचित एवं समन्वयात्मक विन्यास र विकास गरिनेछ ।

यस योजनामा सन् ०१५ सम्ममा सहस्राब्दी विकासका लक्ष्यहरू हासिल गर्ने, सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने र सामाजिक बञ्चितीकरणलाई निर्मूल गर्दै आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने तथा दीगो र फराकिलो आर्थिक बृद्धिमार्फत निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्याको हालको करिब २५ प्रतिशतलाई २१ प्रतिशतमा झार्ने लक्ष राखिएको छ । यसैगरी, देशको भावी संघीय स्वरुपलाई टेवा पुऱ्याउने र प्रादेशिक आर्थिक बृद्धिसमेतलाई सहयोग पुग्ने तथा क्षेत्रीय सन्तुलन हुने गरी भौतिक पूर्वाधारहरु निर्माण गर्ने रणनीति अवलम्बन गरिएको छ । रोजगारीकेन्द्रित समावेशी तथा समन्यायिक आर्थिक बृद्धि गरी गरिबी निवारण र दीगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आमजनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति गराउने यस योजनाको प्रमुख उद्देश्य रहेको छ । यी उद्देश्य र लक्ष हासिल गर्न समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूबाट नेपाल सरकारलाई आवश्यक सहयोग प्राप्त हुने आशा एवम् विश्वास मैले लिएको छु ।

यतिबेला मुलुक जटील संक्रमणकालमा रहेको तथ्य सर्वविदितै छ । शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्न त्यसका संबाहक शक्तिहरूबीच एकता र सहकार्य हुनु अत्यन्तै जरुरत छ । तर प्रमुख र अन्य राजनीतिक शक्तिहरूबीच एकता र सहकार्यको प्रयत्नले अझै सार्थकता पाउन नसक्दा मुलुकले शान्ति र नयाँ संविधान पाउन सकेको छैन । मुलुकको अग्रगामी रुपान्तरणका निम्ति हामीले परिवर्तनका अनमोल उपलब्धिहरूलाई संस्थागत गरी हामीहरु एकताबद्धरुपमा आर्थिक क्रान्तिको दिशामा अघि बढ्नैपर्छ । सरकारले यस कार्यभारलाई अर्जुनदृष्टिका साथ आत्मसात् गरेको छ । र, राष्ट्रिय सहमतिका साथ द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रियाको पूर्णता तथा नयाँ संविधानको निर्माण गर्न सरकार दृढप्रतिज्ञ रहेकोछ ।

अन्त्यमा, यस त्रिवर्षीय योजना तजुर्माको क्रममा योगदान गर्नुहुने सबै राजनीतिक दल, संघ/संस्था, नागरिक समाजलगायत सम्पूर्ण महानुभावहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस योजनाको प्रभावकारी कार्यान्वयनबाट मुलुकको आर्थिक-सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु । साथै, यस त्रिवर्षीय योजनाको सफल कार्यान्वयनको हार्दिक शुभकामना पनि व्यक्त गर्दछु ।

३१ असार २०६८

(झलनाथ खनाल)

अध्यक्ष, राष्ट्रिय योजना आयोग

# मन्तव्य

नेपालमा योजनावद्ध विकास सुरू भए यताका एघारवटा आवधिक योजनाहरूले मुलुकको सर्वाङ्गीण विकासका लागि लक्ष्यहरू निर्धारण गर्दै ती लक्ष्यहरू प्राप्तितर्फ अग्रसर भएको सन्दर्भमा गत वर्ष सम्पन्न तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) ले दोस्रो ऐतिहासिक जनआन्दोलन २०६३ मार्फत नेपाली जनताले व्यक्त गरेका भावनालाई सम्बोधन गर्नुका साथै राजनीतिक तहमा भएका विभिन्न सहमतिहरू र अन्तरिम संविधान तथा अन्तरिम सरकारको न्यूनतम साझा कार्यक्रमलाई संस्थागत गर्न, दिगो शान्ति र समावेशी विकास गर्ने सोच सहित सम्बृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माण गर्नका लागि आधार तयार गर्ने उद्देश्य लिएको थियो । उक्त अन्तरिम योजना मिश्रित उपलब्धिकासाथ सम्पन्न भएको छ ।

मुलुक अहिले राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै दिगो शान्ति र सर्वाङ्गीण विकासतर्फ अग्रसर हुँदैछ । यस क्रममा वृहत् शान्ति सम्झौता र अन्तरिम संविधानका मान्यताहरू अनुरूप राज्यको पुनः संरचना गरी आम नेपाली नागरिकलाई आर्थिक-सामाजिक परिवर्तनको अनुभूति हुने वातावरण तयार गर्नु अहिलेको चुनौती रहेको छ । साथै, प्राथमिकताका साथ उत्पादनमूलक क्षेत्रमा लगानी अभिबृद्धि गरी व्यापक मात्रामा रोजगारीको अवसर सिर्जना गर्ने अनुकूल वातावरण बनाउँदै दिगो रूपमा गरीबी न्यूनीकरण गरी आम नागरिकको जीवनस्तर उठाउनु अर्को ठूलो चुनौती रहेको छ ।

नेपालको आधुनिक विकासका आधारशिला तयार गर्दै यसलाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्र बनाउने सोच सहित नेपाली नागरिकलाई रोजगारी सिर्जनामार्फत आर्थिक सबलता प्रदान गर्ने दृष्टिकोण लिई नयाँ संविधान निर्माण भई मुलुकले नयाँ सोचका साथ आर्थिक-सामाजिक रूपान्तरणको दीर्घकालीन योजना तर्जुमा गर्न करिव तीन वर्ष लाग्ने अनुमानका आधारमा यो त्रिवर्षीय योजना (२०६७/६८- २०६९/७०) तयार गरिएको छ ।

सहस्राब्दी विकास लक्ष्यहरूका साथै सामाजिक समावेशीको दृष्टिकोणलाई विकासको प्रक्रियामा आत्मसात गर्दै विद्यमान अन्तरिम अवस्थालाई समेत मध्यनजर गरी निरन्तरता दिन सकिने, सम्पन्न गर्न सकिने, सम्पन्न गर्नुपर्ने र नयाँ नेपालको संरचनालाई समेत सहयोग पुग्ने किसिमका कार्यक्रमहरू समावेश गर्न यस योजनामा प्रयास गरिएको छ । यिनै दृष्टिकोणलाई आधार मानी यस योजनाका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तयार गरिएका छन् ।

यो योजना तर्जुमा गर्ने क्रममा राष्ट्रिय विकास परिषद्, राष्ट्रिय तथा क्षेत्रीय गोष्ठिहरू, राजनैतिक दलका प्रतिनिधिहरू, विज्ञहरू, र विकाससँग सम्बन्धित सरकारी, निजी, गैर सरकारी संघ संस्था, जनसमुदाय, नागरिक समाज, वुद्धिजीवीलगायत राष्ट्रिय तथा देशभित्रका अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरिएको छ । अन्त्यमा, योजना तर्जुमा प्रक्रियामा योगदान दिनुहुने समस्त संस्था र महानुभावहरूप्रति राष्ट्रिय योजना आयोगका तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

**असार, २०६८**

डा. दिनेशचन्द्र देवकोटा
उपाध्यक्ष
राष्ट्रिय योजना आयोग

# आभारोक्ति


मुलुक सामाजिक-आर्थिक रूपान्तरण एवम् संघीय संरचनाको संघारमा रहेको पृष्ठभूमिमा आम नागरिकले राजनीतिक परिवर्तन मार्फत अपेक्षा गरे अनुरूप सामाजिक आर्थिक सुधारको वातावरण सिर्जना गरी गरीबी न्यूनीकरण गर्ने उद्देश्यका साथ समाजका विभिन्न क्षेत्रका सरोकारवालाहरूको सहभागिताबाट यो त्रिवर्षीय योजना तयार गरिएको छ ।

योजनालाई बढी भन्दा बढी जनसहभागितामूलक बनाउने उद्देश्यले यसको तर्जुमा गर्ने क्रममा केन्द्रस्तरमा राजनीतिक दल, विज्ञ, गैर सरकारी संस्था, नागरिक समाज, विभिन्न वर्ग र क्षेत्रलाई प्रतिनिधित्व गर्ने पेशागत समुदाय एवम् विकास साझेदारहरूसँग विभिन्न चरणमा विस्तृत अन्तर्क्रिया गरी सुझाव तथा प्रतिक्रियाहरू लिइएको थियो । क्षेत्रीयस्तरमा पनि विभिन्न राजनीतिक दल, जिल्लास्तरीय विषयगत निकायका प्रतिनिधिहरू, स्थानीय निकाय तथा संघसंस्थाका प्रतिनिधिहरू, गैर सरकारी संस्था, नागरिक समाज, बुद्धिजिवी एवम् पत्रकारहरूसँग समेत विभिन्न चरणमा अन्तर्क्रिया गरिएको थियो । यसैगरी, महिला, दलित, आदिबासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्तिहरू लगायत विभिन्न समुदायबाट प्राप्त भएका सुझाव तथा प्रतिक्रियाहरू पनि समावेश गरिएका छन् । यस कार्यमा योगदान दिनुहुने उपर्युक्त सम्पूर्ण महानुभावहरूप्रति राष्ट्रिय योजना आयोग हार्दिक आभार व्यक्त गर्दछ ।

यो योजना तर्जुमाको क्रममा निर्देशन तथा महत्वपूर्ण योगदान दिनुहुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षहरू डा. युवराज खतिवडा र डा. जगदीशचन्द्र पोखरेल तथा पूर्व सदस्यहरू प्रा.डा. रामदेव सिंह, प्रा.डा. पुष्कर बज्राचार्य, प्रा.डा. तीर्थराज खनिया, डा. चेतराज पन्त, कमलेश्वर पुरी गोश्वामी, डा. गणेश बहादुर गुरूङ्ग र पूर्व अर्थ सचिव रामेश्वर खनाल तथा आयोगका पूर्व सदस्य सचिवहरू युवराज पाण्डे र बीन्द्रा हाडा भट्टराई प्रति आयोग हार्दिक धन्यबाद व्यक्त गर्दछ । यस कार्यमा राष्ट्रिय योजना आयोगको सचिवालयका सह सचिवहरू आत्माराम पाण्डे, पुष्पलाल शाक्य, गोपिनाथ मैनाली, भवकृष्ण भट्टराई, ध्रुब दाहाल, डा. बद्री पोखरेल, कार्यक्रम निर्देशकहरू, योजना अधिकृतहरू लगायत सम्पूर्ण कर्मचारीहरूको सक्रियता स्मरणीय रहेको छ ।

यस त्रिवर्षीय योजनाको आधारपत्र निर्माण गर्ने देखि योजनाको विस्तृत दस्तावेज तर्जुमा गर्ने सम्मको कार्यमा संयोजकको भूमिका निर्वाह गर्नुहुने प्रा.डा. गोबिन्द नेपाल एवम् विज्ञको रूपमा सेवा प्रदान गर्नुहुने श्री गोबिन्द गजुरेल तथा डा.रामशरण खरेल लगायत विभिन्न विषयगत परामर्शदाताहरूलाई आयोग विशेष धन्यबाद दिन्छ । साथै, योजनाको विस्तृत दस्तावेजलाई अन्तिम रूप दिने चरणमा संलग्न सह-सचिवहरू डा. बैकुण्ठ अर्याल, डा. महेन्द्र गुरूङ्ग र ई. कमल पाण्डे तथा सह-प्राध्यापक श्री लेखनाथ गुरागाईंको विज्ञ टोलीले पुऱ्याएको योगदानको आयोग सह्राना गर्दछ । सम्पादन र समन्वय कार्यमा योगदान पुऱ्याउनुहुने कार्यक्रम निर्देशक रविशंकर सैंजु र राष्ट्रिय आयोजना व्यवस्थापक ज्ञानेन्द्र कुमार श्रेष्ठले निर्वाह गरेको भूमिका तथा कम्प्युटर अपरेटर बेद प्रसाद सुबेदीले गरेको अथक परिश्रमको आयोग विशेष स्मरण गर्दछ । अन्तमा, यो योजनाको तयारीमा संयुक्त राष्ट्रसंघीय विकास कोष र एसियाली विकास बैंकबाट प्राप्त प्राविधिक सहयोग तथा एस.पि.एम.सि. प्रोजेक्ट टिमबाट प्राप्त व्यवस्थापकीय सहयोग स्मरणीय रहेको छ ।

**असार, २०६८** **राष्ट्रिय योजना आयोग**

## राष्ट्रिय योजना आयोग

| | |
|---|---|
| सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनाल | अध्यक्ष |
| माननीय डा. दिनेशचन्द्र देवकोटा | उपाध्यक्ष |
| माननीय डा. प्रेमबहादुर कुंवर | सदस्य |
| माननीय प्रा. सुवोध नारायण झा | सदस्य |
| माननीय श्री रामकुमार शर्मा | सदस्य |
| मुख्य सचिव श्री माधवप्रसाद घिमिरे | पदेन-सदस्य |
| अर्थ सचिव श्री कृष्णहरि बास्कोटा | पदेन-सदस्य |
| श्री युवराज भुसाल | सदस्य-सचिव |

# विषयसूची


| | | |
|---|---|---|
| **अध्याय १** | **योजनाको पृष्ठभूमि** | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | तीन वर्षीय अन्तरिम योजनाको संक्षिप्त समीक्षा | २ |
| १.३ | सहस्राब्दी विकास लक्ष्यको प्रगति समीक्षा | १२ |
| **अध्याय २** | **त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०)** | १६ |
| **अध्याय ३** | **आर्थिक वृद्धिदर एवं स्रोत र साधनको व्यवस्था** | २० |
| **अध्याय ४** | **समष्टिगत आर्थिक नीति र आर्थिक विकास नीति** | **२७-१३९** |
| ४.१ | वचत | २७ |
| ४.२ | राजस्व | २८ |
| ४.३ | सार्वजनिक खर्च व्यवस्थापन | ३१ |
| ४.४ | सार्वजनिक ऋण व्यवस्थापन | ३३ |
| ४.५ | वैदेशिक लगानी | ३५ |
| ४.६ | वैदेशिक सहायता व्यवस्थापन | ३६ |
| ४.७ | मुद्रा, बैंकिङ्ग तथा कर्जा | ३८ |
| ४.८ | कृषि, ग्रामीण कर्जा र लघु वित्त | ४१ |
| ४.९ | मूल्य | ४३ |
| ४.१० | पूँजीबजार | ४५ |
| ४.११ | विदेशी विनियम तथा शोधनान्तर स्थिति | ४७ |
| ४.१२ | सार्वजनिक संस्थान | ४९ |
| ४.१३ | निजी क्षेत्र विकास | ५१ |
| | ४.१३.१ निजी, सरकारी तथा सहकारी/सामुदायिक क्षेत्र साझेदारी | ५२ |
| ४.१४ | सम्झौतीत वचत तथा लगानी | ५४ |
| ४.१५ | सहकारी क्षेत्र विकास | ५७ |
| ४.१६ | वीमा | ६२ |
| ४.१७ | श्रम तथा रोजगारी | ६४ |
| | ४.१७.१ बालश्रम | ७३ |
| | ४.१७.२ वैदेशिक रोजगार | ७५ |
| | ४.१७.३ व्यवसायिक तथा सीप विकास तालिम | ७९ |
| ४.१८ | यातायात ब्यवस्थापन | ८२ |
| ४.१९ | कृषि तथा खाद्य सुरक्षा | ८६ |
| ४.२० | बन तथा भू-संरक्षण | ९९ |
| ४.२१ | भूमिसुधार तथा व्यवस्था | १०८ |
| ४.२२ | उद्योग | ११३ |
| ४.२३ | वाणिज्य | ११८ |
| ४.२४ | आपूर्ति व्यवस्थापन | १२१ |
| ४.२५ | पर्यटन तथा नागरिक उड्डयन | १२६ |
| ४.२६ | संस्कृति | १३३ |
| ४.२७ | अन्तर्राष्ट्रिय सम्वन्ध र आर्थिक विकास | १३७ |

| | | |
|---|---|---|
| **अध्याय ५** | **सामाजिक विकास नीति** | **१४०-१९९** |
| ५.१ | विकेन्द्रीकरण, स्वायत्त शासन र स्थानीय विकास | १४० |
| ५.२ | युवा तथा विकास | १४९ |
| ५.३ | खेलकुद विकास | १५२ |
| ५.४ | जनसंख्या र मानव संशाधन | १५६ |
| | ५.४.१ जनसंख्या | १५६ |
| | ५.४.२ मानव संशाधन | १६० |
| ५.५ | सामाजिक सुरक्षा | १६३ |
| ५.६ | जेष्ठ नागरिक | १६७ |
| ५.७ | बालबालिका | १७० |
| ५.८ | गैरसरकारी संस्थाहरू | १७३ |
| ५.९ | शिक्षा | १७७ |
| ५.१० | स्वास्थ्य तथा पोषण | १८५ |
| ५.११ | खानेपानी तथा सरसफाइ | १९५ |
| **अध्याय ६** | **पूर्वाधार विकास नीति** | **२००-२५९** |
| ६.१ | स्थानीय पूर्वाधार | २०० |
| ६.२ | जल सम्पदा | २०७ |
| | ६.२.१ सिंचाइ क्षेत्र | २०७ |
| | ६.२.२ जल विद्युत् | २१४ |
| ६.३ | विपद् व्यवस्थापन | २१९ |
| | ६.३.१ विपद् व्यवस्थापन | २१९ |
| | ६.३.२ जल उत्पन्न प्रकोप नियन्त्रण | २२४ |
| ६.४ | वैकल्पिक ऊर्जा | २२८ |
| ६.५ | सडक तथा अन्य यातायात | २३० |
| ६.६ | सूचना तथा सञ्चार | २३८ |
| | ६.६.१ सूचना प्रविधि | २४२ |
| ६.७ | भवन, आवास तथा शहरी विकास | २४६ |
| ६.८ | विज्ञान तथा प्रविधि | २५१ |
| ६.९ | वातावरण तथा जलवायु परिवर्तन | २५४ |
| **अध्याय ७** | **शान्ति, पुनःस्थापन र समावेशी विकास** | **२६०-२९८** |
| ७.१ | शान्ति, पुनः निर्माण तथा पुनःस्थापना | २६० |
| ७.२ | लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण | २६४ |
| ७.३ | समावेशीकरण | २६९ |
| | ७.३.१ मधेसी, मुस्लिम एवं पिछडिएको समुदायको विकास | २७१ |
| | ७.३.२ दलित समुदायको समावेशीकरण | २७५ |
| | ७.३.३ आदिवासी जनजाती | २७८ |
| ७.४ | सन्तुलित विकास | २८२ |
| ७.५ | अपाङ्गता भएका व्यक्तिहरू | २८५ |
| ७.६ | गरीबी निवारण | २८८ |

| | | |
|---|---|---|
| **अध्याय ८** | **सुशासन र मानव अधिकार** | **२९९-३०८** |
| ८.१ | सुशासन | २९९ |
| ८.२ | मानव अधिकार | २९५ |
| ८.३ | योजना तथा तथ्याङ्क | २९८ |
| ८.४ | राष्ट्रिय विकास स्वयंसेवक सेवा | ३०१ |
| ८.५ | योजना कार्यान्वयन | ३०३ |
| ८.६ | अनुगमन तथा मूल्याङ्कन | ३०५ |

**अनुसूचीहरू**

# अध्यायः १
# योजनाको पृष्ठभूमि

## १. पृष्ठभूमि

नेपालमा वि.सं. २०१३ सालदेखि प्रारम्भ भएको योजनावद्ध विकास प्रयासले पाँच दशक पार गरिसकेको छ। हालसम्म नौ वटा पञ्चवर्षीय योजना र दुईवटा त्रिवर्षीय योजना कार्यान्वयन भइसकेका छन्। तीन वर्षीय अन्तरिम योजनाको अवधि पनि २०६७ असार मसान्तमा समाप्त भएको छ। योजनावद्ध विकासको श्रृङखलामा यो १२औं योजना हो। विगतका योजनाहरूका प्राथमिकतालाई हेर्दा कहिले पूर्वाधार विकास, कहिले सामाजिक विकास, कहिले एकीकृत ग्रामीण विकास त कहिले जनताका आधारभूत आवश्यकता पूरा गर्ने जस्ता विषयले महत्त्व पाएको देखिन्छ आठौं योजनादेखि निजी क्षेत्रको विकास एवं गरीबी निवारणले महत्त्व पाउँदै आएको छ। यस अवधिदेखि गरीबी निवारणलाई प्रमुख उद्देश्यका रूपमा निरन्तर राखिएको र फराकिलो आर्थिक वृद्धि र गरीबी निवारण उन्मुख विकासलाई जोड दिइएको देखिन्छ। हालसम्म गरीबीको रेखामुनि रहेको जनसंख्या घटेर २५.४ प्रतिशतमा झरेको छ। यसलाई आवधिक योजनाको सकारात्मक उपलब्धिका रूपमा लिन सकिन्छ। यसैगरी, साक्षरता, विद्यालय भर्नादर र औसत आयु बढ्नु, बाल एवं मातृ मृत्यु दर घट्नु पनि आवधिक योजनाको उपलब्धि हो। यस अवस्थामा सूचना तथा सञ्चारका क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको छ। तीन वर्षीय अन्तरिम योजना देशमा भएको जनआन्दोलन २०६२-६३ पछिको पहिलो योजना भएकाले यस योजनामा द्वन्दको क्रममा ध्वस्त भएका भौतिक संरचनाहरूको पुनःनिर्माण र समावेशी विकासमा जोड दिइएको थियो। तथापि योजना अवधिमा राजनीतिक अस्थिरता र विकासको लागि आवश्यक पूर्वाधारको कमी जस्ता कारणले गर्दा योजनाको प्रगति मिश्रित देखिएको छ।

विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान २०६३ का निर्देशक सिद्धान्त र नीतिहरू, संयुक्त सरकारका साझा कार्यक्रम, राज्यको पुनःसंरचना र त्यसका लागि पूर्वाधार तयारी, हाल देखापरेका विकासका समसामयिक चुनौती एवं राज्यले अन्तर्राष्ट्रिय जगत्मा जनाएका प्रतिबद्धता, सन्धि र सम्झौताहरू प्रस्तुत योजना तर्जुमा गर्ने आधारका रूपमा लिइएको छ।

विश्व अर्थतन्त्रमा आर्थिक संकट, खाद्य संकट र ऊर्जा संकटले ठूलो समस्या सिर्जना गरेको छ। विश्व अर्थतन्त्रमा भएको संकुचनले रोजगारीको अवसर घट्ने, आयात निर्यातमा कमी र समग्रमा आर्थिक वृद्धिदरमा ह्रास आउने समस्याहरू देखा परेका भए पनि यस संकटबाट विश्व अर्थतन्त्र छोटो अवधिमै पुनरूत्थान हुन थालेको छ। विश्व अर्थतन्त्रमा देखिएको यस्तो गतिशीलताले पर्याप्त अवसरहरू प्रदान गर्ने अनुमान गर्न सकिन्छ। नेपालले पनि उपयुक्त दूरदृष्टि र रणनीतिहरूबाट यस्ता अवसरहरूको उपयोग गर्न सक्ने देखिन्छ।

छिमेकी देशहरू भारत र चीनले सन् २००९ मा क्रमशः ५.७ प्रतिशत र ९.१ प्रतिशतले आर्थिक वृद्धिदर हासिल गरेकोमा सन् २०१० मा क्रमशः ९.४ प्रतिशत र १०.५ प्रतिशतको उत्साहजनक वृद्धिदर हासिल गरेको अनुमान छ। चीन र भारतको अर्थतन्त्रले विश्व अर्थतन्त्रको विकासमा सर्वाधिक महत्त्वपूर्ण प्रभाव पारेको र यसबाट नेपाललाई पनि पर्याप्त अवसरहरू सिर्जना हुने देखिन्छ।

हाल देशले सामना गर्नु परिरहेका आन्तरिक चुनौतीहरूमा रोजगारी प्रबर्द्धन, समावेशी विकास एवं गरीबी निवारण, आर्थिक वृद्धि, खाद्यान्न सुरक्षा र विद्युत्को नियमित आपूर्ति आदि छन्। यस सन्दर्भमा आन्तरिक र बाह्य क्षेत्रले सिर्जना गरेका अवसर एवं चुनौतीहरूलाई समेत मध्यनजर राखी यस योजनाको तर्जुमा गर्ने प्रयास भएको छ। यस योजनाले रोजगारी सिर्जनाको माध्यमबाट जनताको आर्थिक अवस्था सुधार्ने कुरालाई प्राथमिकता दिई समन्यायिक र समावेशी विकास गर्ने कुरालाई उद्देश्य बनाएको छ। योजना

तर्जुमा प्रक्रियामा व्यापक जनसहभागिता गराउने र योजनालाई वस्तुगत बनाउने उद्देश्यले पाँचै विकास क्षेत्रमा क्षेत्रीय गोष्ठी र काठमाडौंमा राष्ट्रिय परामर्श गोष्ठी एवं अन्तर्क्रिया कार्यक्रमहरूको आयोजना गरी प्राप्त सुझावको आधारमा योजनाको परिमार्जन र सुधार गर्ने कार्य पनि आयोगले सम्पन्न गरेको छ।

विगतका योजनाहरूको कार्यान्वयनबाट भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा प्रगति भए तापनि जनताको जीवन स्तरमा अपेक्षाकृत सुधार हुन सकेन। त्यसैले, यस योजनामा रोजगारी उन्मुख कार्यक्रम र सामाजिक विकासको माध्यमबाट मुलुकको आर्थिक सामाजिक रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्ने सोच राखेर उद्देश्य, लक्ष्य र रणनीतिको निर्धारण गरिएको छ। रोजगारीउन्मुख कार्यक्रमले प्रत्यक्षरूपमा गरीबी निवारण गर्न सहयोग मिल्नेछ। आगामी सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरूको प्राप्तिको ध्येय पनि योजनाले राखेको छ। जलवायु परिवर्तनजस्ता विश्वव्यापीरूपमा देखापरेका समस्याहरूलाई पनि यस योजनाले यथोचित सम्बोधन गरेको छ। योजनाद्वारा निर्धारित उद्देश्य र लक्ष्य प्राप्तिका लागि योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउने रणनीति समेत योजनाले अघि सारेको छ।

## २. तीन वर्षीय अन्तरिम योजना (२०६४/६५– ०६६/६७) को संक्षिप्त समीक्षा

जन आन्दोलन २०६२-६३ पछिको तीन वर्षीय अन्तरिम योजनाले सम्बृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माण गर्ने दीर्घकालीन सोच अनुरूप रोजगारीमूलक, गरीबी निवारण उन्मुख फराकिलो आर्थिक वृद्धि हासिल गर्ने, सुशासन प्रबर्द्धन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउने, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने, सामाजिक विकासलाई जोड दिने, समावेशी विकास र लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्यहरू लिएको थियो। भौतिक संरचनाहरूको पुनर्निमाण र पुनःस्थापना, द्वन्द प्रभावितहरूलाई राहत, पुनःस्थापना तथा सामाजिक एकीकरण र समायोजन, विकासका सबै संरचना, क्षेत्र र प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्र, लिङ्गको समावेशीकरण, कृषि, पर्यटन तथा उद्योगलाई टेवा पुग्ने विद्युत् विकास, सडक, सिंचाइ तथा सञ्चार जस्ता भौतिक पूर्वाधारको विकास, तथा शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाइको विकासमार्फत मानव संसाधनको विकासलाई योजनाले प्राथमिकता दिएको थियो।

### १. गरीबी निवारण

नवौं योजनादेखि गरीबी निवारणलाई प्रमुख उद्देश्य बनाएर योजनाहरू कार्यान्वयन गरिएका छन्। विगत (तीन वर्षको अवधिमा निरपेक्ष गरीबी ३१ प्रतिशतबाट २५.४ प्रतिशतमा झरेको अनुमान गरिएको छ। यसरी गरीबी घट्नुमा कृषि तथा गैर-कृषि क्षेत्रको ज्यालादरमा भएको वृद्धि, बढ्दो शहरीकरण, सक्रिय जनशक्तिको हिस्सामा भएको वृद्धि र विप्रेषण आयमा विस्तार हुनु प्रमुख कारक तत्त्वका रूपमा रहेको देखिन्छ) तर, यस अवधिमा आय वितरणको असमानता दर्शाउने गिनी गुणक (Gini Co-efficient) ०.४१ बाट ०.४६ पुगेको अनुमान छ अर्थात् धनी र गरिब बीचको अन्तर बढेको देखिएको छ। गरिबी घटेपनि यसले आयको असमान वितरणमा वृद्धि भएको देखाउँछ। त्यसै गरी नेपाल मानव विकास प्रतिवेदन अनुसार सन् २०१० मा नेपालको मानव विकास सूचकाङ्क ०.४२८ कायम भएको छ। मानव विकासको विश्व सूचीमा नेपाल १३८ औं स्थानमा रहेको छ।

## २. समष्टिगत आर्थिक स्थिति

### २.२.१ आर्थिक वृद्धिदर

तीन वर्षीय अन्तरिम योजनामा आर्थिक वृद्धि दर सम्बद्ध लगानी विश्लेषण र विद्यमान् परिस्थिति समेतलाई मध्यनजर गर्दा आर्थिक वृद्धिदर ५.५ प्रतिशत हुने लक्ष्य निर्धारण गरिएको थियो। यस मध्ये कृषितर्फ औसत ३.६ प्रतिशत र गैर कृषितर्फ ६.५ प्रतिशत वृद्धि हुने अनुमान गरिएको थियो।

आ.व. २०६४/६५ मा कूल मूल्य अभिवृद्धि ५.९ प्रतिशत भएको थियो। त्यस्तै, दोस्रो वर्ष २०६५/६६ मा ३.७ प्रतिशतले र तेस्रो वर्ष २०६६/६७ मा ३.९ प्रतिशतले कूल मूल्य अभिवृद्धि भइ योजना अवधिमा वार्षिक औसतमा ४.५ प्रतिशतले मात्र वृद्धि भएको अनुमान छ। यो वृद्धिदर लक्ष्यभन्दा १.० प्रतिशत विन्दुले कम छ। कृषि क्षेत्रमा वार्षिक औसत वृद्धिदर ३.२ प्रतिशत रहन गएको अनुमान छ जुन योजनाको लक्ष्यभन्दा ०.४ प्रतिशत विन्दुले कम छ। गैर कृषि क्षेत्रतर्फ वार्षिक औसत ५.१ प्रतिशतले मात्र वृद्धि भएको अनुमान छ जुन योजनाको लक्ष्यभन्दा १.४ प्रतिशत विन्दुले कम छ।

गैरकृषि क्षेत्रहरूमध्ये तीन वर्षीय अन्तरिम योजनाको लक्ष्यको तुलनामा बढी वृद्धि हासिल भएका उप-क्षेत्रहरूमा यातायात, भण्डारण तथा संचार (७.५%), शिक्षा (८.१%), स्वास्थ्य तथा सामाजिक कार्य (७.४%), सामान्य प्रशासन तथा रक्षा (४.१%) र अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप (११.३%) रहेका छन्। अन्य उप-क्षेत्रहरूमा लक्ष्यको तुलनामा कम वृद्धि हासिल भएको अनुमान छ। यस योजना अवधिमा होटेल तथा रेष्टुरामा ५.५ प्रतिशत, थोक तथा खुद्रा व्यापारमा ५.४ प्रतिशत र विद्युत्मा ०.९ प्रतिशतको वार्षिक औसत वृद्धिदर हासिल हुन सकेको अनुमान छ। अर्कोतर्फ, उद्योग तथा खानीमा ०.३ प्रतिशत र निर्माणमा ३.६ प्रतिशतले ह्रास आएको अनुमान छ।

समग्ररूपमा हेर्दा योजनाको पहिलो वर्ष मौसम अनुकूल रहेको कारण कृषि उत्पादनमा उत्साहजनक वृद्धि देखा पर्‍यो भने गैर कृषि क्षेत्रतर्फ बढ्दो असुरक्षा एवं अन्तर्राष्ट्रिय वित्तीय र आर्थिक संकटका कारण अधिकांश क्षेत्रहरूको उत्पादनमा नकारात्मक असर पर्न गएको अनुमान रहेको छ। देशका विभिन्न आर्थिक क्षेत्रहरूमा योजना अवधिमा भएको आर्थिक वृद्धिदर अनुसूची २ को तालिका १, २ र ३ मा दिइएको छ।

यस योजना अवधिमा अर्थ व्यवस्थाको संरचनामा केही परिवर्तन देखापरेको छ। योजनाको आधार वर्ष २०६३/६४ मा कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३२.५ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षमा ३१.३ प्रतिशत रहन गएको छ। त्यस्तै गैरकृषि क्षेत्रको योगदान योजनाको आधार वर्षमा ६७.५ प्रतिशत रहेकोमा यसमा वृद्धि भइ योजनाको तेस्रो वर्षमा ६८.७ प्रतिशत पुग्न गएको छ। गैर कृषि क्षेत्रमध्ये शिक्षा, स्वास्थ्य, व्यापार, होटल तथा रेष्टुराँ र सामाजिक सेवाको कूल गार्हस्थ उत्पादनमा योगदान केही बढेको छ भने उद्योग भू-गर्भ तथा खानी र विद्युत् ग्यास तथा पानी लगायत अन्य बाँकी क्षेत्रहरूको योगदान केही घट्न गएको छ (यसको विवरण अनुसूची २ तालिका ४ मा दिइएको छ)।

### २.२.२. उपभोग, बचत र लगानी

तीन वर्षीय अन्तरिम योजना अवधिमा लक्षित आर्थिक वृद्धि दर हासिल गर्नका लागि आ. व. २०६३।६४ को मूल्यमा कूल स्थिर पूँजी लगानी रू. ५८७.६८ अर्ब हुने प्रक्षेपण गरिएको थियो। यसमा सरकारी क्षेत्रको लगानी रू. १७८.९९ अर्ब हुने र यसको लागि कूल विकास खर्च रू. २८०.३० अर्ब हुनुपर्ने अनुमान गरिएको थियो। योजना अवधिमा हुने उच्च लगानीको कारण सीमान्त पूँजी उत्पादन अनुपात वृद्धि भइ ४.८:१ हुने अनुमान गरिएको थियो।

योजना अवधिको उपलब्धि हेर्दा कूल स्थिर पूँजी लगानी आ. व. २०६३/६४ को स्थिर मूल्यमा रू. ५१३.२१ अर्ब पुगेको छ र कूल लगानी रू. ७८७.६५ अर्ब रहेको छ। यस मध्ये सरकारी क्षेत्रको लगानी रू. १०५.८८ अर्ब, निजी क्षेत्रको लगानी रू. ४०७.३३ अर्ब र मौज्दात परिवर्तनबाट रू. २७४.४४ अर्ब परिचालन भएको देखिन्छ।

उपभोग र बचतको प्रवृत्ति हेर्ने हो भने कूल गार्हस्थ्य उत्पादनको अनुपातमा उपभोगमा केही वृद्धि भएको देखिन्छ भने वचतमा सोही अनुरूप ह्रास आएको छ । आधार वर्ष २०६३/६४ मा कूल गार्हस्थ्य उत्पादनको ९.८ प्रतिशत कूल गार्हस्थ बचत रहेकोमा योजनाको पहिलो वर्ष पनि सोही अनुपात कायम रहेको देखिन्छ । तर त्यस पछिका वर्षहरूमा यो अनुपात क्रमशः घट्दै दोस्रो वर्ष ९.४ प्रतिशत र तेस्रो वर्ष ७.४ प्रतिशतमा झरेको अनुमान छ। योजनाको आधार वर्षमा कूल राष्ट्रिय वचतको अनुपातमा कूल लगानी ९९.६ प्रतिशत रहेकोमा आ.व. २०६६/६७ मा ९२.१ प्रतिशतमा झरेको छ । त्यस्तै, कूल गार्हस्थ्य उत्पादनमा कूल लगानीको प्रतिशत २८.७ प्रतिशतबाट वृद्धि भइ ३५.० प्रतिशत पुगेको अनुमान छ। कूल उपभोग, बचत र लगानीको प्रवृत्ति र कूल गार्हस्थ्य उत्पादनमा यसको अनुपात अनुसूची २ तालिका ५, ६ र ७ मा दिइएको छ।

### २.२.३ **सरकारी वित्तीय स्थिति**

तीन वर्षीय अन्तरिम योजना अवधिमा आ.व. २०६३/६४ को स्थिर मूल्यमा लक्षित आर्थिक वृद्धिका लागि चालु खर्च रू. २८५.४८ अर्ब र पूँजीगत खर्च (साँवा भुक्तानी समेत) रू. २२५.९० अर्ब हुने अनुमान गरी जम्मा खर्च रू. ५११.३८ अर्ब गरिएको थियो।

**(क) चालु खर्च**

योजना अवधिमा आ.व. २०६३।६४ को स्थिर मूल्यमा चालु खर्च रू. ३००.४९ अर्ब भएको अनुमान छ जुन लक्ष्यको तुलनामा ५.३ प्रतिशत अधिक रहेको देखिन्छ। योजनाको प्रथम वर्षमा यस्तो खर्च १२.३ प्रतिशत, दोस्रो वर्ष २०.३ प्रतिशत र तेस्रो वर्ष ५.२ प्रतिशतले बढेको अनुमान छ। फलस्वरूप योजना अवधिमा चालू खर्च १२.५ प्रतिशतले बढेको देखिन्छ (अनुसूची २ तालिका ८)।

कूल चालु खर्चमध्ये सबैभन्दा बढी अर्थात् ४१.३ प्रतिशत अंश रहेको सामाजिक सेवा तर्फको खर्च २०६३।६४ को स्थिर मूल्यमा वार्षिक औसत १५.४ प्रतिशतले बढेको अनुमान छ। त्यसै गरी कूल खर्चमा झन्डै १३ प्रतिशत अंश रहेको साधारण प्रशासन खर्च वार्षिक औसत ८.७ प्रतिशत र करिव ११ प्रतिशत अंश रहेको रक्षा खर्च वार्षिक औसत ५.९ प्रतिशतले वृद्धि भएको अनुमान छ। आर्थिक सेवा क्षेत्रको खर्च भने योजना अवधिमा करिव ९ प्रतिशतले मात्र बढेको देखिन्छ । योजना अवधिमा कूल चालु खर्चको झन्डै १५.० प्रतिशत हिस्सा रहेको विविध खर्च सबैभन्दा उच्च (२६.७ प्रतिशत) दरले बढेको अनुमान छ (अनुसूची २, तालिका १०)।

**(ख) पूँजीगत खर्च**

योजना अवधिमा कूल पूँजीगत खर्च आ.व. २०६३।६४ को स्थिर मूल्यमा रू १७५.८४ अर्ब अर्थात् लक्ष्यभन्दा १.८ प्रतिशतले कम भएको अनुमान छ। योजनाको पहिलो वर्ष यस्तो खर्च आ.व. २०६३।६४ को स्थिर मूल्यमा २७.६ प्रतिशतको उच्च दरले बढेको थियो। त्यस पछिका वर्षहरूमा सरकारको खर्च गर्ने क्षमतामा कमी आई दोस्रो र तेस्रो वर्षमा क्रमशः १७.७ र ९.९ प्रतिशतले मात्र बढ्न सकेकोले लक्ष्यको तुलनामा उपलब्धि कम भएको हो । योजना अवधिमा सरकारको पूँजीगत खर्च वार्षिक औसत १८.२ प्रतिशले बढेको देखिन्छ (अनुसूची २, तालिका ११)।

योजना अवधिमा कूल पूँजीगत खर्चमध्ये झन्डै आधा अर्थात् ४८.० प्रतिशत रकम आर्थिक सेवामा खर्च भएको छ भने त्यस पछिको सबैभन्दा बढी अर्थात् ४२.२ प्रतिशत रकम सामाजिक सेवामा खर्च भएको अनुमान छ । बाँकी ९.२ प्रतिशत रकम अन्य नौ उपक्षेत्रहरूमा खर्च भएको देखिन्छ । तीन वर्षीय

अन्तरिम योजनाको अवधिमा साधारण प्रशासन, न्याय प्रशासन, वैदेशिक सेवा र रक्षा उपसमूहको पूँजीगत खर्चको वार्षिक औसत वृद्धिदर ऋणात्मक रहेको छ भने पूँजीगत ऋण एवं लगानी, राजस्व तथा आर्थिक प्रशासन र योजना उपसमूहको पूँजीगत खर्चको वार्षिक वृद्धिदर निकै उच्च रहन गएको छ । पूँजीगत खर्चमा सर्वाधिक स्थान ओगट्ने आर्थिक र सामाजिक दुवै क्षेत्रहरूको पूँजीगत खर्च वार्षिक औसत २१ प्रतिशतले वृद्धि भएको अनुमान छ (अनुसूची २, तालिका १३) ।

**(ग) कूल खर्च व्यहोर्ने स्रोतहरू**

तीन वर्षीय अन्तरिम योजना अवधिमा सरकारको कूल खर्चमध्ये राजस्व परिचालनबाट रू. ३१८.८९ अर्व (६२.४ प्रतिशत), आन्तरिक ऋणबाट रू. ५१.८३ अर्व (१०.१ प्रतिशत), विदेशी अनुदानबाट रू. ८४.१४ अर्व (१६.५ प्रतिशत) र विदेशी ऋणबाट रू. ५६.५२ अर्व (११.१ प्रतिशत) परिचाल गर्ने लक्ष्य रहेको थियो । योजना अवधिको उपलब्धितर्फ, आ.व. २०६३।६४ को स्थिर मूल्यमा कूल खर्च रू. ५२०.६० अर्व मध्ये राजस्वबाट रू. ३४९.६५ अर्व, आन्तरिक ऋणबाट रू. ७७.४० अर्व (नगद मौज्दात परिवर्तन समेत), वैदेशिक अनुदानबाट रू. ६८.७६ अर्व र वैदेशिक ऋणबाट रू. २४.७८ अर्व परिचालन भएको अनुमान छ (अनुसूची २, तालिका १८) ।

**राजस्वः** तीन वर्षीय अन्तरिम योजना अवधिमा आ.व. २०६३/६४ को स्थिर मूल्यमा रू ३१८.८९ अर्व राजस्व उठाउने लक्ष्य राखिएको थियो । योजना अवधिमा राजस्वको वृद्धिदर प्रचलित मूल्यमा औसत २७.१ प्रतिशत र २०६३/६४ को स्थिर मूल्यमा १४.२ प्रतिशत रहेको छ । जम्मा राजस्वमध्ये कर राजस्वको अंश औसत ८२.८ प्रतिशत र गैरकर राजस्वको अंश १७.२ प्रतिशत रहेको छ ।

राजस्व संकलनमा भंसार महसुलको वार्षिक औसत वृद्धिदर आ.व. २०६३/६४ को स्थिर मूल्यमा १५.२ प्रतिशत, अन्तशुल्कको २३.६ प्रतिशत र मूल्य अभिवृद्धिकरको वृद्धिदर १५.३ प्रतिशत रहेको छ भने गैरकर राजस्वको वृद्धिदर भने १.२ प्रतिशत मात्र रहेको छ (अनुसूची २, तालिका १४, १५ र १६) ।

**न्यून वित्तः** योजना अवधिमा न्यून वित्तलाई कूल खर्चको १०.१ प्रतिशतमा सीमित गरी जम्मा रू ५१.८३ अर्व मात्र परिचालन गर्ने लक्ष्य राखिएको थियो । तर योजनाको पहिलो दुई वर्षमा सरकारको नगद मौज्दात परिवर्तन केही वृद्धि भएकोले लक्ष्यको तुलनामा ४९.३ प्रतिशतले बढी अर्थात् रू. ७७.४० अर्व कूल न्यून वित्त परिचालन भएको अनुमान छ । तीन वर्षीय अन्तरिम योजनाको आधार वर्षमा कूल उत्पादनमा न्यून वित्तको अंश ३.३ प्रतिशत रहेकोमा योजनाको पहिलो वर्ष यो अनुपात घटी ३.० प्रतिशत, दोस्रो र तेस्रो वर्ष क्रमशः ४.० प्रतिशत र २.६ प्रतिशत छ (अनुसूची २, तालिका १९ र २०) ।

**वैदेशिक सहायताः** यस योजनामा विदेशी अनुदान रू ८४.१४ अर्व र विदेशी ऋण रू. ५६.५२ अर्व गरी जम्मा रू. १४०.६६ अर्व परिचालन हुने अनुमान गरिएको थियो । योजना अवधिमा कूल विदेशी सहायता आ.व. २०६३/६४ को स्थिर मूल्यमा रू. ९३.५५ अर्व पुगेको छ । जसमध्ये विदेशी अनुदान रू. ६८.७६ अर्व र विदेशी ऋण रू. २४.७९ अर्व रहेको छ । यसरी विदेशी सहायता परिचालन लक्ष्यभन्दा कम हुनुमा विकास खर्च गर्ने क्षमतामा आएको कमी र वैदेशिक सहायताका शर्तहरू पूरा गर्न कठिनाइ हुनुका साथै कार्यान्वयनमा आएका आयोजनाहरू पनि विविध प्रकारका समस्याले गर्दा समयमै सम्पन्न हुन नसक्नु प्रमुख कारणहरूको रूपमा रहेका छन् (अनुसूची २ तालिका १८) ।

### २.२.४ मौद्रिक स्थिति

योजना अवधिमा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १६.४ प्रतिशत र मुद्रास्फिति दर ५.६ प्रतिशतमा सीमित गर्ने लक्ष्य राखिएकोमा योजना अवधिमा विस्तृत मुद्रा प्रदाय वार्षिक औसत २२.१ प्रतिशतले वृद्धि भएको छ भने मुद्रास्फीति वार्षिक औसत १०.५ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा खुद वैदेशिक सम्पत्ति र निजी क्षेत्रतर्फ प्रवाहहुने कर्जाको विस्तार दुवै उच्च हुन गएकोले मुद्रा प्रदायको विस्तार लक्ष्यभन्दा केही बढीभएको देखिन्छ । योजना अवधिमा नेपाल सरकारको विकास खर्च आशातित रूपमा बढ्न नसकेको

परिप्रेक्षमा मौद्रिक नीतिमार्फत निजी क्षेत्रतर्फको कर्जा विस्तारले आर्थिक विस्तारमा सकारात्मक प्रभाव पारेको अनुमान रहेको छ (अनुसूची २, तालिका २२) ।

**(क) आन्तरिक कर्जा**

तीन वर्षीय अन्तरिम योजनामा कूल आन्तरिक कर्जाको वार्षिक औसत वृद्धिदर १८.३ प्रतिशत रहने अनुमान रहेकोमा योजना अवधिमा वार्षिक औसत २१.८ प्रतिशतले वृद्धि भएको छ । आन्तरिक कर्जामध्ये सरकारलाई जाने खुद कर्जाको वृद्धिदर वार्षिक औसत १९.३ प्रतिशत रहन गयो । त्यस्तै निजी क्षेत्रलाई जाने कर्जा औसत २२.३ प्रतिशत र सरकारी संस्थानहरूलाई जाने कर्जा २५.३ प्रतिशतले बढेको छ ।

**(ख) खुद वैदेशिक सम्पत्ति**

तीन वर्षीय अन्तरिम योजना अवधिमा खुद वैदेशिक सम्पत्ति वार्षिक औसत १७.३ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा वैदेशिक व्यापारमा अपेक्षित सुधार नदेखिए तापनि खास गरी खुद सेवा र खुद ट्रान्सफर आयमा उल्लेख्य सुधार देखिएकाले योजनाको पहिलो दुई वर्षमा शोधनान्तर वचत उच्च रहेको कारण खुद वैदेशिक सम्पत्तिको वृद्धिदर उच्च हुन सकेको हो ।

**(ग) आवधिक निक्षेप**

तीन वर्षीय अन्तरिम योजनाको आधार वर्ष आ.व. २०६३/६४ मा आवधिक निक्षेप रू २६८.६३ अर्ब रहेकोमा आ.व. २०६६/६७ मा रू. ५०१.४४ अर्ब पुगेको छ । योजना अवधिमा आवधिक निक्षेपको वृद्धि दर औसत २३.१ प्रतिशत रहन गएको छ ।

**(घ) खुद अवर्गीकृत दायित्व**

तीन वर्षीय अन्तरिम योजनाको आधार वर्ष आ.व. २०६३/६४ मा खुद अवर्गीकृत दायित्व रू. ९६.९५ अर्ब रहेकोमा योजना अवधिमा वार्षिक औसत १४.२ प्रतिशतले वृद्धि भइ योजनाको अन्तिम वर्ष आ.व. ०६६/६७ मा १४४.४२ अर्ब पुगेको छ । खास गरी वाणिज्य वैकहरूको चुक्ता पूँजी तथा मुनाफामा वृद्धि भएको कारण योजना अवधिमा खुद अवर्गीकृत दायित्व उच्चदरले वढ्न गएको हो ।

**२.२.५ मूल्य स्थिति**

मूल्य वृद्धिदरलाई तीन वर्षीय अन्तरिम योजना अवधिमा ५.६ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिइएकोमा समीक्षा अवधिको पहिलो वर्ष ७.७ प्रतिशत, दोस्रो वर्ष १३.२ प्रतिशत, र तेस्रो वर्ष १०.५ प्रतिशतले वृद्धि भइ वार्षिक औसत १०.५ प्रतिशत कायम रहेको छ । यसलाई उपभोग्यवस्तुको वर्गीकरण अनुसार हेर्ने हो भने खाद्य तथा पेय पदार्थहरूको १४.० प्रतिशतले र खाद्यवस्तु तथा सेवाहरूको ६.४ प्रतिशतले औसत मूल्य वृद्धि भएको देखिन्छ । खाद्य वस्तुहरूमा अत्याधिक मूल्यवृद्धि भएका उपसमूहमा दाल (२३.५ प्रतिशत) चिनी र मिठाई (२२.७ प्रतिशत), मासु, माछा र फुल (१७.८ प्रतिशत) र पेय पदार्थ (१७.८ प्रतिशत) रहेका छन् । गैरखाद्यवस्तु तथा सेवाहरूको समूहतर्फ अत्यधिक मूल्य वृद्धि भएका वस्तुहरूमा इन्धन, वत्ती तथा पानी (६.९ प्रतिशत), चुरोट (११.६ प्रतिशत), शिक्षा र मनोरञ्जन (८.१ प्रतिशत) र लुगा तथा सिलाई सेवा (९.५ प्रतिशत) रहेका छन् ।

योजना अवधिमा लक्ष्यभन्दा बढी मूल्यवृद्धि हुनुमा खाद्य र पेट्रोलियम पदार्थको मूल्य वृद्धि उच्च रहनु प्रमुख कारण रहेको देखिन्छ । समय समयमा बजारमा देखा पर्ने गैर प्रतिस्पर्धी व्यवहार जस्तै अत्यावश्यकीय वस्तुहरूको कृत्रिम अभाव, कार्टेलिङ, जमाखोरी र सिण्डिकेट आदि जस्ता कारणबाट समेत मूल्यवृद्धि हुने गरेको छ । वन्द तथा हडतालका कारण आपूर्ति व्यवस्थामा अवरोध भएकोले पनि मूल्यमा थप चाप परेको छ । कृषि क्षेत्र अझै पनि मनसुनमा बढी मात्रामा निर्भर हुने प्रवृत्तिले खडेरी, अनावृष्टि र अतिवृष्टिबाट कृषि उत्पादनमा ह्रास आई कृषि वस्तुको मूल्य वढ्ने प्रवृति रहेको छ । त्यस्तै विश्व खाद्य संकटले पनि कृषि वस्तुहरूको मूल्य बढ्दै गएको छ (अनुसूची २ तालिका २६) ।

### २.२.६ वैदेशिक व्यापार स्थिति

तीन वर्षीय अन्तरिम योजना अवधिमा वस्तु निर्यात प्रचलित मूल्यमा वार्षिक औसत ०.८ प्रतिशतले बढ्न गएको छ भने आ.व. २०६३।६४ को स्थिर मूल्यमा ९.४ प्रतिशतले घट्न गएको छ। खास गरी विश्व व्यापार संगठनको सदस्यतापछि नेपाली तयारी पोशाकको निर्यातमा रहेको कोटा प्रणाली खारेजी पछि तयारी पोशाकको निर्यातमा कमी आएको छ। कूल निर्यात मध्ये भारततर्फको निर्यात योजनाको पहिलो वर्ष ७.६ प्रतिशतले घट्न गए पनि दोस्रो वर्ष ६.४ प्रतिशतले बढेकोमा तेस्रो वर्ष पुनः २.५ प्रतिशतले घटेको देखिन्छ। अन्य मुलुकतर्फको निर्यात पहिलो र दोस्रो वर्षमा सुधार आई क्रमशः १७.३ प्रतिशत र २८.९ प्रतिशतले बढेकोमा तेस्रो वर्ष २२.० प्रतिशतले घटेको छ।

आयाततर्फ वस्तु आयात प्रचलित मूल्यमा वार्षिक औसत २४.४ प्रतिशतले वृद्धि भएको देखिन्छ भने आ.व. ०६३/६४ को स्थिर मूल्यमा ११.८ प्रतिशतले वृद्धि भएको छ जुन योजनाको लक्ष्यभन्दा केही अधिक रहेको देखिन्छ। कूल आयातमध्ये भारततर्फको आयात वृद्धिदर उच्च रहेकोछ। योजनाको प्रथम वर्ष प्रचलित मूल्यमा भारतबाट हुने आयात २२.९ प्रतिशतले, दोस्रो वर्ष १४.१ प्रतिशतले र तेस्रो वर्ष ३३.७ प्रतिशतले वृद्धि भएको छ भने अन्य तेस्रो मुलुकबाट प्रथम वर्ष १.० प्रतिशत, दोस्रो वर्ष ५३.४ प्रतिशत र तेस्रो वर्ष २८.८ प्रतिशतले बढेको छ। यसरी निर्यातमा शिथिलता र आयातामा चाप परेको कारण समग्र व्यापार घाटा प्रचलित मूल्यमा वार्षिक औसत २३.३ प्रतिशतले वढ्न गएको छ।

आधार वर्ष आ.व. २०६३/६४ मा कूल व्यापारमा भारतको अंश ६२.० प्रतिशत र अन्य मुलुकको ३८.० प्रतिशत रहेकोमा भारततर्फको अंश क्रमशः घट्दै ०६६/६७ मा ५९.१ प्रतिशत र अन्य मुलुकको अंश सोही अनुरूप बढी ४०.९ प्रतिशत पुगेको छ (अनुसूची २, तालिका २७ र २८)।

### २.२.७ शोधनान्तर स्थिति

यस योजनाको आधार वर्ष आ.व. २०६३/६४ मा चालु खाता घाटा रकम रू. ९०.२२ करोड रहेकोमा योजनाको प्रथम र दोस्रो वर्षमा क्रमशः रू २३.६८ अर्व र रू ४१.४४ अर्व वचत हुन सकेको छ। तर योजनाको तेस्रो वर्षमा चालु खातामा पुनः रू २८.१३ अर्व घाटा भएको छ। सोही अनुरूप योजनाको आधार वर्ष आ.व. २०६३/६४ मा रू ५.९० अर्बको शोधनान्तर बचत रहेकोमा योजनाको प्रथम वर्ष रू. २९.६८ अर्ब र दोस्रो वर्ष रू. ४१.२८ अर्बको उच्च शोधनान्तर वचत हासिल हुन सकेको थियो। योजनाको तेस्रो वर्षमा भने व्यापार र सेवा क्षेत्रमा उल्लेख्य असन्तुलन देखिनुको साथै खुद ट्रान्सफर आयको वृद्धिदरमा समेत अनपेक्षित रूपमा कमी आएकोले रू. ३.६३ अर्ब शोधनान्तर घाटा भएको छ।

योजना अवधिमा सेवा आय औसत १६.८ प्रतिशत र सेवा भुक्तानी १८.६ प्रतिशतले वृद्धि भए तापनि भुक्तानीको तुलनामा आयको आधार सानु भएकोले खुद सेवा आयमा देखिने घाटा २५.१ प्रतिशतको उच्च दरले बढेको छ। यस अवधिमा भ्रमण खर्च उच्च रहेकोले सेवा भुक्तानी खर्च बढेको हो। अर्कोतर्फ, योजना अवधिमा विदेशी लगानीबाट प्राप्त हुने आय वार्षिक औसत १.० प्रतिशको हाराहारीमा र भुक्तानी औसत ६.४ प्रतिशतले बढे तापनि भुक्तानीको तुलनामा आयको आधार फराकिलो भएकोले खुद आय ७.१ प्रतिशतले बढ्न सकेको छ। त्यसै गरी, ट्रान्सफर, अनुदान, निजी क्षेत्रको विप्रेषण र पेन्सन आय क्रमशः औसत १३.६, ३२.३ र २६.० प्रतिशतले बढको तुलनामा यस्तो भुक्तानी वार्षिक औसत ६.८ प्रतिशले मात्र बढेकोले खूद ट्रान्सफर आय योजना अवधिमा औसत २९.९ प्रतिशतले वृद्धि भएको छ। योजना अवधिमा पूँजी ट्रान्सफरको वृद्धि पनि सकारात्मक रह्यो। योजनाको आधार वर्षमा यस्तो पूँजी आप्रवाह रू. ४.४५ अर्व रहेकोमा योजना अवधिमा औसत ४१.४ प्रतिशतले वृद्धि भइ योजनाको अन्तिम वर्ष रू. १२.५८ अर्व पुगेको छ।

वित्तीय खाता समूहमा योजनाको आधार वर्षमा रू. २.३६ करोड घाटा रहेकोमा यस्तो अवस्थामा सुधार आई योजनाको अन्तिम वर्ष रू. ५.९० अर्व वचत कायम भएको छ। वित्तीय खाता अन्तर्गत प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह खास गरी योजनाको दोस्रो र तेस्रो वर्षमा उल्लेख्य वृद्धि भएको छ। सरकारको

वैदेशिक ऋण भने योजना अवधिमा आधार वर्षको तुलनामा औसत ११.० प्रतिशतले कमी आएको छ। साँवा भुक्तानी भने औसत १२.५ प्रतिशतले बढेको छ (अनुसूची २, तालिका ३३)।

### २.२.८ विदेशी विनिमय संचिति

तीन वर्षीय अन्तरिम योजनामा चालु खाता घाटालाई कूल गार्हस्थ उत्पादनको ३.५ प्रतिशतमा राख्ने र विदेशी विनिमय सञ्चिति कम्तीमा ६ महिनाको वस्तु तथा सेवाको आयातलाई धान्न सक्ने स्तरमा कायम राख्ने लक्ष्य राखिएको थियो। यस योजनाको आधार वर्ष २०६४ आषाढ मसान्तमा विदेशी मुद्रा संचितिले ८.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने स्थिति रहेकोमा योजनाको पहिलो वर्ष ९.३ महिना, दोस्रो वर्ष ९.९ महिना र तेस्रो वर्ष ७.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने स्थितिमा रहेकोछ (अनुसूची २, तालिका ३४)।

योजना तर्जुमाको समयमा मुलुकका प्रमुख राजनीतिक शक्तिहरूबीच देखिएको अभूतपूर्व सहमति, दीर्घकालीन शान्ति स्थापनाको दिशामा देखिएको अग्रसरता, सर्वसाधारण जनतामा जागृत उत्साह, भावना तथा सोच, योजना कार्यान्वयनको पछिल्लो समयमा यथावत् कायम रहन सकेन। कमजोर शान्तिसुरक्षा, दण्डहीनता, अस्थिर सरकार, उच्च मूल्यवृद्धि, जन प्रतिनिधिविहीन स्थानीय निकाय, फितलो आदेशको श्रृंखला भएको कर्मचारीतन्त्र, स्थानीय दवाव, खस्कँदो औद्योगिक वातावरण, बन्दहड्ताल, १८ घण्टासम्मको लोड्सेडिङ्ग, कामको सही मूल्याङ्कन हुने कुरामा अविश्वास, प्रतिकूल मौसम तथा यसै समयमा उत्कर्षमा पुगेको अन्तर्राष्ट्रिय वित्तीय संकट तथा नेपालको विप्रेषण आयमा परेको नकारात्मक प्रभाव आदिका कारणले तीन वर्षीय अन्तरिम योजनामा लक्ष्य अनुरूप आर्थिक वृद्धि हासिल हुन सकेन।

## २.३ क्षेत्रगत स्थिति

### २.३.१ कृषि क्षेत्र

तीन वर्षीय अन्तरिम योजनाको लक्ष्यको तुलनामा योजनाको अन्तिम वर्ष आ. व. २०६६।६७ मा कृषिजन्य उत्पादनको हकमा सामान्य रूपमा मात्रै न्यून हुने अनुमान छ भने मासु र आलुको उत्पादनको हकमा भने लक्ष्यभन्दा बढी प्रगति हासिल हुने अनुमान गरिएको छ। मौसमको प्रतिकूलता, साधन स्रोतको अपर्याप्तता, भूमिको बढ्दो खण्डीकरण, अपर्याप्त सिंचाइ, कृषि ऋणमा पहुँचको कमी, ग्रामीण इलाकामा कृषि श्रमिकको अभाव, उत्पादन लागतमा वृद्धि, कमजोर बजार सञ्जाल/व्यवस्थापन आदि कृषि क्षेत्रका आधारभूत समस्याहरू नै यस क्षेत्रका न्यून बृद्धिका कारक देखिन्छन्। यस अवधिमा सहकारी क्षेत्रमा भने उत्साहजनक विकास भएको देखिन्छ।

**तालिका १.१: तीन वर्षीय अन्तरिम योजनामा कृषि क्षेत्रको लक्ष्य तथा उपलब्धि** (हजार मे. टनमा)

| कृषिजन्य उत्पादन | अन्तरिम योजनाको अन्तिम वर्षको उत्पादन लक्ष्य | आ.व. २०६६/६७ को उत्पादन स्थिति |
|---|---|---|
| खाद्यान्न | ७७७८ | ७७६२ |
| दलहन | २८५ | २६२ |
| फलफूल | ७२३ | ७०६ |
| तरकारी | ३००१ | ३००४ |
| मासु | २५५ | २४८ |
| अन्डा (१० लाखमा) | ७१५ | ६४३ |
| दूध | १५४७ | १४९६ |
| माछा | ५७ | ५० |
| उखु | २८९४ | २५९२ |
| आलु | २३७९ | २५१७ |

### २.३.२ पूर्वाधार क्षेत्र

#### (क) सिंचाइ, खानेपानी र सडक

सिंचाइ, खानेपानी र सडक पूर्वाधार विकास क्षेत्रको समीक्षा गर्दा भूमिगत सिंचाइ आयोजनाको विकास र नयाँ सडकहरूको निर्माणमा उत्साहपूर्ण उपलब्धि भएको देखिन्छ। त्यस्तै जिल्ला सदरमुकाम जोड्ने सडक निर्माणमा सन्तोषजनक प्रगति हासिल भएको देखिन्छ भने ठूला, मझौला तथा वृहत् सिंचाइ पूर्वाधारहरूको निर्माणमा भौतिक लक्ष्यको तुलनामा प्रगति न्यून देखिएको छ। खानेपानी क्षेत्रको सन्दर्भमा अपेक्षित प्रगति नभए तापनि लक्ष्य प्राप्ति तर्फ उन्मुख भएको पाइन्छ । सरसफाइ तर्फको प्रगति भने सन्तोषजनक देखिदैन ।

**तालिका १.२: तीन वर्षीय अन्तरिम योजनामा सिंचाइ क्षेत्रको भौतिक प्रगति**

| क्र.सं. | कार्यक्रम/आयोजनाहरू | परिमाणात्मक लक्ष्य (हेक्टर) | आ.व. २०६६/६७ को प्रगति स्थिति (हेक्टर) |
|---|---|---|---|
| १ | सरकारी निकायहरूको प्रयासबाट | | |
| | (क) सतह सिंचाइ आयोजनाहरूबाट | ५६,९०० | १०,१४७ |
| | (ख) भुमिगत सिंचाइ आयोजनाहरूबाट | ३७,४०० | ४६,४५४ |
| | (ग) नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनाबाट | १,६०० | १,२४७ |
| | **जम्मा** | **९५,९००** | **५७,८४८** |
| २ | कृषकहरूबाट सञ्चालित सिंचाइ प्रणालीहरू सुधारबाट | २३,७०० | १२,४३४ |
| | **कूल जम्मा** | **१,१९,६००** | **७०,२८२** |

**तालिका १.३: तीन वर्षीय अन्तरिम योजनामा खानेपानी क्षेत्रको भौतिक प्रगति**

| क्र.सं. | कार्यक्रम/आयोजना | अन्तरिम योजनाको अन्तिम वर्षको लक्ष्य | आ.व. २०६६/६७ को स्थिति |
|---|---|---|---|
| १. | **आधारभूत खानेपानी सेवाः** | | |
| | कूल लाभान्वित जनसंख्या (हजारमा) | २४३२७ | २२५४७ |
| | कूल लाभान्वित जनसंख्याको प्रतिशत | ८५ | ८० |
| २. | **मध्यम/उच्चस्तरको खानेपानी सेवाः** | | |
| | कूल लाभान्वित जनसंख्या (हजारमा) | ४२९३ | २९४४ |
| | कूल लाभान्वित जनसंख्याको प्रतिशत | १५ | १०.५ |
| ३. | **सरसफाइ सेवाः** | | |
| | कूल लाभान्वित जनसंख्या (हजारमा) | १७१७२ | १२०७० |
| | कूल लाभान्वित जनसंख्याको प्रतिशत | ६० | ४३ |

**तालिका १.४: तीन वर्षीय अन्तरिम योजनामा सडक यातायातको भौतिक प्रगति**

| क्र.सं. | कार्यक्रम/आयोजना | अन्तरिम योजनाको अन्तिम वर्षको लक्ष्य | आ.व. २०६६/६७ को प्रगति स्थिति |
|---|---|---|---|
| १ | नयाँ सडक निर्माण (कि.मी) | ७८० | १३५९ |
| २ | सडक स्तरोन्नति, पुनः निर्माण र पुनःस्थापना (कि.मी) | २५०० | १५१६ |
| ३ | आवधिक मर्मत (कि.मी) | १४५० | ११४५.५ |
| ४ | जिल्ला सदरमुकाम जोड्ने (संख्या) | १२ | ८ |

**(ख) विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्र**

विद्युत् उत्पादन, प्रशारण लाइन विस्तार तथा गा. वि. स. हरूमा विद्युत् सेवाको पहुँचमा लक्ष्य अनुसार प्रगति भएको देखिदैन । तर, विद्युत् सेवाबाट लाभाविन्त जनसंख्या सम्बन्धी लक्ष्य करिब करिब हासिल हुन सकेको देखिन्छ । वैकल्पिक ऊर्जाको क्षेत्रमा सौर्य ऊर्जा प्रणालीको विस्तारमा लक्ष्य भन्दा बढि प्रगति हासिल भएको छ भने अन्य प्रविधिको विकासमा लक्ष्यको तुलनामा प्रगति न्यून देखिन्छ ।

**तालिका १.५: तीन वर्षीय अन्तरिम योजनामा विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्रको भौतिक प्रगति**

| क्र. स. | कार्यक्रम/आयोजना | तीन वर्षीय अन्तरिम योजनाको लक्ष्य | आ.व. २०६६/६७ को प्रगति स्थिति |
|---|---|---|---|
| १. | **विद्युत् क्षेत्र** | | |
| | विद्युत् उत्पादन क्षमता थप (मेगावाट) | १०५ | ७७ |
| | प्रसारण लाइन विस्तार (कि. मि.) | १७४.५ | ४४ |
| | वितरण लाइन विस्तार (कि. मि.) | ९८०० | ५६०० |
| | विद्युत् ग्राहक संख्या (हजार) | ४५० | ३०० |
| | विद्युत् सेवा विस्तार हुने गाँउ विकास समिति (संख्या) | २५०० | ८०० |
| | लाभान्वित जनसंख्या(योजना अवधिको अन्तसम्ममा प्रतिशत) | ५८ | ५६ |
| २. | **वैकल्पिक ऊर्जा क्षेत्र** | | |
| | लघु जलविद्युत् उत्पादन क्षमता थप (मेगावाट) | ११.५ | ७.४२ |
| | घरेलु सौर्य विद्युत् प्रणाली | ९०००० | १२४६७९ |
| | वायोग्याँस प्लान्ट (संख्या) | १००००० | ५५५२१ |
| | सुधारिएको घट्ट जडान | ४००० | ३५०० |
| | सुधारिएको चूल्हो (संख्या) | ३००००० | १८८२१५ |

सडक, खानेपानी, सिंचाइ, विद्युत् तथा वैकल्पिक ऊर्जा जस्ता पूर्वाधार विकास योजनाहरू आवश्यक प्रक्रिया पूरा नभएको अवस्थामा पनि स्वीकृत गरिने, जनप्रतिनिधिहरूको चित्त बुझाउन थोरै बजेटमा धेरै योजनाहरू समावेश गर्ने, कार्यक्रम कार्यान्वयनका बेला जग्गा अधिग्रहण र ठेक्कापट्टा सम्बन्धी विवाद हुने, अपर्याप्त बजेट विनियोजनका कारण लगानी खेर जाने, सरकार परिवर्तन हुनासाथ परियोजनाका कर्मचारीको फेरबदल हुने, पर्याप्त बजेट व्यवस्थाको अभावमा मर्मत संभार हुन नसक्ने, वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया छिटोछरितो नहुने जस्ता कारणहरू पूर्वाधार विकासको प्रगति न्यूनहुने र लागत उच्च हुने प्रवृत्ति र स्थितिका निम्ति जिम्मेवार देखिएका छन् ।

### २.३.२ सामाजिक विकास क्षेत्र

**(क) शिक्षा**

अन्तरिम योजना अवधिमा शिक्षा क्षेत्रको भर्नादरमा राम्रो प्रगति देखिएको छ । यद्यपि शिक्षा क्षेत्रमा आधारभूत भौतिक पूर्वाधारको विकास हुन नसकेको, विद्यार्थी संख्याको अनुपातमा शिक्षक आपूर्ति अपेक्षित रूपमा हुन नसकेको, सामुदायिक तथा निजी विद्यालयवीच एस. एल. सी. उत्तीर्ण दरमा ठूलो असमानता निरन्तररूपमा रहेको, र शैक्षिक पहुँचमा रहेको लैंगिक, जातीय र क्षेत्रीय असमानता अझै विद्यमान् रहेको अवस्था छ । प्राथमिक तहमा खुद भर्नादर ९६ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ९३.७ प्रतिशत पुगेको देखिन्छ । निम्न माध्यमिक तह र माध्यमिक तहको सहजै देखिने भर्नादरमा लक्ष्यभन्दा बढी प्रगति भएको देखिन्छ ।

**तालिका १.६: तीन वर्षीय अन्तरिम योजनामा शिक्षा क्षेत्रको भौतिक प्रगति**

| क्र.सं. | सूचकहरु | तीन वर्षीय अन्तरिम योजनाको लक्ष्य | आ.व. २०६६/६७ को स्थिति |
|---|---|---|---|
| १ | (क) साक्षरता दर (६+ वर्ष) | ७६ | ६३.७ |
| | (ख) साक्षरता दर (१५+ वर्ष) | ६० | ५५.६ |
| | (ग) साक्षरता लैङ्गिक समता सूचकाङ्क | ०.९ | ०.७१ |
| २ | पूर्व प्राथमिक तथा प्रारम्भिक बालविकास केन्द्र समेत सहजै देखिने भर्ना दर | ५१ | ६६.२ |
| ३ | **प्राथमिक तह** | | |
| | क) सहजै देखिने भर्नादर | १०४ | १४१.४ |
| | (ख) खुद भर्ना दर | ९६ | ९३.७ |
| | (ग) छात्राको प्रतिशत | ५० | ५०.१ |
| ४ | **निम्न माध्यमिक तह** | | |
| | (क) सहजै देखिने भर्ना दर | ७५ | ८८.७ |
| | (ख) छात्रा प्रतिशत | ५० | ४९.० |
| ५ | **माध्यमिक तह** | | |
| | (क) सहजै देखिने भर्ना दर | ६० | ६५.७ |
| | (ख) छात्रा प्रतिशत | ४८ | ४८.१ |

**(ख) स्वास्थ्य**

दुर्गम क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्य तीन वर्षीय अन्तरिम योजना अवधिमा पनि चुनौतीकै रूपमा रहयो । मातृ मृत्युदर र कूल प्रजनन दरमा (१५-४९ वर्षको महिलाको) योजनाको लक्ष्यभन्दा बढी नै प्रगति भएको देखिन्छ। शिशु मृत्युदर र बाल मृत्युदरमा भने योजनाको लक्ष्यअनुसार नै उपलब्धि हासिल भएको देखिन्छ।

**तालिका १.७: तीन वर्षीय अन्तरिम योजनामा स्वास्थ्य क्षेत्रको भौतिक प्रगति**

| क्र.सं. | सूचकहरु | तीन वर्षीय अन्तरिम योजनाको लक्ष्य | आ.व. २०६६/६७ को स्थिति |
|---|---|---|---|
| १. | जनतामा अत्यावश्यक स्वास्थ्य सेवा उपलब्धता (प्रतिशत) | ९० | ७८.८३ |
| २ | तोकिएका अत्यावश्यक औषधि तोकिएका संस्थामा उपलब्धता संस्थाको (प्रतिशत) | ९५ | ९३.३८ |
| ३. | चारपटक पूर्व प्रसूति सेवा प्राप्त गर्ने महिला (प्रतिशत) | ४० | ३५.२ |
| ४. | दक्ष प्रसूति कर्मीबाट प्रसूति सेवा (प्रतिशत) | ३५ | २८.८ |
| ५. | परिवार नियोजन साधन प्रयोग कर्ता (प्रतिशत) | ५३ | ४८ |
| ६. | कुल प्रजनन दर (१५-४९ वर्षको महिला) | ३ | २.९ |
| ७. | मातृ मृत्युदर (प्रति लाख) | २५० | २२९ |
| ८. | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ३० | ३० |
| ९. | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ४४ | ४४ |
| १०. | बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ५५ | ५५ |

**(ग) महिला, बालबालिका तथा युवा**

महिला, अपाङ्ग, बालबालिका, युवा र ज्येष्ठ नागरिकको क्षेत्रमा नीतिगत व्यवस्था सन्तोषजनक भएको भए तापनि तिनको कार्यान्वयनको स्थिति कमजोर रह्यो। महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरणका क्षेत्रमा अझै पनि क्षेत्रीय, जातीय तथा वर्गीय असमानताहरू व्याप्त रहेका र महिला हिंसाका घटनाहरू कम हुन नसकेको स्थिति देखिन्छ। त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरूको समाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन नसकिएको र सीमान्तकृत, पिछडिएका तथा द्वन्द पीडित समुदायका जोखिममा रहेका बालबालिकाहरूको शैक्षिक, शारीरिक र मनोवैज्ञानिक विकासको

लागि पर्याप्त कार्यक्रमहरू पुग्न नसकेको कुरा पनि समस्याको रूपमा रहेको देखिन्छ। युवाहरूको भूमिकाको विकास गर्न तथा उनीहरूको उत्पादनशीलतालाई वृद्धि गर्न समयानुकूल शैक्षिक पद्धतिको विकास गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्न तथा उनीहरूमा व्यावसायिकताको विकास गर्न नसकिएको अवस्था समेत विद्यमान् छ। ज्येष्ठ नागरिकहरूको सीप, क्षमता तथा अनुभवलाई राष्ट्रिय विकासमा समुचित रूपमा प्रयोग गर्न नसकिएको अवस्था पनि रहेको छ। विगतको तुलनामा मानव अधिकारको अवस्थामा सुधार आए तापनि दण्डहीनतालाई समाप्त पारी पूर्णतया कानुनी राज्यको स्थापना गर्नु अझै पनि प्रमुख चुनौतीका रूपमा रहेको छ। आम जनसमुदायको सार्वजनिक प्रशासनप्रतिको अपेक्षा अनुसार राज्य संयन्त्रको विकास हुन नसक्दा सर्वसाधारणले सुशासनको महसुस गर्न नसकेको अवस्था समेत रहेको छ।

समीक्षा अवधिमा गरीबी निवारण, राजस्व संकलन, ग्रामीण विद्युतीकरण, सडक निर्माण, विद्यालय भर्नादर, वित्तीय क्षेत्रको विकास र सहकारी क्षेत्रको विकासमा राम्रो प्रगति देखिएको छ। नेपाली अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेका कृषि, उद्योग, व्यापार क्षेत्रमा भने अपेक्षित प्रगति हुन सकेन। सिंचाइ, ऊर्जा, दुर्गम क्षेत्रको सडक सञ्जालसँगको आबद्धता समेतको विकास पूर्वाधारको क्षेत्रमा पनि ठोस प्रगति हुन सकेन। समीक्षाको क्रममा निम्न साझा कमी कमजोरीहरू देखिएका छन्:

१. योजनाका दीर्घकालीन सोच, उद्देश्य, रणनीति, नीति कार्यनीति व्यापक र दूरगामी प्रभाव पार्ने भए तापनि लक्ष्यहरूको निर्धारण अव्यवहारिक रहेको एवं कार्यक्रमहरूको कार्यान्वियन पक्ष अपेक्षानुरूप सबल नभएको,
२. साधन स्रोतहरूको विनियोजन प्राथमिकताप्राप्त आयोजनाहरूमा केन्द्रित हुन नसकेको,
३. वार्षिक कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा राजनीतिक तथा प्रशासनिक हस्तक्षेप कायमै रहेको,
४. योजना कार्यान्वयन गर्ने निकायहरूको कार्यान्वयन क्षमता सुदृढ हुन नसकेको।
५. योजना कार्यान्वयन तथा अनुगमनमा सम्बद्ध निकायहरूकाबीच प्रभावकारी समन्वय हुन नसकेको,

## ३. सहस्राब्दी विकास लक्ष्यको प्रगति समीक्षा

### १. गरीबी, असमानता र राज्य निर्माण

नेपाल लगायतका संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले २०१५ भित्र हासिल गर्ने प्रतिबद्धता जनाएका सहस्राब्दी विकास लक्ष्यहरूलाई नेपालले दशौं योजनादेखि योजना तथा वार्षिक कार्यक्रमहरूमा समावेश गरी हासिल गर्ने प्रयत्न गर्दै आएको छ। सन् २००२ मा गरिएका सहस्राब्दी विकास लक्ष्यहरूको पहिलो प्रगति समीक्षाबाट नेपालका उपलब्धिहरू त्यत्ति उत्साहप्रद देखिएका थिएनन्। सन् २००५ मा गरिएको दोस्रो प्रगति मूल्याङ्कनले नेपालले गरीबी निवारण, शिक्षा, स्वास्थ्य, खानेपानी र जैविक विविधता संरक्षण र प्रबर्द्धनको क्षेत्रमा महत्त्वपूर्ण प्रगति गरेको भए तापनि अझै थप प्रयत्न गर्नुपर्ने उल्लेख गरेको थियो। सन् २००९/१० मा गरेको प्रगति समीक्षाले यस क्षेत्रमा प्रतिकूल परिस्थितिमा पनि उत्साहजनक उपलब्धि हासिल भएको देखिएको छ।

नेपालले गरीबी न्यूनीकरणमा प्रभावकारी प्रगति गरेको छ। सन् १९९६ र सन् २००४ को बीचमा करिव ११ प्रतिशत विन्दुले (४२ प्रतिशत बाट ३१ प्रतिशत) गरीबी घटेको छ भने सन् २००५ र सन् २००९ को अवधिमा करिव ६ प्रतिशत विन्दुले गरीबी घटेर करिव २५.४ प्रतिशतको हाराहारीमा पुगेको अनुमान छ। यसरी राष्ट्रियस्तरमा गरीबी न्यूनीकरणमा सकारात्मक परिवर्तन देखिएको भएपनि ग्रामीण तथा शहरी क्षेत्र बीच असमानता कायमै रहेको छ। सन् २००४ मा शहरी गरीबी १० प्रतिशत मात्र रहेको थियो भने ग्रामीण गरीबी करिव ३५ प्रतिशत रहेको थियो। सन् २००९ मा यी दुई क्षेत्रको गरीबी क्रमशः ८

प्रतिशत र २८.२[1] प्रतिशत कायम भएको छ। क्षेत्रगत दृष्टिले मध्य पश्चिमाञ्चल क्षेत्रमा गरीबी धेरै रहेको देखिन्छ भने गरीबी न्यूनीकरणमा उल्लेख्य सुधार भएका पूर्वाञ्चल क्षेत्र तथा काठमाडौं उपत्यकामा पनि गरीब र धनीको बीचको दूरी बढेको देखिएको छ। सन् २००४ मा मध्यपश्चिम क्षेत्रमा ४४ प्रतिशत गरीबी रहेको थियो भने मध्यमाञ्चल क्षेत्र तथा काठमाडौं उपत्यकामा क्रमशः २७.१ प्रतिशत र ३.३ प्रतिशत गरीबी रहेको थियो। सन् २००९ मा मध्यपश्चिम क्षेत्रमा करिव ३७.४ प्रतिशत, मध्यमाञ्चल क्षेत्रमा २२.३ प्रतिशत र काठमाडौं उपत्यकामा १.९ प्रतिशत गरीबी रहेको अनुमान गरिएको छ। कूल जनसंख्याको ८० प्रतिशतभन्दा बढी जनसंख्या अझै पनि ग्रामीण क्षेत्रमै वसोवास गरिरहेको र जीवन निर्वाहको आधार कृषि रहेको छ। ग्रामीण भेगमा विप्रेषण आम्दानीको मुख्य स्रोत रहेको अनुमान छ र यसको कूल गार्हस्थ उत्पादनमा करिव २० प्रतिशतको योगदान रहेको छ। सन् २००८ को श्रमशक्ति सर्वेक्षणको आधारमा अनुमानित ४८,२५,११६ घरपरिवारहरू मध्ये १४,४७,५३५ (करिव ३० प्रतिशत) घरपरिवारहरूले विप्रेषण प्राप्त गरेका छन्। विप्रेषणको ठूलो अंश ग्रामीण क्षेत्रमा जाने गरेको र यसले जीवनस्तर सुधार ल्याउन तथा गरीबी र भोकमरी घटाउन ग्रामीण स्तरमा उल्लेख्य सहयोग गरेको अनुमान रहेको छ।

## २. सहस्राब्दी विकास लक्ष्यहरूको प्रगति तथा भावी कार्यक्रम

लामो संक्रमणकालीन अवस्था, राजनीतिक अस्थिरता तथा अन्य चुनौती र बाध्यताहरूको बावजुद नेपालले सन् २०१५ सम्म सहस्राब्दी विकास लक्ष्यहरूका अधिकांश परिलक्ष्यहरू प्राप्त गर्न सक्ने देखिएको छ। यस मध्ये पूर्ण रोजगारी, जलवायु परिवर्तन तथा एच.आई.भी. एड्स् सँग सम्बन्धित लक्ष्यहरू प्राप्त गर्न उपयुक्त वातावरण निर्माण गरी ठूलो प्रयत्न गर्नुपर्ने देखिएको छ। खाद्य सुरक्षाको अवस्थामा केही सुधार देखिएको छ। अर्धबेरोजगारी तथा पूर्ण बेरोजगारी घटेको तथा विप्रेषण आय घट्दो दरमा बढेको छ। गरीबीमा उल्लेखनीय प्रगति भए पनि भोकमरी र पुड्कोपनको समस्या अझै चुनौतीको रूपमा रहेबाट गरीब, कमजोर र पिछडिएको वर्गमा अझै समस्या गम्भीर रहेको देखिन्छ। ५ वर्ष मुनिका कम तौल भएका बच्चाहरूको संख्या अझै ३८.६ प्रतिशत रहनुको साथै ३९ प्रतिशत बालबालिकाहरूको अपेक्षित विकास भएको पाइँदैन। त्यस्तै ३६.१५ प्रतिशत जनसंख्याले अझै न्यूनतम आवश्यक पौष्टिक खाना पाउँदैनन्। यसबाट गरीब र वञ्चितीकरणमा रहेको जनसंख्या नेपालमा अत्यन्त धेरै भएको तथा यसतर्फ ध्यान केन्द्रित गर्नु पर्ने र थप प्रयत्न गर्ने आवश्यकता रहेको स्पष्ट हुन्छ। पूर्ण रोजगारी सम्वन्धी सहस्राब्दी विकास लक्ष्यको परिलक्ष्य हासिल गर्न अझै पर्याप्त परिश्रम गर्नुपर्ने स्पष्ट हुन्छ।

शिक्षाको क्षेत्रमा प्राथमिक तहको खुद भर्नादर ९३.७ प्रतिशत पुगेको, कक्षा ५ सम्म पुरा गर्ने ७७.९ प्रतिशत तथा १५-२४ वर्षको साक्षरता ८६.५ प्रतिशत पुगेको छ। यस सन्दर्भमा प्राथमिक शिक्षासँग सम्बन्धित लक्ष्यहरू सजिलै प्राप्त हुनसक्ने देखिएको र केही प्रयत्न गरेमा कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरूको कक्षा छाड्ने तथा दोहोऱ्याउने प्रवृत्तिमा सुधार आउने देखिएकोले लक्ष्य हासिल हुने देखिन्छ। खुद भर्नादर बढिरहेको र केही थप प्रयत्न गर्न सकिएमा यो लक्ष्य पनि प्राप्त हुने देखिन्छ। १५-२४ वर्ष उमेर समूहका युवा साक्षरता सम्बन्धी लक्ष्य प्राप्त भइसकेको देखिएको छ। त्यसै गरी, प्राथमिक शिक्षामा लैङ्गिक समानता सम्बन्धी सूचकमा विगत ५ वर्षमा उल्लेख्य प्रगति भएको र सन् २०१५ सम्म शिक्षामा सबैको पहुँच पुग्ने देखिएको छ।

लैङ्गिक समानता प्रवर्द्धन र महिला सशक्तीकरणतर्फ पनि महत्त्वपूर्ण प्रगति हासिल भएको देखिएको छ। प्राथमिक र माध्यमिक शिक्षा तथा १५-२४ वर्षको साक्षरतामा लैङ्गिक समानता प्रशंसनीय रूपमा बढेको देखिएको छ। महिला वेचविखन तथा महिला विरूद्धको हिंसामा अझै पर्याप्त सुधार गर्नुपर्ने देखिन्छ। मातृ मृत्युदर उत्साहजनक रूपले घटेको छ र यो सन् २०१५ मा तीन चौथाइले घट्ने अनुमान गरिएको

१ आधार-पत्रमा अन्यथा हुन गएकोले सच्याइएको।

छ। मातृ मृत्युदर २०१५ मा २१३ पुऱ्याउने लक्ष्यको तुलनामा २००९ मा २२९ पुगेको तथा केही समययता नेपालले विशेष ध्यान पुऱ्याएकोले लक्ष्य हासिल हुन सक्ने देखिन्छ। तैपनि मातृ मृत्युदरको अवस्था अझै सन्तोषजनक छैन र यसमा ठूलो सुधारको आवश्यकता छ। शिशु मृत्युदर प्रतिहजार ३४ को लक्ष्यको तुलनामा ४१ भएको तथा यो प्रवृत्ति हेर्दा यो लक्ष्य प्राप्त हुने अवस्था देखिन्छ। बाल मृत्युदरको लक्ष्य अहिले नै हासिल भइसकेको छ। तर एचआईभी/एड्स रोकथाम गरी आक्रान्त संख्या घटाउने लक्ष्य हासिल गर्ने काम बढी चुनौतीपूर्ण रहेको देखिन्छ। एचआईभी/एड्स पीडितको संख्याको वृद्धि दर घटेको देखिए पनि पीडितको संख्या भने बढेकै देखिन्छ।

वातावरणीय दिगोपनका लक्ष्यहरू आवश्यक रूपमा सम्बोधन भएका छैनन् र यसका लागि ठोस पहल र साधनको आवश्यकता छ। वातावरणीय दिगोपन प्रत्यक्ष रूपमा जनताको जीवनस्तर र आर्थिक वृद्धिसँग सम्बन्धित छ। नेपाल पर्यावरणीय परिवर्तनको जोखिम क्षेत्रमा नै पर्दछ। नेपालमा ग्रीन हाउस उत्सर्जनको मात्रा कम रहेको र विश्व तापमानमा यसको भूमिका एकदमै न्यून रहेको भए पनि नेपालले पनि वातावरण संरक्षणमा ध्यान दिनुपर्ने अवस्था रहेको छ। समुदायमा आधारित वन संरक्षण कार्यक्रमबाट जंगल र जैविक विविधताको संरक्षण र उचित प्रयोग हुने अनुमान छ। यसबाट २०१५ सम्म लक्ष्यमा पुग्न सकिन्छ। शतप्रतिशत सफा र स्वस्थ पानीको लक्ष्यको लागि पनि अझ बढी प्रतिबद्धता आवश्यक छ। नेपालमा स्वस्थ/सफा खानेपानीको अवस्था सन्तोषजनक छैन। पानीको वितरणलेभन्दा कम महत्त्व पाएको चर्पीको प्रयोगमा पनि शहर र ग्रामीण क्षेत्रमा ठूलो असमानता छ। सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्न नेपालमा वातावरणीय नीति अनुकूल नै छ। समग्र विकास नीति र योजना गरीबी निवारण, समावेशी र न्यायको सिद्धान्तद्वारा सञ्चालित छन्। नेपालको अन्तरिम संविधान, २०६३ ले पनि समावेशीकरण, सहभागिता र विकेन्द्रीकरणलाई प्रोत्साहन गरेको छ। सामाजिक क्षेत्रमा पिछडिएका वर्ग र दुर्गम क्षेत्रका समुदायमा बढी स्रोतको वितरण गरिएको हुनाले स्रोतको वितरण बढी व्यवस्थित भएको र यसको मात्रा बढेको देखिन्छ।

जलवायु परिवर्तन अन्तर्राष्ट्रिय मुद्दाको रूपमा आएको कारणले वातावरणीय संरक्षण र प्रबर्द्धनले बढी महत्त्व पाएको छ। सरकारले तीन वर्षे नयाँ रणनीतिमार्फत रोजगारीको अवसर सिर्जना गरी गरीबी निवारण, खाद्य सुरक्षा र जलवायु परिवर्तनलाई महत्त्व दिएको छ। गरीबी अनुगमन, उचित योजना र कार्यक्रमको मध्यमकालीन खर्च संरचना (MTEF) र नतिजामा आधारित विकास कार्यक्रम (MfDR) लाई सँगसँगै बढाउने प्रयत्न भइरहेको छ।

यसरी सहस्राव्दी विकास लक्ष्यसँग सम्वन्धित ८ मध्ये ६ लक्ष्यहरू पूरा हुने देखिए तापनि यी उपलब्धिहरूलाई स्थानीय स्तरमा समेत प्राप्त गर्नु र विकासको मूलप्रवाह तथा पिछडिएका र दुर्गम क्षेत्रहरूका जनताहरूको जीवन स्तरमा सुधार ल्याई उनीहरूलाई गरीबी र भोकमरीबाट उन्मुक्त गर्नु चुनौतीपूर्ण रहेको छ। राज्यको ध्यान अव यसतर्फ जानु जरूरी भएको छ।

**तालिका १.८ः नेपालका प्रमुख विकास र सहस्राव्दी विकासका सूचकहरू र तिनका मानहरू**

| क्र.सं. | सूचकहरू | वर्ष (सन्) | उपलब्धिको स्थिति |
|---|---|---|---|
| १. | जनसंख्याको आकार (दश लाखमा) * | २०१० | २८.२६ |
| २. | औसत जनसंख्या वृद्धि दर (% मा)* | २०१० | २.२४ |
| ३. | अपेक्षित औसत आयु (वर्ष) | २००९ | ६६.३ |
| ४. | प्रतिव्यक्ति कूल राष्ट्रिय आय (यू.एस.डलर)* | २००९/१० | ५५६ |
| ५. | कूल गार्हस्थ उत्पादन वृद्धि दर (%)* | २००९/१० | ३.९२ |
| ६. | मुद्रास्फीति वृद्धिदर (%)** | २००९/१० | १०.५ |
| ७. | मानव विकास सूचकाङ्क (मान ) | २००७ | ०.५५ |
| ८. | राष्ट्रिय गरीबीको रेखामुनि रहेका जनसंख्या (प्रतिशतमा) | २००९ | २५.४ |

| क्र.सं. | सूचकहरू | वर्ष (सन्) | उपलब्धिको स्थिति |
|---|---|---|---|
| ९. | पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाहरूको संख्या प्रतिशतमा | २००६ | ३८.६ |
| १०. | साक्षरता दर (१५-२४ वर्ष उमेर समूह) (%) | २००८ | ८६.५ |
| ११. | प्राथमिक शिक्षामा खुद भर्ना दर (%) | २००९ | ९३.७ |
| १२. | पाँच वर्षमुनिका बच्चाको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | २००६ | ५० |
| १३. | मातृमृत्यु दर (प्रति लाख जीवित जन्ममा) | २००६ | २२९ |
| १४. | १५-४९ वर्ष उमेर समूहमा एचआइभी संक्रमित रोगी (%) | २००७ | ०.४९ |
| १५. | मुख्य ऊर्जा स्रोतको रूपमा दाउरा प्रयोग गर्ने व्यक्तिहरूको अनुपात (%) | २००८ | ६८.४ |
| १६. | वनले ढाकेको क्षेत्र (%) | २००९ | ३९.६ |
| १७. | ग्रामीण तथा शहरी दुवै क्षेत्रमा सुरक्षित पानीको स्रोतमा दिगो रूपमा पहुँच हुने जनसंख्याको अनुपात (%) | २००९ | ८० |
| १८. | ग्रामीण तथा शहरी दुवै क्षेत्रमा सुरक्षित सरसफाइ (शौचालय) मा दिगो रूपमा पहुँच हुने जनसंख्याको अनुपात (%) | २००९ | ४३ |

स्रोतः Nepal MDG Progress Report 2010। *केन्द्रीय तथ्यांक विभाग । **नेपाल राष्ट्र बैंक ।

**तालिका १.९: सहस्राब्दी विकास लक्ष्यहरू प्राप्तिमा नेपालको स्थिति**

| लक्ष्यहरू | के सहश्राब्दी विकास लक्ष्यहरू प्राप्त हुन सक्लान्? | | | | लक्ष्यहरू प्राप्त गर्न सहयोगी वातावरणको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्राप्त भएको | प्राप्त हुन सक्ने | संभाव्य प्राप्त हुन सक्ने | प्राप्त हुन कठीन | तथ्याङ्क अभाव | बलियो | समान्य सहयोगी | कमजोर तर सुधारात्मक | कमजोर |
| १.(क) गरीबी आधा घटाउने | | √ | | | | √ | | | |
| १.(ख) पूर्ण तथा उत्पादनशील रोजगारी | | | | √ | | | | √ | |
| १.(ग) भोकमरी घटाउने | | | √ | | | | √ | | |
| २. सार्वभौम प्राथमिक शिक्षा प्राप्ति | | | √ | | | √ | | | |
| ३. लैंगिक समता अभिवृद्धि तथा महिला सशक्तीकरण | | | √ | | | | √ | | |
| ४. बाल मृत्युदर न्यूनीकरण | | √ | | | | √ | | | |
| ५. मातृ मृत्युदर घटाउने | | √ | | | | √ | | | |
| ६.(क) एचआइभी एड्स्को संक्रमणलाई घटाउने | | √ | | | | √ | | | |
| ६.(ख) मलेरिया तथा अन्य प्रमुख रोगको प्रकोप नियन्त्रण गर्ने | | √ | | | | √ | | | |
| ७. वातावरणीय दिगोपन कायम गर्ने | | | | | | | | | |
| ७.क.१ वनजंगलको विनास रोक्ने | | | √ | | | | √ | | |
| ७.क.२ मौसम परिवर्तन तथा हरित ग्याँस उत्सर्जन | | | | | √ | | | | √ |
| ७.(ख) जैविक विविधताको विनास रोक्ने | | √ | | | | | √ | | |
| ७.(ग) सुरक्षित खानेपानी र आधारभूत सरसफाइमा दिगो पहुँचबाट वञ्चित जनसंख्याको अनुपातलाई सन् २०१५ सम्म आधा घटाउने | | | √ | | | | √ | | |
| ७.(घ) अव्यवस्थित वस्तीहरूको जीवन स्तरमा सुधार गर्नु | | | | | | | | | |
| ८. विकासका लागि विश्वव्यापी साझेदारी निर्माण | | | | | | | | | |

स्रोतः Nepal MDG Progress Report, 2010

## अध्यायः २
# त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०)

### १. पृष्ठभूमि
योजनाबद्ध विकास प्रयासको आधा शताव्दीभन्दा बढी अवधि बितिसक्दा पनि हाम्रो आर्थिक वृद्धिले अपेक्षित गति लिन सकेको छैन। विगतका योजनाहरूको कार्यान्वयनको फलस्वरूप सडक, सिंचाइ, खानेपानी, सूचना तथा सञ्चार, साक्षरता एवं विद्यालय भर्नादर, औसत आयु, बाल मृत्युदर, मातृ मृत्युदर जस्ता क्षेत्रमा केही उपलब्धि हासिल भए पनि समग्रमा मुलुक अझैसम्म अतिकम विकसित राष्ट्रकै अवस्थामै रहिरहेको छ। यस पृष्ठभूमिमा हाम्रा विकास प्रयासहरूलाई नयाँ गति दिनुपर्ने आवश्यकता छ। विकास प्रक्रियामा विद्यमान् चुनौतीहरूलाई रणनैतिक रूपमा सामना गर्दै उपलब्ध अवसरहरू गुम्न नदिन आवश्यक वातावरण मिलाउनु पर्ने देखिन्छ।

### २. विकास प्रक्रियाका विद्यमान् चुनौती
- लगानी-मैत्री वातावरण सिर्जना गरी प्राथमिकताका क्षेत्रमा लगानी बढाउने अवस्था सिर्जना गर्नु,
- विश्व आर्थिक मन्दिबाट देशको अर्थतन्त्रमा परेको/पर्न सक्ने प्रभावलाई न्यून पार्नु,
- अत्यधिक मूल्य वृद्धिलाई नियन्त्रण गर्नु,
- पूर्वाधार निर्माण र व्यवस्थापनमा स्थानीय सहयोग प्राप्त गर्नु,
- बढ्दो जनसंख्याको उचित व्यवस्थापन गर्नु,
- व्यापक रोजगारी सिर्जना गरी जनताको आय स्तरमा वृद्धि गर्नु,
- विकासको क्रममा पछाडिपरेका क्षेत्र, समुदाय र समूहलाई विकासको प्रतिफल सुनिश्चित गर्नु,
- सार्वजनिक सेवालाई प्रभावकारी बनाई लोकतान्त्रिक व्यवस्थालाई सुदृढ पार्नु,
- विद्युत् संकटको समस्या समाधान गरी भरपर्दो रूपमा पर्याप्त विद्युत् आपूर्ति गर्नु,
- सेवा प्रदायकहरूमा सुशासन कायम गर्नु।

### ३. विद्यमान् अवसर
- अभूतपूर्व राजनीतिक परिवर्तनले ल्याएको नयाँ, उँचो उत्साह, आकाक्षा र विकास प्रति आमसहमतिको वातावरण वन्न सक्ने संभावना रहेको,
- संविधान सभाद्वारा जनताको चाहनाअनुरूप राज्यको नयाँ स्वरूप निर्माण गर्ने अवसर उपलब्ध रहेको,
- देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोग गर्ने अवस्था रहेको,
- नेपालको विकास प्रयासमा विकास साझेदारको निरन्तर सहयोग र सद्भाव रहेको,
- छिमेकी देशहरूमा भएको उच्च आर्थिक वृद्धि दरबाट देशको पर्यटन तथा अन्य क्षेत्रमा फाइदा लिन सक्ने अवस्था रहेको,
- विगतमा सिर्जना गरिएका विभिन्न भौतिक तथा सामाजिक पूर्वाधारहरूको उपयोग गरी विकास कार्यमा सहयोग पुग्ने अवस्था रहेको,
- विप्रेषणको आम्दानी र दक्षतालाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने सम्भावना रहेको।
- सेवाग्राहीहरू आफ्नो हक अधिकार र सेवा सुविधाप्रति सचेत रही सुशासन प्रति चासो देखाएको।

### ४. दीर्घकालीन सोच
आगामी दुई दशक भित्र नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रूपान्तरण गरी क्रमश: सम्वृद्ध, शान्त न्यायपूर्ण नेपाल बनाउने यस योजनाको दीर्घकालीन सोच रहेको छ। यस अवस्थामा नेपालमा उच्च आर्थिक वृद्धि हासिल भई गरीबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत न्यून रहनेछ र नेपाल एक

सम्वृद्ध आधुनिक राष्ट्रको रूपमा विकसित भएको हुनेछ । देशका सबै क्षेत्रमा शान्ति र सुशासन कायम भएको अवस्था हुनेछ । सबै नेपालीहरूले आफ्नो भविष्य सुनिश्चित गर्नका लागि समान अवसर उपयोग गरेका हुनेछन् । समाजमा कानुनी, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, जातीय, लैंगिक, शारीरिक र भौगोलिक समेतका सबै प्रकारका विभेद र असमानता अन्त्य भएको अवस्था हुनेछ ।

### ५. लक्ष्य

सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू तथा अति कम विकसित मुलुकहरूको उत्थान कार्य योजना अनुरूपका लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने, सामाजिक वञ्चितीकरणलाई हटाउँदै आम नेपालीको जीवन स्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धि मार्फत यस योजनाको अन्त्यमा गरीबीलाई २१ प्रतिशतमा पुऱ्याउने लक्ष्य रहेको छ ।

### ६. उद्देश्य

रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरीबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य हुनेछ ।

### ७. रणनीति

यस योजनाले समष्टिगत रणनीतिमा रोजगारी केन्द्रित फराकिलो आर्थिक वृद्धि हासिल गर्ने, भावी संघीय प्रदेशहरू र क्षेत्रीय सन्तुलनलाई समेत ध्यानमा राख्दै विकासका पूर्वाधारहरू सिर्जना गर्ने, समावेशी तथा समन्यायिक विकास गर्ने, मुलुकको आर्थिक सामाजिक रूपान्तरणलाई सघाउ पुऱ्याउने सुशासन एवं सेवा प्रवाहलाई प्रभावकारी बनाउने र व्यापारलाई मूलप्रवाहीकरण गर्ने समेतका निम्न रणनीतिहरू लिइएको छ ।

१. **सरकारी, निजी र सामुदायिक/सहकारी सबै क्षेत्रको संयुक्त प्रयासमा रोजगारीमूलक तथा गरीबी निवारण उन्मुख दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने ।**

   देशमा बढ्दो जनसंख्याका निम्ति आन्तरिक र बाह्य रोजगारका अवसरहरू सिर्जना गर्न र विद्यमान् गरीबीको रेखामुनि रहेका जनताको जीवनस्तर उठाउनको लागि यस योजनामा अर्थतन्त्रका सबै क्षेत्रमा सरकारी, निजी र सामुदायिक/सहकारी सबै क्षेत्रको संयुक्त प्रयासमा रोजगारी अभिवृद्धि गर्ने कार्यलाई जोड दिइनेछ भने बढी रोजगारी प्रदान गर्ने क्षेत्रको विकासलाई प्राथमिकता दिएर आर्थिक वृद्धिदरलाई दिगो, फराकिलो एवं गरीबी निवारणउन्मुख बनाइनेछ । आर्थिक वृद्धि हासिल गर्नका लागि प्रमुख क्षेत्रको रूपमा कृषि, पर्यटन, उद्योग र व्यापार क्षेत्रहरूलाई लिइनेछ ।

२. **देशको भावी संघीय स्वरूपलाई टेवा पुऱ्याउने र प्रादेशिक आर्थिक वृद्धि समेतलाई सहयोग पुग्ने गरी भौतिक पूर्वाधार तयार गर्ने ।**

   देशमा विद्यमान् केन्द्रीकृत एकात्मक शासन व्यवस्थालाई परिवर्तन गरी संघीय स्वरूपको विकेन्द्रित शासन व्यवस्था अपनाउने निर्णय समेतलाई ध्यानमा राखी भौतिक पूर्वाधारहरू विकास गर्दा संभावित प्रदेशहरूको आर्थिक वृद्धिलाई समेत टेवा पुऱ्याउने र क्षेत्रीय सन्तुलनको अभिवृद्धि गर्ने ।

३. **दिगो शान्ति हासिल गर्न समावेशी तथा समन्यायिक विकासलाई जोड दिने ।**

   समाजमा विद्यमान् विभेदपूर्ण स्थितिबाट देशका विभिन्न क्षेत्रमा पछाडिपरेका/पारिएका वर्ग समुदाय, दलित, मधेसी, आदिबासी जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति एवं विकट भौगोलिक क्षेत्र र विपन्न वर्ग समेतका जनताको जीवनस्तर उठाउन समावेशी तथा समन्यायिक विकास रणनीति अपनाइने छ । यसरी समावेशी तथा समन्यायिक विकासलाई जोड दिएर आर्थिक हिसावले दिगो शान्ति हासिल गर्नमा योगदान दिने र शान्ति स्थापनाको माध्यमबाट मुलुकमा लगानीका लागि आवश्यक वातावरण सिर्जना गर्ने रणनीति लिइनेछ ।

**४. आर्थिक सामाजिक सेवा सुदृढ गरी राज्यको आर्थिक सामाजिक रूपान्तरणमा सघाउ पुऱ्याउने ।**

सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रबाट देशका जनताहरूलाई पुऱ्याउनु पर्ने आर्थिक तथा सामाजिक सेवा सुदृढ गर्ने र विद्यमान् आर्थिक, सामाजिक अवस्थालाई रूपान्तरण गर्दै विकासको गतिलाई तीव्र बनाउने रणनीति लिइनेछ ।

**५. सुशासनको प्रत्याभूति गरेर सेवा प्रवाहलाई प्रभावकारी तुल्याउदै विकास कार्यलाई नतिजामुखी बनाउने ।**

देशमा सुशासनको प्रत्याभूति गर्न कानुनी राज्यको मूल्य मान्यता स्थापना गर्दै जनसहभागिता, पारदर्शिता, जवाफदेहीपन र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना गर्न जोड दिनुका साथै सरकार र निजी क्षेत्रबाट जनतालाई पुऱ्याइएको सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकासलाई परिणाममुखी/नतिजामुखी बनाउने रणनीति लिइनेछ ।

**६. निजी तथा सामुदायिक/सहकारी क्षेत्रको विकास र औद्योगीकरण, व्यापार तथा सेवा क्षेत्रलाई राष्ट्रिय विकासको प्रयासमा मूलप्रवाहीकरण गरी आर्थिक वृद्धि र स्थायित्व सुदृढ गर्ने ।**

देशमा निजी तथा सामुदायिक/सहकारी क्षेत्रको विकासलाई विशेष ध्यान दिइनेछ र यी क्षेत्रहरूको सहयोगबाट औद्योगिकीकरण तथा व्यापार र सेवा क्षेत्रलाई राष्ट्रिय विकासको प्रयासमा मूलप्रवाहीकरण गरिनेछ । त्यस्तै तुलनात्मक लाभ भएका निर्यातयोग्य वस्तु तथा सेवाहरूको विकास गरी द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार प्रणालीबाट सृजित अवसरहरूको अधिकतम उपयोग गर्दै व्यापार घाटा न्यूनीकरण गरिनेछ । यसका लागि औद्योगिकीकरण गर्ने, आन्तरिक र बाह्य स्रोतहरूको उच्चतम परिचालन र उपयोग गर्ने, निजी, सामुदायिक र सहकारी क्षेत्रको विकास गर्ने र निजी सामुदायिक, सहकारी र सरकारी क्षेत्रको साझेदारीमा निर्यातयोग्य वस्तु एवं सेवाहरूको प्रबर्द्धन गर्ने कार्य गरिनेछ ।

### ८. प्राथमिकताका क्षेत्र

यस योजनामा निम्न लिखित प्राथमिकताका क्षेत्रहरू निर्धारण गरिएको छ ।

१. आर्थिक विकासलाई दिगो, फराकिलो र गरीबी निवारणोन्मुख बनाउन भावी संघीय लोकतान्त्रिक गणराज्य संरचना समेतलाई ध्यानमा राखेर भौतिक तथा सामाजिक पूर्वाधारहरूको सन्तुलित विकासमा जोड दिइनेछ,

२. कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिँदै पर्यटन, उद्योग र निर्यात व्यापारलाई महत्त्व दिइ रोजगारी सिर्जना र आर्थिक वृद्धि गर्न प्राथमिकता दिइनेछ,

३. राष्ट्रका सबै संरचना, क्षेत्र र प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्र र लिङ्गको समावेशीकरण गरी विकासमा टेवा पुऱ्याउन लगानी बढाइनेछ,

४. मानवीय जीवनयापनको निमित्त अत्यावश्यक सेवा (खानेपानी, ऊर्जा/विद्युत्, सडक, सञ्चार, खाद्य सुरक्षा, औषधोपचार, शिक्षा) को उपलब्धता र निरन्तरतालाई सुनिश्चित गर्न यी क्षेत्रहरूमा आवश्यक लगानी अभिवृद्धि गरिनेछ,

५. सुशासनको अभिवृद्धि गरी जनतालाई पुऱ्याउने सेवा सुविधा गुणस्तरयुक्त बनाई सुपथ मूल्यमा समयमै उपलब्ध गराउन जोड दिइनेछ,

६. वातावरण संरक्षण गरी जलवायु परिवर्तनबाट पर्ने असर न्यून गर्न र अवसरहरूको उपभोगमा ध्यान दिइनेछ,

७. राष्ट्रिय स्तरमा प्राथमिकताप्राप्त महत्त्वपूर्ण र आम जनतालाई प्रत्यक्ष राहत दिने कार्यक्रम र आयोजनाहरूलाई उच्च प्राथमिकता दिइनेछ ।

## ९ परिमाणात्मक लक्ष्य

देशको आर्थिक, सामाजिक तथा पूर्वाधार विकास सम्बन्धी प्रमुख सूचकहरूको परिमाणात्मक लक्ष्य तालिका (२.१) बमोजिम हुने अनुमान गरिएको छ ।

**तालिका २.१ परिमाणात्मक लक्ष्य**

| क्र.सं. | विवरण | आ.व. २०६६/६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (प्रतिशतमा) (वार्षिक औसत वृद्धिदर) | ४.५ | ५.५ |
| | कृषि क्षेत्रको वृद्धिदर (प्रतिशतमा) (वार्षिक औसत वृद्धिदर) | ३.२ | ३.९ |
| | गैरकृषि क्षेत्रको वृद्धिदर(प्रतिशतमा) (वार्षिक औसत वृद्धिदर) | ५.१ | ६.४ |
| २. | गरीबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशतमा) | २५.४ | २१ |
| ३. | रोजगारी वृद्धिदर (वार्षिक औसत वृद्धिदर) | ३.० | ३.६ |
| ४. | स्वास्थ्यकर्मीबाट प्रसूति गराउने महिला (प्रतिशतमा) | २८.८ | ४० |
| ५. | परिवार नियोजन साधन प्रयोग कर्ता (प्रतिशतमा) | ४८ | ५७ |
| ६. | कूल प्रजनन दर (१५-४९ वर्षको महिला) (प्रतिशतमा) | २.९ | २.७५ |
| ७. | मातृ मृत्युदर (प्रति लाख) | २२९ | १९२ |
| ८. | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ३० | २३ |
| ९. | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ४४ | ३८ |
| १०. | वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ५५ | ४७ |
| ११. | खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशतमा) | ८० | ८५ |
| १२. | सरसफाइ सुविधा पुगेको जनसंख्या (प्रतिशतमा) | ४३ | ६० |
| १३. | प्राथमिक तहमा खुद भर्नादर (प्रतिशतमा) | ९३.७ | ९८ |
| १४. | सडक यातायात जोडिएको जिल्ला सदरमुकाम (संख्या) | ७१ | ७५ |
| १५. | टेलिफोन, मोवाइल समेत (प्रतिसय घनत्वमा) | ३१.३ | ६० |
| १६. | विद्युत् उत्पादन (जडित क्षमता) (मेगाबाट) | ६९३.७ | ८७७.७ |
| १७. | विद्युत्मा पहुँच प्राप्त जनसंख्या (प्रतिशतमा)* | ५६.१ | ६५ |
| १८. | सिंचाइ (हेक्टर) | १२५२४७६ | १४०२५७६ |
| १९. | बनजंगलले ढाकेको क्षेत्र (प्रतिशतमा) | ३९.६ | ४० |
| २०. | सडक यातायातको कूल लम्वाइ (कि. मी.)** | १९९६८ | २१४६१ |

* नेपाल जीवनस्तर सर्वेक्षण, २००८ अनुसार सबै माध्यमबाट पुगेको विद्युत सेवा ।
** ग्रामीण सडक बाहेक ।

# अध्यायः ३
# आर्थिक वृद्धिदर एवं स्रोत र साधनको व्यवस्था

### १. आर्थिक वृद्धि, वचत तथा लगानी

विद्यमान् राजनीतिक परिस्थिति, राष्ट्रलाई दिगो उच्च आर्थिक वृद्धिको दिशातर्फ उन्मुख गर्नुपर्ने आवश्यकता, संस्थागत क्षमता र सम्भावित आन्तरिक तथा बाह्य साधनको उपलब्धता समेतलाई ध्यानमा राखी यस योजनामा आर्थिक वृद्धिदरको लक्ष्य वार्षिक औसत ५.५ प्रतिशत निर्धारण गरिएको छ। यसबाट प्रतिव्यक्ति आय वार्षिक सरदर ३.५ प्रतिशतको दरले बढ्नेछ भने रोजगारी प्रतिवर्ष औसत ३.६ प्रतिशतको दरले बढ्नेछ। हालसम्म गरीबी न्यूनीकरणमा भएका उपलब्धि, गरीबीको आर्थिक वृद्धिसगको लचकता, रोजगारी वृद्धि तथा लक्षित कार्यक्रमहरूको उपलब्धिका आधारमा गरीबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत २१ मा झार्ने लक्ष्य निर्धारण गरिएको छ। कूल आर्थिक वृद्धिदर मध्ये कृषि क्षेत्रतर्फ ३.९ प्रतिशत र गैर कृषि क्षेत्रतर्फ ६.४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। यस योजना अवधिमा मुद्रास्फीतिको वृद्धि दर वार्षिक औसत ७.० प्रतिशत रहने अनुमान गरिएको छ।

योजना अवधिमा कृषि क्षेत्रमा विशेष ध्यान पुऱ्याई यसलाई व्यावसायिकीकरणतर्फ उन्मुख गराइने, सहकारीकरणको प्रबर्द्धन गरिने तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिंचाइ, कृषि सडक, कृषि ऋण, अनुसन्धान तथा प्रविधि प्रसार, ग्रामीण विद्युतीकरण र बजार संयन्त्रको विकास गरी निजी क्षेत्रको व्यावसायिक लगानी समेत आकर्षित गरिने हुँदा कृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर ३.९ प्रतिशत हुने लक्ष्य राखिएको छ।

उद्योगतर्फ औद्योगिक वातावरणमा सुधार ल्याउन नीतिगत र प्रक्रियागत सुधार गरी औद्योगिक सुरक्षाको प्रत्याभूति एवं संस्थागत सुधार गरिनेछ। औद्योगिक एवं व्यावसायिक पूर्वाधारको विकास तथा सेवाको विस्तार एवं लघु, साना, घरेलु तथा मझौला उद्योगहरूको विस्तार र प्रबर्द्धन, औद्योगिक शान्तिको प्रत्याभूति र खनिजजन्य उद्योगमा विशेष ध्यान पुऱ्याई विद्यमान् उद्योगहरूमा वास्तविक क्षमताको पूर्ण उपयोग गर्ने वातावरणको सिर्जना गरेर यस क्षेत्रको वृद्धिदर ५.० प्रतिशत पुऱ्याउन सकिने अनुमान गरिएको छ।

योजनावधिमा ग्रामीण विद्युत्तीकरणलाई विशेष ध्यान दिइनेछ। निजी क्षेत्रको संलग्नतामा समेत केही विद्युत् आयोजनाहरूको निर्माण सम्पन्न हुने र सरकारी लगायत अन्य स्रोतबाट प्राप्त हुने ऊर्जाबाट विद्युत् क्षेत्रको वृद्धिदर वार्षिक औसत ९.५ प्रतिशत हुने अनुमान गरिएको छ। निर्माणतर्फ नयाँ र राष्ट्रिय महत्त्वका पूर्वाधारहरूको निर्माण तथा विस्तार हुने र यसमा निजी क्षेत्रको संलग्नता अझ अभिवृद्धि हुने अनुमानका आधारमा योजना अवधिमा वार्षिक औसत वृद्धिदर ६.५ प्रतिशत हुने अनुमान गरिएको छ।

शान्ति पुनःस्थापना भएकाले पर्यटन क्षेत्रमा उत्साहप्रद वातावरण बनेको र यस योजनावधिमा पर्यटनका नयाँ क्षेत्र एवं सेवाको विकास गरिनुको साथै पर्यटन विकासका संरचनात्मक वाधा हटाउन नीतिगत एवं संस्थागत सुधार गरिनेछ। सन् २०११ लाई नेपाल पर्यटन वर्षको रूपमा मनाउन विशेष प्रयास गरिने हुँदा यी सबै प्रयासहरूको फलस्वरूप यस क्षेत्रको वृद्धिदर ८.० प्रतिशत हुने अनुमान गरिएको छ।

यातायात तथा सञ्चार क्षेत्रलाई योजना अवधिमा विशेष प्राथमिकता दिइ सरकारी क्षेत्रबाट उच्च लगानी हुने र नीतिगत सुधारबाट निजी क्षेत्रको पनि लगानी अभिवृद्धि हुने हुँदा यस क्षेत्रको वृद्धिदर वार्षिक औसत ८.० प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

व्यापार क्षेत्रतर्फ आर्थिक कुटनीतिको सकारात्मक प्रभाव पर्ने तथा औद्योगिक वातावरणमा सुधार आई यस क्षेत्रमा ६.५ प्रतिशतको दरले वृद्धि हुने अनुमान गरिएको छ। यसै गरी शान्ति पुनःस्थापना पश्चात्

लगानीको वातावरणमा सुधार आउने भएकोले वित्तीय क्षेत्र तथा घरजग्गातर्फ दुवैमा ५.०/५.० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । सामाजिक सेवातर्फ सरकारले दिने प्राथमिकताका कारण लगानीमा थप वृद्धि भइ स्वास्थ्य, शिक्षा तथा अन्य सामुदायिक क्षेत्रको वृद्धिदर क्रमशः ७.५, ८.० र ९.७ प्रतिशत हुने अनुमान गरिएको छ । (तालिका ३.१)

**तालिका ३.१ : त्रिवर्षीय योजनाको कूल गार्हस्थ उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धि**

**(२०६६/६७ को स्थिर मूल्यमा)** (रू. करोडमा)

| क्र.स. | क्षेत्रहरू | वृद्धिदर | आधारवर्ष २०६६/६७* | २०६७/६८ | २०६८/६९ | २०६९/७० |
|---|---|---|---|---|---|---|
| **१ कृषि** | | | **३७२५६.१** | **३८७२१.३** | **४०२४४.४** | **४१८२७.६** |
| १.१ | कृषि वन | ३.९ | ३६६७४.४ | ३८१०४.७ | ३९५९०.८ | ४११३४.८ |
| १.२ | मत्स्यपालन | ६ | ५८१.७ | ६१६.६ | ६५३.६ | ६९२.८ |
| **२. गैहृकृषि** | | | **७३७७४.४** | **७८७४९.०** | **८४०३९.१** | **८९६६४.४** |
| **२.१ उद्योग** | | | **१६५४१.२** | **१७५५३.५** | **१८६३०.६** | **१९७७७.१** |
| २.१.१ | खानी तथा भू-गर्भ | ५.० | ५७८.२ | ६०७.१ | ६३७.४७ | ६६९.३ |
| २.१.२ | उत्पादन | ५.० | ६९३४.९ | ७२८१.६ | ७६४५.७ | ८०२८.० |
| २.१.३ | विद्युत्, ग्यास तथा पानी | ९.५ | १६५९.७ | १८१७.४ | १९९०.० | २१७९.१ |
| २.१.४ | निर्माण | ६.५ | ७३६८.४ | ७८४७.३ | ८३५७.४ | ८९००.७ |
| **२.२ सेवा** | | | **५७२३३.२** | **६११९५.५** | **६५४०८.५** | **६९८८७.३** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ६.५ | १५५१३.९ | १६५२२.३ | १७५९६.३ | १८७४०.० |
| २.२.२ | होटेल तथा रेस्टुरेन्ट- | ८.० | १८५७.१ | २००५.७ | २१६६.१ | २३३९.४ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ८.० | १०८३९.४ | ११७०६.६ | १२६४३.१ | १३६५४.५ |
| २.२.४ | वित्तीय मध्यस्थता | ५.० | ४५१८.२ | ४७४४.१ | ४९८१.३ | ५२३०.४ |
| २.२.५ | घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ५.० | ९१६६.० | ९६२४.३ | १०१०५.५ | १०६१०.८ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ५.० | २२०५.३ | २३१५.६ | २४३१.३ | २५५२.९ |
| २.२.७ | शिक्षा | ८.० | ७४०५.५ | ७९९७.९ | ८६३७.८ | ९३२८.८ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ७.५ | १६२५.० | १७४६.९ | १८७७.९ | २०१८.७ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक व्यक्तिगत सेवाका क्रियाकलाप | ९.७ | ४१०२.८ | ४५३२.२ | ४९६९.२ | ५४११.७ |
| **कूल मूल्य अभिवृद्धि** (Fisim **समेत**) | | **५.८** | **१११०३०.५** | **११७४७०.३** | **१२४२८३.५** | **१३१४९२.०** |
| वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा | | | ३५१५.६ | ४०४२.१ | ४६१६.८ | ५२४३.६ |
| कूल गार्हस्थ उत्पादन (आधारभूत मूल्यमा) | | ५.५ | १०७५१४.९ | ११३४२८.२ | ११९६६६.८ | १२६२४८.४ |
| वस्तुमा अनुदान | | | १०७५३.१ | ११८१७.६ | १२९६८.५ | १४२१२.४ |
| **कूल गार्हस्थ उत्पादन (उत्पादक मूल्यमा)** | | **५.९** | **११८२६८.०** | **१२५२४५.८** | **१३२६३५.३** | **१४०४६०.८** |

* अपरिष्कृत । प्रस्तुत आकडा त्रिवर्षीय योजनाको आधारपत्रमा प्रकाशित भइसकेकोले परिमार्जन गरिएको छैन । परिमार्जित आकडा अनुसूची २ मा दिइएको छ ।

## २. स्रोत बाँडफाँडको आधार

१. विकास कार्यक्रममा गरिने लगानीको प्रत्यक्ष फाइदा उठाउन नसकेका जन-समुदायको तल्लो तप्कासम्म पुग्ने फराकिलो आधार भएको समावेशी एवं दिगो विकासमा सहयोग पुऱ्याउने प्राथमिकताका क्षेत्रहरूमा लगानी वढाइनेछ । सरकारी लगानी बढी मात्रामा पूर्वाधार विकास, प्रभावकारी सेवाको प्रवाह, सामाजिक सुरक्षा र अन्य आर्थिक गतिविधिमा निजी क्षेत्रको लगानी उत्प्रेरित हुने गरी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी सिर्जना हुने क्षेत्र, रणनीति र कार्यक्रमहरूमा लगानी केन्द्रित गरिनेछ । कुनै पनि आयोजना र प्रविधिको छनौटमा रोजगारी सिर्जनालाई प्रमुख आधार मानी सोही अनुरूप लगानी केन्द्रित गरिनेछ ।

३. गरीब तथा सीमान्त समूहको आय वृद्धि हुने तथा सशक्तीकरण गर्ने कार्यक्रम तथा रणनीतिलाई विशेष जोड दिइ गरीबी निवारण र आर्थिक वृद्धिमा ठोस योगदान पुऱ्याइनेछ ।

४. दुर्गम पहाडी तथा हिमाली भेग समेतका पिछडिएका भौगोलिक क्षेत्र, महिला, जनजाति, मधेसी समुदाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा एकल महिलालाई विकासको प्रक्रिया/प्रतिफलमा सहभागी गराई यिनीहरूको आवश्यकता परिपूर्ति गर्दै जाने आर्थिक वृद्धि हासिल गर्नेतर्फ ध्यान पुऱ्याइनेछ ।

५. स्थानीय स्तरमा जनसमुदायले पहिचान गरेका आर्थिक क्रियाकलापको अभिवृद्धि हुने, जनसमुदायको आवश्यकता परिपूर्ति हुने तथा जनसमुदायले नै सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने आयोजनाहरूमा समुदायहरूको स्वामित्वभाव बढाई जनसहभागिता परिचालन गरी रोजगारी अभिवृद्धि गर्ने, स्थानीय आवश्यकता परिपूर्ति गर्ने, आर्थिक विकास गर्ने, स्थानीय स्रोत साधनको परिचालन गर्ने तथा क्षेत्रीय असन्तुलन घटाउने रणनीतितर्फ विशेष ध्यान दिइनेछ ।

६. समन्यायिक आर्थिक विकास गर्ने र खाद्य सुरक्षा एवं जीवनयापनको महत्त्वपूर्ण आधारको रूपमा रहेको कृषि क्षेत्रको विकासलाई विशेष महत्त्व दिइ एकीकृत सेवा, बजारीकरण तथा उत्पादकत्व वृद्धि गर्न आवश्यक सिंचाइ सुविधाको विकास र विस्तार, उचित कृषि सामग्रीको समयानुकूल यथेष्ठ आपूर्ति, कृषि सडक, कृषि ऋण, अनुसन्धान, प्रविधि प्रसार, ग्रामीण विद्युतीकरण र बजार संयन्त्रको विकासमा विशेष ध्यान दिइनेछ ।

७. हालसम्म मूलतः सरकार संलग्न रहेका विद्युत्, सूचना तथा सञ्चार, ग्रामीण ऊर्जा, सडक तथा अन्य पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी अभिवृद्धि गरी अथवा सरकारी निजी साझेदारी अभिवृद्धि गरी लगानी वृद्धि गर्नेतर्फ विशेष जोड दिइनेछ ।

८. सबै साझेदारहरू सम्मिलित गरी लगानी मैत्री वातावरण सिर्जना गर्नेतर्फ विशेष ध्यान दिइ उत्पादकत्व अभिवृद्धि गर्ने तथा गुणस्तरीय वस्तु र सेवाको उत्पादन गर्दै वितरण कार्यहरूलाई प्रभावकारी बनाउने कार्यलाई प्रोत्साहन दिइनेछ ।

९. वस्तु तथा सेवाको उपभोग, सार्वजनिक तथा वित्तीय लगायतका सेवाहरू र उत्पादनका स्रोत र साधनमा सबै जनताको पहुँच पुऱ्याइनेछ ।

१०. आर्थिक वृद्धिदर उच्च गर्न, विकासको प्रतिफलमा सबैको पहुँच बढाउन र सार्वजनिक सेवालाई सुलभ बनाई नागरिकले सहज ढंगले प्राप्त गर्नसक्ने अवस्था बनाउन संस्थागत र नीतिगत व्यवस्थामा सुधार र विस्तार गरिनेछ ।

११. राष्ट्रिय एकीकरणलाई बढावा दिने तथा राष्ट्रिय विकासको पहिचान र माध्यमको रूपमा काम गर्ने ठूला आयोजनाहरूमा लगानी बढाई आर्थिक वृद्धिदर बढाउने र विकासको आधार फराकिलो पार्नेतर्फ विशेष ध्यान पुऱ्याइनेछ ।

१२. विकास कार्यक्रम तथा दिगो आर्थिक विकास हुने वातावरण तयार गर्नका लागि जनसमुदायलाई परिवर्तनको अनुभूति हुने तथा उपलब्ध सम्भाव्य स्रोतको अधिकतम परिचालन हुन सक्ने क्षेत्रहरूमा लगानी बढाइनेछ ।

## ३. पूँजी लगानी तथा सीमान्त पूँजी उत्पादन अनुपात

योजना अवधिमा लगानीको वातावरणमा सुधार आउने र विकास आयोजनाहरूको लागत दक्षता वढाई शीघ्र कार्यान्वयन गर्ने रणनीतिका आधारमा विभिन्न क्षेत्रहरूको विद्यमान् क्षमताको उपयोगमा वृद्धि भई सीमान्त पूँजी उत्पादन अनुपातमा केही सुधार हुने अपेक्षा रहेको छ । तथापि, यस अवधिमा तत्काल प्रतिफल नआउने पूर्वाधारको विकासमा लगानी वृद्धि गरिने भएकाले सीमान्त पूँजी उत्पादन अनुपातमा केही वृद्धि भइ ५:१ हुने अनुमान गरिएको छ । यस आधारमा योजना अवधिमा प्रक्षेपित आर्थिक वृद्धिदर हासिल गर्न २०६६/६७ को स्थिर मूल्यमा कूल स्थिर पूँजी लगानी रू.१० खर्ब २३ अर्ब ७० करोड हुने अनुमान गरिएको छ (तालिका ३.२) ।

**तालिका ३.२: पूँजी लगानी तथा सीमान्त पूँजी उत्पादन अनुपात** (रू करोडमा)

| क्र.स | लगानीका क्षेत्रहरू | सीमान्त पूँजी उत्पादन अनुपात | सरकारी | | निजी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **१** | **कृषि** | | **४९३७.२६** | **१३.५५** | **८७७७.३६** | **१३.३१** | **१३७१४.६२** | **१३.४०** |
| १.१ | कृषि र वन | ३ | ४८१७.२६ | १३.२२ | ८५६४.०२ | १२.९९ | १३३८१.२८ | १३.०७ |
| १.२ | मत्स्यपालन | ३ | १२०.०० | ०.३३ | २१३.३४ | ०.३२ | ३३३.३४ | ०.३३ |
| **२** | **उद्योग** | | **७७३८.९९** | **२१.२४** | **१२६७३.०१** | **१९.२२** | **२०४१२.००** | **१९.९४** |
| २.१ | खानी तथा भू-गर्भ | ५ | ४५.५७ | ०.१३ | ४१०.१२ | ०.६२ | ४५५.६९ | ०.४५ |
| २.२ | उत्पादन | ५ | ५४६.५६ | १.५० | ४९१९.०१ | ७.४६ | ५४६५.५७ | ५.३४ |
| २.३ | विद्युत्, ग्याँस र पानी | २२ | ६८५५.७३ | १८.८२ | ४५७०.४९ | ६.९३ | ११४२६.२२ | ११.१६ |
| २.४ | निर्माण | २ | २९१.१३ | ०.८० | २७७३.३८ | ४.२१ | ३०६४.५१ | २.९९ |
| **३** | **सेवा** | | **२३७५७.८४** | **६५.२१** | **४४४८६.०३** | **६७.४७** | **६८२४३.८७** | **६६.६६** |
| ३.१ | थोक तथा खुद्रा व्यापार | २.८ | २७०.९९ | ०.७४ | ८७६२.११ | १३.२९ | ९०३३.११ | ८.८२ |
| ३.२ | होटेल तथा रेस्टुरेन्ट | ७ | ६७५.२४ | १.८५ | २७००.९४ | ४.१० | ३३७६.१८ | ३.३० |
| ३.३ | यातायात, भण्डारण तथा सञ्चार | ८.७ | ९३०६.७९ | २५.५४ | १५१८४.७७ | २३.०३ | २४४९१.५६ | २३.९२ |
| ३.४ | वित्तीय मध्यस्थता | ५.५ | ३९१.७० | १.०८ | ३५२५.३० | ५.३५ | ३९१७.०० | ३.८३ |
| ३.५ | घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ५.५ | ०.०० | ०.०० | ७९४६.३५ | १२.०५ | ७९४६.३५ | ७.७६ |
| ३.६ | सामान्य प्रशासन र रक्षा | ४ | १३९०.४४ | ३.८२ | ०.०० | ०.०० | १३९०.४४ | १.३६ |
| ३.७ | शिक्षा | ३.५ | ३०२९.१९ | ८.३१ | ३७०२.३५ | ५.६२ | ६७३१.५४ | ६.५८ |
| ३.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ८.९ | २८०३.३७ | ७.६९ | ७००.८४ | १.०६ | ३५०४.२२ | ३.४२ |
| ३.९ | अन्य सामुदायिक, सामाजिक व्यक्तिगत सेवाका क्रियाकलाप | ६ | ५८९०.११ | १६.१७ | १९६३.३७ | २.९८ | ७८५३.४८ | ७.६७ |
| | **कूल लगानी** | **५** | **३६४३४.०९** | **१००.०** | **६५९३६.४०** | **१००.०** | **१०२३७०.४९** | **१००.०** |

## ४. सरकारी बजेट तथा सरकारी खर्च व्यहोर्ने स्रोतहरू

योजना अवधिमा आ.व. २०६६/६७ को स्थिर मूल्यमा कूल रू. ६ खर्व ७७ अर्ब ९९ करोड राजस्व उठने अनुमान गरिएको छ। राजस्व प्रक्षेपण गर्दा स्थिर मूल्यमा वार्षिक औसत ८.७ प्रतिशतले वृद्धि हुने र राजस्व कूल गार्हस्थ उत्पादनको अनुपात आ.व. २०६६/६७ मा १६.१ प्रतिशत रहेको अनुमानका आधारमा योजनाको अन्तिम वर्ष २०६९/७० मा १७.३ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ।

सरकारी खर्चतर्फ योजना अवधिमा आ.व. २०६६/६७ को स्थिर मूल्यमा कूल खर्च रू. १० खर्ब २० अर्ब हुने अनुमान गरिएको छ भने त्यसमा चालु खर्च रू. ५ खर्ब ८४ अर्ब २० करोड हुने अनुमान गरिएको छ। आ.व.२०६६/६७ मा चालु खर्च कूल गार्हस्थ उत्पादनको अनुपात १४.३ प्रतिशत रहने अनुमान रहेकोमा योजना अवधिमा केन्द्र, संघीय र स्थानीय सरकारको चुनाव लगायतका कारणले चालु खर्चमा वृद्धि हुने अनुमान गरिएको छ। योजना अवधिमा चालु खर्च कूल गार्हस्थ उत्पादनको १५.० प्रतिशतमा रहने लक्ष्य लिइएको छ। पूँजीगत खर्चतर्फ योजना अवधिमा रू. ३ खर्ब ६४ अर्ब ३४ करोड खर्च गर्ने प्रक्षेपण गरिएको छ। आ.व. २०६६/६७ मा पूँजीगत खर्च कूल गार्हस्थ उत्पादनको ७.२ प्रतिशत रहेकोमा यसलाई वृद्धि गरी योजना अवधिमा ९.२ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ।

वैदेशिक सहायतातर्फ योजना अवधिमा आ.व. २०६६/६७ को स्थिर मूल्यमा कूल रू. २ खर्ब ४९ अर्ब २८ करोड परिचालन हुने अनुमान रहेको छ। यस मध्ये वैदेशिक अनुदान रू. १ खर्ब ७५ अर्ब १८ करोड र वैदेशिक ऋण रू. ७४ अर्ब १० करोड परिचालन हुने अनुमान छ। कूल गार्हस्थ उत्पादनको अनुपातमा आ.व. २०६६/६७ मा कूल वैदेशिक सहायताको अनुपात ५.३८ प्रतिशत रहने अनुमान रहेकोमा यस्तो सहायता वृद्धि भइ योजना अवधिमा ६.५७ प्रतिशत पुग्ने अनुमान गरिएको छ। देश विकास प्रयासमा क्रमिक रूपमा आत्मनिर्भर हुँदै जाने रणनीति अनुसार योजनामा कूल खर्चको २४.४४ प्रतिशत रकम मात्र वैदेशिक सहायताबाट परिचालन गरिने लक्ष्य लिइएको छ।

योजना अवधिमा साधनको परिचालनतर्फ राजस्व परिचालनमा समुचित वृद्धि हुने, वैदेशिक सहायता उपलब्धतामा पनि आशातीत वृद्धि हुने र चालु खर्चको वृद्धिमा नियन्त्रण कायम गरिने भएकाले आन्तरिक ऋणको वृद्धिदरलाई वाञ्छित सीमाभित्र राख्न सकिने अनुमान गरिएको छ। आ.व. २०६६/६७ मा आन्तरिक ऋण कूल गार्हस्थ उत्पादनको २.१ प्रतिशत रहने अनुमान रहेकोमा योजनाको अन्तिम वर्षमा सीमान्त वृद्धि भइ २.२ प्रतिशत रहने अनुमान गरिएको छ। योजनावधिमा अवलम्वन गरिएको वित्तीय नीतिबाट समष्टिगत आर्थिक स्थायित्वमा टेवा पुग्ने अनुमान रहेको छ (तालिका ३.३)।

**तालिका ३.३ : सरकारी बजेटको प्रक्षेपण (आ.व. २०६६/६७ को स्थिर मूल्यमा)** (रू. करोडमा)

| क्र.स. | विवरण | आधार वर्ष २०६६/६७* | २०६७/६८ | २०६८/६९ | २०६९/७० | त्रिवर्षीय योजनाको जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | खर्च | २७२५४ | ३१२७९ | ३४०३८ | ३६६८३ | १०२००० | १००.०० |
| | चालु | १६८८१ | १७७६८ | १९५४५ | २११०८ | ५८४२० | ५६.९५ |
| | पूँजीगत | ८४७१ | ११४०० | १२१३० | १२९०४ | ३६४३४ | ३६.०८ |
| | साँवा भुक्तानी | १९०१ | २११० | २३६४ | २६७१ | ७१४५ | ६.९७ |
| २ | कूल राजस्व | १८९६० | २०५९८ | २२८४३ | २४३५८ | ६७७९९ | ६६.०९ |
| ३ | बजेट घाटा | ८२९३ | १०६८० | १११९५ | १२३२५ | ३४२०० | ३३.९१ |
| ४ | विदेशी अनुदान | ४२७२ | ५५०३ | ५८३३ | ६१८३ | १७५१८ | १७.०८ |
| ५ | जम्मा राजस्व तथा अनुदान | २३२३२ | २६१०१ | २८६७६ | ३०५४१ | ८५३१७ | ८३.१७ |
| ६ | अनुदान पछिको घाटा | ४०२२ | ५१७८ | ५३६३ | ६१४२ | १६६८२ | १६.८३ |
| ७ | वैदेशिक ऋण | १५०९ | २०४७ | २३१२ | ३०५२ | ७४१० | ७.७९ |
| ८ | आन्तरिक ऋण | २५१२ | ३१३१ | ३०५१ | ३०९० | ९२७२ | ९.०४ |

* अपरिष्कृत। प्रस्तुत आकडा त्रिवर्षीय योजनाको आधारपत्रमा प्रकाशित भइ सकेकोले परिमार्जन गरिएको छैन। परिमार्जित आकडा अनुसूची २ मा दिइएको छ।

## ५. विकास कार्यक्रम खर्चको बाँडफाँड

विकास कार्यक्रम खर्चतर्फ योजना अवधिमा आ.व. २०६६/६७ को स्थिर मूल्यमा जम्मा रू ५६५ अर्व १४ करोड खर्च हुने अनुमान छ । यस मध्ये कृषि क्षेत्र तर्फ, १२.७९ प्रतिशत, विद्युत ग्यास तथा पानी तर्फ १५.०६ प्रतिशत, यातायात, संचार तथा भण्डारण तर्फ १९.६३ प्रतिशत र सामाजिक सेवा तर्फ ३८.८५ प्रतिशत खर्च हुने अनुमान छ । त्यसैगरी, उद्योग, भूगर्भ तथा खानी तर्फ १.११ प्रतिशत र होटल तथा रेष्टुराँ तर्फ १.३६ प्रतिशत खर्च हुने अनुमान छ । जम्मा विकास खर्च रू ५६५ अर्व १४ करोड मध्ये रू ३६४ अर्व ३४ करोड सरकारी पूँजीगत लगानी हुने अनुमान रहेको छ (तालिका ३.४)

**तालिका ३.४ : त्रिवर्षीय योजनाको कुल विकास कार्यक्रम खर्चको विस्तृत क्षेत्रगत बाँडफाँड**

**(२०६६/६७ को स्थिर मूल्यमा)** **रू. करोडमा**

| क्र.स. | विवरण | जम्मा विकास खर्च | अंश (प्रतिशत) |
|---|---|---|---|
| **१** | **कृषि, सिंचाइ तथा वन** | ७२२८ | १२.७९ |
| १.१ | कृषि | ३८३८ | ६.७९ |
| १.२ | सिंचाइ | २५७५ | ४.५६ |
| १.३ | वन | ८१५ | १.४४ |
| १.४ | भूमिसुधार र नापी | २९५ | ०.५२ |
| **२** | **उद्योग, भूगर्भ तथा खानी** | ६२७ | १.११ |
| **३** | **विद्युत, ग्याँस तथा पानी** | ८५११ | १५.०६ |
| ३.१ | विद्युत | ५२४५ | ९.२८ |
| ३.२ | अन्य ऊर्जा | ७३० | १.२९ |
| ३.३ | खानेपानी | २५३६ | ४.४९ |
| **४** | **थोक तथा खुद्रा व्यापार** | ४१५ | ०.७३ |
| ४.१ | वाणिज्य | १७० | ०.३० |
| ४.२ | आपूर्ति | २४५ | ०.४३ |
| **५** | **होटेल तथा रेस्टुराँ** | ७७० | १.३६ |
| ५.१ | पर्यटन | ५४५ | ०.९६ |
| ५.२ | संस्कृति | २२५ | ०.४० |
| **६** | **यातायात, संचार तथा भण्डारण** | ११०९२ | १९.६३ |
| ६.१ | सडक | ८५४१ | १५.११ |
| ६.२ | नागरिक उड्डयन | ११०५ | १.९६ |
| ६.३ | संचार | २०१ | ०.३६ |
| ६.४ | आवास तथा शहरी विकास | १२४५ | २.२० |
| **७** | **साधारण प्रशासन तथा रक्षा** | २७९० | ४.९४ |
| ७.१ | सामान्य प्रशासन | ४५ | ०.०८ |
| ७.२ | राजस्व तथा आर्थिक प्रशासन | १४५ | ०.२६ |
| ७.३ | संवैधानिक निकायहरू | २३५ | ०.४२ |
| ७.४ | योजना तथा तथ्यांक | १३५ | ०.२४ |
| ७.५ | प्रहरी | ८५ | ०.१५ |
| ७.६ | अन्य आर्थिक | १३५० | २.३९ |
| ७.७ | श्रम तथा यातायात व्यवस्थापन | ९५ | ०.१७ |
| ७.८ | रक्षा | १२५ | ०.२२ |
| ७.९ | अन्य | ५७५ | १.०२ |
| **८** | **सामाजिक सेवा** | २१९५८ | ३८.८५ |
| ८.१ | शिक्षा | ६३४५ | ११.२३ |
| ८.२ | स्वास्थ्य तथा सामाजिक कार्य | ५४२५ | ९.६० |
| ८.३ | स्थानीय विकास | ८५३५ | १५.१० |
| ८.४ | महिला, बालबालिका तथा समाज कल्याण | २७८ | ०.४९ |
| ८.५ | अन्य सामाजिक | १३७५ | २.४३ |
| **९** | **विविध** | ३१२३ | ५.५३ |

| क्र.स. | विवरण | जम्मा विकास खर्च | अंश (प्रतिशत) |
|---|---|---|---|
| ९.१ | वातावरण | ३८ | ०.०७ |
| ९.२ | विज्ञान तथा प्रविधि | ८५ | ०.१५ |
| ९.३ | शान्ति तथा पुनःनिर्माण | २२२५ | ३.९४ |
| ९.४ | अन्य विविध | ७७५ | १.३७ |
| | **जम्मा** | **५६५१४** | **१००** |

## ६. लगानीबाट समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव

प्रस्तावित लगानीबाट अर्थतन्त्रका समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक रहने अनुमान गरिएको छ । यस योजनामा समष्टिगत आर्थिक स्थायित्व कायम भइ आर्थिक वृद्धिलाई रोजगारमूलक, समावेशी तथा फराकिलो आधारयुक्त बनाइनेछ ।

**तालिका ३.५ : त्रिवर्षीय योजनाको प्रक्षेपित लगानी, सरकारी खर्च र यसका स्रोतहरू**

**(कूल गार्हस्थ उत्पादनको अनुपातमा)**

| क्र. स. | विवरण | आ.व. २०६६/६७ को स्थिति* | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | कूल लगानी (मौज्दात परिवर्तन समेत) | ३८.२ | ४०.५ |
| २ | कूल स्थिर पूँजी लगानी | २१.३ | २५.५ |
| | निजी क्षेत्र | १६.२ | १६.४ |
| | सरकारी क्षेत्र | ५.० | ९.१ |
| ३ | कूल राष्ट्रिय बचत | ३४.४ | ४१.१ |
| ४ | कूल गार्हस्थ बचत | ९.४ | ११.२ |
| ५ | राजस्व | १६.० | १७.३ |
| ६ | कूल खर्च | २३.० | २५.८ |
| | चालु खर्च | १४.३ | १४.९ |
| | पूँजीगत खर्च | ७.२ | ९.१ |
| | साँवा भुक्तानी | १.६ | १.९ |
| ७ | वैदेशिक सहायता | ४.९ | ६.५ |
| | अनुदान | ३.६ | ४.४ |
| | ऋण | १.३ | २.१ |
| ८ | आन्तरिक ऋण | २.१ | २.२ |

* अपरिष्कृत । प्रस्तुत आकडा त्रिवर्षीय योजनाको आधारपत्रमा प्रकाशित भइसकेकोले परिमार्जन गरिएको छैन । परिमार्जित आकडा अनुसूची २ मा दिइएको छ ।

समष्टिगत आर्थिक परिसूचकहरूतर्फ, सरकारको कूल राजस्व परिचालन आर्थिक वर्ष २०६६/६७ मा कूल गार्हस्थ उत्पादनको १६.० प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्ष आर्थिक वर्ष २०६९/७० मा १७.३ प्रतिशत पुग्ने अनुमान छ । सरकारको कूल खर्च आर्थिक वर्ष २०६६/६७ मा कूल गार्हस्थ उत्पादनको २३.० प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षमा २५.८ प्रतिशत पुग्ने छ । सो मध्ये सरकारको चालु खर्च १४.३ प्रतिशतबाट बढेर १४.९ प्रतिशत पुग्ने र पूँजीगत खर्च ७.२ प्रतिशतबाट बढेर ९.१ प्रतिशत पुग्ने अनुमान गरिएको छ । त्यस्तै वैदेशिक सहायता ४.९ प्रतिशतबाट बढेर ६.५ प्रतिशत पुग्ने र आन्तरिक ऋण २.२ प्रतिशत पुग्ने अनुमान छ । कूल गार्हस्थ उत्पादनको अनुपातमा कूल स्थिर पूँजी लगानी २१.३ प्रतिशतबाट वृद्धि भइ २५.५ प्रतिशत पुग्ने अनुमान छ (तालिका ३.५) ।

## अध्याय: ४
# समष्टिगत आर्थिक नीति र आर्थिक विकास नीति

## ४.१ वचत

### १. पृष्ठभूमि
दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न आवश्यक लगानीको लागि वचत परिचालन अभिवृद्धि गर्नु आवश्यक छ। विगत केही समयदेखि विप्रेषण आप्रवाहको कारण कूल राष्ट्रिय वचत उत्साहजनक रूपमा बढे तापनि बढ्दो उपभोग प्रवृत्तिले कूल गार्हस्थ वचतको वृद्धिमा शिथिलता देखिएको छ।

### २. अद्यावधिक स्थिति
विगत केही समयदेखि कूल गार्हस्थ वचतको वृद्धि दर कम हुँदै गएको छ। गत अन्तरिम योजनाको आधार वर्ष आ. व. २०६३/६४ मा कूल गार्हस्थ उत्पादनमा गार्हस्थ वचतको अंश ९.८ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्ष आ. व. २०६६/६७ मा यस्तो वचतको अंश ७.४ प्रतिशतमा झरेको अनुमान छ। सो अनुसार योजनामा लक्षित १२.७ प्रतिशतको तुलनामा कूल गार्हस्थ उत्पादनमा गार्हस्थ वचतको अंश ५.३ प्रतिशत विन्दुले कम हुने देखिन्छ। वचत खातामा न्यून व्याजदर, बढ्दो उपभोग प्रवृत्ति, उच्च मुद्रास्फीति र स-साना वचत परिचालन गर्न ग्रामीण क्षेत्रमा वित्तीय पहुँच एवं उपकरणको कमी जस्ता कारणहरूले योजना अवधिमा गार्हस्थ वचत कम हुन गएको हो। अर्कोतर्फ, आ. व. २०६३/६४ मा कूल गार्हस्थ उत्पादनमा राष्ट्रिय वचतको हिस्सा २८.६ प्रतिशत रहेकोमा यो हिस्सा क्रमिकरूपमा बढ्दै आ. व. २०६६/६७ मा ३५.० प्रतिशत पुगेको अनुमान रहेकोले योजनामा लक्षित २८.९ प्रतिशतभन्दा ६.१ प्रतिशत विन्दुले बढी हुने देखिएको छ। यसरी गार्हस्थ बचत परिचालनमा योजनाको लक्ष्य अनुरूप उपलब्धि हासिल हुन नसके पनि राष्ट्रिय बचत उत्साहजनक रूपमा बढेको छ।

### ३. समस्या तथा चुनौती
एकातिर सीमान्त उपभोग क्षमता बढ्दै गएको र अर्कोतर्फ निम्न र मध्यम वर्गहरूमा उपभोग दर समेत वढदै गएकोले गार्हस्थ वचत दर घट्दै गएको, दुर्गम स्थानमा बचत गर्ने साधन तथा संस्थाहरूको पहुँच अझै कम भएको हुँदा बचत गर्न उचित मात्रामा प्रोत्साहन नभएको, पछिल्लो समयमा वैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा प्रदान गर्ने व्याजदरमा सुधार देखिए तापनि ग्रामीण क्षेत्रहरूमा वित्तीय संस्थाहरूको कमीले गर्दा बचत गर्न पर्याप्त उत्प्रेरणा नभएको जस्ता समस्याहरू रहेका छन्।

विप्रेषणलाई पर्याप्त रूपमा उत्पादनशील क्षेत्रमा लगाउनु, बचतको सुरक्षा तथा यसको सही रूपमा प्रयोग गर्नु, सरकारी क्षेत्रमा देखिएको बढ्दो वेरूजु र उपभोग खर्च कम गर्नु चुनौतीको रूपमा रहेको छ

### ४. उद्देश्य
वचत परिचालन अभिवृद्धि गरी लगानी गर्ने क्षमता वृद्धि गर्ने।

### ५. रणनीति
१. उपभोगलाई व्यवस्थित गरी बढी वचत परिचालन हुने वातावरण बनाई वचत परिचालन कार्यक्रमलाई प्राथमिकता दिने।

२. सरकारी क्षेत्रको उपभोग खर्च घटाई राजस्व वचत बढाउन जोड दिने।

३. वैदेशिक रोजगारी प्रवर्द्धन गरी राष्ट्रिय वचत प्रवर्द्धन गर्ने।

### ६. कार्यनीति

१.१ सर्वसाधारणले वचतमा प्राप्त गर्ने यथार्थ व्याजदर सकारात्मक बनाउन आवश्यक नीति लिइनेछ ।

१.२ वैंक तथा वित्तीय संस्थाहरूलाई ग्रामीण क्षेत्रमुखी बन्न अभिप्रेरित गरिनेछ ।

१.३ वचतलाई प्रोत्साहित गर्न विप्रेषण धेरै आउन सक्ने मुलुकलाई लक्षित गरी नयाँ-नयाँ वचत उपकरणहरू प्रयोगमा ल्याइने छ ।

१.४ घर परिवार, सामुदायिक, निजी तथा कर्पोरेट क्षेत्रलाई वचत गर्न अभिप्रेरित गरिनेछ ।

१.५ बढ्दो मुद्रास्फीतिलाई नियन्त्रण गरी वचत हुने समुचित वातावरण बनाइनेछ ।

१.६ अनावश्यक खर्च गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने नीति लिइनेछ ।

१.७ लघुवित्त तथा सहकारीका माध्यमबाट महिला, गरीब र उपेक्षित समुदायमा वचत परिचालन गर्न जोखिम क्षमताका आधारमा उपयुक्त साधनहरू परिचालन गरी क्षमता बढाउन उत्प्रेरित गरिनेछ ।

२.१ बढी प्रतिफल दिने क्षेत्रमा लगानी केन्द्रित गरिनेछ ।

२.२ राजस्व संकलनलाई लागत प्रभावकारी बनाई राष्ट्रिय उत्पादनमा राजस्वको हिस्सामा वृद्धि गरिनेछ ।

२.३ सरकारी क्षेत्रमा उपभोग खर्च कम गर्दै लैजाने र समयमै बेरूजु फर्छ्यौट गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

३.१ विप्रेषणबाट आएको रकम उत्पादनशील क्षेत्रमा लगाउन वचत गर्ने पद्धतिलाई बढावा दिइनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. योजनाको अन्तिम वर्षमा कूल गार्हस्थ वचत कूल गार्हस्थ उत्पादनको अनुपातमा ११.२ प्रतिशतमा पुग्नेछ ।

२. योजनाको अन्तिम वर्षमा कूल राष्ट्रिय वचत कूल गार्हस्थ उत्पादनको अनुपातमा ४१.१ प्रतिशतमा पुगेको हुनेछ ।

## ४.२ राजस्व

### १. पृष्ठभूमि

राजस्व परिचालनलाई दिगो र उच्च बनाउन सकेमा मात्र बढ्दो सरकारी खर्चमा परनिर्भरता कम गर्न सकिन्छ । विगत केही वर्षदेखि राजस्व परिचालनमा उत्साहजनक वृद्धि देखिए तापनि यसको दिगोपनका लागि उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गरी राजस्वको दायरा फराकिलो बनाउँदै राष्ट्रलाई आत्मनिर्भर अर्थतन्त्रको रूपमा विकास गरिनु आवश्यक छ ।

### २. अद्यावधिक स्थिति

प्रथम त्रिवर्षीय अन्तरिम योजनाको पहिलो वर्ष आर्थिक वर्ष २०६४।६५ मा कूल राजस्व अघिल्लो वर्षको तुलनामा २२.७ प्रतिशतले वृद्धि भइ रू. १ खर्ब ०७ अर्ब ६२ करोड परिचालन भएको थियो । त्यसै गरी, आर्थिक वर्ष २०६५।६६ मा कूल राजस्व प्रचलित मूल्यमा ३३.३ प्रतिशतले वृद्धि भएको थियो भने आर्थिक वर्ष २०६६।६७ मा अघिल्लो वर्षको तुलनामा २५.४ प्रतिशतले वृद्धि भइ रू. १ खर्ब ७९ अर्ब ९५ करोड परिचालन भएको छ । योजना अवधिमा कूल राजस्व परिचालन प्रचलित मूल्यमा वार्षिक औसत २७.१ प्रतिशत र २०६३।६४ को स्थिर मूल्यमा औसत १४.२ प्रतिशतले वृद्धि भएको देखिन्छ । योजनाको पहिलो वर्ष आर्थिक वर्ष २०६४।६५ मा कूल राजस्व सोही वर्षको कूल गार्हस्थ उत्पादनको १३.२ प्रतिशत मात्र रहेकोमा यो अनुपात क्रमशः वृद्धि भइ योजनाको अन्तिम वर्ष १५.४ प्रतिशत पुगेको अनुमान छ ।

योजना अवधिमा राजस्व परिचालन सकारात्मक रहनुमा विभिन्न प्रकारका नीतिगत परिवर्तन तथा परिमार्जनहरूको महत्त्वपूर्ण योगदान रहेको अनुमान रहेको छ । विगत केही वर्ष देखि व्यवसायीको कर सहभागिता लागत घटाउँदै लगिएको छ । कर प्रशासनलाई विद्युतीय व्यवस्थापन प्रणालीमा रूपान्तरण गर्न कर विवरणहरू बुझाउने, स्थायी लेखा नम्बर लिने, अग्रिम कर कट्टीका विवरण बुझाउने, व्यक्तिगत स्थायी नम्बर लिने, राजस्व लेखालाई वेभमा आधारित बनाउने कार्यक्रमहरू कार्यान्वयनमा आएका छन् । कर प्रशासनमा व्यावसायिकता, पारदर्शिता, प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न जोड दिइएको छ । कर प्रशासनको कार्यान्वियनलाई कार्यमूलक र नतिजामा आधारित बनाइएको छ । आन्तरिक राजस्व कार्यालयमा कार्यरत कर्मचारीहरूको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिएको छ ।

त्यसै गरी, भन्सार मूल्याङ्कन र बैंक ग्यारेन्टीसम्बन्धी कार्यविधिलाई सूचना प्रविधिको प्रयोगबाट स्वचालित गर्न सफ्टवेयरको निर्माण भएको छ । भन्सार एजेन्टहरू स्वयंले कम्प्युटरमा प्रज्ञापन पत्र प्रविष्टि गरी कार्यालयको सर्भरमा दर्ता गर्नसक्ने भएका छन् । प्रणाली निर्मित प्रज्ञापन पत्र जाँचपासको लागि पेश गर्ने व्यवस्था कार्यान्वयनमा आएको छ । मुख्य-मुख्य भन्सार कार्यालयहरू विस्तृत सूचना सञ्जालमा आबद्ध गर्न अवश्यक उपकरणहरू जडान गरी परीक्षणको कार्य भइरहेको छ । त्रि.वि. भन्सार कार्यालयमा ब्रोकर मोडल लागू गरिएको छ । एशियाली विकास बैंकको सहयोगमा मेची भन्सार कार्यालयमा नयाँ इनल्याण्ड कन्टेनर डिपोको निर्माण भएको छ । भारतीय सहयोगमा वीरगञ्जमा इन्टिग्रेटेड चेक पोष्ट (ICP) बनाउने कार्य आरम्भ भएको छ । मुख्य भन्सार कार्यालयहरूमा उपकरणसहितका प्रयोगशालाहरू स्थापना भएका छन् । भन्सार कार्यालयहरूमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भएको छ ।

राजस्व चुहावट नियन्त्रणका लागि निरोधात्मक, उपचारात्मक र पबर्द्धनात्मक कार्यक्रमहरू सञ्चालनमा ल्याइयो । कर, गैर कर तथा राजस्वमा हुन सक्ने चुहावटको पहिचानका लागि थप अनुसन्धानहरू हुन थालेका छन् । सम्पत्ति शुद्धीकरण निवारण र विदेशी विनिमय अपचलन नियन्त्रणका लागि सक्रियता बढाइएको छ ।

### ३. समस्या तथा चुनौती

राजस्वको आधार अझै सीमित हुनु, मूल्याङ्कन "कारोवार मूल्य" को सिद्धान्त अनुरूप यथार्थ र पारदर्शी नहुनु, चोरी पैठारी नियन्त्रण गर्न भन्सार विभाग अन्तर्गत भन्सार प्रहरी र इन्टेलिजेन्सहरूको छुट्टै संरचना निर्माण गर्न नसकिनु, व्यापार सहजीकरणमा भन्सार प्रशासनको नेतृत्वदायी भूमिका नबढ्नु, अनुसन्धान तहकिकातमा सूचना प्रविधिको उपयोग बढाउनका लागि सूचना प्रणालीको स्थापना र कार्यान्वयन प्रभावकारी नहुनु, राजस्वमा प्रत्यक्ष करको योगदान कम हुनु, राजस्व प्रशासन सूचना प्रविधि-मैत्री नहुनु, राजस्व प्रशासन पारदर्शी नहुनु, राजस्व चुहावट नियन्त्रणको काम अझै प्रभावकारी रूपमा हुन नसक्नु, कर नीतिलाई स्थिर र अनुमानयोग्य बनाउन पर्याप्त अभ्यास हुन नसक्नु, करको दायरामा नआउने वा आएर पनि न्यून सहभागिता जनाउने वा कर दायित्व पालना नगर्ने माथि कानुन वमोजिम समुचित अनुसन्धान र कारवाही हुन नसक्नु कर सहभागिता जनाउनेलाई प्रभावकारी प्रोत्साहन दिन नसकिनु जस्ता समस्याहरू रहेका छन् ।

देशमा लगानी गर्ने आवश्यकता अनुरूप दिगो रूपमा राजस्व परिचालन गर्नु, कर प्रशासनलाई चुस्त र दक्ष बनाई सक्षम र पारदर्शी बनाउनु, अन्तर्निकाय समन्वय, सूचनाको आदान प्रदान र सुराकी व्यवस्था कमजोर हुनु, स्वैच्छिक कर सहभागिता बढाउनु, कर सहभागिता लागत तथा समय घटाउनु, कर प्रशासनलाई लगानीमैत्री तुल्याई कराधार फराकिलो बनाउनु, कर प्रशासनलाई विद्युतीय कर सुशासनमा रूपान्तर गर्नु, तटस्थ मूल्याङ्कन प्रणालीको विकास गर्नु, राजस्व चुहावट, सम्पत्ति शुद्धीकरण निवारण, आर्थिक अपराधमा भएको परिवर्तित प्रवृत्ति र नविनतम प्रयोगहरूको पहिचान गरी सम्भावित

विचलनलाई अनुसन्धानको दायरामा शीघ्र समयमा ल्याउन वृहत् विद्युतीय सूचना सञ्जालको निर्माण गर्नु तथा राजस्व चुहावट र आर्थिक अपराधलाई निरूत्साहित गर्न सवै सरोकारवालाहरूमा यसप्रति "शून्य सहन" को व्यवहार विकसित गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ४. उद्देश्य

सक्षम, सूचना प्रविधियुक्त, पारदर्शी र विश्वसनीय राजस्व व्यवस्थापनका माध्यमबाट राजस्व परिचालनमा वृद्धि गर्ने ।

## ५. रणनीति

१. राजस्व नीतिमा स्थिरता कायम गर्दै समतामूलक कर प्रणाली विकास गर्ने ।
२. लगानी(मैत्री वातावरणको सिर्जना गरी करका आधारहरूलाई विस्तार तथा सुदृढ गर्ने ।
३. राजस्व चुहावटका क्षेत्रहरूको पहिचान गरी त्यसलाई नियन्त्रण गर्ने ।
४. करको दायरा बढाउँदै राजस्व परिचालनमा दक्षता ल्याई राजस्व संकलनमा अभिवृद्धि गर्दै लैजाने ।

## ६. कार्यनीति

१.१ मूल्य अभिवृद्धि करलाई राजस्वको प्रमुख स्रोतको रूपमा विकसित गरी अन्य करका लागि महत्त्वपूर्ण आधारभूमिको रूपमा स्थापित गरिनेछ ।
१.२ भन्सार मूल्याङ्कन पद्धतिलाई विश्व व्यापार संगठनबाट प्रतिपादित सिद्धान्त अनुसार यथार्थपरक, आधुनिक, समयसापेक्ष र व्यवस्थित बनाइनेछ ।
१.३ विश्व व्यापार संगठन तथा दक्षिण एशियाली स्वतन्त्र व्यापार संगठन जस्ता अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनहरूसग नेपालले गरेका प्रतिबद्धता अनुरूप भन्सार महसूल दरमा समायोजन गरी वैदेशिक व्यापारमा वृद्धि तथा सहजीकरणमा सघाउ पुर्‍याइनेछ ।
१.४ व्यापार सहजीकरण तथा सरलीकरण समेतका लागि अन्तर्राष्ट्रिय सन्धि महासन्धिमा भएका प्रावधानहरूलाई मध्यनजर राखी भन्सार ऐन तथा भन्सार प्रशासनमा सुधार गर्दै लगिनेछ ।
१.५ राजस्व प्रशासनलाई चुस्त, छरितो र क्रियाशील बनाउन स्वायत्त राजस्व वोर्डको गठन गरिनेछ ।
२.१ विदेशी लगानी आकर्षित गर्न सम्भाव्यताका आधारमा पूँजी निर्यातक राष्ट्रहरूसग क्रमशः दोहोरो करमुक्ति सम्झौता गर्दै लगिनेछ ।
२.२ स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन गरी निर्यात प्रबर्द्धन गर्न विशेष आर्थिक क्षेत्रमा स्थापित तथा निर्यातमूलक उद्योगहरूलाई कर छुटको माध्यमबाट विशेष प्रोत्साहन गरिनेछ ।
३.१ राजस्व परिचालन क्षमता अभिवृद्धि गर्न अर्थ मन्त्रालय तथा मातहतका कार्यालयको संगठन र व्यवस्थापनको अध्ययन गरी समसामयिक सुधार तथा क्षमता विस्तार गरिनेछ ।
३.२ चुहावट रोक्ने संयन्त्रलाई अझ बढी प्रभावकारी बनाइनेछ ।
४.१ राजस्व नीतिको कार्यान्वयनलाई प्रभावकारी बनाई राजस्व संकलनमा कुशलता बढाइनेछ ।
४.२ करको दरमा स्थिरता ल्याउनुका साथै करको दायरालाई फराकिलो बनाइनेछ ।
४.३ राजस्व संकलनलाई लागत प्रभावकारी बनाइनेछ ।
४.४ करको दायरामा हालसम्म नसमेटिएका पेशा, रोजगार तथा अन्य व्यवसाय र अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलापलाई करको दायराभित्र ल्याइनेछ ।
४.५ सलामी, लाभांश र शुल्कलाई बढी व्यवस्थित बनाई गैरकर राजस्वमा वृद्धि गरिनेछ ।
४.६ गैर कर राजस्वका नयाँ क्षेत्रहरूको पहिचान गरी यसको दर र दायरालाई पुनरावलोकन गरी यसलाई राजस्व संकलनको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गरिनेछ ।

४.७ कर छुट दिने नीतिलाई क्रमशः घटाउँदै लैजाने र आर्थिक कारोवार गर्ने सवै व्यक्तिरसंस्थालाई स्थायी लेखा नम्वर प्रदान गर्ने कार्य गरिनेछ ।

४.८ करदातालाई ई-सेवा प्रदान गर्ने र कर प्रशासनमा सूचना प्रविधिको ब्यापक उपयोग गर्ने नीति लिई कर प्रणालीलाई विद्युतीय प्रणालीको माध्यमबाट सशक्त र प्रभावकारी बनाई करदाताको व्यावसायिक लागतको न्यूनीकरण गरिनेछ ।

### ७. अपेक्षित उपलब्धि

राजस्वको वार्षिक औसत वृद्धिदर २०६६/६७ को स्थिर मूल्यमा ८.७ प्रतिशत पुगेको हुनेछ ।
योजनाको अन्तिम वर्ष कूल गार्हस्थ उत्पादनमा राजस्वको अनुपात १७.३ प्रतिशत पुगेको हुनेछ ।

## ४.३ सार्वजनिक खर्च व्यवस्थापन

### १. पृष्ठभूमि

लगानी र वचतको वीचमा सन्तुलन कायम राख्दै उत्पादनशील क्षेत्रमा सार्वजनिक खर्चको विवेकपूर्ण व्यवस्थापन गर्नु राज्यको दायित्व हो । विगत केही वर्षदेखि राजस्व परिचालन उत्साहजनक रूपमा वृद्धि हुँदै आए पनि अझै पनि चालु खर्च प्रक्षेपित लक्ष्यभन्दा निकै बढी र पूँजीगत खर्चको अनुपात निकै कम हुँदै आएको अवस्था छ ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनाको आधार वर्ष २०६३।६४ मा कूल खर्च कूल गार्हस्थ उत्पादनको १८.४ प्रतिशत रहेकोमा यो अनुपात क्रमशः वृद्धि भइ योजनाको अन्तिम वर्ष २०६६।६७ मा २२.२ प्रतिशतसम्म पुग्ने अनुमान छ। योजना अवधिमा कूल सरकारी खर्च आर्थिक वर्ष २०६३/६४ को स्थिर मूल्यमा रू ५११.३७ अर्व हुने लक्ष्यको तुलनामा लक्ष्यभन्दा करिव १.८ प्रतिशत अधिक अर्थात् रू ५२०.६० अर्व खर्च भएको अनुमान छ । कूल खर्चको ५७ प्रतिशतभन्दा बढी अंश रहेको चालू खर्च लक्ष्यभन्दा ५.३ प्रतिशत बढी भइ रू.३००.४९ अर्व खर्च हुने देखिएको छ । सरकारको पूँजीगत खर्च र साँवा भुक्तानी दुबै लक्ष्यभन्दा क्रमशः १.८ र ५.६ प्रतिशतले कम हुने अनुमान छ । योजना अवधिमा कूल खर्च प्रचलित मूल्यमा औसत २४.८ प्रतिशत र २०६३/६४को स्थिर मूल्यमा औसत १२.२ प्रतिशतले वृद्धि भएको छ । त्यसै गरी यस अवधिमा चालु र पूँजीगत खर्चको औसत वृद्धिदर २०६३/६४को स्थिर मूल्यमा क्रमशः १२.४ र १८.१ प्रतिशत रहेको छ । साँवा भुक्तानी भने वार्षिक औसत ७.२ प्रतिशतले घटेको छ ।

योजना अवधिमा तुलनात्मक रूपमा उच्च मूल्य वृद्धि भएको कारण सरकारको उपभोग एवं कार्य सञ्चालन खर्चमा ठूलो चाप पर्नुको साथै वित्तीय अनुशासन पालनामा केही विचलन आएकोले बजेटरी खर्च नियन्त्रण हुन नसक्दा चालू खर्च उच्च भएको हो । त्यस्तै आयोजना सन्चालनमा विभिन्न निकायको फरक फरक परिपाटी, खर्चको लागि अपनाउनु पर्ने प्रक्रियागत जटिलता, राजनीतिक अस्थिरता, वैदेशिक सहायता सम्झौता लागु हुने पूर्वानुमानको आधारमा नै बजेट विनियोजन गर्ने जस्ता कारणले अपेक्षाकृत रूपमा वैदेशिक सहायता तर्फको खर्च हुन नसकेकोले पूँजीगत खर्च लक्ष्य अनुरूप हुन नसकेको देखिन्छ ।

### ३. समस्या तथा चुनौती

सरकारी खर्च व्यवस्थापनका लागि प्रभावकारी नीति र अनुगमन नहुनु समस्याको रूपमा रहेको छ ।

गैर उत्पादनशील क्षेत्रमा भइरहेको खर्च वृद्धिलाई सीमित गर्ने, चालु खर्च अत्याधिक रूपमा बढ्दै गएकोले यसलाई सीमित गर्ने, पूँजीगत खर्च विनियोजन गरे बमोजिम खर्च गर्ने जस्ता कार्य चुनौतीपूर्ण रहेका छन् ।

## ४. उद्देश्य

सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गर्दै प्राथमिकता प्राप्त क्षेत्रमा साधन स्रोतको परिचालन गरी राष्ट्रिय विकास लक्ष्य हासिल गरिनेछ ।

## ५. रणनीति

१. मध्यमकालिन खर्च संरचना अन्तर्गत तीन वर्षीय खर्च प्रक्षेपणलाई संस्थागत गर्दै बजेट तर्जुमा गर्दा पूँजीगत खर्चतर्फ बहुवर्षीय विनियोजन प्रणालीलाई अझ सुदृढ वनाउँदै लैजाने ।

२. सार्वजनिक खर्चलाई लागत प्रभावकारी बनाई बढी उत्पादकत्व हासिल गर्ने ।

३. सार्वजनिक खर्च व्यवस्थालाई पारदर्शी बनाउँदै आवश्यक क्षेत्रमा सम्वन्धित निकाय र स्थानीय निकायलाई निक्षेपण गर्दै लैजाने ।

४. जनसहभागितामा सञ्चालन हुने कार्यक्रमलाई बढी परिणाममुखी, पारदर्शी र जवाफदेही तुल्याउने ।

## ६. कार्यनीति

१.१ नीति र कार्यक्रमका आधारमा परिणाममुखी बजेट तर्जुमा गरिनेछ ।

१.२ वहुवर्षीय विनियोजन प्रणालीलाई संस्थागत गरी व्यापकता दिन आवश्यक नीति नियम तर्जुमा गरिनेछ ।

२.१ एकल खाताकोष प्रणालीको कार्यान्वयनलाई क्रमशः सवै जिल्लाहरूमा विस्तार गरिनेछ ।

२.२ राज्यको स्रोतबाट लगानी हुने सबै ठाँउमा बजेटलाई यथार्थमा आधारित बनाउनका लागि "मन्त्रालयगत बजेट प्रस्ताव मान्यता" निर्धारण गरिनेछ र सार्वजनिक खरिद योजनालाई बजेट प्रक्रियाको अनिवार्य अङ्ग बनाइनेछ ।

२.३ विद्युतीय खरिद प्रणालीको कार्यान्वयनका लागि आवश्यक ऐन, नियम तथा संरचनागत व्यवस्था मिलाइनेछ ।

२.४ वित्तीय पारदर्शिता-उत्तरदायी ऐन, नियम तर्जुमा गरी सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कार्ययोजना कार्यान्वयन गरिनेछ ।

२.५ सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धी कार्य सम्पादनका लागि अर्थमन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको संगठन र व्यवस्थापन अध्ययन गरी समसामयिक सुधार तथा क्षमता विस्तार गरिनेछ ।

२.६ अनुगमन प्रणाली सुदृढ गरी सार्वजनिक खर्च व्यवस्थापनलाई बढी प्रतिफलमुखी र उपादेयतापूर्ण बनाइनेछ ।

२.७ विद्यमान् निवृत्तिभरण व्यवस्थालाई योगदानमूलक निवृत्तिभरण व्यवस्थामा रूपान्तरण गर्दै लगिनेछ ।

३.१ बजेट निर्माण, खर्च, लेखापालन, वित्तीय प्रतिवेदन लेखापरीक्षण गर्दा वित्तीय उत्तरदायित्व सम्बन्धी कार्ययोजनाको कार्यान्वयन गरिनेछ ।

३.२ स्थानीय निकायमा आवश्यक जिम्मेवारी निक्षेपण गर्न आवश्यक नियम, कानुन व्यवस्था गरी लागु गरिनेछ ।

३.३ सार्वजनिक खर्चमा प्रतिफल र साधनको वैकल्पिक उपयोगको विश्लेषण गरी क्षेत्रगत तथा समष्टिगत रूपमा उच्च प्रतिफल हुने गरी साधन विनियोजन गरिनेछ ।

३.४ सार्वजनिक खर्च गर्दा विनियोजन दक्षता अभिवृद्धि गरिनेछ ।

३.५ मध्यकालीन खर्च संरचनाको माध्यमबाट बजेट व्यवस्थालाई पारदर्शी गर्दै लगिनेछ ।

३.६ विकास आयोजनाहरूमा सार्वजनिक लेखापरीक्षणको थालनी गरिनेछ ।

३.७ वैदेशिक स्रोतमा आधारित आयोजनाहरूमा लक्ष्य अनुरूप खर्च र शोधभर्ना प्राप्त गर्ने अधिकारीलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।
३.८ विद्युतीय खरिद प्रक्रियालाई प्रोत्साहन गरिनेछ ।
४.१ उपभोक्ता समितिहरूलाई प्रभावकारी र उत्तरदायी बनाउन नीतिगत व्यवस्था गरिनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. सार्वजनिक खर्च व्यवस्थापन पारदर्शी तथा बढी उत्तरदायित्वपूर्ण भएको हुनेछ ।
२. सार्वजनिक खर्च व्यवस्थापन लागत प्रभावकारी तथा प्रतिफलमुखी भएको हुनेछ ।
३. चालु खर्चलाई कूल गार्हस्थ उत्पादनको १५.१ प्रतिशत सीमाभित्र राखी पूँजीगत र विकास खर्च वृद्धि भएको हुनेछ ।

## ४.४ सार्वजनिक ऋण व्यवस्थापन

### १. पृष्ठभूमि

सरकारको बढ्दो खर्च र सीमित आम्दानीको बीचमा तादम्यता मिलाउन सार्वजनिक ऋण परिचालनको महत्त्वपूर्ण स्थान रहँदै आएको छ । विगत केही वर्षदेखि वैदेशिक ऋण परिचालनमा केही शिथिलता देखिएकोले आन्तरिक ऋण नै बजेट घाटा पूर्तिको महत्त्वपूर्ण स्रोतको रूपमा देखिएको छ। तर सरकारी खर्च व्यवस्थापनले आर्थिक स्थायित्व कायम गर्दै, निजी क्षेत्रको लगानी एवं निर्यात अभिवृद्धिका लागि पर्याप्त अवसर सुनिश्चित गर्न आन्तरिक र बाह्य दुबै ऋणहरूको उचित परिचालन र कुशल व्यवस्थापन गर्न सक्नु पर्ने देखिन्छ ।

### २. अद्यावधिक स्थिति

आर्थिक वर्ष २०६६/६७ सम्म खुद तिर्न बाँकी वैदेशिक ऋण रू. २ खर्ब ५३ अर्ब १२ करोड ५२ लाख पुगी कूल गार्हस्थ्य उत्पादनको अनुपातमा तिर्न बाँकी वैदेशिक ऋणको अंश २१.४० प्रतिशत पुगेको छ। त्यसै गरी सो अवधिसम्ममा कूल तिर्न बाँकी आन्तरिक ऋण रू. १ खर्ब २४ अर्ब ४५ करोड १२ लाख (आई.एम.एफ. प्रोमिसरी नोटसहित) रहेको छ। आन्तरिक ऋण कूल गार्हस्थ्य उत्पादनको अनुपातमा १०.५ प्रतिशत छ। त्यस्तै कूल गार्हस्थ्य उत्पादनको अनुपातमा कूल तिर्न बाँकी ऋण ३१.९ प्रतिशत रहेको अनुमान छ। नेपालले बढ्दो सरकारी खर्चको माग पूरा गर्न अझै आन्तरिक र विदेशी ऋणको भर पर्नु पर्ने देखिन्छ । ऋण र ब्याजको दायित्वले गर्दा उपलब्ध साधनलाई पर्याप्त रूपमा विकास खर्चमा लगाउन सकेको देखिंदैन। योजना अवधिमा सार्वजनिक ऋण व्यवस्थापनमा प्रभावकारिता ल्याउन आन्तरिक तथा बाह्य ऋणको अभिलेखलाई कम्प्युटर प्रविधिको उपयोग गरी अद्यावधिक गरिएको छ ।

### ३. समस्या तथा चुनौती

सार्वजनिक ऋण लगानीका लागि प्राथमिकता क्षेत्र नतोकिनु, ऋण उपयोग क्षमतामा कमी हुनु, प्रतिबद्धता प्राप्त द्विपक्षीय/बहुपक्षीय ऋण/अनुदानहरू प्राप्त गर्न नसक्नु, बढ्दो खर्चको आवश्यकता पूरा गर्न बाह्य तथा आन्तरिक ऋणमा निर्भर रहन पर्ने अवस्था नघट्नु, कूल आन्तरिक ऋणमा एक वर्षसम्म भुक्तानी अवधि भएको ट्रेजरी बिलको अंश धेरै हुनु, अल्पकालीन अवधिको ऋण दायित्व धेरै भइ पुनर्निष्कासनको समयमा ब्याजदर सम्बन्धी जोखिम बढेर जानु, समग्र ऋण दायित्वमा बाह्य क्षेत्रको ऋण दायित्व ६० प्रतिशतभन्दा बढी रहेको कारण बाह्य क्षेत्रको ऋणमा विदेशी विनिमयसम्बन्धी जोखिम बढी हुनु आदि समस्याको रूपमा देखिएको छ ।

आन्तरिक तथा बाह्य ऋणको उच्चतम उपयोग गरी राजस्व र खर्च बीच सन्तुलन कायम गरेर ऋण भार बहन गर्न सक्ने क्षमताको विकास गर्ने, सार्वजनिक ऋणको दिगो व्यवस्थापन गर्ने, बढ्दो सार्वजनिक

खर्चको सन्दर्भमा ऋणलाई उपयुक्त सीमा भित्र राख्ने कार्य तथा स्वेदशी ऋणमा छोटो अवधिको ऋणको भाग अत्यधिक हुँदा व्याजदरमा हुने घटबढले बढ्दो जोखिम व्यवस्थापन कार्य चुनौतीपूर्ण रहेको छ। आन्तरिक तथा बाह्य ऋणको उच्चतम उपयोग गरी राजस्व र खर्चका बीचमा सन्तुलन कायम गरेर ऋण भार बहन गर्न सक्ने क्षमताको विकास गर्ने कार्य समेत चुनौतीको रूपमा रहेको छ।

## ४. उद्देश्य

सार्वजनिक ऋण व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाई विकासको आवश्यकतालाई सन्तुलित ढङ्गले अघि बढाउँदै दीर्घकालीन राष्ट्रिय ऋण भार कम गर्ने।

## ५. रणनीति

१. सार्वजनिक ऋणलाई परिभाषित सीमाभित्र व्यवस्थापन गर्ने।

२. ठूला पूर्वाधार विकास र बाध्यात्मक अवस्थामा बाहेक व्यापारिक शर्तमा अन्तर्राष्ट्रिय ऋण नलिने र सरकार वाहेकका कुनै पनि निकायले लिने वैदेशिक ऋणमा सरकार जमानतमा नबस्ने।

३. राज्य कोषको अवस्थालाई विचार गरी वचत रकमलाई ऋण भुक्तानीमा प्रयोग गर्ने कार्यलाई प्राथमिकता दिने।

## ६. कार्यनीति

१.१ समष्टिगत आर्थिक स्थायित्व कायम गर्न आन्तरिक ऋणको मात्रालाई सीमाभित्र राखिनेछ।

१.२ आन्तरिक ऋण उठाउने प्रयोजनका लागि दीर्घकालीन ऋणपत्रहरू (विकास ऋणपत्र, नागरिक वचतपत्र आदि) निष्कासन गरिनेछ।

१.३ अधिविकर्षलाई नियन्त्रण गर्ने र यसलाई बजेट घाटापूर्ति गर्ने स्रोतको रूपमा उपयोग नगर्ने नीति लिइनेछ।

१.४ प्राथमिकता प्राप्त आधारशीला निर्माण गर्न विप्रेषण वण्ड जारी गरिनेछ।

१.५ वित्त बजारमा तरलता व्यवस्थापन गर्न बजेटमा प्रयोग नगर्ने गरी ट्रेजरी बिल जारी गर्ने व्यवस्था मिलाइनेछ।

१.६ ऋण व्यवस्थापनमा वित्तीय अनुशासनलाई उच्च महत्त्व दिइनेछ।

२.१ बढी प्रतिफल दिने ठूला पूर्वाधार आयोजनाहरूमा बाहेक अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट व्यापारिक ऋण लिइने छैन।

२.२ सामान्यतः सार्वजनिक संस्थान र सरकार बाहेकका अन्य कुनै पनि निकायहरूले लिने ऋणमा सरकार जमानतदाताको रूपमा बस्ने छैन।

३.१ सामयिकरूपमा राज्यकोषको मूल्याङ्कन गरी ऋण भुक्तानीको व्यवस्था गरिनेछ।

## ७. अपेक्षित उपलब्धि

१. योजनाको अन्तिम वर्षमा कूल गार्हस्थ उत्पादनको अनुपातमा आन्तरिक ऋणको अंश २.२ प्रतिशतमा सीमित हुनेछ।

२. सार्वजनिक ऋणको व्यवस्थापन प्रभावकारी हुनेछ।

## ४.५ वैदेशिक लगानी

### १. पृष्ठभूमि

वर्तमान अवस्थामा आन्तरिक स्रोतको परिचालनबाट मात्र नेपालको दिगो आर्थिक विकास सम्भव नहुने भएकाले विदेशी पूँजी, प्रविधि र व्यवस्थापनको उपयोग मार्फत आर्थिक विकासको गतिलाई तीव्र बनाउनु आवश्यक छ। दुई अंकको आर्थिक वृद्धितर्फ उन्मुख भएका दुई ठूला छिमेकी देशहरूको लगानी आकर्षित गर्न सकेमा पनि नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान रहन सक्छ। वि. सं. २०४९ देखि लागु भएको औद्योगिक नीति, वाणिज्य नीति र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीतिले हालसम्म अपेक्षित लगानी भित्र्याउन नसकेको सन्दर्भमा आगामी दिनमा लगानी मैत्री वातावरणको सिर्जना गरी राज्यको प्राथमिकतामा रहेका क्षेत्रहरूमा यस्तो लगानी आकर्षित गर्नु आवश्यक छ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनाको आधार वर्ष २०६३/६४ मा कूल प्रत्यक्ष विदेशी लगानी आप्रवाह रू.३६.२ करोड मात्र भएको तुलनामा योजनाको अन्तिम वर्ष २०६६/६७ मा रू. २ अर्व ८५ करोड भित्रिएको छ। योजना अवधिमा यस्तो कूल प्रत्यक्ष लगानी आप्रवाह रू.४ अर्व ९८ करोड परिचालन भएको छ।

### ३. समस्या तथा चुनौती

नेपालमा विगत लामो समय देखिको गम्भिर प्रयासको वावजुद राजनीतिक अस्थिरता, नीतिगत अन्यौल एवं अस्पष्टताले गर्दा अपेक्षित रूपमा वैदेशिक सहायता परिचालन हुन सकेको छैन। ऊर्जा र अन्य भौतिक पूर्वाधार विकास अपर्याप्त हुनु, आन्तरिक बजार सानो हुनुको साथै अपेक्षित रूपमा क्षेत्रीय र अन्तर्राष्ट्रिय बजारसग आबद्ध हुन नसक्नु, नीतिगत अन्यौल एवं अपर्याप्तता र नीतिगत प्रतिबद्धतामा कमी देखिनुले वैदेशिक लगानीमा समस्या उत्पन्न भएको छ।

कम लचिलो श्रम नीति, द्वन्दको समाप्ति पश्चात पनि व्यापक अस्थिरता र असुरक्षा, सीमित पूँजीबजार, एकद्वार नीतिको अवलम्वन भए तापनि झन्झटिलो र अपारदर्शी कार्यविधिले गर्दा लगानीको लागि उचित वातावरणको विकास गर्नु चुनौतीपूर्ण रहेकोछ।

### ४. उद्देश्य

दिगो र फराकिलो आर्थिक वृद्धि तथा रोजगारी सिर्जनाका लागि वैदेशिक लगानी परिचालन गर्ने।

### ५. रणनीति

१. प्राथमिकता प्राप्त क्षेत्रको विकासका निम्ति वैदेशिक लगानीमैत्री वातावरण प्रबर्द्धन गरी वैदेशिक लगानी बढाउने।

२. वैदेशिक व्यापार तथा सेवा क्षेत्रका अवसरको माध्यमबाट विदेशी लगानी अभिवृद्धि गर्ने।

### ६. कार्यनीति

१.१ विदेशी लगानीलाई सहजीकरण गर्न आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था सुदृढ गरिनेछ।

१.२ वैदेशिक लगानी भित्र्याउँदा पूँजी, प्रविधि हस्तान्तरण र व्यवस्थापन कुशलताको पक्षलाई जोड दिइनेछ।

१.३ जलविद्युत्, पर्यटन र यातायात जस्ता पूर्वाधारका क्षेत्रमा विदेशी लगानी आकर्षित गरी पूर्वाधार विकास गरिनेछ।

१.४ आर्थिक क्षेत्रको स्थापना, लचिलो श्रम नीति र एकद्वार प्रणालीको अवलम्वन एवं अन्य प्रक्रियागत सुधार गरी लगानीमैत्री वातावरण बनाइनेछ।

१.५ आर्थिक कूटनीतिलाई प्रतिफलमुखीरूपमा विकसित गरी प्रभावकारी बनाइनेछ ।

१.६ तुलनात्मक लाभका क्षेत्रहरू र राष्ट्रिय महत्त्वको रूपमा परिभाषित क्षेत्रहरूको बारेमा प्रचार प्रसार गरी लगानी अभिवृद्धि गर्न अभिप्रेरित गरिनेछ ।

१.७ तोकिएका क्षेत्रमा विदेशी लगानीकर्तालाई दोस्रो बजार मार्फत पनि नेपालमा लगानी गर्न सकिने व्यवस्था मिलाइनेछ ।

२.१ वैदेशिक व्यापार तथा सेवाक्षेत्रको अवसरको सम्भावनाका आधारमा लगानी आकर्षित गर्न विशेष उत्प्रेरणा प्रदान गरिनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. वैदेशिक लगानीका निमित्त उपयुक्त वातावरण बनी बढी वैदेशिक लगानी आकर्षित गरिएको हुनेछ ।

२. देशको अर्थव्यवस्था अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अर्थ व्यवस्थासंग बढी आबद्ध भएको हुनेछ ।

## ४.६ वैदेशिक सहायता व्यवस्थापन

### १. पृष्ठभूमि

राष्ट्रिय विकासका आयामहरूले प्रशस्त लगानीको माग गरेको छ । लगानीका लागि आन्तरिक स्रोतको परिचालन मात्रै पर्याप्त हुने अवस्था विकसित भैसकेको छैन । रोजगार केन्द्रित समावेशी र समन्यायिक आर्थिक विकासका लागि राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी अभिवृद्धि गर्न वैदेशिक सहायताको परिचालनलाई अझ केही समयसम्मका लागि प्रभावकारी बनाउन जरूरी देखिएको छ ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजना अवधिमा (२०६४/६५ - २०६६/६७) वैदेशिक अनुदानतर्फ रू. ८४ अर्ब १४ करोड र वैदेशिक ऋणतर्फ रू. ५६ अर्ब ५२ करोड गरी रू. १४०.६६ अर्ब जुटाउने प्रक्षेपण गरिएकोमा २०६७ असार मसान्तसम्ममा रू. १ खर्ब ९३ अर्ब ९७ करोड सहयोगका लागि सम्झौता सम्पन्न भएको छ । त्यस मध्ये रू. १ खर्ब ५४ अर्ब ६२ करोड अनुदानतर्फ रहेको छ भने ऋणतर्फ रू. ३९ अर्ब ३५ करोड रहेको छ । यस अवधिमा वैदेशिक अनुदान तथा ऋण सहायता रकम प्रचलित मूल्यमा रू. १ खर्ब १५ अर्ब ५२ करोड र आ.व. २०६३/६४ को स्थिर मूल्यमा रू. ९३ अर्ब ५५ करोड उपयोग भएको देखिन्छ । तर आर्थिक वर्ष २०६६।६७ मा दातृ निकायसँग माग गर्नुपर्ने शोधभर्ना वापतको रकमको ठूलो अंश बाँकी रहेको हुनाले सहायता रकमभन्दा खर्च रकम बढी देखिन आएको छ ।

योजनाको अन्तिम वर्ष आ. व. २०६६।६७ मा कूल गार्हस्थ उत्पादनमा वैदेशिक अनुदानको अंश ३.३ र वैदेशिक ऋणको अंश १.० प्रतिशत रहेको छ । कूल सरकारी खर्चमा वैदेशिक अनुदानको अंश १४.८ प्रतिशत र वैदेशिक ऋणको अंश ४.३ प्रतिशत रहेको छ । यस अवधिमा वैदेशिक सहयोगको नक्साङ्कन कार्य सम्पन्न भएको छ । सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय बजेटमा समावेश गराउन जोड दिइएको छ । गैरसरकारी संस्थालाई प्राप्त हुने वैदेशिक सहयोगको परिचालन राष्ट्रिय प्राथमिकता र नीतिअनुरूप तुल्याउन र पारदर्शिता बढाउन सरोकारवाला निकायहरूलाई प्रोत्साहित गरिएको छ । पेरिस घोषणापत्र तथा आक्रा कार्ययोजना समेतलाई ध्यानमा राखेर "वैदेशिक सहायता नीति" को परिमार्जन एवं "सहायता कार्यान्वयनमा प्रभावकारिता कार्य योजना" को मस्यौदा तयार पारिएको छ । तथापि पेरिस घोषणा, आक्रा कार्यान्वयन योजनाको बाबजुद अझै थुप्रै वैदेशिक सहायता राष्ट्रिय बजेट र लेखा पद्धति भित्र समाहित हुन सकेको देखिँदैन । आवश्यक नीति, संस्थागत व्यवस्था र क्रियाकलापहरूको कमीले गर्दा प्रतिबद्ध भइसकेको सहायता समेत परिचालन गर्न सकेको देखिँदैन ।

## ३. समस्या तथा चुनौती

ठूला भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा वैदेशिक सहायताको परिचालन अपेक्षाअनुरूप बढ्न नसक्नु आयोजना तथा कार्यक्रमका लागि सम्झौता हुनुपूर्व पर्याप्त तयारी नहुनु, सहयोग रकम खर्च गर्ने क्षमता कमजोर हुनु, सबै प्रकारका वैदेशिक सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुन नसक्नु, कतिपय कार्यान्वयन स्तरमा सरोकारवालाबाट अवरोध सिर्जना हुनु, सहयोग प्राप्त गर्नका लागि प्रतिस्पर्धात्मक क्षमता न्यून हुनु, वैदेशिक सहायताको परिचालन देशको प्राथमिकता अनुरूप अत्यावश्यक क्षेत्रमा यथेष्ठ रूपमा हुनु, परिचालन गरिएको सहायता पनि कार्यान्वयन क्षमताको अभावमा अपेक्षित रूपमा उपयोग हुन नसक्नु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त सहायताहरूलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा पारदर्शी र उत्तरदायी ढंगले परिचालन गराउन नसकिनु, सहायतासम्बन्धी सूचना व्यवस्थापन प्रणाली प्रभावकारी नहुनु आदि समस्याको रूपमा रहेको देखिन्छ ।

वैदेशिक सहायताबाट सञ्चालित परियोजनाहरूलाई लागत प्रभावकारी बनाउनु, राष्ट्रिय प्राथमिकता, क्षेत्रगत आवश्यकता र कार्यान्वयन स्तरबीच सोच, प्रतिबद्धता र परिचालनमा समन्वयको विकास गर्नु, दातृ समुदायको सहयोग रणनीतिलाई राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुकूल हुने गरी उपयोग गर्नु, सहस्राब्दी विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न आवश्यक पर्ने लगानीको अभाव पूरा हुने गरी वैदेशिक सहयोग प्राप्त गर्नु, सहयोग परिचालन क्षमता बढाउनु चुनौतीपूर्ण रहेको देखिन्छ । यसै गरी समन्वयको अभावमा वैदेशिक सहायता क्रियाकलाप र क्षेत्रीय रूपमा अपेक्षित रूपमा विनियोजन गर्न सकेको देखिंदैन । साथै सरकारका विभिन्न निकाय भित्रै पनि एवं सरकारी र गैर सरकारी तथा अन्य निकायद्वारा परिचालित र सञ्चालित कार्यक्रमहरूको समन्वयन तथा उपयुक्त लेखाङ्कन र लेखा पद्धतिको अभावमा वास्तविक रूपमा हुने वैदेशिक सहायता परिचालनको आँकलन अझै चुनौतीपूर्ण रहेको छ ।

## ४. उद्देश्य

आर्थिक विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न आवश्यक पर्ने वित्तीय स्रोत, साधन र प्रविधिको अभाव पूरा गर्न सहयोग हुने गरी प्राथमिकता प्राप्त क्षेत्रमा वैदेशिक सहायताको परिचालन गर्ने ।

## ५. रणनीति

१. राष्ट्रिय प्राथमिकता तथा हितको आधारमा विदेशी सहायता परिचालन गर्ने ।

२. सहायता सम्झौता पूर्वको तयारीमा जोड दिदै समग्र परिचालन क्षमता बढाउने ।

३. सहायता परिचालनमा पारदर्शिता र उत्तरदायित्व वृद्धि गर्ने ।

४. व्यापार अझ खास गरी निर्यात प्रबर्द्धन, लगानी, र निजी पूँजी आप्रवाहमा सहयोग पुग्ने गरी वैदेशिक सहायता परिचालनलाई व्यवस्थित गर्ने ।

## ६. कार्यनीति

१.१ दातृ समुदाय समक्ष सहयोग परिचालनका लागि देशभित्र रहेका अवसरहरूको व्यापक प्रचार प्रसार गरिनेछ ।

१.२ विकास साझेदार दातृ समुदायसँग पेरिस घोषणा, २००५ र आक्रा कार्यसूची, २००८ को अवधारणा र मान्यताबमोजिम सहयोग परिचालन गर्न जोड दिइनेछ ।

१.३ क्षेत्रगत वैदेशिक सहायता नीतिको अवश्यकताबारे अध्ययन गरिनेछ ।

१.४ उपयुक्त क्षेत्रमा वैदेशिक सहायता परिचालन गर्न गहन तयारी गरिएका परियोजनाहरूको परियोजना बैंक बनाइनेछ ।

२.१ वहुवर्षीय विनियोजन प्रणाली कार्यान्वयनमा ल्याई संस्थागत क्षमता वृद्धि गरेर सहायता उपयोग गर्ने क्षमता अभिवृद्धि गरिनेछ ।

२.२ सहायता परिचालन क्षमता, पारदर्शीता र उत्तरदायित्व वृद्धि गर्न संस्थागत क्षमता विकाससंग सम्बद्ध निकायहरूबीच समन्वय अभिवृद्धि गरिनेछ ।

३.१ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा समन्वयात्मक, पारदर्शी र उत्तरदायीपूर्ण ढंगले परिचालन गरिनेछ ।

३.२ विदेशी ऋणको दायित्व पूर्वानुमान गर्न तथा ऋण व्यवस्थापन गर्न उचित तथ्यांक एवं सूचना प्रणाली विकास गरिनेछ ।

३.३ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई नेपालको निमित्त छुट्याएको (Earmarked) वैदेशिक सहायतामा प्रतिस्पर्धा गर्न रोकी आफैं साधन परिचालन गर्न लगाइनेछ ।

४.१ वैदेशिक सहायता नीतिलाई परिमार्जन गरी उपयुक्त प्रतिफलमुखी नयाँ वैदेशिक सहायता नीति तर्जुमा गरिनेछ ।

४.२ वैदेशिक सहायताको कम्तीमा ६० प्रतिशत रकम आयोजनाको कार्यक्रम लागतमा खर्च गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

४.३ क्षेत्रगत कार्यक्रममा आधारित र बजेटरी सहायतालाई प्राथमिकता दिइनेछ। अन्तर्सरकारी आर्थिक सहायता बढाउन पहल गरिनेछ ।

४.४ निकासा र खर्चलाई नतिजासँग जोडेर निरन्तर विश्लेषण गर्न आयोजना सञ्चालन गर्ने निकायको तालुक मन्त्रालयका सचिवको संयोजकत्वमा विज्ञहरू सम्मिलित खर्च नतिजा विश्लेषण इकाइको गठन गरिनेछ ।

४.५ सहायता सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

४.६ आर्थिक विकासका लागि अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्न योगदान पुग्ने गरी आर्थिक कुटनीति सञ्चालनमा सहयोग गरिनेछ ।

४.७ क्षेत्रीय तथा बहुराष्ट्रिय वित्तीय संस्थाहरूमा राष्ट्रिय हित, आवश्यकता र प्राथमिकताहरू प्रस्तुत गर्ने र निरन्तर अनुगमन गरिनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. आगामी त्रिवर्षीय योजनाको अन्तिम वर्ष कूल गार्हस्थ उत्पादनको अनुपातमा वैदशिक अनुदानको प्रतिशत ४.२९ हुनेछ ।

२. योजनाको अन्तिम वर्षमा कूल गार्हस्थ उत्पादनको अनुपातमा वैदेशिक ऋण २.०९ प्रतिशत हुनेछ ।

३. वैदेशिक सहायताको कम्तीमा ६० प्रतिशत कार्यक्रम लागतमा खर्च हुने व्यवस्था भएको हुनेछ ।

## ४.७ मुद्रा, बैंकिङ्ग तथा कर्जा

### १. पृष्ठभूमि

मुलुकको दिगो आर्थिक विकासको लागि मूल्य तथा शोधनान्तर स्थायित्व कायम गर्नु मौद्रिक नीतिको प्रमुख उद्देश्य रहँदै आएको छ। समग्र वित्तीय क्षेत्रको स्थायित्व तथा सुरक्षित, स्वस्थ र प्रभावकारी भुक्तानी प्रणालीको विकास गर्नु पनि मौद्रिक नीतिको उद्देश्य रहेको छ। भारतीय मुद्रासँगको स्थिर विनिमयदर प्रणालीलाई मौद्रिक अंकुशको रूपमा लिइको छ। तथापि, तीन वर्षीय अन्तरिम योजनाको दोस्रो वर्ष आर्थिक वर्ष २०६५।६६ देखि मूल्यमा चापको स्थिति रहँदै आएको छ भने आर्थिक वर्ष २०६६।६७ मा हालसम्मकै ठूलो परिमाणमा शोधनान्तर स्थिति घाटामा रहेको छ। वित्तीय प्रणाली अन्तर्गत बैंक तथा वित्तीय संस्थाको संख्या तथा कारोबारमा उल्लेख्य विस्तार आएको तुलनामा अर्थतन्त्रको विस्तार सामान्य रहेकाले समग्र वित्तीय प्रणालीको दिगो विकासका लागि वित्तीय सुदृढीकरण

प्रमुख प्राथमिकतामा रहनुपर्ने अवस्था छ। बैंकिङ्ग क्षेत्रमा वेलावखत देखिने गरेको तरलता समस्यालाई उचित सम्वोधन गर्दै व्याजदरमा स्थायित्व कायम गर्नुपर्ने अवस्था छ। बैंकिङ्ग क्षेत्रको निष्क्रिय कर्जाको अनुपात क्रमशः घट्दै गए पनि बैंक र वित्तीय संस्थाहरूको बढ्दो संख्याबाट उत्पन्न हुनसक्ने अस्वस्थ प्रतिस्पर्धाले बैंकिङ्ग क्षेत्रमा प्रणालीगत जोखिम उत्पन्न नहोस् भन्नेतर्फ थप सजगता अपनाउनु पर्ने आवश्यकता छ। यसका लागि नेपाल राष्ट्र बैंकको समग्र क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिँदै बैंकको कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ।

## २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनामा मौद्रिक नीति मार्फत मूल्य तथा बाह्य क्षेत्र स्थायित्व कायम गर्ने, आर्थिक वृद्धिमा सहयोग पुग्ने गरी आवश्यक तरलताको व्यवस्थापन गर्ने, वित्तीय क्षेत्रको सुदृढीकरण तथा स्थायित्व कायम गरी मुलुकभर वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने र भुक्तानी प्रणालीलाई सुदृढ गर्ने जस्ता उद्देश्य लिइएको थियो। यस योजनामा विस्तृत मुद्रा प्रदायको वार्षिक वृद्धिदर औसत १६.४ प्रतिशत रहने लक्ष्य राखिएकोमा औसत वृद्धिदर २२.१ प्रतिशत रहने अनुमान छ। कूल आन्तरिक कर्जा र निजी क्षेत्रमा जाने कर्जा औसत क्रमशः १८.३ प्रतिशत र २०.३ प्रतिशतले बढ्ने अनुमान गरिएकोमा यस्तो वृद्धिदर क्रमशः वार्षिक औसत २१.८ प्रतिशत र २२.३ प्रतिशत पुग्ने अनुमान छ। यस अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदर विगतको तुलनामा केही शिथिलता देखिए तापनि अझै उल्लेखनीय रहेकाले मुद्रा तथा कर्जा योगाङ्कहरूको विस्तार लक्ष्यभन्दा बढी रहन गएको हो।

मौद्रिक नीतिको अग्रिम अडान (ex-ante stand) को रुपमा बैंकदरलाई लिइएको छ। तीन वर्षीय अन्तरिम योजनाको शुरुमा बैंकदर ६.२५ प्रतिशत रहेकोमा मुद्रास्फीति तथा मौद्रिक विस्तार बढ्ने क्रममा रहेकाले आर्थिक वर्ष २०६५।६६ मा यसलाई वढाएर ६.५ प्रतिशत पुऱ्याइयो। त्यस्तै यस योजनाको शुरुअवस्थामा अनिवार्य नगद अनुपात स्वदेशी निक्षेप दायित्वको ५.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५।६६ मा यस्तो अनुपात ०.५ प्रतिशत विन्दुले वृद्धि गरी ५.५ प्रतिशतमा पुऱ्याइयो।

यस अवधिमा वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई निरन्तरता दिइएको छ। यस अन्तर्गत नेपाल राष्ट्र बैंक लगायत समग्र वित्तीय क्षेत्रको सुदृढीकरण गर्ने कार्यक्रम रहेको छ। वित्तीय क्षेत्रलाई सबल र सक्षम बनाउँदै लैजाने सन्दर्भमा आर्थिक वर्ष २०६४।६५ देखि वाणिज्य बैंकहरूका लागि पूँजी कोष पर्याप्तता सम्बन्धी वासल टु को प्रावधान लागु गरिएको छ। वित्तीय क्षेत्रको सुदृढीकरणको लागि स्थलगत र गैरस्थलगत निरीक्षण प्रक्रियालाई प्रभावकारी पार्दै लगिएको छ। यस अन्तर्गत पूर्व सावधानी संकेत, जोखिममा आधारित सुपरिवेक्षण, शीघ्र सुधारात्मक कारवाही जस्ता कार्यहरू अवलम्बन गरिएका छन्।

योजनाको आधार वर्षमा वाणिज्य बैंकहरूबाट प्रवाह भएको कर्जा रू. ३४०.३६ अर्व भएकोमा यस अवधिमा वार्षिक औसत २०.४ प्रतिशतले वृद्धि भइ २०६७ असारमा ५९३.५६ अर्व पुगेको छ। त्यसै गरी कूल निक्षेप परिचालन आधार वर्षमा रू. ३४५.४४ अर्व भएकोमा वार्षिक औसत २२.९ प्रतिशतले बढी योजनाको अन्तिम वर्षमा रू. ६२०.६१ अर्व पुगेको अनुमान छ। निष्क्रिय कर्जाको अनुपातमा योजना अवधिमा सुधार भएको छ। २०६४ असारमा वाणिज्य बैंकहरूको कूल निष्क्रिय कर्जा १०.३ प्रतिशत रहेको तुलनामा २०६६ पौष मसान्तमा यस्तो अनुपात २.९ प्रतिशतमा झरेको छ।

वाणिज्य बैंकहरूले प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने अनुपात आर्थिक वर्ष २०६३।६४ देखि हटाइएको छ। तर कूल कर्जाका आधारमा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा वाणिज्य बैंकहरूका लागि ३ प्रतिशत, विकास बैंकका लागि २.० प्रतिशत र वित्त कम्पनीका लागि १.५ प्रतिशत कायम गरिएको छ।

### ३. समस्या तथा चुनौती

ग्रामीण क्षेत्रमा वित्तीय सेवाको पहुँच कम हुनु, वित्तीय क्षेत्रमा समय समयमा तरलताको अभाव हुनु, वित्तीय संस्थाहरूको अत्यधिक लगानी घर जग्गा र उपभोग जस्ता अनुत्पादनशील क्षेत्रमा केन्द्रित हुनु, बैक तथा वित्तीय सेवाहरूमा वचत र कर्जाको व्याजदरमा एकरूपता कायम नहुनु, बढ्दो व्याजदरले उत्पादनको लागत अभिवृद्धि हुनु, पूर्ण तथा आंशिक सरकारी स्वामित्वमा रहेका तथा निजी क्षेत्रका केही वाणिज्य बैंकहरूको निष्क्रिय कर्जाको अनुपात उच्च रहनु जस्ता समस्याहरू देखिएका छन् ।

केही समययता वचतको यथार्थ व्याजदर धनात्मक देखिए तापनि सोही अनुरूप साधन परिचालन गर्ने, उत्पादनशील क्षेत्रको लागत कम गर्ने, बैंक तथा वित्तीय संस्थाको संख्यामा भएको उल्लेख्य विस्तारलाई स्वस्थ प्रतिस्पर्धाको वातावरणको विकास गर्ने, ग्रामीण क्षेत्रमा बैङ्गिग सेवाको पहुँच बढाउने, वित्तीय समावेशीकरणको कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउने, सरकारी स्वामित्वमा रहेका तथा निजी क्षेत्रका केही वित्तीय संस्थाहरू समेत समस्याग्रस्त देखिएको हुँदा वित्तीय स्थायित्व कायम गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ४. उद्देश्य

१. सन्तुलित मौद्रिक तथा विदेशी विनिमय नीति मार्फत मूल्य, शोधनान्तर र वित्तीय क्षेत्रको स्थायित्व सुनिश्चित गर्ने ।

२. सुरक्षित, सक्षम र स्वस्थ भुक्तानी प्रणालीको विकास गरी वित्तीय प्रणाली माथिको आत्माविश्वास अभिवृद्धि गर्ने ।

३. राष्ट्रको ग्रामीण क्षेत्र लगायतका सम्पूर्ण क्षेत्रमा बैङ्गिग सेवाको पहुँच विस्तार गर्ने ।

### ५. रणनीति

१. मौद्रिक व्यवस्थापनको माध्यमबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने ।

२. मूल्य स्थायित्वमा प्रतिकूलन प्रभाव नपर्ने गरी दिगो एवं उच्च आर्थिक वृद्धिका लागि आवश्यकता अनुसार मौद्रिक तरलता प्रवाह गर्ने ।

३. वित्तीय संस्थाहरूको क्षमता अभिवृद्धि गरी उत्पादनशील र ग्रामीण क्षेत्रमा औपचारिक वित्तीय प्रणालीको पहुँचको विस्तार गर्ने ।

४. सम्पूर्ण वित्तीय क्षेत्रको दक्षतापूर्वक तथा प्रभावकारी रूपमा नियमन गरी वित्तीय व्यवस्थालाई चुस्त समावेशी र प्रतिफलमुखी बनाउने ।

### ६. कार्यनीति

१.१ खुला बजार कारोवारलाई मौद्रिक नीतिको मुख्य औजारको रूपमा लिइनेछ ।

१.२ राष्ट्रिय हित, अर्थतन्त्र र लगानी वातावरणमा नकारात्मक असर नपुग्ने गरी वित्तीय संस्थाहरूलाई पोर्टफोलियो व्यवस्थापनमा स्वतन्त्रता दिइनेछ ।

१.३ अन्तर्राष्ट्रिय वित्तीय स्तरको नियमन तथा सुपरिवेक्षणको माध्यमबाट वित्तीय क्षेत्रलाई अझै सुदृढ पारिनेछ ।

१.४ नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप तथा वित्तीय क्षेत्रलाई गतिशील अग्रगामी बनाउन ऐन, नियम तथा व्यवस्थामा आवश्यक सुधार गरिनेछ ।

१.५ जोखिम व्यवस्थापन उन्मुख नियमन प्रणालीलाई बढी प्रभावकारी बनाइनेछ ।

१.६ हाल नेपाल राष्ट्र बैंकको क्षेत्रमा नपर्ने वित्तीय क्षेत्र र संस्थाहरूको सुपरिवेक्षण र अनुगमन गर्न दोस्रो तहको संस्था खोलिनेछ ।

१.७ अन्तर्राष्ट्रिय वित्तीय मापदण्डहरू लागु गरी वित्तीय क्षेत्रलाई प्रतिस्पर्धी, उत्तरदायी र बढी क्षमतावान् बनाइनेछ ।
१.८ सरकार र वित्तीय संस्था नियामक निकायहरूको संलग्नतामा वित्तीय क्षेत्र गुरुयोजना तर्जुमा गरिनेछ ।
२.१ निर्दिष्ट राष्ट्रिय महत्त्वका क्षेत्रमा एकल ऋण सीमा बढाइनेछ ।
२.२ विप्रेषण परिचालनका लागि वित्तीय संस्थाहरू मार्फत पूर्वाधार विकास वण्डको परिचालनमा प्रोत्साहन गरिनेछ ।
२.३ मुलुको दिगो आर्थिक विकासको लागि उत्पादनशील पुनर्कर्जा कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाइनेछ ।
३.१ साना ग्रामीण र विशिष्ट उद्देश्यका वित्तीय व्यवसाय सञ्चालनका उपयुक्त मापदण्डहरू तोकी कार्यान्वयन गरिनेछ ।
३.२ ग्रामीण क्षेत्रमा वित्तीय पहुँच बनाउन आवश्यक कानुनी व्यवस्था गरिनेछ र उत्प्रेरणाका कार्यक्रमहरू ल्याइनेछ ।
३.३ अनौपचारिक क्षेत्रलाई पनि क्रमशः औपचारिक क्षेत्रमा रूपान्तरण गरी वित्तीय कारोवारको दक्षता, प्रभावकारिता र पारदर्शितामा अभिवृद्धि गरिनेछ ।
४.१ सहकारी, सम्भौतीत वचत, Derivative Market तथा अन्य वित्तीय बजार तथा प्रणालीलाई दक्ष तथा प्रभावकारी बनाउन आवश्यक नियमनको व्यवस्था तथा नीति नियमको व्यवस्था गरिनेछ ।
४.२ निक्षेप वीमा सम्बन्धी कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
४.३ बैंक तथा वित्तीय संस्थाहरू गाभ्ने तथा गाभिने कार्यलाई प्रोत्साहित गरिनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. मुद्रास्फीति दर वार्षिक औसत ७.० प्रतिशतमा सीमित हुनेछ ।
२. विस्तृत मुद्राप्रदायको वृद्धिदर वार्षिक औसत १८.३ प्रतिशत हुनेछ ।
३. निजी क्षेत्रमा जाने कर्जा औसत २२.३ प्रतिशतले बढेको हुनेछ ।
४. कूल आन्तरिक कर्जा वार्षिक औसत २०.० प्रतिशतले बढेको हुनेछ ।
५. विदेशी मुद्रा संचितिले कम्तीमा ६ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने हुनेछ ।

## ४.८ कृषि कर्जा, ग्रामीण कर्जा र लघुवित्त

### १. पृष्ठभूमि

नेपालमा बहुसंख्यक जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने र यस क्षेत्रका जनताको आय आर्जन एवं रोजगारीको प्रमुख स्रोत कृषि भएकोले कृषि तथा ग्रामीण क्षेत्रको पूर्वाधार विकासमा नै मुलुकको समग्र विकास निर्भर भएको हुन्छ । कृषिमा व्यवसायीकरण गरी उत्पादन र रोजगारी बढाउन यसमा अवलम्वन गरिने प्रविधि र अन्य सहयोगी कार्यहरू जस्तै सिँचाइ, मल, बीउ, कच्चा पदार्थको उपलब्धता र बजार व्यवस्थाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसको लागि ग्रामीण क्षेत्रमा कर्जाको आपूर्ति सरल र सहज हुन आवश्यक छ । त्यसै गरी घरेलु र लघु उद्यम व्यवसाय सञ्चालन मार्फत रोजगारी सृजना गर्न पनि ग्रामीण एवं लघुवित्तीय कर्जाको अहम् भूमिका रहेको हुन्छ । तर विगत लामो समयदेखि कृषि तथा ग्रामीण विकासमा विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गरिए तापनि उत्पादन एवं रोजगारी वृद्धिमा अपेक्षित नतिजा हासिल हुन सकेन । ग्रामीण तथा पिछडिएको क्षेत्रका जनताको वित्तीय संस्थाहरूमा पहुँच अझै न्यून रहेकोछ । तसर्थ, नेपालको ग्रामीण एवं कृषि क्षेत्रको समुचित विकासको लागि कृषि तथा लघुवित्तीय क्षेत्रतर्फ कर्जा प्रवाहमा देखापरेका अवरोधहरू निवारण गर्दै कर्जा उपलधता बढाउनु आवश्यक देखिन्छ ।

## २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनामा ग्रामीण कर्जामा संलग्न सम्पूर्ण बैंक तथा वित्तीय संस्थालाई एउटै प्रणालीमा समन्वयात्मक रूपमा परिचालित गर्ने, कृषि ऋण आपूर्तिको प्रमुख संस्थाको रूपमा कृषि विकास बैंकलाई परिचालन गर्ने, वाणिज्य बैंक र अन्य विकास बैंकहरूलाई पनि संस्थागत कृषि ऋण उपलब्ध गराउन परिचालित गर्ने, महिला र बेरोजगार युवालाई उत्पादनशील कर्जा उपलब्ध गराउने, ग्रामीण स्वावलम्बन कोषमा दीर्घकालीन स्रोत व्यवस्था गरी परिचालित गर्ने, विपन्न वर्गमा लघु कर्जाको पहुँच बढाउन संस्थागत संरचनामा सुधार गरी ग्रामीण क्षेत्रमा बढीभन्दा बढी लघुवित्तीय संस्थाहरूका माध्यमबाट कर्जा लगानी विस्तार गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको थियो । त्यसै गरी, ग्रामीण र लघुवित्तीय कर्जालाई सहज गर्न राष्ट्रिय लघुवित्त नीति, २०६४ जारी भइसकेको छ भने लघुवित्त ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने क्रममा रहेको छ । लघुवित्त कोष स्थापना गर्ने कार्य पनि अघि बढाइएको छ । यस्ता प्रयासहरूले ग्रामीण एवं कृषि कर्जाको विस्तारमा सघाउ पुगेको देखिन्छ ।

## ३. समस्या तथा चुनौती

कतिपय क्षेत्रमा संस्थागत पहुँचको अभाव हुनु, लघुवित्तीय कर्जा सामान्यतया गरिव र सीमान्त वर्गले उपभोग गर्ने भए तापनि ब्याजदरको भार उच्च रहनु, कर्जा प्राप्तिमा विभिन्न प्रकारका झन्झटिलो कार्यविधि र धितोको कारणले जनसाधरणको लघुवित्तीय कर्जामा पँहुच कम हुनु जस्ता समस्या रहेकोछ ।

प्राथमिकता प्राप्त क्षेत्र कर्जा कार्यक्रम हटाई सकिएको परिप्रेक्ष्यमा संस्थागतरूपमा निक्षेप वीमा, कृषि क्षेत्रहरूमा बाली वीमा, पशु वीमा विस्तार, ग्रामीण सौर्य प्रणाली वीमा जस्ता आवश्यक उपकरणहरूको उपलब्धता सहितको लघुवित्त सेवाको विस्तार गर्ने तथा कृषि, ग्रामीण र लघु कर्जाको माग बढ्दै गए तापनि सोही अनुरूप आपूर्ति गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

## ४. उद्देश्य

लघुवित्त उपकरणमा विविधीकरण तथा सेवाप्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै व्यावसायिक लघुवित्त सेवाको पहुँच बढाई कृषि तथा ग्रामीण कर्जा विस्तारका माध्यमले कृषि तथा ग्रामीण क्षेत्रको विकासमा सहयोग पुऱ्याउने ।

## ५. रणनीति

१. विपन्नवर्ग कर्जा कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने ।

२. लघुवित्त संस्थाहरूको कारोवारको दायरा फराकिलो वनाउँदै जाने ।

३. सहकारी तथा गैर सरकारी संस्थाहरूलाई कृषि, ग्रामीण कर्जा तथा लघुवित्तको कारोवारमा अझ बढी सहभागी बनाउँदै जाने ।

४. लघुवित्तमा संलग्न सवै संस्थाहरूको स्वनियमन समेतलाई बढावा दिंदै उपयुक्त नियमनको व्यवस्था गर्ने ।

५. लघुवित्तको संस्थागत र साधनगत क्षमता बढाई महिला, विपन्न र उपेक्षित समुदायको समेत पहुँच बढाउने ।

## ६. कार्यनीति

१.१ लघुवित्तलाई उद्यमशीलता र सीप विकाससँगै बजार विकास, प्रविधि, साधन ९ष्लउगतक० आदि आवश्यक तत्त्वसँग समाहित गरिनेछ ।

२.१ कृषि कर्जा, ग्रामीण कर्जा तथा लघुकर्जा विस्तारका लागि राष्ट्रिय सहकारी बैंकलाई उपयोग गरिनेछ ।

२.२ लघुवित्त परिचालन र प्रयोगको दायरा फराकिलो बनाई उत्पादकीय क्षेत्रमा अत्यधिक रूपमा प्रयोग गर्न उत्प्रेरित गरिनेछ ।

२.३ कृषि कर्जा तथा ग्रामीण कर्जा सरल तरिकाले सहुलियत ब्याजदरमा उपलब्ध गराइनेछ ।

३.१ कृषि तथा ग्रामीण सेवालाई लक्षित कार्यक्रमसँग संयुक्त एवं समन्वयात्मक रूपमा लागु गरी गरीबी निवारणका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

३.२ सहकारी तथा गैर सरकारी संस्थालाई परिचालन गरी कृषि कर्जा, ग्रामीण कर्जा र व्यावसायमा बढी संलग्न हुन उत्प्रेरित गरिनेछ ।

४.१ लघुवित्त संस्थाहरूको नियमन र सुपरिवेक्षण व्यवस्थित गर्न लघुवित्त ऐन जारी गरी दोस्रो तहको संगठनको व्यवस्था गरिनेछ ।

४.२ स्वस्फूर्त रूपमा विकास भएका लघुवित्त संस्थाहरूको विकास, प्रबर्द्धन र नियमन गरिनेछ ।

५.१ ग्रामीण तथा दुर्गम क्षेत्रमा बैंक शाखा विस्तारमा प्रोत्साहन गरिनेछ ।

५.२ लघुवित्त कोष स्थापना गरी सो कोषलाई अन्य कोषहरूसँग उच्च समन्वय गर्दै सहुलियत व्याजदरमा थोक र खुद्रा ऋण प्रवाहमा पहुँच बढाइनेछ ।

५.३ लघुवित्त प्रदायक संस्थाको क्षमता अभिवृद्धि गरिनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. ग्रामीण क्षेत्रमा कर्जा पहुँचमा वृद्धि भएको हुनेछ ।

२. ग्रामीण जनतामा विशेष गरी महिला, विपन्न र दलित वर्गको निम्ति आय तथा रोजगारीका अवसरमा वृद्धि भएको हुनेछ ।

३. महिला, विपन्न, दलित र उपेक्षित लगायत तीन लाख परिवारले लघुवित्तको सेवा पाएका हुनेछन् ।

## ४.९ मूल्य

### १. पृष्ठभूमि

आर्थिक क्रियाकलापहरूलाई प्रोत्साहन गर्न अर्थतन्त्रमा मध्यमस्तरको मूल्य वृद्धि हुनु आवश्यक ठानिन्छ। उच्च मूल्य वृद्धिले समग्र अर्थतन्त्रमा नकारात्मक असर पार्ने भएकाले दिगो आर्थिक विकासको लागि समष्टिगत मूल्य स्थायित्व कायम गर्नु आवश्यक हुन्छ। मूल्यवृद्धिलाई माग एवं लागत तथा आपूर्तिजन्य पक्षहरूले प्रभाव पार्ने भए तापनि पछिल्लो समयमा नेपालको मूल्य वृद्धिलाई माग पक्षले भन्दा पनि लागत तथा आपूर्ति पक्ष र भारतको मूल्य स्थितिले असर पारेको देखिन्छ। त्यसै गरी विश्वव्यापी रूपमा बढेको खाद्य र पेट्रोलियम पदार्थको मूल्यले पनि नेपालको मूल्यलाई प्रत्यक्षरूपमा चाप पारिरहेको छ । तसर्थ, मौद्रिक नीतिको प्रमुख उद्देश्य मूल्य स्थिरता कायम गर्ने भए पनि हालका वर्षहरूमा मौद्रिक उपकरण प्रयोग गरेर मूल्य स्थिरता कायम राख्ने काम निकै जटिल बन्दै गइरहेको छ। कमजोर प्रशासन र निजी क्षेत्रको नाफाखोरी प्रवृत्ति पनि मूल्य वृद्धिका लागि बढी जिम्मेवार देखिएको छ ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजना अवधिमा वार्षिक औसत मुद्रास्फीति ५.६ प्रतिशतभित्र सीमित राख्ने लक्ष्य रहेकोमा यस अवधिमा वार्षिक औसत १०.५ प्रतिशतले बढ्यो । आर्थिक वर्ष २०६५/६६ को जेठ महिनामा भएको पेट्रोलियम पदार्थको उच्च मूल्य वृद्धि पश्चात् पटक-पटक विभिन्न समयमा मूल्य समायोजन भए तापनि मुद्रास्फीतिमा आशातीत रूपमा सकारात्मक प्रभाव पर्न सकेको छैन। योजनाको दोस्रो र तेस्रो वर्षहरूमा मौसम प्रतिकूलताको कारण कृषि क्षेत्रको उत्पादनमा शिथिलता आएकोले पनि कृषिजन्य वस्तुहरूको मूल्य वृद्धि उच्च रहन गयो । तलब तथा ज्यालादरमा वृद्धि, मूल्य निर्धारणमा मिलिमतो र अन्तर्राष्ट्रिय बजारमा चिनी, खाद्य पदार्थ र पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर वृद्धि भएको कारणले पनि नेपालको मूल्य अत्यन्त प्रभावित भएको देखिन्छ। त्यसै गरी भारतले खाद्यान्न निर्यातमा रोक लगाएका कारण आपूर्ति व्यवस्था प्रभावित भइ दलहन तथा खाद्यान्नको मूल्यमा चाप परेको कारणले पनि अन्तरिम योजनाको पछिल्ला दुई वर्षमा मुद्रास्फीति दोहोरो अङ्कमा रहन सघाउ पुगेको देखिन्छ ।

## ३. समस्या तथा चुनौती

विद्युत् आपूर्तिमा कमी, हडताल तथा चक्काजाम र बन्दको संस्कृति मौलाउँदै जानु, बजार अनुगमन पर्याप्त नहुनु, आपूर्ति व्यवस्था प्रभावकारी हुन नसक्नु, सिन्डिकेट तथा कार्टेलिंग र होर्डिङ्गको माध्यमद्वारा बजारमा अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुनु, आपूर्ति व्यवस्थालाई प्रभावकारी तुल्याउन बजार हस्तक्षेप र अनुगमन नहुनु, आपूर्ति व्यवस्थामा संलग्न निकायहरूको संगठनात्मक सुदृढीकरण नहुनु, कानुनको परिपालना र कार्यान्वयन प्रभावकारी हुन नसक्नु, नियमित भण्डारण क्षमता पर्याप्त नहुँनु, प्रतिकूल मौसमले कृषि उपजको उत्पादनमा अपेक्षित सुधार नहुनु, कृषिजन्य वस्तुहरूको मूल्य नियन्त्रण नहुनु जस्ता समस्याहरू रहेका छन् ।

कतिपय अवस्थामा वस्तु तथा सेवाको पर्याप्त व्यवस्था हुँदा हुँदै पनि समय समयमा जमाखोरी, मिलोमतो आदि बजारमा देखिने अप्रतिस्पर्धी व्यवहार नियन्त्रण गर्ने, उच्च मूल्य वृद्धि नियन्त्रण गर्ने, अन्तर्राष्ट्रिय मूल्य अनुसार पेट्रोलियम पदार्थको मूल्य नियमित रूपमा समायोजन गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

## ४. उद्देश्य

उच्च मूल्य वृद्धिलाई नियन्त्रण गरी आम जनताको क्रयशक्तिमा सुधार ल्याउने ।

## ५. रणनीति

१. उपयुक्त मौद्रिक तथा वित्तीय नीतिको तर्जुमा तथा कार्यान्वयन गरी मुद्रास्फीतिलाई वाञ्छित सीमामा राख्ने ।

२. प्रतिस्पर्धात्मक बजार संयन्त्रको विकास एवं बजार अनुगमन र आपूर्ति व्यवस्थापनको माध्यमबाट मूल्य स्थिरता कायम गर्ने ।

## ६. कार्यनीति

१.१ मौद्रिक विस्तारलाई वाञ्छित सीमाभित्र राखिनेछ ।

१.२ बजार मूल्य र तरलताको आधारमा मौद्रिक नीति समय समयमा परिमार्जन गरिनेछ ।

१.३ वित्तीय र विदेशी विनिमय दरसम्बन्धी नीति तर्जुमा गर्दा मूल्यमा पर्ने असरलाई ध्यान दिइनेछ ।

१.४ आपूर्ति व्यवस्थापनमा सुधार गरी, अनुगमन र नियमनद्वारा अवाञ्छित बजारी क्रियाकलापलाई नियन्त्रण गरी मौद्रिक र वित्तीय नीतिमा सन्तुलन र समन्वय कायम गरी मूल्य व्यवस्थापन गरिनेछ ।

२.१ मूल्य वृद्धिलाई वाञ्छित सीमामा राख्न विशेष गरी कृषि क्षेत्रमा विचौलियाको प्रभावलाई प्रतिस्पर्धी बनाउन सहकारी बजार र प्रत्यक्ष बजारका माध्यमबाट उत्पादक र उपभोक्ता वीचको सम्बन्ध स्थापित गरिनेछ ।

२.२ पेट्रोलियम पदार्थको मूल्यलाई अन्तर्राष्ट्रिय बजार मूल्य अनुसार समायोजन गरिनेछ ।

२.३ आवश्यक वस्तुहरूको भण्डारण क्षमता र आपूर्ति व्यवस्थित गरिनेछ ।

२.४ बजार कार्टेलिङ्ग, होर्डिङ्ग र यातायात सिन्डिकेटलाई नियमन गरी निरूत्साहित गरिनेछ ।

२.५ प्रतिस्पार्धात्मक बजार संयन्त्रको विकास, बजार अनुगमन र आपूर्ति व्यवस्थापनका माध्यमबाट मूल्य स्थिरता कायम गरिनेछ ।

२.६ बजार सूचना प्रणालीलाई संस्थागत गरी प्रचार प्रसार कार्यलाई व्यापक बनाइनेछ ।

२.७ उपभोक्ता जागरणका कार्यक्रमहरूद्वारा उपभोक्ता सचेतना अभिवृद्धि गरिनेछ ।

२.८ मूल्यको नियमित अनुगमन गर्ने सन्दर्भमा केही ग्रामीण क्षेत्रको समेत मूल्य सूचकाङ्क बनाउने कार्य आरम्भ गरिनेछ ।

## ७. अपेक्षित उपलब्धि

१. मुद्रास्फीति वार्षिक औसत ७ प्रतिशतमा सीमित रहेको हुनेछ ।

## ४.१० पूँजी बजार

### १. पृष्ठभूमि
देशमा छरिएर रहेका स-साना वचतलाई संकलन गरी अर्थतन्त्रको उत्पादनशील क्षेत्रतर्फ न्यून लागतमा दीर्घकालीन पूँजी आपूर्ति व्यवस्थाका लागि पूँजी बजारको विकास र विस्तार अपरिहार्य हुन्छ। पूँजी बजारको योजनाबद्ध विकासका क्रममा अन्तरिम योजनामा पूरा हुन नसकेका कार्यक्रमहरूलाई यस योजना अवधिमा निरन्तरता दिँदै नयाँ सोच तथा बजारसँग सम्वन्धित पक्षहरूको आवश्यकतालाई मध्यनजर राखी थप पूर्वाधारहरूको विकास तथा बजार नियमनको सुदृढ व्यवस्था गरी पूँजी बजारको गुणात्मक परिवर्तन हुनु आवश्यक छ।

### २. अद्यावधिक स्थिति
तीन वर्षीय अन्तरिम योजनामा धितोपत्र बजारको नियमन प्रणालीलाई सुदृढ गर्ने तथा अन्तर्राष्ट्रिय स्तरमा रूपान्तरण गर्दै लैजाने उद्देश्य अनुरूप धितोपत्र सम्बन्धी नयाँ ऐन जारी गरिएको, नेपाल धितोपत्र बोर्ड व्यवस्था नियमावली, २०६४, धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ र धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ र धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी नियमावली, २०६४ लागु गरिएको छ। यस योजना अवधिमा नयाँ कानुनी व्यवस्था अनुसार धितोपत्र निष्कासन सम्बन्धी नियमन कार्य एकै निकाय नेपाल धितोपत्र बोर्डबाट हुने व्यवस्था भएको छ। धितोपत्र कारोवारमा पारदर्शिता तथा गतिशीलता अभिवृद्धि गर्नका लागि धितोपत्र कारोवारको खुल्ला बोलकवोल प्रणालीलाई यान्त्रिकीकृत कारोवार प्रणालीले प्रतिस्थापन गर्ने कार्य शुरू भइसकेको छ। सरकारी ऋणपत्रको कारोवार धितोपत्र बजार मार्फत हुने व्यवस्था भइसकेको छ। धितोपत्र लगानीकर्ता लगायत धितोपत्र बजारसँग सम्वन्धित अन्य पक्षहरूलाई लक्षित गरी बजारका विविध पक्षहरू बारे जानकारी तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ। केन्द्रीय निक्षेप प्रणाली स्थापना गर्नेतर्फ प्रारम्भिक कार्यको थालनी गरिसकिएको छ।

### ३. समस्या तथा चुनौती
धितोपत्र बजारको प्रभावकारी नियमनका लागि नियामक निकाय साधन स्रोत सम्पन्न हुन नसक्नु, संगठित क्षेत्रको शासकीय अभ्यासको कमजोर स्थिति तथा कर्जा उन्मुख प्रवृत्ति विद्यमान् रहनु, शेयर बजारमा दलालहरूवीच अपेक्षित प्रतिस्पर्धा नहुनु, मूल्य संवेदनशील सूचना तथा आर्थिक विवरणहरू तत्काल सार्वजनिक गराउने सम्बन्धमा रहेका कानुनी व्यवस्थाहरू प्रभावकारी नहुनु, वित्तीय क्षेत्रका संगठित संस्थाहरू बाहेक अन्य क्षेत्रका संगठित संस्थाहरूको वित्तीय कार्य सम्पादनको वास्तविक स्थिति सार्वजनिक हुन ढिलाइ हुनु जस्ता कारणहरू पूँजी बजारको स्वस्थ एवं फराकिलो विकासका लागि समस्याका रूपमा रहेका छन्।

आन्तरिक सूचनामा पहुँच भएका व्यक्तिहरूले व्यापार गर्न पाउने अवस्थाको पूर्ण रूपमा नियन्त्रण गर्ने, धितोपत्र लगानी, जोखिम तथा प्रतिफल, लगानी संयन्त्र, पोर्टफोलियो लगानी, धितोपत्र औजार तथा वित्तीय शब्दावली सम्बन्धमा लगानीकर्ताहरूमा पर्याप्त जानकारी तथा सचेतता बढाउने, अपेक्षित रूपमा पूँजी बजारको व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

### ४. उद्देश्य
आन्तरिक बजारको माग वमोजिम पूँजी परिचालन र उत्पादनशील क्षेत्रमा लगानी बढाउन सहयोग पुग्ने गरी पूँजी बजारको विकास गर्ने।

## ५. रणनीति

१. पूँजी बजारलाई, वचत तथा लगानीको उपयुक्त माध्यमको साथै पूँजी परिचालनको भर पर्दो माध्यम बनाउने ।

२. पूँजी बजारको क्षमतामा अभिवृद्धि गर्ने ।

३. पूँजी बजारलाई सशक्त रूपमा नियमन गर्ने ।

## ६. कार्यनीति

१.१ धितोपत्र बजारको स्थायित्व तथा विकास प्रबर्द्धन गर्ने वित्तीय नीति तथा मौद्रिक नीति अपनाई धितोपत्रको पर्याप्त आपूर्ति तथा धितोपत्र लगानी औजारहरूमा विविधीकरण गरिनेछ ।

१.२ कम्पनीको व्यावसायिकता, उत्तरदायित्व तथा क्षमतामा असर नपर्ने गरी निश्चित सीमासम्म सहजरूपमा विक्री गर्न सकिने व्यवस्था गरिनेछ र सामूहिक लगानी योजना सञ्चालन तथा व्यवस्थापनका पूर्वाधारहरू तयार गरिनेछ ।

१.३ सूचीकृत कम्पनीहरूलाई धेरै शेयरधनीहरूमा शेयर विक्री गर्न प्रोत्साहित गरिनेछ ।

२.१ धितोपत्र विनिमय बजार तथा व्यवसायको दक्षता र स्तर अभिवृद्धि गर्न कारोवार प्रणालीको आधुनिकीकरण गरिनेछ ।

२.२ धितोपत्र बजारको तथ्याङ्क व्यवस्थापन प्रणाली र सूचना प्रवाहको स्तरमान विकास गर्ने तथा सूचीकृत संगठित संस्थाहरूको वित्तीय विवरणको पुनरावलोकन पद्धतिको स्थापना गर्ने काम गरिनेछ ।

२.३ सूचीकृत कम्पनीहरूको शेयर छिटो छरितोरूपमा नामसारी गरी सम्भावित जालसाजी, धोकाधडीबाट लगानीकर्ताहरूलाई जोगाउन केन्द्रीय निक्षेप प्रणाली (CDS) स्थापना गरिनेछ तथा यससँग सम्बन्धित आवश्यक ऐन, नियमावली तर्जुमा गरिनेछ ।

३.१ धितोपत्र बजारसम्बन्धी कानुनी व्यवस्थालाई सुदृढ गरी बजारको सुपरिवेक्षण प्रभावकारी गराइनेछ ।

३.२ आवश्यक कानुनी व्यवस्था गरी वैकल्पिक लगानी उपकरणहरू (Derivatives) को बजार प्रवेशलाई नियमित रूपमा अनुगमन गरी प्रभावकारी नियमन गरिनेछ ।

३.३ मर्कन्टाइल एक्स्चेन्ज र कमोडिटी एक्स्चेन्जहरूको नियामक संस्था स्थापना गरिनेछ ।

३.४ संस्थानहरूको कार्यसञ्चालन (Operational) तथा अन्तर्राष्ट्रिय स्तरको वित्तीय पारदर्शिता बढाउन संप्रेषित सूचना (Disclosure) को मापन गरिनेछ । ।

३.५ सक्षम बजार सूचना प्रणालीको विकास गरिनेछ ।

३.६ वस्तु विनिमय बजारलाई अझ प्रभावकारी बनाउन आवश्यक ऐन, नियम तर्जुमा गरिनेछ ।

## ७. अपेक्षित उपलब्धि

१. केन्द्रीय निक्षेप प्रणाली कार्यान्वयनमा आई धितोपत्र बजारको आधुनिकीकरण भएको हुनेछ ।

२. लगानीकर्ताहरूको पूँजी परिचालन गर्न पारस्परिक कोष कार्यान्वयनमा ल्याइएको हुनेछ ।

३. वैदेशिक संस्थागत लगानीकर्ता तथा गैह्रवित्तीय कम्पनीहरू समेत पूँजी बजारको दायरामा ल्याइएको हुनेछ ।

## ४.११ विदेशी विनिमय तथा शोधनान्तर

### १. पृष्ठभूमि

परम्परागत रूपमा नेपालले निर्यात गर्ने वस्तुको निर्यात हाल ऋणात्मक रहेको र आयातको अधिकतम वृद्धि भएको अवस्था छ। व्यापार उदारीकरणको माध्यमबाट निर्यात वृद्धि गर्ने नीति लिए पनि यसले दिगो र अपेक्षित उपलब्धि दिन सकेको छैन। आयातमा भएको अत्यधिक वृद्धिले एकातिर विदेशी मुद्राको सञ्चिति घटाएको छ भने अर्कोतर्फ भारत केन्द्रित आयातले अमेरिकी डलर खर्च गरेर भारतीय रूपिया खरिद गर्ने स्थितिले जरो गाडेको छ। विगतमा विदेशी विनिमयको सञ्चितिको प्रमुख स्रोतको रूपमा रहेको विप्रेषणको वृद्धिदर पनि घट्दो अवस्थामा छ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनामा शोधनान्तर बचत कूल गार्हस्थ उत्पादनको १ प्रतिशत पुऱ्याइने लक्ष्य रहेकोमा योजनाको पहिलो र दोस्रो वर्ष क्रमशः ३.६ र ४.२ प्रतिशत पुगेको थियो। फलस्वरूप वस्तु तथा सेवा व्यापार घाटामा उल्लेख्य वृद्धि भए तापनि ट्रान्सफर आयमा भएको उच्च वृद्धिका कारण चालु खाता बचत पहिलो र दोस्रो वर्ष कूल गार्हस्थ उत्पादनको क्रमशः २.९ प्रतिशत र ४.२ प्रतिशत रहेको थियो।

योजनाको अन्तिम वर्ष २०६६/६७ मा चालु खाता एवं समग्र शोधनान्तर स्थिति दुबै घाटामा रहेको छ। चालु खाता रू. २८ अर्ब १४ करोड र समग्र शोधनान्तर स्थिति रू. ३ अर्ब ६३ करोडले घाटामा रहेको छ। खास गरी यो वर्ष वस्तु व्यापार घाटा ४५.० प्रतिशत र खुद सेवा आय घाटा ५६.० प्रतिशतले बढेको कारण चालु खाता घाटा उच्च रहन गएको हो। त्यस्तै, विश्व वित्तीय संकटको प्रभावस्वरूप निजी क्षेत्रको विप्रेषण आय यो वर्ष १०.० प्रतिशतले मात्र बढ्न सकेकोले खुद ट्रान्सफर आय ११.८ प्रतिशतले मात्र बढ्न सकेकोले शोधनान्तर स्थिति प्रतिकूल हुन गयो।

२०६४ असार मसान्तको तुलनामा २०६५ असार मसान्तमा नेपाली मुद्रा अमेरिकी डलर, युरो, जापानी येन एवं ब्रिटिश पाउण्डजस्ता प्रमुख अन्तर्राष्ट्रिय मुद्राहरूसँग अवमूल्यन भएको थियो। यसको विपरीत २०६५ असार मसान्तको तुलनामा २०६६ असार मसान्तमा विदेशी रूपैयाको तुलनामा नेपाली रूपैयाँको अधिमूल्यन हुन गएकोछ। त्यसै गरी २०६६ असार मसान्तको तुलनामा २०६७ असार मसान्तमा पनि नेपाली रूपैया अमेरिकी डलरसँग सामान्य अधिमूल्यन भएको छ।

बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २०६५ आषाढ मसान्तमा रू. २ खर्ब १२ अर्ब ६२ करोड रहेकोमा २०६६ फाल्गुण मसान्तमा रू. २ खर्ब ८६ अर्ब ५४ करोड पुगेको छ। कूल सञ्चितिमा परिवर्त्य मुद्राको सञ्चितिको अंश २०६५ आषाढ मसान्तमा ८५.४ प्रतिशत रहेकोमा २०६६ असार मसान्तमा बढेर ९०.९ प्रतिशत पुगेको थियो भने २०६७ असार मसान्तमा घटेर ८३.४ प्रतिशतमा झरेको छ। अन्तरिम योजनामा नेपाल राष्ट्र बैंकसँगको विदेशी विनिमय सञ्चितिलाई कम्तीमा छ महिनाको वस्तु र सेवा आयात धान्न सक्ने स्तरमा कायम राख्ने लक्ष्य हासिल भएको देखिन्छ। सो अनुसार २०६७ असार मसान्तमा नेपालको वैकिङ्ग प्रणालीमा रहेको विदेशी विनिमय सञ्चितिले ७.३ प्रतिशतको वस्तु तथा सेवा एवं ८.६ प्रतिशतको वस्तु आयात धान्न पर्याप्त रहेको छ।

### ३. समस्या तथा चुनौती

लामो समयदेखि निर्यातमा खासै अभिवृद्धि नहुनु र गतवर्ष निर्यात घट्न जाँदा व्यापार घाटा मात्र नभइ शोधनान्तर स्थिति समेत ऋणात्मक हुनु, विदेशी विनिमयको मौज्दात घटन जानु, मुलुकभित्र देखिएको ऊर्जा संकट, श्रम समस्या एवं बन्द, हडताल आदिको अधिकताका कारण औद्योगिक उत्पादन घट्दै जानु जस्ता समस्याहरू रहेका छन्।

निर्यात बढाउने, विश्व व्यापार संगठन, बिमस्टेक, साफ्टा जस्ता क्षेत्रीय तथा बहुपक्षीय सम्झौताहरूमा गरिएको प्रतिबद्धता अनुसार विदेशी विनिमय व्यवस्थापन गर्ने, भारू संचितिमा आएको ह्रासले गर्दा भा.रू. विनिमय र व्यवस्थापन प्रभावकारी गर्ने, वैदेशिक व्यापारमा भारतसँगको अत्यधिक निर्भरतालाई न्यूनीकरण गर्ने जस्ता कार्य चुनौतीपूर्ण रहेको छ ।

**४. उद्देश्य**

देशगत तथा वस्तुगत निर्यात विविधीकरण तथा प्रबर्द्धन गरी दक्षता र प्रतिफलमुखी बाह्य खर्चहरू गर्दै विप्रेषण तथा अन्य आयको वृद्धि गरी राष्ट्रिय हितको लक्ष्य प्राप्त गर्न शोधानान्तर स्थितिलाई अनुकूल बनाउने ।

**५. रणनीति**

१. वस्तु र सेवाको निर्यात व्यापारलाई प्राथमिकता दिइ छोटो, मध्यम तथा दीर्घकालीन रणनीतिहरूका आधारमा वस्तुगत र देशगत विविधीकरणका साथै निर्यात अभिवृद्धि गर्ने ।

२. औपचारिक प्रणालीको माध्यमबाट छिमेकी तथा अन्य देशबाट भित्रिने विप्रेषणको आप्रवाहलाई बढाउने ।

३. विदेशी विनिमय सञ्चितिको व्यवस्थालाई सुदृढ गर्ने ।

४. प्राप्त विप्रेषणको उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने ।

५. पर्यटन लगायतका सेवा क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गरी वैदेशिक मुद्रा आर्जनमा थप योगदान पुऱ्याउने ।

**६. कार्यनीति**

१.१ वैदेशिक रोजगारीलाई क्रमिकरूपमा संस्थागत गर्दै वैदेशिक रोजगारीमा जानेको लागि सीप क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१.२ वैदेशिक रोजगारी अभिवृद्धि गर्न नयाँ बजारहरू खोज्ने र सम्बन्ध स्थापित गरिनेछ ।

१.३ छिमेकी मुलुक तथा अन्य देशबाट विप्रेषण पठाऊदा संस्थागत माध्यमको प्रयोगलाई आकर्षित गरिनेछ ।

२.१ वास्तविक विनिमय दरको प्रभावकारी मूल्याङ्कनद्वारा बाह्य क्षेत्रसँगको प्रतिस्पर्धी क्षमता र छोटो समयमा हुने विनिमय दरको उतार चढावबाट हुने जोखिम र नकारात्मक असरलाई कम गरिनेछ ।

२.२ निर्यात व्यापार बढाउन वस्तु र सेवा बजारको पहिचान गरी देशमा उपयुक्त स्तरको वस्तु र सेवा उत्पादन गर्न आवश्यक वातावरणको निर्माण गर्न नीति नियम परिमार्जन गर्ने तथा संस्थागत सुदृढीकरण गर्ने कार्य गरिनेछ ।

२.३ विदेशी विनिमय दरमा हुने अल्पकालीन उतार चढावले बाह्य प्रतिस्पर्धी क्षमतामा पार्न सक्ने जोखिम तथा प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न यथार्थ विनिमय दरको नियमित अनुगमन गरिनेछ ।

२.४ विश्वव्यापी आर्थिक एकीकरणको वृद्धिलाई मुलुकको बाह्यक्षेत्रको स्थायित्वसँग समायोजन गरिनेछ ।

३.१ विप्रेषणलाई उत्पादनशील र अन्य उपयुक्त क्षेत्रमा लगानी बढाउन उत्प्रेरित हुने खालको नीति, नियम तर्जुमा गरिनेछ ।

४.१ पर्यटन उद्योगलाई बढी सक्षम बनाई विदेशी विनियम आर्जनको भरपर्दो आधार बनाइनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. विदेशी विनिमय सञ्चिति कम्तीमा छ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्तरमा कायम भएको हुनेछ।

२. परिचालित साधन उच्च प्रतिफल दिने क्षेत्रमा प्रयोग भएको हुनेछ।

३. शोधनान्तर वचत वार्षिक कूल गार्हस्थ उत्पादनको १ प्रतिशत भएको हुनेछ।

## ४.१२ सार्वजनिक संस्थान

### १. पृष्ठभूमि

निजी क्षेत्रको व्यावसायिक दक्षता भएको क्षेत्रमा सरकारको लगानी कम गर्दै सरकारी स्रोतहरू रोजगार र समावेशी आर्थिक वृद्धिमा सघाउ पुऱ्याउने क्षेत्रमा केन्द्रित गर्नु आवश्यक छ। सरकारको भूमिका सीमित रूपमा छानिएका संस्थानहरूमा मात्र रहनु पर्दछ। सार्वजनिक संस्थानको सञ्चालन गर्दा व्यावसायिक योजनाका आधारमा उत्तरदायी, सक्षम र कार्यकुशल व्यवस्थापन पद्धतिको अवलम्वन गरिनु पर्दछ।

### २. अद्यावधिक स्थिति

आर्थिक वर्ष २०६४।६५ मा सरकारको पूर्ण तथा अधिकांश स्वामित्वमा सञ्चालित ३६ वटा सार्वजनिक संस्थानहरूका २०६५।६६ को अन्त्यमा खुद स्थिर सम्पत्ति रू. १३३ अर्ब ७४ करोड र कूल शेयरधनी कोष रू. ६१ अर्ब १० करोड पुगेको देखिन्छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त तथ्यांक अनुसार आ. व. २०६५।६६ को अन्त्यमा सार्वजनिक संस्थानहरूमा सरकारको शेयर लगानी रू. ८६ अर्ब १३ करोड र ऋण लगानी (आन्तरिक तथा बाह्य समेत) रू. ७९ अर्ब ४ करोड गरी जमा रू. १ खर्ब ६५ अर्ब १७ करोड पुगेको छ। कूल शेयर तथा ऋण लगानी क्रमशः ५२.१५ प्रतिशत र ४७.८५ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०६४।६५ मा ३६ वटा सार्वजनिक संस्थानहरूमध्ये १७ वटाले खुद मुनाफा आर्जन गरेका र १९ वटा संस्थान घाटामा सञ्चालित थिए भने आ. व. २०६५।६६ मा १८ वटा संस्थानहरू नाफामा र १८ वटा संस्थानहरू घाटामा सञ्चालित छन्। यी ३६ वटा संस्थानहरूको समग्र नाफा/नोक्सान विश्लेषण गर्दा आ. व. २०६४।६५ मा १७ वटा संस्थानको कूल नाफा रू. १० अर्ब ८३ करोड र १९ वटा संस्थानको कूल घाटा रू. ५ अर्ब ८९ करोड भइ कूल मुनाफा रू. ४ अर्ब ९४ करोड रहेको थियो। आ. व. २०६५।६६ मा १८ वटा संस्थानहरूले जम्मा रू. १७ अर्ब ९४ करोड नाफा आर्जन गरेका थिए भने १८ वटा संस्थानहरूले रू. ७ अर्ब ३९ करोड घाटा व्यहोरेका थिए। फलस्वरूप आ. व. २०६४।६५ को तुलनामा आ. व. २०६५।६६ मा कूल मुनाफामा वृद्धि भै रू. १० अर्ब ५५ करोड पुगेको देखिन्छ। आ. व.२०६५।६६ मा उल्लेखनीय नाफा आर्जन गर्ने संस्थानहरूमा नेपाल दूर संचार कम्पनी लिमिटेड (रू. १० अर्ब १८ करोड), नेपाल आयल निगम लिमिटेड (रू. ३ अर्ब ३१ करोड), राष्ट्रिय वाणिज्य बैंक लि. (रू. २ अर्ब ६ करोड), कृषि विकास बैंक लिमिटेड (रू. १ अर्ब ५ करोड) रहेका छन्। आर्थिक वर्ष २०६५।६६ मा नेपाल सरकारलाई औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल दूर सञ्चार कम्पनी लिमिटेड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र राष्ट्रिय वीमा संस्थान गरी जम्मा ४ वटा सार्वजनिक संस्थानहरूबाट रू. ३ अर्ब ४७ करोड लाभांश प्राप्त भएको छ जुन कूल शेयर लगानीको ४.०३ प्रतिशत हुन आउँछ। अघिल्लो आ. व. २०६४।६५ मा नेपाल सरकारलाई ४ वटा सार्वजनिक संस्थानहरूबाट रू. १ अर्ब ५१ करोड लाभांश प्राप्त भएको थियो।

## ३. समस्या तथा चुनौती

अन्तर मन्त्रालयगत समन्वयको कमीले संस्थानहरूको बिचमा एकै मापदण्ड लागू नहुनु, जनशक्ति व्यवस्थापन कमजोर रहनु, संस्थानहरूको नाफाभन्दा दायित्व बढेर जानु, संस्थानहरूमा व्यावसायिकता अभिवृद्धि नहुनु जस्ता समस्या रहेका छन् ।

संस्थानहरूमा प्रतिस्पर्धात्मक क्षमताको आधारमा नियुक्ति गर्ने, दीर्घकालीन व्यावसायिक कार्य योजनाको तर्जुमा र कार्यान्वयन गर्ने, संस्थानको उद्देश्य र सञ्चालन शैलीबीच तालमेल मिलाउने, सरकारी संस्थान सञ्चालनका लागि र निजी क्षेत्रको सहभागिता बढाउनका लागि स्पष्ट राष्ट्रिय नीति र सहमति गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

## ४. उद्देश्य

१. राज्यले सेवा पुऱ्याउनुपर्ने आवश्यक क्षेत्रमा मात्र सार्वजनिक संस्थानको सञ्चालन गर्ने नीति लिई सार्वजनिक संस्थानलाई बढी व्यवस्थित र संस्थागतरूपमा विकास गरी सेवा प्रवाहको लक्ष्य हासिल गर्ने ।

२. निजी तथा अन्य क्षेत्र नआउने तथा राज्य आफैले पूर्णरूपमा व्यहोर्न पर्ने दायित्व वहन गर्नमात्र सार्वजनिक संस्थानलाई प्रयोग गर्ने ।

## ५. रणनीति

१. सार्वजनिक संस्थानहरूको व्यवस्थापनलाई व्यावसायिक तथा उत्तरदायी बनाई त्यस्ता संस्थानको कार्यदक्षता र प्रभावकारिता अभिवृद्धि गर्ने ।

२. अत्यन्त महत्त्वपूर्ण र संवेदनशील सामाजिक क्षेत्रमा स्थापित सार्वजनिक संस्थानहरूलाई मात्र सरकारी स्वामित्वमा राखी व्यावसायिक ढंगले सञ्चालन गर्ने ।

३. राज्यले सञ्चालन गर्न आवश्यक नभएका सार्वजनिक संस्थानहरूलाई विनिवेश (Divest) गर्ने ।

## ६. कार्यनीति

१.१ सरकारले सञ्चालन गर्नुपर्ने सार्वजनिक संस्थानको संगठन र व्यवस्थापन (O & M) सर्वेक्षण गरी आवश्यक पद सुनिश्चित गरिनेछ र सोही अनुसार कर्मचारीको व्यवस्थापन गरिनेछ ।

१.२ कार्यसम्पादन करारका आधारमा सार्वजनिक संस्थानमा महाप्रबन्धक/कार्यकारी अधिकृत नियुक्ति गरिनेछ ।

१.३ व्यवस्थापनलाई उत्तरदायी बनाई सार्वजनिक संस्थानमा वित्तीय सुशासन कायम गरिनेछ ।

१.४ नाफा र कार्यसम्पादनसंग आवद्धगरी सार्वजनिक संस्थानको सञ्चालन र सुदृढीकरण हुने गरी मात्र बोनस तथा अन्य सुविधा प्रदान गरिनेछ ।

२.१ सार्वजनिक संस्थानहरूलाई दक्षतापूर्वक सञ्चालन गर्न व्यवस्थापन सुपरिवेक्षण तथा लेखा परीक्षण व्यवस्थाको सुदृढीकरण समेत गर्ने गरी नीतिगत र संस्थागत सुधार गरिनेछ ।

२.२ सार्वजनिक संस्थान स्थापना गर्दाको उद्देश्य, सञ्चालन प्रक्रिया र हालसम्मको नतिजालाई आधार मानेर वर्तमान सन्दर्भमा सार्वजनिक संस्थानको सञ्चालनमा सरकारी संलग्नता आवश्यक र उपयुक्त भए नभएको मूल्याङ्कन गरिनेछ ।

३.१ उपयुक्त व्यवस्थापन पद्धति अपनाएर सरकारी क्षेत्रमा सञ्चालन गर्न उपयुक्त संस्थानहरू तथा सरकार, निजी क्षेत्र साझेदारीमा सञ्चालन गर्न उपयुक्त संस्थानहरू छुट्टयाएर संस्थानहरूको वर्गीकरण गरिनेछ ।

३.२ विनिवेशको कार्यविधि बनाई सम्भाव्यता, आवश्यकता र पर्न सक्ने असर समेतमा बिचार गरी राज्यले सञ्चालन गर्न आवश्यक नठानेका सार्वजनिक संस्थानहरूको विनिवेश गर्दै लगिनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. सार्वजनिक संस्थानहरूको उत्पादकत्व बढेको हुनेछ ।
२. संस्थानहरूको वित्तीय दायित्व कम भएको हुनेछ ।
३. निजी क्षेत्र र सर्वसाधारणहरूको संस्थान सञ्चालनमा सहभागिता बढेको हुनेछ ।
४. बेरूजु फछ्यौंटमा सुधार आएको हुनेछ ।
५. सरकारी दायित्व न्यून भएको हुनेछ ।
६. सरकारी क्षेत्र सलग्न हुन नपर्ने कार्यमा संलग्न सार्वजनिक संस्थानको पहिचान गरी तिनको विनिवेश प्रक्रिया अघि बढेको हुनेछ ।

## ४.१३ निजी क्षेत्र विकास

### १. पृष्ठभूमि

विगतका योजनाहरूले निजी क्षेत्रलाई देशको आर्थिक वृद्धिको प्रमुख संवाहकको रूपमा अगाडि बढाउने नीति लिए पनि लगानी मैत्री वातावरणको अभाव तथा पूर्वाधारको कमीले गर्दा नेपालको निजी क्षेत्र अपेक्षा अनुरूप अगाडि वढ्न सकेन । नियन्त्रित अवस्थाबाट विस्तारै उदार अवस्थामा आउँदा सन् १९९० को दशकमा केही सकारात्मक प्रगतिको लक्ष्यण देखिए पनि यो दिगो हुन सकेन । सरकारले यस क्षेत्रको विकासका लागि उदारीकरण तथा निजीकरणको नीति ल्याए पनि औद्योगिक असुरक्षा, अशान्ति र केही हदसम्म निजी क्षेत्रमा उद्यमशीलताको अभावले गर्दा नेपालको निजी क्षेत्रले अपेक्षित गति लिन सकेको छैन ।

### २. अद्यावधिक स्थिति

यस योजना अवधिमा देशमा शान्ति सुरक्षाको स्थितिमा सुधार आएता पनि निजी क्षेत्र त्यति गतिशील हुन सकेन । यस अवधिमा निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न नेपाल व्यवसाय मंच गठन गरिएको थियो भने लगानी प्रबर्द्धन वोर्ड गठन गर्ने प्रक्रिया शुरू गरिएको थियो । साथै निजी क्षेत्रको लगानी विस्तार गर्न औद्योगिक पूर्वाधार निर्माणहरू सरकारको लगानी बढाउने कार्य पनि भएको थियो ।

### ३. समस्या तथा चुनौती

मुलुकमा अझै विद्यमान् रहेको राजनीतिक अस्थिरता, नीतिगत अस्पष्टता र कार्यान्वयन तहमा रहको व्यक्तिहरूको छिटो छिटो परिवर्तन, श्रम र ऊर्जाको नियमित आपूर्तिमा कमी, चन्दा र फिरौती जस्ता कारणले गर्दा लगानीको वातावरण अनुकूल भएको छैन ।

लगानी मैत्री वातावरण बनाउने, सवै वस्तु तथा सेवाको उत्पादन लागतमा कमी गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ४. उद्देश्य

सरकारको एक विकास साझेदारको रूपमा लगानी, उत्पादन, वितरण, सामाजिक विकास एवं रोजगारीमा निजी क्षेत्रको संलग्नतामा वृद्धि गरी निजी क्षेत्रको संलग्नतामा बृद्धि गर्ने ।

### ५. रणनीति

१. वस्तु र सेवाको उत्पादन र वितरण, एवं विकास आयोजनाहरूको (खास गरी ठूला आयोजना) निर्माण समेतमा निजी लगानी प्रोत्साहित गर्ने ।

२.	निजी क्षेत्रको लगानी प्रबर्द्धन गर्नका लागि औद्योगिक प्रतिष्ठानमा कार्यरत श्रमिक एवं कर्मचारीहरूलाई सुरक्षित कामको वातावरणमा उचित पारिश्रमिक दिइ लचिलो श्रम सम्बन्ध कायम गर्ने ।
३.	सुमधुर औद्योगिक सम्बन्ध विकास गर्न औद्योगिक सुरक्षाको वातावरण मिलाउने ।
४.	लगानीको उपयुक्त वातावरण निर्माण गर्ने ।
५.	निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने तथा पारदर्शी बनाउने ।

**६. कार्यनीति**

१.१	लगानीको स्रोत र क्षमता अभिवद्धि गर्न वित्तीय तथा मौद्रिक नीतिहरू उपयुक्त रूपले परिचालन गरिनेछ ।
१.२	निजी क्षेत्रको उत्तरदायित्व र अभिभारा स्पष्ट गरिनेछ ।
२.१	श्रम सुरक्षालाई ध्यान दिइ लचिलो श्रम नीति अपनाइनेछ ।
३.१	औद्योगिक सुरक्षाबल गठन गरी औद्योगिक क्षेत्रमा सुरक्षा प्रदान गरिनेछ ।
४.१	निजी क्षेत्रको विकास गर्न नयाँ औद्योगिक नीतिको तर्जुमा गरी आवश्यक अन्य नीति नियमहरूको पनि परिमार्जन तथा विकास गरिनेछ ।
४.२	निजी क्षेत्र विकास गर्नका लागि यस क्षेत्रको नियमनकारी संस्थाको विकास गरिनेछ ।
४.३	उद्योगको सञ्चालन गर्न पाउने क्षेत्रको पहिचान गरी बाह्रै महिना उपलब्ध हुने गरी विद्युत् आपूर्ति लगायतका अन्य सेवा उपलब्ध गराइनेछ ।
४.४	लगानी उत्प्रेरित गर्न आवश्यक पूर्वाधार क्षमता उपलब्ध गराइनेछ ।
४.५	लगानी वोर्डको स्थापना गरिनेछ ।
५.१	निजी क्षेत्रलाई पारदर्शी तथा क्षमतावान बनाइनेछ ।
५.२	उद्यमशीलता विकास गर्न उद्यमी तालिम विस्तार गरिनेछ ।

**७. अपेक्षित उपलब्धि**

१.	निजी क्षेत्रको लगानीमा अभिवृद्धि भएको हुनेछ ।
२.	निजी क्षेत्रको, क्षमता र उत्तरदायित्वमा अभिवृद्धि भएको हुनेछ ।

## ४.१३.१ निजी, सरकारी तथा सहकारी/सामुदायिक क्षेत्र साझेदारी

**१. पृष्ठभूमि**

जनताको बढ्दो आकांक्षा र सरकारको भूमिका विस्तारले सबै क्षेत्रमा सरकारको उपस्थितिको माग बढे पनि साधन स्रोतको सीमितताका कारण विकासका अन्य साझेदारहरूलाई विकास प्रक्रियामा आकर्षित आवश्यक छ। आर्थिक सामाजिक विकासको क्षेत्रमा सरकारले निजी क्षेत्रलाई विकासको साझेदारको रूपमा स्वीकार गरेको छ। निजी क्षेत्रको संलग्नताले लागत प्रभावकारिता बढाउने हुन्छ। विशेष गरी भौतिक पूर्वाधारको क्षेत्रमा सरकारले सार्वजनिक निजी साझेदारीको अवधारणा अगाडि ल्याएको छ। सरकारले निजी क्षेत्रलाई विश्वासमा लिएर लगानी प्रतिफलको पूर्व अनुमान गरी आवश्यक नीति र कानुन तयार गरेर साझेदारी अवधारणालाई अगाडि बढाउनु पर्छ। यस सम्बन्धी नीति र कानुनमा साझेदारहरूको अधिकार र कर्तव्यको वारेमा स्पष्ट पार्नुपर्छ।

निजी, सरकारी, सहकारी/सामुदायिक साझेदारीलाई अगाडि बढाउन सकिए सबै सहभागीहरू सम्मिलित भइ साधनको उचित परिचालन र प्रयोग तथा जनतालाई वास्तविक रूपमा फाइदा पुगी सरकारी अथवा

निजी अथवा सहकारी/सामुदायिक क्षेत्र एक्लैले मात्रै गर्न नसकेका कार्यहरूको सम्पादन भइ वृहत्तर समावेशी आर्थिक विकासमा सहयोग पुग्ने देखिन्छ ।

## २. अद्यावधिक स्थिति

योजना अवधिमा सरकारी निजी साझेदारीमा वृद्धिल्याउन नेपाल व्यवसाय मंचको गठन गरिएको थियो । नेपालको अन्तरिम संविधान २०६३ अनुरूप निजी, सरकारी र सहकारी क्षेत्रको साझेदारीमा भने अपेक्षित रूपमा प्रगति हुन सकेन । हालै राष्ट्रिय योजना आयोगले निजी सरकारी साझेदारीको श्वेतपत्र तयार गरी प्रकाशनमा ल्याएको छ ।

## ३. समस्या तथा चुनौती

स्थानीय निकायहरूमा सार्वजनिक, निजी, सहकारी/साझेदारीको संस्थागत संरचना नहुनु, विद्यमान् आर्थिक ऐन नियममा निजी, सरकारी तथा सहकारी/सामुदायिक क्षेत्र साझेदारीको अवधारणामा लगानी गर्ने प्रावधान र सुस्पष्ट नीतिको कमि हुनु, वित्तीय संस्थाहरूबाट हुने लगानीमा सार्वजनिक निजी साझेदारीमा लगानी गर्ने प्रावधान नहुनु, सार्वजनिक निजी साझेदारीमा विदेशी लगानी आकर्षित गर्नका लागि लगानीको वातावरण नहुनु, कमजोर पूँजी बजारको कारणले पूँजी संकलनको समस्या हुनु, सरकारी निकाय र निजी क्षेत्रलाई प्राविधिक सहायता दिन सार्वजनिक निजी साझेदारी केन्द्र नहुनु जस्ता सार्वजनिक निजी साझेदारीको अवधारणालाई व्यवहारमा उतार्ने प्रयत्नको मार्गमा विद्यमान् समस्याहरू हुन् ।

निर्माण-स्वामित्व-सञ्चालन-हस्तान्तरण सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन प्रभावकारी बनाउने, निजी, सरकारी तथा सहकारी/सामुदायिक साझेदारीको स्पष्ट नीतिगत व्यवस्था र स्वरूपको कार्यान्वयन प्रभावकारी बनाउने जस्ता कार्यहरू चुनौतीपूर्ण रहेका छन् ।

## ४. उद्देश्य

१. देशको समग्र आर्थिक विकासमा योगदान गर्न र पर्याप्त रोजगारी सिर्जना गर्नको लागि निजी क्षेत्र तथा सामुदाय/सहकारी क्षेत्रको साझेदारी/सहभागिता हुने अवसरहरूको सिर्जना गर्ने ।

२. निजी तथा सामुदायिक/सहकारी क्षेत्रको हित सुनिश्चित गर्दै साझेदारहरूका बीचमा जोखिम प्रतिफलको उचित हिस्सा वितरण हुने व्यवस्था मिलाउने ।

## ५. रणनीति

१. सरकारी, समुदाय/सहकारी तथा निजी साझेदारीद्वारा एक पक्षले मात्र गर्न नसकिने क्रियाकलापहरूमा तीनै क्षेत्रमध्ये सबै वा आवश्यक क्षेत्र समेटी विकासका लक्ष्यहरू हासिल गर्ने ।

२. सरकारी, समुदाय/सहकारी र निजी साझेदारी विकास हुने वातावरण सिर्जना गर्ने ।

## ६. कार्यनीति

१.१ सार्वजनिक, समुदाय/सहकारी तथा निजी साझेदारी अन्तर्गत पूर्वाधार निर्माण तथा सामाजिक क्षेत्रमा संलग्नता बढाउने ।

१.२ सार्वजनिक, निजी, समुदाय/सहकारी क्षेत्रको लगानीका लागि संभावित क्षेत्रको अध्ययन गरिनेछ ।

२.१ विद्यमान् सार्वजनिक/निजी साझेदारी नीतिमा भएका विरोधाभासपूर्ण प्रावधानको परिमार्जन गरी साझेदारी सम्बन्धी नीति र ऐन कानुनको निर्माण गरिनेछ ।

२.२ सरकारी, निजी तथा समुदाय/सहकारी क्षेत्रले भोग्नुपरेका लोडसेडिङ्ग सम्बन्धी, श्रम सम्बन्ध सम्बन्धी र सुरक्षा सम्बन्धी समस्याहरूको उचित समाधान गरिनेछ ।

२.३ सार्वजनिक निजी साझेदारी प्रवर्द्धनको लागि आवश्यक लगानी दस्तावेज तयार गर्न, कार्ययोजनाहरू लागु गर्न तथा नियमन र सुपरिवेक्षण गर्न छुट्टै संस्थाको स्थापना र विकास गरिनेछ ।

२.४ स्पष्ट नीति, र दायित्व परिभाषित गरी संलग्न सवै पक्षको हित सुरक्षा हुने गरी आयोजनाहरूमा साझेदारहरूको सहभागिता गरिनेछ र फाइदा तथा जोखिम समतामूलक रूपमा बहन गर्ने व्यवस्था मिलाइनेछ ।

२.५ सरकार, निजी तथा समुदाय/सहकारी क्षेत्रका बीचमा लगानीका निम्ति विश्वासको वातावरण सिर्जना गरिनेछ ।

### ७. अपेक्षित उपलब्धि

१. सम्भाव्यता, अवसर, क्षेत्र र तुलनात्मक लाभको आधारमा वृहत, मझौला तथा साना आयोजना समेतमा साझेदारीबाट लगानी अभिवृद्धि भएको हुनेछ ।

२. साझेदारीबाट समझदारी र आपसी सहकार्यमा अभिवृद्धि भएको हुनेछ ।

## ४.१४ सम्झौतीत बचत तथा लगानी

### १. पृष्ठभूमि

नेपालमा सम्झौतीत वचत (Contractual Saving) मूलतः सञ्चय कोष प्रणालीको रहेको छ । कर्मचारी संञ्चयकोष र आयकर ऐन, २०५८ अन्तर्गत विभिन्न संघ संस्थाहरुले अवकास कोषहरू मार्फत यस्तो दीर्घकालीन प्रवृत्तिको वचत परिचालन गरिरहेका छन् । संझौतीत वचत परिचालन गर्ने निकायहरूको संस्थागत सुदृढीकरण एवं सुशासनको माध्यमबाट कार्यकुशलता र विश्वसनीयता अभिवृद्धि गरी परिचालित वित्तीय साधनलाई मुलुकको पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नु आवश्यक छ ।

मुलुकको समग्र आर्थिक विकासको लागि वचत परिचालनलाई प्रोत्साहित गरी लगानी अभिवृद्धि एवं पूँजी बजारको विकासमा गतिशीलता ल्याउने उद्देश्यले स्थापना भएको नागरिक लगानी कोषले विविध प्रकारका दीर्घकालीन प्रवृतिको बचत परिचालन गर्दै आएकोछ । हाल कोषले यस्तो दिर्घकालिन वचत परिचालनको दायरा फराकिलो बनाउनुको साथै दक्ष र व्यावसायिक ढंगबाट स्रोत व्यवस्थापन गर्नु आवश्यक देखिएको छ ।

### २. अद्यावधिक स्थिति

संझौतीत वचत परिचालन गर्ने प्रमुख निकाय कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०६६।६७ को अन्त्यसम्ममा कर्मचारी बचत वृद्धि अवकास कोष, नागरिक एकांक योजना, लगानी कर्ता हिसाव योजना, उपदान कोष योजना, निजामति वीमा कोष र शिक्षक वीमा कोष आयोजनाहरु मार्फत खुद रू.२० अर्ब १४ करोड वचत परिचालन गरेकोछ भने झन्डै ३ लाख व्यक्तिहरूलाई यस्तो वचतको दायरामा समेट्न सफल भएकोछ । अर्कोतर्फ, लगानीलाई विविधीकरण गरी पूर्वाधार विकासको क्षेत्रमा समेत स्रोत परिचालन गर्ने उद्देश्यले माथिल्लो तामाकोशी परियोजनामा रू. १० अर्व कर्जा प्रदान गर्ने तथा उक्त परियोजनामा सञ्चयकर्तालाई रू. २ अर्व वरावरको शेयरमा सहभागिता गराउन नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता भएकोछ । योजना अवधिमा कोषको एकल कर्जा तर्फको निस्क्रिय कर्जा २ प्रतिशतमा सिमित हुन सकेको छ ।

योजना अवधिमा कोषले सञ्चयकर्तालाई प्रदान गर्ने व्याजदर, दुर्घटना क्षतिपूर्ति र काजक्रिया अनुदानको रकम वृद्धि गरेकोछ । त्यसै गरी, सूचना प्रविधिको उच्चतम उपयोगबाट सञ्चयकर्तालाई प्रदान गर्ने सेवालाई गुणस्तरयुक्त बनाउन e-Service को प्रारम्भ गरेकोछ । त्यसैगरी, कोषलाई स्पष्ट दृष्टिकोण र

व्यावसायिक योजनाका साथ अघि बढाउन २०६५ माघमा अर्थमन्त्रालय र कोषका प्रशासकबीच पाँच वर्षे समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो कार्यसम्पादन सम्झौताले कोषको पाँच वर्षे न्यूनतम कार्यक्रम, कार्यदिशा र गन्तव्यको मार्गचित्र पहिचान हुन सकेको छ ।

नागरिक लगानी कोषले रू.१.४४ करोड चुक्ता पूँजीबाट आफ्नो सेवाको शुरूवात गरेकोमा अन्तरिम योजनाको अन्तिम वर्ष सम्ममा यस्तो पूँजी रू.१० करोड पगेको छ । कोषमा सहभागी हुने सेवाग्राहीहरूको संख्या प्रत्येक वर्ष उल्लेखनीय रूपमा वृद्धि भइरहेकोछ। कोषको बचत कार्यक्रमहरू Investment Trusty को अवधारणा अनुसार सञ्चालन भएकोले आर्जित नाफा कार्यक्रमका सहभागीहरूलाई समानुपातिक रूपमा वितरण गर्ने नीति रहेकोछ। योजनाको अन्तिम वर्ष सम्ममा कोषले विभिन्न ६ प्रकारका बचत योजना र पूँजीबजार सेवाको कारोवार सञ्चालन गरिरहेको छ।

### ३. समस्या तथा चुनौती

सम्झौतीत बचत परिचालन गर्ने सामाजिक सुरक्षण संस्थाको नियमनका लागि छुट्टै नियामकको व्यवस्था हुन नसक्नु, पर्याप्त प्राविधिक जनशक्ति तथा सूचना प्रविधिको विकास हुन नसक्नु, लगानी विविधीकरण गर्न नसक्नु तथा ग्राहक सेवामा समयसापेक्ष परिवर्तन र सुधार गर्न नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

कोषको वित्तीय कारोवार अपेक्षित रुपमा कम्प्युटरीकृत गर्ने, मुलुकमा लगानीको उपयुक्त बातावरण बनाउने, वित्तीय बजार अस्थिर रहेको कारण प्रतिफलयूक्त र सुरक्षित लगानीको क्षेत्र पहिचान गर्ने, विभिन्न निजी एवं संगठित क्षेत्रमा कार्यरत कामदार तथा कर्मचारीहरू, वैदेशिक रोजगारमा गएका व्यक्तिहरू तथा विभिन्न पेशा तथा व्यवसायमा संलग्न व्यक्तिहरूलाई सामाजिक सुरक्षणको दायरामा ल्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ४. उद्देश्य

१. प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी वचत परिचालन अभिवृद्धि गर्ने ।

२. दीर्घकालीन वचत परिचालन अभिवृद्धि गर्न साना तथा मझौला स्तरका वचतकर्ताहरू आकर्षित गर्ने, संगठित संघसंस्थाहरूलाई दीर्घकालीन दायित्वहरु नागरिक लगानी कोषमा जम्मा गर्न प्रोत्साहित गर्ने र सरकारी क्षेत्र बाहेक अन्य क्षेत्रहरूमा समेत सामाजिक सुरक्षा प्रदान गर्न पेन्सन योजनाहरू लागु गर्न प्रेरित गर्ने ।

### ५. रणनीति

१. कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र अन्य अवकाश कोषहरुको नियमन गर्न स्वतन्त्र नियामक संस्थाको व्यवस्था गर्ने ।

२. सञ्चयकर्ताको उच्चतम हित हुने गरी वित्तीय साधनलाई आवास तथा पूर्वाधार विकासको क्षेत्रमा समेत प्रवाह गर्ने ।

३. सम्झौतीत कोषहरूको दायरा विस्तार गर्ने तथा सञ्चयकर्ताको निमित्त योगदानमुखी अन्य सामाजिक सुरक्षण सुविधाहरु प्रारम्भ गर्ने ।

४. कोषहरूको कार्यक्रमहरूलाई प्रभावकारी र प्रतिफलमुखी बनाउने ।

५. प्रभावकारी वचत परिचालन तथा लगानी अभिवृद्धि गरी कारोवारको दायरा फराकिलो बनाउने ।

६. कोषको व्यवस्थापनमा समयसापेक्ष सुधार गर्ने ।

७. सूचना प्रणालीलाई प्रभावकारी बनाई प्रयोगमा ल्याउने ।

## ६. कार्यनीति

१.१ कर्मचारी सञ्चय कोष र अन्य अवकाश कोषहरुको नियमनका लागि कानूनी तथा संरचनागत व्यवस्थाद्वारा स्वतन्त्र नियामकको व्यवस्था गरिनेछ ।

१.२ सार्वजनिक/निजी साझेदारी तथा सार्वजनिक/सार्वजनिक साझेदारी समेतको प्रक्रिया अवलम्वन गरी सञ्चयकर्ताको हित सुनिश्चित हुने गरी भौतिक पूर्वाधारका राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाहरूमा कोषको स्रोत परिचालन गरिनेछ ।

२.१ संगठित एवं निजीक्षेत्रका सवै संस्थागत रोजगारलाई कोषमा आबद्ध गरी उनीहरूको सामाजिक सुरक्षणको प्रत्याभूति गर्न नीतिगत सुधार गरिनेछ ।

२.२ कर्मचारी बचत वृद्धि अवकाश कोषका सहभागीलाई अतिरिक्त प्रतिफल सुविधा दिने नीतिगत व्यवस्था गरिनेछ ।

३.१ सञ्चयकर्ताका लागि अंशदानमुखी स्वास्थ्य वीमा कार्यक्रम प्रारम्भ गर्ने ।

३.२ लगानी नीतिलाई परिमार्जन गरी सार्वजनिक निजी साझेदारी अन्तर्गत लगानीलाई पूर्वाधार निमार्ण तथा परियोजना क्षेत्रमा प्रवाहित गरिनेछ ।

३.३ ग्राहक सेवासुविधालाई सहज, प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

४.१ कोषमा जम्मा भएको रकमलाई अवकाश पश्चात स्वेच्छिकरुपमा ब्ललगष्तथ मा लगानी गर्ने व्यवस्था गरी सञ्चय कोषलाई निजीक्षेत्रको समेत निबृत्तिभरण कोषको रुपमा विकास गरिनेछ ।

५.१ बचत परिचालन कार्यक्रमलाई दीर्घकालीन बचत परिचालनतर्फ केन्द्रित गरिने नीतिलाई प्राथमिकता दिइनेछ ।

५.२ बचत परिचालनसँग सम्बन्धित गतिविधिहरूको प्रचार प्रसारमा वृद्धि गरी सहभागी संख्या बढाउन पहल गरिनेछ भने बचतकर्तालाई वितरण गरिने प्रतिफलमा समयसापेक्ष सुधार गरिनेछ ।

५.३ लगानीलाई साधारणतया जोखिम, कार्यक्रमको अवधि र प्रकृति तथा प्रतिफलको आधारमा परिचालन गर्दै जाने नीति लिइनेछ ।

६.१ कोषका सेवाहरूलाई एक अर्कोमा पारस्परिक रूपमा अन्तर्सम्बन्धित बनाइनेछ ।

६.२ पूँजीबजार सेवालाई प्रभावकारी तथा साधन सम्पन्न बनाइनेछ भने ट्रष्टि कस्टोडियन तथा शेयर रजिष्ट्राट सम्बन्धी सेवाहरूलाई पूर्णरूपमा यान्त्रीकीकरण गरिनेछ ।

७.१ सूचना प्रणालीलाई व्यवस्थित बनाइनेछ ।

## ७. अपेक्षित उपलब्धि

१. कर्मचारी सञ्चय कोषलगायत सम्झौतीत बचत परिचालन गर्ने निकायको नियामकको व्यवस्था भइ संस्थागत सुशासन सुनिश्चित भएको हुनेछ ।

२. कर्मचारी सञ्चय कोषको लगानीमा विविधीकरण भइ सञ्चयकर्ताले प्राप्त गर्ने प्रतिफलमा वृद्धि भएको हुनेछ ।

३. दीर्घकालीन बचत परिचालनका क्षेत्र र दायर विस्तार हुनेछ ।

४. सामाजिक सुरक्षाको दायरा र क्षेत्र फराकिलो र व्यापक हुँदै जानेछ ।

५. कोषको लगानी विविधीकरण भइ उत्पादनशिल र दीर्घकालीन प्रकृतिका आयोजनाहरूमा समेत लगानी प्रवाहित भएको हुनेछ ।

६. सरकारी तथा निजी संघसंस्थाहरूको दीर्घकालीन दायित्वलाई कोषयुक्त प्रणालीमा रूपान्तरण गर्न सहयोग पुग्नेछ ।

७. कोषमा आबद्ध हुने सहभागीहरूको संख्या बढ्दै जानेछ ।

## ४.१५ सहकारी क्षेत्र विकास

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान २०६३ मा सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरिए अनुरूप मुलुकको समग्र विकासमा सहकारी क्षेत्रबाट महत्त्वपूर्ण योगदान हुने अपेक्षा गरिएको छ । सहकारिताको मूल्य, मान्यता र सिद्धान्तहरूमा आधारित सदस्य केन्द्रित सेवामुखी व्यावसायिक संगठनहरू नै यथार्थमा सहकारी संघ/संस्थाहरू हुन् । समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गरी सम्वृद्ध समाजको निर्माण गर्न सहकारी संघ संस्थाहरू सशक्त माध्यमको रूपमा स्थापित भएका छन् ।

### २. अद्यावधिक स्थिति

नेपालमा सहकारी संघ संस्थाहरूको सञ्जाल देशव्यापी रूपमा विस्तार भएको छ । हाल मुलुकमा २० हजारभन्दा बढी प्रारम्भिक सहकारी संस्थाहरू, १० विषयगत केन्द्रीय संघहरू, १ राष्ट्रिय सहकारी वैंक, १ राष्ट्रिय सहकारी संघ, ६६ जिल्ला सहकारी संघ र १२७ विषयगत जिल्ला सहकारी संघहरू क्रियाशील रहेका छन् । यी संघ संस्थाहरूमा २२ लाखभन्दा बढी सदस्यहरू आबद्ध रहेका छन् । कूल सदस्यहरू मध्ये महिला सहभागिता ४२ प्रतिशत रहेको छ । महिलाहरूद्वारा मात्र सञ्चालित १६००भन्दा बढी सहकारी संस्थाहरू क्रियाशील छन् । सहकारी क्षेत्रबाट वार्षिक करीब रू १ खर्वको आर्थिक कारोवार हुँदै आएको छ । कूल वित्तीय कारोवारमा सहकारीको हिस्सा १० प्रतिशतभन्दा बढी रहेको छ । सहकारी संस्थाहरूको कूल शेयर पूँजी रू १० अर्व, संकलित बचत निक्षेप रकम रू ५८ अर्व र लगानी रू ६२ अर्व रहेको छ । सहकारी क्षेत्रले मुलुकको कूल गार्हस्थ उत्पादनमा २ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ । सहकारी संघ संस्थाहरूमा ५० हजारभन्दा बढी नेपाली नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । गत योजना अवधिमा १५० जना सहकारी प्रशिक्षकहरू तयार भएका र ४८,००० सहकारीकर्मीहरूले सहकारी सम्बन्धी अभिमुखीकरण लगायत विभिन्न प्रकृतिका तालिम प्राप्त गरेका छन् । महिला, आदिबासी/जनजाती, दलित, मधेशी, मुस्लिम लगायत पिछडिएको वर्ग र क्षेत्रका समुदायमा सहकारीले प्रवेश पाएकोले जनसहभागितामा समेत उल्लेखनीय वृद्धि भएको छ । राज्य र निजी स्तरको पहुँच नपुगेका क्षेत्र तथा समुदायमा सहकारिताको माध्यमबाट उद्यमको विकास हुन थालेको छ ।

### ३. समस्या तथा चुनौती

दीर्घकालीन योजनाको अभावमा सहकारी क्षेत्रको योजनाबद्ध विकास हुन सकेको छैन । सहकारी ऐन, नियम तथा मापदण्डहरूको समय सापेक्ष सुधार र परिमार्जन हुन नसकेको कारणबाट नियमन तथा अनुगमन प्रभावकारी हुन सकेको छैन । अपर्याप्त संगठन संरचना, दक्ष तथा आवश्यक जनशक्तिको कमी र न्यून साधन स्रोतका कारण सहकारी क्षेत्रको समायानुकूल प्रबर्द्धन हुन सकेको छैन । सहकारी संघ संस्थाहरूमा उद्यमशीलताको अभाव हुनुको साथै व्यावसायिक नेतृत्व विकासमा पहल हुन सकेको छैन । एकातर्फ सबै प्रारम्भिक संस्थाहरू सम्वन्धित संघमा आबद्ध भइ नसकेको र अर्को तर्फ व्यावसायिक क्षमताको अभाव एवं कमजोर भौतिक तथा आर्थिक स्थितिका कारण सहकारी संघहरूले प्रारम्भिक सहकारी संस्थाहरूको प्रबर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेका छैनन् । सहकारी शिक्षा, सूचना र तालिमको अपर्याप्तताले सहकारी संस्थाहरूको व्यवस्थापकीय ज्ञान र दक्षता सुदृढ हुन सकेको छैन । बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूको बचत निक्षेप तथा लगानीको क्षेत्र संकुचित रहेको र ग्रामीण क्षेत्रका सहकारी संस्थाहरूमा लगानी गर्ने पूँजीको समेत अभाव रहेको छ । सरकारी निकाय तथा सहकारी अभियन्ताहरूवीच आपसी समन्वय र सहकार्यको कमी रहेको छ ।

सहकारी सम्बन्धी राष्ट्रिय नीति बनाउने र दीर्घकालीन सहकारी योजना तर्जुमा गरी सहकारी निकायहरूको प्रभावकारिता अभिवृद्धि गर्ने प्रमुख चुनौती रहेको छ । पूर्वाधारहरूको विकासबाट कृषि सहकारी संस्थाहरूको उत्पादन र बजार प्रणाली बीच सामञ्जस्यता कायम गरी उत्पादक र उपभोक्ताहरूलाई पारस्परिक लाभ उपलब्ध गराउने । पूँजी र प्रविधिको पर्याप्त व्यवस्था गरी सहकारी उद्योगहरू स्थापना मार्फत रोजगारीको सिर्जना र गरीबी न्यूनीकरण गर्ने, समयानुकूल सहकारी ऐन नियम परिमार्जन गरी कानूनी व्यवस्था कायम गर्ने, उपयुक्त सांगठनिक संयन्त्र र पर्याप्त शिक्षा, सूचना र तालिमको सुनिश्चितताबाट सहकारी मूल्य, मान्यता र सिद्धान्तको प्रयोग गरी सहकारी क्षेत्रको योगदान बढाउने, सहकारी उद्यमहरूको स्थापनामा अन्य सरकारी निकायको भूमिका सशक्त पार्नुका साथै सम्वद्ध कानूनहरू अनुकूल बनाई सहकारीक्षेत्रको लगानीमा विस्तार गर्ने जस्ता चुनौतीहरू रहेका छन् ।

**४. दीर्घकालीन सोच**

सामुदायिक र लोककल्याणकारी आर्थिक विकासका माध्यमबाट गरीबी न्यूनीकरणमा सहयोग पु-याउने ।

**५. उद्देश्य**

सहकारीताको माध्यमबाट आम जनताहरूको श्रम, सीप, पूँजी तथा स्रोतलाई सामूहिक हितका लागि संगठित रूपमा परिचालन गरी आर्थिक सम्मृद्धि, सामाजिक रूपान्तरण र समन्यायिक विकासको आधारशीला तयार गर्ने ।

**६. रणनीति**

१. विपन्न तथा पिछडिएका वर्ग लगायतका समुदायलाई सहकारितामा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको भूमिका खेल्न सक्ने अर्थतन्त्रको सबल स्तम्भको रूपमा विकास गर्ने ।

२. वञ्चितीकरणमा परेका समुदाय लगायतका सवै वर्ग तथा जातजाति समेतको समावेशी र समन्यायिक विकासमा सहकारी मार्फत टेवा पु-याउने र वित्तीय क्षेत्रमा सवैको पहुँच अभिवृद्धि गर्ने ।

३. सहकारी खेती, सहकारी उद्योग, सहकारी वितरण सेवा, सहकारी बैंकिङ्ग सेवा र सहकारी व्यवसायको विकास तथा प्रवर्द्धनका लागि आवश्यक नीतिगत तथा भौतिक पूर्वाधार र सुविधाको व्यवस्था गर्ने ।

४. सहकारी संघ संस्थाहरूको स्थापना र सञ्चालनका आधार र मापदण्डहरू स्पष्टरूपले परिभाषित गरी सहकारी संघ/संस्थाहरूको स्वनियमन तथा प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने ।

५. बहु उद्देश्यीय सहकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने ।

**७. कार्यनीति**

१.१ सहकारी संस्थाहरूमा हुने गैर सहकारी अभ्यासहरूबाट सहकारी अभियानलाई मुक्त गरिनेछ ।

१.२ सहकारी अभियानमा संलग्न निकायहरूलाई व्यावसायिक तथा सहभागितामूलक हुने किसिमले पुनः संरचना गरिनेछ ।

१.३ सहकारीतालाई कृषि प्रसार, पूर्वाधार विकास, बजारीकरण तथा स्थानीय स्रोत परिचालनको माध्यमको रूपमा विकास गरिनेछ ।

१.४ कृषि उपजका साथै गैर कृषि उपजहरूको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण गर्न सहकारी संघ/संस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।

१.५ कृषि क्षेत्रमा उत्पादन तथा लगानी प्रवर्द्धन, पूँजी विकास, पूँजी बजारीकरण, कृषि तथा पशु वीमाका लागि सहकारीलाई सशक्त माध्यमको रूपमा विकास गरिनेछ ।

२.१ सार्वजनिक वितरण प्रणालीलाई प्रभावकारी बनाई आम उपभोक्तालाई सहज र सुपथ मूल्यमा दैनिक उपभोग्य वस्तुको विक्री वितरण गर्न सहकारी पसलहरू सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२.२ सहकारीताको माध्यमबाट समाजका कमजोर वर्ग तथा वञ्चितीकरणमा परेका समुदायको उत्थान गर्ने विशेष कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

२.३ युवा पुस्तालाई सहकारीमा आबद्ध गराउन सहकारी मार्फत ग्रामीण युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१ सहकारिताको विकासका लागि आवश्यक सरकारी सहयोगको सुनिश्चितता गरिनेछ ।

३.२ ग्रामीण स्वावलम्वन कोष, गरीबी निवारण कोष, लघुवित्त कोष लगायतका कोषमा उपलब्ध स्रोत समन्वयात्मक रूपमा सहकारी संस्थाहरू मार्फत पनि परिचालन गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

३.३ सरकार-सहकारी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन हुने स्थानीय विकास निर्माण र सामाजिक सेवा प्रवाहका कार्यहरू स्थानीय सहकारी संघ संस्थाहरू मार्फत पनि सञ्चालन गरिनेछ ।

३.४ माध्यमिक तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रममा सहकारी शिक्षाको अध्ययन/अध्यापन गर्न प्रोत्साहित गरिनेछ ।

३.५ सहकारी संघ संस्थाहरू मार्फत सहकारी शिक्षा तथा चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरी सहकारी संस्थाहरूको व्यावसायिक क्षमता विकास गरिनेछ ।

४.१ विद्यमान् सहकारी ऐनमा समयानुकूल संसोधन र आवश्यकता बमोजिम क्षेत्रगत ऐनको तर्जुमा गरी सहकारीको नियमन तथा अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ ।

४.२ सहकारी संघ/संस्थाहरूको कारोवार व्यवस्थित गर्न सहकारी लेखाङ्कन र लेखापरीक्षण मापदण्ड, कार्य सम्पादनस्तर सूचकाङ्क र वित्तीय स्वसक्षमताका मापदण्डहरू स्वीकृत गरी लागु गरिनेछ ।

४.३ स्वनियमन मापदण्ड तथा पारदर्शिता प्रक्रिया मार्फत नियमनकारी छुट सीमा कायम गरी ग्रामीण क्षेत्रका साना सहकारी संस्था माथिको अनुगमन सम्बन्धी कार्य बोझमा कमी ल्याई ठूला संस्थाको सघन अनुगमनतर्फ ध्यान केन्द्रित गरिनेछ ।

४.४ सहकारी ऐन, नियम र वित्तीय अनुशासन कायम गर्ने प्रचलित कानून विपरित काम गर्ने संस्थाका संचालक र सहकारी संस्थाबाट कर्जा लिई निर्धारित समयमा ऋण नतिर्ने व्यक्तिहरूलाई कारवाही गर्ने तथा कालो सूचीमा अङ्कित गर्ने र सहकारी र वैंक तथा वित्तीय संस्थाको कालो सूचीमा रहेका व्यक्तिहरूलाई सहकारी संस्थामा संलग्न हुन र कारोवार गर्न रोक लगाउने नीति लिइनेछ ।

५.१ ग्रामीण स्तरमा बहुउद्देश्यीय सहकारी संस्थाहरूलाई प्रवर्द्धन गर्न विशेष सुविधा प्रदान गरिनेछ ।

५.२ सहकारी उद्योग व्यवसाय प्रबर्द्धन अन्तर्गत स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित सहकारी उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र. स. | विवरण | आ.व. २०६६/६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | प्रारम्भिक सहकारी संस्थाहरू (संख्या) | २०,००० | २७,००० |
| २ | सहकारीमा आबद्ध सदस्य संख्या (हजार) | २२,०० | ३०,०० |
| ३ | अभिमुखिकरणरतालिमप्राप्त सहकारीकर्मीको संख्या (हजार) | ४८ | ७५ |
| ४ | शेयर पूँजी (रू. अर्व) | १० | २० |
| ५ | सहकारी प्रशिक्षक उत्पादन (संख्या) | १५० | ३०० |
| ६ | सहकारी क्षेत्रमा प्रत्यक्ष रोजगारी सृजना (हजार) | ५० | ८० |

## ९. प्रमुख कार्यक्रम

- नीतिगत सुधार तथा नियमन कार्यक्रम अन्तर्गत सहकारी क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गरी सहकारी क्षेत्रको विकासलाई गति प्रदान गरिनेछ । सहकारी ऐन नियमहरूमा समय सापेक्ष सुधार गरी सहकारी संस्थाहरूको दर्ता, सञ्चालन, अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ । सहकारी खेती सम्बन्धी कानूनको तर्जुमा गरिनेछ । राष्ट्रिय सहकारी विकास बोर्ड ऐनलाई परिमार्जन गरी बोर्डलाई सहकारीको प्रबर्द्धन गर्ने सवल निकायको रूपमा विकास गरिनेछ । राष्ट्रिय सहकारी नीतिको तर्जुमा गरी सहकारी क्षेत्रलाई समग्र आर्थिक विकासको एक महत्त्वपूर्ण स्तम्भको रूपमा विकास गरिनेछ र सहकारी क्षेत्रलाई आर्थिक विकाससँग सम्बन्धित अन्य क्षेत्र र सेवामा आकर्षित गर्न नीतिगत व्यवस्था मिलाइनेछ । ग्रामीण क्षेत्र तथा पूर्वाधार पर्याप्त नपुगेका नगर क्षेत्रमा सञ्चालन हुने एवं महिला तथा विपन्न समुदायहरूद्वारा सञ्चालन गरिने सहकारी संस्थाहरूलाई विशेष सुविधा प्रदान गरिनेछ ।
- संरचनागत सुधार कार्यक्रम अन्तर्गत राष्ट्रिय सहकारी संघ, केन्द्रीय सहकारी संघहरू र जिल्ला सहकारी संघहरूको क्षमता अभिवृद्धिका सहयोग उपलब्ध गराउने कार्यक्रम बनाउन प्रोत्साहन गरिनेछ । सहकारी विभागको संगठन संरचना र दरवन्दी पुनरावलोकन गरिनेछ । सहकारी सम्बन्धी तथ्याक संकलन एवं विश्लेषण गरी सरोकारवालालाई समसामयिक जानकारी उपलब्ध गराउन सहकारी विभाग अन्तर्गत सहकारी सूचना केन्द्रको स्थापना गरिनेछ ।
- साझा यातायात, साझा स्वास्थ्य, साझा प्रकाशन, साझा पसल र साझा भण्डारमा सरकारको नियन्त्रण र लगानी घटाउदै पूर्ण सहकारीकरण गरिनेछ । ग्रामीण क्षेत्र र पूर्वाधार प्रर्याप्त नपुगेका नगरहरूमा बहुउद्देश्यीय सहकारी संस्थाको स्थापनाका लागि एक गाँउ एक सहकारी अभियान सञ्चालन गरिनेछ । कृषि उत्पादनमा व्यावसायीकरण र बजारीकरणको लागि सहकारी खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ । कृषि बजार केन्द्रहरूको व्यवस्थापनमा सहकारी संघहरूको संलग्नतालाई प्रोत्साहन गरिनेछ । केन्द्र, क्षेत्र र जिल्ला तहमा समेत सहकारी बजार केन्द्रहरू निर्माणमा सरकार-सहकारी-साझेदारी गर्ने गरी बजार केन्द्रहरूको प्रारूप तयार गरिनेछ । सहकारी संघ संस्थाहरूको व्यवस्थापनमा शीत भण्डारहरू निर्माण गरी नेपाली कृषि उत्पादनको भण्डारण व्यवस्थित गर्न र आपूर्ति सहज बनाउने कार्यक्रममा सहयोग पुऱ्याइनेछ ।
- सहकारी क्षेत्र सुदृढीकरण कार्यक्रम अन्तर्गत सहकारी शिक्षा, तालिम र सूचनालाई थप विस्तार र प्रभावकारी बनाइनेछ । सहकारीको औपचारिक शिक्षा प्रबर्द्धन गर्न माध्यमिक, उच्च माध्यमिक र विश्वविद्यालय स्तरमा सहकारी शिक्षा पाठ्यक्रममा समावेश गरिनेछ । आवश्यकता अनुसार घुम्ती सेवाहरू समेत सञ्चालन गरिनेछ । पिछडिएको क्षेत्र एवं समुदायमा सहकारीको पहुँच अभिवृद्धिका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । सहकारी प्रशिक्षण कार्यक्रमलाई विकेन्द्रीकरण गरी छोटो अवधिको आधारभूत तालिम जिल्ला स्तरमा सञ्चालन गर्ने र केन्द्रीय र क्षेत्रीय तहका सहकारी प्रशिक्षण केन्द्रहरूबाट प्रशिक्षक प्रशिक्षण तालिम लगायत लामो अवधिका विशेषज्ञता सम्बन्धी तालिम सञ्चालन गरिनेछ । केन्द्र तथा क्षेत्रीय तहमा सञ्चालित सहकारी प्रशिक्षण केन्द्रहरूका पूर्वाधारको विकास तथा क्षमता अभिवृद्धि गरिनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

सहकारी क्षेत्रको संगठनात्मक सुधार तथा कानूनमा समयानुकूल सुधार, सहकारी शिक्षा तथा तालिम व्यवस्था, समावेशीकरण व्यवसाय प्रबर्द्धन र अनुगमन पद्धतिको विकास आदि विषयमा विस्तृत अध्ययन र छलफल गरी कार्यान्वयन गरिनेछ । कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास वोर्ड तथा सहकारी संघहरूबाट सम्पादन गरिने कार्यहरूको कार्यक्रम कार्यान्वयन योजना तयार गरी सवै निकायहरूको जिम्मेवारी स्पष्ट रूपमा किटान गरिनेछ ।

### ११. अनुगमन तथा मूल्याङ्कन

सहकारी व्यवस्थापन सूचना प्रणाली विकास गरी अनुगमन तथा मूल्याङ्कनमा प्रयोग गरिनेछ । अनुगमनका लागि तयार गरिने स्वनियमन, PEARLS Rating तथा नियमनकारी सीमालाई मध्येनजर राखी गैरस्थलगत सुपरिवेक्षणबाट प्राप्त जानकारीका आधारमा आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने व्यवस्था गरिनेछ । संघ/संस्थाको सुशासनमा राष्ट्रिय सहकारी संघ, केन्द्रीय संघहरू, जिल्ला संघहरूलाई समेत सहभागी र जिम्मेवार बनाइनेछ । वार्षिक कार्यक्रमहरूको प्रगति विश्लेषण गर्दा सरोकारवालाको सहभागिता हुने व्यवस्था गरिनेछ । सहकारी क्षेत्रको विद्युतीय सूचना प्रणालीलाई सुदृढ तथा अद्यावधिक गरी सवै सरोकारवालाको सरल पहुँच अभिवृद्धि गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. रोजगारी तथा आयआर्जनमा वृद्धि भइ कूल राष्ट्रिय उत्पादनमा सहकारी क्षेत्रको योगदान वृद्धि भएको हुनेछ ।

२. अनुगमन तथा नियमन कार्य सुदृढ भइ सहकारी संघ/संस्थामा सुशासन कायम भएबाट आमसमुदायलाई दिने सेवा र टेवामा वृद्धि भएको हुनेछ ।

३. सहकारी संस्थामा महिला, विपन्न तथा पिछडिएका वर्गहरूको सहभागिता उल्लेखनीय रूपमा वृद्धि भइ सामाजिक समावेशीकरणमा अभिवृद्धि हुनेछ ।

४. सहकारी शिक्षा तथा तालिम र सूचनामा व्यापकता आई स्थापित संघ/संस्थाको क्षमता अभिवृद्धि भएको हुनेछ ।

५. स-साना बचत परिचालन तथा आयआर्जनका अवसर सृजना गर्न लघु कर्जा, लघु उद्यम कर्जा तथा रोजगारमूलक कर्जा प्रदान गर्नमा सहकारी संस्थाहरूको भूमिका सुदृढ भएको हुनेछ ।

६. ग्रामीण क्षेत्रको बचत परिचालन भइ, लगानी बढ्नुका साथै ग्रामीण बजार विकास भइ सदस्यहरू लाभान्वित हुनेछन ।

७. सहकारी क्षेत्रगत योजना एवं नीति निर्माण भइ सहकारी आन्दोलनले निर्दिष्ट दिशा पहिल्याएको हुनेछ ।

८. सहकारी संस्थाहरूको वृद्धि, उपलब्ध जनशक्तिको दक्षता एवं सरकारी सहकारी संगठनात्मक संरचना बीच तालमेल भइ सहकारी क्षेत्रले उल्लेख्य सेवा पुऱ्याउन सक्षम भएको हुनेछ ।

९. सहकारी सामूहिक खेती प्रणाली विकास भइ कृषिको व्यवसायीकरण गर्न मद्धत पुग्नेछ ।

## ४.१६ वीमा

### १. पृष्ठभूमि
नेपाल वीमा क्षेत्रको विकास तीव्र गतिमा भैरहेको परिप्रेक्ष्यमा यसको व्यवस्थित विकास गर्नु आवश्यक छ। शहरी क्षेत्रहरूमा वीमाको विकास भए तापनि वीमा सेवा ग्रामीण तथा दुर्गम क्षेत्र र कम आय भएका वर्गहरूमा पहुँच अहिले पनि कमै रहेको अवस्था छ।

### २. अद्यावधिक स्थिति
वीमासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा नेपाली वीमा क्षेत्रको मूल्याङ्कन गरी प्राप्त परिणामको आधारमा विस्तृत कार्ययोजना बनाई वीमाको स्तर वृद्धिसँग सम्बन्धित प्रणालीहरू विकास गरिएको छ। जीवन वीमा तथा मोटर वीमासँग सम्बन्धित वीमालेख (वीमा करार) हरूलाई सरल बनाइएको छ। उक्त वीमाको नयाँ वीमालेखहरू प्रचलनमा आएका छन्। वीमा दावी भुक्तानी प्रक्रियालाई सरल बनाउने उपायहरू पहिचान गरिएको छ। ग्रामीण क्षेत्र तथा न्यून आय वर्गको वीमासम्बन्धी आवश्यकता पहिचान गर्नुका साथै मोटर वीमा अन्तर्गत तेश्रो पक्ष प्रतिको दायित्व वीमा अनिवार्य गरी कार्यान्वयनमा ल्याइएको छ। वीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्न टेलिनाटक, अन्तरक्रिया, नियमित पत्रिका प्रकाशन, वीमा दावी उजुरी सम्बन्धमा समितिबाट भएको निर्णयको संगालोको रूपमा निर्णय संग्रह प्रकाशन तथा अन्य जनचेतनामूलक बुकलेट, ब्रोसर, व्यानर लगायतका प्रचार सामग्रीहरू प्रकाशन, जनचेतनामूलक सन्देश प्रसारण, हाजिरी जवाफ तथा वक्तृत्वकला प्रतियोगिता जस्ता चेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन्।

नयाँ वीमा ऐनको मस्यौदा तयार भएको छ। पूनर्बीमा, मोटर वीमादर, अग्नि वीमादर, सामुद्रिक वीमादर, जीवन वीमाको मृत्युदर तालिका, लेखासम्बन्धी, शेयर खरिदसम्बन्धी, वीमांकीय मूल्याङ्कनसम्बन्धी आदि वीमा व्यवसायसंग सम्बन्धित विभिन्न निर्देशिकाहरू जारी भएको छ। वीमा क्षेत्रमा कार्यरत वीमा अभिकर्ता करिव ३० हजार र सर्भेयर १००भन्दा बढिलाई आधारभूत तालिम उपलब्ध गराइएको छ। वीमा समिति र बीमकका कर्मचारीहरू विभिन्न किसिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका तालिमहरूबाट लाभान्वित भएका छन्।

### ३. समस्या तथा चुनौति
वीमासम्बन्धी जनचेतनाको कमी, आवश्यकता अनुरूपको दक्ष जनशक्तिको अभाव, समाजको ठूलो हिस्सामा बचत गर्ने क्षमताको कमी तथा बीमकहरूसँग रहेको रकम लगानीको लागि उपयुक्त अवसरहरू पर्याप्त मात्रामा उपलब्ध नहुनु जस्ता समस्याहरू वीमा क्षेत्रमा विद्यमान् रहेका छन्।

अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप वीमा सेवाको गुणस्तर वृद्धि गर्नु, निर्जीवन वीमालाई सामाजिक तथा प्राकृतिक जोखिमबाट उत्पन्न हुन सक्ने आर्थिक क्षति व्यवस्थापन गर्ने सशक्त संयन्त्रको रूपमा स्थापित गर्ने, जीवन वीमालाई आर्थिक सुरक्षाका साथै दीर्घकालीन बचत र लगानीको उत्तम माध्यमको रूपमा स्थापित गरी गरिएर रहेको बचतहरूलाई परिचालन गर्दै राष्ट्र निर्माणका लागि आवश्यक पूँजी निर्माण गर्ने बलियो माध्यमको रूपमा विकास गर्नु र यस सेवालाई दर्गम ग्रामीण क्षेत्र तथा न्यून आय वर्ग लगायत समाजका सबै तहसम्म पुऱ्याउनु आजको प्रमुख चुनौति हो।

### ४. उद्देश्य
नेपाल राज्यको वीमा व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी तथा विश्वासनीय बनाई बीमितको हक हित संरक्षण गर्न वीमा व्यवसायलाई व्यवस्थित, नियमित र विकसित गर्ने।

## ५. रणनीति

१. वीमासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा नेपालको वीमा क्षेत्रको मूल्याङ्कन गरी तयार पारिएको विस्तृत कार्य योजना बमोजिम वीमाकोस्तर वृद्धिसँग सम्बन्धित प्रणालीहरू विकास गर्ने,

२. ग्रामीण क्षेत्र न्यून आय वर्ग तथा समाजका सबै तहको लागि उपयुक्त वीमा सेवाहरूको विस्तार गर्ने,

३. बीमितको हित संरक्षण सुनिश्चित गर्न बिश्वासनीय संयन्त्रहरूको विकास गर्ने ।

## ६. कार्यनीति

१.१ वीमासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा नेपालको वीमा क्षेत्रको मूल्याङ्कन गरी तयार गरिएको विस्तृत कार्य योजना बमोजिम वीमाको स्तर वृद्धिसँग सम्बन्धित प्रणालीहरू विकास गरिनेछ ।

१.२ वीमा क्षेत्रमा विद्यमान् सेवाहरूमा परिमार्जन तथा निक्षेप वीमा, स्वास्थ वीमा, बाली वीमा, पशु वीमा तथा पेशागत दायित्व वीमा लगायतका वीमा सेवाको नयाँ क्षेत्रहरू पहिचान गरी विस्तार गरिनेछ ।

१.३ वीमा नियमनकारी निकाय, बीमक, वीमा अभिकर्ता, सर्भेयर तथा अन्य सम्बन्धित पक्षको लागि आवश्यक वीमाङ्की लगायतका दक्ष जनशक्ति तयार गरिनेछ ।

१.४ वीमा क्षेत्रको अध्ययन, अनुसन्धान तथा अध्यापन गर्नका लागि प्रतिष्ठानको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१.५ वीमा नियमन निकायहरूको अन्तर्राष्ट्रिय तथा अन्तर क्षेत्रीय संगठनहरूले प्रतिपादन गरेका सिद्धान्त र मान्यता तथा राष्ट्रिय आवश्यकता अनुरूप देशको वीमा नियमन कार्यलाई समय सापेक्ष बनाइनेछ ।

१.६ वीमा क्षेत्रलाई विकसित, नियमित, व्यवस्थित तथा नियन्त्रित गर्न अझ सक्षम हुने तथा वीमा नियमनकारी निकायको दक्षता तथा क्षमता अभिवृद्धि गर्न आवस्यक कानूनी तथा संस्थागत व्यवस्था मिलाइनेछ ।

२.१ समाजका पिछडिएका वर्ग समेतलाई वीमा शिक्षा तर्फ आकर्षित गर्नका लागि उचित छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२.२ वीमा विषयलाई विद्यालय स्तरको पाठ्यक्रममा समावेश गराइनुका साथै विश्व विद्यालय स्तरमा रहेको वीमा विषयको पाठ्यक्रमलाई आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

२.३ वीमासम्बन्धी व्यावसायिक शिक्षा प्रदान गर्न अन्तर्राष्ट्रिय संस्थाहरूको अध्यापन तथा परीक्षा केन्द्र नेपालमा स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

२.४ दर्गम ग्रामीण क्षेत्र तथा न्यून आय भएको वर्गको आवश्यकता पहिचान भए अनुरूप प्रचलित लघु वीमा सेवाहरूमा परिमार्जन गर्नुका साथै थप उपयुक्त लघु वीमा सेवाहरूको विकास गरिनेछ ।

२.५ परम्परागत वितरण प्रणालीलाई सुदृढ गर्दै वैकल्पिक वितरण प्रणालीको विकास गरिनेछ ।

२.६ वीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्न दुर्गम तथा ग्रामीण क्षेत्रलाई समेटिने गरी जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.१ विद्यमान कानूनी व्यवस्थाहरूमा आवश्यकता अनुसार परिमार्जन गरिनुका साथै वीमासँग सम्बन्धित आवश्यक नीति तथा कानूनी आधारहरू तर्जुमा गरिनेछ ।

३.२ स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट सर्व सुलभ रूपमा अन्तर्राष्ट्रिय स्तरको वीमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

३.३ बीमकको लगानीयोग्य रकमलाई अझ सुरक्षित तथा प्रतिफलमुखी क्षेत्रमा लगानी गर्ने वातावरण तयार गरी जीवन वीमा गर्ने बीमितहरूले लगानीको उचित प्रतिफल पाउने अवस्था सृजना गरिनेछ ।

३.४ वीमा दावी भुक्तानी प्रक्रिया पारदर्शी र सरल बनाइनेछ ।

३.५ स्वदेशमा पुनर्बीमा कम्पनी स्थापना गर्न आवश्यक वातावरण तयार गरिनुको साथै पूनर्बीमासम्बन्धी सुदृढ, पारदर्शी तथा विश्वसनीय व्यवस्थाको विकास गरिनेछ ।

३.६ बीमकहरू एक आपसमा गाभिने, स्वामित्व हस्तान्तरण गर्ने, ग्रहण गर्ने वा खारेजी हुने अवस्थामा समेत बीमित, कर्मचारी, मध्यस्थकर्ता तथा लगानीकर्ताहरूको हित सुनिश्चित गरिने व्यवस्था गरिनेछ ।

३.७ बीमकको असफलताबाट बीमितलाई पर्न सक्ने नोक्सानीलाई न्यूनीकरण गर्न बीमित हित संरक्षण कोषको व्यवस्था गरिनेछ ।

३.८ बीमकको आर्थिक तथा व्यावसायिक क्षमता कायम राख्न सोसँग सम्बन्धित सोल्भेन्सी मार्जिन लगायतका विषयहरूका कार्यविधि लागू गरिनेछ ।

### ७. परिमाणात्मक लक्ष्य

| क्र. स. | विवरण | आ.व. २०६६/६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | वार्षिक वीमाशुल्क आर्जन रू. | १०.९० अर्व | १८.८० अर्व |
| २ | वीमा जगेडा तथा कोष रू. | ३४ अर्व | ५० अर्ब |
| ३ | कर्मचारी, वीमा अभिकर्ता र सर्भेयरको रोजगारी संख्या | ४०,००० | ८०,००० |
| ४ | बीमितको संख्या | १८ लाख | ३३ लाख |

### ८. अनुगमन तथा मूल्याङ्कन

वीमा समिति तथा नेपाल सरकार, अर्थ मन्त्रालयबाट निरन्तर अनुगमन तथा अर्ध-वार्षिक रूपमा मूल्याङ्कन हुनेछ ।

### ९. अपेक्षित उपलब्धि

१. अन्तर्राष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकता अनुरूप वीमा सेवाको स्तर अभिवृद्धि हुने ।

२. दुर्गम ग्रामीण क्षेत्र तथा समाजका न्यून आय भएका वर्ग लगायत सबै तहको वीमा सेवामा पहुँच पुग्ने ।

३. बीमितको हित संरक्षणका लागि आवश्यक आधारहरू तर्जुमा गरी वीमा व्यवसायको विश्वासनीयता अभिवृद्धि हुने ।

## ४.१७ श्रम तथा रोजगारी

### १. पृष्ठभूमि

मुलुकको जनशक्तिलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार अनुकूलको ज्ञान र सीप प्रदान गरी रोजगारीका अवसरहरूको प्रवर्द्धन गर्नु राज्यको प्रमुख दायित्व हो । नेपालको हालको जनसंख्याको संरचनामा श्रमशक्ति बढ्दो स्थितिमा रहेको हुँदा हरेक वर्ष करिव ४ लाख व्यक्ति श्रम बजारमा प्रवेश गर्दछन् । काम गर्ने उमेरका करिव २५ लाख नेपाली पूर्ण बेरोजगार अथवा अर्ध बेरोजगार रहेको देखिन्छ र श्रम सहभागिता दर ८३.४ प्रतिशत रहेको देखिन्छ । श्रमशक्तिका लागि रोजगार/कामको अधिकार तथा श्रम अभ्यास गर्ने अधिकारलाई मौलिक अधिकारको रूपमा संवैधानिक व्यवस्था गरिएको छ । मुलुकलाई रोजगारीमा आधारित दिगो आर्थिक विकासतर्फ अग्रसर बनाउन रोजगारी केन्द्रित समावेशी तथा

समन्यायिक आर्थिक वृद्धिमा जोड दिइएको छ । यस सन्दर्भमा रोजगारीका अवसरहरूको विस्तार गर्ने, सुरक्षित र उपलब्धिमूलक बनाउने र श्रमशक्तिलाई उत्पादनमूलक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार अनुकूल बनाउनु राज्यको प्रमुख दायित्व पूरा गर्नेतर्फ यो योजना उन्मुख रहेको छ ।

## २. अद्यावधिक स्थिति

नेपाल श्रमशक्ति सर्वेक्षण २०६५/६६ अनुसार १५ वर्ष वा सोभन्दा बढी उमेर भएका १ करोड १७ लाख ८० हजार जनसंख्या रोजगारीमा लागेका थिए । उक्त रोजगार संख्या कूल जनसंख्याको ८१.७ प्रतिशत हुन आउछ । रोजगार प्राप्त जनसंख्या मध्ये आर्थिक रूपले पुरूषको प्रतिशत ८५.५ थियो भने महिलाको प्रतिशत ७८.५ थियो । बेरोजगार जनसंख्याको प्रतिशत २.१ रहेकोमा पुरूष बेरोजगार २.२ प्रतिशत र महिला बेरोजगारको २.० प्रतिशत थियो । ४० घण्टा वा सोभन्दा बढी समय काम गर्ने जनसंख्याको प्रतिशत ६८.२ रहेकोले अर्धबेरोजगार को प्रतिशत पनि उल्लेखनीय देखिन्छ । साथै निस्क्रिय रहेको संख्या पनि उल्लेखनीय नै देखिन्छ । कूल श्रमशक्ति मध्ये ७३.९ प्रतिशत कृषिमा र २६.१ प्रतिशत गैर कृषिमा संलग्न देखिन्छ । सीप अनुसार जनशक्तिको प्रक्षेपण र प्रगति भने उपलब्ध भएको देखिंदैन । विद्यमान् नीति तथा कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्न र औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी प्रदूषण मापदण्डहरू पर्याप्त मात्रामा लागू गर्न सकिएको छैन ।

## ३. समस्या तथा चुनौती

अशिक्षा गरीबी र कुपोषणको कारणले कृषि क्षेत्रमा अदृश्य बेरोजगारी व्याप्त हुनु, सीप, पूजी र प्रविधिमा बहुसंख्यक जनताको आवश्यक पहुँच कम भएकोले स्वरोजगारी प्रवर्द्धनको संभावना सीमित हुनु, लगानीमैत्री वातावरणमा अपेक्षित रूपमा सुधार नहुनु, नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्ने प्रयासमा अवरोध उत्पन्न हुनु जस्ता समस्याहरू रहेका छन् ।

गरीबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिदैं गरिब र धनी विच बढ्दै गएको असमानताको अन्तरलाई कम गर्ने, सीपयुक्त जनशक्तिको प्रक्षेपण गरी श्रमको माग र आपूर्तिमा सन्तुलन ल्याउने, देशभित्र उद्यमशीलता र स्तरीय सीप विकासका अवसरहरू तथा रोजगारी सिर्जना गर्ने, अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने, वैदेशिक रोजगारमा जानेहरूलाई आवश्यक सहयोग तथा संरक्षण उपलब्ध गराउने, तालिमका कार्यक्रमहरूलाई अद्यावधिक, स्तरीय र समन्वित गर्ने, श्रमका नयाँ स्वरूपहरू, बढ्दो अनौपचारीकरण, नयाँ व्यवस्थापकीय तथा सांगठनिक अभ्यास अनुरूप कानूनी र संस्थागत प्रावधानहरू अद्यावधिक गर्ने, महिला, दलित, आदिबासी, जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरू तथा सीमान्तकृत वर्गको श्रम बजारमा उपलब्ध अवसरहरूमा पहुँच बढाउने जस्ता कार्य चुनौतिपूर्ण रहेको छ ।

## ४. दीर्घकालीन सोच

स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष र सीपयुक्त मानव संसाधनको उत्पादनबाट रोजगार एवं स्वरोजगारका अवसरहरू सिर्जना गर्नु, विभेदरहित, सुरक्षित, मर्यादित र स्वस्थ काम गर्ने वातावरण प्रदान गरी राष्ट्रिय अर्थ व्यवस्थाको सुदृढीकरण र गरीबी निवारणमा योगदान पुर्‍याउने ।

## ५. उद्देश्य

१. स्वदेशमा पर्याप्त र मर्यादित रोजगार तथा स्वरोजगारका अवसरहरू सिर्जना गरी गरीबी निवारणमा योगदान गर्ने ।

२. सुमधुर श्रम सम्बन्धको विकास गरी स्वस्थ्य, सुरक्षित र मर्यादित श्रम वातावरणको सिर्जना गर्ने ।

३. स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्यमशील, दक्ष र सीपयुक्त मानव संसाधनको विकास गरी बेरोजगारीको संख्या न्यूनीकरण गर्ने ।

## ६. रणनीति

१. अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा कार्यक्रम सञ्चालन गर्दा रोजगारीको अवसर सृजना हुने कार्यक्रमको पहिचान, विश्लेषण र कार्यान्वयनमा जोड दिइ भौगोलिक क्षेत्रहरूमा थपिने जनशक्ति र रोजगारीको सृजनाको भिन्नतालाई आधार मानी रोजगारीमा पछि परेका क्षेत्र र समुदायलाई विशेष प्राथमिकता दिने गरी कार्यक्रम सञ्चालन गर्ने ।

२. उत्पादनमूलक रोजगारी सृजना गर्न व्यवस्थित रूपमा लघुवित्त, उद्यमशीलता र सीप विकास तालिम, उपयुक्त प्रविधि र बजार व्यवस्था गरी स्वरोजगार तथा लघु उद्यमशीलतालाई प्रोत्साहन दिने ।

३. विभिन्न संघसंस्थाहरूबाट सञ्चालन हुने तालिम कार्यक्रमहरूको गुण स्तरमा अभिवृद्धि गरी समान प्रकृतिका तालिमहरू विशिष्ठताका आधारमा एकै छाता संस्थाबाट प्रदान गर्ने गरी बजारको माग अनुरूप दक्ष जनशक्ति तयार गर्ने ।

४. रोजगारमैत्री लगानी वातावरण तयार गरी रोजगारीका अवसर तथा सम्भावनाहरू उजागर गर्दै निर्धारित क्षेत्रमा निश्चित समयको अनिवार्य रोजगारी उपलब्ध गराउने व्यवस्था गर्ने ।

५. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाई यसको आप्रवासन चक्रहरूमा गुणात्मक सुधार ल्याउने ।

६. दक्ष जनशक्ति लगायत सम्पूर्ण श्रमशक्तिको माग र आपूर्तिमा तालमेल मिलाउन श्रम सूचनाको विश्लेषण गर्ने पद्धतिको विकास र विस्तार गरिनेछ ।

## ७. कार्यनीति

१.१ क्षेत्र र समुदायगतरूपमा रोजगारीको अवसर र सम्भावना विश्लेषण गरी थप लगानीको माध्यमबाट रोजगारी सिर्जना गरिनेछ ।

१.२ बढी रोजगारी सिर्जना गर्ने क्रियाकलाप र कार्यक्रमहरूलाई विशेष प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

१.३ महिला, विपन्न, दलित, दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्रसमेतको पहुँच हुने गरी वैदेशिक रोजगार उन्मुख स्तरीय तालिम प्रदान गर्नुका साथै वैदेशिक रोजगारलाई समावेशी र विपन्नमुखी बनाइनेछ ।

१.४ कृषि तथा गैर कृषि क्षेत्रको लगानीमा रोजगारमूलक प्रविधिलाई प्रोत्साहन गरी थप रोजगारी सिर्जना गरिनेछ ।

१.५ उत्पादकत्व र रोजगारीलाई एक अर्काको परिपूरक बनाई उत्पादकत्व बढाउने उपायहरूमा सुधार तथा विस्तार गरिनेछ ।

१.६ रोजगार सम्बन्धी अनुगमनलाई राष्ट्रिय योजना आयोगमा विद्यमान् जिल्ला गरीबी अनुगमन र विश्लेषण पद्धति र गरीबी अनुगमन तथा विश्लेषण पद्धतिसँग आबद्ध गरी यसको प्रभावकारी कार्यान्वयनको लागि जोड दिइनेछ ।

१.७ देशमा सञ्चालन हुने समग्र विकास कार्यक्रमहरू, कृषि, उद्योग सेवा आदि क्षेत्रहरूमा थपिने श्रमशक्ति र हुन आउने रोजगारीको सिर्जनाको खाडललाई ध्यान दिइ ती क्षेत्रहरूका कार्यक्रमहरूलाई रोजगारीमूलक बनाई सञ्चालन गरिनेछ ।

२.१ सीप, विकास, उद्यमशीलता प्रबद्धन तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गरी एकीकृत रूपमा स्वरोजगारमूलक लघु उद्यम विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.१ व्यावसायिक सीप तथा विकास सम्बन्धी तालिम प्रदायक संस्थाहरूलाई एउटै छातामुनि ल्याइ गुणस्तरयुक्त तालिम प्रदान गर्ने व्यावसायिक संस्थाको रूपमा विकास गर्नुका साथै सीप विकासलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

४.१ लगानी मैत्री वातावरण सिर्जना गरी रोजगारीका अवसरमा वृद्धि गर्न श्रम कानूनको पुनरावलोकन गरी श्रम लचकता र सामाजिक सुरक्षाबीच सन्तुलन कायम गर्दै श्रम सम्बन्ध र समग्र श्रम प्रशासनमा सुधार गरिनेछ । साथै, श्रम निरीक्षण प्रणाली र नमूना श्रम कार्यालयहरूको विकास गरिनेछ ।

४.२ निश्चित क्षेत्रमा न्यूनतम समय सम्मका रोजगारी सुनिश्चित गर्न रोजगारी प्रत्याभूति कानुन तर्जुमा गरी लागु गरिनेछ ।

४.३ श्रमिकहरूको अधिकारको संरक्षण तथा श्रम विवाद समाधान गर्न मजदुर/श्रम आयोग गठन गर्नका साथै सरकार, रोजगारदाता, मजदुरबीच स्थानीय तहसम्म त्रिपक्षीय संयन्त्रको निर्माण गरिनेछ ।

४.४ श्रम बजार योजनाभित्र घरायसी र घरमा आधारित (घरेलु) श्रमिकहरूको अधिकारको संरक्षण तथा श्रम सम्बन्ध नियमित गर्ने व्यवस्था गरिनेछ ।

४.५ श्रम क्षेत्रमा औद्योगिक शान्ति स्थापना गर्न नीतिगत, कानूनी र संस्थागत सुधार गरी नयाँ श्रम सम्बन्धको थालनी गरिनेछ ।

५.१ वैदेशिक रोजगारीलाई मध्यम अवधिको रणनीति तथा अवसरको रूपमा लिई वैदेशिक रोजगारमा जानेलाई सीप तथा तालिमको व्यवस्था गरिनेछ साथै वैदेशिक रोजगारीमा सुरक्षाको प्रबन्धमा सुधार गरिनेछ ।

६.१ रोजगार सम्बन्धी अनुगमन प्रणालीको विकास गरी रोजगारी सिर्जनालाई प्रभावकारी र सुनिश्चित गरिनेछ ।

६.२ रोजगार सूचना केन्द्रको स्थापना एवं विस्तार, सूचीकृत जनशक्तिको लागत विश्लेषण र प्रभावकारी रोजगार विनिमय प्रणालीको विकास गरी सीप र योग्यता अनुसारको रोजगारीमा पहुँचलाई सहज गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

योजना अवधिमा उत्पादन वृद्धिको प्रभाव र विभिन्न क्षेत्रबाट हुने रोजगारी वृद्धिबाट ११ लाख चौसठ्ठी हजार थप रोजगारी सिर्जना हुने अनुमान रहेको छ। यस अवधिमा १५ देखी ५९ वर्षका १५ लाख ४० हजार श्रमशक्ति थप हुने देखिन्छ। यसरी थप भएका जनशक्तिमध्ये रोजगारीवाट वञ्चित रहने २४.३८ प्रतिशत जनशक्तिको लागि आवश्यक थप रोजगारीको व्यवस्था मिलाउन तिनलाई रोजगारीको तालिम उपलब्ध गराइनेछ । कर्णाली लगायतका दुर्गम क्षेत्र विपन्न तथा सीमान्तकृत वर्ग, रोजगारीका कुनैपनि अवसरबाट अविञ्च परिवारको सदस्यहरूलाई न्यूनतम अवधिको रोजगार प्रत्याभूति गर्न कानूनी व्यवस्था गरिनेछ ।

यस योजना अवधिमा थप सिर्जनाको करिव ११ लाख ६४ हजार थप रोजगारी ५२.९ प्रतिशत थप रोजगारी कृषि क्षेत्रमा वाँकी ४७.१ प्रतिशत थप रोजगारी गैह्र कृषि क्षेत्रमा सृजना हुने अनुमान गरिएको छ। देशमा उद्योग तथा तथा व्यापार क्षेत्रमा लगानीको वातावरण सुधार हुन नसकेको र देशको आर्थिक संरचनामा आमूल गर्न नसकिएको हुँदा अझै केही वर्ष थप रोजगारी सृजनाको लागी कृषि क्षेत्रमा नै निर्भर रहनु पर्ने अवस्था रहेको छ । यस योजना अवधिमा उद्योग तथा खानी क्षेत्रमा ९.४ प्रतिशत र थोक तथा खुद्रा व्यापार क्षेत्रमा १२ प्रतिशत थप रोजगारी सृजना हुनेछ । शिक्षा क्षेत्रमा ५.१ प्रतिशत, विद्युत्, ग्याँस तथा पानी क्षेत्रमा ५.२ प्रतिशत र होटेल तथा रेष्टुराँ क्षेत्रमा ३.६ प्रतिशत थप रोजगारी सृजना हुने अनुमान गरिएको छ ।

**तालिका ४.१७.१: त्रिवर्षीय योजनामा क्षेत्रगतरूपमा रोजगारी सृजनाको प्रक्षेपण**

| क्षेत्रहरु | थप रोजगारी सृजना | प्रतिशत |
|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ६१५८८८ | ५२.९ |
| उद्योग तथा खानी | १०९४८७ | ९.४ |
| विद्युत्, ग्याँस तथा पानी | ६०५१६ | ५.२ |
| निर्माण | ८७९२ | ०.८ |
| थोक तथा खुद्रा व्यापार | १३९७९० | १२.० |
| होटेल तथा रेष्टुराँ | ४१६८८ | ३.६ |
| यातायात, भण्डारण तथा सञ्चार | २८९२९ | २.५ |
| वित्तीय मध्यस्थता | ७००३ | ०.६ |
| घर जग्गा वहाल तथा व्यापारिक क्रियाकलाप | २१७३० | १.९ |
| सामान्य प्रशासन तथा रक्षा | १७७९० | १.५ |
| शिक्षा | ५९४८२ | ५.१ |
| स्वास्थ्य तथा सामाजिक कार्य | २६०२३ | २.२ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | २७२६२ | २.३ |
| कूल थप रोजगारी सृजना | ११६४३८० | १००.० |

क्षेत्रगत वितरणलाई हेर्ने हो भने सुदुर पश्चिमाञ्चलमा सवैभन्दा कम रोजगारी (५४.७४ प्रतिशत) र पूर्वाञ्चल क्षेत्रमा सबैभन्दा धेरै थप रोजगारी (९५.८८ प्रतिशत) रहेको छ । भौगोलिक वितरण अनुसार सवभन्दा कम थप रोजगारी हिमाली क्षेत्रमा (६८.४३ प्रतिशत) रहेको छ भने सबभन्दा धेरै पहाडमा थप रोजगारी (७७.०१ प्रतिशत) हुने अनुमान छ । त्यस्तै तराईमा ७५.१७ प्रतिशत थप रोजगारी सृजना हुने अनुमान रहेको छ ।

**तालिका ४.१७.२: त्रिवर्षीय योजनामा विभिन्न क्षेत्रमा थप हुने श्रम शक्ति र रोजगारी सृजनाको प्रक्षेपण**

| भौगोलिक क्षेत्र | रोजगारी सृजना | | | | थपीने श्रम शक्ति | | | | श्रम शक्तिको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०६८ | २०६९ | २०७० | जम्मा | २०६८ | २०६९ | २०७० | जम्मा | |
| **हिमाल** | ८६०० | ९०७३ | ९५७२ | २७२४४ | १२९५६ | १३२७० | १३५८७ | ३९८१३ | ६८.४३ |
| **पहाड** | १२७९५१ | १३४९८९ | १४२४१३ | ४०५३५३ | १६८२०४ | १७५३३९ | १८२८३५ | ५२६३७८ | ७७.०१ |
| **तराई** | २३०९९० | २४३६९५ | २५७०९८ | ७३१७८३ | ३०८५४८ | ३२४२६७ | ३४०८१६ | ९७३६३० | ७५.१६ |
| **विकास क्षेत्र:** | | | | | | | | | |
| **पूर्वाञ्चल** | ९६२७९ | १०१५७५ | १०७१६१ | ३०५०१५ | १०१८५० | १०५९७३ | ११०२७७ | ३१८१०० | ९५.८८ |
| **मध्याञ्चल** | १२४४८७ | १३१३३३ | १३८५५७ | ३९४३७७ | १९६२६५ | २०६३९७ | २१७०९७ | ६१९७६० | ६३.६३ |
| **पश्चिमाञ्चल** | ७२७३६ | ७६७३६ | ८०९५७ | २३०४२९ | ८०७३३ | ८३८३० | ८७०५६ | २५१६१९ | ९१.५८ |
| **मध्यपश्चिमाञ्चल** | ४१५०१ | ४३७८४ | ४६१९२ | १३१४७७ | ५१६०४ | ५३९७३ | ५६४४१ | १६२०२१ | ८१.१५ |
| **सुदुर पश्चिमाञ्चल** | ३२५३८ | ३४३२८ | ३६२१६ | १०३०८२ | ५९२५६ | ६२६९९ | ६६३६६ | १८८३२१ | ५४.७४ |
| **नेपाल भरि** | ३६७५४१ | ३८७७५६ | ४०९०८३ | ११६४३८० | ४८९७०८ | ५१२८७६ | ५३७२३७ | १५३९८२१ | ७५.६२ |

रोजगारी सिर्जना भौगोलिक र प्रादेशिक वितरणको हिसावले सुदुर पश्चिमाञ्चलमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । यस क्षेत्रमा थपिने श्रमशक्ति मध्ये ५४.७४ प्रतिशतलाई मात्रै रोजगारी सिर्जना हुने देखिन्छ । त्यस्तै भौगोलिक हिसावले हिमालमा सिर्जना हुन आउने रोजगारीको संख्या सवैभन्दा न्यून रहेको छ । यस योजना अवधिमा थपिने श्रमशक्तिको ६८.४३ प्रतिशत मात्रै रोजगारी सृजना हुने देखिन्छ ।

जिल्ला स्तरमा यस योजना अवधिमा थपिने श्रम शक्ति र हुन आउने रोजगारीको हिसावले सवभन्दा बढी ध्यान जुम्ला, डोल्पा, सल्यान, मुगु, कालिकोट, मनाङ्ग, काठमाडौं, रसुवा, दार्चुला, कैलाली, ललितपुर,

ताप्लेजुङ्ग, कञ्चनपुर, बाजाङ्ग जिल्लाहरूमा दिनुपर्ने देखिन्छ । यी जिल्लाहरूमा थपिने श्रमशक्तिको ५० प्रतिशतभन्दा कम रोजगारी सिर्जना हुने देखिन्छ ।

**उच्च सीपयुक्त जनशक्तिको स्थिति तथा प्रक्षेपण**

नेपालमा सातौं योजनापछि उच्च जनशक्तिको आवश्यकताको प्रक्षेपण गरीएको देखिंदैन । बजार व्यवस्थावाट नै माग अनुरूप आपूर्ति व्यवस्थापन हुन्छ भन्ने सिद्धान्तलाई मान्यता दिंदापनि उच्च जनशक्तिको सही उपयोग गर्न र खेर जाने स्थितिलाई रोक्न उपयुक्त नीतिगत व्यवस्था हुन बाञ्छनीय देखिन्छ । त्यसकारण यस योजनामा उपयुक्त तथ्याङ्क तथा आधारको अभावमा पनि उच्च जनशक्तिको आवश्यकता र आपूर्तिको सम्भांव्यताको अनुमानित आँकलन गरिएको छ । श्रम बजारमा उपलब्ध हुने दक्ष जनशक्तिले देशको सर्वाङ्गीण विकास निर्धारण गर्दछ । यस योजनामा के कति दक्ष जनशक्ति आवश्यकता छ त्यसको अनुमान गर्दा चिकित्सक, नर्स, अनमी र शिक्षक विधार्थीको आपूर्ति मागभन्दा बढी हुने अनुमान गरिएको छ भने सहायक स्वास्थ्य कार्यकर्ता, इन्जिनियर, वैज्ञानिक, कृषि सम्बन्धी र अन्य जनशक्तिहरूको आपूर्ति संख्या मागभन्दा न्यून रहने देखिन्छ ।

उपलब्ध तथ्याङ्कलाई विश्लेषण गरी स्वास्थ्यको क्षेत्रमा सार्क क्षेत्रको औसत प्रत्येक १०,००० जनसंख्याका लागि चाहिने ४ डाक्टर संख्याको आधारमा प्रक्षेपण गर्दा पनि डाक्टरको आपूर्ति संख्या सन्तोषजनक देखिएको छ । विदेशमा पढेर आएका र नेपालमा उत्पादित चिकित्सकहरू मध्ये १६ प्रतिशतले देश छोडेर जाने अनुमान गरिएकोछ । नर्स र अनमिको सम्बन्धमा आगामी ३ वर्षमा आवश्यकता अनुसार आपूर्ति हुन सक्ने देखिन्छ । प्रत्येक वर्ष नेपाल नर्स काउन्सिलबाट स्वीकृति लिई कम्तीमा १३१५ जना विदेश जाने गरेको पाइन्छ तर अन्य सहायक स्वास्थ्यकर्ताहरूका सम्बन्धमा भने माग आपूर्तिको स्थिति सहज रहने देखिंदैन ।

हाल देशमा इन्जिनियरहरूको संख्या १५३४३ रहेको छ जुन संख्या आ.व. २०६९/७० मा १६१३१ पुग्ने देखिन्छ । योजना अवधिमा उत्पादन, उद्योग, खानी तथा भू-गर्भ, निर्माण आदि क्षेत्रको औसत वृद्धिदर ५.९ प्रतिशत हुने प्रक्षेपणको आधारमा इन्जिनियरहरूको संख्यामा पनि कमि रहने देखिन्छ । यसै गरी लक्षित विकास दर हासिल गर्न सहायक इन्जिनियर, ओभर सियरहरूको संख्यामा पनि कमी हुने देखिन्छ ।

वैज्ञानिकहरूका सम्बन्धमा सातौं योजना यता आएर भरपर्दो तथ्याङ्क प्राप्त नभए पनि कृषि एवं विज्ञानका क्षेत्रमा आ.व. २०६६/६७ मा जम्मा १६६८१ जना वैज्ञानिकहरू रहेको पाइन्छ । यी वैज्ञानिकहरू मध्ये करीब १० प्रतिशत उच्च शिक्षामा अध्यापन र अनुसन्धानको क्षेत्रमा संलग्न रहेका अनुमान छ । यी वैज्ञानिकहरूको संख्या आ.व. २०६९/७० मा १९१९९ पुग्ने अनुमान छ । वैज्ञानिकहरूको संख्यामा वार्षिक ४.८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । योजना अवधिमा यो क्षेत्रमा औसत ५.५ प्रतिशतले वृद्धि हुने देखिएकाले वैज्ञानिकको आपूर्ति आवश्यकता अनुसार हुन नसक्ने देखिन्छ । कृषि क्षेत्र आज पनि देशको महत्त्वपूर्ण क्षेत्र भएकाले यस क्षेत्रमा जनशक्ति विकास गर्नुपर्ने आवश्यकता रहेको छ । जेटिए र अन्य कृषि सम्बन्धी काम गर्ने प्राविधिकहरू पनि योजना अवधिमा कृषि क्षेत्रमा सरदर हुने वृद्धिदरलाई ध्यानमा राख्दा आवश्यकताभन्दा न्यून रहने देखिएको छ । शिक्षकहरूको सम्बन्धमा शताब्दी विकास लक्ष्यलाई आधार मानी प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा अध्ययन गर्ने र अध्यापन गर्ने शिक्षक अनुपातिकरूपमा सहज रहने देखिन्छ । शताब्दी विकास लक्ष्य अनुसार १:३७ शिक्षक-विधार्थी अनुपात रहने हुँदा आ.व. २०६९/७० सम्म शिक्षक विधार्थी अनुपात सहज हुने भएको हो । अन्य जनशक्तिहरू (जस्तै प्राध्यापक, प्रशासक, व्यवस्थापक, वकिल र अन्य) का सम्बन्धमा योजना अवधिमा मागभन्दा आपूर्ति कम हुने प्रक्षेपण गरिएको छ । सीपयुक्त जनशक्तिको माग एवं आपूर्ति अनुमान विवरण तल दिएको छ ।

**तालिका ४.१७.३: सीपयुक्त जनशक्तिको माग एवं आपूर्ति अनुमान** (२०६७/०६८–२०६९/०७०)

| क्षेत्र | २०६६/०६७ | २०६७/०६८ | | २०६८/०६९ | | २०६९/०७० | |
|---|---|---|---|---|---|---|---|
| **स्वास्थ्य** | **उपलब्ध** | **माग** | **आपूर्ति** | **माग** | **आपूर्ति** | **माग** | **आपूर्ति** |
| डाक्टर संख्या (प्रत्येक वर्ष ६०२ का दरले औसत डाक्टर संख्या थपिने, २०६७ ज्येष्ठ सम्म मेडिकल तर्फ ९६८८ र डेन्टल तर्फ ९१७ डाक्टरहरु नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका, प्रत्येक वर्ष उत्पादित मध्ये १६ प्रतिशत डाक्टरहरु विदेश जाने गरेका छन् ) डाक्टरको माग जनसंख्याको अनुपात १०,००० : २ लाई आधार मान्दा) | १३६७३ | ५७१४ | १४२७८ | ५८०४ | १४८८० | ५९२४ | १५४८२ |
| नर्स संख्या (१५९२६ नर्सहरु नर्सिङ्ग काउन्सिलमा दर्ता भएका/हरेक वर्ष लगभग १३१५ नर्सहरु देश बाहिर जाने गरेका छन्, प्रत्येक वर्ष ३९०० जना नर्स उत्पादनका दरले नर्स संख्यामा वृद्धि हुने अनुमान गर्दाको आपूर्ति प्रक्षेपण र आगामी ३ वर्षमा स्वास्थ्य क्षेत्रमा ९ प्रतिशत वृद्धि अनुमानका आधारमा मागको प्रक्षेपण) | १८७८१ | २०४७१ | २२६८१ | २१०८४ | २६५८१ | २२३१४ | ३०४८१ |
| अनमी संख्या (१८५२५ अनमी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएका, प्रत्येक वर्ष सरदर १९५० अनमी अत्पादन हुने/ सरदर ९ प्रतिशतमा स्वास्थ्य क्षेत्रमा विस्तार हुँदाको मागको प्रक्षेपण) | २०४७५ | २२२१७ | २२४२५ | २४३२५ | २४३७५ | २६५१७ | २६५६८ |
| अन्य स्वास्थ्य कार्यकर्ता संख्या (वार्षिक ५ प्रतिशतको दरले स्वास्थ्य कार्यकर्ताको वृद्धि हुने आधारमा आपूर्ति प्रक्षेपण गर्दा र यसै क्षेत्रमा ९ प्रतिशत वृद्धि हुँदा माग प्रक्षेपण गर्दा) | ९५२७४ | १०३८१९ | १००३७७ | ११३१६२ | १०५३९५ | १२३३४७ | ११०६६४ |
| **प्राविधिक** | | | | | | | |
| इन्जिनियर संख्या (वार्षिक १.७ औसत वृद्धिको आधारमा आपूर्ति प्रक्षेपण गर्दा र वार्षिक ५.९ प्रतिशत औसत वृद्धिका आधारमा माग प्रक्षेपण गर्दा) | १५३४३ | १६२४७ | १५६०३ | १७२०६ | १५८६९ | १८२२२ | १६१३१ |
| सहायक इन्जिनियर (वार्षिक १.७ औसत वृद्धिका आधारमा आपूर्ति प्रक्षेपण गर्दा र वार्षिक ५.९ प्रतिशत औसत वृद्धिका आधारमा माग प्रक्षेपण गर्दा) | १२९२८ | १३६९० | १३५७५ | १४४९७ | १४२५२ | १५३५२ | १४९६४ |
| वैज्ञानिक संख्या (वार्षिक४.८ प्रतिशत का दरले आपूर्ति वृद्धिको अनुमानको आधारमा प्रक्षेपण र ५.५ प्रतिशत यस क्षेत्रमा विकास हुने हुँदाको मागको प्रक्षेपण गर्दा) | १६६८१ | १७५९८ | १७४८१ | १८५६५ | १८३२० | १९५८६ | १९१९९ |
| जेटिए र अन्य सहायक प्रा. कृषि कर्मचारी (३.३ प्रतिशत औसत वार्षिक वृद्धिका आधारमा आपूर्ति प्रक्षेपण र ३.८ वार्षिक वृद्धिका आधारमा माग प्रक्षेपण गर्दा) | ७००८ | ७२७२ | ७२३९ | ७५५० | ७४१८ | ७८३६ | ७६६४ |
| **शिक्षा** | | | | | | | |
| १:३२.७ शिक्षक -विद्यार्थी अनुपातको आधारमा हालको आपूर्ति र २०६७ देखि २०७० सम्म हुने जनसंख्या वृद्धिको प्रतिशतको आधारमा माग प्रक्षेपण गर्दा) | २२२९०४ | २००८८८ | २२७२३५ | २०४७८६ | २३१६४४ | २०८७५८ | २३६१३२ |
| **अन्य** | | | | | | | |
| प्रशासक, व्यवस्थापक, प्राध्यापक, वकिल तथा अन्य (वार्षिक ६.३ प्रतिशतले औसत वृद्धि गर्दाको आपूर्ति र ६.८ प्रतिशत योजनाको लक्ष्य वृद्धिका लागि आवश्यक | १८५७५३ | १९८३८४ | १९७४५५ | २११६७४ | २०९८९५ | २२६२८१ | २२३११८ |

## रोजगारी र सामाजिक समावेशीकरण

दलित समुदाय पहाड तथा तराई दुवै भौगोलिक प्रदेशमा छरिएका छन् । यो समुदाय नेपालमा अत्यन्त पिछिडिएको अवस्थामा रहेको हुँदा दलित समुदाय केन्द्रित रोजगारी सृजना गर्ने रणनीतिमा विशेष ध्यान दिनु जरूरी हुन्छ । त्यस्तै रोजगारको अवसरमा तुलनात्मक रूपमा पछाडी परेको आदिबासी समुदायलाई पनि रोजगारीको अवसर उपलब्ध गराउनु पर्ने देखिन्छ ।

त्रिवर्षीय योजनामा रोजगारीको सिर्जनाको अवस्थालाई हेर्दा जिल्लाहरूमा थपिने सवै श्रमशक्तिलाई रोजगारीको अवसर प्राप्त हुने देखिदैन । सिर्जना हुने रोजगारीका अवसरहरूमा पिछडिएका

समुदायहरूलाई प्राथमिकता दिइनु पर्दछ । त्यस्तै सडक निर्माण तथा मर्मत, पुल पुलेसा, सिंचाइ जस्ता स्थानीय विकास निर्माण कार्यहरूमा स्थानीय समुदायलाई अवसर दिइनुपर्दछ ।

त्रिवर्षीय योजनामा थप हुने रोजगारीको परिमाणात्मक लक्ष्य ११ लाख ६४ हजार ६३३ राखिएको छ । विभिन्न जिल्लाहरूमा भिन्न भिन्न संख्यामा रोजगारीको अवसर प्राप्त हुनेछ । तर योजना अवधिमा थपिने श्रमशक्तिको संख्या १५ लाख ३९ हजार ८२१ उमेर समूह र ५९ वर्ष नाघेका पनि समावेश हुने हुँदा यसको संख्या अझै बढ्न जानेछ । त्यस्तै गरेर विदेशी रोजगारबाट फर्कने श्रमशक्ति पनि थपिनेछ । यसरी थपिने श्रम शक्तिको संख्या तीन वर्षमा करिव १७ लाख जति हुने अनुमान छ ।

देश भित्र सृजना हुने ११ लाख ६४ हजार ६३३ रोजगारीको अनुमानमा प्रत्येक वर्ष विदेशी रोजगारमा झन्डै ३ लाख श्रम शक्ति जाने अनुमानलाई हेर्दा यो तीन वर्षमा सिर्जना हुने रोजगारीले केही मात्रामा विदेशी रोजगारीमा निर्भरता कम गर्न सक्ने देखिन्छ । हुन त विदेशी रोजगार मध्यकालीन उपाय मात्रै हो । अन्ततोगत्वा सवै श्रमशक्तिलाई देश भित्रै रोजगारीको अवसर दिइनु आवश्यक छ । त्यसकारण यस योजनामा देश भित्रै थप रोजगारी सिर्जना गर्ने रणनीति लिइएको छ ।

**जिल्ला प्राथमिकता**

जिल्लाहरूमा रोजगारीको हिसावले विकास निर्माण कार्यमा लगानी गर्नुपर्दा विभिन्न जिल्लाहरूमा निर्धारण गरेको लक्ष्यलाई ध्यान दिनुपर्छ । रोजगारीको हिसाबले सबभन्दा बढी प्राथमिकता पाउनु पर्ने जिल्लाहरूमा मनाङ्ग, काठमाडौं, रसुवा, दार्चुला, कैलाली, ललितपुर, ताप्लेजुङ्ग, कन्चनपुर र बझाङ्ग गरी ९ जिल्ला रहेका छन् । यी जिल्लाहरूमा थपिने श्रमशक्तिको ५० प्रतिशतभन्दा कम रोजगारी सिर्जना हुने देखिन्छ । त्यस्तै दोस्रो प्राथमिकतामा पर्ने जिल्लाहरूमा कास्की, भक्तपुर, मुस्ताङ्ग, उदयपुर, वर्दिया, इलाम, रौतहट, पर्सा, संखुवासभा, सुर्खेत, मोरङ्ग, हुम्ला, वाँके, सोलुखुम्वु, सुनसरी र दाङ्ग गरी १७ जिल्लाहरू रहेका छन् । यी जिल्लाहरूमा ५० प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा कम रोजगारी सिर्जना हुने अनुमान रहेको छ । तेस्रो प्राथमिकता दिनुपर्ने जिल्लाहरूमा नवलपरासी, रूपन्देही, सर्लाही, महोत्तरी, गुल्मी, सिन्धुली, धनुषा, वाग्लुङ्ग, कपिलवस्तु, बाजुरा, धादिङ, दोलखा, प्युठान गरी १४ जिल्लाहरू रहेका छन् । समुदाय र समावेशीको हिसावले पनि यी जिल्लाहरूलाई बढी ध्यान दिनुपर्ने देखिन्छ ।

### ९. प्रमुख कार्यक्रम

- कृषिक्षेत्रमा रोजगारी सिर्जना गर्न प्रयोगमा नआएको भूमिको व्यवस्थित प्रयोग, सिंचाइको विकास र विस्तार, बाली विविधीकरण र कृषिलाई व्यवसायीकरण गर्ने कार्यक्रमहरू ल्याइनेछ । ग्रामीण युवालाई कृषिमा रोजगारी सिर्जना गर्ने कृषि उत्पादन प्रशोधन, कृषि बजार र उत्पादकत्व वृद्धि गर्ने साना-साना कार्यक्रम ल्याई स्थानीय स्तरमै रोजगारीको सिर्जना गर्ने कार्यक्रम ल्याइनेछ ।
- औद्योगिक क्षेत्रमा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरूमा विभिन्न पूर्वाधार निर्माण, पर्यटन र उद्योगहरूमा निजी क्षेत्रको लगानी आर्कषित गर्ने र उत्पादकत्व अभिवृद्धि गराउने, युवा र नयाँ उद्यमीमा रहेको सिर्जनशील प्रतिभालाई उद्योग व्यवसायमा अभिमुख गरी स्वरोजगार, उद्यमशीलताको विकास, थप सुविधा र सहुलियत उपलब्धि गरी निश्चित समुदायलाई लक्षित गरी लघु घरेलु तथा साना उद्योगको विकास सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- पूर्वाधारहरूको विकास र विस्तार गर्दा प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीका अवसरको सिर्जनाको विश्लेषण र स्थानीय समुदायको रोजगारमा पहुँच हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता कार्यक्रमबाट सिर्जना हुने रोजगारीको अवसरमा स्थानीय समुदायलाई नै प्राथमिकता दिइनेछ ।
- उच्च जनशक्तिको उच्चत्तम उपयोग गरी देश विकासमा टेवा पुऱ्याउन जनशक्ति आपूर्ति र प्रयोगसम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- औद्योगिक निरीक्षण, औद्योगिक श्रम सम्बन्ध सुधार, संस्थागत सुदृढीकरण, श्रम कानून तथा नीतिको परिमार्जन, श्रम बजार प्रबर्द्धन तथा रोजगार विनिमय सेवा सञ्चालन, श्रम सम्बन्धी सूचना व्यवस्थापन, औद्योगिक दुर्घटनाको तथ्यांक संकलन, औद्योगिक प्रदूषण सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- युवा स्वरोजगार कार्यक्रमको विस्तार, सीप विकास तालिमलाई रोजगारमुखि बनाउने, रोजगार सूचना प्रणाली व्यवस्थापन, श्रम रोजगार विनिमय केन्द्र सञ्चालन, सूचना अद्यावधिक तथा परामर्श सेवा सञ्चालन गरिनेछ ।
- श्रम कार्यालय सुदृढीकरण, नमूना श्रम कार्यालयहरूको विकास, श्रम सम्बन्ध सुदृढीकरणका लागि स्थानीय स्तरमा त्रिपक्षीय संयन्त्रको विस्तार र श्रम व्यवस्थापन सुधार गरिनेछ ।
- सामाजिक साझेदार, आपत्कालीन तथा प्राथमिक उपचार र व्यवसायजन्य सुरक्षा सम्बन्धी तालिम, कार्यस्थलमा हानिकारक तत्त्वको नमूना संकलन र विश्लेषण, राष्ट्रिय सप्ताह कार्यक्रम, श्रमिक स्वास्थ्य प्रबर्द्धन, कार्यस्थलको खतरा तथा जोखिमपूर्ण कार्यको पहिचान तथा विश्लेषण सम्बन्धी र प्रचार प्रसार कार्य सम्पन्न गरिनेछ ।
- सेवा क्षेत्रमा रोजगारीको बढ्दो माग अनुसार आपूर्ति गर्न सेवाशुल्क उद्योग सम्वन्धी तालिम कार्यक्रमहरूलाई व्यापकता दिइनेछ ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गर्न यस सम्वन्धी उद्योग सेवा क्षेत्रमा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- कृषिको आधुनिकीकरण, यान्त्रिकरण र व्यवसायिकीकरण गर्ने कार्यक्रम सञ्चालन गर्दा बचत हुन आउने श्रमशक्तिलाई त्यसको बजारीकरण, प्रवर्द्धन र प्रविधिको सञ्चालनमा प्रयोग गरिनेछ ।
- कृषि क्षेत्रमा रहेको अदृश्य बेरोजगारी समस्यालाई समाधान गर्न कृषिका पकेट कार्यक्रमहरू सञ्चालन गरि परम्परागत कृषिबाट उन्नत तरकारी खेति, फलफूल खेती तथा उच्च मूल्यका कृषि उपज उत्पादन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

उद्योग प्रतिष्ठानहरू, कलकारखानाहरू, मजदुर संगठनहरू, श्रम कार्यालयहरू, रोजगार सूचना केन्द्रहरू, श्रम विभाग, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, कृषि मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग समेतको संयन्त्र तयार निर्माण हुने र यसका लागि कानूनी आधार तयार गरिने, श्रम रोजगार विनिमय सूचना केन्द्रको स्थापना, श्रम तथा रोजगार नीति, वैदेशिक रोजगार नीति निर्माण तथा कार्यान्वयन गरिनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

जिल्लास्तर, प्रादेशिक र केन्द्रीय स्तरमा आवश्यक पर्ने सूचाकाङ्कहरूको विकास गरी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ । यसक्रममा तथ्यमा आधारित मूल्याङ्कनको व्यवस्था मिलाइनेछ । यसका लागि मन्त्रालय स्तरमा एक कार्यक्रम समन्वय एवं अनुगमन समिति गठन गरिनेछ । त्यसै गरी यससँग सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धिको व्यवस्था मिलाउनको साथै कार्यक्रम नियमित अनुगमनको कार्ययोजना तयार गरी क्षेत्रगत आधारमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

## १२. अपेक्षित उपलब्धि

१. स्वदेशी श्रम बजारको माग अनुरूप दक्ष एवं प्रतिस्पर्धी श्रम शक्ति तयार भइ बेरोजगारी दरमा कमी आएको हुनेछ ।

२. श्रमिक कामदारहरूको हक अधिकारको संरक्षण तथा काम गर्ने स्वस्थ्य वातावरण प्रबर्द्धन भएको हुनेछ ।

३. रोजगारीमा महिला युवा, दलित, आदिबासी, जनजाति, मधेशी, मुस्लिम, द्वन्दप्रभावित, अति विपन्न परिवार तथा सीमान्तकृत क्षेत्र र समूहका व्यक्तिहरूको पहुँचमा वृद्धि भएको हुनेछ।
४. रोजगार सूचना केन्द्रहरू रोजगारदाता र रोजगार चाहने बीचको रोजगार विनिमय केन्द्रको रूपमा विकसित हुनेछन्।
५. वार्षिक एक लाख युवाहरूलाई कम्तीमा तीन महिनाको रोजगारमूलक सीप विकास तालिम प्रदान गरी रोजगारीमा पहुँच पुऱ्याइएको हुनेछ।
६. वैदेशिक रोजगारलाई सुरक्षित एवं व्यवस्थित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन भएको र रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान भएको हुने तथा विप्रेषण आयमा वृद्धि भएको हुनेछ।
७. वार्षिक १ लाख युवाहरूलाई कम्तीमा ३ महिनाको रोजगारमूलक सीप विकास तालिम प्रदान गरी रोजगारीमा पहुँच पुऱ्याइएको हुनेछ।
८. श्रम विवाद न्यून भइ लगानीको लागि अनुकूल वातावरण निर्माण भएको हुनेछ।
९. कृषि, उद्योग र सेवा क्षेत्रका रोजगारीमूलक कार्यक्रमहरू एकीकृत रूपमा कार्यान्वयन हुनेछन्।

## ४.१७.१ बालश्रम

### १. पृष्ठभूमि

वालश्रम निवारण सम्बन्धमा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नु राज्यको दायित्व हो। बालश्रम बहुआयामिक विषय हो। यस कार्यमा सरकारी प्रयासका साथै राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, सामुदायिक संस्थाहरू, स्थानीय निकाय, नागरिक समाज र निजी क्षेत्र समेतको संयुक्त प्रयासको आवश्यकता छ। नेपाल सरकारले सन् २०१६ सम्म निकृष्ट प्रकृतिका बालश्रम उन्मूलन र सन् २०२० सम्म सबै प्रकारका बालश्रम अन्त्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता व्यक्त गरेको छ। यी प्रतिबद्धताहरू पूरा गर्नुका साथै बालश्रमको मुख्य कारण गरीबीलाई गम्भीर सामाजिक समस्याको रूपमा लिई यसको निवारणका लागि सरकार, रोजगारदाता सङ्गठन, ट्रेड युनियन, विभिन्न सामाजिक संघ संस्था, अन्तर्राष्ट्रिय संघ सङ्गठनहरूको सहयोग र सहकार्यलाई प्रवर्द्धन गर्दै निकृष्ट प्रकृतिका बालश्रम निवारण गरी बालश्रम रहित समाजको निर्माण गर्नेतर्फ योजना केन्द्रित रहनेछ।

### २. अद्यावधिक स्थिति

बालश्रम निवारणका लागि बालश्रमसम्बन्धी गुरुयोजना परिमार्जन भैरहेको, बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ र नियमावली, २०६२ लागू गरिएको, निकृष्ट प्रकृतिका श्रममा संलग्न १६,००० बालश्रमिकको उद्धार, १७,००० बालबालिकालाई यस्तो श्रममा प्रवेश गर्नबाट रोक, दिवा शिशु स्याहार तथा अनौपचारिक शिक्षा केन्द्रहरूको सञ्चालन भइरहेको, गैर सरकारी क्षेत्रबाट यस क्षेत्रमा ठूलो लगानी भइ पक्षपोषण, सचेतनामूलक कार्यक्रमहरू, औपचारिक/अनौपचारिक शिक्षा, कानूनी सहयोग, मनोसामाजिक परामर्श, सीप विकास तालिम, पुनःस्थापित बाल श्रमिकका अभिभावकहरूलाई आयमूलक र रोजगारमूलक तालिम सञ्चालन आदि यस क्षेत्रका उपलब्धिहरू रहेका छन्।

### ३. समस्या तथा चुनौती

बालश्रम विरूद्धको चेतनाको कमी, स्थानीय तहसम्म बालश्रम हेर्ने संरचनाको अभाव, सञ्चालित कार्यक्रमहरू लक्षित वर्ग सम्म पुग्न नसक्नु, बालश्रमसम्बन्धी कार्यक्रमहरूबीच समन्वय कमजोर हुनुजस्ता समस्याहरू रहेका छन्।

राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूवीच समन्वय र सहकार्य वृद्धि गर्नु, विद्यमान् सामाजिक मान्यता र धारणा परिवर्तन गर्नु, बालश्रमबाट उद्दार र पुनःस्थापना गर्नु, यस सम्बन्धी ऐन नियमहरूको प्रभावकारी

कार्यान्वयन गर्नु, बालश्रमको प्रमुख कारक तत्त्व गरीबी निवारणका लागि कृषि, रोजगार, सामाजिक सुरक्षा, आजीविकाका विकल्पहरूको विकास गर्नु चुनौतीको रूपमा रहेको छ ।

**४. दीर्धकालीन सोच**

सवै प्रकारका बालश्रम निवारण गर्दै बालअधिकार सुनिश्चित गर्ने ।

**५. उद्देश्य**

सवै प्रकारका बालश्रम निवारण गर्दै निकृष्ट प्रकृतिका बालश्रमलाई प्राथमिकताका साथ उन्मूलन गर्ने ।

**६. रणनीति**

बालश्रम सम्बन्धी नीति, कानून तथा संस्थागत व्यवस्थामा सुधार गरिनुका साथै बालश्रम निवारणका कार्यक्रमहरूलाई गरीबी निवारणका राष्ट्रिय कार्यक्रमसंग एकीकृत गरी कार्यान्वयन गर्ने ।

**७. कार्यनीति**

१ बालश्रम निवारण गुरू योजनालाई परिमार्जन गरी निकृष्ट प्रकृतिको बालश्रम निवारणका लागि नमूना कार्यक्रमहरू सञ्चालन गर्ने र बालश्रमिकहरूको उद्धार र पुनःस्थापनाका लागि संस्थागत व्यवस्था गरिनेछ ।

२ बालश्रम निवारण अनुगमन तथा मूल्याङ्कनका लागि अध्ययन अनुसन्धानलाई निरन्तरता दिइनेछ ।

**८. परिमाणात्मक लक्ष्य**

| क्र. स. | विवरण | आ.व. २०६६/६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | पुनःस्थापना केन्द्रहरूको स्थापना (५ विकास क्षेत्र) | - | ५ |
| २ | बालश्रम गुरूयोजना कार्यान्वयन (सवै स्थानीय निकाय मार्फत ७५ जिविस, ५८ नपा, ३९१५ गाविस) हुने | ११ नपा | ४०४८ |
| ३ | स्थानीय बालक्लव तथा बालश्रम निगरानी समूहको विकास र परिचालन (५८ नपा, ३९१५ गाविस) हुने | - | ३९७३ |
| ४ | बाल विकास तथा बाल श्रम निवारण कोषको प्रभावकारी परिचालन हुने (वटा) | ५ | ५ |

**९. प्रमुख कार्यक्रम**

बालश्रम विरूद्ध चेतना अभिवृद्धि, श्रव्य दृश्यहरू तयार गरी प्रसारण, बालश्रम विरूद्ध वृत्तचित्र निर्माण, जोखिममा रहेका बालश्रमिकको लागि सचेतना अभिवृद्धि, बालश्रम निरीक्षण, अनुगमन, बालश्रम निवारणका लागि स्थानीय निकायहरू मार्फत सामाजिक परिचालन, गैर सरकारी संस्थाहरू परिचालन, निकृष्ट प्रकृतिको बालश्रमका नयाँ क्षेत्रहरूको पहिचान, बालश्रम निवारणका लागि स्वास्थ्य प्रबर्द्धन, निकृष्ट प्रकृतिका बालश्रमिकहरूको उद्धार, पुनःस्थापना केन्द्रहरू स्थापना र सञ्चालन, बालश्रम निवारण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, बालश्रम निवारण गुरूयोजना कार्यान्वयनका साथै बालश्रम सम्बन्धी तथ्याङ्क संकलन कार्य सञ्चालन गरिनेछ ।

**१०. कार्यान्वयन व्यवस्था**

बालश्रमलाई अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार निषेध र नियमित गर्न सन् २०२० सम्मको लागि गुरूयोजना परिमार्जित गरी कार्यान्वयन गरिनेछ । बालश्रम निवारणका लागि उद्योग प्रतिष्ठानहरू, कलकारखानाहरू, मजदुर संगठनहरू, श्रम कार्यालयहरू, रोजगार सूचना केन्द्रहरू, श्रम विभाग, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, कृषि मन्त्रालय, शिक्षा मन्त्रालय, स्थानीय विकास मन्त्रालय साथै मानव अधिकार तथा बाल अधिकारसँग सरोकार राख्ने सवै सरकारी तथा गैर सरकारी संस्थाहरूसमेत कार्यान्वयनको संयन्त्रमा पर्दछन् । उपर्युक्त सवै सरकारी तथा गैर सरकारी संस्थाहरूको सामूहिक

क्रियाशीलतामा बालश्रम निवारण कार्यक्रम कार्यान्वयन हुनेछ । सन् २०१६ सम्म निकृष्ट प्रकृतिको बालश्रम तथा सन् २०२० सम्म सवै प्रकारका बालश्रम निवारण योजनाको कार्यान्वयन गरी उक्त लक्ष्य हासिलका लागि आधारभूत तथा आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**११. अनुगमन तथा मूल्याङ्कन**

मौजुदा श्रम सम्बन्धी नीति, ऐन र नियम तथा बाल अधिकार र बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय संधिसंम्झौताहरू प्रभावकारी बनाउन नियमित अनुगमन गरिनेछ । नयां सूचकहरूको विकास गरी अनुगमन तथा मूल्याङ्कन संरचना सुदृढीकरण अनुगमन गरी प्रभावकारी बनाइनेछ । अनुगमनका लागि श्रम विभागले वार्षिक कार्ययोजना तयार गरी योजनाबद्ध रूपमा अनुगमन कार्य गर्नेछ ।

**१२. अपेक्षित उपलब्धि**

१. अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार बालश्रम निवारण राष्ट्रिय गुरूयोजनाको परिमार्जन (सन् २०१०(२०२०) भै कार्यान्वयन भएको हुनेछ ।

२. बालश्रमिकहरूको स्थितिमा सुधार र संख्यामा कमी आउनका साथै नमूना पुनःस्थापना केन्द्रहरूको स्थापना भइ निकृष्ट प्रकृतिको बालश्रम उन्मूलन भएको हुनेछ ।

३. बालश्रमिकका अभिभावकहरू बालश्रमप्रति सचेत भएका हुनेछन् ।

## ४.१७.२ वैदेशिक रोजगार

**१. पृष्ठभूमि**

नेपालका लागि वैदेशिक रोजगारको क्षेत्र २०० वर्ष अगाडि खुला भएको पाइन्छ । विगत केही वर्षदेखि वैदेशिक रोजगारका लागि नयाँ नयाँ गन्तव्य मुलुकहरू देखापरेका छन् । बेरोजगारी न्यूनीकरण गर्ने विकल्पको रूपमा वैदेशिक रोजगार देखा परेको हो । स्वदेशमा अधिकतम रोजगारका अवसर सिर्जना नहुञ्जेलसम्मका लागि वैदेशिक रोजगारलाई पूर्णरूपमा सदुपयोग गरी कामदारको हक हित संरक्षण गर्न र वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धिमूलक बनाउन जोड दिनुपर्ने देखिन्छ । मुलुकको जनशक्तिलाई अन्तर्राष्ट्रिय बजारको माग अनुरूप ज्ञान र सीप प्रदान गरी रोजगारीको प्रवर्द्धन गर्नु आजको प्रमुख आवश्यकता हो । विप्रेषणवाट हुने वैदेशिक मुद्राको संचय वैदेशिक रोजगारको सकारात्मक पक्ष भए पनि यो अस्थायी प्रकृतिको र आफ्नो नियन्त्रणमा नहुनाले देशको आर्थिक विकासमा यसको योगदान दिगो रहँदैन । मुलुकको हालको वैदेशिक रोजगारमाथिको बढ्दो निर्भरतालाई कम गर्दै स्वदेशी रोजगारीलाई वृद्धि गर्दै लैजाने दिशामा योजना केन्द्रित रहनेछ ।

**२. अद्यावधिक स्थिति**

आ.व. २०६६/६७ सम्ममा नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा (भारत बाहेक) जानेहरूको संख्या १७,२६,३१८ पुगेको जसमा महिलाहरूको संख्या २३,७२५ रहेको, र गत वर्ष करिब २३२ अर्ब रूपयाँ विप्रेषण प्राप्त गरेकोछ । श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा जानेहरूको संख्या पनि उल्लेख्य रहेको छ भने अलेखबद्ध रूपमा वैदेशिक रोजगारीमा जाने महिलाहरू करिव २ लाख रहेको अनुमान छ । वैदेशिक रोजगारीका लागि १०८ मुलुक खुल्ला गरिए तापनि प्रमुख गन्तव्य मुलुकहरूमा मलेसिया, कतार, साउदी अरेविया र संयुक्त अरव इमिरेटस् रहेका छन् । वैदेशिक रोजगार विभागको पुनर्गठन, श्रम कुटनीतिको विस्तार, न्यूनतम पारिश्रमिक निर्धारण, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको गठन, वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका नेपालीहरूको उद्धार तथा आर्थिक राहतको व्यवस्था, आप्रवासी स्रोत केन्द्रको स्थापना, ४ मुलुकमा श्रम सहचारीको व्यवस्थाा, विभिन्न ५ मुलुकसंग श्रम सम्झौता, महिला कामदारको निमित्त विभिन्न चार मुलुकमा (साउदी अरव, यू.ए.ई., कतार र कुवेत)

सुरक्षित गृह स्थापना, वैदेशिक रोजगार न्यायाधीकरणको स्थापना, जापानमा औद्योगिक प्रशिक्षार्थी तथा अभ्यासार्थी कामदार पठाउने प्रक्रियाको प्रारम्भ, दक्षिण कोरियासंग सरकार-सरकारबीच कामदार पठाउने सम्झौता आदि यस क्षेत्रका उपलब्धिहरू रहेका छन् ।

### ३. समस्या तथा चुनौती

वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन नसक्नु, अलेखबद्ध भइ वैदेशिक रोजगारमा जाने महिलाहरू बेचबिखन, यौनशोषण, शारीरिक र मानसिक समस्याबाट पीडित हुनु, अभिमुखीकरण तालिमको अभाव, सहुलियत ऋणको सुविधा नहुनु, फर्किएका महिला कामदारहरूका लागि पुनःस्थापना कार्यक्रमको अभाव, विप्रेषण रकम उपयोगबाट महिलाहरू लाभान्वित हुन नसक्नु, प्रशासनिक संरचना केन्द्रीकृत हुनु, व्यावसायिक तथा सीप विकास तालिम केन्द्रलाई यसकार्यमा आबद्ध गर्न नसकिनु, अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरूप नेपाली कामदारहरूमा प्रतिस्पर्द्धात्मक क्षमताको विकास गर्न नसकिनु, सुरक्षित तथा आर्थिक रूपमा बढी फाइदा हुने गन्तव्य मुलुकहरूको पहिचान गर्न नसक्नु, ठगीको मात्रा बढदै जानु, अलेखबद्ध भइ जाने प्रवृत्ति बढ्नु, नेपाली महिला कामदारहरूलाई कानूनीरूपमा संरक्षण गर्न नसक्नु जस्ता समस्याहरू यस क्षेत्रमा विद्यमान् रहेका छन् ।

समस्यामा परेका आप्रवासी कामदारहरूलाई उद्धार गर्नु, औपचारिक माध्यमबाट विप्रेषण प्राप्त गर्नु र उत्पादनमुखी कार्यहरूमा उपयोग गर्नु, पुनःस्थापनालाई प्रभावकारी बनाउनु, कामदारहरूको सीपलाई उत्पादनमूलक कार्यमा उपयोग गर्नु, अन्तर्निकाय समन्वय संयन्त्रको निर्माण गर्नु, आन्तरिक एवं स्थानीय स्रोत परिचालन र अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्नु, अलेखबद्ध रूपमा जाने महिलाहरूको सुरक्षा गर्नुजस्ता चुनौतीहरू रहेका छन् ।

### ४. दीर्घकालीन सोच

वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र अधिक फलदायी वनाउँदै बाह्य तथा आन्तरिक रोजगारी प्राप्त हुने आर्थिक एवं गैर आर्थिक लाभलाई गरीबी निवारण तथा राष्ट्रको दिगो आर्थिक सामाजिक विकासका लागि लगानी गर्ने ।

### ५. उद्देश्य

१. विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्यमशील, दक्ष र सीपयुक्त मानव संसाधनको विकास गरी बेरोजगारी न्यूनीकरण गर्ने ।

२. वैदेशिक रोजगारीका जोखिमहरू कम गर्ने र लाभलाई अधिकतम गर्दै गरीबी निवारणमा यस क्षेत्रको योगदान अभिवृद्धि गर्ने ।

### ६. रणनीति

१. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाई अधिक प्रतिफलदायक बनाउने तथा यसको आप्रवासन चक्रहरूमा गुणात्मक सुधार ल्याउने ।

२. विप्रेषणलाई संस्थागत रूपमा परिचालित गिरी अधिकाधिक रूपमा उत्पादनमूलक आर्थिक तथा मानवीय विकासमा परिचालन गर्ने ।

### ७. कार्यनीति

१.१ वैदेशिक रोजगारका सम्बन्धमा समन्वयका निमित्त सरोकारवाला निकायहरूको उच्चस्तरीय प्रभावकारी समन्वय संरचना निर्माण गरी एकीकृत कार्य प्रणालीको अवलम्वन गरिनेछ र वैदेशिक रोजगारको संस्थागत संरचना स्थानीय स्तरसम्म विस्तार गरिनेछ ।

१.२ आर्थिक कुटनीतिमा श्रम कुटनीतिलाई प्राथमिकता दिइ गन्तव्य मुलुकहरूमा दक्ष तथा व्यावसायिक श्रम सहचारीको व्यवस्था गर्दै नेपालमा गन्तव्य मुलुकको कुटनीतिक उपस्थिति

विस्तार गर्नुका साथै विदेशमा रहेका गैरआवासीय नेपालीहरूको संस्था लाई नेपाली श्रमबजारको विस्तार, प्रबर्द्धन र कामदारहरूको संरक्षण र सहयोगका निमित्त परिचालन गरिनेछ ।

१.३ वैदेशिक रोजगारमा जाने र आउने नेपालीहरूका निमित्त अन्तर्राष्ट्रिय विमानस्थलमा विशेष मार्गको व्यवस्था गरिनेछ ।

१.४ गन्तव्य मुलुकहरूमा कामदार र महिला कामदारहरूको सुरक्षा र सहयोगका प्रणालीहरूको विकासका लागि सार्क क्षेत्रका अन्य मुलुकहरूसँग सहकार्यको खोजी गरिनेछ ।

१.५ नेपालीहरूका लागि वैदेशिक रोजगार सुरक्षित र व्यवस्थित बनाउन थप मुलुकहरूसँग श्रम संझौता गरिनेछ ।

१.६ स्थानीय तहसम्म वैदेशिक रोजगार तथा आप्रवासन सम्बन्धी आधारभूत जानकारी प्रवाह हुने गरी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१.७ वैदेशिक रोजगार कल्याण कोषलाई वैदेशिक रोजगारमा गएकाहरूको सुरक्षा, संरक्षण, आर्थिक राहत, पुनःएकीकरण तथा उनीहरूका परिवारका सदस्यहरूको शिक्षा, स्वास्थ्य तथा चेतनामूलक कार्यक्रमहरू परिचालन गरिनेछ ।

१.८ तेस्रो मुलुक भएर वैदेशिक रोजगारमा जाने कामदारलाई नेपाली भूमि भएर जान आकर्षित गर्ने गरी नीति तर्जुमा गरिनेछ । सीप र सही सूचना उपलब्ध भएपछि मात्र वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई विशेष प्याकेजको व्यवस्था गरिनेछ ।

१.९ देशमै रोजगार गर्न चाहने र वैदेशिक रोजगारमा जान चाहनेलाई ऋणको व्यवस्था गर्न वित्तीय संस्थाहरूसँग सहकार्य गरिनेछ ।

१.१० रोजगारीको सिलसिलामा भारत गएका नेपाली कामदारहरूको सुरक्षा र संरक्षणलाई सम्बोधन गरिनेछ ।

१.११ महिला, विपन्न, दलित, दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्रसमेतको पहुँच हुने गरी वैदेशिक रोजगार उन्मुख स्तरीय तालिम प्रदान गर्नुका साथै वैदेशिक रोजगारलाई समावेशी र विपन्नमुखी बनाइनेछ ।

१.१२ वैदेशिक रोजगारीमा गएका नेपालीहरूको अभिलेख प्रणाली सुधार तथा सुव्यवस्थित गरी खण्डीकृत तथ्याङ्क समेत हुने गरी अद्यावधिक गरिनेछ ।

२.१ विप्रेषण संकलन गर्ने संस्थाहरूमा संस्थागत/कर्पोरेट जिम्मेवारीलाई प्रोत्साहित गर्नुका साथै विप्रेषणको सहजीकरण र उत्पादनशील उपयोगका लागि प्रभावकारी प्याकेजहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ र विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी स्वरोजगार र रोजगारमा वृद्धि गराई बेरोजगारी र गरीबी घटाउने काममा सहयोग पुर्‍याइनेछ ।

२.२ श्रम आप्रवासनलाई नयां सीप र प्रविधि भित्र्याउने माध्यमको रूपमा ग्रहण गर्नुका साथै फर्किआएका कामदारहरूको सीप तथा बचतलाई उद्यमशीलता प्रबर्द्धनका लागि परिचालन गरी राष्ट्र विकास र गरीबी निवारणको प्रक्रियामा साझेदारको रूपमा मान्यता प्रदान गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|
| १ | कामदारहरूको पारिश्रमिक, सेवाशुल्क र प्रबर्द्धन खर्च समयानुकूल परिमार्जन गर्ने | २ |
| २ | वैदेशिक रोजगार ठगी नियन्त्रणका लागि अनुगमन तथा मूल्याङ्कन (पटक) | १५ |
| ३ | युवाहरूलाई वैदेशिक रोजगारीमा पठाउने (संख्या हजारमा) | ३०० |
| ४ | गन्तब्य मुलुकहरूमा श्रम सहचारी पठाई प्रभावकारी बनाउने (जना) | १२ |
| ५ | प्रमुख गन्तब्य मुलुकमा कुटनीतिक नियोगहरू विस्तार गर्ने । (परराष्ट्र मन्त्रालय) | १२ |
| ६ | गन्तब्य मुलुकहरूमा सुरक्षित गृह स्थापना गरी व्यवस्थित गर्ने (संख्या) | १५ |
| ७ | दक्ष, अर्धदक्ष र सीपयुक्त कामदारको रूपमा वर्गीकरण गर्ने (पटक) | ३ |

## ९. प्रमुख कार्यक्रम

- संगठन सुदृढीकरण तथा संस्थागत विकासः संस्थागत संरचना विकेन्द्रित गर्ने, कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम, गन्तब्य मुलुकहरूसँग श्रम सम्झौता गर्ने, श्रम सहचारी तथा कल्याणकारी अधिकृतको व्यवस्था गर्ने, अन्तर-मन्त्रालय समन्वय समितिको व्यवस्था गर्ने, श्रम कुटनीतिलाई बढावा दिन कुटनीतिक नियोगको विस्तार, वैदेशिक रोजगार व्यवसायीहरूको आचार संहिताको कार्यान्वयन, व्यवसायीहरूको अनुगमन, अधिकारवादी संस्थाहरू र सरोकारवालाहरू (एनआरएन लगायत) को संयुक्त सञ्जालको विकास र विस्तार, अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको श्रम कक्षको सुदृढीकरण, वैदेशिक रोजगारीमा जाने र आउने नेपालीहरूको निमित्त अन्तर्राष्ट्रिय विमानस्थलमा विशेष मार्गको व्यवस्था, आप्रवासन नीतिको तर्जुमा र कार्यान्वयन, महिला कामदारहरूको सुरक्षित आप्रवासनका लागि विद्यमान् अन्तर्राष्ट्रिय सन्धि/सम्झौता (विशेष गरी CEDAW, CEDAW GR 26) को प्रभावकारी कार्यान्वयन र UN Convention, 1990 को अनुमोदन गरी आवश्यक कानूनी संयन्त्रको निर्माण गर्ने कार्यहरू गरिनेछ ।
- सूचना व्यवस्थापन तथा सम्प्रेषण आप्रवासी कामदारहरूको तथ्याङ्क एवं वैदेशिक रोजगार सूचना प्रणालीको विकास र व्यवस्थापन गर्ने, वैदेशिक रोजगारसम्बन्धी सूचनालाई स्थानीय स्तरसम्म विस्तार गर्ने, माध्यमिक तहको पाठ्यक्रममा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी विषय समावेश गर्न पहल गर्ने, सुरक्षित एवं मर्यादित वैदेशिक रोजगारी सम्बन्धी जानकारी एवं कार्यक्रमहरूमा स्थानीय निकायहरूलाई परिचालन गर्ने, वैदेशिक रोजगार बजार विस्तारका लागि बजार प्रबर्द्धन, रोजगार मेला, अध्ययन, अनुसन्धान तथा प्रचारात्मक गतिविधिहरू सञ्चालन गर्ने ।
- अभिमुखीकरण, तालिम तथा सीप विकास प्रस्थानपूर्व दिइने अभिमुखीकरण तालिम पाठ्यक्रम परिमार्जन गर्ने, अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धाका लागि सीप, दक्षता अभिवृद्धि गर्न तालिम प्रदायक संस्थाहरूसँग सहकार्य गर्ने, तालिमको मापदण्ड निर्माण र प्रमाणीकरणको व्यवस्था गर्ने, नयां गन्तव्य मुलुकहरूको पहिचान गरी श्रम बजारको विस्तार गर्ने, इजाजत प्राप्त कम्पनीहरू, अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्थाहरू र सीपमूलक तालिम दिने संस्थाहरूको अनुगमन सूचकाङ्क विकास गरी अनुगमन गरिनेछ ।
- कामदारहरूको संरक्षण वैदेशिक रोजगार न्यायाधिकरणको संस्थागत क्षमता अभिवृद्धि गर्ने, अलेखबद्ध कामदारहरूको उद्धारका कार्यक्रम सञ्चालन गर्ने, सुरक्षा गृह व्यवस्थित गर्न मापदण्ड तयार गर्ने, अलेखबद्ध र करार अवधि सकिएका आप्रवासी कामदारहरूलाई लेखबद्ध र नवीकरण गर्ने संयन्त्रको विकास गर्ने, थप मुलुकहरूसँग श्रम सम्झौता गर्ने, महिला कामदारहरूको सुरक्षाका लागि कुटनीति पहल गर्ने र MOU मा घरेलु महिला कामदारलाई सो मुलुकको श्रम कानूनले समेट्ने व्यवस्थाका लागि पहल गर्ने, वैदेशिक रोजगारबाट फर्केका महिला कामदारहरूको समाजमा पुनःस्थापनाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, कठिन परिस्थितिमा रहेका कामदारहरूलाई कानूनी सहयोग र उद्धारको लागि कल्याणकारी कोषको परिचालन गर्ने, सुरक्षित गृहहरूको निर्माण गरी कामदारको दर्ता, मानवीय सेवा, कानूनी सहयोग, परामर्श सेवा तथा स्वास्थ्य सेवाको लागि स्रोत केन्द्रको रूपमा विकास गर्ने कार्य गरिनेछ ।
- विप्रेषण तथा आर्जित सीपको उपयोग प्राप्त विप्रेषण र सीपको उत्पादनशील उपयोग गर्ने, आर्थिक साक्षरता कार्यक्रम सञ्चालन गर्ने, राष्ट्रिय स्तरका नाफामूलक आयोजनाहरूमा विप्रेषणको उपयोग बढाउने, उद्यमशीलता, पूँजी निर्माण र लगानी सम्बन्धमा प्रशिक्षण दिने संस्थाहरूको विकास गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### १०. कार्यान्वयन व्यवस्था
आवश्यक कानूनी संयन्त्रको निर्माण गरी वैदेशिक रोजगार विभागको संस्थागत संरचना विकेन्द्रित गरिने, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, वैदेशिक रोजगार विभाग, परराष्ट्र मन्त्रालय, कुनैतिक नियोगहरू, श्रम सहचारीहरू, अधिकारवादी संस्था तथा गैर आवासीय नेपालीहरूको संयुक्त सञ्जाल निर्माण गरी कार्यान्वयनमा परिचालन गरिनेछ ।

### ११. अनुगमन तथा मूल्याङ्कन
योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि वैदेशिक रोजगार ऐन, वैदेशिक रोजगार नियमावली तथा कार्य सञ्चालन निर्देशिका बमोजिम अनुगमन सूचकहरूको विकास गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ । अनुगमनको कार्य योजना तयार गरी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

### १२. अपेक्षित उपलब्धि
१. वैदेशिक रोजगारलाई सुरक्षित एवं व्यवस्थित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन भएको र रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान भएको हुने तथा विप्रेषण आयमा वृद्धि भएको हुनेछ ।

२. अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरूप दक्ष एवं प्रतिस्पर्धी श्रम शक्ति तयार गरी बेरोजगारी घटेको हुनेछ ।

३. श्रमिकहरूको हक अधिकारको संरक्षण र काम गर्ने स्वस्थ्य वातावरण प्रवर्द्धन भएको हुनेछ ।

४. वैदेशिक रोजगारमा महिला, युवा, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, द्वन्दप्रभावित, अति विपन्न परिवार र सीमान्तकृत क्षेत्र एवं समूहका व्यक्तिहरूको पहुँचमा वृद्धि भएको हुनेछ ।

५. रोजगार सूचना केन्दहरू रोजगारदाता र रोजगार चाहनेबीचको रोजगार विनिमय केन्द्रको रूपमा विकसित हुनेछ ।

६. वैदेशिक रोजगारको खण्डीकृत तथ्याङ्क स्थापित भएको हुनेछ ।

## ४.१७.३ व्यावसायिक तथा सीप विकास तालिम

### १. पृष्ठभूमि
मुलुकको जनशक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार अनुकूलको ज्ञान र सीप प्रदान गरी रोजगारीका अवसरहरू प्रवर्द्धन गर्नु राज्यको प्रमुख दायित्व हो । मुलुकको बेरोजगारी समस्यालाई न्यूनीकरण गर्ने दिशामा व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरू विगत ३४ वर्षदेखि उच्च प्रतिबद्धताका साथ क्रियाशील रहँदै आएका छन् । मुलुकले अपेक्षा गरेको चालु आर्थिक वर्षदेखि प्रस्तुत गरिएको अन्तरिम योजनाले अपेक्षा गरेको रोजगार केन्द्रित कार्यक्रमअभियानका रूपमा सञ्चालन गर्न तथा नेपाल सरकारको महत्तम लक्ष्य पूरा गर्नमा जिल्ला स्थित व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरूको समेत प्रत्यक्ष सहयोग प्राप्त हुने विश्वास गरिएको छ । तालिम केन्द्रबाट सञ्चालन गरिने तालिम कार्यक्रमहरूलाई वैदेशिक रोजगारमुखि बनाई सञ्चालन गर्नु आवश्यक देखिएको छ ।

### २. अद्यावधिक स्थिति
व्यावसायिक तथा सीपमूलक तालिमहरू १६ वटा तालिमकेन्द्र मार्फत करिव २ लाखभन्दा बढी युवाहरू लाई स्वरोजगार, स्वदेशी तथा वैदेशिक रोजगार सम्बन्धी तालिमहरू प्रदान गरिएको, तालिम लिएकाहरूमध्ये कहिले स्वदेशभित्र रोजगारी, स्वरोजगार तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारको अवसर पाएका छन् ।

### ३. समस्या तथा चुनौती

भौतिक पूर्वाधारहरूको अपर्याप्तता, तालिमको प्राविधिक पक्ष अद्यावधिक गर्न नसकिएको, प्रशिक्षकहरूलाई पुनर्ताजगी तालिम सञ्चालन गर्न नसकिएको, तालिम केन्द्र सञ्चालन सम्बन्धी ऐन, नियम वा निर्देशिका र तालिमको नर्म्स नहुनु, वैदेशिक रोजगारमा जाने कामदारका लागि आवश्यक तालिम प्रदान गर्ने सम्बन्धमा समन्वयको अभाव रहेको, आयोजना अवधि किटान नभएको, कर्मचारीहरूको नियुक्ति प्रक्रिया नियमित नहुनु, तालिम लिनेहरूको रोजगारी स्थितिको अनुगमन नहुनु प्रमुख समस्याको रूपमा रहेका छन् ।

वर्षेनी ३ लाख युवाशक्तिको लागि सीपमूलक तालिम सञ्चालन गर्नु, माग अनुसार कार्यक्रम सञ्चालन गर्न स्रोत व्यवस्था गर्नु, तालिमलाई विस्तार गर्नु, तालिम केन्द्रले बजारको मागलाई समेट्ने व्यवस्था गर्नु, बहुआयामिक श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु यस केन्दका प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोच

स्वदेशी तथा अन्तर्राष्ट्रिय श्रम बजार प्रतिस्पर्धा गर्न सक्ने दक्ष र सीपयुक्त जनशक्ति तयार गरी बेरोजगारी घटाउने ।

### ५. उद्देश्य

स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्यमशील, दक्ष, सीपयुक्त श्रमशक्ति विकास गरी बेरोजगारी न्यूनीकरण गर्ने ।

### ६. रणनीति

१. रोजगार केन्द्रित लगानीको माध्यमवाट रोजगारीका अवसर तथा संभावनाहरू उजागर गर्दै निर्धारित क्षेत्रमा निश्चित अवधिभित्र सीपयुक्त श्रमशक्ति तयार गर्ने ।

२. सीप तथा व्यावसायिक तालिमका अवसरहरू वृद्धि गरी यस्ता तालिमहरू सेवाग्राहीको निकटमै सञ्चालन गरी स्वरोजगारको अवसर सिर्जना गर्ने वातावरण तयार गर्ने ।

### ७. कार्यनीति

१.१ व्यावसायिक तथा सीपमूलक तालिमहरूको स्तर निर्धारण गरी स्तरयुक्त बनाउन आवश्यक कानूनको निर्माण तथा परिमार्जन गर्ने ।

१.२ महिला, विपन्न, दलित, दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्र समेतको पहुँच हुने गरी स्वदेशी तथा वैदेशिक रोजगार उन्मुख स्तरीय तालिम प्रदान गरिनेछ ।

१.३ व्यावसायिक तथा सीपमूलक तालिमलाई श्रम बजारको माग सर्वेक्षण गरी सोही अनुरूप श्रम बजारमैत्री तालिम कार्यक्रम परिमार्जन गरी सञ्चालन गरिनेछ ।

१.४ व्यावसायिक तथा सीपमूलक तालिम प्राप्त गरेका श्रमशक्तिको रोजगारी प्रभावकारिताको अनुगमन गरी तालिम कार्यक्रमलाई बढी उपयोगी बनाइनेछ ।

२.१ सीप विकास, उद्यमशीलता प्रवर्द्धन गर्न सक्षम हुने गरी स्वरोजगारमूलक लघु उद्यम विकास कार्यक्रम सञ्चालन क्षमता विकास गरिनेछ ।

२.२ व्यावसायिक तथा सीप विकास सम्बन्धी तालिम प्रदायक संथाहरूलाई एउटै छातामुनि ल्याई गुणस्तरयुक्त तालिम प्रदान गर्न विभागस्तरीय केन्द्रीय व्यावसायिक संस्थाको रूपमा यस केन्द्रलाई विकास गर्नुका साथै सोही अन्तर्गत सीप विकासलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

२.३ प्राविधिक एस.एल.सी. लगायतका लामो अवधिको तालिमको गुण स्तरमा वृद्धि गरी रोजगारीमूलक बनाई स्वरोजगारीमा वृद्धि गर्न शिक्षा मन्त्रालय र प्राविधिक शिक्षातर्फ व्यावसायिक तालिम परिषद्सँग समन्वय र सहकार्य गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|
| १ | आधारभूत ६ महिने तालिम (जना) | २१००० |
| २ | आवासीय महिला सिलाइ तालिम (जना) | ७०० |
| ३ | वैदेशिक रोजगार एवं युवा स्वरोजगार सम्बन्धी (अल्पकालीन) तालिम सञ्चालन (जना) | ३५००० |
| ४ | द्वन्द प्रभावितहरूको लागि सञ्चालन गरिने विशेष सीप विकास तालिम कार्यक्रम (जना) | ४७०० |
| ५ | उद्यमशीलता विकास सम्बन्धी तालिम (जना) | ३००० |
| ६ | परिमाण नखुलेको अन्य कार्यक्रम (जना) | ३६०० |

## ९. प्रमुख कार्यक्रम

भौतिक अवस्था सुदृढीकरणः तालिम केन्द्रहरूको भवन निर्माण, सवारी साधन व्यवस्था, मेशिनरी औजारको व्यवस्था, तालिमको लागि आवश्यक फर्निचरको व्यवस्था गरिनेछ । आवासीय महिला सिलाई तालिम, अल्पकालीन तालिम, विशेष सीप विकास तालिम, वैदेशिक रोजगार संबन्धी तालिम, उद्यमशीलता विकास तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## १०. कार्यान्वयन व्यवस्थापन

व्यावसायिक तथा सीपमूलक तालिमहरू स्तरीय बनाउन आवश्यक ऐन नियम, नीति एवं निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने कार्यका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय र व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको प्रमुख जिम्मेवारी रहने छ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

सीप विकास तालिम केन्द्रहरूवाट जिल्ला र केन्द्रमा सञ्चालित तालिम कार्यक्रमको अनुगमन र निरीक्षण श्रम तथा यातायात व्यवस्था मंत्रालय र सम्बन्धित निकायहरूवाट अनुगमन कार्ययोजना बनाई सोको आधारमा अनुगमन गरिनेछ ।

## १२. अपेक्षित उपलब्धि

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुरूप दक्ष एवं प्रतिस्पर्धी श्रमशक्ति तयार भइ रोजगारीमा पहुँच बढ्नाले बेरोजगारी घटेको हुनेछ ।

२. रोजगारीमा महिला, युवा, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, द्वन्दप्रभावित, अति विपन्न परिवार तथा सीमान्तकृत क्षेत्र र समूहका व्यक्तिहरूको पहुँचमा वृद्धि भएको हुनेछ ।

३. वार्षिक ३ लाख युवाहरूलाई कम्तीमा ३ महिनाको रोजगारमूलक/सीप विकास तालिम प्रदान गरी रोजगारीमा पहुँच वद्धि भएको हुनेछ ।

## ४.१८ यातायात व्यवस्थापन

### १.पृष्ठभूमि

नेपालमा सवारी साधनको प्रयोग वि.सं. १९९६ सालदेखि भएको हो। यातायातको विकासको क्रममा खास गरी त्रिभुवन राजपथको निर्माण पछि मात्र देशको राजधानी लगायतका क्षेत्रमा सवारीको प्रयोग शुरू भयो। वि.स. २०१७/१८ सालदेखि भाडाका सवारीबाट इजाजत दस्तुर लिन शुरू गरियो। बढ्दो सवारी साधनको व्यवस्थापन तथा सार्वजनिक सवारीलाई भरपर्दो, सुरक्षित, वातावरणमैत्री तथा सर्वसाधारणको पहुचमा पुऱ्याई रोजगारीको सृजना गर्नुका साथै अर्थिक विकासमा टेवा पुरयाउने गरी विकास गर्नु आजको आवश्यकता हो। हाल देशमा सार्वजनिक सवारीका साधनहरू निजी क्षेत्रबाट मात्र सञ्चालित छन्। निजी क्षेत्र बाहेक सरकारी, सहकारी र वैदेशिक लगानी आर्कषित गरी सडक यातायातसँगै रेल्वे सेवाको विकास र विस्तार गर्न सके अर्थतन्त्रमा अनुकूल प्रभाव पर्ने हुनाले यसतर्फ ठोस पहल गर्नु अति आवश्यक देखिन्छ।

### २. अद्यावधिक स्थिति

आ.ब.२०६६।६७ सम्ममा जम्मा ८,०५,६१४ सवारी साधन दर्ता, सवारी चालक अनुमतिपत्र लिनेको संख्या १२ लाख पुगेको छ। सवारी चालक अनुमतिपत्रका ६ लाख अभिलेख वेभसाइटमा राखिएको, वाग्मती, लुम्बिनी तथा गण्डकी यातायात व्यवस्था कार्यालयहरूका सवारी अभिलेख कम्प्यूटर सञ्जालमा ल्याई ईबिलिंग शुरू गरिएको, तेस्रो पक्ष बीमा सम्बन्धी मापदण्ड कार्यान्वयन गरिएको, यातायात व्यवस्था नियमावली, २०५४ मा संशोधन गरिएको, वैज्ञानिक पद्धतिबाट सार्वजनिक सवारी साधनको भाडा तोक्ने काम प्रारम्भ भएको, केही महिलाहरू तथा अपाङ्गलाई निःशुल्क सवारी चलाउने तालिम प्रदान गरिएको, सवारी चालक अनुमतिपत्रलाई स्मार्ट कार्डमा परिणत गर्ने र इम्बोस्ड नम्बर प्लेटको व्यवस्था गर्ने काम प्रारम्भ भएको, रेल्वे सेवा विभाग स्थापनाको प्रक्रिया आरम्भ भएको छ। काठमाडौंको टेकुमा Vehicle Fitness Test Centre स्थापना गरिएको, सवारीचालक अनुमतिपत्र प्रयोगात्मक स्थलमा सि.सि.टि.भि.को व्यवस्था, काठमाडौ उपत्यकाबाट ग्यास टेम्पो विस्थापन कार्य शुरू भएको छ।

### ३. समस्या तथा चुनौती

सार्वजनिक यातायात सुरक्षित, भरपर्दो र सुलभ हुन नसक्नु, सवारी साधनको तुलनामा सडक विस्तार नहुनु, यातायात सेवाको गुण स्तरमा सुधार नहुनु, यातायात व्यवस्था कार्यालयहरूको क्षमता वृद्धि नहुनु, अदृश्य रूपमा सिन्डिकेट प्रणाली कायमै रहनु, सार्वजनिक सवारीका साधनको अनुगमन हुन नसक्नु, कर्णाली अन्चलमा यातायात व्यवस्था कार्यालय स्थापना नहुनु, नयाँ सवारी साधनको आयात र पुराना सवारी साधन विस्थापन आदि समस्याको रूपमा रहेका छन्।

सिन्डिकेट प्रणालीको अन्त्य, यातायातसँग सम्बन्धी निकायहरूबीच समन्वय गर्नु, कार्यालयहरूको कार्यबोझ अनुरूप भौतिक पूर्वाधार, जनशक्ति र वित्तीय स्रोत तथा प्रविधि उपलब्ध गर्नु, राज्यको तर्फबाट सार्वजनिक सवारी सञ्चालन गर्नु, सडक दुर्घटना, ट्राफिक जाम र प्रदूषण नियन्त्रण, यातायात प्रशासनलाई पारदर्शी र सेवाग्राही मैत्री बनाउनु, काठमाडौंको टाफिक जाम र वातावरण प्रदूषण नियन्त्रण यस क्षेत्रका चुनौतीको रूपमा विद्यमान् छन्।

### ४. दीर्घकालीन सोच

सार्वजनिक यातायातलाई सुरक्षित, भरपर्दो, सर्वसुलभ, व्यवस्थित प्रदूषणरहित र सेवामूलक बनाई देशको आर्थिक विकास र रोजगारीमा योगदान पुऱ्याउने।

## ५. उद्देश्य

१. सुरक्षित, सुविधायुक्त र भरपर्दो यातायात सेवाको सर्वसुलभ पहुँचमा वृद्धि गरी नेपालीको आवागमनको अधिकार संरक्षण गर्दै अर्थतन्त्रको गतिशीलता वृद्धि गर्ने ।

२. यातायात प्रशासनको संस्थागत सुदृढीकरण गर्दै तत्सम्बन्धी सेवाहरूलाई स्वच्छ, छिटो, पारदर्शी, सरल र प्रभावकारी बनाउने (सामान्य परिमार्जन) ।

## ६. रणनीति

१. अन्तर्निकाय समन्वय गरी सक्षम यातायात व्यवस्थापनका माध्यमबाट यातायात सेवालाई सुरक्षित भरपर्दो र सुलभ बनाउने ।

२. प्रदूषणयुक्त सवारी साधन क्रमिकरूपले विस्थापन गरी वातावरण मैत्री (जस्तै बिजुलीबाट चल्ने गाडी, साइकललाई प्राथमिकता दिने) निश्चित न्यूनतम स्तरको सेवाको मापदण्ड पुरा गर्ने सवारी साधनलाई प्रोत्साहित गर्ने ।

३. सार्वजनिक यातायात सेवामा सार्वजनिक निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहित गर्ने ।

४. रेल्वे सेवाको संभाव्यता गरी विस्तार र विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

५. यातायात क्षेत्रमा चुहावट नियन्त्रण गरी राजस्वमा योगदान बढाउने ।

## ७. कार्यनीति

१.१ यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन यस सम्बन्धी दीर्घकालीन रणनीतिक योजना तर्जुमा गरी यातायात नीति, सवारी साधन दर्ता तथा पुराना सवारी साधन विस्थापन नीति समेतका यससम्बन्धी नीतिगत व्यवस्था तथा कानूनी र संरचनागत व्यवस्थामा सुधार गरिनेछ ।

१.२ यातायात प्रशासनलाई सक्षम र आधुनिक प्रविधियुक्त उत्कृष्ट क्षेत्रको रूपमा स्थापित गरिनेछ ।

१.३ यातायात क्षेत्रको उचित र दक्ष व्यवस्थापनका लागि यातायात प्राधिकरण गठन गरी व्यवस्थित गर्नेबारे अध्ययन गरी आवश्यक व्यवस्था गरिनेछ ।

१.४ यातायातको क्षेत्रमा प्रतिस्पर्धाको सिर्जना र वैज्ञानिक रूट इजाजत प्रणालीको अवलम्वन गरिनेछ ।

१.५ सार्वजनिक यातायात सेवालाई सुरक्षित र भरपर्दो बनाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्यको थालनी गरिनेछ ।

१.६ सडकको अवस्था, यात्रु चाप र सवारी साधनको उपलब्धताको अध्ययन गरी रूट अनुमति प्रणालीलाई व्यवस्थित गरिनेछ । रूट प्रणाली अवलम्वन गर्दा सवारी साधनलाई समयबद्ध रूपमा चलाउने सम्बन्धी व्यवस्था मिलाइनेछ

१.७ सार्वजनिक यातायात प्रणाली र यातायात व्यवस्थापन अनुगमन प्रणालीको सुदृढीकरण गरिनेछ।

१.८ सवै कार्यालय र विभागलाई कम्प्युटर नेटवर्कमा आवद्ध गरी विद्युतीय माध्यमबाट सञ्चालन गरिनेछ ।

१.९ काठमाडौं उपत्यकामा ठूला सवारी साधनलाई प्रोत्साहन गरिनुका साथै सार्वजनिक यातायात सेवालाई सरल, सुरक्षित, सुविधायुक्त, सुलभ र भरपर्दो एवं प्रभावकारी बनाइनेछ ।

१.१० यातायातसम्बन्धी पूर्वाधारहरूको विकास गरिनेछ र ट्राफिक प्रणालीको सुधार गरी यातायात व्यवस्थाको नियमित रूपमा निरीक्षण गरिनेछ ।

१.११ उपत्यकामा सञ्चालन हुने सवारी साधनमा जी.पी.एस. (Global Positioning System) प्रणाली लागू गरी यातायात व्यवस्थालाई व्यवस्थित तुल्याइनेछ ।

१.१२ सवारी दुर्घटना र सुरक्षित यातायात बारे जनचेतना अभिवृद्धिको माध्यमबाट यातायात अनुशासनलाई वढाई यातायात सेवालाइ सुरक्षित बनाइनेछ ।

१.१३ शहरी सडकदेखि राष्टिय राजमार्गसम्म बिसौनी गाडी रोक्ने तथा पार्किङको व्यवस्थापन गरी ट्राफिक चाप घटाउने, यातायात व्यवस्थालाई सुदृढीकरण गर्ने तथा सुगम यातायात स्थितिको सिर्जना गरिनेछ ।

१.१४ सडक भारवहन क्षमता र यातायात साधनमा सन्तुलन कायम हुने गरी सवारी यातायात व्यवस्थापन नीति अवलम्वन गरिनेछ ।

२.१ सवारी साधनको अवस्था परीक्षण गर्न मेसिनमा आधारित परीक्षण प्रणालीको अवलम्वन गर्न भेइकल फिटनेस टेष्ट प्रणालीको कार्यान्वियन र विस्तार गरिनेछ ।

२.२ स्तरयुक्त सेवाको वैज्ञानिक मापदण्ड तोकी त्यसको मापदण्ड पूरा नगर्ने पुराना र प्रदूषणयुक्त सवारी साधन विस्थापन गरिनेछ ।

२.३ यातायात क्षेत्रमा प्रदूषण नियन्त्रण गर्न क्षेत्रगत रूपमा उपयुक्त मापदण्ड तोकी क्रमिक रूपमा परिमार्जन गरी कार्यान्वियन गरिनेछ ।

२.४ वातावरणमैत्री यातायातका साधनलाई र जैविक इन्धनको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

३.१ काठमाडौं उपत्यकाभित्र यात्रुबाहक र मालबाहक सवारी साधनको लागि आवश्यक संख्यामा पाकिंङ्ग स्थल सहितको टर्मिनल तथा शहरी क्षेत्रमा पार्किङ्ग स्थलहरू निर्माण र सञ्चालनको लागि सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार कार्य अगाडि बढाइनेछ ।

३.२ सार्वजनिक यातायात सेवामा निजी क्षेत्रको लगानी, सहभागिता र संलग्नतालाई व्यवस्थित गरिनेछ ।

३.३ सार्वजनिक यातयात सेवामा सरकारी, स्थानीय निकाय तथा सहकारी संस्थाहरूलाई आवश्यकता अनुसार संलग्न गराइनेछ ।

४.१ विद्यमान् जनकपुर जयनगर रेलवे सेवाको स्तरोन्नति गरीनुका साथै उक्त रेलसेवालाई महेन्द्र राजमार्गको बर्दिवाससम्म विस्तार गरी व्यावसायिक रूपमा सञ्चालन गरिनेछ ।

५.१ यातायात क्षेत्रको राजस्व चुहावट नियन्त्रण गर्न यातायात व्यवस्थापनका सवै अभिलेखहरू कम्प्यूटर प्रणलीमा आवद्ध गरी सञ्जालीकरण गरिनुका साथै सवारी साधनको नम्वर प्लेटमा वैज्ञानिक पद्धति (Embossed Number Plate) को अवलम्बन गर्ने र सवारी चालक अनुमति पत्रलाई Smart Card मा परिणत गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|
| १ | सार्वजनिक सवारी साधनको आयु निर्धारण (लाख) | २ |
| २ | आयु नाघेका र भौतिक परीक्षणमा अनुपयुक्त सार्वजनिक सवारी विस्थापन | ५०५ |
| ३ | ट्राफिक चिन्ह र संकेतहरू राख्ने । | ५०० |
| ४ | सवारी प्रदूषणको नयां मापदण्ड निर्धारण (सवारी संख्या) | १,५०,००० |
| ५ | दुर्घटनासम्बन्धी सूचनामूलक कार्यक्रम टि.भि.बाट प्रसारण (घण्टा) | ७५ |
| ६ | यातायात व्यवस्था सेवा केन्द्र स्थापना (वटा) | १५ |
| ७ | Vehicle Fitness Test Center निर्माण (वटा) | ३ |
| ८ | यातायात कार्यालयहरूलाई सञ्जालीकरण गरी ई बिलिंग लागु गर्ने (निकाय) | ३१ |
| ९ | इम्बोस्ड नम्बर प्लेट लागू गर्ने (सवारी संख्या लाखमा) | १२ |
| १० | राजस्व वृद्धि (अर्वमा) | १० |

## ९. प्रमुख कार्यक्रम

सवारी साधनहरूको आयु निर्धारण, पुराना सवारी साधन विस्थापन, सवारी साधनहरूको भौतिक परीक्षण, परीक्षा प्रणालीमा (लिखित तथा ट्रायल) सुधार, ड्राइभिङ्ग स्कूल सञ्चालन मापदण्ड पुनरावलोकन, काठमाडौं लगायत शहरी क्षेत्र र प्रमुख मार्गहरू राजमार्ग तथा सहायक मार्गहरूमा ट्राफिक चिन्ह र संकेतहरू राख्ने, वैज्ञानिक रूट इजाजत प्रणाली कार्यान्वयन गर्ने, नयाँ सवारी प्रदूषण मापदण्ड निर्धारण, सवारी प्रदूषण

जाँचको व्यवस्था विस्तार र घुम्ती आकस्मिक जाँचको व्यवस्था मिलाइने, यातायातसँग सन्वन्धित नीतिगत र कानूनी व्यवस्थालाई समयसापेक्ष परिमार्जन गरी कार्यान्वयन व्यवस्थालाई प्रभावकारी बनाउने, सवारी दुर्घटना र सुरक्षित यातायातबारे जनचेतना अभिवृद्धिको माध्यमबाट यातायात अनुशासनलाई वढाई यातायात सेवालाई सुरक्षित बनाउने, सवारी दुर्घटना र सुरक्षित यातायातवारे सूचनामूलक कार्यकमहरू श्रव्यदृश्यमाध्यमबाट प्रसारण गर्ने जस्ता कार्यक्रमहरू गरिनेछन् । यसै गरी १४ अंचल कार्यालयहरू स्थापना, १५ सेवा केन्द, अत्याधुनिक ट्रायल सेन्टर, भेहिकल फिटनेस टेस्ट सेन्टर विस्तार, केन्द्रीय तालिम केन्द्र स्थापना, सवै विभाग र कार्यालयमा अनुगमन इकाइको स्थापना, सवै कार्यालयको ओ. एण्ड एम सर्भे गरी आवश्यक जनशक्तिको व्यवस्था गर्ने तथा सवै यातायात कार्यालयहरूलाई कम्प्युटर सजालमा ल्याउने, सेवा प्रवाहको मापदण्ड कार्यान्वयन, सवारी दर्ता नामसारी, अनुमतिपत्र, प्राविधक जाँचमा सरलीकरण, सवै सूचनाहरू विद्युतीय माध्यमबाट उपलब्ध गराइने कार्यहरू गरिनेछन् ।

### १०. कार्यान्वयन व्यवस्था

उपर्युक्त कार्यक्रम कार्यान्वयन गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालय, यातायात व्यवस्था विभाग, यातायात कार्यालयहरू र सेवा केन्द्रहरू प्रमुख जिम्मेवार निकायको रूपमा रहनेछन । यातायात व्यवस्था विभागको सक्रियतामा ट्राफिक प्रहरी, यातायात व्यवसायी संस्थाहरू समेतको संयन्त्र निर्माण गरिनेछ ।

### ११. अनुगमन व्यवस्था

यातायात सेवा र कार्याक्रम कार्यान्वयनको अनुगमनका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय, यातायात व्यवस्था विभाग, राष्ट्रिय योजना आयोग, ट्राफिक प्रहरी, सडक विभाग तथा यातायात व्यवसायी समेतको एक अनुगमन संयन्त्र निर्माण गरी विभागले तयार गरेको अनुगमन कार्ययोजना अनुसार अनुगमन गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. प्रभावकारी यातायातको व्यवस्थापनबाट सबैको सुरक्षित र सहज आवागमनको अधिकार संरक्षण भएको हनेछ ।

२. विद्युतीय शासनको अवधारणा लागू भइ यातायात प्रशासन स्वच्छ र सरल भइ राजस्वमा उल्लेख्य वृद्धि भएको हुनेछ ।

३. यातायात प्रशासन एक सक्षम, आधुनिक प्रविधियुक्त उत्कृष्ट निकायको रूपमा स्थापित भइ सेवा प्रवाहमा सरलता र सहजता आउनेछ ।

४. सवारीबाट हुने प्रदूषणमा कमि आई वातावरण संरक्षण भएको हुनेछ ।

५. यातायात प्रशासनको सुढृढीकरणबाट सवारी दुर्घटना र मुत्यु हुनेको संख्यामा कमी आएको हुनेछ ।

६. निजी क्षेत्रको लगानी र सहभागिता वृद्धि भइ सेवा विस्तार भएको हुनेछ ।

७. यातायात सेवा सुरक्षित, भरपर्दो अनुशासित र मर्यादित रूपमा स्थापित भएको हुनेछ ।

## ४.१९ कृषि तथा खाद्य सुरक्षा

### ६.१९.१ कृषि क्षेत्र

#### १. पृष्ठभूमि

नेपाली अर्थतन्त्रको मेरूदण्ड कृषि हो । देशको ८० प्रतिशतभन्दा बढी जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्छन् । ७४ प्रतिशत जनसंख्या कृषिमा आश्रित भएको परिप्रेक्ष्यमा देश विकासका प्रयासहरू कृषिमुखी हुनु आवश्यक छ । कृषिजन्य उत्पादन एवं व्यापारमा प्रतिस्पर्धा, व्यवसायीकरण र विविधीकरणमा जोड दिइ देशको अर्थतन्त्रलाई मजबूत बनाउनु आजको आवश्यकता हो । त्यसैले, कृषि उत्पादनमा वृद्धि एवं विविधीकरण, रोजगारी प्रबर्द्धन, समावेशी तथा सन्तुलित विकास, गरीबी न्यूनीकरण, समन्यायिक विकास, खाद्य सुरक्षा जस्ता मूलभूत सवालहरूको सम्बोधन, सहस्राब्दी विकास लक्ष्यहरूको प्राप्ति र जलवायु परिवर्तनजन्य असरहरूको न्यूनीकरणमा योजनाको प्रयास केन्द्रित हुनेछ ।

#### २. अद्यावधिक स्थिति

विगत तीन वर्षीय अन्तरिम योजनामा कृषि क्षेत्रमा वार्षिक औसत वृद्धिदर ३.६ प्रतिशत हुने अनुमान गरिएकोमा योजनाको अन्तमा ३.३ प्रतिशत वृद्धिदर हासिल भएको छ । योजनाको आधार वर्ष २०६३/६४ मा कृषि क्षेत्रको वार्षिक वृद्धिदर ४.७ प्रतिशत भए तापनि आ.व. २०६५/६६ मा २.१ प्रतिशत रहन गयो र आ. व. ०६६/६७ मा प्रतिकूल मौसमले गर्दा लक्ष्य पुरा हुन सकेन । राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको कूल योगदान आ.व. २०६६र६७ मा ३३.५ प्रतिशत रहेको छ ।

खाद्यान्न बालीको उत्पादन ७३२९ हजार मे.टनबाट ७७७८ हजार मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा ७७६२ हजार मे. टन उत्पादन भएको छ । त्यस्तै, दलहन २७४ हजार मे.टनबाट २८५ हजार मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा उत्पादन घट्न गई २६२ हजार मे.टन पुगेको छ । आलुको उत्पादन २३७९ हजार मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा २५१७ हजार पुगेको छ । फलफूल उत्पादन तर्फ ७२३ हजार मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा ७०६ हजार र तरकारी उत्पादन ३००१ हजार मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा ३००४ मे.टन पुगेको छ । दूध १५४७ हजार मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा १४९६ हजार मे.टन र मासु २५५ हजार मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा २४८ हजार मे.टन उत्पादन भएको छ । देशका केही भागमा लामो खडेरी, कतिपय स्थानहरूमा बाढी पहिरोको प्रकोप र रासायनिक मलको नियमित आपूर्ति हुन नसकेको तथा जलवायु परिवर्तनको नकारात्मक असर समेतबाट उत्पादन घट्न गएको देखिन्छ ।

जिल्लास्तरीय बीउ बिजन आत्मनिर्भर कार्यक्रम र निजी व्यवसायीहरूको सहभागितामा बीउको उत्पादन, प्रशोधन र वितरण कार्य संस्थागत हुँदै आएको छ । कृषकहरूको सहभागितामा विभिन्न बालीहरूको छनौट र प्रजनन गर्ने विधिलाई संस्थागत ढंगले अघि बढाई जैविक विविधता संरक्षणको लागि "बीउ बैंक" स्थापना गरिएको छ । दूधालु नश्लका गाईको विकास गर्न उत्पादनशील माउ गाई तथा तिनका सन्तति छनौट गरी राष्ट्रिय स्तरको नश्लसुधार कार्यक्रमसँग आबद्धित गरिएको छ ।

#### ३. समस्या तथा चुनौती

सम्बन्धित ऐन नियमहरू समयसापेक्ष नहुनु र भएका ऐन नियमको कार्यान्वयन कमजोर हुनु, सरकारी लगानी न्यून रहनु र कृषक तथा व्यवसायीहरूले सर्वसुलभ रूपमा ऋण र प्राविधिक सहयोग समयानुकूल पाउन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ । कृषि तथा पशुजन्य वस्तु उत्पादन वृद्धितर्फ साना, खण्डित र अव्यवस्थित भू उपयोगको अवस्था रहनु, कृषियोग्य उर्वरभूमिको गैरकृषि प्रयोजनमा वढदो उपयोग हुनु, दोहोरो भू-स्वामित्वको स्थिति रहनु, कृषि तथा पशुजन्य उत्पादनका आधारभूत सामग्रीको पर्याप्त आपूर्ति नहुनु, उत्पादनको उपयुक्त बजार तथा मूल्य पाउन नसक्नु, कृषि तथा पशु सेवा प्रसारसम्बन्धी कार्यमा केन्द्र र जिल्लास्तरको समन्वयमा कमी हुनु, आवश्यक प्रविधि, जनशक्ति, सामग्री, प्रसार सेवा सहज र सर्वसुलभ नहुनु जस्ता समस्या रहेका छन् । कृषि व्यवसायीकरण र व्यापारतर्फ

उत्पादनको लागत, गुणस्तर तथा समग्र प्रवृत्ति प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, निर्यात संभाव्यता भएका बाली र वस्तुहरू तथा सो को माग सम्बन्धी अनुसन्धानमा कमी हुनु, माग अनुरूप उत्पादन विविधीकरण गरी बजारमा पुर्‍याउन नसक्नु अनुसन्धानबाट विकास भएका प्रविधिहरू पर्याप्त मात्रामा विस्तार हुन नसक्नु, विविध क्षेत्रमा आवश्यक वैज्ञानिक तथा अन्य जनशक्तिको व्यवस्थापन कमजोर हुनु, प्रयोगशाला लगायत अनुसन्धानका पूर्वाधारहरूको कमी हुनु जस्ता समस्या विद्यमान् छन् ।

जलवायु परिवर्तनका असर कम गर्ने, सिंचाइ सुविधा सर्वसुलभ बनाउने, सीमान्त भूमिमा कृषिको लागि चाप घटाउने, कीटनाशक विषादिको अनुपयुक्त र असुरक्षित प्रयोगबाट वातावरण र जनस्वास्थ्यमा नकारात्मक प्रभाव घटाउने, उपलब्ध कृषि प्रविधिहरू पर्याप्त रूपमा कृषकको थलोमा पुर्‍याउने, रासायनिक मल आयात र वितरण व्यवस्था सुनिश्चित तुल्याउने, युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने, कृषि उपजको प्रशोधन प्रविधिको विकास र विस्तार गर्ने, कृषि एवं पशुजन्य उत्पादन, वितरण, आयात एवं निर्यातमा गुणस्तर एवं स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउने, कृषि उत्पादकत्व बढाउन कृषक समूह र सहकारीको संस्थागत विकास, व्यावसायिक दक्षता, स्रोत परिचालन र कारोबारमा गुणात्मक विकास गर्ने, सीमान्तकृत, गरीव, महिला, जनजाति, दलित, मधेसी, मुस्लिम र दुर्गम क्षेत्रका कृषकहरूको कृषि तथा पशु सेवा कार्यक्रममा पहुँच वृद्धि गर्ने, कृषिसम्बन्धी औपचारिक र अनौपचारिक शिक्षामा पहुँच बढाउने जस्ता चुनौतिहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

खाद्य र पोषण सुरक्षाको अवधारणा र सहस्राब्दी विकास लक्ष्य अनुरूप दीर्घकालीन कृषि योजना र राष्ट्रिय कृषि नीतिलाई कृषि विकासका लागि मूल नीतिको रूपमा अङ्गीकार गरी यस क्षेत्रको आधुनिकीकरण एवं व्यवसायीकरण गरी प्रतिस्पर्धी बनाइने ।

## ५. उद्देश्य

१. कृषि क्षेत्रलाई राष्ट्रको अर्थतन्त्रको मेरूदण्डको रूपमा अंगीकार गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण गरी खाद्य तथा पोषण सुरक्षा, रोजगारी सिर्जना र गरीबी न्यूनीकरण तथा व्यापार सन्तुलनमा कृषि क्षेत्रको योगदान बढाउने ।

२. कृषक एवं अन्य सरोकारवालाहरूको आवश्यकता अनुरूप कृषि तथा पशुपक्षीजन्य वस्तुहरूको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी ग्रामीण जनताको आर्थिक स्तरमा सुधार गर्ने ।

## ६. रणनीति

१. कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण र ग्रामीण पूर्वाधारहरूको विकास मार्फत कृषिको उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा पोषण आवश्यकताको सुनिश्चितता कायम गर्ने तर्फ केन्द्रित गरिने ।

२. उन्नत नश्लका पशुपंक्षीहरूको उपलब्धता सरल र सुलभ तुल्याउनुका साथै पशुपन्छीजन्य उत्पादनको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

३. खाद्य, कृषि तथा पशुपंक्षीजन्य वस्तुको गुणस्तर परीक्षण, अनुमगन र नियमनलाई प्रभावकारी बनाउने ।

४. कृषिजन्य जैविक विविधताको संरक्षण, संबर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकूलन प्रविधिहरूको विकास र विस्तार गर्ने ।

५. प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्ने ।

६. कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई समन्वयात्मक रूपमा सञ्चालन गर्ने ।

७. करार खेती र सहकारी खेतीलाई प्रोत्साहन गर्ने ।

८. कृषि तथा पशुपंक्षी बजारको विकास र विस्तार गर्ने ।

## ७. कार्यनीति

१.१ माटोको उर्वरता कायम राख्दै सीमान्त जमिन, प्रयोगमा नआएका जमिन आदिको उपयुक्त व्यवस्था गरी कृषि प्रयोजनमा उपयोग गरिनेछ ।

१.२ कृषि क्षेत्रको व्यवसायीकरण, गुणस्तर परीक्षण, अनुगमन र नियमनको क्षेत्रमा उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने कृषक, उद्यमी तथा विज्ञहरूको विकास गर्दै लगिनेछ ।

१.३ गरीबीको रेखामुनि रहेका विपन्न कृषक समूहहरूलाई सुधारिएको गोठेमल, कम्पोष्ट मल, गहुँत व्यवस्थापन, गोठ सुधार जस्ता कार्यमा तोकिए अनुसार समूहगत प्रणाली अन्तर्गत निश्चित मापदण्डका आधारमा विशेष सहुलियत/सुविधा उपलब्ध गराइनेछ ।

१.४ स्रोत तथा प्रमाणित बीउ र उन्नत नश्लका पशुपंक्षी उत्पादन गर्ने सरकारी तथा निजी फार्म/केन्द्रहरूको सुदृढीकरण गरी गुणस्तरीय बीउ र नश्ल उत्पादनलाई प्राथमिकता दिइनेछ ।

१.५ अन्तर्राष्ट्रिय बीउबिजन परीक्षण संगठन र पशुजन्य उत्पादन र खाद्यवस्तु परीक्षण गर्ने संघ संगठनबाट मान्यता प्राप्त गरी नेपालबाट निर्यात हुने बीउबिजन, पशुजन्य पदार्थ र खाद्यवस्तुका लटहरूमा अन्तर्राष्ट्रिय स्तरको गुणस्तर प्रमाणपत्र जारी गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१.६ कृषि मूल्य अभिवृद्धि श्रृंलामा सक्रिय उत्पादक देखि उपभोक्तासम्मका सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्दै मूल्य अभिवृद्धिका गतिविधिहरू सञ्चालन गरी कृषि तथा पशुजन्य उत्पादनलाई प्रोत्साहन दिइनेछ ।

१.७ साना र सीमान्त कृषकलाई समूह/सहकारीमा आबद्ध गराई कम आयतन तर उच्च मूल्यका बाली/वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

१.८ भूमिगत तथा सतह सिंचाइ र वर्षाको पानी संकलन गरी पानीको आपूर्ति अभिवृद्धि तथा किफायत गरी वर्ष भरि सिंचाइ सुविधा उपलब्ध गराउने प्रक्रिया अगाडि बढाइनेछ ।

१.९ उत्पादन लागत कम गर्न कृषकहरूलाई उत्पादन सामग्रीहरू, मेसीनरी औजारहरू, इन्धन/ऊर्जा सहज र सुलभ रूपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१.१० कृषि तथा पशुजन्य उत्पादनलाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न सक्ने गरी प्रतिस्पर्धी बनाउँदै लगिनेछ ।

१.११ तुलनात्मक लाभका आधारमा उच्च उत्पादन हुन सक्ने सम्भाव्य कृषि उपजहरूको छनौट गरी उत्पादन वृद्धिमा जोड दिइनेछ ।

१.१२ खाद्यान्न उत्पादन न्यून हुने र खाद्य तथा पोषण असुरक्षित क्षेत्रहरूमा स्थानीय स्तरमा संभाव्य कृषि वस्तुहरूको उत्पादन तथा उपयोगमा जोड दिइ स्थानीय स्तरमा उत्पादन हुन सक्ने कृषि उपजको उत्पादन तथा उपयोग गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१३ कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगहरूको आवश्यकता अनुसार कच्चा पदार्थको उत्पादन बढाइनेछ ।

१.१४ निजी स्तरबाट सञ्चालन गरिने ठूला कृषि फार्महरू, कृषि तथा पशुजन्य उद्योग तथा रासायनिक मल, प्राङ्गारिक मल र कृषि चून उत्पादन गर्ने कारखाना र निजी सहकारी साझेदारी कम्पनीहरूको स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१.१५ कृषि तथा पशु बिमाको व्यवस्था एवं सहुलियतपूर्ण कृषि ऋणको व्यवस्था र कृषि तथा पशुजन्य उद्योग र व्यापारमा कर सुविधा समेतको व्यवस्था गर्न जोड दिइनेछ ।

२.१ पशुपंक्षीजन्य वस्तुहरूको उत्पादन र प्रशोधन कार्यलाई प्रतिस्पर्धी बनाइनेछ । सार्वजनिक निजी साझेदारीको अवधारणामा बाली/वस्तु प्रशोधन कार्यमा टेवा पुऱ्याइनेछ ।

२.२ पशुपालनलाई व्यावसायिक बनाउँदै आन्तरिक, क्षेत्रीय र विश्व बजारसम्म पहुँच पुऱ्याइनेछ । कृषक समूह, सहकारीको क्षमता अभिवृद्धि गर्नुका साथै निजीक्षेत्रको लगानी आकर्षित गरिनेछ ।

२.३ उन्नत पशु नश्लको उपलब्धता बढाउन स्रोत केन्द्रहरूको विकास, गुणस्तरयुक्त बीउर पशुपन्छी उत्पादन र सो को प्रचार प्रसार गरिनेछ । स्थानीय हावापानीमा हुनसक्ने घाँस तथा डालेघाँसको स्रोत विकास तथा विस्तार, चरन खर्कहरू सुधार र पशु पोषणमा सुधारका लागि मिनरल ब्लक प्रयोगलाई प्रोत्साहन र संक्रामक पशु रोगबाट हुने नोक्सानीलाई न्यूनीकरण गरी पशुजन्य उत्पादनको लागत घटाइनेछ ।

३.१ खाद्य वस्तुको गुणस्तर परीक्षण, प्रमाणीकरण तथा व्यवसायीकरणमा नयाँ प्रविधि प्रयोगका लागि राष्ट्रिय खाद्य प्रयोगशालाको सुदृढीकरण गरी अन्तर्राष्ट्रिय स्तरको मान्यता प्राप्त प्रयोगशाला बनाइनेछ ।

३.२ अन्तर्राष्ट्रिय ऐन, नियम, सन्धी, महासन्धिसँग सामञ्जस्यता कायम गरेर कृषि तथा पशुजन्य वस्तु एवं सेवा सुविधा नियमनमा समसामयिक परिमार्जन गरी मापदण्ड तथा गुण स्तरमा सुधार ल्याइनेछ ।

३.३ जीवनाशक विषादि, भेटेरिनरी औषधी, हर्मोनको सही उपयोग गर्न र यसका नकारात्मक असरबाट बच्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४.१ विश्वव्यापी जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण, सम्बर्धन तथा उपयोगमा वृद्धि गरिनेछ । जलवायु परिवर्तनका असर न्यूनीकरण गर्ने प्रविधि तथा अभ्यासहरूलाई प्रबर्द्धन गरिनेछ ।

४.२ स्वदेशी ज्ञान र आनुवंशिक/प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग गर्न उपयुक्त प्रविधि तथा पूर्वाधारको विकास गरिनेछ । जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन प्रदान गर्नुका साथै उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

४.३ कृषि जैविक विविधतामा आधारित उत्पादन वृद्धि, रोजगारी एवं आयमूलक कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गर्दै तत्सम्बन्धी बजार तथा उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

५.१ अन्तर्राष्ट्रिय बजारमा खपत हुने उच्च मूल्यका वस्तु र बालीहरूको प्राङ्गारिक खेतीलाई प्रोत्साहित गर्न सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान गरी प्राङ्गारिक उत्पादनको ब्रान्ड प्रबर्द्धन गर्दै प्राङ्गारिक क्षेत्रको घोषणा गरिनेछ । प्राङ्गारिक उत्पादनको प्रमाणीकरणको व्यवस्था मिलाउनुका साथै प्रांगारिक कृषि पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

५.२ प्राङ्गारिक खेती, पशुपन्छी उत्पादन प्रणालीको लागि चाहिने ज्ञान, सीप तथा प्रविधिहरू स्थानीय स्तरमा पुऱ्याई यसलाई विस्तार गरिनेछ । यसका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूबिच सम्बन्ध विस्तार गरिनेछ ।

६.१ राष्ट्रिय आवश्यकता अनुसार आधारभूत, व्यवहारिक र अनुशरणीय अध्ययन अनुसन्धानलाई प्राथमिकता प्रदान गरिनेछ ।

६.२ कृषि अनुसन्धान कार्यक्रमहरूलाई विश्व व्यापार संगठन एवं क्षेत्रीय स्तरका व्यापार सम्झौताहरूबाट प्राप्त अवसरको अधिकतम लाभ लिनेतर्फ उन्मुख गरिनेछ ।

६.३ कृषि शिक्षामा सम्बन्धित अध्ययन संस्थानहरूसँगको सहकार्यलाई वृद्धि गरिनेछ ।

६.४ कृषि अनुसन्धानका विषयहरूको छनौट, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी निर्णय प्रक्रियामा विपन्न तथा महिला कृषकहरूको पहुँच सुनिश्चित गरिनेछ ।

६.५ कृषकहरूलाई कृषि तथा पशुसेवासँग सम्बन्धित सम्पूर्ण सेवाहरू प्रभावकारी रूपमा स्थानीय स्तरमा नै उपलब्ध गराइनेछ । कृषि तथा पशु सेवा सम्बन्धी कार्यक्रममा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, स्थानीय निकायहरूको आपसी समन्वय एवं सहकार्यलाई प्रभावकारी बनाइनेछ ।

७.१ सहकारी संस्थाहरूलाई वाणिज्य बैंकहरू मार्फत थोक कृषि ऋण उपलब्ध गराई कृषि उत्पादन, प्रशोधन, बजारीकरण र लघुवित्त कार्यक्रम समेत प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

७.२ कृषिक्षेत्रको उत्पादन वृद्धि गर्नका लागि निजी उद्यमी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार खेती तथा सहकारी खेतीलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

७.३ कृषि वस्तु विषयगत सहकारी संस्था र केन्द्रदेखि ग्रामीण स्तरसम्मका कृषि सहकारीको संरचना सुदृढीकरण गरिनेछ ।

८.१ कृषि तथा पशुजन्य वस्तुहरूको व्यावसायिक उत्पादन थलो नजिक संकलन केन्द्र तथा थोक बजार र बाह्य क्षेत्रमा बजार सञ्जाल विकास र विस्तार गरिनेछ ।

८.२ स्थानीय स्तरसम्म कृषि तथा पशुपन्छी बजार सूचनाको पँहुच वढाइनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | कृषि तथा पशुपन्छी जन्य उत्पादन | आ.व.२०६६/६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १. | खाद्यान्न बाली (ह.मे.टन) | ७७६२ | ९५६१ |
| २. | दलहन (ह.मे.टन) | २६२ | २७७ |
| ३. | **नगदे बाली (ह.मे.टन)** | | |
| | आलु | २५१७ | २७५५ |
| | उखु | २५९२ | ३२३८ |
| | तेलहन | १५० | १९० |
| ४. | **फलफूल, मसला, चिया (ह.मे.टन)** | | |
| | फलफूल | ७०६ | ७७५ |
| | अलैंची | ५.२३ | ८ |
| | लसुन | ३९ | ५७ |
| | अदुवा | २१० | २२८ |
| | वेसार | ३८ | ४९ |
| | खुर्सानी | २६ | ३१ |
| | चिया | १८.७५ | २५ |
| ५. | तरकारी (ह.मे.टन) | ३००४ | ३६०१ |
| ६. | कफी (मे.टन) | ५५४ | १२०० |
| ७. | मह (मे.टन) | ११०० | १३०० |
| ८. | रेशम कोया (मे.टन) | ४० | ६० |
| ९. | **पशुजन्य उत्पादन** | | |
| | दूध उत्पादन (ह.मे.टन) | १४९६ | १७७४ |
| | मासु उत्पादन (ह.मे.टन) | २४८ | २८७ |
| | फुल उत्पादन (करोड गोटा) | ६४ | ९३ |
| १०. | माछा (ह.मे.टन) | ५० | ५६ |

## ९. प्रमुख कार्यक्रम

**कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिः**

- उन्नत कृषि सामग्री व्यवस्थापन अन्तर्गत जिल्लास्तरीय बीउ बिजन आत्मनिर्भर कार्यक्रम, अभियानमुखी मकै उत्पादन कार्यक्रम, सहुलियत मूल्यमा रासायनिक मलको आपूर्ति, सामुदायिक बीउ बैंक स्थापना गरिनेछ ।

- सिञ्चित क्षेत्र विस्तार अन्तर्गत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना तथा सहकारी सिंचाइ स्किमको निर्माणबाट थप सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।
- माटो व्यवस्थापन कार्यक्रम अन्तर्गत गुणस्तरीय एवं सन्तुलित मलखादको प्रयोग, एकीकृत खाद्य तत्त्व व्यवस्थापन, कृषक पाठशाला सञ्चालन, दिगो माटो व्यवस्थापन गरिनेछ । रासायनिक मल ऐन तर्जुमा गरी लागु गरिनेछ ।
- फलफूल विकास कार्यक्रम अन्तर्गत जुनार, सुन्तला, लप्सी, बेल जस्ता फलफूल र अर्किड फूल उत्पादन व्यवस्थापनमा जोड दिइ निर्यातमुखी बनाउदै लैजान एक गाउँ एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ । उच्च पहाडी क्षेत्र र केही मध्य पहाडी भू-भागमा व्यावसायिक स्याउ, ओखर, खुर्पानी, नासपाती, सुन्तला, कागती, अनार खेती प्रवर्धन गरिनेछ । नेपाली कफीलाई हाइल्याण्ड प्रांगारिक कफीमा रूपान्तरण गरिनेछ र प्रांगारिक चिया खेती निर्यातमुखी हुनेछ ।
- तरकारी विकास कार्यक्रम अन्तर्गत करार खेती तथा सहकारी खेतीलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । प्याजका उन्नत जातहरू उत्पादन कार्यक्रम शुरू गरिनेछ । अन्तर्राष्ट्रिय बजारमा खपत हुने उच्च मूल्यका तरकारी बालीहरूको प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरिनेछ । उच्च गुणस्तरीय अलैंची निर्यात प्रबर्द्धनमा विशेष जोड दिइनेछ ।
- मत्स्य विकास कार्यक्रम अन्तर्गत विविध जातका माछा पालनको व्यवस्थापन, सहजीकरण, व्यावसायीकरण र प्रोत्साहन गर्ने, मत्स्य स्वास्थ्य व्यवस्थापन गर्ने, घोलमा व्यवस्थित एवं सामुदायिक मत्स्य पालन, जलविद्युत्का लागि निर्मित जलाशय एवं तालतलैयामा पिंजडामा माछापालन गर्ने र सौन्दर्यका माछा उत्पादन गर्ने, प्राकृतिक जलाशयको संरक्षण, व्यवस्थापन एवं स्थानीय माछाको सम्बर्द्धन गर्ने, प्रयोगशाला व्यवस्थापन गर्ने जस्ता कार्यहरू गरिनेछ ।
- बाली संरक्षण कार्यक्रम अन्तर्गत वातावरण मैत्री कृषि उत्पादन र हानीकारक विषादिको न्यूनीकरणका लागि बाली संरक्षण कार्यक्रम, एकीकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम, सत्र जिल्लामा सघन आई.पी.एम. कार्यक्रम, बालीशत्रुको अभिलेख अद्यावधिक गर्नुका साथै राष्ट्रिय बालीशत्रु मानचित्र तयार गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ । विरूवा संरक्षण ऐन तथा नियमावली एवं विषादि ऐन तथा नियमावलीमा संशोधन र परिमार्जन गरिनेछ । प्लाण्ट क्वारेन्टाइन सेवाको क्षमता अभिवृद्धि गरिनेछ ।
- व्यावसायिक कीट विकास कार्यक्रम अन्तर्गत रेशम, मह उत्पादनको व्यवस्थापन र स्तरीकरण गर्ने, प्रयोगशालाको विकास गर्ने, मौरी स्रोतकेन्दको क्षमता विकास गर्ने, अन्तर्राष्ट्रिय बजारमा निकासी प्रबर्द्धन गर्ने जस्ता कार्यहरू गरिनेछन् ।
- पोष्ट हार्भेष्ट व्यवस्थापन कार्यक्रम अन्तर्गत अन्न र फलफूल उत्पादनलाई आकर्षक, बजारयोग्य र गुणस्तरीय बनाउन बाली काट्ने वा टिप्ने समयदेखि गरिने क्रियाकलापहरूमा विशेष ध्यान दिइनेछ ।
- कृषि इन्जिनियरिङ्ग कार्यक्रम अन्तर्गत कृषक समूहहरूलाई आधुनिक तथा उपयुक्त उपकरण व्याज अनुदानमा उपलब्ध गराइने, सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्रहरू स्थापना गरिने, साना तथा सहकारी सिंचाइका अलावा पोखरी निर्माण गरी जल संरक्षणमा जोड दिइने, Gravity Ropeway को प्रयोगबाट कृषि उपज ढुवानीमा सहजता ल्याई बजारीकरणमा जोड दिइने, सोलर ड्रायर तथा वायोमास ड्रायरको प्रयोग गर्ने जस्ता कार्यहरू गरिनेछन् ।

**पशुजन्य वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धिः**

- निक्षेपित पशु सेवा प्रसार कार्यक्रम अन्तर्गत लक्षित समुदायको आयआर्जन बढाउन उन्नत पशुपन्छी वितरण संगै गोठ सुधार, पशु विमा, पशु स्वास्थ्य, पशु आहारा समेतको प्याकेज उपलब्ध गराउने, पशु आहार सुधार गर्न सामुदायिक तथा निजी जग्गामा घाँस डालेघाँस विकास, घाँसको बीउ उत्पादन तथा बिक्री वितरण, घाँसको स्रोत केन्द्र विकास गर्ने, पशुपन्छीको ओसार प्रसारका लागि

स्वास्थ्य प्रमाणपत्र जारी गर्ने, स्रोत प्रमाणीकरण गर्ने, पशु ढुवानी मापदण्ड लागु गर्ने, बजार पूर्वाधारहरूको विकास गरी हाट बजारहरूमा पशु स्वास्थ्य सेवा पुऱ्याउने, बजार सूचना संकलन तथा बजार समितिहरूको सुदृढीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- नश्ल सुधार तथा उन्नत पशुपन्छी आपूर्ति कार्यक्रम अन्तर्गत गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा प्रवाह गर्ने र यस सेवाको पहुँच नपुगेका स्थानहरूमा प्रजननका लागि भाले पशु (राँगो, साँढे र वोका) वितरण एवं समुदायको अग्रसरतामा पशु प्रजनन केन्द्रहरूको स्थापनालाई प्रोत्साहन दिइनेछ । उन्नत जातका गाईको स्रोत विकास, भैंसीमा नश्ल सुधार, डेरी उद्योग तथा दुग्ध सहकारीहरूसँगको सहकार्यमा दुग्ध सञ्जालका जिल्लाहरूमा दूध उत्पादन वृद्धि, पशु वीमा विस्तारका लागि वीमा कोष स्थापना तथा वृहत्तर पशु विकास जस्ता कार्यक्रम सञ्चालन गरिने छन् । तराई तथा मध्यपहाडमा समुदाय स्तरमा बोका बाख्राको स्रोत केन्द्र विकास गरी व्यावसायिक रूपमा बाख्रा पालन गर्ने र अपस्केलिङ्ग बाख्रा कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु आहार सुधार कार्यक्रम अन्तर्गत घाँस विकास, डालेघाँसको बीउ वेर्ना उत्पादन वितरण, मिनरल व्लक प्रर्दशन र कृषक तालिम तथा अध्ययन भ्रमणका कार्यक्रमहरू सञ्चालन हुनेछन् । कवुलियती वन तथा पशु विकास कार्यक्रम अन्तर्गत घाँसको बीउ उत्पादन र बाख्रा र बोका वितरण गरिनेछ । अनुसन्धानबाट सीफारिस प्लाष्टिक व्याग साइलेज तथा क्रिप फिडिङ्ग प्रविधिलाई विस्तार गरिनेछ । उच्च पहाडी भेगका चरन खर्कहरूको सुधारका कार्यक्रम सञ्चालन गरिनेछन् ।
- पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत पशुपन्छीको खोप उत्पादन, पशु रोग निदान प्रयोगशालाहरूको स्तरोन्नति, पशु क्वारेन्टाइन प्रणालीको सुदृढीकरण, भेटेरिनरी जनस्वास्थ्य संरक्षण, इपिडेमियोलोजी तथा पशु रोग सर्भेलेन्स जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- पशु सेवा तालिम कार्यक्रम अन्तर्गत कृषकहरूलाई आधुनिक पशुपन्छीपालनसम्बन्धी विभिन्न विषयमा व्यावहारिक तालिम प्रदान गरिनेछ ।
- कृषि तथा पशुपन्छी अनुसन्धान अन्तर्गत बाली, बागवानी, पशुपंक्षी तथा मत्स्य सम्बन्धी अनुसन्धान र स्रोत बीउ उत्पादन गर्न बाली, बागवानी, पशुपंक्षी, मत्स्य तथा जलचर, बहुक्षेत्रगत प्रविधि विकास, कृषक सहभागीमूलक बाह्य अनुसन्धान, स्रोत बीउ एवं वस्तु उत्पादन, कृषि अनुसन्धान व्यवस्थापन तथा सुदृढीकरण, मानित विश्वविद्यालय, जीन बैंक सुदृढीकरण, संरचनाहरूको पुनर्निर्माण/पुनःस्थापना र प्रविधि सीप अभिवृद्धि तथा अद्यावधीकरण कार्यक्रम सञ्चालन गरिनेछन् । गहुँको कालो सिन्दुरे (UG 99) अवरोधक जातहरूको बिजवृद्धि कार्यक्रमलाई व्यापक बनाइनेछ । भैंसीको खरी रोगको नियन्त्रण, पाख्रीबास कालो जातको बंगुरको प्यारेन्ट स्टक व्यवस्थापन, जैविक विविधताको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्ने जीन बैंक सञ्चालन एवं परम्परागत स्थानीय मौलिक कृषिवस्तु एवं सम्बद्ध प्रविधिहरूको अभिलेख, पञ्जीकरण तथा वौद्धिक सम्पत्तिको अधिकार सुनिश्चितता, जैविक विविधता संरक्षणको लागि स्वस्थानीय (In-situ) एवं परस्थानीय (Ex-situ) संरक्षण, संबर्द्धन तथा उपयोग गर्न आवश्यक प्रविधिको विकास, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न अनुकूलन प्रविधिको विकास जस्ता कार्यक्रम गरिनेछ ।

**कृषि तथा पशुजन्य वस्तुको व्यवसायीकरण र बजारीकरणः**

- कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रम अन्तर्गत कृषक, व्यापारी एवं प्रशोधनकर्तालाई संलग्न गराई उच्च मूल्यका बालीको व्यवसायीकरण तथा व्यापारीकरण क्षमता अभिवृद्धि गर्न सडक सञ्जाल विकास, बजार तथा संकलन केन्द्र निर्माण, शीत भण्डारण र साना सिंचाइ सुविधा जस्ता समुदायमा आधारित पूर्वाधारहरूको विकास, सामुदायिक खेती प्रबर्द्धन, कृषि मेसिनरी तथा उपकरण, प्रशोधन औजार, प्रयोगशाला उपकरण, बजार अनुसन्धान र प्रविधि विकास गरिनेछ । कृषि मूल्य श्रृङ्खलामा संलग्न कृषक समूह तथा सहकारीलाई बजार पहुँचमा सहयोग गरी व्यवसायीकरण र व्यापारीकरणमा क्षमता अभिवृद्धि गरिनेछ । मूल वीउ, तरकारी, कफी, अदुवा, रेन्बो ट्राउट माछा,

आलु विउ, सुन्तला, पुष्प व्यवसाय र पशुजन्य उपजका लागि मूल्य श्रृङ्खला विकास, प्रविधि हस्तान्तरण, कृषि बजार सूचना प्रणाली विकास, संरचना निर्माण एवं कृषि व्यवसाय विस्तारमा सल्लाह र अनुदान सहयोग उपलब्ध गराइनेछ । चिया र कफी निर्यातका सहजीकरण गरी नेपालमै क्षमता विकसित गरिनेछ ।

- पशुजन्य व्यवसायीकरण, प्रशोधन तथा बजारीकरण अन्तर्गत स्वदेशमा मासु तथा दूधको उत्पादन बढाउन व्यावसायिक बाख्रा पालन, वंगुर पालन, मासुका लागि पाडा पालन, कुखुरा पालन एवं गाई भैंसी पालन कार्यक्रमहरू सञ्चालन गरिनेछन् । व्यावसायिक फार्महरूको क्षमता अभिवृद्धि गर्ने, निजी व्यवसायी तथा कृषक समूहर सहकारीहरूलाई प्रजननकालागि गुणस्तरीय पशुपन्छीको स्रोत केन्द्रहरू स्थापना तथा बजारीकरण व्यवस्था गर्ने, कृषक समूह र सहकारीहरू मार्फत व्यावसायिक गाई भैंसी पालन, बृहत्तर पशु विकास कार्यक्रमको क्षेत्र विस्तार र निजी व्यावसायिक फार्म स्थापना गर्ने, दूध उत्पादन, संकलन, प्रशोधन तथा दुग्ध पदार्थ विविधीकरण गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- मूल्य अभिवृद्धि श्रृंखला विकास अन्तर्गत तरकारी, फलफुल, अदुवा, माछा, दूध, याक चिज, मासु, आलंकारिक फूल जस्ता कृषिजन्य उत्पादनको मूल्य अभिवृद्धि श्रृङ्गला सुधार, उच्च मूल्यका कृषि तथा पशुजन्य वस्तुहरूको स्तरीय उत्पादन बढाउन बाली वस्तुहरूको उत्पादन मिसन, कृषि व्यवसायीकरण तथा व्यापार आयोजना, उच्च मूल्य कृषि वस्तु विकास र उच्च पहाड कृषि व्यवसाय तथा जिविकोपार्जन सुधार जस्ता आयोजना तथा कार्यक्रमहरू गरिनेछन् ।

**कृषि सूचना तथा संचार एवं प्रसार र तालिमः**

- कृषि सूचना तथा संचार अन्तर्गत विभिन्न बाली र वस्तुहरूको व्यावसायीकरणमा सहयोग पुऱ्याउन मूल्य श्रृङ्खलाको अवधारणा अनुरूप खास बाली वस्तुको उत्पादन देखि उपभोग वा निर्यातको चरणसम्मका प्रविधिको प्याकेजसहित सि.डी.हरू तयार गरी कृषक समूह, समिति, सहकारीहरूलाई निःशुल्क उपलब्ध गराउने, विद्युतीय संचार माध्यमहरूको उपयोगबाट प्रविधि प्रसार, जनचेतनामूलक कार्यक्रमहरूलाई नतिजामूलक बनाउने, स्थानीय स्तरमा एफ. एम. रेडियो मार्फत कृषि, पशु सेवा, सहकारी, खाद्य पोषण प्रविधि सम्बन्धी प्रविधि, सन्देश तथा सूचना राष्ट्रिय तथा स्थानीय भाषामा श्रव्य दृश्य सञ्चार माध्यमबाट प्रसारण एवं प्रवाह गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- कृषि प्रसार र तालिम कार्यक्रम अन्तर्गत समुदायको अग्रसरतामा सरकारी तथा गैर सरकारी क्षेत्रको समेत सहयोगमा सामुदायिक सेवा केन्द्रहरूको स्थापना तथा सञ्चालन, करार सेवा अन्तर्गत निजी क्षेत्रका विशेषज्ञ तथा कृषि र पशु सेवा प्राविधिकहरूको सेवा उपयोग, एग्रोभेटहरूको परिचालन गर्ने, विविध विषय विशेष तालिम सञ्चालन गर्ने, कृषिका विभिन्न विधाहरू वारे निरन्तर शिक्षालाई औपचारिक तथा अनौपचारिक माध्यमहरूमार्फत सञ्चालन गर्ने, तालिम केन्द्रहरूको क्षमता अभिवृद्धि गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- ऋण व्यवस्था अन्तर्गत दुर्गम क्षेत्रमा तथा न्यून आय समूहका कृषकहरूको ऋणमा पहुँच पुऱ्याइने, लघु कर्जा, प्राथमिकता क्षेत्र कर्जा, लघु वित्त सेवाहरूसँग आबद्धित गरिने, समूह तथा संस्थाको जमानीमा बिनाधितो ऋण उपलब्ध गराइने, सहकारी संस्थाहरूलाई कर्जा प्रवाहमा क्रियाशिल तुल्याइने तथा लघु उद्यम कार्यक्रमसंग आबद्धित गराइनेछ ।
- समावेशीकरण अन्तर्गत लक्षित समुदायको माग र आवश्यकताका आधारमा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन र उपलब्धिको लेखाजोखा गर्ने पद्धतिलाई संस्थागत गरिने, जिल्लास्थित कृषि, पशु सेवा, सहकारी कार्यालयहरूले यी संस्थाहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने, लैगिक, वर्गीय र सामाजिक बनावटका आधारमा समावेशीकरण सुनिश्चित गर्ने, संस्थागत रूपमा क्षमता अभिवृद्धि हुने, कार्यक्रमहरू बीचको समन्वय बढाइने जस्ता कार्य गरिनेछ ।

- वातावरण तथा जैविक विविधता संरक्षण अन्तर्गत विभिन्न रैथाने जातका लुलु, अछामी गाई, लिमे र पारकोटे भैसी, याक, भ्यांगलुंग भेंडा र च्यांग्राको स्वस्थानमा संरक्षण (In-situ conservation) गर्ने, चरन खर्कहरूको जैविक विविधता संरक्षण, सम्वर्द्धन तथा उपयोगमा सहव्यवस्थापनको अवधारणामा सञ्चालन गर्ने, कृषक, फिल्डस्तरका प्राविधिकहरू र जिल्लाहरूमा कार्यरत अधिकृतहरूको पशु आनुवंशिक स्रोत संरक्षण, सम्वर्द्धन तथा उपयोग सम्बन्धमा दक्षता अभिवृद्धि गर्ने, आनुवंशिक स्रोतको मोल्युकूलर तहमा अध्ययन गरी अभिलेखीकरण गर्ने तथा राज्यले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धताहरू परिपालन गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् । समुदायको अग्रसरतामा कृषि आनुवंशिक स्रोतको संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । Gene बैंकलाई आनुवंशिक स्रोतको संरक्षणमा क्रियाशील गराइनेछ । खाद्य र कृषिका लागि वानस्पतिक आनुवांशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा जनाइएका प्रतिबद्धता अनुरूप कार्यक्रम अघि बढाइनेछ ।
- जलवायु परिवर्तन अन्तर्गत जलवायु परिवर्तनका कारण विभिन्न भौगोलिक क्षेत्रको मौसममा आउने परिवर्तनबाट कृषि, पशु तथा मत्स्य उत्पादनमा पर्ने प्रभावहरूवारे अध्ययन गर्ने, जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय अनुकूलन कार्यक्रममा प्रस्तावित कृषि तथा खाद्य सुरक्षा शीर्षक अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयन गर्ने, वायोग्यास जडान, गोठ सुधार कार्यक्रम सञ्चालन एवं विभागस्तरसम्म जलवायु परिवर्तन इकाइको स्थापना गर्ने, जलवायु अनुकूलन प्रविधिको विकास तथा विस्तार गरी नकारात्मक प्रभावहरू न्यून गर्ने, जलवायु परिवर्तनका कारण कृषि जैविक विविधतामा पर्ने असरवारे जनचेतना जगाइने, अनुकूलन प्रविधिहरू विकास र विस्तार कार्यक्रमहरू गरिनेछन् ।
- वोर्ड, संस्थान, समिति सुदृढीकरण अन्तर्गत बोर्ड, संस्थान, परिषद्, समितिको विनियम तथा नियमावलीमा समसामयिक परिमार्जन गरी कृषि क्षेत्रको उद्देश्य तथा रणनीति अनुकूल बनाइनेछ । बोर्ड, समितिहरूको भूमिका मुल रूपमा नीतिगत अध्ययन, विश्लेषण, नीति नियम तर्जुमा तथा परिमार्जन, नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनमा केन्द्रित गरिनेछ ।
- सरकारी, गैर सरकारी तथा निजी क्षेत्र समन्वय र सहकार्य अन्तर्गत कृषि तथा पशु सेवाका कार्यक्रम सञ्चालनमा सहकारी, गैरसरकारी, निजी क्षेत्र तथा स्थानीय निकायहरूसँग समन्वय र सहकार्य वढाइनेछ । प्रशोधन तथा बजारीकरणका क्रियाकलापमा साझेदार संस्थाको रूपमा निजी क्षेत्र, सहकारी तथा स्थानीय गैरसरकारी संस्थाहरू, स्थानीय निकायहरूसँग समन्वय गरी सञ्चालन गरिनेछ । विपन्न वर्ग, महिला, दलित, आदिबासी, जनजाति, मधेसी, मुस्लिम तथा अवसर विहीन समुदायमा आयआर्जनका कार्यक्रमहरू सञ्चालनका क्रममा सामाजिक परिचालनका क्रियाकलापमा स्थानीय सहकारी, गैर सरकारी संस्थाहरूसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि क्षेत्रमा जनशक्ति विकास अन्तर्गत कृषि क्षेत्रको जनशक्ति विकास योजना तर्जुमा, कृषि क्षेत्रमा कार्यरत जनशक्तिको दक्षता अभिवृद्धि गर्न उच्च शिक्षा अध्ययन, अनुसन्धान, तालिम, अवलोकन, अन्तरक्रिया र अन्तर्सम्वाद जस्ता कार्यक्रमहरूमा सरकारी, अर्धसरकारी र निजी क्षेत्रका शिक्षण संस्थाहरूसँग सहकार्य गर्ने कार्यहरू गरिनेछन् ।
- विपद् र प्रकोप व्यवस्थापन अन्तर्गत प्राकृतिक प्रकोपबाट राष्ट्रमा भएको क्षतिको विवरण संकलन गरी पिडित कृषक परिवारहरूलाई राहत प्रदान गर्ने व्यवस्था गरिनेछ । योजना अवधिमा विपद् र जोखिम न्यूनीकरण अन्तर्गत संरक्षण प्रधान खेती प्रणालीको प्रवर्द्धन, खाद्यान्न बीउ जगेडा कार्यक्रम अन्तर्गत बीउको वफर स्टक राख्ने व्यवस्था र कृषि बाली तथा पशु वीमाको लागि कृषकहरूलाई आकर्षित गर्न प्रिमियममा अनुदानको व्यवस्था र वीमा कोष स्थापनामा अनुदान सहयोग प्रदान गरिनेछ । त्यस्तै, पशुपन्छीको महामारी रोग नियन्त्रण तथा रोकथामका लागि आकस्मिक कोषको व्यवस्था मिलाइनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

कृषि क्षेत्र अन्तर्गतका विद्यमान् ऐन नियम, नीति, रणनीति तथा निर्देशिकालाई समयानकूल बनाइनेछ । रासायनिक मललगायत अन्य आवशयक ऐन तर्जुमा गरी लागु गरिनेछ । राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा जनाइएका प्रतिबद्धता अनुसार कृषि, पशु तथा खाद्य क्वारेन्टाइन, रोग निदान, भ्याक्सिन उत्पादन तथा गुणस्तर प्रयोगशालाहरूको सुदृढीकरण गरिनेछ । मन्त्रालय र अन्तर्गतका निकायहरूको संस्थागत पुन:संरचना र क्षमता अभिवृद्धि गरिनेछ ।

दीर्घकालीन कृषि योजनासँग सम्बन्धित मन्त्रालयहरू र विभागहरूले आफू तथा अन्तर्गतका निकाय तथा संस्थाहरूले समन्वयात्मक रूपमा कार्य गर्नेछन् । यसका लागि राष्ट्रिय योजना आयोगमा अन्तर्मन्त्रालय समन्वय संयन्त्र रहनेछ । राष्ट्रिय स्तरमा खाद्य तथा पोषण सुरक्षासम्बन्धी कार्यक्रमहरूवीच सामञ्जस्यता र समन्वय गर्ने संयन्त्रको विकास गरिनेछ । National Food and Nutrition Security Action Plan को तर्जुमा गरी अन्तर्निकाय जिम्मेवारी र कार्यक्षेत्र किटान गरी प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याइनेछ । दुर्गम जिल्लाहरूमा उत्पादन सामग्री विक्री वितरणमा सहकारी संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

## ११. अनुगमन तथा मूल्यांकन

नतिजामूलक अनुगमन र मूल्याङ्कन योजना तयार गरी कार्यान्वयन गरिनेछ । सार्वजनिक सुनुवाइ, जनलेखा परीक्षण, गुनासो व्यवस्थापन, नियमित सूचना प्रवाह विधिहरू अवलम्वन गरिनेछ । अनुगमन तथा मूल्याङ्कनमा संलग्न जनशक्तिको क्षमता अभिबृद्धि गरिनेछ । अनुगमन तथा मूल्यांकन प्रतिवेदनका आधारमा योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयनमा सुधार ल्याइनेछ । नीति, कार्यनीति, ऐन नियमहरूको कार्यान्वयन स्थिति आवधिक रूपमा समीक्षा गरी परिमार्जनका लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरूलाई सुसूचीत गरिनेछ । प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको अनुगमन र मूल्याङ्कनको क्रममा तेस्रो पक्षलाई समेत संलग्न गराइनेछ । कार्यक्रमको विस्तार वा परिमार्जन गर्दा मूल्यांकन पद्धतिसंग आबद्ध गरिनेछ । सामाजिक समावेशीकरण तथा लैङ्गिक सम्वेदनशीलताको विषयमा कार्यक्रम तर्जुमादेखि मूल्याङ्कन प्रक्रियासम्मका प्रत्येक तहमा लैङ्गिक सम्पर्क विन्दुको संलग्नता, सुझाव र परामर्श समावेश गरिनेछ ।

## १२. अपेक्षित उपलब्धि

१. खाद्यान्न बालीको हालको ७७६२ हजार मे. टनबाट योजना अवधिको अन्त्य सम्ममा ९५६१ हजार मे. टन, दलहन २६२ हजार मे.टनबाट २७७ हजार मे.टन, फलफूल ७०६ हजार मे.टनबाट ७७५ हजार मे.टन, आलु २५१७ हजार मे. टनबाट २७५५ हजार मे.टन, तरकारी ३००४ हजार मे.टनबाट ३६०१ हजार मे.टन, दूध १४९६ हजार मे.टनबाट १७७४ हजार मे.टन र मासु २४८ हजार मे.टनबाट २८७ हजार मे.टन पुऱ्याइएको हुनेछ ।

२. खाद्यान्न बाली हालको प्रति व्यक्ति उत्पादन २७२ के.जी. वाट योजनाको अन्त्य सम्ममा ३२० के.जी., दालबाली ९ के.जी.वाट १० के.जी., फलफूल २५ के.जी. बाट २६ के.जी., तरकारी १०५ के.जी. बाट १२० के.जी., आलु ९० के.जी. बाट ९२ के.जी., माछा १.८ के.जी. बाट २.०१ के.जी., दूध ५२ के.जी. वाट ५९ के.जी., मासु ९ के.जी. बाट १० के.जी., अण्डा २३ के.जी. बाट ३१ के.जी. पुऱ्याइएको हुनेछ ।

३. कृषि र पशुजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थमा वृद्धि भएको हुनेछ ।

४. कृषि वस्तुहरूको भण्डारण क्षमता वृद्धि भएको हुनेछ ।

५. कृषि वस्तुहरूको निर्यातबाट हुने विदेशी मुद्राको आम्दानीमा वृद्धि भएको हुनेछ ।

६. खाद्य अनुसन्धानमा आधुनिक उपकरणहरूको प्रयोग भएको हुनेछ ।

७. खाद्य वस्तुहरूको आयात निर्यातमा विश्व व्यापार संगठनको मापदण्ड लागु भएको हुनेछ ।

८. कृषिजन्य उद्योगहरूको गुणस्तर निर्धारणमा आधुनिक प्रविधिको प्रयोग भएको हुनेछ ।

## ४.१९.२ खाद्य सुरक्षा

### १. पृष्ठभूमि

खाद्य सुरक्षाका मुख्य चार स्तम्भहरू खाद्य उपलब्धता, खाद्य माथिको पहुँच, त्यसको उपयोग र खाद्य स्थिरताका पक्षहरूमा समयानुकूल र समुचित सुधार आवश्यक छ। देशको आधाभन्दा बढी जिल्लाहरूमा खाद्य न्यूनताको अवस्था रहनु र झन्डै ४१ प्रतिशत जनसंख्याले दैनिक निर्धारित क्यालोरीको न्यूनतम मात्रा उपभोग गर्नबाट वञ्चित रहेको अवस्था विद्यमान् हुनुले यसको गाम्भिइतालाई दर्शाउँछ। नेपालको अन्तरिम संविधान, २०६३ ले खाद्य सम्प्रभुतालाई एक आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरेको सन्दर्भमा प्रत्येक नागरिकको खाद्य सुरक्षा सुनिश्चित गर्ने तर्फ यो योजनाको जोड रहनेछ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनाको आधार वर्षमा खाद्यान्न उपलब्धता २८० के.जी. प्रति वर्ष प्रति व्यक्ति रहेकोमा योजनाको अन्त्यमा घटेर २७२ के.जी. प्रति व्यक्ति प्रति वर्ष हुन गएको छ। हरेक जिल्लामा लगाइने प्रमुख पाँच बालीहरू (धान, गहुँ, मकै, कोदो, जौ) को उत्पादन र त्यसबाट प्राप्त हुने उपभोग योग्य खाद्य पदार्थको उपलब्धता र त्यस जिल्लामा बसोबास गर्ने जनसंख्याको लागि आवश्यक खाद्य पदार्थको आधारमा जिल्लाहरूलाई वर्गीकरण गर्दा ४१ जिल्लाहरूमा खाद्य न्यूनता रहेको देखिन्छ। यिनै पाँच बालीको उत्पादनका आधारमा आ.ब. ०६४/६५ मा देशभरमा कूल खाद्यान्नको उत्पादन आवश्यकताभन्दा २२,३६७ मे.ट. बढी उत्पादन भएको थियो भने आ.ब. ०६६/६७ मा खाद्यान्न उत्पादन घट्न गई आवश्यकताभन्दा ३,३०,००० मे.ट. ले न्यून रहने प्रारम्भिक अनुमान गरिएको छ। देशका केही भागमा लामो खडेरी, कतिपय स्थानहरूमा बाढी पहिरोको प्रकोप र रासायनिक मलको नियमित आपूर्ति हुन नसकेको तथा जलवायु परिवर्तनको नकारात्मक असर समेतवाट उत्पादन घट्न गएको हो।

### ३. समस्या तथा चुनौती

देशको ठूलो जनसंख्याको हिस्सा न्यूनतम क्यालोरी आवश्यकता अनुरूप उपभोग गर्न सक्षम छैनन्। खाद्य पदार्थको वितरणमा सामाजिक विभेद रहेको छ। सडक यातायात नपुगेका ठाउँमा उच्च ढुवानी लागतका कारण पर्याप्त खाद्यान्न वितरणमा कठिनाइ रहेको छ। खाद्य स्वच्छता, खाद्य पदार्थहरूमा पौष्टिक तत्त्वहरूको स्रोत र उचित उपयोग वारे जनसाधारणमा चेतना र ज्ञानको कमी छ। स्वस्थकर खानपान तथा सोको लागि व्यवहार परिवर्तन केन्द्रित सशक्त कार्यक्रम सञ्चालन नहुनु र सुलभ तर अस्वस्थकर खाना खाने बानीका कारण खाद्य पोषणमा जटिलता तथा खाद्य वस्तुको नियमन कार्य कमजोर रहनु जस्ता समस्याहरू रहेका छन्।

खाद्य सुरक्षाका दृष्टिकोणबाट जोखिममा रहेका समूह र क्षेत्रको आयस्तर बढाउने, खाद्य वस्तुमा आत्म निर्भर हुने र आयातमा संतुलन कायम गर्ने, खाद्य वस्तुको गुणस्तर नियन्त्रणलाई प्रभावकारी बनाउने, खानपानको बानीमा परिवर्तन ल्याउने कार्यहरू चुनौतीका रूपमा रहेका छन्।

### ४. दीर्घकालीन सोच

खाद्य तथा पोषण सुरक्षाका सवै पक्षहरूलाई समन्वयात्मक रूपमा सबल पार्दै प्रत्येक नागरिकको खाद्य सम्प्रभुता अधिकार सुनिश्चित गर्ने।

### ५. उद्देश्य

१. आधारभूत खाद्य वस्तुहरूमा देशको आत्मनिर्भरता बढाई खाद्य तथा पोषण स्थितिमा सुधार ल्याउनु।
२. खाद्यवस्तुहरूको गुणस्तर एवं स्वच्छता अभिवृद्धि गर्नु।

३. खाद्य असुरक्षाको जोखिमग्रस्त समूहको खाद्यान्नमा पहुँच बढाउन र खाद्य संकटजन्य अवस्थामा व्यवस्थापन गर्न सक्ने क्षमता अभिवृद्धि गर्नु ।

## ६. रणनीति

१. कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा सुधार ल्याई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्ने ।

२. कृषिजन्य जैविक विविधताको संरक्षण संबर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकूलन प्रविधिहरूको विकास र विस्तार गर्ने ।

३. खाद्य सुरक्षाको दृष्टिकोणले जोखिममा रहेका घरपरिवारलाई स्थानीय स्तरमा उच्च मूल्यका वस्तुहरू उत्पादन गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

४. खाद्यसंकट जन्य अवस्थामा त्यसको सामना गर्न आवश्यक व्यवस्था मिलाउने ।

५. खाद्य तथा पोषणवस्तुको उपयोगबारे अद्यावधिक स्थितिको आंकलन गर्न खाद्य तथा पोषण उपभोग सर्वेक्षण सञ्चालन गरी राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा योजना तयार गर्ने ।

६. खानपानको बानीमा सुधार ल्याउने ।

## ७. कार्यनीति

१.१ खाद्य सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका घरपरिवारमा सुधारिएको गोठेमल, कम्पोष्ट मल, गहुँत व्यवस्थापन जस्ता कार्यमा, समूहगत प्रणाली अन्तर्गत निश्चित मापदण्डका आधारमा विशेष सहुलियत/सुविधा उपलब्ध गराइनेछ ।

१.२ खाद्यान्न उत्पादन न्यून हुने र खाद्य तथा पोषण असुरक्षित क्षेत्रहरूमा स्थानीय स्तरमा सम्भाव्य कृषि वस्तुहरूको उत्पादन र उपयोगमा जोड दिइनेछ ।

१.३ कृषि/पशुजन्य वस्तुहरूको व्यावसायिक उत्पादनथलो नजिक संकलन केन्द्र तथा थोक बजार र बाह्य क्षेत्रमा बजार सञ्जाल विकास र विस्तार गरिनेछ ।

१.४ ग्रामीण क्षेत्रमा सडक, बिजुली, संचार, गोदामघर, शीतभण्डार जस्ता अत्यावश्यक भौतिक पूर्वाधार विकास गरिनेछ ।

१.५ शहरी र शहर नजिकका ग्रामीण क्षेत्रमा सघन रूपमा पौष्टिक तत्त्वयुक्त तरकारी उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

१.६ खाद्यान्न असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै उत्पादन हुने कृषि तथा फलफूल खेती, पशुपालन, जडीबुटी खेती जस्ता कार्यहरू व्यावसायिक रूपमा सञ्चालन गर्ने तथा यस्ता उत्पादनलाई प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न खोलिने उद्योगहरूलाई समेत विशेष सुविधा प्रदान गरिनेछ ।

१.७ खाद्य स्वच्छता कायम गर्न खाद्य श्रृंखलाका सम्पूर्ण चरण व्यवस्थित गरिनेछ ।

२.१ स्वदेशी ज्ञान र आनुवंशिक/प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग गर्न उपयुक्त प्रविधि तथा पूर्वाधारको विकास गरिनेछ ।

२.२ भू-वातावरणीय क्षेत्र अनुसार उत्पादन हुन सक्ने खाद्यवस्तुको बारेमा अनुसन्धान गरी उपयुक्त प्रविधिको विकास र प्रसार गरिनेछ ।

३.१ साना, सीमान्त तथा खाद्य सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका कृषक तथा घरपरिवारलाई समूह/सहकारीमा आबद्ध गराई उच्च मूल्यका बाली/वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

३.२ पशुजन्य उत्पादनको वृद्धि गर्न विशेष सुविधा उपलब्ध गराई पोसिलो खाद्यवस्तुमा पहुँच बढाइनेछ ।

३.३ पहिचान गरिएका खाद्य असुरक्षित क्षेत्र/समूहको लागि खाद्यान्न वितरण प्रणाली एवं लक्षित कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

३.४ खाद्य असुरक्षित क्षेत्रमा "खाद्य कुपन" र "खाद्य क्रेडिट कार्ड"को व्यवस्थाका लागि पूर्वाधार निर्माण एवं "सस्तो पसल" "खाद्य डिपोबाट" लक्षित वर्गको न्यूनतम आवश्यक खाद्यान्न उपलब्ध गराइने कार्यक्रम सञ्चालन गरिनेछ ।

३.५ गरिब तथा खाद्य सुरक्षाका दृष्टिकोणबाट जोखिममा रहेका महिला तथा बालबालिकाहरूको समूह गठन गरी विशेष खाना कार्यक्रम सञ्चालन गरिनेछ ।

३.६ स्थानीय सहकारी र निजी क्षेत्रको विस्तार गरी सुपथ मूल्यका पसलहरू सञ्चालन गरिनेछ ।

४.१ केन्द्र तथा जिल्लास्तरका विभिन्न सम्वन्धित निकायको खाद्य संकट व्यवस्थापन क्षमता वृद्धि गर्न तालिम तथा मानव संसाधनको विकास गरिनेछ ।

४.२ खाद्य संकट व्यवस्थापन गर्न सम्वन्धित निकाय वीच समन्वय विकास गरिनेछ ।

४.३ भौगोलिक क्षेत्र अनुसारका हरेक जिल्लामा कूल खाद्यान्न आवश्यकता अनुसारको निश्चित अनुपातमा जगेडा खाद्यान्न निर्धारण गरी जगेडा स्टक राख्ने व्यवस्था गरिनेछ ।

५.१ प्रत्येक जिल्लामा कृषि तथा खाद्य-सुरक्षा समन्वय समितिमार्फत खाद्य तथा पोषण सम्बन्धी योजनाहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यको समन्वय गरिनेछ ।

५.२ खाद्य वस्तुको गुणस्तरको परीक्षण, प्रमाणीकरण तथा व्यावसायिकीकरणको नयाँ प्रविधिको प्रयोगका लागि राष्ट्रिय खाद्य प्रयोगशालाको सुदृढीकरण गरी अन्तर्राष्ट्रिय स्तरको मान्यताप्राप्त प्रयोगशाला बनाइनेछ ।

५.३ खाद्य तथा पोषणवस्तुको उपयोग बारे अद्यावधिक स्थितिको आँकलन गर्न खाद्य तथा पोषण उपभोग सर्वेक्षण गरिनेछ ।

५.४ खाद्य तथा पोषण सुरक्षालाई सुरक्षित गर्नका लागि चालिनु पर्ने कदमहरू र आवश्यक लगानी सहितको राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा कार्य योजना तयारी गरिनेछ ।

५.५ खाद्य सम्प्रभूता ऐन तर्जुमा सहित खाद्य कानूनलाई अद्यावधिक गरी प्रभावकारी रूपमा लागू गरिनेछ ।

६.१ स्थानीय संस्कृति अनुरूप खाद्य वस्तुको उत्पादन र उपभोग गर्न प्रोत्साहन गरिनेछ ।

६.२ खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणले पहिचान भएका स्थानीय स्तरमा उपलब्ध खाद्य सामग्रीको सही उपयोग गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### ८. प्रमुख कार्यक्रम

- परंपरागत रूपमा प्रयोग भइ आएका स्थान विशेषका खाद्य पदार्थहरूको पोषण महत्त्वबारे अध्ययन तथा प्रचार प्रसार, जलवायु परिवर्तनका असरहरू अनुकूलन गर्न सुख्खा सहन गर्ने, बाढी वा जलमग्न अवस्था सहन सक्ने, रोग कीरा अवरोधक जात र पशु नश्ल विकास गरिनेतर्फ उन्मुख गरिनेछ ।
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मार्फत प्रबर्द्धनात्मक तथा नियमनका कार्यहरू सञ्चालन गरिनेछन् । असल अभ्यासहरूको प्रबर्द्धन, मासु जाँच ऐन र नियमावलीको प्रभावकारी कार्यान्वयन, उत्पादन सामग्रीहरूको आयात नियमन, उपभोक्ता शिक्षा तथा सुरक्षित खानपान सम्बन्धी जनचेतना बढाउने कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणले बढी जोखिममा रहेका वर्ग तथा क्षेत्रका समुदायलाई लक्षित गरी आय आर्जन बढाउने तथा स्थानीय स्तरमा रोजगारीका अबसर प्रदान गर्ने कृषि तथा पशु पालन, माछा पालन, कृषि तथा पशुजन्य पदार्थको बेचबिखन, प्रशोधन तथा ढुवानी सम्बन्धी कार्यक्रमहरू सञ्चालित हुनेछन् ।
- नीति विश्लेषण एवम् अनुसन्धान, नीति कार्यान्वयन तथा प्रभावकारिता सम्बन्धी अध्ययन, खाद्य तथा पोषण सुरक्षा प्रदान गर्न उपयुक्त सुरक्षा कवचको पहिचान सम्बन्धमा अध्ययन गरिनेछ । कृषि क्षेत्र योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रणालीमा खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउन आवश्यक सुदृढीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### ९. अपेक्षित उपलब्धि

१. कृषि तथा पशुजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थ उत्पादनमा वृद्धि भएको हुनेछ ।

२. कृषि वस्तुहरूको भण्डारण क्षमता, संकलन केन्द्रहरू लगायत बजार पूर्वाधारहरू वृद्धि भएका हुनेछन् । कृषि वस्तुहरूको निर्यातबाट हुने विदेशी मुद्राको आम्दानीमा वृद्धि भएको हुनेछ । खाद्य अनुसन्धानमा आधुनिक उपकरणहरूको प्रयोग भएको हुनेछ ।

३. खाद्य वस्तुहरूको आयात निर्यातमा विश्व व्यापार संगठनको मापदण्ड लागु भएको हुनेछ । नयाँ ऐन नियमहरूको तर्जुमा तथा विद्यमान् ऐन नियमावलीमा समसामयिक परिमार्जन गरिएको हुनेछ ।

४. कृषक उद्यमीको माग अनुरूपका उपयुक्त कृषि प्रविधिहरूको विकास तथा विस्तार भएको हुनेछ । कृषि सहकारीहरू, दुग्ध उत्पादक सहकारीहरूको संस्थागत विकास तथा क्षमता अभिवृद्धि भएको हुनेछ ।

## ४.२० वन तथा भू-संरक्षण

### १. पृष्ठभूमि

नेपालको वन सम्पदा ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायलाई अत्यावश्यक वस्तु एवं सेवाहरू उपलब्ध गराउन, कृषि, उद्योग, पर्यटन, जलस्रोत, वातावरण र जैविक विविधता विकासका लागि महत्त्वपूर्ण आधार प्रदान गर्न; वनजन्य स्रोतमा आधारित उद्यमहरू स्थापना गरी गरीबी न्यूनीकरणमा टेवा पुऱ्याउन र जलवायु परिवर्तनका असरहरूमा कमी ल्याई मानव एवं पारिस्थितिकीय प्रणालीलाई अनुकूलन गर्न सहयोग पुऱ्याउन महत्त्वपूर्ण भएको महशुस गरिएको छ । यसै तथ्यलाई मनन गरी वनका सबै उपक्षेत्रहरूको दिगो एवम सन्तुलित संरक्षण, व्यवस्थापन र उपयोग गर्ने कार्यमा समुदायमा आधारित, समावेशी, समतामूलक तथा गरीबी न्यूनीकरणमुखी प्रणालीलाई सुदृढ गर्ने, वन क्षेत्रका समस्या र चुनौतीहतलाई न्यूनीकरण गर्ने, वन सम्पदाको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्ने र राष्ट्रको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्ने तर्फ योजनाको जोड रहनेछ ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनाको अन्त्यसम्ममा करिव १५ हजार सामुदायिक वन उपभोक्ता समूहहरूले झन्डै १२ लाख ५५ हजार हेक्टर वनक्षेत्र व्यवस्थापन गर्दै करिव १७ लाख घरधुरीलाई प्रत्यक्ष फाइदा पुऱ्याएका छन् । यसबाट सामुदायिक विकास, गरीबी न्यूनीकरण, सामाजिक समावेशीकरण तथा वन क्षेत्रको सुशासनलाई संस्थागत गर्न सहयोग पुगेकोछ । जैविक विविधता स्रोतहरूको स्थानीय रूपमा संरक्षण गर्ने सन्दर्भमा हाल सम्म २० वटा संरक्षित क्षेत्र स्थापना गरी देशको करिब २३.% (३४,००३.४२ वर्ग किलोमिटर) भूभागमा संरक्षित क्षेत्र व्यवस्थापन गरिएको छ । विभिन्न १२ वटा मध्यवर्ती क्षेत्रको सामुदायिक वनको क्षेत्र हस्तान्तरण भएबाट दुर्लभ तथा संरक्षित वन्यजन्तुहरूको संरक्षण हुनुको साथै १२ लाख स्थानीय व्यक्तिहरूको जीवन स्तरमा क्रमिक सुधार हुँदै आएको छ । यस मध्ये तराई भू-परिधि कार्यक्रम कार्यान्वयनबाट करिव १ लाख ६० हजार गरीबीको रेखामुनिका परिवारहरू जीविकोपार्जन तथा आयआर्जन कार्यक्रमबाट लाभान्वित हुँदै आएका छन् । नेपालको करिब २.५% भूभाग सीमसार क्षेत्रले ओगटेकोमा हाल रामसार सूचीमा ९ वटा क्षेत्र (३४,४५५ हेक्टर) सूचीकृत भएका छन् । यस अवधिमा रारा ताल, शे–फोक्सुण्डो ताल, गोक्यो ताल, गोसाईकुण्ड ताल र माइपोखरीलाई रामसार क्षेत्रमा सूचीकृत गरिएको छ । सीमसार क्षेत्रहरूको दीर्घकालीन व्यवस्थापनको लागि रामसार साइटमा रहेका घोडाघोडी ताल र कोशीटप्पुको व्यवस्थापन योजना तयारी भै स्विकृतिको चरणमा रहेका छन् । जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको दायित्व पूरा गर्ने सन्दर्भमा जैविक विविधता राष्ट्रिय रणनीति/कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । तराईका ८ जिल्लाहरूमा साझेदारी वन

व्यवस्थापनका लागि जिल्ला वन समन्वय समितिको कार्यालयहरू समेत स्थापना भएको छ । यसै गरी १५ जिल्लामा जिल्ला वन क्षेत्र रणनीतिक कार्ययोजना तयार भै कार्यान्वयनमा रहेका छन् । भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न ५६ जिल्लाहरूमा २०२० वटा उप-जलाधार क्षेत्रको पहिचान र प्राथमिकीकरण गरी कार्ययोजना कार्यान्वयन भएको छ । वेसिन एप्रोच मार्फत सेवा विस्तार गर्ने साङ्गठनिक सुधारको कार्य अन्तिम चरणमा पुगेको छ । जडीबुटी एवं गैरकाष्ठ विकास नीति २०६० तर्जुमा भइ लागु भएको छ । टिमुर र पिपला प्रजातिका जडीबुटीहरूको विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार असल खेती तथा संकलन प्रविधि र चिराईतोको राष्ट्रिय गुणस्तर मापदण्ड तयार भएको छ । चुरे क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापनका लागि चुरिया संरक्षण रणनीति तयार भै स्वीकृतिको चरणमा रहेको छ । राष्ट्रिय वन स्रोत सर्वेक्षण गरी तथ्यांक अद्यावधिक गर्ने कार्य शुरू भएको छ । रेड फरेष्ट्री तथा जलवायु परिवर्तन एकाई स्थापना भै बहुसरोकारवालाहरूको समेत संलग्नतामा प्रतिवेदन तयार गरी कार्यान्वयनको चरणमा रहेको छ । राष्ट्रिय स्तरमा वन डढेलो व्यवस्थापन रणनीति र एक व्यक्ति एक विरूवा रोपण कार्यक्रम कार्यान्वयनमा रहेको छ । बाँस र वेतको व्यवस्थापनका लागि राष्ट्रिय नीति तयारी भएको छ ।

## ३. समस्या तथा चुनौती

वन अतिक्रमण बढ्दै जानु, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु जस्ता समस्याहरू रहेका छन् ।

निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र/मध्यवर्ति क्षेत्रका लागि आवश्यक पर्ने ऐन, नियम, नीति, निर्देशिकामा समयानुकूल परिमार्जन गर्ने, राज्यका सबै निकाय, राजनीतिक दल तथा सरोकारवालाहरूको तर्फबाट वन अतिक्रमण नियन्त्रण, वन संरक्षण र व्यवस्थापनको लागि साझा प्रतिबद्धता प्राप्त गर्ने, मौजुदा सांगठनिक स्वरूप सबल र समय सापेक्ष गर्ने, तराई तथा भित्री मधेशक्षेत्रका वनहरूको वैज्ञानिक व्यवस्थापन गर्ने, वन क्षेत्र संरक्षण र व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक संरचना तथा पूर्वाधारहरूको प्रर्याप्त व्यवस्था गर्ने, जलवायु परिवर्तनका सम्भावित जोखिमहरूको निष्प्रभावीकरण तथा अनुकूलनसँग सम्वन्धित अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताअनुरूप राष्ट्रिय स्तरमा आन्तरिकीकरण र कार्यान्वयन गर्ने जस्ता चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

जनसहभागितामूलक तथा विकेन्द्रित व्यवस्थापन प्रणाली अवलम्वन गरी वन, वनस्पति, जलाधार, संरक्षित क्षेत्र तथा जैविक विविधताहरूको दिगो व्यवस्थापन मार्फत पारिस्थितिकीय सेवाको प्रबर्द्धन र जलवायु परिर्वतनको अनुकूलन तथा निष्प्रभावीकरणबाट स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गरी गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।

## ५. उद्देश्य

१. वनसम्पदाको वैज्ञानिक, समावेशी र सहभागितामूलक व्यवस्थापनद्वारा पारिस्थितिकीय सेवाको प्रबर्द्धन गर्दै वनको उत्पादकत्वमा वृद्धि गर्ने,
२. वनजन्य क्रियाकलापहरूको प्रबर्द्धन तथा व्यवसायीकरणबाट रोजगारी सृजना गरी गरीबी न्यूनीकरणमा टेवा पुऱ्याउने ।

## ६. रणनीति

१. भौगोलिक तथा वातावरणीय संवेदनशीलताको आधारमा देशको कूल भूभागको न्यूनतम ४० प्रतिशत क्षेत्रमा वन कायम राख्ने ।

२. सहभागितामूलक पद्धतिबाट वन, वनस्पति, जलाधर, संरक्षित क्षेत्र तथा जैविक विविधताको अनुसन्धान, विकास एवं दिगो व्यवस्थापन गर्ने ।

३. वन तथा प्राकृतिक स्रोतहरूको समूचित संरक्षण तथा व्यवस्थापन गर्न भूपरिधी स्तरको व्यवस्थापन पद्धति अबलम्वन गर्ने ।

४. वन स्रोतबाट प्राप्त हुने परिस्थितिकीय सेवाहरूको प्रवर्द्धन गर्दै वन संरक्षणको माध्यमबाट हुने कार्वन संचितिबाट जलवायु परिवर्तनमा पर्ने प्रतिकूल असरको न्यूनीकरण तथा अनुकूलनमा पुग्ने योगदान वापत हुने सम्भाव्य आयको व्यवस्थापन तथा वितरणका लागि आवश्यक संयन्त्र तयार गरी सञ्चालन गर्ने ।

५. वेसिन एप्रोचको माध्यमबाट जलाधार क्षेत्रहरूको एकीकृतरूपमा संरक्षण तथा व्यवस्थापन गर्ने ।

६. वनजन्य उत्पादनमा आधारित वातावरण मैत्री उद्योग तथा व्यवसायलाई सार्वजनिक-सामुदायिक-निजी लगानी मार्फत हरित रोजगारीका अवसर सिर्जना गरी स्थानीय समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्ने ।

७. वनक्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, सामुदायिक, तथा निजी संगठन र सञ्जालहरुलाई समावेशी, पारदर्शी र जनउत्तरदायी बनाउँदै तिनको शासकीय स्वरूपमा लोकतान्त्रीकरण गर्ने ।

**७. कार्यनीति**

१.१ नेपालमा रहेका सबै प्रकारका वनहरूलाई दिगो वन व्यवस्थापन पद्धति अनुरूप व्यवस्थापन गरिनेछ ।

१.२ राष्ट्रिय प्राथमिकता प्राप्त पूर्वाधार विकास निर्माणको कारणबाट क्षति हुने वनजंगल क्षेत्रको परिमाणात्मक अनुपातमा वृक्षारोपण र संरक्षण गरी वन कायम गरिनेछ ।

१.३ द्वन्दबाट नोक्सानी भएको वन सम्पदाको वृक्षारोपण र अन्य भौतिक पूर्वाधारहरूको पुनर्निर्माणबाट पुनःस्थापित गरिनेछ ।

१.४ वन अतिक्रमण, अवैध कटानी तथा चोरी शिकारलाई नियन्त्रण गर्न समन्वयात्मक संयन्त्र निर्माण गर्दै नीतिगत तथा कार्यमूलक व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

१.५ निरोधात्मक तथा नियन्त्रणात्मक उपायहरू अवलम्वन गरी सहभागितामूलक पद्धतिबाट वनजंगललाई डढेलोबाट जोगाइनेछ ।

१.६ नेपालको वनस्रोतको क्षेत्रफल तथा हैसियतको तथ्याङ्क अद्यावधिक गर्न राष्ट्रिय वन सर्वेक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१.७ सवै प्रकारका वनक्षेत्रको भू-सूचना प्रणालीबाट नक्सांकन तथा स्रोतको लेखाजोखा राख्ने व्यवस्था गर्ने र यस्ता सूचनालाई स्थानीय वन व्यवस्थापनमा समेत प्रयोग गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

१.८ वनक्षेत्र सम्बद्ध बहुसरोकारवालाहरूको सहभागितामा दीर्घकालीन सोच सहितको वनक्षेत्रको नयाँ राष्ट्रिय वन रणनीति तयार गरीनेछ ।

२.१ वन व्यवस्थापनबाट विपन्न, महिला, आदिबासी, जनजाति, मधेशी तथा पिछडिएका समुदायको आय आर्जनको अवसरमा वृद्धि गर्दै जैविक विविधताको संरक्षण गरिनेछ ।

२.२ खर्क, जडिबुटी, लोपोन्मुख कृषि, पशुजैविक विविधता, जलवायु, पर्यापर्यटनलाई समेट्दै उच्च पहाडी भेगका फिरन्ते र वनस्रोतमा आश्रित जनसमुदायको जीविकोपार्जनमा सुधार तथा वनस्रोत व्यवस्थापन गर्न सन्तुलित तथा एकीकृत रूपमा कार्यक्रम तर्जुमा गरिनेछ ।

२.३ स्थानीय जनताको सहभागितालाई सुनिश्चित गरी नेपालका सिमसार क्षेत्रको दिगो व्यवस्थापन र उपयोग गरी सिमसारमा आश्रित विपन्नवर्गका समुदायहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउदै जैविक विविधताको संरक्षणमा जोड दिइनेछ ।

२.४ संरक्षित क्षेत्रको व्यवस्थापनमा जनसमर्थन र जनसहभागिता हासिल गरी जीविकोपार्जन र जैविकविविधता संरक्षण बीचको सन्तुलन कायम गरिनेछ।

२.५ वनक्षेत्रमा वैज्ञानिक तथा सहभागीतामूलक कार्यमूलक अनुसन्धानलाई प्रभावकारी बनाउँदै अनुसन्धानमा क्रियाशील शिक्षण तथा अन्य संघ संस्थासंग समेत सहकार्य गरिनेछ।

२.६ वनस्पति उद्यानहरूको व्यवस्थापनलाई सुदृढीकरण गरी अनुसन्धान तथा आमोद प्रमोद स्थलको रूपमा विकसित गरिनुका साथै राष्ट्रिय हर्बेरियमलाई सुविधासम्पन्न र प्रभावकारी बनाइनेछ।

२.७ वन प्रमाणीकरणको राष्ट्रिय मापदण्ड निर्माण गरी गैरकाष्ठ वनपैदावारको जैविक उत्पादन प्रमाणित गरिनेछ। दिगो वन व्यवस्थापनका लागि वन प्रमाणीकरण प्रक्रियालाई क्रमिक रूपमा बढावा दिइनेछ।

२.८ प्रजाति र भौगालिक विविधता अनुरूप वन व्यवस्थापनको लागि उपयुक्त Silviculture पद्धतिलाई व्यवहारमा उतारी वन स्रोतको संरक्षण र सदुपयोग गरिनेछ। वन क्षेत्र बाहिर निजी, विद्यालय र सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न विशेष प्रोत्साहन गरिनेछ।

३.१ राष्ट्रिय जैविक विविधता संरक्षण रणनीति, २००२ अनुसार तराई/मधेश, पहाड र हिमाली क्षेत्रमा भूपरिधि व्यवस्थापन अवधारणा अनुसार जैविक विविधता संरक्षण, स्वच्छ जलस्रोत संरक्षण, दिगो जिविकोपार्जन, सांस्कृतिक सम्पदा संरक्षण, जलवायुपरिर्वतन र वातावरण संरक्षण सम्बन्धी कार्ययोजना लागु गरिनेछ।

३.२ जैविक विविधता राष्ट्रिय रणनीति र कार्यनीतिलाई परिमार्जन तथा आन्तिरिकीकरण गरी कार्यान्वयन गर्दै लगिनेछ।

३.३ तराई भू-परिधि कार्यक्रमको रणनीति योजना (२००४–२०१४) लाई कार्यान्वयनमा निरन्तरता दिनुको साथै राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण तथा प्राथमिकता प्राप्त भूपरिधिय क्षेत्रहरूको लागि संरक्षणमुखी कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्राथमिकता दिइनेछ।

३.४ वन तथा जैविक विविधता संरक्षणको लागि सीमापार समन्वयका कार्यक्रमहरू सञ्चालन गर्नुको साथै वनस्पति तथा वन्यजन्तुको अवैध अन्तरराष्ट्रिय व्यापार रोकथाम गरिने, अन्तरराष्ट्रिय ग्रीन कोरिडोरको स्थापना र वातावरणीय सेवा (कार्वन तथा गैर कार्वन) बाट आर्थिक स्रोतको व्यवस्थापन गरिनेछ।

३.५ भू-परिधीय स्तरका सबल तथा सफल कार्यक्रमको रूपमा रहेका एकीकृत योजना तर्जुमा, संरक्षणमा बित्तीय संयन्त्रको निर्माण र जैविक मार्ग व्यवस्थापन सम्बन्धी विषयवस्तुलाई वन नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गरिनेछ।

४.१ वनस्रोतबाट उत्पादन हुने पारिस्थितिकीय सेवाहरूको भुक्तानीका नीतिगत व्यवस्था तथा संस्थागत संयन्त्र निर्माण गरी प्राप्त हुने आय स्रोतलाई वनको वास्तविक व्यवस्थापनमा योगदान पु¥याउने सरोकारवालाहरूसम्म न्यायोचित ढंगले वितरण गर्ने व्यवस्था मिलाइनेछ।

४.२ जलवायु परिवर्तनमा हुने प्रतिकूल प्रभाव न्यूनीकरण र अनुकूलन गर्न नेपालको वनक्षेत्रले कार्वन संश्लेषण तथा संचितिमा पु¥याएको योगदान बापत रेड प्लस अवधारणाबाट थप आर्थिक स्रोत जुटाउन आवश्यक तयारी तथा नमूना कार्यक्रम सञ्चालन गरिनेछ।

४.३ जलवायु परिवर्तनका कारणले पर्न सक्ने संभावित जोखिमको आंकलन गरी आवश्यक र उपयुक्त अनुकूलन एवं जोखिम व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

५.१ जनसहभागिता सुनिश्चित गर्दै बेसिन एप्रोचको आधारमा जलाधार तथा उपजलाधारहरुको व्यवस्थापन गरिनेछ।

५.२ चुरे संरक्षण रणनीति बमोजिम एकीकृतरूपमा चुरेको पारिस्थिकीय प्रणालीको दिगो व्यवस्थापन गर्न चुरे तथा तराई/मधेश क्षेत्रका वासिन्दाको जीविकोपार्जनलाई टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

५.३ वन क्षेत्रबाट ढुंगा, गिट्टी, वालुवा संकलन सम्बन्धमा अध्ययन, अनुसन्धान गरी दिगो व्यवस्थापन गर्ने कार्यविधि तयार गरी सो अनुरूप कार्यान्वयन गरिनेछ ।

६.१ वन सम्पदाको व्यावसायिकीकरण गर्न यसमा आधारित वातावरण मैत्री उद्योग व्यवसायका लागि कच्चा पदार्थको उपलब्धता, प्रशोधन, मूल्य अभिवृद्धि, बजार विस्तार र निर्यात प्रबर्द्धन गर्न इच्छुक निजी, सहकारी र समुदायलाई प्रोत्साहन गर्नका लागि विशेष सुविधाको व्यवस्था गरी हरित रोजगारीका अवसरहरू सृजना गरिनेछ ।

६.२ वनस्रोतमा आश्रित गरीव, विपन्न तथा आदिबासी जनजातिहरूको जीविकोपार्जन सुधारका कार्यक्रमहरू वन उद्यम विकास कोष कार्यक्रमको व्यवस्था गरी सञ्चालन गरिनेछ ।

६.३ वन क्षेत्रका सरकारी संरचनाबाट जनतालाई पुऱ्याउनु पर्ने सेवालाई वर्गीकरण गरी आवश्यकता, प्राथमिकता र सम्भाव्यता हेरी सामुदायिक तथा निजी क्षेत्रसंग सहकार्य तथा सेवाकरारको नीति लिइनेछ ।

६.४ वनक्षेत्रबाट आर्थिक विकासमा टेवा पुऱ्याउन प्रत्येक गाउँ विकास समितिमा कम्तीमा एक उपभोक्ता समूह एक वन उद्यमको नीति अवलम्वन गरिनेछ ।

६.५ सुगन्धित तथा जडिबुटी प्रजातिहरूको उत्पादन तथा व्यवस्थापन गर्न विशेष क्षेत्रको रूपमा विकास गरिने नीति कायम गर्दै जडिबुटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रकोसाझेदारीमा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

६.६ ग्रामीण क्षेत्रमा युवाहरूलाई हरित रोजगारीको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

६.७ वनजन्य उत्पादनमा आधारित वातावरण मैत्री उद्योग व्यवसायलाई आवश्यक कच्चा पदार्थ उत्पादन गर्न सरकारी, ऐलानी र पर्ति जग्गा माग गरेमा निश्चित अवधि र मापदण्डको आधारमा कबुलियतको रूपमा दिने व्यवस्था मिलाइनेछ ।

६.८ समुदायमा आधारित सबै वन व्यवस्थापन पद्धतिहरूबाट प्राप्त आम्दानीको कम्तीमा ३५ प्रतिशत सोही क्षेत्रको समुदायमा बसोबास गर्ने अति गरिव, विपन्न, पछाडि परेका समुदाय तथा आदिबासी जनजातिहरूको जीविकोपार्जनमा सुधारको लागि लगानी गर्ने व्यवस्था मिलाइनेछ ।

७.१ नमूना स्वरूप सामुदायिक वन उपभोक्ता समूहका समितिहरूमा कम्तीमा ५० प्रतिशत महिलाको सहभागिता सुनिश्चितता गर्दै वनक्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशी रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

७.२ वन क्षेत्रका साझेदारहरू बीच स्थानीय र जिल्ला स्तरमा समन्वय गरी कार्यक्रम सञ्चालनमा दोहारोपना नआउने व्यवस्था मिलाइनेछ ।

७.३ राज्यको पुनर्संरचना र नयाँ राष्ट्रिय रणनीति (गुरूयोजना) सँग मेल खाने गरी वन संगठनको पुनर्संरचना गरिनेछ ।

७.४ स्थानीय सरकार, समुदाय र समुच्च वनक्षेत्र बीचको पारस्परिक सहकार्यलाई विकेन्द्रित तथा संघीय शासकीय स्वरूप अनुकूल गाँउ स्तरसम्म विस्तार गरी अझ बढी प्रगाढ र प्रभावकारी बनाइनेछ ।

७.५ वन क्षेत्रमा प्राप्त हुने वैदेशिक सहायतालाई राष्ट्रिय हित अनुकूल सञ्चालन गर्न नेपाल सरकारको नेतृत्वमा वहुसरोकारवालाहरू सहितको कानुनी र संस्थागत रूपमा मान्यता प्राप्त एक संयन्त्र निर्माण गरी राष्ट्रिय वन विकास कार्यक्रम/कोषको व्यवस्था गरिनेछ ।

७.६ वनक्षेत्रमा सुशासन कायम गर्न सञ्चालित कार्यक्रमहरूको सार्वजनिक लेखा परीक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

७.७ वन क्षेत्रको प्रभावकारी संरक्षण, सम्बर्धन तथा व्यवस्थापन गर्नको लागि प्रचलित ऐन कानुनमा आवश्यक परिमार्जन गरी संस्थागत सुदृढीकरण र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सदृढ गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | त्रिवर्षीय योजनको लक्ष्य |
|---|---|---|
| १ | सामुदायिक वन समूह गठन गर्ने (संख्या) | १७०० |
| २ | समुदायमा वन हस्तान्तरण गर्ने (हेक्टर) | १२०००० |
| ३ | उप-समूह गठन गरी विपन्न वर्गका लागि कबुलियतीमा वन क्षेत्र उपलब्ध गराउने समूह) | ८०० |
| ४ | विपन्न वर्ग लक्षित कार्यक्रम सञ्चालन गर्ने (समूह) | १००० |
| ५ | जलवायु परिवर्तन अनुकूलन योजना तयार गर्ने (समूह) | १००० |
| ६ | बिरूवा उत्पादन गरी निजी सामुदायिक र सार्वजनिक जग्गा वृक्षारोपण गर्ने (जिल्ला) | ५५ |
| ७ | वन पैदावारमा आधारित लघुउद्यम सचांलन र विकासमा सहयोग (जिल्ला) | ७५ |
| ८ | वन क्षेत्रमा हुने नयां अतिक्रमण शुन्यमा राखी भएको अतिक्रमण हटाउने (जिल्ला) | ७५ |
| ९ | ६,००० कार्ययोजना अनुगमन तथा मूल्याङ्कन र १५०० कार्ययोजना परिमार्जन तथा नवीकरण(जिल्ला) | ४० |
| १० | ४०० नया उप-जलाधार क्षेत्रको कार्ययोजना बनाई ३०० वटा कार्ययोजना कार्यान्वयन (जिल्ला) | ६७ |
| ११ | वन पैदावारमा आधारित साना उद्यम स्थापना र सञ्चालन (संख्या) | ७५ |
| १२ | जैविक विविधता अभिलेखीकरण (संस्थागत संरचना र कार्यान्वयन) (जिल्ला) | ७५ |
| १३ | राष्ट्रियस्तरको वन स्रोत सर्वेक्षण एवं नक्साङ्कन (जिल्ला) | ७५ |
| १४ | RPP कार्यान्वयन योजना तयारी, जलवायु परिवर्तनको अनुकूलन तथा न्यूनीकरणमा वन क्षेत्रको भूमिका सम्बन्धी अध्ययन अनुसन्धान, रेड नमूना परीक्षण, रेड सम्बन्धी नीति तयारी तथा कार्यान्वयन (जिल्ला) | ७५ |
| १५ | एकीकृत चुरे जलाधार संरक्षण योजना तर्जुमा (जिल्ला) | २४ |
| १६ | सुशासन निर्देशिका तयारी तथा कार्यान्वयन, साझेदारी रणनीति परिमार्जन गरी विभिन्न तहमा वन क्षेत्र बहुसरोकारवाला सयन्त्र निर्माण, जिल्ला, विषयगत, गा.वि.स स्तरीय वन क्षेत्र समन्वय समितिहरू सुदृढीकरण (जिल्ला) | ७५ |
| १७ | वन क्षेत्रको जग्गाको कित्ता सहितको धनीपुर्जा र सीमास्तम्भको व्यवस्था जिल्ला) | ७५ |
| १८ | वन व्यवस्थापन कार्ययोजना निर्माण /परिमार्जन । (६.५.१) (जिल्ला) | ७५ |
| १९ | अनुगमन मूल्याङ्न रणनीति, निर्देशिका परिमार्जन तथा कार्यान्वयन (जिल्ला) | ७५ |

## ९. प्रमुख कार्यक्रम

- सामुदायिक तथा निजी वन विकास कार्यक्रमअन्तर्गत उपभोक्ता समूह गठन/दर्ता, कार्ययोजना तयारी, वन संरक्षण, जीविकोपार्जन र सुशासनमुखी कार्यक्रम तथा जलवायु परिवर्तनको नकारात्मक असरको अनुकूलन र निष्प्रभावीकरणका कार्यक्रमहरु सञ्चालन हुनेछन् ।
- राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत जिल्लाको समग्र रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन, सरकारद्वारा व्यवस्थित वनको संरक्षण र व्यवस्थापन, चक्ला वन व्यवस्थापन, वन डढेलो व्यवस्थापन, साझेदारी वनको कार्यक्रम कार्यान्वयन, वन संरक्षणको लागि कानून परिपालनाका गतिविधिहरु र वन स्रोत संरक्षण जन्य कार्यक्रमहरु सञ्चालित हुनेछन् ।
- कबुलियती वन तथा पशु विकास कार्यक्रम अन्तर्गत गरीबीको रेखामुनि रहेका समूहको जीवीकोपार्जनका अवसरहरू बढाउन तथा विपन्न वर्गको आर्थिक, सामाजिक र मानवीय क्षमता बढाउन गरिब धुरी पहिचान, कबुलियती वनको कार्ययोजना तयारी र कार्यान्वयन, वनको संरक्षण, सम्बर्धन र व्यवस्थापन, समूहको क्षमता अभिवृद्धि र सशक्तीकरण र स्थानीय वन तथा पशुस्रोतमा आधारित आय आर्जन कार्यक्रमहरु सञ्चालन हुनेछन् ।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम अन्तर्गत वन र कृषि प्रणालीमा प्रभावकारी सामन्जस्य ल्याई खाद्य उत्पादनमा योगदान ल्याउने, भू-क्षय, बाढी, पैह्रो, मरूभूमीकरण र अन्य वातावरणीय असन्तुलनबाट देशको भू-भागलाई संरक्षण गर्ने, उप–जलाधारमा आधारित कार्यक्रम तर्जुमा गर्ने, समुदायमा आधारित कार्यान्वयन गर्ने, एकीकृत कार्यक्रम सञ्चालन गरी ग्रामीण कृषि

प्रणालीका अंगहरुबीच सन्तुलन एवम् समन्वय कायम गर्ने, जलाधारको माथिल्लो तथा तल्लो तटीय क्षेत्रबीचको अन्तरसम्बन्धलाई आत्मसात गर्ने कार्यक्रम गरिनेछ ।

- वन सम्बर्धन तथा वृक्ष सुधार कार्यक्रम अन्तर्गत वनको वैज्ञानिक, वातावरणीय, व्यवस्थापकीय, पारिस्थितिकीय तथा आनुवंशिक पक्षहरुको व्यवस्थापन र नमुना प्रर्दशन गरिने गरी कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- वनस्पति स्रोत अनुसन्धान, संरक्षण तथा विकास कार्यक्रम अन्तर्गत वनस्पतिजन्य स्रोतहरुको अध्ययन, अनुसन्धान, हर्बेरियम संरक्षण, उद्यान व्यवस्थापन, प्रयोगशाला स्थापना र व्यवस्थापन, टिस्सुकल्चर तथा जडिबुटी प्रविधि विकास आदि गतिबिधिहरू सञ्चालित हुनेछन् ।
- जडीबुटी तथा गैरकाष्ठ वन व्यवस्थापन तथा हरित रोजगार कार्यक्रम अन्तर्गत वनजन्य स्रोत विशेष गरी जडीबुटी तथा गैर काष्ठ वन पैदावारलाई ग्रामीण क्षेत्रमा उद्यम, रोजगारी तथा आयका स्रोतको रुपमा विकास गर्न सम्भावना र अवसरको आधारमा विशेष कार्यक्रमहरु तयार गरी सञ्चालन हुनेछन् ।
- वासस्थान/पारस्थीतीय प्रणाली र वन्यजन्तु संरक्षण कार्यक्रम अन्तर्गत नेपालमा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन र उपयोग गर्दा समुदायको आवश्यकता र समस्यालाई पनि सम्बोधन गर्न भू-परिधीय अवधारणा र जलवायु परिवर्तनसमेतको आधारमा संरक्षित क्षेत्रको व्यवस्थापन गर्न र प्राप्त अवसरहरुलाई सदुपयोग गर्नको लागि बहुपक्षीय कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जैविक विविधता कार्यक्रम अन्तर्गत जैविक विविधता महासन्धि १९९२ र राष्ट्रिय जैविक विविधिता रणनीति २००२ का नीतिगत प्रावधानहरूका विभिन्न कार्यहरू सञ्चालन गरिनेछ ।
- वन अनुसन्धान तथा प्रचार प्रसार कार्यक्रम अन्तर्गत वन स्रोतको सर्वेक्षण तथा नक्साङ्कन, वन अनुसन्धान, प्रविधि हस्तान्तरण, प्रदर्शनी स्थल निर्माण आदि कार्यक्रमहरुको साथै कार्यमूलक अनुसन्धान, सञ्चार र प्रसार जस्ता गतिविधिहरु सञ्चालन गरिनेछ ।
- जनशक्ति विकास कार्यक्रम अन्तर्गत जनशक्तिलाई आ-आफ्नो कार्यगत विषयसंग सम्वन्धित ज्ञान र सीपलाई अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- रेड फरेष्ट्रि कार्यक्रम अन्तर्गत हरित गृह ग्याँसको उत्सर्जन कटौती गर्ने, वन विनास रोकथाम गर्ने, हैसियत बिग्रेको वनको गुणस्तर अभिवृद्धि गर्ने, वन व्यवस्थापनबाट कार्बन सञ्चितिमा वृद्धि गर्ने जस्ता कार्यक्रम परिलक्षित छ ।
- संरक्षित वन विकास कार्यक्रम अन्तर्गत देशका अति संवेदनशील एवम् महत्त्वपूर्ण वन, जैविक विविधता युक्तक्षेत्र तथा जैविक मार्गहरुलाई भू-परिधीय आधारमा संरक्षण एवं विकास गर्न कानूनी, प्राविधिक तथा सांगठनिक कार्यान्वयन गर्ने, तराई, चुरे क्षेत्र, मध्य तथा उच्च पहाड क्षेत्रका ठूला वन क्षेत्रहरु, तराईक्षेत्रमा रहेका जैविक मार्गहरूको संरक्षणको लागि एकीकृत रूपमा वनको संरक्षण, व्यवस्थापन एवं विकास तथा समुदायको जिवीकोपार्जनको लागि कार्ययोजना बनाई कार्य गर्ने, वन क्षेत्र व्यवस्थापनमा जनसहभागितासमेत परिचालन गर्ने, उपभोक्ताहरुलाई उक्त क्षेत्रहरुको व्यवस्थापनबाट प्राप्त हुने लाभको समन्यायीक वितरण गर्ने र संरक्षित वनको कार्य भित्र स्थलगत बिशिष्टताको आधारमा स्वामित्व सहितको व्यवस्थापकीय पद्धतिहरुको विकासतर्फ यो कार्यक्रम परिलक्षित छ ।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत वातावरणीय रूपमा सम्वेदनशील चुरे क्षेत्रको वन विनास तथा भू-क्षय रोकथाम गर्न राज्यको उच्चतम प्रतिबद्धताका साथ आर्थिक वर्ष २०६७६८ देखि कार्यान्वयनमा रहने यो कार्यक्रम चुरे क्षेत्रको संरक्षणको लागि २६ जिल्लामा सञ्चालनमा रहने गरी कार्यक्रम तय गरिएको छ ।
- भू-परिधि स्तरका संरक्षण कार्यक्रम अन्तर्गत भू-परिधीय सहयोग एकाइलाई सुदृढ गरी वन तथा जैविक विविधता संरक्षण गर्ने, वनस्पति तथा वन्यजन्तुको अवैध अन्तर्राष्ट्रिय व्यापार रोकथाम गर्ने,

छिमेकी राष्ट्रहरूसँग अन्तर्राष्ट्रिय ग्रीन कोरिडोरको स्थापना गर्ने र वातावरणीय सेवा (कार्वन तथा गैर कार्वन) बाट आर्थिक स्रोतको व्यवस्थापन, भू-परिधीय स्तरका सबल तथा सफल कार्यक्रमको रुपमा रहेका एकीकृत योजना तर्जुमा, बित्तीय संयन्त्रको निर्माण र जैविकमार्ग व्यवस्थापन सम्बन्धी विषयवस्तु वन नीति तथा कार्यक्रममा मूल प्रबाहीकरणगर्न अत्यावश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- ❖ वन क्षेत्र सुशासन कार्यक्रम अन्तर्गत वनक्षेत्रमा कार्यरत सरकारी, गैह्रसरकारी, सामुदायिक, तथा निजी संगठन र सञ्जालहरुलाई समावेशी, पारदर्शी र जनउत्तरदायी बनाउँदै तिनको शासकीय स्वरूपमा लोकतान्त्रीकरण गर्न र नीतिगत रूपमा आपसी समन्वय कायम गरी वन क्षेत्रमा योगदान अभिवृद्धि गर्न यो कार्यक्रम परिलक्षित छ ।
- ❖ वन क्षेत्र राष्ट्रिय रणनीति तर्जुमा कार्यक्रम अन्तर्गत मौजुदा नीतिगत, कानूनी तथा संगठनात्मक संरचनालाई परिवर्तन गर्नु पर्ने आवश्यकता महसुस गरिएको, नेपाल सरकारले अन्तर्राष्ट्रिय तहमा विभिन्न समयमा गरेको वन, वन्यजन्तु, जैविक विविधता, जलवायु परिवर्तन आदिसंग सम्वन्धित संधि सम्झौता तथा प्रतिबद्धताहरुको सफल कार्यान्वयन, नेपाल सरकारका सालवसाली विकास कार्यक्रमहरु, बदलिंदो स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिबाट प्राप्त नीतिगत निर्देशनहरु अनुरूपको नयां रणनीति र दीर्घकालीन योजनाको आवश्यकता भएकोले उल्लिखित आवश्यकता पूरा गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ व्यवस्थापिका संसद्, प्राकृतिक स्रोत र साधन समितिको सुझाव तथा निर्देशन कार्यान्वयन कार्यक्रम अन्तर्गत व्यवस्थापिका संसद्, प्राकृतिक स्रोत र साधन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई कार्यान्वयन गर्न विभिन्न तहका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ । साथै वन क्षेत्रको व्यवस्थापन पद्धति, कार्यक्रम सञ्चालन तथा प्रक्रियाहरू युक्त सुझाव तथा निर्देशनहरू अनुरूप निर्धारण गरिनेछन् ।
- ❖ जैविक विविधता संरक्षण, हरित उद्यम तथा जीविकोपार्जन सुधार एकीकृत कार्यक्रम अन्तर्गत वन व्यवस्थापनबाट विपन्न समुदाय, महिला, आदिबासी, जनजाती, मधेशी तथा पिछडिएका समुदायको आय आर्जनको अवसरमा वृद्धि गर्दै सामाजिक तथा आर्थिक सशक्तीकरण गरिने कार्यनीति अनुरूप बहुसरोकारवालाहरूको सहयोगमा पिछडिएका समुदायहरूको सकृय सहभागितामा एकीकृत जैविक विविधता संरक्षण, वन व्यवस्थापन तथा सामुदायिक विकास कार्यक्रम सशक्त रूपमा कार्यान्वयन गर्न मादी नदीको उपल्लो कलेस्थी जलाधार क्षेत्र र तल्लो क्षेत्रमा ल्यान्डस्केप अवधारणा अनुसार कार्यक्रम सञ्चालन गरी गण्डक नदी बेसिनमा वैदेशिक सहयोगबाट सञ्चालन गरिने कार्यक्रमहरूको नमूना विकास गर्न दिशा निर्देश गर्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- ❖ राष्ट्रिय वन कार्यक्रम/वन विकास कोष कार्यक्रम अन्तर्गत वन स्रोतमा आश्रित समुदायहरूको गरीव, विपन्न तथा आदीवासी जनजातीहतको जिविकोपार्जनमा सुधार ल्याउन र वन सम्पदामा आधारित वातावरण मैत्री उद्योग व्यवसायको विकास गरी निर्यात प्रबर्द्धन गर्न सहयोग पुऱ्याउने उद्देश्यले सरकारी, गैर सरकारी र निजी क्षेत्र तथा दातृ समुदायबाट प्राप्त हुने सहयोग समेत समावेश हुने गरी राष्ट्रिय वन कार्यक्रम/वन विकास कोष कार्यक्रम सञ्चालन गरिनेछ । उल्लेखित उद्देश्य प्राप्तिका लागि सरकारबाट स्वीकृत कार्य सञ्चालन विधि अनुरूप कोषबाट सञ्चालन गरिने कार्यक्रमहरू प्रतिस्पर्धात्मक रूपमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट सञ्चालन गरिनेछन् ।

## १०. कार्यान्वयन ब्यबस्था

केन्द्रमा विभाग र जिल्लाहरूमा स्थलगत कर्मचारीको सहजकर्ताको भूमिका कायम गरि जल्लामा जिल्ला वन कार्यालय, जिल्ला भूसंरक्षण कार्यालय र फिल्डस्तरमा ईलाका वन कार्यालय र रेन्जपोष्टलाई कार्यान्वयनको जिम्मेवारी दिईनेछ । कार्यक्रम कार्यान्वयनमा स्थानीय निकाय, समुदाय, गैरसरकारी क्षेत्र र निजी क्षेत्रलाई समेत संलग्न गराइनेछ । सामुदायिक वन उपभोक्ता समुहहरूमा कवुलियति वन समुहहरू कार्यक्रम पारदर्शी एवं जनमुखि वनाउन लैङ्गिक, जातीय र वर्गीय हिसाबले  समानुपातिक समावेश हुने गरि कार्यान्वयन गरिनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको लागि योजना तयार गरी कार्यान्वयन गरिनेछ । अनुमगन तथा मूल्याङ्कनको जिम्मेवारी निकाय र जनशक्तीको क्षमता अभिवृद्धि गरिनेछ । विकास कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति संकलन, विश्लेषण र प्रतिवेदन तयारी तथा सम्वन्धित निकायहरूमा पेश गर्ने व्यवस्थालाई सुदृढ बनाइनेछ । अनुगमन सूचकहरूको निर्धारण गर्दा प्राकृतिक स्रोत संरक्षण, व्यवस्थापन, गरीबी न्यूनीकरण, लैंगिक समानता, आर्थिक सशक्तीकरण, सामाजिक तथा पिछडिएको वर्ग र क्षेत्रको समावेशीकरण जस्ता विषयहरूलाई समाहित गरिनेछ । ७५ वटै जिल्लामा जिल्ला वन समन्वय समितिबाट फिल्ड स्तरमा सञ्चालन गरिने कार्यक्रमहरूको अनुगमन गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई कार्यक्रम तथा योजना तर्जुमामा उपयोग गरिनेछ । मन्त्रालय, विभाग, क्षेत्र र जिल्ला सबै तहमा व्यवस्थापन सूचना प्रणाली र तथ्याङ्क अद्यावधिक गरिनेछ । तथ्याङ्कको विश्लेषण गरी जानकारीलाई निर्णय प्रयोजनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

## १२. अपेक्षित उपलब्धि

- १,२०,००० हे. वन समुदायमा हस्तान्तरण हुनेछ ।
- १००० विपन्न वर्गका समुहमा लक्षित कार्यक्रम संचालन हनेछ ।
- १००० समुहमा जलवायु परिवर्तन अनुकूलन योजना तयार हुनेछ ।
- देशको भू-भागको ४० प्रतिशत वनक्षेत्र कायम गर्न सकरात्मक नीतिगत र संरचनात्मक व्यवस्था तथा स्थलगत रूपमा वन क्षेत्र पुर्नस्थापनाका उपलब्धिहरू हासिल भएका हुनेछन् ।
- सामुदायिक र  कबुलियती वन कार्यक्रम अन्तरगत २३४४ वन समुह गठन भई २५,००० गरीब र पिछडिएका घरधुरीहरू लाभान्वित हुने र थप १ लाख ५० हजार हेक्टर सामुदायिक वन क्षेत्र सघन र दिगो रूपले व्यवस्थापन गरिएको हुनेछ ।
- वन व्यवस्थापनमार्फत् विपन्न वर्गका महिला, दलित, जनजाति तथा पछाडि परेका समुदायका ३ लाख घरधुरीलाई आयआर्जनका अवसर उपलब्ध भएको हुनेछ । वनक्षेत्रका विभिन्न कार्यक्रम सञ्चालनबाट १ लाख व्यक्तिलाई वार्षिक पूर्णकालीन रोजगारीका अवसर सिर्जना गरिएको हुनेछ ।
- वन उद्यम विकासको लागि एक कोषको स्थापना भई वनजन्य उद्योग/व्यवसायमा निजि क्षेत्रको सहभागिता तथा लगानी वृद्धि भएको हुनेछ ।
- जलाधार क्षेत्रहरूको व्यवस्थापन समुदायमा आधारित बेसीन अवधारणा अनुरूप एकीकृत रूपमा भएको हुनेछ ।
- वन सर्वेक्षण भई नक्साङ्कन तथा जिल्लास्तर सम्मको वनस्रोतको आँकलन भएको हुनेछ ।
- संरक्षित क्षेत्रको प्रभावकारी व्यवस्थापनबाट वन, वन्यजन्तु र जैविक विविधताको दिगो संरक्षण भएको हुनेछ ।
- चुरे संरक्षण लागि राज्यको उच्चतम प्रतिबद्धता प्राप्त हुनुको साथै राष्ट्रपति चुरे संरक्षण कार्यक्रमले चुरेको एकिकृत संरक्षणमा उल्लेख्य योगदान पुर्‍याएको हुने छ ।
- नयाँ राष्ट्रिय वन रणनीति (गुरूयोजना) र जिल्ला वन रणनीति योजना तयार भई लागू भएका हुनेछन् र वन संगठनको पुनः संरचना भएको हुनेछ र वन क्षेत्रसंगसम्बन्धी ऐन नियमहरु तयारी तथा परिमार्जन भएको हुनेछ ।

## ४.२१ भूमिसुधार तथा व्यवस्था

### १. पृष्ठभुमि

भूमिसंग सर्वसाधारण जनताको सान्निध्यतालाई मध्यनजर गरी भूमिमाथि सवैको न्यायिक पहुँच, भू-स्वामित्वको सुरक्षा, सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्दै सुशासन कायम राख्नु राज्यको प्रमुख दायित्व हुन आउछ । भूमिको पहुँचमा रहेको असमानता, विविधता तथा अन्य कारणले उत्पादकत्वमा आएको ह्रास, कृषिमा आश्रित परिवारहरूको न्यून आय आर्जन जस्ता समस्याहरूलाई एकीकृत रूपमा समाधान गर्ने आवश्यक उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने अभिप्रायका साथ नेपालको अन्तरिम संविधान २०६३ को भावना अनुरूप देशमा वैज्ञानिक भूमिसुधार लागू गर्न अत्यावश्यक रहेको छ । तसर्थ योजना अवधिमा जग्गा प्रशासनको क्षेत्रमा आधुनिक प्रविधि अपनाई जनतालाई पुऱ्याउनु पर्ने सेवाको गुण स्तरमा अभिवृद्धि भू-स्वामित्व सम्बन्धी अभिलेखलाई अद्यावधिक गर्दै उपयोगको आधारमा समय सापेक्ष वर्गीकरण सहितको वैज्ञानिक भूमिसुधारमा जोड दिइनेछ ।

### २. अद्यावधिक स्थिति

कित्तानापीको क्षेत्रमा नवीनतम डिजिटल प्रविधि अवलम्वन गर्ने प्रयास थालनी भएको छ। २० वटा नापी कार्यालयहरूको भवन निर्माण भएको छ । देशभरको स्थलरूप आधार नक्सा तयार भै डिजिटल रूपमा उपलब्ध गराउन सकिने अवस्था रहेको छ । विभिन्न माननाप र किसिमका नक्साहरू उत्पादन भै विकास निर्माणका कार्यहरूमा उपयोग भै रहेका छन् । देशभरका ३,९१५ गा.वि.स. मध्ये २,६५० गा.बि.स. र सबै नगरपालिकाको नक्साहरू अद्यावधिक गरिएको छ । विभिन्न माननापको टोपोग्राफिकल डाटावेश तयार गरी विक्री वितरण भैरहेको छ । ६५ वटा मालपोत कार्यालयवाट सरकारी तथा सार्वजनिक जग्गाको लगत अभिलेख पुस्तक प्रकाशन भएको छ । भूमि व्यवस्थापन क्षेत्रमा महिला, दलित, जनजाति, पिछडिएका वर्गको पहुँच बढाउन उनीहरूको नाममा लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत र शहिद परिवारको नाममा जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा शतप्रतिशत छुट दिने व्यवस्था गरिएको छ । पाल्पा र म्याग्दी जिल्लाको क्षतिग्रस्त स्रेस्ता फिल्डमा नै गई तयार गर्ने कार्य सम्पन्न भएको छ

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रवाट हालसम्म ३७ जना महिलालाई तालिम, ५२२९ जनालाई विभिन्न स्तरको तालिम २,५२० जनालाई, छोटो अवधिको विशेष तालिम ६०० जनालाई र महिलाको लागि सञ्चालित आधारभूत नापी तालिम प्रदान गरी नाप नक्सा, जग्गा प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा निम्न तथा मध्यमस्तरका दक्ष जनशक्तिको उत्पादन गर्ने कार्य भएको छ । ६८ वटा मालपोत कार्यालयमा जग्गा स्रेस्ता सम्बन्धी डाटा इन्ट्री गर्ने कार्य सम्पन्न भएको छ । हालसम्म २४ वटा मालपोत कार्यालयबाट कम्प्युटर मार्फत जग्गाधनी प्रमाण पूर्जा वितरण गर्ने गरिएको छ । २३ वटा नापी कार्यालयको फिल्डबुक स्क्यानिङ्ग गर्ने कार्य सम्पन्न भएको छ । अछाम जिल्ला बाहेक अन्य जिल्लाको साविक कित्तानापी नक्साको एमोनिया प्रिन्ट र डिजिटल अभिलेख राखिएको छ ।

राष्ट्रिय भू-उपयोग आयोजना अन्तर्गत १:५०,००० मान नापमा ७५ जिल्लाको जिल्लास्तरिय भू-उपयोग नक्सा/डाटा तयार भैसकेको छ । ५८ नगरपालिका र चितवन जिल्लाको ६ गा.वि.स. को १:१०,००० मान नापमा गाउँ विकास समिति स्तरिय भू-उपयोग नक्सा डाटा तयार भैसकेको छ ।

मुक्त कमैया पुनःस्थापना तर्फ हालसम्ममा २२,५४१ परिवारलाई जग्गा करिव १२,९३९ मुक्त कमैयालाई विभिन्न प्रकारको सीपमूलक र व्यावसायिक तालिम प्रदान गरिएको छ । मुक्त हलियाहरूको लगत संकलन गर्ने कार्य सम्पन्न गरिएको छ ।

### ३. समस्या तथा चुनौती

अधिकांश मालपोत, नापी र भूमिसुधार कार्यालयहरूको आफ्नो भवन नभएको, जनशक्तिको प्रभावकारी व्यवस्थापन हुन नसकेको र आधुनिक प्रविधिको उपयोग गर्न नसकेकोले सेवा प्रवाह, कार्यसम्पादन तथा अभिलेख व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । द्वन्दकालमा क्षतिग्रस्त भएका भवन तथा भूमि लगत अद्यावधिक हुन सकेको छैन । भू-उपयोग नक्सा/डाटा तयार गर्ने कार्यमा कृषि, वन, माटो, वातावरण लगायतका विविध विधाका दक्ष जनशक्तिको उचित व्यवस्थापन हुन सकेको छैन । एकद्वार प्रणालीवाट जग्गा प्रशासन सम्बन्धी सम्पूर्ण सेवा/सूचना उपलब्ध गराउने नीतिको कार्यान्वयन हुन

सकेको छैन । सरकारी जग्गा उपलब्ध हुन नसक्नुका साथै अव्यवस्थित वसोवासीहरूको अतिक्रमणले गर्दा मुक्त कमैया पुनःस्थापनामा कठिनाइ परेको छ । खेती योग्य जमिन टुक्रिई घडेरीको रूपमा विकसित भैरहकोले भू-उपयोग कार्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको छ । सरकारी र सार्वजनिक जग्गाको वास्तविक लगत तयार हुन नसक्दा उचित संरक्षण र व्यवस्थापन हुन सकेको छैन ।

समय सापेक्ष प्रविधिलाई उपयोग गरी भौगोलिक/भू सूचना एवं जग्गा प्रशासन/ नापनक्सा सम्बन्धी सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउने, राष्ट्र पुनसंरचनाको संघारमा रहेकोबेला उपयुक्त राष्ट्रिय भूमि नीति तथा भू-उपयोग नीतिको तर्जुमा कार्यान्वयन गर्ने तथा एकीकृत भूमि सम्बन्धी ऐन कानूनको निर्माण गर्ने, सूचना प्रविधियुक्त केन्द्रीय भू-अभिलेख प्रणालीको विकास गर्ने, GIS, Remote Sensing, GPS लगायत आधुनिक प्रविधिको उपयोग गरी स्तरीय र विश्वसनीय नक्सा, डाटा तथा भू-सूचना तयार गरी सर्वसुलभ गराउने चुनौती रहेका छन् । साथै पुनःस्थापना हुन बाँकी मुक्त कमैया परिवारलाई पुनःस्थापना गर्ने, घर जग्गाको वर्तमान मूल्याङ्कन प्रणालीमा सुधार गरी घर जग्गाको वास्तविक मूल्य कायम गर्ने र वर्तमान लिखत दर्ता प्रणालीलाई वैज्ञानिक र विश्वासनीय बनाउने चुनौती पनि छन् ।

## ४. दीर्घकालीन सोच

वैज्ञानिक भूमिसुधारको कार्यान्वयनमार्फत न्यायोचित भू-स्वामित्व तथ वैज्ञानिक भूमि व्यवस्था प्रणालीको स्थापना गरी कृषकहरूको जीवनस्तरलाई सम्वृद्ध बनाउँदै अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउने ।

## ५. उद्देश्य

१. राष्ट्रिय भूमिनीतिको माध्यमबाट सामाजिक द्वन्द न्यूनीकरण गरी शासकीय व्यवस्थालाई प्रभावकारी बनाई भूमिको वैज्ञानिक व्यवस्थापन गर्नु ।

२. भुमिको अधिकतम सदुपयोग तथा उत्पादकत्व वृद्धि गर्नकालागि जनसंख्या वातावरण र दिगो विकासको दृष्टिकोणबाट सन्तुलित रूपमा भूमिको उपयोग गर्नु ।

३. भूमि प्रशासन कार्यलाई सरल, स्वच्छ, पारदर्शी एवं वैज्ञानिक बनाई सेवा प्रवाह कार्यमा प्रभावकारिता ल्याउनु ।

## ६. रणनीति

१. राष्ट्रिय भूमि नीति तथा भू-उपयोग नीति तयार गर्ने ।

२. भूमिसुधार कार्यक्रम व्यवस्थित, प्रभावकारी र सम्वन्वयात्मक तवरबाट सञ्चालन गरी भूमिहीन र आर्थिक, सामाजिक रूपमा पछाडि परेका वर्गहरूको भूमिकामा सहज पहुच पुऱ्याउने ।

३. भूमिमा द्वैध स्वामित्वको अन्त्य गरी मोहीको भूमिमाथिको अधिकार सुनिश्चित गर्ने ।

४. भू-सूचना तथा अन्य भौगोलिक सूचनामा सर्वसाधारण जनताको पहुँचलाई बढाउन सूचना तथा प्रविधिको क्षेत्रमा भइरहेको विकासलाई उपयोग गरी प्रभावकारी एवम् दिगो भू-सूचना तथा विषयगत भौगोलिक सूचना प्रणालीको विकास गर्ने ।

५. भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई भूमि प्रशासन/व्यवस्थापन गर्ने विशिष्टीकृत निकायका रूपमा रूपान्तरण गर्न केन्द्रीय तथा स्थानीय कार्यालयहरूको संस्थागत पुनसंरचना गर्ने ।

६. निजी सरकारी, सार्वजनिक तथा गुठी जग्गाको अभिलेखको सुधार, सुरक्षा र संरक्षण गर्ने ।

७. उपयोगको आधारमा भूमिको वर्गीकरण गरी भूमिको सदुपयोग एवं व्यवस्थापन गर्ने ।

८. मुक्त कमैया र मुक्त हलियालाई पुनः स्थापना गरी आय आर्जन लगायतका क्रियाकलापहरूमा पहच पुऱ्याई गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।

९. कित्तानापी कार्यमा नविनतम प्रविधिको उपयोग गरी Digital Cadastral System को विकास गरी शुद्ध नाप जाँचमा आधारित भूमि प्रशासन खडा गर्ने ।

१०. स्थलरूप नापी कार्यमा आधुनिक प्रविधि अवलम्बन गरी प्रभावकारी रूपमा कार्य सञ्चालन गर्ने ।

११. आधुनिक प्रविधिको उपयोगद्वारा राष्ट्रिय नियन्त्रण विन्दुको सञ्जाल स्थापना, सुदृढीकरण र विस्तार गर्ने ।

## ७. कार्यनीति

१.१ राष्ट्रिय भूमिनीति तथा भू-उपयोग नीति तयार गरी उक्त नीतिसँग मेल खाने गरी विद्यमान् ऐन नियममा परिमार्जन गरिनेछ ।

१.२ कानूनद्वारा निर्देशित भू-उपयोग योजना लागु गरी भूमिको वैज्ञानिक व्यवस्थापन गरिनेछ ।

२.१ कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि भूमिहीनहरूको भूमिमा पहुँच सुनिश्चित गर्न समन्वयात्मक रूपमा भूमिसुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१ भूमिमा द्वैध स्वामित्व अन्त्य गर्न आवश्यक कार्ययोजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

३.२ प्रत्येक व्यक्तिको स्वामित्वमा रहेको जग्गाको एकीकृत विवरण तयार गर्ने कार्य अघि बढाइनेछ ।

४.१ भू-सूचना प्रणालीको विकासद्वारा भूमि तथा भू-स्वामित्व सम्बन्धी नक्सा तथा स्रेस्ताको विवरण अद्यावधिक गरी लागु गरिनेछ ।

४.२ अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन अभिलेखलाई कम्प्यूटरकृत गरिनेछ र सेवा प्रवाहमा एकरूपता ल्याउन आवश्यक कम्प्यूटर प्रणालीको विकास गरिनेछ ।

४.३ राष्ट्रिय भौगोलिक पूर्वाधार योजनालाई सुदृढ गरिनेछ ।

५.१ भूमि प्रशासन तथा व्यवस्थापनसँग सम्बन्धित निकायहरूको संगठनात्मक पुनःसंरचना गरी एकीकृत रूपमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

५.२ परम्परागत भूमि प्रशासन तथा व्यवस्थापन प्रणालीको रूपान्तरणका लागि आवश्यक आधुनिक ज्ञान र प्राविधिक क्षमतायुक्त जनशक्तिको आपूर्ति गर्न भूमिव्यवस्थापन प्रशिक्षण केन्द्रद्वारा सञ्चालित तालिमलाई विश्वविद्यालय र अन्य शैक्षिक संस्थासँग समेत समन्वय गरी प्रभावकारी बनाइनेछ ।

६.१ द्वन्दका क्रममा क्षतिग्रस्त भएका नाप नक्सा जग्गा धनी स्रेस्ता तथा भूमिको अभिलेखलाई पुनःस्थापना तथा अद्यावधिक गर्ने कार्य गरिनेछ ।

६.२ सरकारी, सार्वजनिक तथा गुठी जग्गाको अद्यावधिक विवरण तयार गरी संरक्षण गरिनेछ ।

६.३ मालपोत कार्यालयमा रहेका अभिलेखहरूको सुरक्षा गर्न मालपोत कार्यालयहरूको संस्थागत सुदृढीकरण गरिनेछ ।

७.१ भूमि उपयोग नीतिको आधारमा भूमिलाई बर्गीकरण गरी जग्गाधनी दर्ता स्रेस्ता तथा प्रमाण पूर्जामा भू-उपयोग क्षेत्र समेत उल्लेख गरिनेछ ।

७.२ अनधिकृत, अनियन्त्रित तथा अव्यवस्थित शहरीकरण र वस्ती व्यवस्थापनमा रोक लगाइनेछ ।

७.३ कृषि जमिनलाई बाँझो राख्ने तथा भूमिको खण्डीकरण गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्दै चकलाबन्दी कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

८.१ पुनःस्थापना गर्न बाँकी मुक्त कमैयाहरूको पुनःस्थापना सम्पन्न गरी उनीहरूलाई स्वरोजगार र आत्म निर्भर बनाउन सीपमूलक व्यावसायिक तालिम प्रदान गरिनेछ ।

८.२ मुक्त हलियाहरूलाई पुनःस्थापना गर्नका लागि आवश्यक पूर्वाधार (तथ्याङ्क प्रमाणीकरण, कानून निर्माण, बर्गीकरण र परिचयपत्र वितरण) तयार गरिनेछ ।

९.१ कित्तानापीको नाप नक्सा कार्यमा Digital Cadastral System एवं अन्य आधुनिक प्रविधिको उपयोग र विस्तार गरिनेछ । 3D Cadastre को अवधारणा विकास गर्न आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।

१०.१ दूर संवेदन विधीको उपयोग गरी स्थलरूप नक्सा/डाटावेश अद्यावधिक गरिनेछ ।

१०.२ नगर तथा नगरउन्मुख क्षेत्रको ठुलो माननापमा स्थलरूप नक्सा, Database र Orthophotomap तयार गरिनेछ । नाप नक्सा गर्न database तयार गर्ने तथा त्यसको प्रयोगमा सरलीकृत गर्न आवश्यकता अनुसार projection system, reference ellipsoid र co-ordinate system को विकास गरिनेछ ।

१०.३ अन्तर्राष्ट्रिय सीमा सम्बन्धी अभिलेख र सीमास्तम्भलाई द्विपक्षीय सहमति वमोजिम संभार, संरक्षण एवं अद्यावधिक गरिनेछ ।

११.१ जियोडेटिक सूचना प्रणालीको विकास र संभार गरिनेछ । राष्ट्रिय geodetic network को सुदृढीकरण र विस्तार गरिनेछ ।

११.२ आधुनिक प्रविधि अवलम्वन गरी देश सुहाउदो geoid परिभाषित गरिनेछ । GPS survey, Gravity survey, Precise levelling जस्ता विधिको मद्दतबाट प्राप्त Geodetic सूचनाको व्यवस्थापन गरी Geodetic प्रणालीको विकास र विस्तार गरिनेछ ।

११.३ Contineous GPS observation तथा Geodetic levelling द्वारा सगरमाथाको उचाई मापन, crustal movement लगायत अन्य अध्ययन अनुसन्धानको कार्य गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | त्रिवर्षीय योजनको लक्ष्य |
|---|---|---|
| १ | मालपोत कार्यालयको लागि जग्गा खरिद (कार्यालय) | ३ |
| २ | स्रेस्ता, लिखत वाइण्डिङ (मालपोत/भूमिसुधार) (कार्यालय) | ९० |
| ३ | १:१०००० माननापको गा.वि.स. स्तरिय भू-उपयोग नक्सा तयार गर्ने (जिल्ला) | ३ |
| ४ | मुक्त कमैया परिवार पुनर्स्थापन (परिवार) | ६२२९ |
| ५ | गाउँब्लक क्षेत्रको कित्ता नापी कार्य (हेक्टर) | ४००० |
| ६ | दूर संवेदन विधिबाट स्थलरूप नक्सा/डाटावेस अद्यावधिक गर्ने (सिट) | २०० |
| ७ | नगरपालिका क्षेत्रको १:५००० को माननापमा नक्सा तयार गर्ने (नगरपालिका) | ५८ |
| ८ | जियोडेटिक सर्वे, नेटवर्क सुदृढीकरण,नष्ट भएका नियन्त्रण विन्दुहरूको पुनर्स्थापन र मर्मत संभार (उच्च दर्जा) | १०० विन्दुहरू |
| ९ | भू-आकर्षण नापी गर्ने (स्थान) | ४० |
| १० | भूमि सम्बन्धी नियममा संशोधन र भू-उपयोग कार्यान्वयन निर्देशिका तयार गर्ने तथा भू-उपयोग क्षेत्र निर्धारण गर्दै ६ वटा वर्गमा भूमिको वर्गीकरण गर्ने र स्वामित्व प्रमाणपत्र जारी गर्ने (गा.वि.स.) | ७३१ |

## ९. प्रमुख कार्यक्रम

- भू-सूचना तथा अभिलेख कार्यक्रम अन्तर्गत जग्गा प्रशासनसँग सम्बन्धित मोठ स्रेस्ता र नक्सा सम्बन्धी तथ्यांङ्कहरुलाई कम्प्युटर प्रणालीमा आबद्ध गर्ने, कम्प्युटरमा आधारित भू-सूचना प्रणालीको स्थापना गर्ने, सर्वसाधारण जनतालाई एकद्वार प्रणालीवाट छिटो, छरितो, सरल र प्रभावकारी जग्गा प्रशासन सम्बन्धी सेवा/सूचना उपलब्ध गराउन कित्ता नापी फिल्डबुक स्क्यानिङ गरी सुरक्षित राख्ने, कार्यलाई निरन्तरा दिने, नापी कार्यालयहरुमा रहेको नक्साको विवरणहरुको Geo-database तयार गर्ने जस्ता कार्यहरू गरिनेछ ।
- मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम अन्तर्गत मालपोत तथा भूमिसुधार कार्यालयहरूको भवन निर्माण, कम्पाउण्डवाल निर्माण, स्रेस्ता वाइन्डिङ्ग तथा सुधार, स्रेस्ता, लिखत, मिसिल तथा अन्य कागजात सुरक्षार्थ फर्निचर तथा फर्निसिङ्ग, मेशिनरी औजारको व्यवस्था, जनशक्ति विकास, द्वन्दको क्रममा क्षतिग्रस्त भवन निर्माण/मर्मत, स्रेस्ता पुनःस्थापना जिल्लास्थित मालपोत कार्यालयहरूवाट प्रवाह गरिने सेवा/सूचनाहरूले क्षतिग्रस्त स्रेस्ता पुनःस्थापना, भू उपयोगको आधारमा जमीनको वर्गीकरण गरी स्वमित्व प्रमाणपत्र जारी गर्न नमूना परीक्षण जस्ता कार्यहरू गरिनेछ ।
- राष्ट्रिय भू-उपयोग कार्यक्रम अन्तर्गत भौगालिक विशेषता, जमीनको गुण, उर्वराशक्ति, क्षमता अनुरूप भूमिलाई वर्गीकरण गरी कृषि उत्पादन वृद्धि, विशिष्टीकरण र विविधीकरण गर्ने, जैविक विविधता संरक्षण, सम्वर्द्धन र विकास गर्ने, वातावरण र बसोबास, भौतिक पूर्वाधारबीच दिगो सन्तुलन कायम गर्ने चितवन लगायत तराईका तीन जिल्लाको विस्तृत भू-उपयोग नक्सा/डाटा ( १:१०,००० मान नाप) मा तयार गर्ने कार्यक्रम गरिनेछ ।
- भूमिसुधार कार्यक्रम, मुक्त कमैया तथा मुक्त हलिया पुनर्स्थापन कार्यक्रम अन्तर्गत कमैयाहरूलाई पुनःस्थापना गर्न र सीपमूलक एवं व्यावसायिक तालिम प्रदान गरी स्वरोजगार र आत्मनिर्भर बनाउने मुक्त घोषणा गरिएका हलिया परिवारहरूको पुनःस्थापना गर्न, प्राप्त तथ्यांकको प्रमाणीकरण, परिचय पत्र वितरण र पुनःस्थापना गर्ने पुनःस्थापना गर्न बाँकी रहेका मुक्त कमैयाको पुनःस्थापना सम्पन्न गर्ने र हलियासम्बन्धी कानून निर्माण, वर्गीकरण, परिचयपत्र वितरण र पुनर्स्थापन कार्य शुरू गरिनेछ ।
- भूमि व्यवस्थापन प्रशिक्षण कार्यक्रम अन्तर्गत विभागीय जनशक्तिहरूको दक्षता अभिवृद्धि तथा क्षमता विकासका लागि सिनियर, जुनियर र आधारभूत नापी तालिम तथा अन्य विशेष प्रकारका छोटो

अवधिका तालिमहरू जस्तै: GIS, Numerical cadastral, Remote Serving, Digital Mapping जस्ता तालिमहरू सञ्चालन गर्ने । काठमाडौं विश्व विद्यालयसँगको सहकार्यमा BE in Geomatics Engineering लाई कोर्षको सञ्चालन र निरन्तरता दिने र Geomatrics Engineerig का Diploma र Post Graduate Cource, Master's Degree in Land Administration कोर्स सञ्चालन गर्न पूर्वाधार विकास गर्ने ।

- ❖ कित्तानापी कार्यक्रम अन्तर्गत नाप नक्सा हुन बाँकी रहेका जिल्ला र गाउँब्लक क्षेत्रको कित्तानापी सञ्चालन गर्ने, पुन: नापीको नमूनाको रूपमा सञ्चालन गरिएको डिजिटल नापी कार्यक्रमलाई विस्तार गरी कित्तानापी गर्ने, द्वन्दबाट क्षति भएको जिल्लाको भूमि लगत पुनर्स्थापन गर्न आधुनिक प्रविधि अवलम्वन गरी कित्तानापी सञ्चालन गर्ने, भवन निर्माण लगायत आवश्यक भौतिक पूर्वाधार तथा स्रोत साधनहरूको व्यवस्था गर्ने, उपयोगको आधारमा जग्गाको वर्गीकरण गरी उपयोगको आधारमा स्वामित्वको प्रमाण पत्र दिने जस्ता कार्यहरू गरिनेछ ।
- ❖ स्थलरूप नापी कार्यक्रम अन्तर्गत विभिन्न मान नापमा देशको आधारभूत स्थलरूप नक्सा, प्रशासनिक तथा थिम्याटिक नक्साहरू, विभिन्न प्रकारका भौगोलिक सूचनाहरूको उत्पादन गरी सुरक्षा एवं विकास निर्माणका लागि सर्वसुलभ रूपमा सेवा सूचना उपलब्ध गराउने अन्य निकायहरूवाट तयार गरिएका भौगोलिक सूचनाहरूलाई महत्तम ढंगले प्रयोग गर्ने, नगर तथा नगरोन्मुख क्षेत्रको १:५,००० को माननापमा स्थलरूप डाटा तयार गर्ने तथा १:२५,००० को माननापमा तयार गरिएको स्थलरूप आधार नक्सालाई अद्यावधिक गर्ने, नाप नक्सा तथा भौगोलिक सूचना उत्पादनको क्षेत्रमा काम गर्ने अन्य निकायहरूसँग समेत समन्वय गरी तयार गरिएका नक्सा तथा भौगोलिक सूचनाहरूको मेटाडाटा प्रकाशन गर्न उपयुक्त प्रणालीको विकास तथा विस्तार गर्ने, राष्ट्रिय एट्लस तयार गर्ने, संगठनात्मक सुधार, भौतिक पूर्वाधार, हार्डवेयर, सफ्टवेयरको व्यवस्था र पेशागत विकासका लागि उचित उपायहरूको खोजी गर्ने, नाप नक्साको लागि देश सुहाउँदो रिफरेन्स प्रणाली, प्रक्षेपण प्रणाली तथा नियामक प्रणाली विकास गर्ने जस्ता कार्यहरू गरिनेछ ।
- ❖ खगोल तथा भू-मापन कार्यक्रम यस कार्यक्रम अन्तर्गत नाप नक्सा, विभिन्न पूर्वाधार विकास निर्माण तथा भौगोलिक अध्ययनको लागि आवश्यक पर्ने आधार नियन्त्रण विन्दूहरूको राष्ट्रिय सञ्जाल स्थापना गर्ने, स्थापना गरिएका विन्दूहरूको नियामक संगणना गरी अद्यावधिक गर्ने, स्थापना गरिएका नियन्त्रण विन्दुहरूको संभार एवम् संरक्षण गर्ने, नएक आधार संरचना तयार गरी सर्भेक्षण गर्ने, नियन्त्रण विन्दूहरूको स्थापित सञ्जाललाई सुदृढीकरण गर्ने, स्थापित नियन्त्रण विन्दूहरूको मर्मत संभार गर्ने, नाप नक्साको लागि आवश्यक पर्ने भू-आकर्षण नापी र समतलन नापी सञ्चालन गर्ने तथा देश सुहाउँदो जिओइड परिभाषित गर्ने, जियोडेटिक डाटाहरूको समुचित व्यवस्थापन गरी सर्वसुलभ बनाउने, सगरमाथाको उचाई मापन/अध्ययन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने, उपयोगको आधारमा भूमिको वर्गीकरण गरी स्वामित्व प्रमाणपत्र जारी गर्ने कार्यक्रम भूमि वर्गीकरण पद्धतिलाई परिमार्जन, भू-उपयोग नीति तर्जुमा, भूमि सम्बन्धी नियममा परिमार्जन, भू-उपयोग कार्यान्वयन निर्देशिका तयार गर्ने लगायतका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

तालिम प्राप्त जनशक्तिहरूको आपूर्ति व्यवस्था सुदृढ बनाउन भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रलाई व्यावसायिक संस्थाको रूपमा विकास गरिनेछ । नापनक्सा कार्य सरल र प्रभावकारी बनाउन उपयुक्त नवीनतम प्रविधिको प्रयोग गरिनेछ । जग्गा प्रशासनलाई समयानुकूल व्यवस्थित र प्रभावकारी बनाउन यस सम्बन्धी सेवा सूचनालाई गुणस्तरिय, पारदर्शी, छिटो र छरितो बनाउन भू-सुचना प्रणालीको कार्यान्वयनमा जोड दिइनेछ । भूमिको उपयोगको आधारमा भूमिको वर्गीकरण गरी भू-स्वामित्वको प्रमाण उपलब्ध गराउने, Piloting गर्न नापी विभाग, भूमिसुधार तथा व्यवस्थापन विभाग र भू-उपयोग आयोजनाको एकीकृत समन्वयात्मक संयन्त्र निर्माण गरिनेछ ।

### ११. अनुगमन तथा मूल्याङ्कन

मन्त्रालयको विभागीय स्तरमा प्रभावकारी संयुक्त अनुगमन संयन्त्र स्थापना गरी नियमित र निरन्तर रूपमा विभाग तथा अन्तर्गतका विभाग, आयोजना तथा कार्यालयहरूबाट हुने सेवा प्रवाह तथा सम्पादित कार्यहरूको आवश्यक स्रोत साधनको व्यवस्था गरी निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था गरिनेछ । विभाग/आयोजनाहरूले आ-आफ्नो कार्यतालिका तयार गरी सो को आधारमा स्थलगत निरीक्षण अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. राष्ट्रिय भूमि नीति तथा भू-उपयोगको नीति तयार हुनेछ ।

२. भूमि प्रशासन तथा व्यवस्थापन सम्बन्धी सेवा एकीकृत रूपमा प्रदान गर्न व्यवस्था हुनेछ ।

३. द्वैध स्वामित्व अन्त सम्बन्धमा परेका निवेदनहरूको फछ्र्यौट कार्य सम्पन्न भई जग्गाधनी र मोहीको विचमा जग्गाको बाँडफाँड भएको हुनेछ ।

४. पुनःस्थापना गर्न बाँकी ६,२२९ कमैयाहरूको पुनःस्थापना भएको हुनेछ । सट्टाभर्ना दिनुपर्ने करिव १२०० परिवारलाई सट्टा भर्ना दिने कार्य सम्पन्न हुनेछ ।

५. देशको सानो माननापमा भौगोलिक नक्साको Digital Database तयार हुनेछ ।

६. भू-सूचना प्रणालीमा आधारित सेवा प्रवाहको शुरूवात भएको हुनेछ ।

७. नगर तथा नगर उन्मुख क्षेत्रको ठूलो मान नापमा स्थलरूप नक्सा, Database तयार भएको हुनेछ ।

८. नष्ट भएका नियन्त्रण विन्दुको पुनर्स्थापन र मर्मत संभार गरिनेछ ।

९. देश सुहाउँदो Geoid परिभाषित हुनेछ ।

## ४.२२ उद्योग

### १. पृष्ठभूमि

मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधारस्तम्भको रूपमा औद्योगिक विकास रहेको हुन्छ । कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै विद्यमान् बेरोजगारी, अर्ध बेरोजगारी तथा गरीबी कम गर्न औद्योगीकरणको महत्त्वपूर्ण भूमिका रहन्छ । ग्रामीण क्षेत्रमा कृषि एवं स्थानीय साधन स्रोतमा आधारित उद्योग तथा शहरी क्षेत्रमा औद्योगिक क्षेत्रहरूको स्थापना र विकास गरी राष्ट्रको औद्योगिकरणमा टेवा पुऱ्याउनु आजको प्रमुख आवश्यकता रहेको छ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, स्रोत साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनको मार्ग प्रशस्त गर्ने, औद्योगिक क्षेत्रमा निजी स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधार निर्माण गर्दै लैजाने, निर्यात प्रबर्द्धन मा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरूको प्रबर्द्धनको माध्यमबाट गरीबी न्यूनीकरण गर्नेतर्फ योजनाको जोड रहनेछ ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनाले लघु, घरेलु तथा साना उद्योगहरूको माध्यमबाट गरीबी निवारणमा सहयोग पुऱ्याउन निजी क्षेत्रसँगको साझेदारीमा उत्पादन वृद्धि गरी राष्ट्रिय आयमा वृद्धि गर्ने, नेपाललाई सुरक्षित आकर्षक र वातावरण मैत्री लगानीस्थलको रूपमा विकास गर्ने लक्ष्यहरू अघि सारेको थियो ।

सरकारी निजी साझेदारीको अवधारणा अनुरूप औद्योगिक समस्याहरूको समाधान गर्दै लैजाने उद्देश्यले नेपाल व्यवसाय मञ्चको गठन गरिएको छ । ग्रामीण क्षेत्रमा गरीबी र बेरोजगारी समस्या समाधान गर्ने

उद्देश्यले सञ्चालित लघु उद्यम विकास कार्यक्रमलाई क्रमशः ३६ जिल्लामा विस्तार गरिएको छ। सेती र कर्णाली अञ्चल लगायत अन्य दुर्गम र सीमान्तकृत क्षेत्रहरूलाई समेटेको यस कार्यक्रमले हालसम्म ४७०००भन्दा बढी लघु उद्यमी तयार गरि सकेको छ। विशेष आर्थिक क्षेत्रतर्फ भैरहवामा विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माणका कार्यहरू अन्तिम चरणमा पुगेको छ भने सिमरामा प्रारम्भिक कार्यहरू भइरहेका छन्। नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय स्तरसम्म गुणस्तर कायम गरी प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न गुणस्तर ऐन तथा प्रमाणीकरण बोर्ड गठन गर्ने सम्बन्धी ऐनको मस्यौदा तयार भैसकेको छ। मुलुकमा बढ्दै गइरहेको सिमेन्टको मागलाई आपूर्ति गर्न, लगानी गर्ने अनुकूल वातावरण तयार गरी सम्भाव्य सिमेन्ट उद्योग स्थापना स्थलसम्म औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पहुँच सडक निर्माण र विद्युत् प्रसारण लाइन विस्तार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ। यसै गरी खानी तथा भूगर्भ विभागले सुर्खेत चुनढुंगा खानी, काठमाडौं प्राकृतिक ग्यास, कालिटार तामा खानी, गान्धारी (दाङ) चुनढुंगा खानी, फुल्चोकी फलाम खानी, डडेल्धुरा तामा खानी लगायतका खानी क्षेत्रहरूको विकास गर्ने कार्य गर्दै आएको छ।

## ३. समस्या तथा चुनौती

औद्योगिक सुरक्षाको प्रत्याभूतिको कमी, आन्तरिक एवं बाह्य लगानी आकर्षित गर्न नसकिनु, लगानी अनुकूल वातावरण सिर्जनामा कमी, दक्ष जनशक्तिको अभाव, निर्यातयोग्य वस्तुहरूको विविधीकरण गर्न नसकिनु, नयाँ प्रविधि भित्र्याउने साथै प्रविधि ग्रहण गर्ने क्षमतामा कमी, विद्युत् आपूर्तिमा समस्या, औद्योगिक-मैत्री श्रम नीति लागू गर्न नसकिनु, व्यवसायी तथा श्रमिकबीच अविश्वास र असमझदारीको वातावरण सिर्जना हुनु, ग्रामीण औद्योगिक पूर्वाधार तथा लघु उद्यमीहरूको लघु वित्तमा पहुँचमा कमी र बजारसँगको कमजोर अग्रसम्बन्ध आदि समस्याहरू यस क्षेत्रमा रहेका छन्।

विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सिर्जना गर्दै ल्याएको तीव्र प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु पर्ने, नेपालको विश्वव्यापार संगठन तथा विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थामा भएको प्रवेशले सृजना गरेको दायित्व पूरा गर्नुपर्ने, अवसरहरूको उपयोग गर्नुपर्ने, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकाससँग आत्मसात् गर्नसक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने विषयहरू औद्योगिक क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

## ४. दीर्घकालीन सोच

विश्व अर्थतन्त्रसंग प्रतिस्पर्धा गर्न सक्ने बृहत् आधारसहितको उच्च एवम् दिगो वृद्धिदर भएको औद्योगिक वातावरण सिर्जना गर्ने।

## ५. उद्देश्य

१. गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवं उत्पादकत्व अभिवृद्धिबाट औद्योगिक वस्तुको निर्यात बढाई राष्ट्रिय आय वृद्धि तथा रोजगारीको अवसर बढाउने।
२. औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सबल लगानीको आधार खडा गरी स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्दै लैजाने।
३. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालनमा जोड दिइ सन्तुलित क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने।
४. लघु उद्यमको माध्यमबाट पिछडिएका गरिब लक्षित समूहमा उद्यमशीलता सिर्जना गरी अर्थपूर्ण स्वरोजगारी सिर्जना गर्न जोड दिने।

## ६. रणनीति

१. देशमा सञ्चालन हुने साना, मझौला तथा ठूला उद्योगहरूलाई आवश्यक भौतिक पूर्वाधार तथा नीतिहरूको निर्माण र कार्यान्वयनमा जोड दिने ।

२. कृषिजन्य, गैरकाष्ठ, वन तथा अन्य प्राकृतिक स्रोत एवं परम्परागत सीपको उपयोग र लघुवित्त संस्थाहरूसँगको सम्पर्कको विकास तथा बजारसंगको सम्बन्ध विस्तार गरी गरीब तथा पिछडिएका वर्ग, द्वन्दपीडित समूहलाई समेत लक्षित गरी लघु उद्यमलाई राष्ट्रिय स्तरमा विस्तार गर्ने ।

३. उद्योग व्यवसायलाई सक्षम, प्रतिस्पर्धी बनाई अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउन उपयुक्त साधन स्रोतमा पहुँच, सहुलियतको साथै आवश्यक उत्पादन सामग्री, ऊर्जा, पूर्वाधार र सेवा पुऱ्याउने तथा आवश्यक नीतिगत सुधार गरी लगानीको वातावरण सुदृढ गर्ने ।

४. वैदेशिक लगानी संरक्षण, विविधीकरण र प्रबर्द्धन गर्न गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्ने ।

## ७. कार्यनीति

१.१ बौद्धिक सम्पत्तिको अधिकारको प्रणालीगत व्यवस्था गर्न बौद्धिक सम्पत्ति प्राधिकरणको स्थापना गरिनेछ ।

१.२ औद्योगिक विकासका लागि आवश्यक जनशक्तिको उत्पादन तथा क्षमता विकास गर्न विद्यमान् विभिन्न प्रशिक्षण केन्द्रहरूलाई एकीकरण गरी छुट्टै कानुन अन्तर्गत औद्योगिक जनशक्ति विकास प्रतिष्ठानको स्थापना गरिनेछ ।

१.३ औद्योगिक क्षेत्रहरूको व्यवस्थापनमा सुधार ल्याई औद्योगिक क्षेत्रमा स्थापित उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न हालको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई छुट्टै कानुनद्वारा राष्ट्रिय स्तरको औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरणको रूपमा विकास गरिनेछ ।

१.४ उत्पादकत्व अभिवृद्धिका लागि अनुसन्धान, परामर्श, प्रशिक्षण तथा क्षमता विकासका कार्य गर्ने गरी हालको राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत सुदृढीकरण गरिनेछ ।

१.५ कानूनद्वारा प्रदत्त सुविधा, सहुलियत तथा पूर्वाधार सेवा समयमै बिना झन्झट एकै थलोबाट उद्योगलाई उपलब्ध गराउन छुट्टै एकल बिन्दु सेवा केन्द्रको गठन गरिनेछ ।

१.६ सुदृढ औद्योगिक सम्बन्धलाई उद्योग विकासको प्रबल आधार मानी उत्पादकत्व वृद्धि गर्न लचिलो श्रमनीति बनाई रोजगारदाता र श्रमिक बीचको सम्बन्धलाई सुमधुर बनाउने तथा थप रोजगारी सिर्जना गरी त्यसलाई सुनिश्चितता प्रदान गर्ने उद्देश्यले कार्यरत कामदारहरूको सामाजिक सुरक्षा सम्बन्धी विश्वव्यापी अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

१.७ उत्पादन प्रक्रियामा अग्र एवं पृष्ठ सम्बन्ध बढाउन सहयोग पुग्ने गरी उत्पादनमूलक उद्योगहरूमा करार, करार खेती, कृषिमा आधारित उद्योगको श्रृङ्खला निर्माण एवं अन्तर्सम्बन्धित उद्योगको कारोवार समेतका व्यवस्थापकीय विकल्पहरूको अवलम्वन गरिनेछ ।

२.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रबर्द्धन, विकास विस्तारलाई योगदान दिन आवश्यक कानुनी व्यवस्था गरी संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गरिनेछ ।

२.२ ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरूको विकासमा टेवा पुऱ्याउन सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योगग्राम स्थापना गरी औद्योगिक केन्द्रहरूको विकास गरिनेछ ।

२.३ लघु उद्यम विकास कार्यक्रमलाई आन्तरिकीकरण तथा विस्तार गर्दै लगिनेछ ।

२.४ लघु उद्यम विकासलाई देशभर लागु गर्न कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायहरूको समन्वय तथा क्षमता विकास गर्दै लैंगिक सन्तुलन, समावेशीकरण, द्वन्दपीडित परिवारका युवाहरूको संलग्नतामा जोड दिइनेछ ।

२.५ उपयुक्त प्रविधिको पहुँच तथा मूल्य श्रृंखला सम्बन्ध विकासको आधारमा लक्षित समूहका लघुउद्यमको स्तर वृद्धि गरिनेछ ।

२.६ लघु तथा साना उद्योगको क्षेत्रमा उत्पादकत्व अभिवृद्धि गर्न सम्वन्धित निकायको सक्रिय सहभागितामा अध्ययन, अनुसन्धान तथा परामर्शका माध्यमबाट संस्थागत तथा कार्यगत व्यवस्थामा आधुनिकीकरण गरिनेछ ।

२.७ घरेलु तथा साना उद्योग विकास समितिलाई लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रबर्द्धन, विकास विस्तारका लागि गठन गरिने लघु उद्यम, घरेलु तथा साना उद्योग प्रबर्द्धन बोर्ड को संरचनाभित्र समाहित गरिनेछ ।

२.८ उद्योग व्यवसायमा सिर्जनशील युवा प्रतिभालाई आकर्षित गर्न औद्योगिक सीप, उद्यमशीलता विकास तथा कुशल औद्योगिक व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका क्रियाकलापलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।

२.९ लघु उद्यम, घरेलु तथा साना उद्योग कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।

३.१ विशेष आर्थिक क्षेत्रको स्थापना, पूर्वाधार संरचनाको विकास, व्यवस्थापन सञ्चालनमा पूर्ण सरकारी स्तरमा वा सार्वजनिक निजी सहकार्यमा वा पूर्णरूपमा निजी क्षेत्रले समेत गर्न सक्ने गरी कानुनी तथा  संस्थागत व्यवस्था गरिनेछ ।

३.२ निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग, प्राथमिकताप्राप्त उद्योग, अति अविकसित, अविकसित, कम विकसित क्षेत्रमा स्थापित उद्योगहरूलाई प्रोत्साहनस्वरूप थप सुविधा एवं सहुलियत उपलब्ध गराइनेछ ।

३.३ आफ्नै प्रयासमा वातावरण मैत्री प्रविधि एवम् ऊर्जा वचत गर्ने उद्योगहरूलाई प्राविधिक आर्थिक सहयोग पुर्‍याइनेछ ।

३.४ समष्टिगत आर्थिक नीति, राजस्व नीति, स्थानीय कर अन्य क्षेत्रगत नीति निर्माण तथा परिमार्जन गर्दा औद्योगिक नीतिसँग प्रतिकूल नहुने पद्धति अवलम्वन गर्ने र उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउँदा बहुपक्षीय एवम् क्षेत्रीय संझौताका प्रावधानसँग सामञ्जस्यता कायम गर्ने कार्य गरिनेछ ।

३.५ औद्यौगिक सुरक्षा वल गठन गरी प्रभावकारी ढंगले परिचालन गर्दै लगिनेछ ।

३.६ रूग्ण उद्योगको पहिचान, पुनरूत्थान तथा पुनर्निमाण गर्न कानुनमा आवश्यक व्यवस्था गरिनेछ ।

३.७ निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी प्रबर्द्धन कोष, प्रविधि विकास कोष, लघु उद्यम विकास कोष, रूग्ण उद्योग पुनरूत्थान कोष र गैर व्यावसायिक/गैर व्यापारिक जोखिमको क्षतिपूर्ति दिन औद्योगिक लगानी संरक्षण कोष को स्थापना तथा सञ्चालन गरिनेछ ।

३.८ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने उद्योगलाई प्रोत्साहन दिइनेछ ।

३.९ निजी र सरकारी क्षेत्रबीच सुमधुर सम्बन्ध बनाई लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।

४.१ वैदेशिक लगानी संरक्षण, विविधीकरण प्रबर्द्धन गर्न गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

४.२ नेपालमा बढि वैदेशिक लगानी गर्ने मुलुकस्थित नेपाली दूतावास तथा नियोगमा आवश्यकतानुसार औद्योगिक लगानी प्रबर्द्धन एकाइ गठन गर्दै लगिनेछ ।

४.३ गरीबीको रेखामुनि रहेको तथा पिछडिएका क्षेत्र एवं वर्गको सामाजिक सुरक्षा, अत्यावश्यक वस्तुको सेवा आपूर्तिका लागि अपनाइने सकारात्मक विभेद बाहेक स्वदेशी विदेशी लगानीबीच फरक व्यवहार गरिनेछैन ।

४.४ गैर आवासीय नेपाली सम्बन्धी प्रचलित व्यवस्थाले प्रत्याभूत गरेका सुविधा तथा सहुलियतमा कटौती हुने गरी नीति परिवर्तन नगर्ने नीति लिई गैर आवासीय नेपाली र नेपालीमूलका विदेशीले नेपालमा गरेको लगानीलाई विदेशी लगानी सरहको व्यवहार एवं सुविधा उपलब्ध गराइनेछ ।

४.५ उत्पादनशील स्वरोजगारी सृजना गर्नका लागि पिछडिएका गरिब लक्षित समूहका लागि प्रशिक्षण तथा आर्थिक टेवा दिन विशेष कोष खडा गरिनेछ ।

४.६ गरीबी निवारण सम्वन्धी लक्षित कार्यक्रम, सहभागी छनौटमा समावेशीकरण सुनिश्चत गर्न सरोकारवालाहरूसमेतको समन्वयमा संयन्त्र बनाइनेछ ।

४.७ अति विपन्न वर्ग र सामाजिकरूपमा वहिष्कृत वर्ग र समूहलाई लक्षित गरी लघु तथा घरेलु उद्योग कार्यक्रम सञ्चालन गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

नयाँ औद्योगिक नीति, २०६७ अनुकूल संस्थागत/संगठनात्मक सुधार र ऐन, नियम, कार्यविधिहरू निर्माण, परिमार्जन, संशोधन गर्ने, कम्पनी प्रशासनलाई सरल र सहज बनाउने र विकेन्द्रित गर्ने, लघु उद्यम विकास कार्यक्रमलाई विस्तार गर्ने, र सीप तथा क्षमता विकास, उद्यमशीलता विकास, व्यवस्थापकीय क्षमता विकास गर्ने जस्ता कार्यक्रमहरू प्राथमिकताका साथ अघि बढाइनेछ । औद्योगिक पूर्वाधार विकास कार्यक्रम, विशेष आर्थिक क्षेत्र विकास कार्यक्रम, विशेष आर्थिक क्षेत्र पूर्वाधार निर्माणका कार्यहरूलाई निरन्तरता दिइनेछ । पेट्रोलियमलगायत खानीजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमहरू, गुणस्तर प्रमाण चिन्ह प्रदान गर्ने तथा उद्योग, संघ संस्थाहरूलाई व्यवस्थापन पद्धतिको प्रमाणपत्र जारी गर्न कानूनी व्यवस्था गर्नुका साथै गुणस्तर सम्बन्धी प्रयोगशालाहरूको स्थापना लगायतका कार्यहरू गरिनेछन् । उपयुक्त स्थानहरूमा औद्योगिक ग्राम तथा हस्तकला ग्रामहरू स्थापना गर्ने, विद्यमान् औद्योगिक क्षेत्रहरूको विस्तार एवं सुदृढीकरण गर्ने, नयाँ औद्योगिक क्षेत्र स्थापना गर्ने, अव्यवस्थित रूपले स्थापित उद्योगहरूको व्यवस्थापन र यस्ता उद्योगहरूबाट वातावरणमा परेको असरको अनुगमन गर्ने, महिला उद्यमी/व्यवसायिहरूको व्यावसायिक क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने औद्योगिक तथ्याङ्कलाई व्यवस्थित गर्ने र रूग्ण उद्योगहरूको पुनःस्थापना तथा व्यवस्थापनका गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

## ९. कार्यान्वयन व्यवस्था

औद्योगिक नीति, २०६७ ले व्यवस्था गरेका संगठनात्मक/संरचनात्मक सुधारका कार्यहरू सहितको कार्ययोजना कार्यान्वयन गर्दै लैजाने, नयाँ संगठन निर्माण लगायत भैरहेका संगठनहरूको पुनःसंरचना गर्ने, लगानी बोर्ड, औद्योगिक प्रबर्द्धन बोर्ड, औद्योगिक जनशक्ति विकास प्रतिष्ठान, औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण, राष्ट्रिय उत्पादकत्व केन्द्र, एकल विन्दु सेवा केन्द्र, बौद्धिक सम्पत्ति संरक्षण प्राधिकरण, राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रबर्द्धन बोर्ड आदि संगठनात्मक व्यवस्था गर्ने, विशेष आर्थिक क्षेत्रलाई कार्यान्वयनमा ल्याउन विशेष आर्थिक क्षेत्र ऐन स्वीकृत नभएसम्मका लागि विकास समिति गठन गरी कार्यान्वयन गर्ने ।

## १०. अपेक्षित उपलब्धि

१. ठूला, मझौला, घरेलु तथा साना एवं लघु उद्योग स्थापना तथा सञ्चालनद्वारा वार्षिक ५० हजारका दरले १ लाख ५० हजार रोजगारी सिर्जना हुनेछ ।

२. औद्योगिक क्षेत्रमा आधुनिक प्रविधिको अधिकतम प्रयोग, उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार हुनेछ ।

३. गुणस्तरीय वस्तुहरू उत्पादन भइ निर्यात बढ्ने र व्यापार घाटा कम हुनेछ ।

४. गरीबी न्यूनीकरणमा सहयोग पुग्नेछ ।

## ४.२३ वाणिज्य

### १. पृष्ठभूमि

आय तथा रोजगारीको अवसरमा वृद्धि, स्थानीय उत्पादनको प्रबर्द्धन एवं व्यवसायीकरण, स्थानीय श्रमशक्ति र सीपको संरक्षण र परिचालन, कृषि एवं उद्योग क्षेत्रको समानान्तर विकास, अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु र सेवाको पहिचान, पँहुच र विस्तार जस्ता विविध पक्षमा यस क्षेत्रबाट महत्त्वपूर्ण योगदान पुग्ने हुँदा व्यापारलाई आर्थिक विकासको महत्त्वपूर्ण अंगको रूपमा लिइन्छ। तर व्यापार क्षेत्रको राष्ट्रिय अर्थतन्त्रमा मूलप्रवाहीकरण हुन सकेको छैन। नेपालको वैदेशिक व्यापारमा आयातको तुलनामा निर्यात कम भइ हरेक वर्ष व्यापार घाटा बढ्दै गएको र यसले शोधनान्तर स्थितिमा समेत प्रतिकूलता ल्याएको छ। यस परिप्रेक्ष्यमा व्यापारलाई आर्थिक विकासको संवाहकका रूपमा राष्ट्रिय अर्थतन्त्र र विकास योजनामा मूलप्रवाहीकरण गर्दै स्वदेशी उत्पादनलाई विश्व बजारमा गुणस्तरीय र प्रतिस्पर्धी बनाई निकासी व्यापार निर्देशित आर्थिक वृद्धि हासिल गर्ने तर्फ प्रयासहरू केन्द्रित हुनुपर्ने देखिन्छ।

### २. अद्यावधिक स्थिति

व्यापार क्षेत्रलाई उदार, प्रतिस्पर्धी र बजारोन्मुख बनाउने उद्देश्यले जारी गरिएको वाणिज्य निति, २०४९ को कार्यान्वयनबाट महत्त्वपूर्ण संरचनागत एवं नीतिगत परिवर्तन भइ अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका विस्तार भएको छ। विश्व व्यापार संगठनमा प्रवेश, साफ्टा र बिमस्टेक जस्ता क्षेत्रीय व्यापार प्रणालीहरूसँगको आबद्धता, द्विपक्षीय स्वतन्त्र व्यापार क्षेत्रको विस्तार एवं व्यापार प्रक्रिया सहजीकरणको सन्दर्भमा वाणिज्यलगायत प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण, वित्तीय कारोवार, कम्पनी सञ्चालन, भन्सारसम्बन्धित ऐनहरू, नीति था नियमहरू कार्यान्वयनमा रहेको छ। नेपाल-भारतबीच २०६६ कार्तिकमा नयाँ वाणिज्य सन्धि तथा अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौताले नेपाललाई व्यापारिक प्रयोजनका लागि थप ५ वटा नाकाहरू उपलब्ध गराएको छ। साफ्टा र विमस्टेक जस्ता संयन्त्रहरू मार्फत क्षेत्रीय स्तरमा व्यापारलाई थप प्रबर्द्धन गर्न विभिन्न प्रयासहरू भइरहेका छन्।

वीरगञ्ज, भैरहवा र विराटनगरमा सुख्खा बन्दरगाहसञ्चालनमा आइसकेका छन् भने काँकडभिट्टामा निर्माण कार्य सम्पन्न भएको छ। यस अतिरिक्त तातोपानी, कृष्णनगर लगायतका प्रमुख भन्सार नाकाहरूमा सुख्खा बन्दरगाह निर्माणका लागि सम्भव्यता अध्ययन, जग्गा अधिग्रहण लगायतका कार्यहरू भइरहेका छन्। अन्तर्राष्ट्रिय बजारमा प्रमुख नेपाली वस्तुहरूको निर्यात प्रबर्द्धन गर्ने उद्देश्यले पश्मिना ट्रेडमार्क दर्ता सम्बन्धमा जापान, अष्ट्रेलिया, नर्वे र यूरोपियन मुलुकहरूमा नेपाली पश्मिनाको सामूहिक ट्रेडमार्क दर्ता गर्ने कार्य सम्पन्न भएको छ भने अन्य ८ वटा मुलुकमा दर्ताको प्रक्रियामा रहेको छ।

त्रिवर्षीय अन्तरिम योजना अवधिमा व्यापार घाटा ठुलो परिमाणमा बढ्दै गई भुक्तानी सन्तुलनमा समेत प्रतिकूल प्रभाव सिर्जना हुन पुगेको छ। आर्थिक वर्ष २०६६/६७ मा देशको कूल निर्यात रू.६१ अर्ब र आयात रू.३७६.५ अर्ब रहन गई आयात-निर्यात अनुपात झन्डै ६:१ हुन पुगेको छ। व्यापार घाटा बढ्दै गई रू.३१५.५ अर्ब हुन पुगेको छ। व्यापार घाटाको अंश बढ्दै गई कूल गार्हस्थ उत्पादन (वर्तमान मूल्य) को झन्डै २६.६ प्रतिशत हुन पुगेको छ। यसबाट आगामी दिनमा व्यापारक्षेत्रको विकासलाई विशेष जोड दिइ प्राथमिकताका साथ अघि बढाउनुपर्ने देखिन्छ।

### ३. समस्या तथा चुनौती

शान्ति सुरक्षाको कमजोर अवस्था, असहज श्रम सम्बन्ध र ऊर्जाको न्यून उपलब्धता, लगानी एवं व्यापार-मैत्री वातावरणको कमी, निकासीजन्य उद्योगहरूलाई उत्पादनमूलक अन्य आर्थिक क्षेत्रहरू (कृषि, वन, पर्यटन आदि) सँग एकीकृत गर्न नसक्नु, अधिकांश निर्यातयोग्य वस्तुहरू आयातीत कच्चा पदार्थमा आधारित हुनु, पर्याप्त मात्रामा भौतिक पूर्वाधारको विकास गर्न नसक्नु एवं भएका पूर्वाधारहरू पनि पूर्ण उपयोगमा आउन नसक्नु, प्रमुख निकासीजन्य उत्पादनहरूको गुणस्तर कम हुनु, निकासी प्रबर्द्धनका लागि विशेष वस्तु (Niche Product) को स्पष्ट पहिचान हुन नसक्नु जस्ता प्रमुख समस्याहरू यस क्षेत्रमा रहेका छन्।

निकासीजन्य उत्पादनमा निश्चित गुणस्तर कायम गर्दै अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको साख गिर्न नदिइ विश्वसनीयता आर्जन गर्ने, तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका निकासीयोग्य उत्पादनहरूको अग्र र पृष्ठ सम्बन्ध सुदृढ गर्ने, उत्पादनको विकास, विविधीकरण र गुणस्तर वृद्धि गर्ने, छिमेकी मुलुकहरूसँग कारोवार लागत घटाई निकासी प्रबर्द्धन गर्ने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

विश्वव्यापीकरण र आर्थिक उदारीकरणबाट सिर्जित अवसर र चुनौतीहरूलाई उचित सम्बोधन गर्दै व्यापारलाई राष्ट्रिय विकास नीतिमा मूलप्रवाहीकरण गरी उदार, प्रतिस्पर्धात्मक र समावेशी वाणिज्य क्षेत्रको विकासमार्फत गरीबी न्यूनीकरण र आर्थिक विकासमा टेवा पुऱ्याउने ।

## ५. उद्देश्य

१. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रबर्द्धन गरी आय र रोजगारीका अवसरलाई विस्तार गर्ने ।

२. निजी तथा सरकारी क्षेत्रको सहभागितामा तुलनात्मक लाभका नयाँ नयाँ वस्तु तथा सेवाहरूको पहिचान विकास गरी आन्तरिक तथा बाह्य बजारमा मूल्य तथा गुणस्तरलाई प्रतिस्पर्धात्मक बनाई वस्तु तथा सेवा व्यापारबाट अधिकतम लाभ प्राप्त गर्ने ।

३. स्थानीय कच्चापदार्थ, स्रोत साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रंवर्द्धन गरी वाणिज्य क्षेत्रका क्रियाकलापबाट प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्दै गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।

## ६. रणनीति

१. व्यापारलाई राष्ट्रिय अर्थतन्त्रको एउटा महत्त्वपूर्ण संवाहक क्षेत्रको रुपमा विकास गर्दै अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने तुल्याउने ।

२. वस्तु तथा सेवाको निर्यातजन्य क्षमता अभिवृद्धि गर्न उत्पादन र उत्पादकत्वमा मूल्यअभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने तथा सो प्राप्त गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने ।

३. पहिचान भएका निर्यातजन्य वस्तुको प्रबर्द्धन, बजारीकरण र मूल्य श्रृंखला स्थापनामा उच्च जोड दिँदै नयाँ निर्यातयोग्य वस्तु तथा सेवाको पहिचान तथा विकास गरी निर्यात प्रबर्द्धन गर्ने ।

४. निर्यात अभिवृद्धि, आयात प्रतिस्थापन तथा व्यापार विविधीकरण गर्न आवश्यक पूर्वाधार तथा संस्थागत क्षमताको सुदृढीकरण गर्ने ।

५. निर्यात व्यापारको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी निर्यात वृद्धिका लागि वैदेशिक सहायता परिचालन गर्ने ।

६. निर्यात व्यापार अभिवृद्धि गर्न तुलनात्मक लाभ भएका निर्यातजन्य वस्तु तथा सेवाहरूलाई प्रोत्साहन, सुविधा तथा सहुलियत प्रदान गर्ने ।

## ७. कार्यनीति

१.१ परम्परागत सीप, कौशल वस्तु तथा सेवाको उत्पादनलाई संरक्षण प्रबर्द्धन गरी अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गरिनेछ ।

१.२ प्रक्रियागत सरलीकरण तथा संस्थागत सुधार मार्फत व्यापारको कारोवार लागत घटाइनेछ ।

१.३ आयातलाई निर्यात अभिवृद्धिमा सघाउ पुग्ने गरी व्यवस्थापन र परिचालन गरिनेछ ।

१.४ राष्ट्रिय हित र आर्थिक उदारीकरणबीच सन्तुलन र सामञ्जस्य कायम गर्दै वाणिज्य क्षेत्रमा नीतिगत, संस्थागत तथा संरचनात्मक सुधारका कार्यक्रमहरूलाई अघि बढाइनेछ ।

२.१ व्यापार तथा पारवहन सहजीकरणका लागि छिमेकी मुलुकका व्यापारिक नाकाहरू सम्मको व्यापार एवं आवागमनलाई सहज बनाइ सम्बन्धित नीति तथा कानुनलाई समयानुकूल परिमार्जन गर्दै अन्य भौतिक तथा संस्थागत पूर्वाधारहरूको विकास गरिनेछ ।

३.१ पहिचान भएका निर्यातजन्य वस्तुको प्रबर्द्धन, बजारीकरण र मूल्य श्रृंखला स्थापनामा उच्च जोड दिँदै नयाँ निर्यातयोग्य वस्तु तथा सेवाको पहिचान विकास गरिनेछ ।

३.२ वस्तु व्यापारका साथै सेवा व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको व्यापारलाई अन्तर्राष्ट्रिय स्तरमा विस्तार गरिनेछ ।

४.१ निजी क्षेत्रको क्षमता अभिवृद्धि गरी स्वस्थ प्रतिस्पर्धात्मक वाणिज्य क्षेत्रको विकास गरिनेछ ।

४.२ वाणिज्य क्षेत्रलाई प्रतिस्पर्धी गुणस्तरीय बनाउन सरकारी तथा निजी क्षेत्रमा दक्ष जनशक्तिको विकास गरिनेछ ।

४.३ द्विपक्षीय, बहुपक्षीय तथा क्षेत्रीय व्यापार तथा परिवहन प्रणालीमा हुने परिवर्तनबाट बढीभन्दा बढी फाइदा लिन नीतिगत, संस्थागत, प्रक्रियागत भौतिक पक्षहरूमा सुधार गर्दै लगिनेछ ।

४.४ सरकार, निजी क्षेत्र र गैर सरकारी क्षेत्रबीच साझेदारी अभिवृद्धि गरी व्यापार प्रवर्द्धन गरिनेछ ।

४.५ नेपालका विदेशस्थित कुटनैतिक नियोगलाई आर्थिक कुटनीति प्रबर्द्धन गर्न बढी सक्षम, क्रियाशील र जिम्मेवार बनाइनेछ ।

४.६ नेपाल व्यापार एकीकृत रणनीतिको अवधारणा अनुरूप आवश्यक स्रोत परिचालन गर्दै सोको कार्यान्वयन गरिनेछ ।

४.७ निर्यात व्यापार प्रबर्द्धनसँग सम्वन्धित निकायहरूको कार्य क्षेत्र र संस्थागत संरचनामा सुधार गरिनेछ ।

५.१ निर्यात बढाउनका लागि वैदेशिक सहायता परिचालन गरिनेछ ।

६.१ निर्यात बढाउनका लागि संभाव्यता र आवश्यकताको लेखाजोखा गरी वित्तीय प्रोत्साहन उपलब्ध गराइनेछ ।

**८. प्रमुख कार्यक्रम**

नीतिगत सामञ्जस्यता कायम गर्ने कार्यक्रम अन्तर्गत वाणिज्य नीति र अरू क्षेत्रगत नीतिहरू, ऐन र नियमहरूमा समसामयिक संसोधन तथा परिमार्जन गरिनेछ । निर्यात क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत प्रयोगशाला परीक्षण सुदृढीकरण, गुणस्तर व्यवस्थापन, तुलनात्मक लाभका उत्पादनहरू विकास तथा विविधीकरण गर्ने, मुलुकका ६ विभिन्न स्थानहरूमा (झापा, नुवाकोट, धनगढी, भैरहवा, सिमरा र पाँचखाल) निर्माण हुने विशेष आर्थिक क्षेत्र व्यवस्थापन गर्ने तथा वाणिज्य नीति २०६५ को विस्तृत कार्ययोजना तयार गर्ने, निर्यात योग्य वस्तु तथा सेवाको पहिचान, विकास, निर्यात प्रवर्द्धन र बजार पहुँच सम्बन्धी कार्यक्रम अन्तर्गत कृषिजन्य र वनजन्य निर्यात योग्य वस्तुको विकास तथा निर्यात वस्तु विकास कोषको स्थापना, पाँच विभिन्न क्षेत्रहरूमा निर्यात प्रवर्द्धन केन्द्रहरूको सञ्चालन, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मेला तथा प्रदर्शनी आयोजना, आर्थिक कुटनीति प्रबर्द्धन गर्ने, व्यापार र पारवहन सहजीकरणका लागि पूर्वाधार विकास कार्यक्रम अन्तर्गत दीर्घकालसम्म व्यापार तथा पारवहनका लागि लागत मैत्री आधारमा नयाँ सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययन तथा निर्माण गर्ने, काठमाडौंमा अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनी स्थलको स्थापना गर्ने, परम्परागत सीप, प्रविधि र वस्तुहरूको संरक्षण र प्रर्वद्धन सम्बन्धमा परम्परागत सीपको पहिचान प्रबर्द्धन गर्ने, उपयुक्त तथा नवीनतम प्रविधिको उपयोग गर्ने, निर्यातयोग्य उत्पादनको विकास र विविधकरण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सकिने उत्पादनको विकास तथा विविधीकरणका लागि संस्थागत सुधार र गुणात्मक जनशक्तिको गर्ने, स्वस्थ्य प्रतिस्पर्धात्मक आन्तरिक व्यापारको विकास गर्न र उपभोक्ता हकहित संरक्षण गर्न वाणिज्य विभागको क्षमता अभिवृद्धि गर्ने, निजी क्षेत्रका छाता संगठन तथा सेवा प्रदायक संस्थाहरूको क्षमता विकासका लागि सूचना प्रविधिको सुदृढीकरण गर्ने, महत्त्वपूर्ण व्यापार संरचनाको निर्माण, विकास, सञ्चालन र व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको प्रबर्द्धन गर्ने जस्ता कार्यहरू गरिनेछ ।

## ९. कार्यान्वयन संयन्त्र

व्यापारसम्बन्धी समग्र नीति एवं कानूनी व्यवस्थाको अगुवाइ वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट हुने र सो कार्यमा सहयोग गर्न, व्यापार सहजीकरण गर्न एवं अन्तर्निकाय समन्वय गर्न निजी क्षेत्र समेतको सहभागितामा वाणिज्य मन्त्री/राज्यमन्त्रीको अध्यक्षतामा गठित वोर्ड अफ ट्रेडलाई सक्रिय बनाइने, मन्त्रालय र अन्तर्गतका निकायको क्षमता विकास गर्ने, सबै सरोकार मन्त्रालयबीच उचित समन्वय र सहकार्यमा वाणिज्य नीति २०६५ को प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तयार गरी लागू गर्ने, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रलाई बजारको माग अनुरूपको सेवा दिन सक्ने स्वायत्त संस्थाका रूपमा व्यापार प्रबर्द्धन प्रतिष्ठानमा परिणत गर्ने, सुख्खा बन्दरगाह, कन्टेनर फ्रेट स्टेशन, एकीकृत जाँचपास विन्दुको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि नियामक निकायको रूपमा नेपाल इन्टरमोडल यातायात प्राधिकरणको गठन गर्ने, व्यापार सहजीकरणका लागि प्रमुख भन्सार कार्यालयहरूमा खाद्य, गुणस्तर, कृषि, वन, क्वारेन्टाइन, पुरातत्त्व जस्ता सम्बद्ध निकायका पूर्वाधारसहितका एकाइहरू राखी आवश्यक मेशिन, उपकरण, एक्स-रे मेशिन, ल्यावोरेटरी, कम्प्यूटर डाटा व्यवस्थापन तथा शीत भण्डारको समेत व्यवस्था गरी एकीकृत भन्सार विन्दुको स्थापना गर्ने जस्ता व्यवस्था मिलाइनेछ ।

## १०. अपेक्षित उपलब्धि

१. निर्यात व्यापारमा उल्लेख्य सुधार आई व्यापार घाटामा कमी आएको हुनेछ ।

२. विदेश निर्यात हुने वस्तु तथा सेवाको प्रतिस्पर्धी क्षमता अभिवृद्धि भइ अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको छुट्टै पहिचान कायम हुनेछ ।

३. वाणिज्य, पारवहन, आपूर्ति तथा उद्योग क्षेत्रसँग सम्बन्धित नीति, कानुन एवं नियमावलीहरूमा समसामयिक परिमार्जन भइ नीतिगत सामञ्जस्य कायम हुनुका साथै स्वस्थ र प्रतिस्पर्धात्मक व्यापारको विकास भएको हुनेछ ।

४. वस्तु निकासीलाई योजना अवधिको अन्तिम वर्षमा रू.६१ अर्बबाट रू.१ खर्ब पुगेको हुनेछ ।

५. हालको व्यापार घाटालाई कूल गार्हस्थ उत्पादनको २६ प्रतिशतबाट २० प्रतिशतमा झार्ने र आयात निर्यातको अनुपात ४:१ मा सीमित राखिनेछ ।

# ४.२४ आपूर्ति व्यवस्थापन

## १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले जनताको खाद्य सम्प्रभुताको हक सुनिश्चित गरेको छ। सर्वसाधारण जनतालाई दैनिक आवश्यक पर्ने उपभोग्य वस्तु तथा सेवाहरु नियमित रूपमा उचित गुणस्तर र प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउनु राज्यको दायित्व हो । राज्यले एकातिर खुला र उदार अर्थतन्त्रको भावना अनुकूल प्रतिस्पर्धी र स्वस्थ बजार संयन्त्रमार्फत आपूर्ति व्यवस्थापन गर्नुपरेको छ भने अर्कोतिर आर्थिक, सामाजिक तथा अत्यावश्यक उपभोग्य वस्तुमा सहज पहुँच पुग्ने वातावरण निर्माण गर्नुपरेको छ । आम उपभोक्ताको हकहित र अधिकार संरक्षण र प्रबर्द्धन गर्न सरकार प्रतिबद्ध छ ।

यातायातको पहुँच भएका सुगम जिल्लाहरुमा बजार संयन्त्रमार्फत आवश्यक वस्तु तथा सेवाहरु आपूर्ति भइरहेको छ भने उच्च पहाडी तथा हिमाली दुर्गम जिल्लाहरुमा नेपाल सरकारले ढुवानी अनुदान दिएर खाद्यान्न, नुन लगायतका अत्यावश्यक वस्तुहरु आपूर्ति गर्दै आएको छ । विद्यमान् आपूर्ति प्रणालीलाई चुस्त, दक्ष र प्रभावकारी गर्ने तर्फ यो योजना केन्द्रित रहेको छ ।

## २. अद्यावधिक स्थिति

सर्वसाधारण जनतालाई सहजरुपमा खाद्यान्न लगायत अन्य अत्यावश्यक वस्तुको आपूर्ति गर्न नेपाल सरकारले विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्थाहरू गरी तिनीहरूमा समयानुकूल परिमार्जन पनि गर्दै आएको छ। नीतिगत सुधारतर्फ प्रतिस्पर्धा प्रवर्द्धन नियमावली, २०६६ कार्यान्वयनमा ल्याइएको छ। उपभोक्ता संरक्षण ऐन, २०५४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ लाई संशोधन गर्ने प्रक्रिया शुरू गरिएको छ। आपूर्ति नीतिको मस्यौदा अन्तिम चरणमा पुगेको छ। विगत केही वर्षयता मुलुकमा देखा पर्न थालेको खाद्यान्नको न्यून आपूर्ति तथा उच्च मूल्यवृद्धिलाई विचार गरी देशमा अत्यावश्यक उपभोग्य वस्तुको अभाव हुन नदिन केही खाद्यवस्तुको निकासीमा प्रतिबन्ध लगाइएको छ। त्यस्तै सार्वजनिक वितरण प्रणालीलाई सुदृढ र व्यवस्थित बनाउने उद्देश्यले एकीकृत सेवा केन्द्र सञ्चालन निर्देशिका, २०६५ जारी गरिएको छ। यद्यपि एकीकृत सेवा केन्द्र स्थापना गर्ने कार्य बाँकी नै छ। दैनिक उपभोग्य वस्तु तथा सेवाको आपूर्ति प्रणाली अपेक्षाअनुरुप सुदृढ र प्रभावकारी हुन सकेको छैन ।

त्यसै गरी संस्थागत सुधारतर्फ आपूर्ति व्यवस्थापन, बजार अनुगमन एवं उपभोक्ता हित संरक्षणलाई प्रभावकारी बनाउन विद्यमान् वाणिज्य विभागलाई पुन:सरचना गर्ने प्रक्रिया शुरू गरिएको छ। विभिन्न जिल्लाहरुमा बजार अनुगमन गर्न बजार निरीक्षण अधिकृत नियुक्त गर्ने प्रक्रिया थालनी भएको छ। हाल नुन र पेट्रोलियम पदार्थ बाहेक अन्य वस्तुहरुको आपूर्ति खुला बजार नीति अनुरुप बजार संयन्त्रबाटै भइरहेको छ। पेट्रोलियम पदार्थको आपूर्तिमा निजी क्षेत्रलाई सहभागी गराउने सम्बन्धमा आवश्यक ऐन तर्जुमा गर्ने कार्य शुरू गरिएको छ। पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजार मूल्यका आधारमा स्वचालित रुपमा समायोजन हुने व्यवस्था नीतिगत रुपमा स्वीकार गरी यथाशक्य लागू गर्दै जाने प्रयास गरिएको छ। पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि विभिन्न स्थानहरुमा नयाँ डिपोहरु निर्माण गर्ने र मौजुदा डिपोहरुको स्तरोन्नति गर्ने कार्य अगाडि बढाइएको छ। रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइप लाइन निर्माणको सम्भाव्यता अध्ययन कार्य पूरा भइ निर्माण कार्यसम्बन्धी प्रक्रिया अगाडि बढाइएको छ। सहकारी उपभोक्ता पसल, सुपथ मूल्यका पसल र आवश्यकतानुसार बेला बेलामा घुम्ती सेवाहरु पनि शुरू गरिएको छ।

नेपाल सरकारले नेपाल खाद्य संस्थानमार्फत विगत लामो समयदेखि हिमाली र पहाडी क्षेत्रका ३० दुर्गम जिल्लाहरुमा अनुदानमा खाद्यान्न रे साल्ट ट्रेडिङ कर्पोरेशन मार्फत २२ वटा दुर्गम जिल्लाहरुमा नुन आपूर्तिको लागि अनुदान उपलब्ध गराउँदै आएको छ। हाल वर्षेनी १५,००० मे.टन खाद्यान्न बफर स्टकमा र ४,००० मे.टन खाद्यान्न सार्क खाद्य सुरक्षा भण्डारमा राख्ने गरिएको छ।

खास गरी सूचना प्रविधिको क्षेत्रमा आएको आमूल परिवर्तनले उपभोक्ताहरुको स्वास्थ्यसम्बन्धी चेतनामा वृद्धि भएको छ। आपूर्ति व्यवस्थालाई सहज, प्रभावकारी र विश्वसनीय बनाउन नेपाल सरकारले विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत सुधारको क्रमलाई तीव्रता दिएको छ। कृषि क्षेत्रमा नयाँ उत्पादन प्रविधि र उन्नत बीउको प्रयोग तथा सिंचाइ र मलखाद सुविधामा वृद्धि आदिले कृषि उत्पादनमा वृद्धि गर्न सकिने आधारहरु सिर्जना गरेका छन्। शहरी क्षेत्रलगायत सडक यातायातको पहुँच भएका ७१ जिल्लाहरुको आपूर्ति व्यवस्थामा निजी क्षेत्रको सहभागिता बढ्दै गएको छ। विश्व खाद्य कार्यक्रमलगायत बहुपक्षीय तथा क्षेत्रीय विकास साझेदारहरुले खाद्य सुरक्षा कार्यक्रममा चासो र सहयोग बढाएका छन्।

बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौता र बजार विस्तारका क्रममा उपभोक्ताको छनोटको अवसर थप फराकिलो बनेको छ। खाद्यान्न संकट झेलिरहेका दुर्गम जिल्लाहरुमा स्थानीय High Value Product हरुको बजारीकरण गरी ती क्षेत्रका जनताको जीवनस्तर उकास्ने अवसर पनि क्रमशः मुखरित हुँदै गएको छ। समग्रमा सरकारी, सहकारी र निजी क्षेत्रको समन्वय र सहकार्यमा आपूर्ति व्यवस्थालाई चुस्त, उत्तरदायी, प्रभावकारी, भरपर्दो र सहज बनाउने राम्रो अवसर प्राप्त भएको छ।

### ३. समस्या तथा चुनौती

कृषि भूमिमा अव्यवस्थित बस्ती बढ्दै जानु, व्यावसायिक र वैज्ञानिक कृषि प्रणाली अपनाउन नसकिनु, सिँचाइ, बीउविजन, कृषि सामग्री आदिको उपलब्धता पर्याप्त नहुनु, खेतीयोग्य जमिन क्रमशः आवास क्षेत्रमा परिणत हुँदै गई कूल कृषियोग्य भूमिको परिमाण साँघुरिदै जानु, कृषि क्षेत्रमा श्रमिकको अभाव रहनु, खाद्यान्न उत्पादन र उत्पादकत्वमा कमी आउनु, सार्वजनिक वस्तु तथा सेवाको वितरण प्रभावकारी नहुनु, उपभोक्ताको हकहितको उचित संरक्षण र प्रबर्द्धन पनि हुन सकेको छैन। सरकारी, सहकारी र निजी क्षेत्रको भूमिकालाई व्यवस्थित गर्दै आपसी सहयोग, सहभागिता र समन्वयमा सुदृढ गर्दै चुस्त र प्रभावकारी आपूर्ति प्रणाली निर्माण गरेर सर्वसाधारण, पिछडिएका वर्ग, समुदाय र क्षेत्रका जनताको हकहितको संरक्षण र प्रबर्द्धन गर्नु सकिएको छैन।

मुलुकमा आपूर्ति व्यवस्थालाई चुस्त बनाउने, खाद्यवस्तुको सहज आपूर्ति बनाइराख्ने, उपभोक्ताको हकहित संरक्षण र प्रबर्द्धन गर्ने, कार्टेलिङ, कालोबजारी, कृत्रिम अभाव र अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्ने, स्थानीय वस्तुको उत्पादन र उपभोग बढाई खाद्य परनिर्भरता घटाउँदै जाने, आवश्यकता अनुसार खाद्य सुरक्षा भण्डारणलाई वृद्धि गर्ने, कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, खाद्यान्नको बढ्दो मूल्यलाई नियन्त्रण गर्ने जस्ता चुनौतीहरू रहेका छन्।

### ४. दीर्घकालीन सोच

स्वस्थ र प्रतिस्पर्धात्मक सार्वजनिक वितरण प्रणालीको स्थापना र खाद्य सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि विशेष कृषि क्षेत्रहरूको पहिचान तथा पूर्वाधार विकास मार्फत मुलुकभर गुणस्तरयुक्त अत्यावश्यक वस्तु तथा सेवाहरु सरल, सहज, नियमित र सर्वसुलभ ढङ्गले आपूर्ति हुने वातावरण सिर्जना गरी उपभोक्ताको हक हितको संरक्षण तथा सार्वजनिक कल्याणको अभिवृद्धि गर्ने।

### ५. उद्देश्य

१. दैनिक उपभोग्य वस्तु तथा सेवा निश्चित गुणस्तर, मापदण्ड तथा प्रतिस्पर्धात्मक मूल्यमा सर्वसुलभ तवरले उपलब्ध हुने स्थितिको प्रत्याभूति गर्ने।
२. दुर्गम पिछडिएका क्षेत्रमा स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यान्न परनिर्भरता हटाउने र गरीब जनतालाई राहत पुऱ्याउन एकीकृत आपूर्ति संयन्त्रको विकास गर्ने।
३. स्वच्छ प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास मार्फत आपूर्ति व्यवस्थालाई नियमित, सर्वसुलभ भरपर्दो बनाउने तथा अस्वाभाविक अवस्थामा बजार हस्तक्षेपको माध्यमबाट आपूर्ति व्यवस्थालाई बिग्रन नदिइ सर्वसाधारणको हित संरक्षण गर्ने।

### ६. रणनीति

१. अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिलाई भरपर्दो, गुणस्तरीय र चुस्त बनाउन नयाँ आपूर्ति नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
२. समग्र आपूर्ति प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी बनाउन तथा अन्तर्निकाय समन्वय सुदृढ गर्दै एकीकृत आपूर्ति प्रणालीलाई विकास गर्न तथा बजार अनुगमन/निरीक्षणलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायलाई सुदृढ गर्ने।
३. सडक यातायातको पहुँच पुगेका तथा तुलनात्मक रुपमा ढुवानीको सुविधा सहज भएका क्षेत्रमा खाद्यान्न लगायतका वस्तुको ढुवानीमा दिँदै आएको अनुदान क्रमशः हटाउँदै लैजाने नीति लिने।
४. खाद्य सुरक्षाका दृष्टिले मुलुकको लागि आवश्यक पर्ने खाद्यान्न सञ्चित राख्ने।
५. उपभोक्ताको हक हित संरक्षण गर्न आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्ने।

## ७. कार्यनीति

१.१ अत्यावश्यक वस्तु तथा सेवा सञ्चालनसँग सम्बन्धित संस्थागत तथा नीतिगत सुदृढीकरण गरिनेछ ।

२.१ दुर्गम तथा पिछडिएका क्षेत्रमा खाद्यान्न लगायतका अत्यावश्यक वस्तुको सरल, सहज दिगो तरिकाले आपूर्ति व्यवस्था मिलाउन सरकारी संस्थान, निजी क्षेत्र, सहकारी क्षेत्र तथा स्थानीय निकायसमेतलाई परिचालन गरिनेछ ।

२.२ समग्र आपूर्ति प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन तथा अन्तर्निकाय समन्वय सुदृढ गर्दै एकीकृत आपूर्ति प्रणालीलाई विकास गर्न तथा बजार अनुगमन/निरीक्षणलाई थप प्रभावकारी बनाउन सम्वन्धित निकायको पुनः संरचना सुदृढीकरण गरिनेछ ।

२.३ आपूर्ति व्यवस्थालाई पारदर्शी तथा प्रतिस्पर्धी बनाउन यस क्षेत्रमा कार्यरत सरकारी निकायको क्षमता वृद्धि गर्ने तथा संस्थानहरूलाई प्रतिस्पर्धी र बजारमुखी बनाई सुदृढ बनाइनेछ ।

२.४ दुर्गम क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवाको एकीकृत आपूर्ति व्यवस्था मिलाउन आपूर्ति क्षेत्रमा संलग्न विभिन्न निकायहरूका बीचमा प्रभावकारी सञ्जाल समन्वय सुदृढ गरिनेछ ।

२.५ स्थानीय स्तरमा खाद्यान्न आपूर्ति बढाउन उत्पादन वृद्धि तथा व्यावसायिक खेती सञ्चालन सम्बन्धी कार्यक्रम विस्तार गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

२.६ दुर्गम क्षेत्रमा खाद्यान्न माथिको परनिर्भरता हटाउन स्थानीय खाद्य उत्पादन प्रबर्द्धन सम्वन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

२.७ बजारमा स्वच्छ प्रतिस्पर्धाको वातावरण बनाई कृत्रिम अभाव, काला बजारी, कृत्रिम मूल्य अभिवृद्धि, अनावश्यक सञ्चितिलाई निरूत्साहन गर्न प्रतिस्पर्धा बजार संरक्षण ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२.८ पेट्रोलियम पदार्थको सहज ढुवानीका लागि रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन निर्माण गर्ने र मुलुकको कम्तीमा १ महिनाको मागलाई धान्नेगरी पेट्रोलियम भण्डारण क्षमताको विस्तार गरिनेछ ।

२.९ पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा अन्तर्राष्ट्रिय परल/खरिद मूल्यसँग स्वतः समायोजन गर्ने प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२.१० पेट्रोलियम पदार्थको भण्डारण र ढुवानीमा हुने नोक्सानी नियन्त्रणका लागि नोक्सानी मापन सम्बन्धी मापदण्ड तर्जुमा गरी सोको कार्यान्वयन गरिनेछ ।

२.११ आवश्यक संस्थागत, कानुनी तथा प्राविधिक पूर्वाधार तयार गरी पेट्रोलियम पदार्थमा हुने मिसावटको नियन्त्रण गरिनेछ ।

३.१ विगतमा दुर्गम क्षेत्र भनी वर्गीकृत जिल्ला तथा क्षेत्रलाई सडक यातायात, विद्युत तथा सञ्चार सेवा अन्य पूर्वाधार सेवाको पहुँच एवं उपलब्धताका आधारमा पुनरावलोकन गर्दै सरकारी साधनस्रोतलाई अति विकट क्षेत्रमा मात्र अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था मिलाउन ढुवानी अनुदान दिने नीति लिइनेछ ।

४.१ खाद्य सुरक्षाको दृष्टिले मुलुकका लागि आवश्यक पर्ने खाद्यान्न सञ्चित राख्ने र सार्क खाद्य भण्डारका लागि समेत तोकिएको परिमाणमा खाद्यान्न सञ्चय गरिनेछ ।

५.१ कृत्रिम अभाव तथा कालाबजारी र अस्वाभाविक मूल्यवृद्धिलाई नियन्त्रण गर्न आवश्यकतानुसार सार्वजनिक संस्थानहरूको सहयोग लिई बजार हस्तक्षेप गरिनेछ ।

५.२ उपभोक्ता हक हितसँग सम्बद्ध संस्थाहरू समेतको संलग्नतामा बजार अनुगमन तथा निरीक्षण कार्यलाई सक्रियताकासाथ सञ्चालन गरी उपभोक्ताको हित संरक्षण गरिनेछ ।

५.३ उपभोक्ताले स्वच्छ, गुणस्तरीय मिसावटरहित वस्तु तथा सेवा उचित मूल्यमा सुलभ तरिकाले उपयोग गर्नसक्ने वातावरण सुनिश्चित गर्न आवश्यक संयन्त्रको विकास गरिनेछ ।

५.४ उपभोक्ता संरक्षण ऐन २०५४, नियमावली २०५६ मा समसामयिक परिमार्जन गरी उपभोक्ता हक हित र अधिकार सुनिश्चित गरिनेछ ।

**८. प्रमुख कार्यक्रम**

- उत्पादन र उत्पादकत्व वृद्धि तथा खाद्य सुरक्षा अन्तर्गत दुर्गम क्षेत्रमा खाद्यान्न तथा नून सहजरुपमा आपूर्ति गर्न ढुवानी अनुदान उपलब्ध गराउने, खाद्य सुरक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने, खाद्य सुरक्षाको लागि आधुनिक गोदामहरुको निर्माण र जीर्ण गोदामहरुको मर्मत सुधार गरी खाद्यान्न भण्डारण क्षमतालाई वृद्धि गर्ने, राष्ट्रिय खाद्य सुरक्षा भण्डार तथा सार्क खाद्य सुरक्षा भण्डारमा आवश्यक परिमाणमा खाद्यान्न मौज्दात राख्ने, खाद्य संस्थान अन्तर्गत केन्द्रीय खाद्य प्रयोगशाला, थप आधुनिक चामल प्रशोधन प्लान्ट, कोल्ड स्टोरेज तथा अत्याधुनिक पीठो मिलको स्थापना एवं सञ्चालन गर्ने, आयोडिनयुक्त नूनको उचित भण्डारणको लागि आधुनिक गोदाम घरको निर्माण र पुराना गोदामहरुको जीर्णोद्धार गर्ने, दुर्गम जिल्लाहरुमा आयोडाइजेशन प्लान्ट स्थापना गर्ने एवं स्थापना गरिएका प्लान्टको मर्मत सुधार गर्ने, पेट्रोलियम पदार्थको आपूर्तिलाई नियमित र गुणस्तरयुक्त बनाउन रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन निर्माण गर्ने, रसायनिक मल तथा प्रमाणित बीउबीजनको आपूर्तिमा देखिने गरेका कृत्रिम अभाव तथा काला बजारी र अस्वाभाविक मूल्य वृद्धिलाई नियन्त्रण गर्न विभिन्न ठाउँहरूमा आधुनिक गोदाम घरहरूको निर्माण गर्ने, मुलुकको कम्तीमा १ महिनाको मागलाई धान्ने गरी पेट्रोलियम भण्डारण क्षमताको विस्तार गर्न काठमाडौंको थानकोट लगायतका देशका पेट्रोलियम डिपोहरुको क्षमता वृद्धि गर्ने, पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजार मूल्यको आधारमा परल मूल्य अनुसार विक्री मूल्य समायोजन गरी सहज आपूर्तिको व्यवस्थाको गर्ने जस्ता कार्यक्रमहरू गरिनेछ ।
- नीतिगत/कानूनी सुधार कार्यक्रम अन्तर्गत निजी क्षेत्र र सम्बद्ध सरोकारवालाहरुको सहभागितामा आपूर्ति नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन र नियमावलीको प्रभावकारी कार्यान्वयन गर्ने, उपभोक्ता हित संरक्षण ऐन, २०५४ र नियमावली, २०५६ मा आवश्यक संशोधन गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने, अत्यावश्यक वस्तु तथा सेवा सञ्चालनमा संलग्न निकाय र उपभोक्ता संस्थाहरुको लागि आचार- संहिता तर्जुमा गरी कार्यान्वयन गर्ने, पेट्रोलियम पदार्थको कारोवारमा निजी क्षेत्रलाई संलग्न गराउने ऐनको विधेयक तर्जुमा गर्ने ।
- संस्थागत सुदृढीकरण कार्यक्रम अन्तर्गत नेपाल खाद्य संस्थानलाई व्यावसायिक हिसाबले सञ्चालन गरी आत्मनिर्भर बनाउने, नेपाल आयल निगम लिमिटेडलाई बढी स्वायत्तता प्रदान गरी पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारको परल मूल्यको आधारमा स्वचालित रुपमा समायोजन हुने नीति कार्यान्वयन गर्ने, पेट्रोलियम बोर्डको स्थापना गर्ने, एकीकृत सेवा केन्द्रको स्थापना र सञ्चालनलाई जोड दिने, वाणिज्य विभागको पुनःसंरचना गरी वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग गठन गर्ने, विशेष कृषि क्षेत्रको व्यवस्थापन, अनुगमन तथा निरीक्षण कार्यका लागि ँराष्ट्रिय विशेष कृषि क्षेत्र आयोगको गठन गर्ने, बजार अनुगमन तथा निरीक्षण कार्यलाई सघन रुपमा सञ्चालन गर्ने, सहकारी विभागसित समन्वय र सहकार्य गरी सुपथ मूल्य पसल/सहकारी पसलको प्रभावकारी सञ्चालन गर्ने, नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेडबाट प्रदान गरिने सेवामा थप विस्तार र विविधीकरण गर्ने, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको क्षमता अभिवृद्धि गर्ने, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आपूर्ति व्यवस्थापन शाखालाई अत्यावश्यक उपभोग्य वस्तुको आपूर्ति स्थिति विश्लेषण, तथ्याङ्क संकलन र प्रशोधन लगायतका कार्य गर्न सक्ने गरी क्षमता विकास गर्ने, अन्तर्मन्त्रालय समन्वय सुदृढीकरण (खास गरी वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय र गृह मन्त्रालयबीच) गर्ने जस्ता कार्यक्रम हुनेछ ।

### ९. अपेक्षित उपलब्धि

१. दुर्गम क्षेत्रमा प्रत्येक वर्ष न्यूनतम २० हजार मे.ट. खाद्यान्न ढुवानी गरी योजना अवधिमा कम्तीमा ६० हजार मे.ट. खाद्यान्न ढुवानी हुनेछ ।

२. राष्ट्रिय खाद्य सुरक्षा भण्डारको क्षमता वृद्धि गरी योजना अवधिको अन्तिम वर्षमा २५ हजार मे.ट. पुगेको हुनेछ ।

३. प्रतिबद्धताबमोजिम सार्क खाद्य सुरक्षा बैंकमा खाद्यान्न सुरक्षित भएको हुनेछ ।

४. कम्तीमा १० हजार मेट्रिक टन थप खाद्यान्न मौज्दात राख्न सक्ने गरी आधुनिक गोदाम घरको निर्माण भएको हुनेछ ।

५. दुर्गम जिल्लाहरूमा प्रतिवर्ष न्यूनतम ४० हजार क्विन्टलका दरले योजना अवधिमा कूल करिब १ लाख २० हजार क्विन्टल आयोडिनयुक्त नून ढुवानी भएको हुनेछ ।

६. खाद्यान्य अनुदान दिइने जिल्लाहरूको संख्या घटेको हुनेछ ।

७. मुलुकमा पेट्रोलियम पदार्थ कम्तीमा एक महिनाको मागलाई धान्ने गरी उपलब्ध भएको हुनेछ ।

## ४.२५ पर्यटन तथा नागरिक उड्डयन

### १. पृष्ठभूमि

नेपाल असीमित पर्यटकीय संभावनाहरू भएको देश हो । पर्यटन व्यवसायलाई ग्रामीण तहसम्म विस्तार गरी यसका लाभहरूमा सबै क्षेत्र, वर्ग, जातजाति, गरीव, असहाय, निमुखा मानिसहरूको समावेशी पहुँचको विस्तार गर्नु पर्ने आवश्यकता देखिएको छ । पर्यटन क्षेत्रको विकास र विस्तारका लागि देशको हवाइ यातायात सेवालाई सुरक्षित, सर्वसुलभ, विश्वसनीय तथा व्यवस्थित बनाउनु अपरिहार्य भएको छ । राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्न पर्यटकीय संभावनाहरूको विकास विस्तार र प्रबर्द्धन, पर्यटन सेवाहरूको विविधीकरण, सम्पदाहरूको संरक्षण, पर्यटकीय पूर्वाधारहरूको विकास र सौन्दर्यीकरण, पर्यटन क्षेत्रमा समावेशी पहुँच विस्तार, पर्यटन व्यवसायलाई ग्रामीण एवं समुदायसम्म विस्तार, रोजगार केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरीबी न्यूनीकरण गर्ने तथा हवाइ सेवालाई सुरक्षित, सर्वसुलभ र विश्वसनीय बनाउने तथा पूर्वाधारहरूको विकास गर्ने गरी योजनाका उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू केन्द्रित गरिएको छ ।

### २. अद्यावधिक स्थिति

#### क. पर्यटन

पर्यटनलाई देशको आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखी यसको विकासका लागि सम्वद्ध सबै मन्त्रालय र निकायका कार्यक्रमहरूलाई पर्यटन प्रबर्द्धनमुखी बनाउन पर्यटन नीति, २०५२ लाई परिमार्जन गरी पर्यटन नीति, २०६५ ल्याइएको छ ।

पर्यटन प्रबर्द्धनका लागि मौलिक ब्राण्ड Naturally Nepal : Once is not Enough लाई अगाडि बढाइएको छ । पर्यटन बजारका लागि संभाव्य मुलुकहरू भारत र चीनलाई केन्द्रित गरी अन्य मुलुकहरू श्रीलंका, जापान, थाईलैण्ड, मलेशिया, सिंगापुर, रसिया, कोरिया, जर्मनी, वेल्जियम, अमेरिका, वेलायत लगायतका मुलुकहरूमा पर्यटन प्रबर्द्धन मेला र अन्य क्रियाकलापहरू सञ्चालन गरिएका छन् । पर्यटन प्रबर्द्धनका क्रियाकलापहरूमा विदेश स्थित नेपाली कुटनैतिक नियोगहरूको परिचालन गरिएको छ । विदेशमा बस्ने गैर आवासीय नेपाली र उनीहरूको संस्थाको उपयोग गरी पर्यटन प्रबर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । विश्व पर्यटन संगठन, दक्षिण एशिया उपक्षेत्रीय आर्थिक सहयोग (SASEC), बिमस्टेक, कोस्क्याप (Cooperative, Operational, Safety and Continuing Air Worthiness Programme) जस्ता

अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरूको सहयोगमा पर्यटन प्रबर्द्धन कार्यक्रमहरू अगाडि बढाइएको छ। आन्तरिक पर्यटन प्रबर्द्धन गर्न विदा पर्यटन कार्यक्रमको शुरूवात गरिएको छ।

पर्यटन क्षेत्रका सरोकारवाला र पर्यटन व्यवसायीहरूको सहकार्यमा नेपाल पर्यटन दूरदृष्टि २०२० जारी गरिएको छ। यस अन्तर्गत सन् २०२० सम्मका लागि पर्यटन क्षेत्रको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीतिहरू समाहित गरी सन् २०२० मा २० लाख पर्यटक भित्राउने लक्ष्य राखिएको छ। देशमा भएको द्वन्दका कारण पर्यटन क्षेत्रमा गुमेको विश्वसनीयतालाई पुनस्थापित गर्ने, अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारमा प्रचार प्रसार गर्ने, नयाँ गन्तव्यस्थलहरूको प्रबर्द्धन गरी आन्तरिक पर्यटन प्रबर्द्धन गर्ने, पर्यटन क्षेत्रमा क्षमता अभिवृद्धि गरी १० लाख पर्यटन भित्र्याउने उद्देश्यका साथ सन् २०११ लाई "नेपाल पर्यटन वर्ष" को रूपमा मनाउन "पर्यटनका लागि संगसंगै" भन्ने नाराका साथ शुभारम्भ गरिएको छ। नेपाल पर्यटन वर्षको अभियानलाई राष्ट्रव्यापी र अन्तर्राष्ट्रिय रूपमा प्रचार प्रसार गर्ने कार्यलाई व्यापकता दिइएको छ।

पर्यटकीय पूर्वाधारको विकास गर्न पर्यटन पूर्वाधार विकास आयोजना सञ्चालन गरिएको छ। पर्वतीय पर्यटनमा सक्षम जनशक्ति विकास गर्न पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिको गुरूयोजना स्वीकृत गरिएको छ। तराई-मधेश क्षेत्र र कर्णाली क्षेत्रमा एकीकृत रूपमा पर्यटन विकासका लागि विराट क्षेत्र, सलहेस क्षेत्र, विदेह-मिथिला क्षेत्र, सिम्रौन क्षेत्र, लुम्बिनी क्षेत्र, चिसापानी क्षेत्र, र कर्णाली क्षेत्र पर्यटन प्रबर्द्धन विकास समितिको गठन गरी काम शुरू गरिएको छ। पर्यटन क्षेत्रका लाभहरू समुदाय र ग्रामीण क्षेत्रसम्म विस्तार गर्न घरवाससम्बन्धी कार्यविधि स्वीकृत गरी लागू गरिएको छ। होमस्टे सञ्चालनका लागि अध्ययन, जनचेतना, तालिम लगायतका कार्यक्रमको शुरूवात गरिएको छ। पर्यटन क्षेत्रमा उच्चस्तरीय जनशक्ति विकास र पर्यटन व्यवसाय प्रबर्द्धनमा सहयोग पुऱ्याउने जनशक्ति उत्पादनको लागि प्रयासहरू गरिएका छन्।

तीन वर्षीय अन्तरिम योजनामा पर्यटन आगमन संख्या ३ लाख ७५ हजारबाट ७ लाख पुऱ्याउने, प्रति पर्यटक बसाइ अवधि १३ दिन पुऱ्याउने, विदेशी मुद्रा आर्जन अमेरिकी डलर ३० करोड पुऱ्याउने, प्रतिपर्यटक प्रतिदिन खर्च ६३ डलर पुऱ्याउने, पर्यटन क्षेत्रको प्रत्यक्ष रोजगारी १ लाख पुऱ्याउने लक्ष्य राखिएकोमा मुलुकमा संक्रमणकाल लम्बिएको, लक्ष्य अनुरूप पर्यटन क्षेत्रमा लगानी नभएको, बारम्बार भैरहने बन्द, हडतालका कारण अपेक्षित परिणाम आउन सकेको छैन।

**ख. हवाइ**

हवाइ यातायात सेवालाई सर्वसुलभ, सुरक्षित, स्तरीय एवं भरपर्दो बनाउन हवाइ नीति, २०६३ को व्यवस्था अनुसार आन्तरिक विमानस्थल निर्माण, सञ्चालनका साथै अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि निजी क्षेत्रको सहभागिता बढाउँदै जाने रणनीति अनुरूप निजी केही कम्पनीलाई अन्तर्राष्ट्रिय हवाइ सेवा सञ्चालन गर्न इजाजतपत्र दिइसकिएको छ। आन्तरिक उडान तर्फ निजी वायुसेवा कम्पनीहरूको सहभागिता वृद्धि भइरहेको छ। विमानस्थलहरूको भौतिक पूर्वाधार निर्माणमा निजी क्षेत्रका लगानीकर्ताहरूलाई आकर्षित गरी विमानस्थल निर्माण गराउने नीति लिइएको छ।

हाल देशमा १ अन्तर्राष्ट्रिय विमानस्थल, ४ वटा क्षेत्रीय विमानस्थल, ४३ वटा आन्तरिक विमानस्थल, र ४ वटा निर्माणाधीन विमानस्थल समेत गरी ५२ वटा विमानस्थल रहेका छन् भने ती मध्ये ३४ वटा मात्र सञ्चालनमा रहेका छन्। नेपालले ३५ वटा मुलुकसँग द्विपक्षीय हवाइ सेवा संझौता सम्पन्न गरी समयानुकूल पुनरावलोकन गरी बढीभन्दा बढी ट्राफिक अधिकार प्राप्त गर्ने व्यवस्था गरिएको छ। थप अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई उडान गर्न प्रोत्साहन गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल २४ सै घण्टा सञ्चालन गर्न सक्ने गरी सुविधा विस्तार कार्य प्रारम्भ गरिएको छ।

नेपाललाई हवाइ ट्रान्जिटको रूपमा विकास गर्न भारत, चीन, पाकिस्तान र ICAO सँग सहकार्य गर्ने कार्य प्रारम्भ भएको छ। विमानस्थलहरूमा भू-उपग्रहमा आधारित संचार, पथप्रदर्शन, निगरानी तथा

हवाइ यातायात व्यवस्थापन प्रणालीलाई लागु गर्न १० वर्षे योजना (सन् २००५- १५) तयार गरी सो को कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ। नेपालको समग्र हवाइ क्षेत्रको सुदृढीकरण एवं विकासका लागि निजी क्षेत्रसँग हातेमालो गरी पूर्वाधार विकासमा सहभागीता बढाउन हवाइ नीति, २०६३ कार्यान्वयनमा ल्याई नियमन कार्यलाई प्रभावकारी बनाइएको छ।

बाराको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको लागि विस्तृत संम्भाव्यता अध्ययन गर्न कोरियाली कम्पनी LMW सँग सम्झौता गरी कार्य अघि बढाइएको छ। यसै गरी एसियाली विकास वैंकको ऋण र अनुदान सहायता अन्तर्गत गौतमबुद्ध विमानस्थल, भैरहवालाई क्षेत्रीय स्तरको अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्ने र पोखराको छिन्नेडाँडाँमा नयाँ क्षेत्रीय स्तरको विमानस्थल निर्माण गर्न प्रक्रिया अघि बढाइएको छ। नेपाल वायुसेवा निगमलाई सार्वजनिक - निजी साझेदारीको अवधारणा अनुरूप सञ्चालन गर्ने गरी संस्थागत पुन संरचना गर्ने अध्ययन पूरा गरी कार्यान्वयनको प्रक्रिया अघि बढाइएको छ।

## ३. समस्या तथा चुनौती

संक्रमणकाल, शान्ति सुरक्षाको कमी, बन्द हडताल र द्वन्दको पूर्णतः अन्त्य नभएकोले कतिपय विदेशी मुलुकहरूले पर्यटकहरूलाई दिने नेपाल भ्रमणको सल्लाह (Travel Advisory) नकारात्मक नै रहेको पाइएको छ। प्रमुख पर्यटन गन्तव्यहरूबाट भरपर्दो सिधा हवाइ सेवा नहुनु, हवाइ सीटको संख्यामा कमी रहनु र हवाइ भाडा समेत महँगो भएको, विदेशी पर्यटकहरूलाई उपलब्ध गराइने सेवा सुविधा बारेमा पर्याप्त सूचना प्रवाह नभएको र स्वदेश भित्रका होटल, ट्राभल, टुर अपरेटर वीच सञ्जाल स्थापना गर्न नसकिएको, पर्यटकीय स्थलहरूको पहिचान गरी ती क्षेत्रमा पूर्वाधारहरूको एकीकृत र समन्वयात्मक रूपमा विकास गर्न नसकिएको, पूर्वाधारहरू पनि पर्यटन-मैत्री बनाउन नसकिएका, पर्यटन विकासका संभावना र संभाव्य स्थलहरूको उचित विकास, विस्तार, संरक्षण र प्रचार प्रसार गर्न नसकिएको, पर्यटन तथा नागरिक उड्डयन सम्बन्धी क्षेत्र र उपयोगहरूमा वैदेशिक लगानी आकर्षण गर्न नसकिएका, Leave Travel Concession लाई कानूनी मान्यता प्रदान गरी सरकारी, गैर सरकारी, क्षेत्रका कर्मचारी/ कामदारलाई यो सुविधा उपलब्ध गराई आन्तरिक पर्यटक संख्या बढाउन नसकिएका, आन्तरिक पर्यटन प्रबर्द्धन गर्ने कार्य गर्न नसकिएको, त्रिभुवन अन्तर्राष्ट्रिय हवाइ क्षेत्रको क्षमता बढाउन नसकिएको, जस्ता समस्याहरू छन्।

द्वन्दको क्रममा क्षतिग्रस्त विमानस्थलहरूको पुनर्निर्माण एवं उड्डयन संचार उपकरणहरूको पुनःस्थापनाका साथै विभिन्न विमानस्थलहरूको भौतिक पूर्वाधार विकास, विस्तार एवं आधुनिकीकरण र नयाँ विमानस्थलहरू निर्माण गर्ने कार्य गर्न स्रोत पर्याप्त नहुँदा अगाडि बढाउन सकिएको छैन। सम्भाव्यता अध्ययन भैरहेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि आवश्यक स्रोत जुटाउने, प्रस्तावित विमानस्थलको जग्गामा वसोवास गरिरहेका वासिन्दाहरूलाई पुनर्वास गराउने कार्य चुनौतीपूर्ण रहेको छ भने देशको भौगोलिक अवस्थिति, मौसम तथा आधुनिक उपकरणको पर्याप्तताले उड्डयनको सुरक्षा सुनिश्चित गर्नु चुनौतीपूर्ण रहेको छ।

## ४. दीर्घकालीन सोच

मुलुकमा विद्यमान् पर्यटकीय संभावनाहरूको विकास, संरक्षण र प्रबर्द्धन गर्दै सुरक्षित, सर्वसुलभ र विश्वसनीय हवाइ सेवा उपलब्ध गराई नेपाललाई सुरक्षित र आकर्षक गन्तव्यस्थलको रूपमा स्थापित गरी यस क्षेत्रबाट रोजगारी सिर्जना, समावेशी र समन्यायिक आर्थिक वृद्धि, सन्तुलित विकास र गरीबी न्यूनीकरणमा योगदान पुऱ्याइ राष्ट्रिय अर्थतन्त्रको प्रमुख क्षेत्रको रूपमा स्थापित गर्ने।

## ५. उद्देश्य

१. पर्यटन उद्योगलाई ग्रामीण तहसम्म विकास र विस्तार गरी सघन एवं समन्वयात्मक पर्यटकीय विकासका माध्यमबाट नेपाललाई विश्वकै प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्दै पर्यटन क्षेत्रको विकासबाट राष्ट्रिय आर्थिक क्रियाकलापमा अभिवृद्धि गरी रोजगारी सिर्जना, क्षेत्रीय सन्तुलन, समावेशी र समन्यायिक आर्थिक वृद्धि हासिल गरी गरीबी न्यूनीकरण गर्ने ।

२. हवाइ यातायातको सुदृढीकरणबाट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा आवागमन र पहुँच वढाई आर्थिक विकास तथा पर्यटन विकास गर्ने ।

## ६. रणनीति

१. पर्यटकीय संभावनाहरूको विकास र प्रबर्द्धन गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा विकास गर्ने ।

२. नेपाललाई विश्वकै प्रमुख र आकर्षक पर्यटकीय गन्तव्यस्थलको रूपमा स्थापित गर्ने ।

३. आन्तरिक पर्यटकलाई समेत पर्यटकको परिभाषामा समेटी आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने, नयाँ नयाँ गन्तव्यस्थलको विकास र विस्तार गरी पर्यटन व्यवसायको विविधीकरण गर्ने ।

४. सरकारी, निजी, स्थानीय निकाय र समुदायको सहकार्यमा पर्यटन विकासको निम्ति आवश्यक पूर्वाधारहरूको विकास र विस्तार गर्ने ।

५. पर्यटन विकासका माध्यमबाट सन्तुलित, समावेशी र समन्यायिक आर्थिक वृद्धि हासिल गर्दै रोजगारी सिर्जना, क्षेत्रीय सन्तुलन तथा गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।

६. नेपालमा पर्यटन विकासका लागि आवश्यक वातावरण तयार गर्ने ।

७. हवाइ सेवालाई गुणस्तरीय, प्रतिस्पर्धी भरपर्दो र सुलभ बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनुका साथै अन्तर्राष्ट्रिय र आन्तरिक विमानस्थलहरूको विकास र स्तरोन्नति गर्ने ।

८. नेपाल वायुसेवा निगमको व्यवस्थापनलाई सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुरूप सुधार गरी समग्र क्षमता बढाउने ।

## ७. कार्यनीति

१.१ नेपाल पर्यटन वर्ष, २०११ को राष्ट्रिय अभियानलाई सफल बनाउन स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी समन्वय कायम गरी प्रबर्द्धनात्मक कार्य गरिनेछ ।

१.२ NATURALLY NEPAL : ONCE IS NOT ENOUGH जस्ता मौलिक ब्राण्ड तथा WILD WEST, VIRGIN EAST जस्ता सहायक ब्राण्डलाई संस्थागत गर्दै विश्व बजारमा नेपालको नयाँ परिचय प्रस्तुत गरिनेछ ।

१.३ स्थलमार्ग हुँदै आउने तेस्रो मुलुकका पर्यटक तथा भारतीय एवं चिनिया पर्यटकहरूको संख्यामा वृद्धि गर्न सीमा क्षेत्रका नाका र शहरहरूमा व्यापक प्रचार-प्रसार गर्ने, आवागमन मार्गहरूको विकास र विस्तार गरी पर्यटकहरूको आवागमन सहज बनाउने, नाकाहरूमा पर्यटकहरूका लागि व्यावसायिकरूपमा बहुउद्देश्यीय पर्यटकीय सूचना तथा सेवा केन्द्रहरूको स्थापना गरी स्थानीय निकायलाई सञ्चालनको जिम्मेवारी दिने जस्ता कार्यक्रमहरूको सञ्चालन गरिनेछ ।

१.४ विदेशस्थित नेपाली कूटनैतिक नियोगहरूलाई परिचालन गरी आर्थिक कुटनीतिको माध्यमबाट पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१.५ सबै याममा पर्यटक नेपाल आउने वातावरण तयार गर्न बेमौसममा नेपाल भ्रमण गर्ने पर्यटकहरूका लागि खास सुविधाका विशेष प्याकेजहरू नेपाल पर्यटन बोर्ड तथा पर्यटन व्यवसायीहरूको सहभागितामा तयार गरिनेछ ।

१.६ सासेक, बिम्सटेक, कोस्क्याप, विश्व पर्यटन संगठन जस्ता क्षेत्रीय र अन्तरराष्ट्रिय संगठनहरू मार्फत पर्यटन विकासको लागि साझा समन्वयात्मक कार्यक्रमहरू सञ्चालन गरी अन्तरदेशीय पर्यटन प्रबर्द्धन तथा विकास गरिनेछ ।

१.७ बिदेशी मुलुकमा बसोबास गरेका गैरआवासीय नेपाली र उनीहरूको संस्थालाई नेपालको पर्यटन प्रबर्द्धन एवं प्रचारप्रसारमा उपयोग गर्ने, बढी पर्यटक नेपाल पठाउने र ठूलो लगानी आवश्यक पर्ने आधुनिक एवं गुणस्तरयुक्त रिसोर्ट, होटलहरू निर्माण गर्ने कार्यमा लगानी बढाउन प्रोत्साहन गरिनेछ ।

२.१ स्थापित बजार र नेपालको मुख्य पर्यटकीय स्थलहरू जस्तै सगरमाथा, पशुपतिनाथ, गौतमबुद्धको जन्मस्थल लुम्बिनी, सीताको जन्मभूमि जनकपुर तथा विश्व सम्पदा क्षेत्रहरूलाई विश्वव्यापी रूपमा प्रचार प्रसार गर्दै पर्यटन प्रबर्द्धन गरिनेछ ।

२.२ दक्षिण पूर्वी एशिया, श्रीलंका, चीन आदि विश्वका विभिन्न मुलुकहरूबाट बौद्ध धर्माबलम्बी पर्यटकहरू आकर्षित गर्न आफ्नो जीवनमा एकपटक तीर्थाटन गर्न जानैपर्ने ठाउँको रूपमा लुम्बिनीलाई विकसित गर्ने तथा नेपाल भित्रै लुम्बिनी, तिलौराकोट, कपिलवस्तु, रामग्राम, देवदह, गोटिहवा, निग्लिहवा, कुदान आदिलाई बौद्ध चक्रको रूपमा विकास गरिनेछ ।

२.३ पर्यटन व्यवसायलाई संभाव्यताको आधारमा पर्वतारोहण, साहसिक पर्यटन, धार्मिक- सास्कृतिक पर्यटनका साथै ग्रामीण र सामुदायिक पर्यटन, पर्या-पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, शैक्षिक पर्यटन र स्वास्थ्य पर्यटन जस्ता नयाँ अवधारणाहरूको माध्यमबाट पर्यटन व्यवसायको विविधीकरण, विस्तार र विकास तथा प्रबर्द्धन गरिनेछ ।

२.४ आन्तरिक पर्यटन प्रर्वद्धन गर्न विदा यात्रा सहुलियतको अवधारणालाई आवश्यक कानुनी व्यवस्था गरी सरकारी एवं निजी क्षेत्रमा क्रमशः लागु गरिनेछ ।

२.५ तराई, पहाड तथा हिमालका पर्यटकीय सम्भाव्यताहरूको एकीकृत रूपमा विकास गरी अन्तर्राष्ट्रिय र आन्तरिक पर्यटनका लागि विकास र प्रबर्द्धन गरिनेछ ।

२.६ पर्यटक उत्पत्ति बजारमा नेपाली पर्यटन उद्योगको उपस्थिति गराउन नीतिमा परिमार्जन गरी प्रोत्साहन गरिनेछ ।

३.१ आन्तरिक पर्यटकलाई पर्यटकको परिभाषा भित्र कानुनी रूपमा समेटिनेछ ।

३.२ पर्यटन विकासका संभावित स्थलहरूलाई पर्यटन क्षेत्रको रूपमा परिभाषित गरी पर्यटन करिडोर र क्षेत्रीय अवधारणाका आधारमा पर्यटन क्षेत्रको विकास, विस्तार र विविधीकरण गरिनेछ ।

३.३ पर्वतीय पर्यटनको विकास र विस्तारका लागि पर्वतीय प्रशिक्षण प्रतिष्ठानको गुरूयोजना अनुसार भौतिक निर्माणका कार्यहरू गरिनेछ । प्रतिष्ठानबाट सञ्चालन गरिने तालिम कार्यक्रमहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउन यस क्षेत्रका अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाइनेछ ।

३.४ पर्वतीय पर्यटनलाई दिगो विकास गर्न हिमाल र हिमाली वातावरण संरक्षण गर्न अनुगमन र व्यवस्थापनका लागि संबद्ध निकाय तथा स्थानीय समुदाय समेतको सहभागिता र साझेदारीमा संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३.५ आरोहणका लागि माग भइ आएका हिमालहरू खुला गर्दै जाने साथै छिमेकी मुलुकहरूको तुलनामा आरोहण क्रियाकलापहरूलाई बढी प्रतिस्पर्धी बनाइनेछ ।

४.१ पर्यटकीय सम्पदा वा पूर्वाधारहरूको संरक्षण, सम्बर्द्धन, विकास र सौन्दर्यीकरण तथा पूर्वाधार निर्माण कार्यमा जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका जस्ता स्थानीय निकायहरूका माध्यमबाट पर्यटन विकासलाई समेत सहयोग पुग्ने गरी आवधिक तथा वार्षिक योजना तर्जुमा तथा कार्यक्रमहरूको संयोजन तथा कार्यान्वयन गरिनेछ ।

४.२ ग्रामीण इलाकाहरू तथा प्रमुख पर्यटक शहरी गन्तव्यस्थलहरूमा समेत घरवास (Home stay) पर्यटनको विकास तथा सञ्चालनका लागि पूर्वाधार विकास, समुदायमा जनचेतना बढाइने तथा प्रोत्साहन गरिनेछ ।

४.३ पर्यटन पूर्वाधारको क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउन सरकारी जग्गा लिजमा दिने, छुट सहुलियत उपलब्ध गराउने व्यवस्था गरी प्रोत्साहन गरिनेछ ।

४.४ होटल, ट्राभल तथा ट्रेकिङ्ग लगायतका पर्यटन व्यवसायसँग सम्बन्धित जानकारी तथा पर्यटन क्षेत्रमा उत्पन्न हुने संकटको व्यवस्थापन गर्न प्रभावकारी सूचना एवं एकीकृत तथ्याङ्क प्रणालीको विकास गरिनेछ ।

४.५ पर्यटक मैत्री पूर्वाधार विकास गर्न जोड दिइ पूर्वाधार निर्माण गर्ने अन्य सरकारी निकायसँग समन्वय र सहकार्य गरिनेछ। भौतिक पूर्वाधार निर्माण गर्दा भइरहेका महत्त्वपूर्ण पैदल मार्गहरूलाई सुरक्षित गर्न प्राथमिकता दिइनेछ ।

५.१ पर्यटन क्षेत्रमा युवा जनशक्तिको अधिक उपयोग गर्न व्यावसायिक सम्भाव्यता भएका क्षेत्रमा तालिम तथा सीप विकासका विविध कार्यक्रमहरू स्थानीय स्तरमा नै सञ्चालन गरिनेछ ।

५.२ पर्यटन क्षेत्रको लागि आवश्यक पर्ने जनशक्ति तयार गर्न नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानलाई स्वनिर्भरतर्फ उन्मुख गराउँदै प्रतिष्ठानबाट उच्चस्तरीय शैक्षिक कार्यक्रम एवम् तालिमहरूको सञ्चालन, त्यस्ता कार्यक्रमहरूको समन्वय, नियमन एवम् अनुगमन गर्ने नमूना केन्द्रको रूपमा विकास गरिनेछ ।

५.३ पर्यटन क्षेत्र र यसबाट सिर्जित लाभमा महिला, आदिबासी जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएका क्षेत्र र गरीबको समावेशी पहुँच विस्तार गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.१ राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान गणना गर्ने प्रणालीको विकास गर्न पर्यटन क्षेत्रको छुट्टै लेखाको प्रयोग गरिनेछ ।

६.२ स्थलमार्गबाट आउने भारतीय पर्यटकहरूको र आन्तरिक पर्यटकहरूको तथ्याङ्क संकलन गर्ने व्यवस्था आरम्भ गरिनेछ ।

६.३ पर्यटन सम्बन्धी गतिविधि तथा कार्यक्रमहरूलाई व्यवस्थित तथा प्रभावकारी रूपले सञ्चालन गर्न निजी क्षेत्र समेतको सहभागितामा समय सापेक्ष रणनीतिक योजनाको तर्जुमा गरिनेछ ।

६.४ विमानस्थल पूर्वाधार विकास र स्तरोन्नति, प्रविधिको विकास, वायुसेवा तथा जल यातायात सेवा सञ्चालनको कार्यमा सार्वजनिक-निजी साझेदारीको अवधारणालाई अगाडि बढाइनेछ ।

६.५ पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई गुणस्तरीय बनाउनका लागि त्यस्ता सेवा तथा सुविधाहरूको स्तरीकरण गर्न आवश्यक मापदण्ड, निर्देशिका, संयन्त्र र पर्यटन व्यवसायीहरूको आचार संहिता निर्माण गरी नियमित अनुगमन तथा समीक्षा गरिनेछ ।

६.६ पर्यटन नीति, २०६५ अनुरूप पर्यटन सम्बन्धी ऐन, नियमहरू पुनरावलोकन र सुधार गरिनेछ। आन्तरिक पर्यटकको परिभाषामा पर्यटन ऐन र सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा एकरूपता ल्याइनेछ ।

७.१ अन्तर्राष्ट्रिय हवाइसेवाको बढ्दो ट्राफिक, हवाइ यात्रु र पर्यटकको बढ्दो चापलाई थेग्न बारा जिल्लाको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रारम्भ गरिनेछ ।

७.२ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाइ यातायात सेवाको बढ्दो ट्राफिक चापलाई धान्न सक्ने गरी आवश्यक पूर्वाधार विकास तथा विस्तार कार्य प्राथमिकताका साथ गरी त्रिभुवन विमानस्थललाई २४ सै घण्टा सञ्चालनमा ल्याइनेछ ।

७.३ गौतमबुद्ध विमानस्थल भैरहवा र पोखरा विमानस्थलहरूलाई क्षेत्रीय स्तरको अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गरिनेछ ।

७.४ विराटनगर, जनकपुर, भैरहवा, नेपालगञ्ज, सुर्खेत र धनगढी विमानस्थलहरूलाई हवाइ विमानस्थलको रूपमा विकास गरी साना जहाजहरूलाई त्रिभुवन विमानस्थलको सट्टा यी विमानस्थलहरूबाट उडान गर्न प्रोत्साहित गरी त्रिभुवन विमानस्थलमा साना जहाजको चापलाई कम गरिनेछ ।

७.५ विमानस्थलहरूको भौतिक पूर्वाधार निर्माणमा निजी क्षेत्रका लगानीकर्ताहरूलाई आकर्षित गरी विमानस्थल निर्माण गराउने कार्य अघि बढाइनेछ ।

७.६ पर्यटकीय रूपले महत्त्वपूर्ण विमानस्थलहरू बाह्रै महिना सञ्चालन हुनेगरी स्तरोन्नति गरिनेछ । द्वन्दको क्रममा क्षतिग्रस्त भएका विमानस्थलहरूको पुनर्निर्माण एवं उड्डयन सञ्चार उपकरणहरूको पुनःस्थापना गर्ने कार्यलाई जारी राखिनेछ ।

७.७ हवाइ सेवा सम्बन्धी गतिविधि तथा कार्यक्रमहरूलाई व्यवस्थित तथा प्रभावकारी रूपले सञ्चालन गर्न हवाइ यातायात गुरूयोजनाको तर्जुमा गरिनेछ ।

७.८ नेपाल नागरिक उड्डयन प्राधिकरणको संस्थागत, भौतिक तथा अन्य पक्षहरूको सुधार गर्नका लागि प्राधिकरणले रणनीतिक योजना बनाउनेछ ।

७.९ हवाइ यात्रु र मालसामानको ओसार पसार सम्बन्धी सर्वेक्षण गरिनेछ ।

८.१ नेपाल वायुसेवा निगमलाई सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्ने गरी संस्थागत व्यवस्थापकीय सुधार गरी दक्षतापूर्वक सञ्चालन गरिनेछ ।

८.२ योजना अवधिमा अन्तर्राष्ट्रिय उडानको लागि २ वटा जेट विमान, आन्तरिक उडान तर्फ ट्रङ्करूटहरूमा २ वटा र स्टोल रूटहरूमा २ वटा विमान खरीद गरी निगमको आन्तरिक हवाइ उडान क्षमतामा समेत सुदृढीकरण र विस्तार गरिनेछ ।

८.३ विदेशी वायुसेवा कम्पनीहरूलाई नेपाल आउने पर्यटकहरूको उद्गम बजारहरूमा उडान गर्नका लागि बढी प्रोत्साहित गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | आ.व. २०६६/०६७को स्थिति | त्रिवर्षीय योजनको लक्ष्य |
|---|---|---|---|
| १. | पर्यटक आगमन (हजारमा) | ५,०९ | १२,०० |
| २. | प्रति पर्यटक बसाई अवधि (दिन) | ११.३२ | १२ |
| ३. | प्रति पर्यटक प्रतिदिन खर्च (अमेरिकी डलरमा) | ६५.३ | ७३ |
| ४. | पर्यटनबाट आर्जन हुने विदेशी मुद्रा (करोड-अमेरिकी डलरमा) | ३७.७१ | ५० |
| ५ | प्रत्यक्ष रोजगारी (हजारमा) | ९० | १५० |
| ६. | नियमित उडानमा नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा | २५ | ३५ |
| ७. | अन्तर्राष्ट्रिय हवाइ सेवामा एकतर्फी हवाइ सिट संख्या (हजारमा) | २१,४८ | ४०,०० |
| ८. | अन्तर्राष्ट्रिय उडानबाट नेपाल आउने हवाइ यात्री संख्या (हजारमा) | १०,४२ | २०,०० |

## ९. प्रमुख कार्यक्रम

❖ पर्यटन क्षेत्र अन्तर्गत पर्यटन पूर्वाधार विकास, पर्यटन प्रबर्द्धन, पर्वतीय पर्यटन तथा पर्यटन उद्योग व्यवस्थापन, पर्यटकीय जनशक्ति विकास कार्यक्रम, नीतिगत, कानूनी, संगठनात्मक सुधार र अन्तर्राष्ट्रिय सम्पर्क विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

❖ हवाइ क्षेत्र अन्तर्गत विमानस्थलहरूको निर्माण तथा सुधार, पोखरा नयाँ विमानस्थललाई क्षेत्रीय विमानस्थलको रूपमा निर्माण, गौतमबुद्ध विमानस्थललाई क्षेत्रीय विमानस्थलको रूपमा स्तरोन्नति, उड्डयन सुरक्षा कार्यक्रमको विस्तार, हवाइ सुरक्षा अभिवृद्धिको कार्यक्रम, निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि पूर्वाधार खडा गर्ने, क्षेत्रीय तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण विमानस्थलहरूको सुदृढीकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुधार तथा क्षमता विस्तार, जीवनोद्धार तथा अग्नि निवारक सेवा, हवाइ यातायात व्यवस्थापन जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### १०. अपेक्षित उपलब्धि

१. पर्यटन क्षेत्रको विकासका लागि तर्जुमा भएका कार्यक्रमहरूको कार्यान्वयनबाट पर्यटकीय संभावनाहरूको विकास, विस्तार, प्रबर्द्धन, पर्यटन व्यवसायमा विविधीकरण, पर्यटकीय पूर्वाधारहरूको विकास, संरक्षण, र सौन्दर्यीकरण, नयाँ नयाँ पर्यटकीय स्थलहरूको पहिचान, सबै क्षेत्र, वर्ग, जातजाति, लिङ्ग, गरिब, असहाय, निमुखा जनताहरूको पर्यटन क्षेत्रमा समावेशी पहुचँ विस्तार हुने अपेक्षा गरिएको छ ।

२. पर्यटक संख्या र प्रतिपर्यटक खर्चमा वृद्धि, रोजगारीको अवसर र विदेशी मुद्रा आर्जनमा उल्लेख्ख वृद्धि हुनेछ ।

३. पर्यटन व्यवसायबाट प्राप्त लाभ समुदाय र ग्रामीण क्षेत्रसम्म विस्तार भएको हुनेछ ।

४. सरकारी क्षेत्रको भूमिका नियमन, सहजीकरण, सहयोगी हुनेछ ।

५. पर्यटन पूर्वाधारको विकासमा सरकारी क्षेत्र, स्थानीय निकाय र निजी क्षेत्रको समन्वय, सहभागिता र सहकार्य हुनेछ ।

६. राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि भै गरीबी न्युनीकरणमा सहयोग पुग्नेछ ।

७. हवाइ क्षेत्रका कार्यक्रमहरूको कार्यान्वयनबाट दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रारम्भ, क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको विकास, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति र क्षमता विकास, अन्य विमानस्थलहरूको निर्माण, सुधार र स्तरोन्नति हुनेछ ।

८. हवाइ सिट संख्या र नेपाल आउने विमान संख्यामा वृद्धि हुनेछ । नेपाल वायुसेवा निगमको व्यवस्थापन र क्षमता सुधार भइ सार्वजनिक- निजी साझेदारीको अवधारणा अनुरूप सञ्चालन हुनेछ ।

९. यसबाट नेपालको हवाइ यातायात सुरक्षित, सर्वसुलभ, र विश्वसनीय हुनेछ । विश्वसनीय सुरक्षित हवाइ सेवाले पर्यटन आगमनमा महत्त्वपूर्ण सहयोग पुग्नेछ ।

## ४.२६ संस्कृति

### १. पृष्ठभूमि

देशभर छरिएर रहेका सांस्कृतिक सम्पदाहरू जस्तै मठ, मन्दिर, देवालय, शिवालय, विहार, गुम्वा, मस्जिद, चर्च, ऐतिहासिक तथा पुरातात्त्विक स्थलहरूको अध्ययन, अनुसन्धान, अन्वेषण, सर्वेक्षण, उत्खनन् एवं संरक्षण, सम्वर्द्धन र प्रर्वद्धन गर्नु आवश्यक देखिएको छ । देशका विभिन्न स्थानमा रहेका पुरातात्त्विक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन तथा प्रर्वद्धन गरी भाषा, कला, भेषभुषा र संस्कृतिको संरक्षण र बिशिष्टीकरणको माध्यमबाट जीवन्त संस्कृतिको जर्गेना गर्नु आवश्यक छ । यस क्षेत्रको अधिकतम विकास र विस्तार गर्न स्थानीय निकाय समेतको सहभागितामा संगठित संघ, संस्थाहरूसँगको सहकार्यमा यी सम्पदाहरूको दिगो व्यवस्थापन गर्नु पनि उत्तिकै आवश्यक भएको छ साथै अतिक्रमण, असुरक्षा र नष्ट हुनबाट जोगाउन स्वीकृत गुरूयोजना बमोजिम पशुपति, लुम्विनी, बृहत्तर जनकपुर विकास क्षेत्र लगायतका अन्य महत्त्वपूर्ण पुरातात्त्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण गरी धार्मिक पर्यटनको विकास गर्ने दृष्टिकोण राखी ती क्षेत्रहरूको निर्माण तथा विकासलाई प्राथमिकता दिइनु सान्दर्भिक हुन जान्छ । यसै सन्दर्भमा विश्व सम्पदा सुचिमा परेका स्थलहरूको उचित संरक्षण र व्यवस्थापन गरी राष्ट्रका अन्य सम्भावित साँस्कृतिक तथा पुरातात्त्विक सम्पदाहरूलाई विश्व सम्पदा सूचीमा सूचीकरण गराई यस्ता क्षेत्रहरूको विकास र विस्तार गर्न मद्दत पुग्ने कार्यक्रमहरू सञ्चालन गरिएका छन् । साथै बौद्धिक सम्पतिको चोरी, हानी नोक्सानी जस्ता अनुचित कार्यहरू हुन नदिइ त्यस्ता सम्पत्तिहरूको संरक्षण गर्ने नीति लिइएको छ ।

## २. अद्यावधिक स्थिति

नेपाल सरकारबाट राष्ट्रिय सांस्कृतिक नीति २०६७ जारी गरिएको छ । भाषा, कला, संस्कृति, ललितकला र संगीत नाट्य क्षेत्रको विकास, प्रर्वद्धन र संरक्षणको लागि नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको गठन भइ सञ्चालनमा रहेका छन् ।

केन्द्रीय अभिलेखालय, क्षेत्रीय संग्रहालय पोखरा, क्षेत्रीय संग्रहालय सुर्खेत, क्षेत्रीय संग्रहालय धनकुटा, गोरखा संग्रहालय, राष्ट्रिय संग्रहालय छाउनी, राष्ट्रिय मुद्रा संग्रहालय, कपिलवस्तु संग्रहालय, राष्ट्रिय कला भक्तपुर संग्रहालयको स्थापना भइ पूरातात्विक स्थल संरक्षणतर्फ कार्यक्रमहरू सञ्चालन रहेका छन् । त्यसै गरी ७२ जिल्लाको सम्पदाहरूको सुचिकरण भइ त्यसै अनुरूपका कार्यक्रमहरू सञ्चालन भइ रहेका छन् । साथै विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको संरक्षणका लागि कार्यक्रमहरू सञ्चालनमा रहेका र पवित्र धार्मिकस्थल देवघाट क्षेत्रको २० वर्षे गुरूयोजना स्वीकृत भएको, अन्य जातीय संग्रहालयहरू स्थापना कार्यलाई निरन्तरता दिइ राखी स्थानीय निकाय र समुदायको सहभागितामा धरान, चितवन, कीर्तिपुर, पोखरा, दाङ्ग र जुम्लामा जातीय संग्रहालयहरू स्थापना कार्य शुरू गरिएको, काठमाडौंको गोकर्णमा जनआन्दोलन तथा शहीद स्मृति सग्रहालयको पूर्वाधार विकास शुरू गरिएको, नारायणहिटी दरवार सग्रहालय स्थापना भइ केही भाग सर्वसाधारणको अवलोकनका लागि प्रवेश खुल्ला गरिएको, मैथिली साहित्यका महाकवि विद्यापतिको स्मृतिमा पुरस्कारको लागि रू १ करोडको अक्षयकोष स्थापना गरिएको छ । यसै गरी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले बौद्धिक सम्पत्ति सम्बन्धी विश्व निकाय World Intellectual Property Organization (WIPO) सँग समन्वय, सहयोग आदान प्रदान र सहकार्यको जारी राख्दै प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायहरु बीच समेत छलफल र समन्वयलाई प्रभावकारी बनाउन प्रयास गरिएका छन् । लुम्बिनी, पशुपति र जनकपुर क्षेत्रका गुरुयोजना अनुरूप पूर्वाधार विकास सम्बन्धी क्रियाकलापहरू समेत सञ्चालन भइरहेका छन् ।

## ३. समस्या तथा चुनौती

लुम्विनी विकास कोष, पशुपति क्षेत्र विकास कोष र वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्वीकृत गुरूयोजना अनुसारका कार्यहरू समयमै सम्पन्न गर्न विनियोजित बजेट रकम न्यून हुनु, विशेष ऐनद्वारा गठित सस्थाहरूमा सरकार परिवर्तन संगै पदाधिकारीहरूको फेरवदल हुनु, विश्व सम्पदा सूचीमा सूचीकृत स्थलहरूमा मापदण्ड अनुसार घर निर्माण गर्ने कार्य प्रभावकारी हुन नसक्नु, सम्पदा संरक्षणमा स्थानीय निकाय, व्यक्ति, संघ सस्थाहरूबीच सहकार्य, समन्वय र सहभागिता अपेक्षित रूपमा बढ्न नसक्नु, वर्तमान ऐन नियममा समयानुकूल परिमार्जन हुन नसक्नु, कार्यान्वयन गर्ने निकायहरूवीच समन्वय प्रभावकारी हुन नसक्नु, वौद्धिक सम्पति चोरीका घटनाहरूमा वृद्धि हुनु, दक्ष जनशक्तिको कमि हुनु, छरिएका सम्पदा तथा विश्वसम्पदा सूचीमा परेका धरोहरहरूमा अतिक्रमण बढदै जानु, जस्ता मुख्य समस्याहरू रहेका छन् ।

प्रतिलिपि अधिकारजन्य विषयलाई नियमन गर्ने निकायको पहुँच र स्तरवृद्धि, प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायहरूविच समन्वय र सहकार्य तथा विभिन्न विधामा गठन हुने रोयल्टी संकलन संस्थाको दिगोपना र स्थायित्व कायम राख्ने, कार्यरत निकायहरूवीच समन्वय बढाउने, संघ सस्थाहरूलाई सहभागितामूलक संरक्षण कार्यमा उत्साहित गर्ने कार्यहरू चुनौतीका रूपमा रहेका छन् ।

## ४. उद्देश्य

१. देशभरि छरिएर रहेका मूर्त तथा अमूर्त स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका ऐतिहासिक, पुरातात्त्विक, धार्मिक र साँस्कृतिक सम्पदाहरूको उत्खनन, संरक्षण र विकास गरी राष्टिय गरिमाको अविवृद्धि गर्नुको साथै तिनीहरूको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने ।

२. राष्ट्रले अङ्गिकार गरेको समावेशी नीति अनुसार विभिन्न भाषा, साहित्य, संगीत तथा नाट्य र कला र ललितकला क्षेत्रको उचित विकास र प्रर्वद्धन गर्ने ।

३. विभिन्न जातजातिका भाषाभाषिकाहरूको पहिचान, संरक्षण, प्रर्वद्धन र विकास गरि सम्पूर्ण नेपालीहतविच सद्भाव एवं एकता कायम गरी देशको अखण्डतामा वल पु¥याउने ।

४. साहित्य, कला, संगीत, चलचित्र, सूचना प्रविधि एवं ज्ञान-विज्ञानको क्षेत्रका वास्तविक स्रष्टा एवं तत्सम्बन्धी अधिकार धनीको आर्थिक तथा नैतिक अधिकारको संरक्षण गर्दै नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुको पालनाबाट अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रिय गरिमाको अभिवृद्धि गर्ने ।

## ५. रणनीति

१. पुरातात्त्विक, धार्मिक र सांस्कृतिक सम्पदाहरू र धरोहरहरूको पहिचान, संरक्षण, विकास र प्रर्वद्धन गर्ने ।

२. सामाजिक, साँस्कृतिक, धार्मिक सहिष्णुता, राष्ट्रिय एकता अभिवृद्धि हुने गरी सवै सम्प्रदायको धार्मिक र सांस्कृतिक मूल्य मान्यताहरूको सम्मान गर्ने वातावरण सिर्जना गर्ने ।

३. सवै सम्प्रदायहरूले अरूहरूका धार्मिक र सांस्कृतिक सम्पदाहरूप्रति सम्मान दर्शाउने र आफ्नो धार्मिक, सांस्कृतिक सम्पदाको आफै संरक्षण र प्रर्वद्धन गराउने वातावरण तयार गर्ने ।

४. छरिएर रहेका संस्कृतिसम्बन्धी विविध कार्यक्रमहरूलाई एकीकृत तथा समन्वयात्मक रूपमा सञ्चालन गर्ने ।

५. संस्कृति क्षेत्रमा राष्ट्रले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता, सन्धि, सम्झौता तथा अनुमोदनलाई प्रभावकारी कार्यान्वयन गर्न यथोचित रूपमा लगानी अभिवृद्धि गर्ने ।

## ६. कार्यनीति

१.१ राष्ट्रिय संस्कृति नीति निर्माण गरी यसको कार्यान्वयन गर्न आवश्यक निर्देशिकाहरू तयार गरिनेछ ।

१.२ प्रतिलिपि अधिकार तथा विश्वसम्पदा सूचीमा परेका क्षेत्रको उचित संरक्षण र सम्बर्द्धन गर्नुका साथै विश्वसम्पदा स्थलको महत्त्वका वारेमा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्दै अन्य सम्भावित स्थललाई समेत विश्व सम्पदा सूचीमा समावेश गराउन प्रयास गरिनेछ ।

१.३ साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्रमा भएका जनशक्तिको यथोचित उपयोग तथा आवश्यक नयाँ जनशक्ति विकास गरिनेछ ।

१.४ देशभित्रै प्राथमिकस्तरको पुरातात्त्विक प्रयोगशाला स्थापना गरिनेछ ।

१.५ मूर्त अमूर्त धार्मिक तथा सांस्कृतिक सम्पदा र उत्पादनहरूको सूचीकरण, वर्गीकरण तथा प्राथमिकीकरण गरी स्थानीय स्तरमा हस्तान्तरण गर्दै लगिनेछ ।

२.१ धार्मिक र सांस्कृतिक उत्थानका लागि स्थानीय स्तरमा आफै संरक्षण तथा प्रबर्द्धन गर्ने हेतुले कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१ मूर्त अमूर्त सम्पदाहरूको सुरक्षाको प्रभावकारी व्यवस्था गरिनेछ साथै यस क्षेत्रबाट हुने आम्दानीलाई व्यवस्थित र विस्तार गर्दै आयमा आधारित लगानीलाई विषेश जोड दिइनेछ ।

३.२ लोपोन्मुख भाषा तथा लोक संस्कृतिलाई संरक्षण गरिनेछ ।

४.१ अन्तर्राष्ट्रिय शान्ति पुरस्कार तथा अन्य पुरस्कार तथा सम्मान कार्यक्रमलाई व्यवस्थित तथा संस्थागत गरिनेछ ।

५.१ पशुपतिनाथ, लुम्बिनी र बृहत्तर जनकपुर जस्ता धार्मिक तथा पर्यटकीय क्षेत्र एवं विषयहरूको अन्तर्राष्ट्रि स्तरमा प्रचार प्रसार तथा प्रबर्द्धन गरिनेछ ।

## ७. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | आ.व. २०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनको लक्ष्य |
|---|---|---|---|
| १ | पुरातात्विक स्थल संरक्षण र सुधार | २२४ वटा | ४९६ वटा |
| २ | संग्रहालय संरक्षण र विकास सम्वन्धी कार्यक्रमहरू | ११ वटा | थप ६ वटा |
| ३ | पुरस्कार एव सम्मान स्थापना तथा प्रदान | ३ वटा पुरस्कार स्थापना र विभिन्न क्षेत्रका ४७ जना व्याक्तित्वहरू पुरस्कृत | विभिन्न ५ बटा पुरस्कारहरूको पुनर्नामाकरण गर्ने र क्षेत्रीय प्रतिभा पुरस्कार ७२ जनालाई |

## ८. प्रमुख कार्यक्रम

पशुपति, लुम्बिनी र बृहत्तर जनकपुर क्षेत्रका गुरूयोजनाको पुनसमीक्षा गरी कार्यान्वयन गर्ने, विश्व सम्पदा सूचीमा सूचीकृत विभिन्न स्मारकहरूको संरक्षण, जीर्णोद्धार एवं प्रचार प्रसार कार्यक्रम, राष्ट्रभरिका अमूर्त सम्पदाहरूको सूचीकरण तथा राष्ट्रिय महत्त्वका मूर्त सम्पदाहरूको अध्ययन, अनुसन्धान, उत्खनन, संरक्षण र विकास गरिने, क्षेत्रीय तथा केन्द्रीय संग्रहालय, केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला तथा राष्ट्रिय अभिलेखालयहरूको संस्थागत क्षमता अभिवृद्धि तथा आधुनिकीकरण कार्यक्रम सञ्चालन गर्ने, विभिन्न जातजातिका जातीय सग्रहालयहरू स्थापना र विकास मार्फत समावेशीकरण कार्यक्रम, नारायणहिटी दरवार सग्रहालय लगायत अन्य संग्रहालयको संरक्षण र सुधार गर्ने, विभिन्न जातजाति, भाषा, भाषीको संस्कृति संरक्षण कार्यमा स्थानीय निकाय, सामाजिक संघ सस्था र उपभोक्ता समितिहरूको परिचालन गरिने कार्यक्रम सञ्चालन गरिने, विभिन्न जनजातिहरूको मौलिक संस्कृति जगेर्ना, परम्परागत रीति रिवाज संरक्षणमा कार्यक्रम सञ्चालन गर्ने, राष्ट्रिय प्रतिभाको सम्मान एवं दलित, जनजाति र पिछडिएको समुदायका नवप्रतिभाहरूलाई प्रेरणा एवं हौसला प्रदान गर्ने, लोप भइसकेको, लोप हुन लागेको, पिछडिएको वर्गको भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन अनुसन्धान गर्ने, राष्ट्रिय भाषाहरूको शब्दकोष निर्माण तथा लब्ध प्रतिष्ठित लेखक तथा साहित्यकारहरूको लेख रचना प्रकाशन कार्यक्रम सञ्चालन गर्ने, विभिन्न जातजाति, भाषा, धर्म एवं सम्प्रदायका परम्परागत ज्ञान, लोक संस्कृति, भाषा, लिपि र सृजना सम्बन्धमा अध्ययन, संरक्षण एवं सम्बर्द्धनका कार्यक्रम सञ्चालन गर्ने, प्रतिलिपि अधिकार कानून कार्यान्वियन निकाय र कर्मचारीहतको क्षमता वृद्धि गर्ने खालका तालिम, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, छलफल जस्ता कार्यक्रम आयोजना गरिने, प्रतिलिपि अधिकार सम्बन्धमा अध्ययन अनुसन्धान र शोध, जनचेतनामूलक कार्यक्रम, अन्तर्राष्ट्रिय संघ संस्थासंग सहकार्य, समन्वय गरिने र प्रतिलिपि अधिकार सम्वन्धी सूचना तथा अभिलेखलाई अद्यावधिक गरिनेछ ।

## ९. कार्यान्वयन व्यवस्था

**कानूनी**-राष्ट्रिय संस्कृति नीति २०६७, पशुपति क्षेत्र विकास कोष ऐन, लुम्विनी विकास कोष ऐन, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, तथा मन्त्रालय अन्तर्गतका विकास समितिहरूका गठन आदेशहरू, प्राचिन स्मारक संरक्षण ऐन, अभिलेख संरक्षण ऐन र नियमावलीहरू, नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, संचार सस्थान ऐन, नेपाल प्रतिलिपि अधिकार ऐन तथा नियमावली कार्यान्वयनमा रहनेछन् ।

**संस्थागत**-संघीय मामिला, सविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग तथा अन्तर्गतका संग्रहालयहरू, दरवार हेरचाह तथा संरक्षित स्मारक संरक्षण कार्यालयहरू, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, पशुपति क्षेत्र विकास कोष, लुम्विनी विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, विभिन्न प्रज्ञा प्रतिष्ठानहरू र साँस्कृतिक संस्थान, राष्ट्रिय साँस्कृतिक सम्पदा संरक्षण परिषद् जस्ता संस्थागत व्यवस्था कार्यान्वयनमा रहनेछन् ।

### १०. अनुगमन तथा मूल्याङ्कन
विशेष कार्यक्रमको हकमा राष्ट्रिय योजना आयोग तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको समन्वयमा विस्तृत कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। संभव भएसम्म सबै कार्यक्रम/आयोजनाको कार्यान्वयनमा सेवाग्राहीहरूको संस्थागत सहभागिता गराउने संयन्त्रको विकास गरिनेछ। कार्यक्रम/आयोजना प्रमुखले तोकिएको कार्ययोजना अनुरूप कार्यान्वयन गर्ने र विशेष प्राथमिकता प्राप्त आयोजनाहरूको मासिक रूपमा र अन्यको चौमासिक रूपमा अनुगमन गरी तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन माथिल्लो निकायमा पठाउने व्यवस्था प्रभावकारी बनाइनेछ। विधागत रोयल्टी संकलन संस्थाहरुको रेखदेख, निरीक्षण र तिनीहरूको कार्यको अनुगमन एवं मूल्याङ्कन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गर्नेछ ।

### ११. अपेक्षित उपलब्धि
१. पुरातात्त्विक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षणमा स्थानीय निकायहरूमा स्वामित्व दिदा स्थानीय वासिन्दाहरूको अपनत्व वृद्धि भइ दिगो व्यवस्थापनमा मद्दत पुगेको हुनेछ ।
२. सांस्कृतिक समावेशीकरण तथा पूरातात्विक एवं ऐतिहासिक महत्त्वका सम्पदाहरूको संरक्षण, पुनर्निर्माण एवं जिर्णोद्धार भइ धार्मिक, सांस्कृतिक सम्पदाहरूको महत्त्व बढेको हुनेछ ।
३. विभिन्न पारम्परिक भाषा, धर्म, साँस्कृतिक सम्पदाहरू, उपयुक्त परम्पराहरू तथा साहित्य,कला, रीतिरिवाजहरूको संरक्षण र प्रचार भइ राष्ट्रको छवि उच्च हुनेछ ।
४. प्रतिलिपि अधिकारको संरक्षणबाट अन्तर्राष्ट्रिय स्तरमा सम्मान वृद्धि भएको हुनेछ ।
५. करिव ५०० भन्दा बढी सम्पदाहरूको संरक्षण भएको हुनेछ ।

## ४.२८ अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक विकास

### १. पृष्ठभूमि
भूमण्डलीकरणको प्रभावका रूपमा मुलुकहरूबीच उत्पन्न जटिल र बहुआयामिक आर्थिक अन्तर्सम्बन्धको धरातलमा देशका सामु उपस्थित चुनौतीहतलाई सामना गर्दै प्राप्त अवसरको सर्वोत्तम उपयोग गरी देशको वर्तमान राजनीतिक, सामाजिक र आर्थिक संक्रमणको सन्दर्भमा मुलुकलाई समृद्धि तथा आधुनिकीकरणतर्फ अगाडि बढाई जनताको जीवनस्तर उकास्नु आजको आवश्यकता हो। उक्त उद्देश्य हासिल गर्ने दिशामा मित्रराष्ट्रहरूसँग कायम रहने पारस्परिक सुसम्बन्धको महत्त्वपूर्ण भूमिका रहन्छ ।

सम्बृद्ध र आधुनिक नेपालको निर्माणका क्रममा आर्थिक विकासका लागि आर्थिक कूटनीति अवलम्वन गर्नु नेपालको परराष्ट्र नीतिको एक महत्त्वपूर्ण आयाम भएकाले अन्तर्राष्ट्रिय, क्षेत्रीय एवम् द्विपक्षीय सम्बन्धलाई अझ विस्तार र सुदृढ गर्नुपर्ने आवश्यकता छ। मुलुकको सर्वतोमुखी विकासका लागि कूटनीतिको भूमिकालाई अझ प्रभावकारी बनाउन परराष्ट्र मन्त्रालय एवम् विदेशस्थित नेपाली दूतावास तथा नियोगहरूलाई पर्यटन, वैदेशिक लगानी, श्रम तथा उद्योग/वाणिज्य जस्ता आर्थिक कूटनीतिका विविध क्षेत्रमा सक्रिय तुल्याउनु जरूरी देखिन्छ।

### २.अद्यावधिक स्थिति
समीक्षा अवधिमा थप मुलुकहरूमा नेपाली दूतावासको स्थापना भएको र मौजुदा दूतावास एवम् नियोगमा थप दरबन्दी सिर्जना गरिएकाले कूटनीतिक नियोग सुदृढीकरण गर्ने कार्य सम्पादन भएका छन्। साथै, हाल सम्पन्न हुन लागेको मन्त्रालय र नियोगको संगठन र व्यवस्थापन सर्वेक्षणले जनशक्ति थप गर्नुपर्ने आवश्यकता औंल्याएको छ। परराष्ट्रमन्त्रीको नेतृत्वमा उच्चस्तरीय आर्थिक कूटनीति सञ्चालन

समिति गठन गरिएको छ। आर्थिक कूटनीतिको कार्यक्रम अन्तर्गत विदेशस्थित दूतावास र नियोगहरूमा बजेट विनियोजन गरिएको छ। गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ र गैरआवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ मा भएका प्रावधान अनुरूप गैरआवासीय नेपाली परिचयपत्र जारी गर्न शुरू गरिएको छ।

## ३. समस्या तथा चुनौती

भूमण्डलीकरणका आयामिक परिवर्तन तथा क्षेत्रीय सांगठनिक उपक्रमका सन्दर्भमा विकसित विविध पक्षहरूलाई मुलुकको आर्थिक हित अनुकूल उपयोग गर्न सकिएको छैन। नेपालको परराष्ट्र नीतिका द्विपक्षीय एवम् वहुपक्षीय आयामहरूलाई मुलुकको आर्थिक समुन्नतिका दिशामा उन्मुख गराउन एवम् अन्तर्राष्ट्रिय र क्षेत्रीय संघ संगठनहरूसँगको सम्बन्ध सुदृढ गरी आर्थिक विकासमा योगदान पुऱ्याउनु चुनौतीका रूपमा देखिएको छ।

विश्वसमुदायमाझ नेपालप्रति रहेको सद्भाव तथा देशको विकासका लागि अन्तर्राष्ट्रिय समुदायबाट निरन्तर रूपमा प्राप्त सहयोग र समर्थन नेपालको समग्र विकासका लागि अवसरका रूपमा लिन सकिन्छ।

## ४. दीर्घकालीन सोच

नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सम्बृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणमा क्रियाशील रहेको हुने।

## ५. उद्देश्य

अन्तर्राष्ट्रिय, द्विपक्षीय तथा बहुपक्षीय सम्बन्धमार्फत दिगो शान्ति र राष्ट्रको समग्र विकासका लागि अन्तर्राष्ट्रिय सम्बन्धलाई सशक्त माध्यमका रूपमा विकास गर्ने।

## ६. रणनीति

१. देशको सर्वतोमुखी आर्थिक सामाजिक विकासका लागि आर्थिक कूटनीतिलाई प्राथमिकता दिने।

२. नेपालको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध सुदृढ गर्न एवम् नेपालमा प्रत्यक्ष वैदेशिक लगानी बढाउन गैरआवासीय नेपालीको भूमिकालाई बढावा दिने।

३. छिमेकी मुलुकहरूको उच्च आर्थिक वृद्धिले सिर्जना गरेका अवसरबाट लाभ लिने।

## ७. कार्यनीति

१.१ आर्थिक कूटनीतिको माध्यमबाट व्यापार, लगानी, प्रविधि हस्तान्तरण, आर्थिक सहयोग, पर्यटनको प्रबर्द्धन, मानव संशाधन विकास, वैदेशिक रोजगार प्रबर्द्धन आदिका लागि परराष्ट्र मन्त्रालय र विदेशस्थित कूटनीतिक नियोगको भूमिकालाई अझ प्रभावकारी बनाई परिचालन गरिनेछ।

१.२ आर्थिक कूटनीतिको प्रभावकारी कार्यान्वयनका लागि विदेशस्थित नेपाली दूतावास एवम् नियोगमा थप दरबन्दी र स्रोत साधन उपलब्ध गराई क्षमता अभिवृद्धि गरिनेछ। साथै, नेपालको कूटनीतिक प्रतिनिधित्वको आवश्यकता भएका मुलुकहरूमा नेपाली दूतावासको स्थापना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१.३ नेपालको हितका विषयमा द्विपक्षीय, क्षेत्रीय र वहुपक्षीय सम्बन्ध तथा अन्तर्राष्ट्रिय संघ संगठनलाई क्रियाशील र सुदृढ गर्न परराष्ट्र नीति तथा आर्थिक कूटनीतिलाई प्रमुख माध्यमको रूपमा प्रयोग गरिनेछ।

१.४ आर्थिक कूटनीतिको दिशानिर्देश, अन्तर्निकाय समन्वय र अनुगमनका लागि गठन गरिएको उच्चस्तरीय संयन्त्रलाई थप क्रियाशील र परिणाममुखी तुल्याइनेछ।

१.५ आर्थिक कूटनीति सञ्चालन गर्ने परराष्ट्र मन्त्रालयको अग्रणी भूमिकाका सन्दर्भमा सम्बन्धित विषयगत मन्त्रालयहरूको सक्रिय सहयोग उपलब्ध गराइनेछ।

२.१ नेपालको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध सुदृढ गर्न गैरआवासीय नेपालीहरूको भूमिका प्रभावकारी बनाइनेछ ।

२.२ गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ र गैरआवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ मा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी गैरआवासीय नेपालीलाई नेपालमा लगानी गर्न उत्प्रेरित गरिनेछ ।

३.१ छिमेकी मुलुकहरूको द्रुत आर्थिक विकासलाई दृष्टिगत गर्दै तथा परम्परागत सम्बन्धलाई सुदृढ गर्दै नेपालको आर्थिक विकासमा टेवा पुऱ्याउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।

३.२ वैदेशिक प्रत्यक्ष लगानीलाई प्रोत्साहित गरी प्राथमिकता प्राप्त क्षेत्रहरूमा भित्र्याउन आवश्यक नीति अवलम्वन गरिनेछ ।

**८. अपेक्षित उपलब्धि**

१. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक अभ्यास मुलुकको सर्वतोमुखी विकासको लक्ष्य हासिल गर्ने दिशामा प्रभावकारी रूपमा परिचालित हुनेछ ।

२. नेपालका कूटनीतिक नियोगहरूको सुदृढीकरणबाट नेपालको आर्थिक कूटनीतिको अभ्यास प्रभावकारी र परिणाममुखी हुनेछ ।

३. देशमा गैरआवासीय नेपालीको लगानी वृद्धि भइ मुलुकको आर्थिक विकासमा ठोस योगदान पुग्नेछ ।

४. छिमेकी मुलुकहरूमा भइरहेको द्रुत आर्थिक विकासले सिर्जना गरेका अवसरको लाभ लिनसक्ने वातावरण उत्पन्न हुनेछ ।

# अध्याय-५
# सामाजिक विकास नीति

## ५.१ विकेन्द्रीकरण, स्वायत्त शासन र स्थानीय विकास

### १.पृष्ठभूमि

नेपालको अन्तरिम संविधान २०६३ ले संघीय शासन प्रणाली अवलम्बन गर्दै देशको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रवर्द्धन गर्न, जनतालाई स्थानीय स्तरमा नै सेवा सुविधा उपलब्ध गराउन र लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणमा आधारित स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको व्यवस्था गरिनेछ भन्ने उल्लेख भएबाट विकेन्द्रीकरण र स्वायत्त शासनको महत्त्व बदलिदो राजनीतिक परिवेशमा अझ प्रखररूपमा स्थापित भएको छ।

स्थानीय स्तरमा उपलब्ध हुने स्रोत, साधन, सीप र प्रविधिको अधिकतम परिचालन गर्दै स्थानीय आवश्यकता अनुरूपका विकास कार्यक्रम सञ्चालन गरी जन आवश्यकता अनुसारका सेवा प्रवाह गर्नु स्थानीय विकास क्षेत्रको प्रमुख उद्देश्य हो। उक्त उद्देश्य प्राप्तिका लागि समावेशी र सहभागितामूलक प्रक्रियाबाट विकासका कार्यक्रमहरू सञ्चालन गरी आधारभूत सेवा र सुविधामा जनताको अधिकतम पहुँच र स्वामित्व बढाउँदै दिगो विकास हासिल गर्न निक्षेपणको माध्यमबाट स्थानीय स्वायत्त शासन पद्धतिको विकास गर्नका लागि स्थानीय तहको संस्थागत विकासमा समेत जोड दिन आवश्यक छ।

लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्थानीय स्वायत्त शासनको माध्यमद्वारा जनताको जीवनस्तर सुधार गर्ने सोचसहित प्रभावकारी विकेन्द्रीकरण, स्थानीय स्वायत्त शासनको व्यवस्था र राज्य पुन:संरचनाको आधारमा स्थानीय तहहरूको संरचना, कार्यजिम्मेवारी, स्रोतसाधनको अधिकार, स्वायत्तता, संगठन तथा क्षमता विकास र सेवा प्रवाहमा प्रभावकारिताका लागि अपनाउनु पर्ने व्यवस्थापन र भूमिकालाई दृष्टिगत गरी अगाडि बढन आवश्यक देखिएको छ।

### २. अद्यावधिक स्थिति

त्रिवर्षीय अन्तरिम योजना अवधिमा स्थानीय तहमा क्रियाशील राजनीतिक दल, स्थानीय समुदाय र सरकारी कर्मचारीहरूको संयुक्त प्रयासमा स्थानीय स्रोत, साधन र क्षमतालाई परिचालन गरी सामाजिक आर्थिक तथा संस्थागत र भौतिक पूर्वाधार विकास, स्थानीय पूर्वाधार निर्माण, निक्षेपण र विभिन्न क्षमता विकासका कार्यक्रमहरू मार्फत स्थानीय स्तरमा सेवा प्रवाह र स्थानीय स्वायत्त शासन व्यवस्थालाई सुदृढ गर्ने दिशामा केही महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। सबै जिल्लामा जिल्ला सडक गुरूयोजना तयार हुनु, स्थानीय निकायको क्षमता अभिवृद्धिका प्रक्रियाहरूको थालनी हुनु, कार्यसम्पादनमा आधारित अनुदान पद्धतिको शुरूवात हुनु, स्रोतको विनियोजन र परिचालनमा स्थानीय निकायको भूमिकामा वृद्धि हुनु तथा स्थानीय निकायको अनुगमनमा सुधार हुनु, स्थानीय जनताको सहभागितामा योजनाको पहिचान, तर्जुमा, कार्यान्वयन र प्रतिफलको बाँडफाँडमा सम्बन्धित स्थानीय निकायलाई नै जिम्मेवार र जवाफदेही बनाउने पद्धतिको विकासलाई उपलब्धिको रूपमा लिन सकिन्छ।

स्थानीय निकायलाई उपलब्ध गराउने अनुदानको रकम वृद्धि गरिएको छ र उक्त अनुदानलाई सूत्रमा आबद्ध गरी कार्यसम्पादनको आधारमा रकम वितरण शुरू गरिएको छ। जिल्ला विकास समिति र नगरपालिकालाई निशर्त अनुदान दिंदा स्थानीय निकाय वित्तीय आयोगबाट स्वतन्त्र, दक्ष विशेषज्ञ मार्फत न्यूनतम शर्त तथा कार्य सम्पादन मापन गराई प्राप्त नतिजाको आधारमा अनुदानलाई थप/घट गर्ने गरिएको छ। साथै यस मूल्याङ्कनमा उत्कृष्ट कार्य सम्पादन गर्नेलाई पुरस्कृत गर्ने परिपाटी शुरू गरिएको छ। गाउँ विकास समितिको न्यूनतम शर्त मापन कार्य समेत शुरूवात गरिएको छ। स्थानीय निकायमा जाने निसर्त अनुदानबाट स्थानीय

तहका स-साना विकास निर्माण एवं पूर्वाधारका काम गर्ने, संस्थागत विकास, क्षमता विकास तथा दातृ संस्थाको सहयोगमा स्थानीय तहमा सञ्चालित योजनाको लागि समपुरक कोष बेहोर्ने जस्ता कार्यहरूमा लगानी भएको छ। आ.व. २०६६/६७ सम्म ७ जिल्लाहरूको आवधिक जिल्ला विकास योजना निर्माण भएको छ भने जिल्ला सडक गुरू योजना निर्माण भएका ७५ जिल्लाहरू मध्ये ७ जिल्लाको गुरू योजना अद्यावधिक गरिएको छ। सबै जिल्ला विकास समिति र नगरपालिकामा भौगोलिक सूचना प्रणाली स्थापना गरिएको छ।

ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख आदिबासी जनजाति र अपाङ्गता भएका व्यक्तिहरूलाई मासिक भत्ता दिने कार्यलाई निरन्तरता दिइएको छ। त्रिवर्षीय अन्तरिम योजनाको अन्तिम वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक ६,१९,५०१ जना, एकल महिला २,६७,४१३ जना, लोपोन्मुख आदिबासी १,५६८ जना, पूर्ण अपांग १३,०८९ जना, र आंशिक अपांग ६,८७५ जना गरी कूल १० लाख ३३ हजार जना पुगेका छन्।

स्थानीय स्तरमा पूर्वाधार विकासका लागि स्थानीय पूर्वाधार विकास नीति अनुरूप सञ्चालित विभिन्न आयोजनाहरूबाट अन्तरिम योजना अवधिमा ७८० कि.मी. कालोपत्रे सडक निर्माण, ६००० कि.मि. नयाँ कच्ची सडक निर्माण, ५२६४ कि.मी. नयाँ ट्र्याक खोल्ने कार्य, ३६०० कि.मि. ग्राभेल सडक निर्माण, १०३०० कि. मि. सडकको नियमित मर्मत संभार गर्ने कार्य भएको छ। यस अवधिमा ४३० वटा झोलुंगे पुलको निर्माण सम्पन्न र ३६०० वटा झोलुंगे पुलको मर्मत सम्भार गर्ने कार्य भएको छ। यसै गरी ६१०० वटा ग्रामीण खानेपानी योजना निर्माण सम्पन्न भएका छन्। यस अवधिमा करिब १४००० हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध गराइएको छ। स्थानीय सडक पूर्वाधारलाई क्षेत्रगत अवधारणा अनुसार एकीकृत गर्न SWAp (Sector Wide Approach) निर्देशिका तयार गरी ७ जिल्लामा परीक्षणको रूपमा लागू गरिएको छ। यसै गरी झोलुंगे पुल कार्यक्रम समेतमा पचहत्तरै जिल्लामा क्षेत्रगत अवधारणा लागू गरिएको छ।

काठमाडौं उपत्यकाको जैविक फोहोर व्यवस्थापनको लागि निजी क्षेत्रको सेवा लिन सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत प्राप्त भएका प्रस्ताव मूल्याङ्कनको कार्य भइ रहेको छ। स्थानीय निकायहरू (न.पा. तथा नगरोन्मुख गा.वि.स.) ले साझा अवधारणा अन्तर्गत रही फोहरमैला व्यवस्थापन गर्ने सिलसिलामा जनचेतना, प्राङ्गारिक मल निर्माण, ल्यान्डफिल साइट व्यवस्थापन, ऊर्जा विकास आदि क्षेत्रमा निजी क्षेत्रसंग सहकार्य भएको छ। विकासका दृष्टिले पछाडि परेका क्षेत्रहरूको सन्तुलित विकासका लागि क्षेत्रगत तुलनात्मक लाभ एवं स्थानीय प्रतिस्पर्धात्मक क्षमताको पहिचानको आधारमा क्षेत्रीय आर्थिक विकास कार्यक्रम सञ्चालन गर्ने कार्य प्रारम्भ भएको छ।

### ३. समस्या तथा चुनौती

आर्थिक विकासको प्रतिफल न्यायोचित रूपमा वितरण हुन नसक्नु, स्थानीय निकायमा राजनीतिक पदाधिकारीको व्यवस्था हुन नसक्नु, उच्चस्तरीय विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समिति अपेक्षित रूपमा सक्रिय हुन नसकी विषयगत निक्षेपणको नीति, रणनीति र खाकाको अस्पष्टता एवं बुझाईमा एकरूपता कायम हुन नसक्नु, स्थानीय सेवा सम्बन्धी कानुनी व्यवस्था भइ नसकेकोले स्थानीय निकायमा उत्तरदायी कर्मचारी संयन्त्रको विकास हुन नसक्नु, केन्द्रबाट खटाइने कर्मचारीको सरूवाको कारण स्थानीय विकास निर्माण र सेवा प्रवाहको कार्य प्रभावकारी हुन नसक्नु, स्थानीय योजना व्यवस्थापन प्रक्रियामा सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी तथा सामुदायिक संस्था एवं अन्य सरोकारवालाहरू विचको समन्वय तथा योजना अनुगमन पद्धति प्रभावकारी नहुँदा काममा दोहोरोपना हुनुको साथै वित्तीय अनुशासन कमजोर देखिनु, वित्तीय विकेन्द्रीकरणको व्यवहारिक रूपमा कार्यान्वयन हुन नसक्दा स्थानीय निकायहरूले वित्तीय दृष्टिले सक्षम भै प्राप्त कार्यजिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्न नसक्नु जस्ता समस्याहरू रहेका छन्।

स्थानीय निकायहरूको पुनःसंरचना गरी प्रशासनिक, आर्थिक र समन्वयको दृष्टिले उपयुक्त इकाइमा रूपान्तरण गर्ने, स्थानीय निकायको निर्वाचन वा उत्तरदायी अन्तरिम व्यवस्था गरी स्थानीय निकायलाई जनप्रतिनिधि मार्फत सञ्चालन गराउने, परिवर्तित सन्दर्भलाई समेत सम्बोधन गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन ऐन तथा अन्य विषयगत कानूनहरूको परिमार्जन र संशोधन गर्ने, विकेन्द्रीकरण, निक्षेपण र स्वायत्त शासनको अवधारणा र प्रक्रियामा सबै सरोकारवालाहरूको बुझाइमा एकरूपता कायम गर्ने जस्ता विषयहरू चुनौतीको रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

स्थानीय विकास प्रयासलाई सबल स्थानीय स्वायत्त निकायको नेतृत्वमा सञ्चालन गर्दै जनताको जीवन स्तरमा सुधार ल्याउने ।

## ५. उद्देश्य

विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायको नेतृत्वदायी भूमिकामा स्रोत, साधन, सीप तथा प्रविधिको समेत उपयोग गर्दै जनताका आधारभूत सेवा एवं सुविधाहरू प्रभावकारी ढंगले उपलब्ध गराई विकास तथा सेवाका अवसरहरूमा स्थानीयवासीको पहुँच अभिवृद्धि गर्ने ।

## ६. रणनीति

१ संघीय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरूप राजनीतिक, वित्तीय र प्रशासनिक अधिकारहरू स्थानीय निकायमा निक्षेपण गरी अधिकार सम्पन्न, जिम्मेवार तथा उत्तरदायी स्थानीय निकायको स्थापना र सञ्चालन गर्ने ।

२ भौगोलिक, सामाजिक एवं आर्थिक रूपमा पछाडि परेका विपन्न वर्ग, क्षेत्र र समुदायलाई समन्यायिक तथा समावेशीकरणका माध्यमबाट सशक्तीकरण गरी स्रोत साधनमा उनीहरूको पहुँच अभिवृद्धि र स्वामित्व स्थापित गर्ने ।

३ स्थानीय स्रोत र श्रममूलक प्रविधिमा आधारित एवं वातावरण मैत्री जलवायु परिवर्तन अनुकूलन र सहभागितामूलक पूर्वाधार विकासका माध्यमबाट स्थानीय तहमा रोजगारी सिर्जना गरी जनताको जीवनस्तर माथि उठाउने ।

४ स्थानीय स्वायत्त शासन पद्धतिको सुदृढीकरण गर्न विषयगत मन्त्रालयहरूबाट तयार गरिने/गरिएको निक्षेपण कार्ययोजना अनुरूप अधिकारको निक्षेपण र स्थानीय निकायको क्षमता अभिवृद्धि गर्दै एकीकृत रूपमा सेवा उपलब्ध गराई सुशासनको प्रत्याभूति गर्ने ।

५ स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला संस्थाहरूको भूमिका स्पष्ट गर्दै तिनीहरूलाई स्थानीय निकायहरू प्रति उत्तरदायी बनाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

६ लैंगिक, समतामुखी र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

## ७. कार्यनीति

१.१ स्थानीय निकायहरूलाई निक्षेपित अधिकार, राजस्वको स्रोत, प्रशासनिक क्षमता, एकरूपता र कार्यकुशलता आदिका आधारमा स्रोत, साधन र जवाफदेहिता सहितको तहगत जिम्मेवारी बाँडफाँड गरिनेछ ।

१.२ स्थानीय स्वायत्त शासन पद्धतिको सुदृढीकरण गर्न राष्ट्रिय योजना आयोग र स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी क्षेत्रगत मन्त्रालयहरूबाट तयार गरिएको/गरिने निक्षेपण कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१.३ अधिकार निक्षेपणको अवधारणा अनुकूल हुने गरी स्थानीय तहमा विभिन्न निकायहरूबाट सञ्चालन हुने योजनाहरूको समन्वय, सहजीकरण र जानकारी आदान प्रदान गर्ने प्रभावकारी व्यवस्था मिलाइनेछ ।

१.४ स्थानीय निकायबाट प्रवाह हुने सेवा र सुविधालाई प्रभावकारी बनाउन कार्यवोझको आधारमा स्थानीय निकायहरूको मौजुदा प्रशासनिक संगठनहरूको पुनरावलोकन गरी सुदृढीकरण गरिनेछ।

१.५ स्थानीय निकायको उपयुक्त कानुनी आधार तयार गर्न आवश्यकता अनुसार ऐन तथा नियमावलीहरूको परिमार्जन गरिनेछ ।

१.६ नगरपालिका घोषणा सम्बन्धी मापदण्डहरूमा आवश्यक परिमार्जन गरी वैज्ञानिक बनाइनेछ ।

२.१ कर्णाली र सीमावर्ती क्षेत्र लगायत दुर्गम, पिछडिएका क्षेत्र र वर्गको उत्थान गर्ने गरी रोजगारी, उत्पादन र आयमूलक जस्ता विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.२ स्थानीय विकासका गतिविधिहरूमा नागरिकको सहभागिता वृद्धि गरी मागमा आधारित विकासलाई सुनिश्चित गर्न सामाजिक परिचालनको अवधारणालाई अबलम्बन गर्दै सामाजिक र आर्थिक रूपमा पछि परेका एवं सीमान्तकृत विभिन्न वर्ग एवं समूहहरूको पहिचान गरी ती वर्गको उत्थान, विकास र मूलप्रवाहीकरणबाट गरीबी निवारणमा टेवा पुऱ्याउन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२.३ दुर्गम क्षेत्रको समग्र विकास कार्यक्रमका लागि विद्यमान् आर्थिक स्रोत र साधनलाई प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाई विकास रणनीति तथा कार्यक्रम तयार गरी सोही अनुरूप कार्यक्रम सञ्चालन गरिनेछ ।

२.४ स्थानीयस्तर देखि नै वाल अधिकारको संरक्षण र सम्बर्धन गर्न बालमैत्री स्थानीय शासन प्रणालीलाई संस्थागत गर्दै महिला, बालबालिका तथा पिछडिएका समुदायको पोषण स्थितिमा सुधार ल्याउन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.५ भौगोलिक, सामाजिक एवं आर्थिक रूपमा पछाडि परेका विपन्न-वर्ग, क्षेत्र, जात, जाति, लिंग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट सशक्तीकरण गरी उपलब्ध स्रोत, साधन, र निर्णय प्रक्रियामा उनीहरूको पहुँच अभिवृद्धि गरिनेछ ।

२.६ आर्थिक सामाजिक रूपले पछाडि रहेका, निश्चित उमेर समूहका, भिन्न क्षमता भएका नागरिक र लोपोन्मुख तथा सिमान्तीकृत समुदायलाई न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने गरी सामाजिक सुरक्षा तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.१ स्थानीय जनतालाई सामाजिक सेवा तथा आर्थिक अवसरहरूमा भरपर्दो पहुँच उपलब्ध गराउन ग्रामीण सडकहरूलाई बाह्रै महिना यातायात सेवा उपलब्ध गराउन सक्ने गरी स्तरोन्नति गर्न सडकहरूको योजनाबद्ध मर्मत सम्भार गर्ने तथा सडक पुलहरूको निर्माण गर्ने कार्य गरिनेछ । स्थानीय पूर्वाधारहरूको निर्माण गर्दा वातावरण संरक्षणलाई प्रश्रय दिइनेछ ।

३.२ स्थानीय जाति-जनजाति आदिका सीप, दक्षता वा अन्य विशेषताहरू र स्थानीय सार्वजनिक सम्पदाको पहिचान गरी सोको उपयोग गर्ने वातावरण तयार गरिनेछ ।

३.३ अधुरा आयोजनाहरूलाई सम्पन्न गर्ने र स्रोत साधनलाई एकीकृत गरी उपलब्ध स्रोतले धान्ने किसिमले आयोजनाहरूको प्राथमिकता निर्धारण गर्ने नीति अवलम्वन गरिनेछ ।

३.४ स्थानीय आवश्यकता र मागमा आधारित विकास आयोजनाहरू सञ्चालन गर्न डालो बजेट प्रणालीका आधारमा स्रोतको परिचालन गरिनेछ ।

३.५ प्राकृतिक स्रोत र साधनको अधिकतम उपयोग एवं दिगो रूपमा प्रबर्द्धन गरी वातारण संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै स्थानीय स्रोतको परिचालन गर्दा वातावरण मैत्री उपायहरूको अवलम्वन गरिनेछ ।

३.६ ग्रामीण तथा शहरी क्षेत्रको सरसफाइ र फोहरमैला व्यवस्थापन कार्यमा निजी तथा सामुदायिक क्षेत्रको सहभागिता, संलग्नता र स्वामित्व अभिवृद्धि गरिनेछ ।

३.७ ग्रामीण पूर्वाधार नीति र रणनीतिक कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

४.१ स्थानीय निकायको क्षमता अभिवृद्धिका लागि दक्ष जनशक्ति तयार गर्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान लगायतका उपयुक्त संस्थाहरूको स्वदेशी एवं विदेशी संस्था र निकायसँग समन्वय र सञ्जालीकरण गरिनेछ ।

४.२ स्थानीय राजस्व परिचालन र अन्तर्सरकारी वित्तीय हस्तान्तरणको माध्यमबाट प्राप्त साधन र स्रोतको व्यवस्थापनद्वारा स्थानीय निकायको क्षमता विकास गरी विनियोजन दक्षता, वित्तीय कुशलता र सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय निकायको क्षमता अभिवृद्धि गरिनेछ ।

४.३ स्थानीय निकायलाई सूचनाको प्रारम्भिक एवम् प्रामाणिक स्रोतका रूपमा संस्थागत विकास गर्न व्यक्तिगत घटना एवं अभिलेख दर्ता र प्रमाणीकरणका कार्यहरूलाई प्रभावकारी बनाउँदै लगिनेछ ।

४.४ स्थानीय कार्यक्रमको लागि आवश्यक पर्ने सबै किसिमका सूचना प्राप्त गर्न सक्ने गरी जिल्ला सूचना केन्द्रलाई स्थानीय तहको सूचना बैंकको रूपमा सुदृढ गर्दै गैर सरकारी संस्था, नागरिक समाज र समुदायमा आधारित संस्थाले समेत सूचना प्राप्त गर्न सक्ने गरी सूचनाको प्रशोधन र प्रचारप्रसार गर्न सक्ने गरी क्षमता अभिवृद्धि गरिनेछ ।

४.५ स्थानीय निकायहरूमा सहभागितामूलक सामाजिक, सार्वजनिक लेखा, व्यवस्थापन र गुणस्तर परीक्षण, पारदर्शी तथा उत्तरदायित्वपूर्ण कार्य प्रणाली र विद्युतीय शासन प्रणालीको प्रबर्द्धन गर्दै लगिनेछ ।

४.६ सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको कार्यान्वयनमा स्थानीय निकायको भूमिकाको सुदृढीकरण र विस्तार गर्दै सामाजिक सुरक्षा भत्ताको वितरण वित्तीय संस्थाहरूबाट गर्ने प्रणाली स्थापित गर्दै लगिनेछ ।

५.१ स्थानीय निकायमा सञ्चालन हुने विभिन्न सरकारी र गैरसरकारी क्षेत्रका कार्यक्रमहरूमा रहेको दोहोरोपन हटाई एकीकृत र समन्वयात्मक ढंगले कार्य सञ्चालन गरिनेछ ।

५.२ स्थानीय निकायबाट प्रदान गरिने सेवा प्रवाह र विकास निर्माण कार्यहरू प्रभावकारी रूपमा परिचालन गर्न निक्षेपित क्षेत्रहरू, सरोकारवाला, गैरसरकारी तथा सामुदायिक संस्थाहरूलाई स्थानीय निकायहरूप्रति जवाफदेही बनाइनेछ ।

५.३ स्थानीय योजना प्रक्रियामा उपभोक्ता समितिको सहभागिता, संलग्नता र स्वामित्व स्थापित गरी लागत, लाभ, अग्रसरता र उत्तरदायित्वको दृष्टिले योजना तर्जुमा, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन उपभोक्ता समितिको गठन र सञ्चालन सम्बन्धी एकीकृत कार्यविधि बनाई लागु गरिनेछ ।

५.४ विकेन्द्रीकरण, स्वायत्त शासन र स्थानीय विकासका क्रियाकलापहरूमा स्थानीय निकायका प्रतिनिधिमूलक संघ/ महासंघ सँग साझेदारी र सह-कार्यलाई प्रबर्द्धन गर्दै लगिनेछ ।

५.५ सार्वजनिक, पर्ति, नदी उकास लगायतका सार्वजनिक जग्गा जमिन, ताल तलैया, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र उपयोगमा स्थानीय निकायको भूमिकालाई स्थापित गरी जिम्मेवार बनाइनेछ ।

५.६ संवेदनशील क्षेत्रलाई प्राथमिकता दिइ जलवायु परिवर्तन अनुकूलन कार्यलाई कार्यान्वयन गर्दै लगिनेछ ।

५.७ एउटै क्षेत्रमा नगरपालिका र नगर विकास समितिले कार्य सम्पादन गर्दा काममा दोहोरोपना आउन सक्ने सम्भावनालाई दृष्टिगत गरी नगर विकास समितिको गठन र सञ्चालन सम्बन्धी विद्यमान् व्यवस्थाको पुनरावलोकन गरी उपयुक्त व्यवस्था मिलाइनेछ ।

६.१ उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका लागि लक्षित कार्यक्रम विस्तार गरिनेछ ।

६.२ स्थानीय निकायका प्रत्येक अंगमा लैंगिक, समतामुखी र समावेशी विकासको अवधारणा अवलम्वन गर्ने नीति बनाइ लागु गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं | विवरण | आ.व. २०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनको लक्ष्य |
|---|---|---|---|
| १ | नगरपालिकाको आवधिक योजना तर्जुमा | १८ | ५८ |
| २ | जिल्ला सडक गुरू योजनाको अद्यावधिक गर्ने कार्य | ७ | ४५ |
| ३ | जिल्ला सडक गुरू योजना संग समन्वय गरी नगरस्तरीय सडक गुरू योजना निर्माण | - | १५ |
| ४ | स्थानीय योजना तर्जुमामा महिलाको सहभागिता | १२ प्रतिशत | ३३ प्रतिशत |
| ५ | सामाजिक परिचालन नक्साङ्कन | ६६ जिल्ला | ७५ जिल्ला |
| ६ | विपन्न वर्ग नक्साङ्कन (DAG Mapping) अद्यावधिक गर्ने | - | ७५ जिल्ला |
| ७ | स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीको आचार संहिता तयारी एवं कार्यान्वयन | - | सबै जिल्ला/नपा |
| ८ | जिल्ला विकास समितिबाट सामुदायिक विकास कोष स्थापना | ५५० गाविस | ८८० गाविस |
| ९ | नगरपालिका साझेदारी विकास कोष मार्फत टोल विकास संस्थाको परिचालन | २० नपा | ३५ नपा |
| १० | सामाजिक परिचालन मार्फत नागरिक सचेतना केन्द्र सञ्चालन | - | ३९१५ गाविस र नपाका ४०० वडा |
| ११ | स्थानीय निकायहरूमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता औजारहरूको प्रयोग गरी सार्वजनिक उत्तरदायित्वमा अभिवृद्धि | ८ प्रतिशत जिविस र ५ नपा | ४० जिविस, ४० नपा र ५०० गाविस |
| १२ | वेव साइट स्थापना र नियमित अद्यावधिक गरी सञ्चालन | ३६ जिविस ३३ नपा | सबै जिविस र नपा |
| १३ | जिल्ला गरीबी अनुगमन तथा विश्लेषण पद्धति स्थापना र प्रयोग | १३ जिविस | सबै जिविस |
| १४ | फोहोर मैला व्यवस्थापन स्थलको विस्तृत अध्ययन, सर्वेक्षण र निर्माण | १० नपा | २० नपा |
| १५ | सार्वजनिक निजी साझेदारीमा फोहोर मैला व्यवस्थापन | ३ नपा | २० नपा |
| १६ | राष्ट्रिय भवन निर्माण आचार संहिताको कार्यान्वयन | ५ नपा | २० नपा |
| १७ | एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन | ५ नपा | १५ नपा |
| १८ | एकीकृत संपत्तिकर कार्यान्वयन | ३२ नपा | ४० नपा |
| १९ | व्यक्तिगत घटना दर्ता सम्बन्धी कम्पुटर प्याकेजको जडान तथा कार्यान्वयन | - | ६५ जिल्ला |
| २० | जन्म दर्ता | ७५ प्रतिशत | ९० प्रतिशत |
| २१ | अन्य व्यक्तिगत घटना दर्ता (मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) | ४० प्रतिशत | ६५ प्रतिशत |
| २२ | सामाजिक सुरक्षा भत्ता वितरण | १०३३००० | ११ लाख |
| २३ | बाल विकास वस्तुगत विवरण तथा बाल संरक्षण कार्ययोजना निर्माण | - | ३७जिल्लाका ३०० गाविस र १५ नपा |
| २४ | माटे सडक निर्माण (किमि) | २४ हजार | २७००० |
| २५ | सडकको स्तरोन्नति तथा पुनःस्थापना (किमि) | ३५१५ | ८२८५ |
| २६ | मुख्य मार्ग र स्थानीय मार्गमा झोलुङ्गे पुल निर्माण (वटा) | ४३०० | ५७०० |
| २७ | ग्रामीण खानेपानी तथा सरसफाइ सम्बन्धी योजना सम्पन्न (वटा) | ४०० | १२०० |
| २८ | साना सिंचाइ सुविधा पुगेको क्षेत्र हेक्टरमा | ५००० | २१००० |
| २९ | स्थानीय तहमा रोजगारी सिर्जना (श्रम दिन प्रतिवर्ष) | २ करोड | २.५ करोड |
| ३० | लघु जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन (कि.वा) | ४००० | ४५०० |
| ३१ | सहरी र ग्रामीण क्षेत्रमा भूमिगत तथा सतह ढल निर्माण (किमि) | ५०० | ७०० |
| ३२ | गा. वि. स.मा कार्यसम्पादनमा आधारित अनुदान पद्धति लागू गर्ने | - | ४०० |

## ९. प्रमुख कार्यक्रम

- स्थानीय निकाय अनुदान कार्यक्रमः यस कार्यक्रम अन्तर्गत स्थानीय निकायहरूमा सूत्रको आधारमा अनुदानको वितरण, व्यवस्थापन तथा अनुगमन गर्ने कार्य हुनेछ। यसको निम्ति अनुदान पद्धतिको समयानुकूल र वस्तुपरक परिमार्जन जस्ता विभिन्न सूचकाङ्कहरूको तयारी; कार्यविधि/निर्देशिका तयारी गरिनेछ। स्थानीय निकायको अनुदानलाई कार्य सम्पादनमा आधारित बनाउन न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यलाई संस्थागत गर्दै यसको मापन प्रक्रिया र सूचकहरूमा परिमार्जन गरी वस्तुपरक र नतिजामूलक बनाइनेछ। कार्य सम्पादन मापन कार्यलाई केही गाउँ विकास समितिमा समेत परीक्षणका रूपमा सञ्चालन गरिनेछ। नेपाल सरकारबाट स्थानीय निकायलाई प्रदान गरिने सशर्त अनुदानलाई समेत निश्चित मापदण्डका आधारमा उपलब्ध गराउने परिपाटीलाई संस्थागत गर्ने कार्यको थालनी गरिनेछ।

- स्थानीय निकाय पुनःसंरचना कार्यक्रमः भौगोलिक वनौट र आकार, जनसंख्या एवं सामाजिक वनोट, आन्तरिक आयस्रोतको संभाव्यता, सेवा सुविधामा जनताको पहुँच, सेवा प्रवाहको लागत तथा प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था जस्ता आधारमा स्थानीय निकायहरूको पुनःसंरचना गरी आर्थिक तथा प्रशासनिक दृष्टिकोणले उपयुक्त निकायको रूपमा स्थापना गरिनेछ। स्थानीय निकायको पुनःःसंरचना गर्दा राजनीतिक तथा प्रशासनिक संरचनालाई उपयुक्तताको आधारमा निर्धारण गरिनेछ। नगरपालिका घोषणा सम्बन्धी मापदण्डमा आवश्यक परिमार्जन गरिनेछ। स्थानीय निकाय वित्तीय आयोगलाई पुनःसंरचना गरी वित्तीय विकेन्द्रीकरणसम्बन्धी अगुवा संस्थाको रूपमा विकसित गरिनेछ। राज्य पुनःसंरचनाको क्रममा वित्तीय संघीयतालाई व्यवहारमा कार्यान्वयन गर्न कार्य योजना तयार गरिनेछ। स्थानीय निकायको निर्वाचनद्वारा जनप्रतिनिधिको व्यवस्था नभएसम्म सबै तहका स्थानीय निकायमा जिम्मेवारी र जवाफदेहीयुक्त राजनीतिक संयन्त्रको व्यवस्था गरिनेछ।

- समावेशी विकास कार्यक्रमः बञ्चितिमा परेका वर्ग, क्षेत्र र समुदायको विकास प्रक्रियामा पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्दै विकासको प्रतिफलमा उनीहरूले अधिकतम लाभ प्राप्त गर्ने गरी समावेशी विकास अभियान सञ्चालन गरिनेछ।

- लक्षित कार्यक्रमः विगतमा शुरू गरिएका सामाजिक तथा क्षेत्रीय विकासका लक्षित कार्यक्रमहरूलाई निरन्तरता दिदै आवश्यकता अनुसार थप लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन्। लक्षित कार्यक्रमहरूमा कर्णाली क्षेत्र विकास, तोकिएका दुर्गम क्षेत्र, खाद्य संकट सम्वोधन कार्यक्रम आदि पर्दछन्। महिला एवं बालबालिकाको विकास, हित र अधिकार संरक्षण गर्ने सन्दर्भमा विभिन्न आर्थिक एवं सामाजिक क्षमता अभिवृद्धि सम्बन्धी कामका लागि देशका २३ जिल्लामा सञ्चालित बालबालिका र महिलाका लागि विकेन्द्रित कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्थानीय निकायलाई तोकिएका काम कर्तव्यहरू सम्पादन गर्न सहयोग पुऱ्याउने उद्देश्यबाट ज्येष्ठ नागरिक, दलित, आदिबासी, जनजाती, अशक्त, अपाङ्ग, सीमान्तकृत एकल महिलाहरूको सुरक्षा व्यवस्था गरिनेछ। सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंक तथा वित्तीय संस्था मार्फत गरिनेछ। यस कार्यक्रमको दीर्घकालीन प्रभाव र राज्यकोषमा यसले सिर्जना गर्ने दायित्व र दिगोपनाका सम्बन्धमा प्रभावकारिता अध्ययन गरिनेछ।

- सामाजिक परिचालन तथा स्थानीय सुशासन प्रवर्द्धन कार्यक्रमः सामाजिक परिचालनको माध्यमबाट चेतना अभिवृद्धि, सीप विकास, सशक्तीकरण गरी ग्रामीण एवं सहरी गरीबी न्यूनीकरण गरिनेछ। स्थानीय जनताहरूलाई योजना प्रक्रिया र बजेट विनियोजनामा सहभागी हुने अवसरको सिर्जना गरी स्थानीय विकासका लागि विद्यमान् स्रोत, साधन र अवसरको पहुँचमा वृद्धि गरिनेछ। नागरिक बडापत्र अनुसारका सेवा प्रवाह र विकाससँग सम्वन्धित क्रियाकलापहरू थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। सामाजिक परीक्षण तथा गुणस्तर परीक्षण जस्ता कार्यप्रणाली विकास गरिनेछ।

स्थानीय निकायका सूचना तथा प्रतिवेदनहरू, खरिद प्रक्रिया र अन्य सेवा प्रवाहमा सम्भाव्यताको आधारमा विद्युतीय शासन प्रणाली अवलम्बन गरिनेछ । सूचना, शिक्षा तथा सञ्चार को माध्यमबाट स्थानीय सुशासन प्रवर्द्धन गरिनेछ । जिल्लाको सूचना तथा अभिलेख केन्द्रलाई जिल्लास्तरको सूचना बैंकको रूपमा विकास गरिनेछ । स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीको आचार संहिता तयार गरी लागू गरिनेछ ।

- स्थानीय पूर्वाधार विकास कार्यक्रमः केन्द्रीय अनुदान, दातृ निकायको सहयोग र स्थानीय स्रोतलाई पूर्वाधार विकास कार्यमा प्राथमिकताका साथ परिचालन गरिनेछ । ग्रामीण तथा शहरी क्षेत्रको पूर्वाधार विकासलाई रोजागारीका अवसरको सिर्जना र स्थानीय आर्थिक विकास गरी गरीबी न्यूनीकरण र जीवनस्तर सुधार गर्ने दिशामा केन्द्रित गरिनेछ

- स्थानीय निकाय क्षमता अभिवृद्धि कार्यक्रमः सहभागितात्मक योजना प्रणाली सुदृढीकरण कार्यक्रमः स्थानीय योजना प्रक्रियामा विपन्न वर्ग, महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग, अशक्तता भएका व्यक्ति लगायत पछाडी परेका समूह र तिनका प्रतिनिधि संस्थाहरूको सहभागिता गराइने, उपभोक्ता समितिलाई समावेशी बनाउने, सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका माग तथा आवश्यकतालाई प्राथमिकीकरण गरी सम्बोधन गर्ने, सहभागितात्मक अनुगमन पद्धतिलाई संस्थागत गर्ने, गैर सरकारी संस्थाहरू तथा नागरिक समाज र निजीक्षेत्रसंग सहकार्य र साझेदारी गरी योजनाको पहिचान, प्राथमिकीकरण, छनौट, सफल कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, मर्मत सम्भार र लाभको वितरणलाई सहभागितात्मक र समावेशी बनाइनेछ । स्थानीय निकायको राजस्व अभिवृद्धि कार्यक्रमः स्रोत परिचालनद्वारा स्थानीय निकायको राजस्व अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय स्रोतसाधन परिचालन गर्नु पूर्व वातावरणीय अध्ययनलाई अनिवार्य गरिनेछ । दिगो आन्तरिक स्रोतको रूपमा स्थापित एकीकृत संपत्ति कर प्रणालीलाई सवै नगरपालिकामा लगाउन सहयोग गरिनेछ । राजस्वको विलिङ्ग प्रणालीलाई सवै नगरपालिकामा कम्प्यूटरिकृत गरिनेछ ।

  - स्थानीय निकायको लेखा सुदृढीकरण कार्यक्रमः स्थानीय निकायमा परिचालन गरिएका सबै प्रकारको स्रोतको विनियोजन दक्षता, खर्चमा प्रभावकारिता, लेखापालन, प्रतिवेदन व्यवस्था र आन्तरिक तथा अन्तिम लेखापरीक्षण कार्यलाई सुदृढ गरी स्वच्छ र सूचनामूलक वित्तीय व्यवस्थापन मार्फत आर्थिक अनुशासन कायम गरिनेछ ।

  - स्थानीय निकाय क्षमता विकास कार्यक्रमः न्यूनतम शर्त र कार्य सम्पादन सूचकको मूल्याकंन समेतका आधारमा क्षमता आँकलन गरी स्थानीय निकायको क्षमता विकास रणनीति तयार गरी कार्यान्वयन गरिनेछ। स्थानीय निकाय पुनरावलोकन र संङ्गठनात्मक स्वरूप समेतको आधारमा स्थानीय निकायहरूको वर्गीकरणको साथै वित्तीय व्यवस्थापन, योजना तथा सांगठनिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने कार्य गरिनेछ। स्थानीय निकायको क्षमता अभिवृद्धिका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको प्रतिस्पर्धात्मक क्षमता विकास गर्नुका साथै स्थानीय निकायका जनप्रतिनिधि, कर्मचारी एवं अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

- शहरी सेवा व्यवस्थापन कार्यक्रमः मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना तथा एकीकृत सहरी विकास जस्ता कार्यक्रमबाट विराटनगर, वीरगन्ज, वुटवल, धरान, जनकपुर, नेपालगन्ज तथा सिद्धार्थनगर नगरपालिकामा पूर्वाधार विकास र स्थानीय निकायको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन । त्यसै गरी धनकुटा, इँटहरी, मेचीनगर, लेखनाथ, वागलुङ तथा तानसेन नगरपालिकामा समेत शहरी आधारभुत पूर्वाधार निर्माण, सेवा प्रवाह र संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन । जलबायु परिवर्तनले शहरी पूर्वाधार संरचना तथा

सेवा प्रवाहमा पर्न सक्ने असरलाई न्यून गर्न अन्य सरोकारवाला निकायसँग समेत समन्वय गरिनेछ । साथै शहरी आधारभूत पूर्वाधार निर्माण तथा शहरी सेवा व्यवस्थापनका कार्यमा सार्वजनिक निजी साझेदारी अवधारणालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । नगरपालिकाहरूमा राष्ट्रिय भवन निर्माण आचार संहितालाई अनिवार्य गरी साना नगरपालिकाहरूमा पनि लागू गर्न प्रोत्साहन गरिनेछ । सबै सार्वजनिक भवनको निर्माण गर्दा भवन संहिता अनिवार्य पालना गर्नुपर्ने व्यवस्था गरिनेछ । नगरपालिकामा व्यवस्थित भू-उपयोगको लागि नगरपालिका स्वयंले एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरीनेछ । नगर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने तथा भवन निर्माण गर्दा निश्चित प्रतिशत जमिन खुला राख्नु पर्ने प्रावधान कार्यान्वयन गरिनेछ । शहरी पूर्वाधार विकास गर्दा गुणस्तरको पक्षलाई विशेष ध्यान दिइनेछ । फोहरमैला व्यवस्थापनमा घच ९च्भमगअभ, च्भगकभ, च्भअथअभि० को अवधारणालाई अंगीकार गरी केही ठूला नगरपालिकाहरूमा निजी क्षेत्रको सहभागितामा फोहोरमैला व्यवस्थापन कार्य शुरू गरिनेछ । सबै नगरपालिकाहरू र नगरोन्मुख गाउँ विकास समितिहरूमा समेत व्यवस्थित ल्याण्डफिल साइटको निर्माणलाई प्रोत्साहित गरिनेछ । नगरपालिका र नगर विकास समितिले काम गर्दा दोहोरोपना आई परेको असरलाई न्यूनीकरण गर्न नीतिगत र संरचनागत सुधार गरिनेछ । नगर विकास समिति गठन गर्ने विद्यमान् व्यवस्थालाई पुनरावलोकन गरिनेछ ।

- गरीबी न्यूनीकरण कार्यक्रमः गरीबी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्दा परंपरागत सीप र प्रविधिलाई समेत प्रबर्द्धन गरी आय आर्जन, रोजगारी र क्षमता विकाससंग आबद्ध गराइने छ । दुर्गम क्षेत्र विकास समिति, कर्णाली क्षेत्र विकास कार्यक्रम, पश्चिम उच्च पहाडी गरीबी निवारण आयोजना लगायतका कार्यक्रमहरूको सञ्चालन सीमान्तकृत वर्ग, क्षेत्र र समुदायको बढीभन्दा बढी संलग्नता रहने गरी गरिनेछ । गरीबी निवारण कोषबाट सञ्चालन हुने कार्यक्रमहरू स्थानीय निकायको सहकार्य र साझेदारीमा सञ्चालन गरिनेछ । हिमाली क्षेत्रका जिल्लाहरू एवं अन्य खाद्य असुरक्षा भएका जिल्लाहरूमा खाद्य संकट सम्बोधन कार्यक्रम तथा स्थानीय उत्पादन अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- विकेन्द्रीकरण सुदृढीकरण तथा निक्षेपित क्षेत्र प्रबर्द्धन कार्यक्रमः विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समितिको निर्णय अनुरूप राष्ट्रिय योजना आयोगको संयोजनमा सबै विषयगत क्षेत्रका मन्त्रालयहरूबाट तयार गरिने/गरिएको निक्षेपण रणनीतिलाई एकीकृत गरी कार्यान्वयनमा ल्याइनेछ । निक्षेपित क्षेत्र सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा सम्बन्धित मन्त्रालय, स्थानीय विकास मन्त्रालय र स्थानीय निकायले परिचालन गरेको स्रोत समेतबाट विनियोजित गरी सञ्चालन गरिनेछ ।

## १०. अनुगमन तथा मूल्याङ्कन

स्थानीय स्तरमा सञ्चालन गरिने कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन सूचकहरू निर्धारण गरी प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ । योजना अनुगमनलाई संस्थागत गरी व्यवस्थित गर्न अनुगमन एवं सुपरिवेक्षण संयन्त्र तयार गरी हरेक निकाय वा तहमा अनुगमन कार्ययोजना बनाई लागू गरिनेछ । स्थानीय निकायहरूको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका आधारमा मूल्याङ्कन गरी उक्त नतिजाका आधारमा पुरस्कार तथा दण्ड व्यवस्थालाई निरन्तरता दिइनेछ । कार्यक्रम/आयोजनाहरूको अनुगमन गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम निर्वाचित पदाधिकारीको व्यवस्था नभए सम्मको लागि स्थानीय निकायको प्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजकत्वमा सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ । जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणालीका आधारमा जिल्लास्तरीय कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

### ११. अपेक्षित उपलब्धि

१. स्थानीय निकायको पुन:संरचना भै निर्वाचनवाट छानिएका जनप्रतिनिधिहरूवाट कार्यसम्पादन हुन थाल्ने र विकास निर्माणका कार्यहरूको व्यवस्थापन गर्नको निम्ति स्थानीय निकायहरू अधिकार सम्पन्न भएका हुनेछन ।

२. स्थानीय स्तरको विकास निर्माण सेवा सुविधाको प्रवाहसम्बन्धी कार्यहरूको व्यवस्थापन गर्न स्थानीय निकायहरू सक्षम हुनेछन् र स्थानीय स्वायत्त शासन र ग्रामीण पूर्वाधार क्षेत्रमा क्षेत्रगत अवधारणा (SWAp) लागु भएको हुनेछ ।

३. स्थानीय निकाय सम्बन्धी नीति, ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरूमा समय सापेक्ष सुधार भएको हुनेछ ।

४. सवै स्थानीय निकायको वस्तुगत विवरण तयार/अद्यावधिक भइ तथ्यांकमा आधारित योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणाली लागु भएको हुनेछ ।

५. स्थानीय विकास कार्य, प्रक्रिया एवं विकासका प्रतिफलहरूमा सामाजिक तथा आर्थिक रूपमा पिछडिएका वर्ग, महिला, आदिवासी, जनजाति, दलित, आदिको पहुँच वृद्धि भएको हुनेछ ।

६. कार्ययोजनाअनुसार स्थानीय विकास निर्माण र सेवा प्रवाह भएको हुनेछ ।

## ५.२ युवा विकास

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ मा "देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्वन गर्नेछ" भन्ने उल्लेख भए अनुरूप युवाहरुमा आशा, उत्साह, राष्ट्रिय भावना, जिम्मेवारी बोध, सीप विकास र रोजगार तथा स्वरोजगारका उपयुक्त अवसर उपलब्ध गराई युवा वर्गको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु जरुरी भएको छ । युवाहरुको विद्यमान् आवश्यकता, समस्या एवं चुनौती तथा सवालहरुलाई सर्वाधिक महत्त्वका साथ सम्बोधन गर्न राज्यको तर्फबाट समुचित पहल र प्रयत्न हुनुपर्ने कुरा पनि स्पष्ट छ । पाचौं पंचवर्षीय योजना देखि नै युवाहरूको भूमिकालाई संवोधन गर्ने प्रयास भए तापनि त्रिवर्षीय अन्तरिम योजनाले युवा सशक्तीकरण, विकास र सहभागिताका लागि पूर्वाधार तयार गर्ने पक्षमा विशेष जोड दिएको थियो । प्रस्तुत त्रिवर्षीय योजनाले पनि तिनै पूर्वाधारहरुको सुदृढीकरण र विस्तार गर्दै युवालाई नयाँ नेपाल निर्माण प्रक्रियाको मूलप्रवाहमा ल्याउनेतर्फ केन्द्रित रहने दृढता अघि सारेको छ ।

### २. अद्यावधिक स्थिति

नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको युवा जनसंख्या ८९ लाख ५२ हजार १४३ (कूल जनसंख्याको ३८.८ प्रतिशत) रहेको छ । युवाहरुको साक्षरता दर ७०.१ प्रतिशत छ भने युवा बेरोजगारी ११.४ प्रतिशत रहेको छ, (२०५८ को जनगणना) । युवाहरुको आधारभूत अधिकारहरुको प्रत्याभूति गर्दै राष्ट्रका युवाहरुलाई नेतृत्वदायी भूमिकामा स्थापित गराउने दीर्घकालीन सोचका साथ "राष्ट्रिय युवा नीति, २०६६" जारी भएको छ । केन्द्रीय स्तरमा १४९ र स्थानीय स्तरमा २४० वटा संस्थाहरुसँगको सहकार्यमा क्षमता विकास, लघुउद्यम विकास, सामुदायिक स्वास्थ्य केन्द्रको स्थापना, दृष्टिविहीनका लागि क्षमता विकास तालिम, एच.आइ.भी/एड्स सम्बन्धी चलचित्र निर्माण एवं रोजगारमूलक र सशक्तीकरणका लागि युवा साझेदारी कार्यक्रम सञ्चालन भएका छन् । साथै युवा अनुभव आदान-प्रदान कार्यक्रम, ४० वटा जिल्लामा युवा सूचना केन्द्रको स्थापना, कूलत तथा दुर्व्यसनी तथा HIV/AIDS विरुद्ध अभिमुखीकरण चेतनामूलक कार्यक्रम सञ्चालन, युवा साहित्य प्रतियोगिता, जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोप व्यवस्थापनमा युवा परिचालन, युवा अडिटिङ कार्यक्रम सञ्चालन गर्न निर्देशिकाको निर्माण, सफल

उद्यमीहरुसँग युवाहरुको अन्तरक्रिया, युवा विद्यार्थी राष्ट्रिय सम्मेलन, युवा प्रतिभा सम्मान गर्ने जस्ता महत्त्वपूर्ण कार्यक्रमहरु सम्पन्न भएका छन् । आ.व. ०६४।६५ मंसिरदेखि हाल सम्म शिक्षा मन्त्रालयबाट स्वीकृति लिएर विदेश पढ्न जाने विद्यार्थीहरुको संख्या ५८,७८० छ । यीमध्ये अधिकांश विद्यार्थीहरु विदेशमा नै रोजगारी खोजेर बस्ने गरेका छन् ।

## ३. समस्या तथा चुनौती

बेरोजगारी र अर्धबेरोजगारी युवाहरुको प्रमुख समस्याको रूपमा रहेको छ । वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्न र विप्रेषणको उचित व्यवस्थापन गर्न सकिएको छैन । विभिन्न विषयका विज्ञ, विशेषज्ञ युवाहरू विदेश पलायन हुने क्रम तीब्ररुपमा बढ्दै जानु, बजारको दक्ष जनशक्तिको माग र युवाहरुलाई दिने शिक्षा बीच सामन्जस्य हुन नसक्नु, युवाहरूको ठूलो पंक्ति अशिक्षा, गरीबी र सामाजिक विभेदको मारबाट पनि पीडित हुनु, युवाहरुको सीप विकास र त्यस अनुसारको रोजगारका अवसरहरूको सिर्जना गर्ने प्रभावकारी कार्यक्रमको कमी हुनु, युवाहरुका लागि आवश्यक सामाजिक, आर्थिक सेवाहरुको उपलब्धता र पहुँच न्यून हुनु जस्ता प्रमुख समस्याका रुपमा रहेका छन् ।

युवा समुदायभित्र नै उमेर, वर्ग, क्षेत्र, जातजाति वा लिंग आदि विविधतालाई समेट्नु स्थानीय स्तरमा युवा विकासका लागि संस्थागत संरचनाको स्थापना, विभिन्न निकायहरूमा छरिएर रहेको युवा कार्यक्रमहरुलाई एकीकृत गर्नु, युवा वर्गको सीप विकास, रोजगार एवं क्षमता अभिवृद्धिका लागि तालिम प्रदायक संस्थाहरुसँगको सहकार्य सहज गर्नु, तालिम प्रदायक संस्था र गैरसरकारी संस्थासँग साझेदारी सञ्जाल निर्माण गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ४. दीर्घकालीन सोच

युवाहरूको आधारभूत अधिकारको प्रत्याभूति गर्दै उनीहरूलाई नेतृत्वदायी भूमिकामा स्थापित गराइ राष्ट्र निर्माणमा प्रमुख साझेदार बनाउने ।

## ५. उद्देश्य

युवाहरुलाई राष्ट्र निर्माणको मूल प्रवाहमा समाहित गराई मुलुकको सर्वाङ्गीण विकास गर्ने ।

## ६. रणनीति

१. सबै जातजाति, समुदाय, समूह, लिंग र क्षेत्रका युवाहरुको आर्थिक, सामाजिक, शारीरिक एवं बौद्धिक विकास तथा सशक्तीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

२. युवाहरुमा सामाजिक-आर्थिक उद्यमशीलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै युवा पलायन हुनबाट जोगाउने ।

३. राष्ट्रिय युवा नीतिले निर्दिष्ट गरेका कार्यहरु कार्यान्वयनमा ल्याउन युवाहरुका सवाललाई क्षेत्रगत कार्यक्रमहरुमा समावेश गर्ने ।

४. स्थानीय निकायबाट युवा सम्बन्धी कार्यक्रमको लागि स्रोत परिचालन गर्ने ।

## ७. कार्यनीति

१.१ देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण प्रक्रियामा युवाहरुको संलग्नतालाई बढावा दिइनेछ ।

१.२ सबै जातजाति, धर्म, संस्कृति र समुदाय, लिंग, वर्ग र क्षेत्रका युवाहरुको सशक्तीकरण र विकासको लागि समान अवसरहरुको वातावरण तयार गरिनेछ ।

२.१ युवाहरुमा अन्तर्निहित सकारात्मक सोच र सृजनशीलताको लागि युवामैत्री वातावरण र वृत्ति विकासका लागि बेरोजगारी समस्या हटाउन रोजगारीका अवसरहरुको सिर्जना गरी युवा पलायन न्यून गरिनेछ ।

२.२ समाजमा विद्यमान् गरीबी, अशिक्षा, छुवाछुत, जातीय विभेद, लैंगिक असमानता आदि कुरीतिहरु अन्त्यका लागि युवा परिचालन गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.१ साहित्य, कला, संगीत र खेलकुदका क्षेत्रहरुमा युवाहरुको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।

३.२ युवाहरुको उमेर समूह अनुसार शिक्षा तथा वृत्ति विकासका अवसरहरु उपलब्ध गराउन विशेष प्राथमिकता प्राप्त समूहका युवाहरुका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.३ युवा प्रतिभाहरुको खोजीलाई संस्थागत गर्दै उनीहरुको ज्ञान, सीप र क्षमतालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न समुचित लगानी गरिनेछ ।

३.४ दुर्व्यसन एवं कूलत जस्ता असामाजिक क्रियाकलापबाट युवाहरुलाई मुक्त गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.५ राष्ट्रिय युवा नीति, २०६६ कार्यान्वयन कार्ययोजना तयार गरी विभिन्न निकायहरुबाट सञ्चालन हुने युवासम्बन्धी कार्यक्रमहरुलाई एकीकृत गरिनेछ ।

३.६ राष्ट्रिय जीवनका विविध क्षेत्रमा विशेष योगदान गर्ने युवा प्रतिभाहरुलाई सम्मानित गरिनेछ ।

४.१ सहस्राब्दी विकास लक्ष्य तथा युवासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुको परिपालनामा जोड दिइनेछ ।

४.२ निजीक्षेत्र, गैरसरकारी संस्था तथा स्थानीय निकायको सहकार्यमा युवाहरुलाई सामाजिक परिवर्तनका संवाहक शक्तिको रुपमा विकास गरिनेछ ।

४.३ मुलुकको आर्थिक, सामाजिक तथा भौगोलिक अवस्थाबारे जानकारी दिन युवाहरुलाई राष्ट्रिय विकास स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

४.४ युवाहरुका सवाललाई विभिन्न मन्त्रालय र क्षेत्रगत कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं | विवरण | २०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १. | युवाहरुको रोजगारी सरदर वृद्धि गर्ने (प्रतिशत) | ४ | ६ |
| ३ | युवा साझेदारी कार्यक्रममा युवाहरूलाई प्रशिक्षित गर्ने(संख्या) | - | २००० |
| ४ | युवा साझेदारी कार्यक्रम मार्फत मानव तस्करी तथा बेचबिखन नियन्त्रण कार्यमा युवाहरूको संलग्नता बढाउने | - | ४००० |
| ५ | विशेष प्राथमिकताका समूहका युवाहरूलाई स्वरोजगार वा रोजगार उपलब्ध गराउने (संख्या) | - | ४००० |

## ९. प्रमुख कार्यक्रम

युवा परिचालनसम्बन्धी राष्ट्रिय युवा नीतिले निर्दिष्ट गरेका कार्यक्रमहरू, अन्तर्राष्ट्रिय युवा वर्ष मनाउने, आन्तरिक र बाह्य अनुभव आदान प्रदान कार्यक्रम, युवा सूचना केन्द्रहरुको स्थापना र सञ्चालन, युवा सशक्तीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम, युवा साझेदारी कार्यक्रम, राष्ट्रिय युवा रणनीति तथा कार्यान्वयन योजना, युवा उत्तरदायी बजेटको खाका तयारी, युवा स्वरोजगार कार्यक्रम (अर्थ मन्त्रालयबाट सञ्चालित), युवा प्रशिक्षार्थी प्रशिक्षण कार्यक्रम, युवा सूचना केन्द्र सुदृढीकरण, राष्ट्रिय विकास स्वयंसेवक कार्यक्रम (रा.यो.आ.बाट सञ्चालित), युवा फोकल प्वाइन्ट सशक्तीकरण जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछन् ।

## १०. कार्यान्वयन संयन्त्र

युवा मामिलासम्बन्धी छाता संस्थाको रुपमा "राष्ट्रिय युवा परिषद्" को गठन हुनेछ । मुख्यतः सरोकारवालाहरुसँग परामर्श लिई राष्ट्रिय युवा नीति, २०६६ लाई कार्यान्वयन गर्ने, युवासम्बन्धी कार्यहरुको अनुगमन, मूल्याङ्कन र युवाको क्षेत्रमा कार्यरत संस्थाहरुलाई समन्वय गर्ने परिषद्को मुख्य भूमिका हुनेछ । कार्यक्रम कार्यान्वयनका लागि स्थानीय निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

### ११. अनुगमन तथा मूल्याङ्कन
कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कन केन्द्रबाट युवा तथा खेलकुद मन्त्रालय र मातहतका निकायहरु मार्फत् गरिनेछ । स्थानीय स्तरमा सञ्चालित कार्यक्रमहरूको अनुगमन मूल्यांनमा स्थानीय निकायलाई जिम्मेवार बनाइनेछ । यसका अतिरिक्त विषयविद्, विशेषज्ञ तथा विषय प्रकृति हेरी सामूहिक अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ । अनुगमन र मूल्याङ्कन गर्दा स्रोत र सेवामा युवाहरुको पहुँच, उनीहरुको मुख्य मुद्दालाई सम्बोधन गर्ने नीति, नियम, संगठन र क्षमता विकास जस्ता पक्षहरुमा ध्यान दिइनेछ ।

### १२. अपेक्षित उपलब्धि
१. राष्ट्र निर्माणका विविध प्रक्रियामा युवाहरुको सहभागिता वृद्धि भै युवाहरुको सामाजिक र आर्थिक सशक्तीकरण भएको हुनेछ ।

२. कृषि, पर्यटन एवं उद्योगहरुमा युवाहरुको संलग्नता र युवा रोजगारका अवसरहरुको वृद्धि भएको हुनेछ ।

३. राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम व्यवस्थित रुपमा विस्तार भइ विद्यमान् सामाजिक कुरीति एवं छुवाछुत जस्ता विकृतिहरुको अन्त्य गर्न युवाहरु स्वयंसेवकको रुपमा मुलुकभर परिचालित भएका हुनेछन् ।

४. सबै सरकारी तथा गैरसरकारी निकायहरुबाट राष्ट्रिय युवानीति अनुरुप कार्यक्रमहरु कार्यान्वयन गरिएका हुनेछन् ।

५. युवासम्बन्धी कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालित भएका हुनेछन् ।

## ५.३ खेलकुद विकास

### १. पृष्ठभूमि
नेपालमा वि.सं. २००४ सालबाट खेलकुदको क्षेत्रमा विभिन्न संघसंस्थाहरू गठन भै संस्थागत विकासको थालनी भए तापनि २०१५ सालमा राष्ट्रिय स्वास्थ्य तथा खेलकूद परिषद् गठन भै २०२१ सालमा पहिलो पटक राष्ट्रिय खेलकूद परिषद् ऐन जारी भएको थियो । यसको विकास र विस्तारको लागि सरकारबाट वर्षेनी ठूलो लगानी हुँदै आए पनि सन्तोषजनक उपलब्धि हासिल गर्न सकिएको छैन । हाल नेपाल सरकारले छुट्टै युवा तथा खेलकुद मन्त्रालय स्थापना गरी युवा वर्ग र खेलकूद क्षेत्रलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्ने प्रयास गरेको छ । यस सन्दर्भमा मुलुकको खेलकुदको विकासका लागि एक्काइसौं शताब्दीको अन्तर्राष्ट्रिय खेलकुद समाजले अंगालेको संस्कार अनुरुप खेलकुद क्षेत्रको नीतिगत, संस्थागत तथा भौतिक पूर्वाधारहरुको पुनरावलोकन, सुधार एवं योजनाबद्ध विकासमा जोड दिनु आवश्यक छ । आर्थिक वर्ष ०६७६८ देखि खेलकुदलाई रणनीतिमूलक व्यवस्थित र योजनाबद्ध रूपमा विकासको मूलधारमा समाहित गरिएको छ । यसबाट खेलकुदलाई गाउँस्तरसम्म पुऱ्याउँदै स्वस्थ तथा अनुशासित नागरिक तयार गर्न मद्दत पुग्नेछ । खेलकुदमा थपिने कार्यक्रमहरूकालागि बजेटमा वृद्धि गर्नुपर्ने हुन्छ । यसका लागि सरकारको मात्र मुख ताक्ने प्रवृत्तिको अन्त्य गरी आन्तरिक स्रोतको उचित व्यवस्थपन गर्दै गैरसरकारी र स्थानीय स्रोत परिचालनमा विशेष जोड दिइनेछ ।

### २. अद्यावधिक स्थिति
विद्यालय खेलकुद विकास कार्यक्रम अन्तर्गत ५६ जिल्लामा अन्तरविद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको, अन्तर्जिल्ला क्षेत्रव्यापी भलिबल र एथलेटिक्स प्रतियोगिता, माध्यमिक विद्यालय स्तरीय छात्र/छात्रा फुटबल र क्रिकेट प्रतियोगिताहरु सम्पन्न भएका छन् । यसै गरी १६२ शिक्षकलाई विद्यालय

शिक्षक तालिम, पारा ओलम्पिक र स्पेशल ओलम्पिक खेलकुद प्रतियोगिताहरु सञ्चालन, ११औं दक्षिण एसियाली खेलकुदमा सहभागिता र उत्कृष्ट खेलाडीहरुलाई सम्मान, राष्ट्रिय खेलकुद नीति, २०६७ तर्जुमा, विद्यालय खेलमैदान निर्माण एवं मर्मत कार्यमा विद्यालयहरूलाई प्रोत्साहन, नेपाल स्काउट सम्बन्धी रोवर रेन्जमोट कार्यक्रम सञ्चालन जस्ता महत्त्वपूर्ण काम भएका छन्। साथै कैलाली जिल्लाको धनगढीमा रंगशाला, बाँके जिल्लाको नेपालगन्जमा पौडी पोखरी, जुम्ला र कैलाली जिल्लामा कभर्डहलको निर्माण कार्य भइरहेको छ। यसै गरी देशका विभिन्न स्थानमा रंगशाला र कभर्डहल निर्माण सम्बन्धी अध्ययन र त्यसको गुरूयोजना बनाउने, स्काउटमा पिटी एवं एडभान्स तालिम दिने जस्ता कार्यहरू भएका छन्।

## ३. समस्या तथा चुनौती

खेलकुदमा खेलविज्ञता र दक्षताले आवश्यक प्रश्रय नपाउनु, राजनीतिको प्रभाव देखिनु, रणनीतिक ढंगबाट खेलकुदको विकास गर्ने परिपाटी नहुनु, खेलकुद सम्बद्ध निकायहरु बीच आपसी सहयोग, समन्वय र सहकार्यको अभाव हुनु, अन्तर्राष्ट्रिय स्तरका भौतिक पूर्वाधारहरुको अभाव रहनु, खेलकुदको संस्थागत संरचना र ऐननियममा समय सापेक्ष सुधार नहुनु, खेल विज्ञानको उपयोगमा कमी रहनु, खेलकुद विकासको लागि गैरसरकारी तथा निजी क्षेत्रलाई समेट्न नसक्नु, स्काउटलाई प्रभावकारी रूपमा सञ्चालन गर्न स्रोत साधन एवम् प्रयत्नको अभाव रहनु खेलकूद क्षेत्रमा विद्यमान् प्रमुख समस्याहरू हुन्।

योजनाबद्ध ढङ्गबाट खेलकुदको विकास गर्नु, खेलकूदको सकारात्मक पक्षबारे जनचेतना अभिवृद्धि गर्नु, नियमित रूपमा खेलकुद गतिविधि सञ्चालन गर्नु, खेलकूद क्षेत्रलाई राजनीतिक प्रभावबाट अलग राख्नु, विनियोजित बजेटको सहि उपयोग गर्नु, अन्तर्राष्ट्रिय स्तरका भौतिक पूर्वाधारहरुको व्यवस्था गर्नु, दक्ष जनशक्तिको विकास र खेल निकायहरुबीच सहकार्य एवं समन्वय कायम गर्नु, खेल प्रतिभाहरूको भविष्य सुनिश्चित गर्नु, खेलकूदलाई मर्यादित व्यबसायको रूपमा स्थापित गर्नु खेलकूद क्षेत्रका प्रमुख चुनौतीको रूपमा देखा परेका छन्।

## ४. दीर्घकालीन सोच

खेलकूदको माध्यमबाट राष्ट्रको प्रतिष्ठा बढाउँदै मुलुकमा स्वस्थ, अनुशासित र मर्यादित नागरिक तयार गर्ने।

## ५. उद्देश्य

'सबैका लागि खेलकुद' को अवधारणा अनुरुप खेलकुद क्षेत्रलाई अनुशासित, मर्यादित एवं सुव्यवस्थित बनाउँदै राष्ट्रिय विकासको एक महत्त्वपूर्ण पक्षको रुपमा स्थापित गर्ने।

## ६. रणनीति

१. राष्ट्रिय खेलकुद नीतिको निर्माण गरी खेलकुद क्षेत्र सम्बन्धी विद्यमान् संस्थागत व्यवस्थामा सुधार गर्ने।

२. समग्र खेलकुद तथा खेलकुद पर्यटनको विकासमा सरकारी, निजी र गैरसरकारी क्षेत्रको भूमिकालाई विस्तार गर्ने।

३. सम्भाव्यता तथा लोकप्रियता समेतको आधारमा खेलकुद क्षेत्रको वर्गीकरण र व्यावसायीकरण गर्ने।

४. परम्परागत खेलकुदको विकास र अभिलेखीकरण गर्ने।

५. खेलकुदलाई व्यक्तित्व विकास तथा राष्ट्रिय पहिचान अभिवृद्धिको माध्यमको रूपमा विकास गर्ने।

६. स्काउटिङ्गको माध्यमबाट बालबालिका, किशोर किशोरी तथा युवाहरूको शारीरिक, मानसिक र चारित्रिक विकास गराउने।

७. साहसिक एवं पर्यटन तथा परम्परागत खेलकुदको विकास गर्ने।

## ७. कार्यनीति

१.१ खेलकुद विकासका लागि विद्यमान् नीतिगत, कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरी खेलकुदलाई नेपाली जनजीवनको अभिन्न अंगको रुपमा स्थापित गरिनेछ।

१.२ स्थानीय तहदेखि केन्द्रसम्म खेलकुदका भौतिक पूर्वाधारहरुको निर्माण, मरम्मत, संभार तथा संरक्षणका लागि स्थानीय निकाय तथा निजी क्षेत्रलाई सहभागी गर्न प्रेरित गरिनेछ ।

१.३ खेलकुद क्षेत्रका विद्यमान् संस्थागत संरचनाहरु समयानुसार परिमार्जन गरिनेछन् ।

२.१ खेल प्रतिभाहरुको पहिचान गरी विशेष प्रशिक्षण कार्यक्रमहरु क्षेत्र क्षेत्रमा सञ्चालन गरिनेछ ।

२.२ राष्ट्रको शिक्षा नीतिमा खेलकुद विषयलाई अनिवार्य विषयका रूपमा समावेश गरिनेछ ।

२.३ प्रत्येक सामुदायिक माध्यमिक विद्यालहरुमा क्रमशः एक-एक जना खेलकुद शिक्षक दरबन्दी राख्ने व्यवस्था गरिनेछ ।

२.४ खेलकुदलाई जनस्तरसम्म पुऱ्याउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

३.१ निजी क्षेत्रलाई खेलकुदमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

३.२ खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित जनशक्ति तयार गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.३ खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने संघ, संस्था, उद्योग, व्यवसायी लगायत खेलाडी, खेलकर्मी, प्रायोजकहरुलाई सम्मान तथा पुरस्कृत गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

४.१ खेलकुदलाई व्यवसायीकरण, आधुनिकीकरण र वैज्ञानिकीकरण गर्दै लगिनेछ ।

४.२ अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा हुने सहभागिता योजनाबद्ध तथा निश्चित मापदण्डको आधारमा गराइने र त्यसलाई प्रतिफलमूलक बनाइनेछ ।

५.१ खेलकुदमा महिला सहभागिता बढाउन प्रेरित गरिनेछ ।

६.१ स्काउटिङलाई विद्यालयस्तरको शैक्षिक पाठ्यक्रममा समावेश गराइनेछ ।

६.२ स्काउटिङ बालबालिका, किशोर-किशोरी तथा युवाहरुमा सामाजिक भावनाको विकास गराइनेछ ।

६.३ सामुदायिक सेवा र विकास कार्यमा स्काउटहरुलाई सहभागी गराइनेछ ।

७.१ साहसिक, पर्यटकीय एवं परम्परागत खेलकुदहरुको पहिचान र विकास गरी आर्थिक विकासमा टेवा पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं | विवरण | आ.व. २०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय स्तरको पूर्वाधारहरु निर्माण गर्ने (विकास क्षेत्र) | - | ५ |
| २ | खेलकुदमा महिलाहरुको सहभागिता वृद्धि गर्ने (प्रतिशत) | - | ४ |

## ९. प्रमुख कार्यक्रम

- सबैका लागि खेलकुद व्यवस्थापनः यस कार्यक्रम अन्तर्गत स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा विविध खेलकूद कार्यक्रम आयोजना गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण र मर्मतः पूर्वाधार र जग्गाहरुको स्थिति पहिचान, १३औं दक्षिण एसियाली खेलकुदको पूर्वाधार निर्माणका लागि सम्भाव्यता अध्ययन, खेलकुदका पूर्वाधारहरु निर्माण गर्न विभिन्न संघसंस्था, उद्योग, व्यवसायी आदिलाई उत्प्रेरित गर्ने र नेपाली सेना, सशस्त्र प्रहरीबल र नेपाल प्रहरी मातहत रहेका खेल मैदान, चन्द्रगढी, धरान, दमौली, सुर्खेत, नेपालगन्ज, महेन्द्रनगरका खेल मैदानहरूको सम्भाव्यता अध्ययन गर्ने, पूर्वाधार निर्माणका लागि आन्तरिक एवं बाह्य सहयोग जुटाउने र निर्माण कार्य प्रारम्भ गर्ने जस्ता कार्यहरू गरिनेछन् । यसका साथै भौगोलिक र आनुवंशिक विशिष्टता (Geographical & Genetic Character) को महत्त्वलाई आत्मसात गर्ने, हाई अल्टिच्युड स्पोर्ट्स् ट्रेनिङ सेण्टर स्थापना र साहसिक खेल एवं पर्यटनको सम्भाव्यता अध्ययन गर्ने र 'माउन्टेन ओलम्पिक गेम्स' आयोजना गर्नेलगायतका कार्यहरू गरिनेछन् ।
- खेलकुद प्रशिक्षणः दीर्घकालीन प्याकेज प्रशिक्षण कार्यक्रम, खेलकूद शिक्षक तालिम, खेल प्रशिक्षक परिचालन, उत्कृष्ट खेलाडी तालिम आदि लगायत प्रतिभाशाली खेलाडी प्रशिक्षण गर्नेलगायतका विविध प्रशिक्षण कार्यक्रमहरू गरिनेछन् ।
- खेलाडीहरुलाई आजीवन भत्ता, दुर्घटन विमा, उत्कृष्ट वर्ष खेलाडी सम्मान गरी खेलाडीको मान,

सम्मान र पुरस्कृत गर्ने, खेलकूद क्लव र संस्थालाई लगानीमा सहयोग र लगानी गर्ने व्यवसायीलाई सम्मान गर्ने जस्ता कार्यहरू गरी खेलकुदको व्यवसायीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- खेलकुद चिकित्सा विज्ञान कार्यक्रमः स्पोर्टस मेडिसिन एन्ड रिसर्च सेन्टर व्यवस्थित गर्ने, सेमिनार र गोष्ठी सञ्चालन गर्ने, लागूऔषध, एड्स र खेल प्रतिबन्धित औषधिहरु बारे चेतनामूलक कार्यक्रम, खेल विज्ञानसम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- खेल वर्गीकरण तथा प्राथमिकता निर्धारणः ओलम्पिक, एसियन र सागमा सहभागिताको मापदण्ड तोक्ने, मापदण्ड अनुसारका कार्यहरूको समीक्षा गरिनेछ ।
- खेलकूद राष्ट्रिय संघ व्यवस्थापन कार्यक्रमको मापदण्ड तयार गर्ने र संघहरूको कार्यविधि तयार गरिनेछ ।
- नेपाल स्काउट सम्बन्धी कार्यक्रम सञ्चालनः स्काउटको योजनावद्ध विकास र विस्तार गर्ने, स्काउटलाई विद्यालय पाठ्यक्रममा समावेश गर्ने, ककनी स्काउट क्षेत्रको गुरुयोजना बनाउने, जिल्ला, क्षेत्र र केन्द्र स्काउट संस्थाहरु बीच समन्वय गर्ने, स्काउट प्रशिक्षण/तालिम/गोष्ठी सञ्चालन, तालिम भवन निर्माण गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय खेलकूदमा सहभागिताः १६औं एसियाड, १२औं साग गेम्स् र लण्डन ओलम्पिकमा सहभागीता, खेल पत्रकारिता तथा सञ्चार स्पोर्टस मिडिया सेन्टर स्थापना र सञ्चालन, खेलकुद समाग्री उत्पादन कार्यक्रम एवं खेलकुद विकास कोष स्थापना, वैदेशिक सहयोग र अन्य स्रोत जुटाउने जस्ता कार्यहरू गरिनेछ ।
- खेलकुद तथा वातावरणः खेलकुद र वातावरण सम्बन्धी गोष्ठी, खेलकुद पूर्वाधारलाई वातावरणमैत्री बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

## १०. कार्यान्वयन संयन्त्र

खेलकूद क्षेत्रका कार्यक्रमहरूलाई प्रभावकारी ढंङ्गले कार्यान्वयन गर्न मन्त्रालय, राष्ट्रिय खेलकूद परिषद् र यस अन्तर्गतका निकायहरूको प्रबर्द्धन गरिनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

केन्द्रीय र अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरुको मूल्याङ्कन र अनुगमनका लागि मन्त्रालय, परिषद्, ओलम्पिक कमिटी, राष्ट्रिय संघ सम्बद्ध पक्षसहितको उच्चस्तरीय अनुगमन एवं मूल्याङ्कन संयन्त्रको विकास गरिनेछ । स्काउटिङ कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्न मन्त्रालय र सरोकारवाला सहितको संयन्त्र विकास गरिनेछ ।

## १२. अपेक्षित उपलब्धि

१. खेलकुद सम्वन्धी ऐन-नियमहरू र संस्थागत सुदृढीकरण समयसापेक्ष भएको हुनेछ ।
२. खेलकुदमा प्रतिभावान् खेलाडीहरुको पहिचान र विकास भएको हुनेछ ।
३. परम्परागत खेलकुदहरुको पहिचान र विकास भएको हुनेछ ।
४. खेलकुद क्षेत्र युवाहरुको वृत्ति विकास एवं मर्यादित व्यवसायको रुपमा स्थापित भएको हुनेछ ।
५. खेलकुद क्षेत्रको विकासमा गैरसरकारी र निजी क्षेत्रको लगानी तथा सहभागितामा वृद्धि भएको हुनेछ ।
६. स्काउटिङ क्रियाकलापमा बालबालिका तथा किशोरकिशोरीहरुको संलग्नता वृद्धि भएको हुनेछ ।
७. राष्ट्रिय खेलकूद परिषद् व्यवस्थित रूपमा सञ्चालन भएको हुनेछ ।

## ५.४ जनसंख्या र मानव संशाधन

### ५.४.१ जनसंख्या

**१. पृष्ठभूमि**

जनसंख्या र विकास बीचको अन्योन्याश्रित सम्बन्धलाई दृष्टिगत गर्दै नेपालमा योजनावद्ध विकासको शुरूवातसँगै जनसंख्या सम्बन्धी नीति तथा कार्यक्रम विकास योजनाको एक अंग हुदै आएको छ । विभिन्न योजनाहरूमा जनसंख्या सम्बन्धी लक्ष्य तथा कार्यक्रमहरू निर्धारण गरिदै आए तापनि पहिलो पटक आठौं योजनामा जनसंख्या व्यवस्थापनलाई एकीकृत रूपमा सञ्चालन गर्ने नीति अवलम्वन गरिएको हो । नेपालले विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा जनसंख्या व्यवस्थापनका विभिन्न सवालहरूमा जनाएको प्रतिबद्धता अनुरूप कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा सबै नागरिकहरूमा जनसंख्या व्यवस्थापन र पारिवारिक स्वास्थ्यको पहुँच बढाई देशको आर्थिक सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने सोचलाई यस योजनाले आत्मसात् गरेको छ ।

**२. अद्यावधिक स्थिति**

वि.सं. २०३८ मा कूल प्रजनन दर ६.३ रहेकोमा यो दर २०६३ सालमा ३.१ मा झरेको छ । वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालको जनसंख्या २,३१,५१,४२३ र वार्षिक वृद्धिदर २.२५ प्रतिशत रहेको देखिन्छ र यो वृद्धिदर यथावत रहेमा ३१ वर्षमा नेपालको जनसंख्या दोब्वर हुने देखिन्छ । कोरा जन्मदर २८.४ र परिवार नियोजनको साधनको प्रयोग दर ४८ प्रतिशत पुगेको छ । मातृ मृत्युदर र बाल मृत्यु दर उल्लेखनीय रूपमा घटेको छ । नेपाल सरकारले हालसालै जनसंख्या सम्बन्धी दीर्घकालीन योजना तयार पारेको छ । नेपाल किशोर किशोरी तथा युवा सर्वेक्षण-२०१०, नेपाल जनसांख्यिक सर्वेक्षण-२०११ को अन्तिम प्रतिवेदन तयारीको क्रममा रहेको छ ।

जनसंख्याका क्षेत्रमा अझै पनि अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिएको छैन । मूलुकको जनसंख्याको वार्षिक वृद्धिदर अझै पनि उच्च छ । त्यस्तै वृद्ध-वृद्धाको अनुपात ६.५% र १५ वर्ष मुनिका केटाकेटीहरूको अनुपात ३७% रहेकोले उत्पादनशील जनसंख्यामा निर्भरताको अनुपात बढ्दै गईरहेको छ । शहरी क्षेत्रमा कूल प्रजनन दर घट्दै गए पनि ग्रामीण क्षेत्रमा अझै उच्च रहेको छ । मुलुकको कूल जनसंख्याको एक तिहाई जनसंख्या किशोर किशोरी तथा युवा भएकाले अझै केही दशक नेपालको जनसंख्या वृद्धि हुने भएकोले यस शक्तिलाई जनसांख्यिक लाभांशको रूपमा विकास गर्नुपर्ने देखिन्छ । केही वर्ष पछि प्रतिस्थापन अवस्थामा देश विकासलाई चाहिने युवा जनशक्ति न्यून हुने हुँदा यो जनशक्तिलाई अहिले देखि नै विकास निर्माण कार्यमा योजनावद्ध ढंगले परिचालन गर्नु आवश्यक छ ।

**३. समस्या तथा चुनौती**

राष्ट्रिय स्तरमा कूल प्रजनन दर घट्ने क्रम शुरू भए पनि ग्रामीण क्षेत्रको कूल प्रजनन दर शहरी क्षेत्रको तुलनामा ज्यादै उच्च रहेको छ । बालबालिकाको वाहुल्यता र वृद्धवृद्धाको संख्यामा वृद्धी हुँदै गएकोले आश्रितदर बढ्दै गएको छ । विभिन्न निकायवाट सञ्चालित जनसंख्या व्यवस्थापनसंग सम्बन्धित कार्यहरूमा दोहोरोपना रहेको छ । बढ्दो शहरीकरण र शहरी जनसंख्यालाई चाहिने आधारभुत आवश्यकता पानी, विजुली, ढल निकास आदिको पर्याप्त व्यवस्था हुन सकेको छैन भने प्रदूषणको समस्या झन बढ्दै गएको छ । पिछडिएको क्षेत्र र वर्गमा रहेको परम्परागत सोचका कारणले छोरीलाई विद्यालय नपठाउने, चाँडो विवाह गरिदिने र कम उमेरमा वच्चा जन्माउने प्रवृत्ति अझै विद्यमान् रहेबाट मातृ मृत्युदर तथा शिशु मृत्युदरमा आशातीतरूपमा कमी ल्याउन नसकिनु जस्ता समस्याहरू रहेका छन् ।

जनसंख्या वृद्धिदर अपेक्षित मात्रामा न्यून गर्ने, वसाइसराई सम्बन्धी नीति तयार गरी यसलाई व्यवस्थित गर्ने, तराई र शहर तर्फको बढ्दो वसाइसराइलाई न्यूनीकरण गर्ने, रोजगारीको अवसर सृजना गरी युवावर्गलाई मुलुकमै उपयोग गर्ने जस्ता चुनौतीहरू रहेका छन् । साथै वृद्धवृद्धाको स्याहार-सम्भारका कार्यक्रमको

व्यवस्थापन गर्नु, ग्रामीण क्षेत्रमा बढ्दै गएको बाँझो जमीनको अधिकतम उपयोग गर्नु, विकास र जनसंख्या वीच सन्तुलन एवं तादाम्यता कायम गर्नु, दुर्गम तथा ग्रामीण क्षेत्रमा पूर्वाधार विकास गर्नु, खाद्यान्न र पोषणको स्थितिमा सुधार ल्याउनु, औसत आयुमा वृद्धि गर्नु, लैङ्गिक विभेद, विद्यमान् परम्परागत सोच र व्यवहारमा परिवर्तन ल्याउनु र अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका प्रतिबद्धता पूरा गर्नुलाई पनि चुनौतीको रूपमा लिन सकिन्छ । सन् २०२२ सम्म जनसंख्यालाई प्रतिस्थापन तहमा पुऱ्याउनु यस क्षेत्रको सवैभन्दा ठूलो चुनौती रहेको छ ।

## ४. दीर्घकालीन सोच

नेपालको जनसंख्याको उचित व्यवस्थापन गरी सबै नेपाली नागरिकहरूलाई गुणस्तरीय जीवन यापनको अवसर सृजना गर्न सहयोग पुऱ्याउने ।

## ५. उद्देश्य

१. सबै वर्ग, क्षेत्र र उमेरका नागरिकहरूसम्म जनसंख्या सम्बन्धी चेतना तथा स्वास्थ्य प्रजन्न सेवाहरूको पहुँच बढाई सन् २०२२ सम्ममा प्रजनन दर लाई प्रतिस्थापनको स्तरमा पुऱ्याउने ।

२. जनसंख्याको सही व्यवस्थापन गर्दै देशको सन्तुलित सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउने ।

## ६. रणनीति

१. जनसंख्याको समुचित विश्लेषण र व्यवस्थापन गर्दै बसाईसराईको नियमन समेत गरी जनसंख्याको क्षेत्रीय वितरणमा सन्तुलन कायम गर्ने ।

२. जनसंख्या व्यवस्थापनका कार्यक्रमलाई विकासका सबै क्षेत्र र पक्षमा समाहित गर्दै जनसांख्यिक संक्रमणलाई सहज बनाउने ।

३. बहुपक्षीय सहकार्य एवं समन्वयको माध्यमबाट जनचेतना अभिवृद्धि गर्दै जनसंख्या व्यवस्थापन र मानव संसाधन विकासलाई परस्पर आबद्ध बनाउने ।

४. जनसंख्यालाई विकाससंग आबद्ध गरी विभिन्न सेवा तथा सुविधाहरूलाई विकेन्द्रित गरी जनताको घरदैलो नजिक पुऱ्याउने ।

## ७. कार्यनीति

१.१ जनसंख्या व्यवस्थापन सम्बन्धी विद्यमान् नीति तथा कार्यक्रमहरूको पुनरावलोकन गरी त्यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउन उपयुक्त नीतिगत, संस्थागत र व्यवस्थापकीय पक्षमा सुधार गरिनेछ ।

१.२ परिवार नियोजनका साधनको प्रयोग, जनसंख्या शिक्षा र चेतनाको अभिवृद्धिवाट बढ्दो जनसंख्या वृद्धिदरलाई कम गरिनेछ ।

१.३ ग्रामीण तथा पछि परेका क्षेत्रहरूमा सामाजिक, आर्थिक एवं भौतिक पूर्वाधारहरूको संतुलित विकासको अलवा एकीकृत वस्ती विकास गर्दै जनसंख्याको क्षेत्रीय वितरणमा संतुलन ल्याइनेछ ।

१.४ जनसंख्या सम्बन्धी प्रभावकारी छाता नीति बनाई आन्तरिक तथा अन्तर्राष्ट्रिय बसाईसराईलाई समेत व्यवस्थित गरिनेछ ।

२.१ पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगार, खानेपानी तथा सरसफाइ जस्ता आधारभुत सेवा सुविधाहरूमा सबै वर्ग, क्षेत्र, लिंग, जातजातिका आम जनसमुदायको पहुँचमा वृद्धि गरिनेछ ।

२.२ जनसंख्या व्यवस्थापनका विविध पक्षलाई एकीकृत गरी राष्ट्रिय, क्षेत्रीय र स्थानीय सबै तहका कार्यक्रमहरूलाई एकीकृत रूपमा विस्तार गर्दै लगिनेछ ।

२.३ प्रत्येक नागरिकको प्रतिभा र रूची अनुरूप उत्पादनशील कार्यमा लाग्ने वातावरणको अवसर सृजना गरिनेछ ।

२.४ आन्तरिक वा बाह्य प्रतिभा पलायनको प्रवृत्तिलाई न्यूनीकरण गर्नका लागि नीति नियम व्यवस्था गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.५ जनसंख्या व्यवस्थापन, वातावरण एंव स्रोतसाधनको उपयोग, गरीबी निवारण एंव दिगो विकासवीचको अन्तर्सम्बन्धबारे व्यापक सचेतना बृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

२.६ विदेशी नागरिकहरूको आप्रवास, तिनको संख्या र विशेषता समेतका आधारमा आप्रवास प्रवृत्तिलाई नियमन, नियन्त्रण एवं व्यवस्थित गरिनेछ ।

२.७ जनसंख्या शिक्षालाई अभियानको रूपमा स्थानीय स्तरमा सञ्चालन गरी जनसंख्या व्यवस्थापनमा सहयोग पुऱ्याइनेछ ।

३.१ जनसंख्या व्यवस्थापन, रोजगारमूलक सीप र मानव संसाधन विकासमा योगदान पुऱ्याउन निजी, गैरसरकारी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

३.२ जनसंख्या व्यवस्थापनको क्षेत्रमा कार्यरत सबै तहका संस्थाहरूको क्षमता विकासमा जोड दिइनेछ ।

४.१ लक्षित समूहहरूको पहिचान गरी गुणस्तरीय परिवार प्रबर्द्धनका लागि सचेतना, प्रजनन स्वास्थ्य, मातृशिशु स्वास्थ्य र परिवार नियोजन जस्ता सेवाहरू लक्षित वर्गको पहुंच हुने गरी विस्तार गरिनेछ ।

४.२ बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक र जोखिममा रहेका समुदायहरूको पोषणसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४.३ केन्द्र तथा स्थानीय स्तरमा सञ्चालित जनसंख्या व्यवस्थापन कार्यक्रमहरू सञ्चालन गर्दा अन्य मन्त्रालय तथा निकायहरूसँग समन्वय गरिनेछ ।

४.४ जनसंख्यासम्बन्धी अध्ययन, अनुसन्धान एवं तथ्याङ्कहरूको संकलन र प्रशोधन कार्यलाई प्रभावकारी बनाउन राष्ट्रिय जनसंख्या अध्ययन अनुसन्धान केन्द्रको संस्थागत व्यवस्था गरिनेछ ।

४.५ राष्ट्रिय जनगणना २०६८ को नतिजाको आधारमा क्षेत्रगत रूपमा मानव संसाधनको प्रक्षेपण गरी जनसंख्या व्यवस्थापनलाई मानव संसाधन विकास योजनासँग आबद्ध गरिनेछ ।

४.६ जनसाख्यिक लाभांशलाई उपयोग गर्दै युवा शक्तिलाई देश विकासमा परिचालन गरिनेछ ।

४.७ लैङ्गिक विभेद एवं लैङ्गिक हिंसा नियन्त्रणमा जोड दिइनेछ । जनसंख्या व्यवस्थापनमा महिलावर्गको सहभागिता अभिवृद्धि गरिनेछ ।

४.८ किशोर किशोरी र बृद्धबृद्धा सम्बन्धी नीति तयार गरी सो समूहका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं | विवरण | आ.व. २०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | स्थानीय स्तरमा जनसंख्या व्यवस्थापन कार्यक्रम विस्तार र निरन्तरता दिने (जिल्ला) | ५० | ७५ |
| २ | जिल्ला जनसंख्या प्रोफाइल तयारी गर्ने (जिल्ला) | २५ | ७५ |
| ३ | अस्पतालहरूमा ज्येष्ठ नागरिक वार्ड स्थापना गर्ने (जिल्ला) | - | २५ |
| ४ | HIV सम्बन्धी जागरणका लागि गैसस संग साझेदारी कार्यक्रम सञ्चालन गर्ने (जिल्ला) | २५ | ७५ |
| ५ | जन्म, मृत्यु, दर्ता प्रणाली (VERS) का लागी स्थानीय निकायसंग साझेदारी गने FCHV परिचालन गर्ने (जिल्ला) | २५ | ७५ |
| ८ | स्वास्थ्य सहकारी अवधारणा विकासका लागि Piloting गर्न अध्ययन गर्ने | पूर्वाधार तयारी | ५ जिल्ला |
| ९ | युवा वर्गलाई लक्षित गरी धुम्रपान र मद्यपान तथा लागु औषधीको कूलत न्यूनीकरण गर्न कार्यक्रम सञ्चालन गर्ने | १५ जिल्ला | ७५ जिल्ला |
| ११ | नमुना परियोजनाको रूपमा जिल्लाहरूमा ज्येष्ठ नागरिक आवास गृह निर्माण गर्ने | १ (अञ्चल स्तरीय) | १० (अञ्चल स्तरीय) |
| १२ | गा.वि.स स्तर सम्म स्वास्थ्य तथा जनसंख्या प्रोफाइल तयारी तथा प्रकाशन गर्ने | तयारी गरिएको | ४० जिल्लाको प्रोफाइल प्रकाशन |
| १३ | प्रत्येक अस्पतालमा कम्तीमा एउटा One Stop Crisis Center स्थापना गर्ने (केन्द्र) | १ | ३० |

## ९. प्रमुख कार्यक्रम

- चेतनामूलक कार्यक्रमः किशोर किशोरीहरूका लागि जीवनउपयोगी तालिम, सुरक्षित यौन व्यवहार सम्बन्धी कार्यक्रमका साथै जनसंख्या व्यवस्थापन, लागु औषधीको प्रयोग, हिंसाबाट महिलाहरूको स्वास्थ्यमा पर्ने प्रभाव जस्ता विषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । जनसंख्या व्यवस्थापन सम्बन्धी स्थानीय निकायको क्षमता प्रवर्द्धन, प्रत्येक जिल्लामा सूचना केन्द्रको स्थापना, गा. वि. स. तथा नगरपालिकाहरूको जनसांख्यिकीय प्रोफाइल तयारी, जिल्ला स्तरमा जनसंख्या व्यवस्थापन कार्ययोजना तयारी जस्ता कार्यक्रमहरू यस अन्तर्गत सञ्चालन गरिनेछ ।
- प्रोत्साहनमूलक कार्यक्रमः सानो तथा गुणस्तरीय परिवार, विभिन्न समस्याबाट पीडितलाई पुनःस्थापना गर्ने कार्यमा संलग्न संस्थाहरू र स्वरोजगारमा लाग्ने युवा शक्तिलाई प्रोत्साहन गरिनेछ ।
- लक्षित कार्यक्रमः किशोर किशोरी तथा युवा युवती (१०-२४ वर्ष), महिला, आदिबासी, जनजाती, मधेसी, मुस्लिम, विपन्न तथा ज्येष्ठ नागरिक, धुम्रपान मध्यपानको कूलत न्यूनीकरण तथा महिला विरूद्धको हिंसाबाट शारीरिक तथा मानसिक स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभाव जस्ता विषयमा विस्तृत अध्ययन गरी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसै गरी क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल तथा जिल्ला अस्पतालमा ज्येष्ठ नागरिक कक्ष र महिला विरूद्ध हुने हिंसाको एकीकृत व्यवस्थापनको लागि अञ्चल र जिल्ला अस्पतालहरूमा One Stop Crisis Center स्थापना गरिनेछ ।
- नीतिगत कार्यक्रमः यस अन्तर्गत जनसंख्या सम्बन्धी दीर्घकालीन योजनाले लक्षित गरेका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, एकीकृत जनसंख्या छाता नीति तर्जुमा र वसाई सराई नीति तर्जुमा जस्ता कार्यहरू गरिनेछ ।
- संस्थागत सुदृढीकरण कार्यक्रमः स्वास्थ्य र जनसंख्या सम्बन्धी सूचना प्रणालीको स्थापना र सुदृढीकरण, जनसंख्या व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू समन्वयात्मक ढंगले कार्यान्वयन गर्ने र केन्द्रीय तहमा जनसाख्यिक अध्ययन अनुसन्धानको संस्थागत विकास जस्ता कार्यक्रमहरू यस अन्तर्गत सञ्चालन गरिनेछ । किशोर किशोरी तथा युवाहरूको अवस्था, वृद्धवृद्धाहरूको आर्थिक, सामाजिक, पोषण तथा स्वास्थ्य अवस्था, वसाइसराई सम्बन्धी अध्ययन तथा सर्वेक्षण गरिनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

जनसंख्यासम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्वन गरिनेछ । यस अन्तर्गत विशेष गरी चेतनामूलक कार्यक्रम, क्षमता अभिवृद्धि कार्यक्रम, लक्षित कार्यक्रम तथा प्रोत्साहनमूलक कार्यक्रमको कार्यान्वयनमा स्थानीय निकाय, गैर सरकारी संस्थाहरू तथा स्थानीय महिला समूह, युवा समुदाय र नागरिक समाज समेतलाई सक्रिय साझेदार बनाइनेछ ।

केन्द्रीय तहमा मन्त्रीपरिषद्, राष्ट्रिय योजना आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय,सामान्य प्रशासन मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, शिक्षा मन्त्रालय युवा तथा खेलकुद मन्त्रालय र स्थानीय तहमा सम्बन्धित कार्यालय र सरोकारवालाहरूको भूमिकालाई थप प्रभावकारी बनाइनेछ । साथै कार्यक्रम कार्यान्वयन गर्ने क्रममा नीतिगत, कार्यक्रमगत र संस्थागत समन्वयमा विशेष ध्यान दिइनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

जनसंख्या व्यवस्थापनसम्बन्धी कार्यक्रम स्थानीय स्तरसम्म प्रभावकारी रूपमा पुगे नपुगेको सम्बन्धमा निरन्तर अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ । केन्द्रीय तह, स्थानीय निकाय, गै.स.स.तथा नागरिक समाजको सहभागितामा स्थानीय तहका जनसंख्या व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्ने संयन्त्र विकास गरिनेछ । अनुगमन तथा मूल्याङ्कनका लागि मापनयोग्य सूचकहरू विकास गरी अनुगमन प्रक्रियालाई प्रभावकारी बनाइनेछ । अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाउने

प्रयास गरिनेछ । आवश्यक स्रोत, साधन र जनशक्तिको प्रभावकारी परिचालन गरिनेछ । अनुगमनको लागि जनशक्तिको दक्षता अभिवृद्धि गरिनेछ । अनुगमन तथा मूल्याङ्कनवाट प्राप्त पृष्ठपोषणलाई आगामी कार्यक्रम तर्जुमाको लागि आधारको रूपमा उपयोग गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. जनसंख्या तथा बसाइँ सराई सम्बन्धी नितिगत र कानुनी आधार सुदृढ हुनेछ ।

२. जनसंख्या र विकास कार्यक्रमबीच समन्वय र साझेदारी वृद्धि भइ कार्यक्रमको प्रभावकारिता बढ्नेछ । जनसंख्या व्यवस्थापनमा कार्यरत जनशक्ति र संस्थाहरूको क्षमता अभिवृद्धि भइ संस्थागत व्यवस्था सुदृढ हुनेछ ।

३. जनसंख्यासम्बन्धी सचेतना आई जनसंख्या व्यवस्थापन प्रभावकारी हुनेछ ।

४. जनसंख्यासम्बन्धी कार्यक्रममा लक्षित समुदाय खास गरी विभिन्न भाषाभाषी, आदिबासी जनजाती, पिछडिएको वर्गको पँहुच सहज भै कार्यक्रमको प्रभावकारितामा वृद्धि हुनेछ ।

५. जिल्लाहरूका जनसंख्या व्यवस्थापनसम्बन्धी सूचना केन्द्रहरू स्थापना भइ आवश्यक तथ्याङ्कहरू उपलब्ध हुनेछन् ।

६. शहरी तथा ग्रामीण क्षेत्रको अन्तर्सम्बन्ध सुदृढ भई बसाइ सराइ व्यवस्थित गर्ने सहज वातावरण तयार हुनेछ ।

## ५.४.२ मानव संसाधन

### १. पृष्ठभूमि

मानव संशाधन आर्थिक तथा सामाजिक विकासको मुख्य आधार हो । देशमा विद्यमान् गरीबी घटाउन र उच्च आर्थिक वृद्धि दर हासिल गर्न गुणस्तरीय मानव संशाधनको अहं भूमिका रहन्छ । नेपालमा प्रथम पञ्चवर्षीय योजनादेखि हालसम्मका अधिकांश आवधिक योजनाहरूमा मानव संशाधनलाई प्राथमिकतामा राख्दै आएको भए पनि कार्यान्वयनको स्तर त्यति सन्तोषप्रद रहेन । यस सन्दर्भमा युवाहरूलाई उच्च शिक्षा, अन्तर्राष्ट्रिय अभिमुखीकरण, व्यावसायिक तालिम लगायतका ज्ञान, सीप, र सोचका अवसरहरू प्रदान गरेर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने क्षमतावान् जनशक्तिकोरूपमा प्रस्तुत गर्ने र देशका दक्ष जनशक्तिलाई आवश्यकतानुसार देशमै थमौती गरी देशको समग्र विकास गर्ने सोच चालु त्रिर्षीय योजनाले लिएको छ ।

### २. अद्यावधिक स्थिति

नेपालको कूल जनसंख्याको आर्थिक रूपले सक्रिय जनशक्ति (१५-६४ वर्ष) को प्रतिशत करिव ५७ रहेकोमा युवा जनशक्ति (१५-२९ वर्ष) करिब २७ प्रतिशत रहेको अनुमान छ ।

हालसम्म नेपालमा मानव संसाधन विकासको एकीकृत एवं व्यवस्थित योजना नभएकोले राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकता अनुसारको गुणस्तरीय जनशक्ति उत्पादन गर्न सकिएको छैन । मानव संसाधनको समुचित उपयोग गर्ने स्पष्ट नीति र उत्प्रेरणाको अभावमा एकातिर कतिपय प्राविधिक एवं व्यवस्थापकीय सीप र क्षमता भएका जनशक्ति विदेश पलायन भएका छन् भने अर्कोतिर वर्षेनी शैक्षिक बेरोजगारहरूको संख्या बढिरहेको छ ।

विश्वका कतिपय राष्ट्रहरूले युवा जनशक्तिको अभाव झेलिरहनु परेको अवस्थामा नेपालका लाखौं दक्ष, अर्धदक्ष र अदक्ष युवाहरू न्यून पारिश्रमिकमा बैदैशिक रोजगारीमा जान बाध्य छन् । औपचारिक तथ्याङ्क अनुसार दैनिक करिब एक हजार अर्धदक्ष एवं अदक्ष युवा जनशक्ति तेस्रो मूलक पलायन भएका छन् भने

भारत वा भारतको बाटो गरी विदेशिने नेपालीहरूको संख्यालाई समेत जोड्दा विदेसिनेहरूको संख्या त्योभन्दा बढी भएको अनुमान छ । प्रचूर प्राकृतिक स्रोत साधनको उपलब्धता एवं पर्याप्त जनशक्तिको समुचित परिचालनको अभावमा आशातीत आर्थिक वृद्धि दर हासिल हुन नसकिरहेको परिप्रेक्ष्यमा एक दीर्घकालीन कार्ययोजना सहितको मानव संशाधन योजनाको खाँचो महसुस भएको छ ।

## ३. समस्या तथा चुनौती

देशको समग्र विकासको लागि विभिन्न विषयगत (कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, वन, पर्यटन र अन्य प्राविधिक) क्षेत्रमा आवश्यक पर्ने दक्ष र अर्धदक्ष जनशक्तिको आँकलन, उत्पादन, उपयोग र वैदेशिक रोजगारीमा पठाउनेजस्ता विषयमा खास नीतिको तर्जुमा भएको छैन ।

मानव संशाधनको उत्पादन र उपयोगसम्बन्धी स्पष्ट योजनाको अभाव, व्यापकरूपमा बढ्दै गएको अदक्ष जनशक्ति, गुणस्तरीय एवं दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक पर्ने पूर्वाधारको कमी, राष्ट्रिय आवश्यकता एवं प्राथमिकताको आधारमा जनशक्ति उत्पादन गर्ने परिपाटीको अभाव र विभिन्न निकायहरूमा छरिएर रहेको मानव संसाधन व्यवस्थापनको लागि समन्वय गर्ने केन्द्रीय निकायको अभावजस्ता समस्याहरू विद्यमान् छन् । त्यस्तै मानव संसाधनसम्बन्धी काम गर्ने विभिन्न निकायहरूबीच समन्वय कायम गरी आवश्यक जनशक्तिको प्रक्षेपण गर्नु, समावेसी लोकतान्त्रिक परिपाटीमा विभिन्न दबाव समूह एवं सरोकारवाला निकायहरूले आ-आफ्नो प्रतिनिधित्व खोजिरहेको अवस्थामा दक्ष जनशक्तिको सुनिश्चित गर्नु तथा सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति, विश्वव्यापीकरण र आर्थिक उदारीकरणको बढ्दो प्रवाहसँग मेल खाने गरी मुलुकको मानव संशाधनको विकास एवं थमौती गर्नु चुनौतिको रूपमा रहेकोछ ।

## ४. दीर्घकालीन सोच

देशको निरन्तर विकासको लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम प्राविधिक एवं व्यावसायिक जनशक्तिको विकास गर्ने ।

## ५. उद्देश्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम, दक्ष मानव संशाधनको विकास गर्न उपयुक्त नीति तयार गर्ने तथा सहभागितामूलक र न्यायोचित परिपाटीलाई आधार मानी विद्यमान् गरीबी, अशिक्षा र असमानतालाई न्यूनीकरण गर्ने

## ६. रणनीति

१. बहुपक्षीय सहकार्य एवं समन्वयको माध्यमबाट जनसंख्या व्यवस्थापन र मानव संशाधन विकासलाई परस्पर आबद्ध बनाउने ।

२. मानव संशाधन विकाससँग सम्बद्ध सेवा तथा सुविधाहरूलाई एकद्वार प्रणालीमार्फत् जनताको घरदैलोमा पुऱ्याउने ।

३. सार्वजनिक-निजी सहकार्यमार्फत मानव संसाधन विकासमा जोड दिने ।

## ७. नीति/कार्यनीति

१.१ दीर्घकालीन मानव संसाधन विकास नीति तयार पार्न सामयिक अध्ययन, अनुसन्धान तथा अन्तर्क्रिया गोष्ठी, सुझाव संकलन आदि कार्यक्रमहरू गरिनेछ ।

१.२ मानव संशाधन विकासलाई टेवा पुग्ने सबै खालका राष्ट्रिय नीति तथा कार्यक्रमहरूलाई समय सापेक्षित परिमार्जन एवं संशोधन गरिनेछ ।

१.३ शिक्षा तथा स्वास्थ्य नीतिमा समय सापेक्षित परिमार्जन गरी सार्वजनिक लगानीलाई व्यापक बनाइनेछ ।

१.४ विदेशमा रही विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेका नेपालीहरूलाई स्वदेशमै आकर्षित गर्ने कार्यक्रमहरू ल्याइनेछ ।

१.५ आवधिक योजनाले अपेक्षा गरे अनुसारको जनशक्तिको प्रक्षेपण गरी स्वदेश तथा विदेशबाट आपूर्ति गर्ने संख्या निर्धारण गरिनेछ ।

२.१ मुलुकको समग्र मानव संशाधन क्षेत्रको विकासको लागि समन्वयकारी भूमिका निर्वाह गर्ने जिम्मेवारी दिन केन्द्रीय निकायको रूपमा एक मानव संसाधन विकास परिषद्को स्थापना गरिनेछ ।

३.१ व्यावसायिक एवं प्राविधिक शिक्षा र सीपमूलक तालिम कार्यक्रमहरूमा विशेष जोड दिइनेछ ।

३.२ सार्वजनिक निजी साझेदारीका आधारमा देशलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सुविधासम्पन्न व्यावसायिक एवं प्राविधिक शिक्षालय/संस्थाहरूको सञ्चालनमा व्यापकता ल्याइनेछ । र भइरहेका संस्थाहरूको क्षमता विकास गर्ने नीति लिइनेछ ।

३.३ वैदेशिक शैक्षिक संस्थाहरूको सहकार्यमा शिक्षा तथा तालिम कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त नीति तर्जुमा गरिनेछ ।

३.४ पूर्वाधार विकास कार्यक्रममार्फत् आर्थिक क्रान्ति ल्याउन वैदेशिक रोजगारमा उत्सुक युवाहरूलाई स्वदेशमै आकर्षित गर्ने कार्यक्रमहरू पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ८. प्रमुख कार्यक्रम

एकीकृत मानव संसाधनसम्बन्धी राष्ट्रिय नीति तयार गर्ने, मानव संशाधन विकास सम्बन्धी कार्यमा संलग्न विभिन्न निकायहरूबीच समन्वय गर्ने केन्द्रीय निकाय (मानव संसाधन विकास परिषद्) को स्थापना गर्ने, राष्टिय, क्षेत्रीय तथा स्थानीय स्तरमा मानव संसाधन सम्बन्धी अभिमुखीकरण, अन्तर्क्रिया कार्यक्रम तथा गोष्ठीहरू सञ्चालन गर्ने, मानव संशाधनको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू गर्ने र अन्य देशको मानव संसाधन विकाससम्बन्धी अनुभव आदान प्रदान गर्नेजस्ता कार्यक्रम मुख्यरूपमा रहेका छन् ।

## ९. कार्यान्वयन व्यवस्था

राष्ट्रिय योजना आयोगले मानव संशाधन विकास नीति तर्जुमा गर्ने र उत्पादित जनशक्तिको तथ्याङ्क व्यवस्थापन गर्नेछ । तथ्याङ्क व्यवस्थापनको लागि सरकारी, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रको विद्यमान् जनशक्ति, आवश्यक जनशक्तिको स्तर तथा प्रकारसहितको माग र उत्पादनको प्रक्षेपण, अन्तर्राष्ट्रिय श्रम बजारको मागको संख्या र स्तर तथा प्रकारबारेको सूचना तथा तथ्याङ्क सम्बन्धित मन्त्रालय तथा निकायबाट लिने व्यवस्था गरिनेछ ।

## १०. अनुगमन तथा मूल्याङ्कन

उपर्युक्त बमोजिमका जनशक्तिको उत्पादन तथा व्यवस्थापनको सिलसिलामा सम्बन्धित निकाय वा संस्थाहरूलाई सहजीकरण तथा प्रोत्साहनको व्यवस्था पनि सम्बन्धित मन्त्रालयमार्फत् गरिनेछ । यी कार्यहरूको समन्वय, सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन राष्ट्रिय योजना आयोगले सम्बन्धित मन्त्रालयसँगको समन्वय वा सहकार्यमा गर्नेछ ।

## ११. अपेक्षित उपलब्धि

१. यस योजनाको अन्तिम वर्षसम्ममा मानव संशाधन सम्बन्धी एकीकृत नीति तयार भइ कार्यान्वयनमा आएको हुनेछ ।

२. देशमा विद्यमान् जनशक्तिको क्षमतामा सुधार आई योजनाको उद्देश्य अनुरूप प्रतिफल हासिल गर्न सहयोग पुऱ्याउनेछ ।

३. आवश्यकता अनुकूलका विभिन्न विधा र क्षेत्रका मानव संसाधनको प्रारम्भिक प्रक्षेपण कार्य सम्पन्न भएको हुनेछ ।

## ५.५ सामाजिक सुरक्षा

### १. पृष्ठभूमि

गरीबी, बेरोजगारी, सामाजिक आर्थिक विषमता, प्राकृतिक प्रकोप, सामाजिक द्वन्द लगायतका कारणले समाजमा आश्रयहीन, असहाय र परित्यक्त व्यक्तिहरूको संख्यामा वृद्धि हुदै गएको छ । नेपालको अन्तरिम संविधान २०६३ र नेपाल पक्ष रहेका मानव अधिकारको विश्वव्यापी घोषणापत्र, सहस्राब्दी विकास लक्ष्य लगायत विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी महासन्धी एवं घोषणापत्रहरूले निर्दिष्ट गरेबमोजिम आम नागरिकलाई न्यूनतम सामाजिक संरक्षणको प्रत्याभूति गर्न राज्य प्रयत्नशील रहँदै आएको छ । यस क्षेत्रमा विगतमा हासिल भएका उपलब्धिहरूलाई अझ सुदृढ र सुव्यवस्थित गरी कार्यक्रमको विस्तार गर्ने, विशेष गरी जोखिममा परेका बालबालिका, सीमान्तकृत समुदाय र आम नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्ने, सबै नागरिकहरूको मानव अधिकारको सम्मान गर्दै न्यूनतम जीविकोपार्जनलाई सुनिश्चित गर्ने, र वितरण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनेतर्फ यो योजनाको प्रयास केन्द्रित रहनेछ ।

### २. अद्यावधिक स्थिति

बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख आदिबासी जनजाति र अपाङ्गता भएका व्यक्तिहरूसमेतका लागि सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आइएको छ । तीन वर्षीय अन्तरिम योजनाको अन्तिम वर्षमा ६,१९,५०१ ज्येष्ठ नागरिक, २,६७,४१३ एकल महिला, १,५६८ लोपोन्मुख आदिबासी, १३,०८९ पूर्ण, र ६,८७५ आंशिक अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता प्राप्त गरे । नेपाल सरकारले आ.व.०६६/६७ को बजेट वक्तव्यमार्फत प्रत्येक विपन्न दलित परिवार र कर्णाली अञ्चलका सबै परिवारका ५ वर्ष मुनिका २ जनासम्म बालबालिकाको पोषणमा खर्च हुने गरी मासिक रू.२००।- का दरले “बाल संरक्षण अनुदान” प्रदान गर्दै आएको छन् । यस कार्यक्रमबाट करीब ४ लाख बालबालिकाहरू प्रत्यक्ष लाभान्वित भएका छन । विभिन्न जिल्लाहरूमा ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रममार्फत खाद्यान्न वितरण गरी कूल ६५ लाख श्रम दिन बराबरको रोजगारी सिर्जना भएको छ । त्यस्तै, प्राथमिक शिक्षा र अत्यावश्यक स्वास्थ्य एवं पोषणसम्बन्धी सेवामा विस्तार भै जनताको पहुँचमा वृद्धि भएको छ । यसै अवधिमा युवा स्वरोजगार कार्यक्रम आरम्भ गरियो । रोजगारीजन्य जोखिमहरूलाई सम्बोधन गर्न संगठित क्षेत्रका कर्मचारी तथा कामदारहरूको पारिश्रमिकमा एक प्रतिशत कर लगाई सामाजिक सुरक्षा कोषको स्थापना गरियो । विद्यमान् सामाजिक संरक्षणका कार्यक्रमहरूको कार्यान्वयनबाट प्राप्त अनुभव एवं संयन्त्रहरूको समीक्षाका आधारमा सामाजिक संरक्षणसम्बन्धी राष्ट्रिय प्रारूपको निर्माण गर्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगमा एक अन्तर्मन्त्रालय निर्देशक समिति गठन भएको छ । यस समितिले अर्थ मन्त्रालयबाट रोजगारदाता एवं कामदार समेतको त्रिपक्षीय संयन्त्रबाट तयार गरिएको सामाजिक सुरक्षा प्रणालीसम्बन्धी प्रतिवेदनलाई समेत दृष्टिगत गरी राष्ट्रिय सामाजिक संरक्षणको नीतिगत ढाँचा निर्माण गरिरहेको छ ।

### ३. समस्या तथा चुनौती

सामाजिक सुरक्षा कार्यक्रमहरू विभिन्न निकायहरूमार्फत छरिएर कार्यान्वयन भैरहेका छन् र कार्यक्रमहरूको सुव्यवस्थित रूपमा अनुगमन र मूल्याङ्कन हुन सकेको छैन । कार्यक्रमहरूवीच समन्वय स्थापित हुन सकेको छैन । सञ्चालित कार्यक्रमहरू पहुँच र प्रभावकारिताका दृष्टिले अपर्याप्त महसुस भएको छ । सामाजिक संरक्षणसम्बन्धी व्यवस्थित नीतिगत ढाँचाको अभाव रहेको छ र कार्यक्रमहरू पर्याप्त वित्तीय र प्रशासनिक संभाव्यता अध्ययन वा विश्लेषणबिना कार्यान्वयन भैरहेका छन् । प्रभावकारी सूचना प्रणालीको विकास हुन सकेको छैन ।

विभिन्न निकायहरूवीच समन्वय स्थापना गर्ने कार्य आफैमा चुनौतिपूर्ण छ भने कार्यक्रमहरूलाई दिगोरूपमा सञ्चालन गर्न आवश्यक वित्तीय स्रोत जुटाउने कार्य, प्रशासनिक संयन्त्रको क्षमता अभिवृद्धि

र व्यवस्थापन सूचना प्रणालीको विकास पनि चुनौतिका रूपमा रहेका छन् । विभिन्न समुदायहरूका विविध आवश्यकताको पहिचान गरी नयाँ कार्यक्रम सञ्चालन गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ४. दीर्घकालीन सोच

सबै नागरिकका लागि सामाजिक सुरक्षाको प्रत्याभूति भई सुरक्षित र सम्मानजनक जीवनयापनको सुनिश्चितता हुनेछ ।

## ५. उद्देश्य

आर्थिक रूपले जोखिममा रहेका तथा सामाजिक रूपले वहिष्करणमा परेका सीमान्तकृत व्यक्ति, समूह र समुदायहरूलाई न्यूनतम सामाजिक सुरक्षा प्रदान गर्दै जोखिमको सामना एवं व्यवस्थापन गर्न सक्षम तुल्याउने ।

## ६. रणनीति

१ "सबैका लागि सामाजिक सुरक्षा" को लक्ष्य प्राप्तिका लागि सामाजिक सुरक्षाको जालो विपन्न, सीमान्तकृत, जोखिममा रहेका व्यक्ति, क्षेत्र र समुदायबाट विस्तार गर्दै लैजाने ।

२ सामुदायिक अग्रसरता र समुदायमा आधारित हेरचाह र सुरक्षालाई विशेष प्रोत्साहन दिने ।

३ सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सामाजिक, आर्थिक एवं मानवीय विकाससंग आबद्ध गर्ने ।

४ छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गरी सुदृढीकरण गर्ने ।

५ सामाजिक सुरक्षाका कार्यक्रमहरूको कार्यान्वयनको प्रभावकारितामा सुधार गर्ने ।

## ७. कार्यनीति

१.१ सामाजिक सुरक्षालाई गरीबी निवारण एवं मानव विकासको महत्त्वपूर्ण माध्यम र सबै नागरिकको अधिकारको रूपमा स्वीकार गर्दै क्रमशः सबैका लागि सामाजिक सुरक्षाको लक्ष्यतर्फ उन्मुख गरिनेछ ।

१.२ सबैभन्दा विपन्न, सीमान्तकृत र जोखिममा रहेका व्यक्ति, क्षेत्र र समुदायबाट विस्तार गरी सबैलाई निःशुल्क गुणस्तरयुक्त आधारभूत स्वास्थ्य सेवा र आधारभूत शिक्षा प्रदान गरिनेछ ।

१.३ सामाजिक संरक्षणका प्रावधानहरूलाई बालमैत्री बनाउँदै बालबालिकाको गरीबी र जोखिमलाई न्यूनीकरण गर्न विद्यमान् सामाजिक सुरक्षाका कार्यक्रमको सुदृढीकरण एवं विस्तारमा जोड दिइनेछ ।

१.४ ज्येष्ठ नागरिक, एकल महिला, शारीरिक अपाङ्गता भएका व्यक्ति एवं जोखिममा रहेका सबै जातजाति समूहका मानिसलाई न्यूनतम सामाजिक सुरक्षाको दायरामा ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१.५ रासनकार्डको व्यवस्था गरी गरीबीको रेखामुनी रहेका व्यक्तिहरूलाई विशेष सहुलियतयुक्त सेवाहरू प्रदान गरिनेछ ।

१.६ प्राकृतिक प्रकोपस्थलको पहिचान एवं नक्साङ्कन गर्नुका साथै प्रकोप व्यवस्थापन पूर्व तयारीका लागि उपयुक्त नीतिगत र संरचनात्मक व्यवस्था गरिनेछ ।

२.१ सामाजिक सुरक्षाका प्रावधानहरूको विकास र सुदृढीकरणका लागि स्थानीय निकाय, गैरसरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग सहकार्य गर्दै विद्यमान् संभावनाहरूको अधिकतम उपयोग गरिनेछ ।

२.२ परित्यक्त एवं निराश्रितहरूका लागि आवास र आजीविका सहितको समुदायमा आधारित आश्रयस्थलहरूको विस्तार गर्दै लगिनेछ ।

२.३ आपतकालीन सामाजिक सेवाहरू स्थानीय तहबाटै उपलब्ध गराइनेछ ।

२.४ सामाजिक सुरक्षाका परम्परागत अभ्यासहरू पहिल्याई तिनको सुदृढीकरण र विस्तार गरिनेछ ।

३.१ जनताको स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वैच्छिक योगदानमा आधारित सामाजिक स्वास्थ्य वीमा/स्वास्थ्यकार्डजस्ता कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गरी क्रमशः देशका सवै भाग र सामुदायिक क्षेत्रसम्म विस्तार गरिनेछ ।

३.२ क्रमिक रूपले माध्यमिक तहसम्मको शिक्षा (९-१२) निःशुल्क गर्दै लगिनेछ ।

३.३ विपन्न र बेरोजगार व्यक्तिलाई रोजगारीका अवसर प्रदान गर्दै स्वरोजगार प्रबर्द्धनका लागि सीपमूलक र उद्यमशीलता विकास सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ ।

३.४ श्रम सघन सार्वजनिक निर्माणकार्यका माध्यमबाट तोकिएको हदसम्म रोजगारीको प्रत्याभूति प्रदान गरिनेछ ।

४.१ सामाजिक सुरक्षासम्बन्धी राष्ट्रिय ढाँचाको तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।

४.२ विभिन्न निकाय अन्तर्गत छरिएर रहेका कार्यक्रमहरूलाई मुलुकको सन्दर्भमा उपयुक्त र प्रभावकारी हुने गरी एकीकृत सामाजिक सुरक्षा प्रणालीमा रूपान्तरण र सुदृढीकरण गरिनेछ ।

५.१ लक्षित समूहका व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षाको प्रक्रिया एवं प्रशासनलाई पुनरावलोकन एवं सुधार गरी सेवालाई सर्वसुलभ तथा प्रभावकारी बनाइनेछ ।

५.२ आधारभूत सामाजिक आर्थिक सेवाहरूको प्रवाहलाई प्रभावकारी एवं सुलभ बनाइनेछ ।

५.३ नगद हस्तान्तरण लगायतका विभिन्न सामाजिक सुरक्षासम्बन्धी सेवा प्रवाहका लागि उपयुक्त प्रविधि पहिल्याई कार्यान्वयनमा ल्याइनेछ ।

५.४ विद्यमान् सामाजिक सुरक्षाका कार्यक्रमहरूको कार्यान्वयन स्थिति, दक्षता, र प्रभावकारिता समेतका विषयमा सूचना संकलन र विश्लेषण गरी प्राप्त सिकाईलाई नीति तथा कार्यक्रमहरूमा समाहित गर्ने परिपाटी बसालिनेछ ।

## ८. प्रमुख कार्यक्रम

- ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिलाई भत्ता वितरण कार्यक्रमः तथ्याङ्क संकलन गर्ने, दर्ता गर्ने, भत्ता वितरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, नियमित रूपमा अनुगमन गर्ने, निर्देशिका अद्यावधिक गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- बालसंरक्षण अनुदान कार्यक्रमः कार्यान्वयन स्थिति र प्रगतिको समीक्षा गर्ने, कार्यक्रमको विस्तार गर्ने, निर्देशिका र कार्यविधि अद्यावधिक गर्ने, अनुगमन र वितरण प्रणालीमा सुधार गर्ने, जन्म दर्ता गर्ने, स्थानीय निकाय, समुदाय तथा गैससहरूका कार्यक्रमसँग आबद्ध गरी विद्यालयमा पोषण र दिवा खाजालगायतका बालबालिकाका लागि सामाजिक संरक्षणका कार्यहरू सुदृढीकरण र सञ्चालन गरिनेछ ।
- रोजगार एवं स्वरोजगारमूलक कार्यक्रमः ग्रामीण पूर्वाधार विकास कार्यक्रम र कामका लागि खाद्यान्न वा नगद कार्यक्रमहरूलाई विस्तार गरी रोजगारको प्रत्याभूति गर्ने, सीपमूलक तालिमका विधाहरूको सान्दर्भिकताको पुनरावलोकन गर्ने, पाठ्यक्रममा सुधार गर्ने, निजी क्षेत्र तथा गैसस क्षेत्रसमेतको साझेदारीबाट बजारमा माग भएबमोजिमका सीप विकास एवं उद्यमशीलतासम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने, पछि परेका समूह वा समुदायका लागि लक्षित तालिम र टेवा कार्यक्रम सञ्चालन गर्ने र स्वरोजगारका लागि बिउ पूँजी प्रदान गर्ने जस्ता कार्यहरू गरिने छन् ।
- सामाजिक सुरक्षा कोष र कल्याणकारी कोषहरूको व्यवस्थापन, सुधार र सञ्चालन गर्नेः सामाजिक सुरक्षासम्बन्धी ऐन र नियमावली तर्जुमा गर्ने, सामाजिक सुरक्षा कोष र कल्याणकारी कोषको कार्यविधि र संस्थागत संरचनाको विकास गर्ने, प्याकेजहरू तयार गरी कार्यान्वयन गर्ने र सामुदायिक स्वास्थ्य वीमा कार्यक्रमहरूलाई विस्तार गर्ने जस्ता कार्यहरू गरिने छन् ।
- कठिन परिस्थितिमा परेकालाई विशेष सहयोगः प्रकोप प्रवृत्त क्षेत्रहरूको पहिचान गरी प्रकोप व्यवस्थापनको राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने, रासन कार्ड प्रणालीको आरम्भ गर्ने, जोखिममा

परेका ज्येष्ठ नागरिक, बालबालिका, बेचबिखनमा परेका वा पर्न लागेका व्यक्तिका लागि क्षेत्रीय स्तरमा सुरक्षित आवासको व्यवस्था गर्ने, समुदाय स्तरमा यस्ता सुविधाहरूको विकासका लागि प्रोत्साहन गर्ने, पुन:स्थापन र पुन:एकीकरणका प्रावधान लागु गर्ने, परम्परागत सामाजिक सुरक्षाका प्रणालीहरूलाई प्रोत्साहन गर्ने, र स्वाबलम्बनतर्फ प्रवृत्त गराउने कार्यहरू गरिनेछ ।

- प्रणाली सुधार तथा क्षमता विकास कार्यक्रमः सामाजिक संरक्षणको राष्ट्रिय ढाँचा तर्जुमा र कार्यान्वयन गर्ने, वर्तमान कार्यक्रमहरू तथा प्रणालीहरूको अध्ययन, समीक्षा र मूल्याङ्कन गर्ने, नयाँ प्रविधिको प्रयोगको संभावना खोज्ने, तथ्याङ्क तथा सूचना प्रणालीमा सुधार गर्ने, कानूनी, संस्थागत र व्यवस्थापकीय आयाममा सुधार गर्ने र सम्बद्ध संस्था तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने जस्ता कार्यहरू गरिनेछन् । सामाजिक सुरक्षाका कार्यक्रमहरू विभिन्न क्षेत्रगत मन्त्रालयहरू र निकायहरूबाट सञ्चालन हुने हुँदा परिमाणात्मक लक्ष्य र बजेटसमेत सोही सम्बद्ध क्षेत्र तथा निकायको कार्यक्रमसंग आबद्ध हुने भएकोले यहाँ उल्लेख गरिएको छैन ।

## ९. कार्यान्वयन व्यवस्था

विभिन्न मन्त्रालय वा निकायहरूसम्बद्ध कार्यक्रमहरू सम्बन्धित निकायहरूमार्फत नै कार्यान्वयन गरिनेछ । सामाजिक सुरक्षाको क्षेत्र, लागत, कूल गार्हस्थ उत्पादनमा यसको सिरोभार दायित्व, मुलुकको आर्थिक क्षमताअनुसार धान्न सक्ने संभाव्य क्षेत्रहरू र क्षमता विश्लेषण गरी कार्यान्वयन अवधारणा तर्जुमा तथा सामाजिक सुरक्षा ऐन, नियमावली, निर्देशिका र कार्यविधि तयार एवं अद्यावधिक गरी कार्यान्वयन गरिनेछ। विभिन्न निकायबाट सञ्चालन भएका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्न कानूनी व्यवस्था मिलाइनेछ । सामाजिक सुरक्षाका कार्यक्रमलाई राष्ट्रव्यापीरूपमा विस्तार गरी औपचारिक तथा अनौपचारिक क्षेत्रलाई समेत समेटी लाभग्राहीको निकटमा सेवा प्रवाह गर्न सामाजिक सुरक्षासम्बन्धी संस्थागत सञ्जाल विकास गरिनेछ । स्थानीय तहका सबै सामाजिक सुरक्षा कार्यक्रम स्थानीय निकायको मातहतमा एकीकृत गरी सञ्चालन गरिनेछ ।

सरकार, दातृसंस्था, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, वित्तीय संस्था र निजी क्षेत्रलाई समेत साधनको व्यवस्थापन र परिचालनमा सहभागी बनाइनेछ। केन्द्रस्तरदेखि स्थानीयस्तरसम्म अभिलेख व्यवस्थापन, वितरण सहजीकरणको लागि आवश्यक स्रोत साधनको व्यवस्था र क्षमता अभिवृद्धि गरिनेछ।

## १०. अनुगमन तथा मूल्याङ्कन

सामाजिक सुरक्षा कार्यक्रमहरूको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरिनेछ । नियमित रूपमा अनुगमन गर्नुका साथै कार्यक्रमका विविध पक्षहरूका बारेमा जानकारी एवं प्रमाणहरू संकलन र विश्लेषण गरिनेछ । अनुगमन र मूल्याङ्कनबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई अभिलेखन गरी राख्ने र त्यसका आधारमा कार्यान्वयन प्रक्रियामा सुधार, कार्यक्रमहरूको विस्तार, क्षमता र प्रभावकारितामा अभिवृद्धि गरिनेछ ।

## ११. अपेक्षित प्रतिफल

१. विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका व्यक्ति, क्षेत्र र समुदायका लागि न्यूनतम सामाजिक सुरक्षाको प्रावधान भएको हुनेछ ।

२. सामुदायिक अग्रसरता र समुदायमा आधारित सामाजिक हेरचाह सुरक्षाका कार्यक्रमहरूको संख्यामा वृद्धि भएको हुनेछ ।

३. सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गरी सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा तर्जुमा एवं कार्यान्वयन भएको हुनेछ ।

४. सामाजिक, आर्थिक एवं मानवीय विकासका कार्यक्रमहरूसँग सामाजिक सुरक्षाका कार्यक्रमहरू पनि आबद्ध हुँदै गएका हुनेछन् ।

## ५.६ ज्येष्ठ नागरिक

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको लागि विशेष व्यवस्था गर्ने नीति अङ्गीकार गरेको छ । साथै, ज्येष्ठ नागरिक कल्याण कोष तथा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ र नियमावली, २०६५ को समेत व्यवस्था भएको छ । ज्येष्ठ नागरिक सम्बन्धी नीतिगत एवम् कार्यगत मार्गदर्शनका लागि उच्चस्तरीय केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको स्थापना भएको छ । सरकारका तर्फबाट देशका विभिन्न भागमा ज्येष्ठ नागरिक आवास गृह, आरोग्य आश्रम एवं दिवा सेवा केन्द्रहरु स्थापना तथा सञ्चालनार्थ संस्थागत सहयोग/अनुदान उपलब्ध गराइँदै आएको छ । आ.व. २०५२/५३ देखि शुरू भएको ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्तालाई वृद्धि गर्दै निरन्तरता प्रदान गरिएको छ ।

### २. अद्यावधिक स्थिति

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली र राष्ट्रिय कार्ययोजनाहरू हाल कार्यान्वयन चरणमा रहेका छन् । ज्येष्ठ नागरिकसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनका लागि नेपालका सबै विकास क्षेत्रहरू समेट्ने गरी सरकारी संयन्त्रहरूका अलावा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू समेत क्रियाशील रहेका छन् । मूलभूत रूपमा ज्येष्ठ नागरिकहरूलाई आर्थिक टेवा पुऱ्याउने, हेरचाह, उपचार र रेखदेख पुऱ्याउने तथा सचेतना अभिवृद्धि गर्ने जस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यसका लागि सरकारले ज्येष्ठ नागरिकसम्बन्धी काम गर्ने गैरसरकारी संस्थाहरूलाई अनुदान दिने, स्वास्थ्य उपचार कार्यक्रमहरू सञ्चालन गर्ने र उनीहरूको हेरचाहका लागि आवश्यक पूर्वाधारहरू तयार गर्ने काममा विशेष जोड दिएको छ ।

### ३. समस्या तथा चुनौती

ज्येष्ठ नागरिकसम्बन्धी कतिपय विद्यमान् नीति र कार्यक्रमको कार्यान्वयनमा कठिनाइ देखा पर्ने गरेको छ । ज्येष्ठ नागरिकसम्बन्धी काम गर्नका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई आकर्षित गर्न सकिएको छैन । यस क्षेत्रमा सरोकार राख्ने संस्थाहरूबीच समन्वय समेत प्रभावकारी हुन सकिरहेको छैन । यसबाट अन्तर्राष्ट्रिय एवं क्षेत्रीय प्रतिबद्धता अनुरुप पर्याप्त मात्रामा राष्ट्रिय स्तरमा कार्य गर्न नसकिरहेको अवस्था छ । ज्येष्ठ नागरिकहरुको संख्या बढ्दो भए पनि यसलाई सम्बोधन गर्ने पर्याप्त कार्यक्रम तथा स्रोत साधनको कमी रहेको छ । ज्येष्ठ नागरिक मैत्री भौतिक पूर्वाधार एवं संस्थागत संरचनाको अभाव खड्किएको छ । ज्येष्ठ नागरिकहरुको अनुभव, ज्ञान तथा सीपको उपयोग गर्नको लागि आवश्यक कार्यक्रमहरूको कमी छ ।

ज्येष्ठ नागरिकहरूलाई सामाजिक जीवनका सबै पक्षहरूमा संलग्न गराउने, असल समाज निर्माणमा उनीहरूको भूमिकालाई सबल बनाउने तथा उनीहरूको मानव अधिकारको समेत प्रबर्द्धन गर्दै सामाजिक सम्मानमा अभिवृद्धि गर्ने कार्यमा प्रभावकारिता ल्याउनु चुनौतिपूर्ण रहेको छ ।

### ४. दीर्घकालीन सोच

ज्येष्ठ नागरिकहरूको आधारभूत हक, अधिकारको सँरक्षण गर्दै उनीहरूका लागि सम्मानजनक, सुरक्षित र सन्तुष्टिपूर्ण जीवनयापनको अवसर सुनिश्चित गर्ने ।

### ५. उद्देश्य

ज्येष्ठ नागरिकहरुको स्वस्थ, सुरक्षित र सम्मानजनक जीवनयापनका लागि अनुकूल वातावरणको सिर्जना गर्न जनचेतना जागरण तथा सेवा, सुविधाहरुको विस्तार गर्ने ।

## ६. रणनीति

१. ज्येष्ठ नागरिकहरूको अनुभव, सीप र ज्ञानलाई राष्ट्र हितको कार्यमा सदुपयोग गर्नका निमित्त नीतिगत र संस्थागत व्यवस्था गर्ने ।

२ आर्थिक, सामाजिक सुरक्षाका कार्यक्रमहरूमा ज्येष्ठ नागरिकहरूको पहुँच विस्तार गर्ने ।

३. सरकारी, सहकारी, निजी, गैरसरकारी, सामुदायिक क्षेत्र तथा स्थानीय निकायहरूबीच समन्वय गरी आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरु प्रबर्द्धन तथा विस्तार गर्ने ।

४. परित्यक्त, हिंसापीडित, शारीरिक रूपले असक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकका लागि लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्ने ।

## ७. कार्यनीति

१.१ ज्येष्ठ नागरिकहरुको अनुभव, सीप र ज्ञानलाई सदुपयोग गर्न राष्ट्रिय ज्येष्ठ नागरिक नीति बनाई कार्यान्वयन गरिनेछ ।

१.२ ज्येष्ठ नागरिकहरूको तथ्यांक संकलन र विश्लेषण गरी उनीहरुको अनुभवलाई प्रयोगमा ल्याउने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ तथा ज्ञान, सीप र अनुभवको उपयोगका लागि अवसरहरु सिर्जना गर्ने नीति अवलम्वन गरिनेछ ।

२.१ ज्येष्ठ नागरिकका लागि विद्यमान् सामाजिक सुरक्षाका प्रावधानहरुको पुनरावलोकन गरी तिनको सुदृढीकरण तथा विस्तार गरिनेछ ।

२.२ ज्येष्ठ नागरिकहरूका लागि आवास गृह, हेरचाह केन्द्र वा घुम्ती स्वास्थ्य केन्द्रहरू सञ्चालन गर्ने संघ/संस्था तथा सहकारीहरूलाई निश्चित मापदण्डका आधारमा राज्यद्वारा अनुदान दिइनेछ ।

२.३ आर्थिक एवं सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई ज्येष्ठ नागरिक प्रति संवेदनशील बनाई जन-चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१ सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी क्षेत्रको साझेदारीमा औपचारिक तथा अनौपचारिक ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र/ क्लबहरु, स्रोत तथा परामर्श केन्द्रहरु, सत्संङ्ग, प्रवचन एवं व्यायाम तथा स्वास्थ्य परामर्श केन्द्रहरु जस्ता सेवा, सुविधा एवं कार्यक्रमहरुको प्रवर्द्धन गरिनेछ ।

३.२ सबै सान्दर्भिक क्षेत्रगत विकास कार्यक्रम एवं आयोजनाहरुमा ज्येष्ठ नागरिकका सवाललाई मूल-प्रवाहीकरण गरिनेछ ।

३.३ ज्येष्ठ नागरिहरुलाई सरकारले प्रदान गरिरहेका सेवा-सुविधाहरुको वितरण प्रणालीमा समय-सापेक्ष सुधार गर्दै निरन्तरता दिइनेछ ।

३.४ ज्येष्ठ नागरिकहरुको संरक्षण, सामाजिक सुरक्षा र सहयोगका लागि सञ्चालन गरिने नीति, कार्यक्रम एवं आयोजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि सरोकारवाला संघ-संस्थाहरुको प्रतिनिधित्व हुने गरी एक अधिकार सम्पन्न निकाय स्थापना गरिनेछ ।

४.१ परित्यक्त, हिंसा-पीडित, शारीरिक रुपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकहरुका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

४.२ सार्वजनिक प्रयोगका साधन र भौतिक संरचनाहरुलाई क्रमशः ज्येष्ठ नागरिकमैत्री तुल्याइनेछ ।

४.३ ज्येष्ठ नागरिक प्रति हुने हिंसा र दुर्व्यवहारबारे अध्ययन/अनुसन्धान गरी त्यसको नियन्त्रणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

योजनाको उद्देश्य तथा लक्ष्य प्राप्त गर्नका लागि महिला तथा बालबालिका मन्त्रालय अन्तर्गत निम्न अनुसारका परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ ।

| क्र.सं. | विवरण | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|
| १ | दिवासेवा केन्द्र/क्लब गठन (वटा *) | ३९१५ |
| २ | हेरचाह केन्द्र निर्माण (वटा **) | ५ |
| ३ | ज्येष्ठ नागरिक अस्पताल (१०० शैया) (वटा) | १ |
| ४ | प्रत्येक क्षेत्रीय र अञ्चल अस्पतालहरूमा ज्येष्ठ नागरिक वार्ड स्थापना (१० शैया) | २१० |
| ५ | ज्येष्ठ नागरिक ग्राम स्थापना | ५ |

* प्रत्येक गा.वि.स. मा १/१ वटाका दरले ** प्रत्येक विकास क्षेत्रमा १/१ वटाका दरले

## ९. प्रमुख कार्यक्रम

- सेवा केन्द्र स्थापना/सञ्चालनः प्रत्येक गा.वि.समा १/१ वटा दिवा सेवा केन्द्र/क्लब गठन र सञ्चालन गर्ने, प्रत्येक विकास क्षेत्रमा १/१ वटा अशक्त, असहाय, बेबारिसे ज्येष्ठ नागरिक हेरचाह केन्द्र/आरोग्य आश्रम/ वृद्धाश्रम निर्माण तथा सञ्चालन गर्ने, पाँच विकास क्षेत्रमा नमुनाको रुपमा १/१ वटा ज्येष्ठ नागरिक ग्राम स्थापना र सञ्चालन गर्ने, केन्द्रमा १०० शैया भएको एक ज्येष्ठ नागरिक अस्पताल निर्माण एवं सञ्चालन तथा क्षेत्रीय र अञ्चल अस्पतालहरुमा दश शैया भएको ज्येष्ठ नागरिक वार्डको सञ्चालन गर्ने ।
- संस्थागत सुदृढीकरणः सरोकारवाला संस्थाहरुको प्रतिनिधित्व हुने गरी एक अधिकार सम्पन्न निकायको स्थापना गर्ने, हेरचाह केन्द्र/दिवासेवा केन्द्र र अन्य ज्येष्ठ नागरिकका सवालमा काम गर्ने संस्थाहरुको सुदृढीकरण गर्ने, पशुपति वृद्धाश्रमलाई आवश्यक पूर्वाधार सहित नमूना वृद्धाश्रमको रूपमा सञ्चालन गर्ने, ज्येष्ठ नागरिकका ज्ञान, सीप, अनुभवलाई सदुपयोग गर्न कार्यक्रम तर्जुमा गर्ने, ज्येष्ठ नागरिकको स्याहारका लागि सामाजिक कार्यसम्बन्धी र हेरचाहकर्ताको तालिम सञ्चालन तथा निर्देशिका निर्माण गर्ने ।
- जन-चेतनामूलक कार्यक्रमहरुः अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, ज्येष्ठ नागरिक प्रति गरिने दुर्व्यवहार विरूद्धको विश्व जनचेतना दिवस, विश्व अल्जाईमर दिवस मार्फत सचेतना अभिवृद्धि गर्ने, रेडियो तथा टी.भी कार्यक्रम, वृत्त चित्र निर्माण, पाठ्यक्रम पुनरावलोकन, अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।

## १०. कार्यान्वयन व्यवस्था

योजनाको कार्यान्वयनका लागि सरकारी, गैर सरकारी, सामुदायिक र निजी क्षेत्रबीच सहकार्यलाई जोड दिइनेछ । यसको लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

ज्येष्ठ नागरिकहरूसम्बन्धी काम गर्ने निकायहरूको नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ । निश्चित मापदण्डका आधारमा सरकारबाट अनुदान लिएर ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने निकायहरूको अनुगमन गर्न राष्ट्रिय योजना आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्थानीय विकास मन्त्रालय र समाज कल्याण परिषद्का प्रतिनिधिहरू सम्मिलित एउटा समिति गठन गरिनेछ ।

## १२. अपेक्षित उपलब्धि

१. पाँच विकास क्षेत्रमा शारीरिक रुपले अशक्त, असहाय, परित्यक्त, सहाराविहीन जोखिममा रहेका ज्येष्ठ नागरिकहरुका लागि सामाजिकीकरण, स्वास्थ्य हेरचाह सहितको आवासीय हेरचाह केन्द्रहरु सञ्चालन भएका हुनेछन् ।

२. विद्यमान् ज्येष्ठ नागरिक सम्बन्धी ऐन, नियमावली, रणनीति, कार्ययोजनामा परिमार्जन भएको हुनेछ ।

३.   पाँच विकास क्षेत्रमा एक-एक ज्येष्ठ नागरिक ग्राम स्थापना र सञ्चालन भएको हुनेछ ।
४.   ज्येष्ठ नागरिकहरुले स्वास्थ्य उपचार खर्च पाई सेवाबाट लाभान्वित हुनेछन् ।
५.   मुलुकभरिका ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहको तथ्याङ्क अद्यावधिक भएको हुनेछ ।
६.   मुलुकका आम जनता ज्येष्ठ नागरिकका हक, हित, अधिकारप्रति संवेदनशील हुनेछन् ।
७.   मुलुकका अधिकांश ज्येष्ठ नागरिकको एकांकीपनको समस्या कम हुनेछ ।

## ५.७ बालबालिका

### १. पृष्ठभूमि

बाल अधिकार प्रबर्द्धन र सुनिश्चितताको लागि अनुकूल वातावरण सिर्जना गर्न सरकारले राष्ट्रिय, संयुक्त राष्ट्रसंघस्तरीय र सार्कस्तरीय घोषणाका प्रावधानहरू लागू गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यस अनुसार संवैधानिक, कानूनी, नीतिगत, संस्थागत र कार्यक्रमगत प्रयासहरू भै रहेको छ । बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता मूल विषयमा सुधार गरी बाल अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो । सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा उपलब्ध गराउनु र सबै किसिमका कठिन परिस्थितिमा रहेका बालबालिकाको संरक्षण गरी बालबालिका सुहाउँदो समाजको विकास गर्नु आजको आवश्यकता हो । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण र बालअधिकार सुनिश्चिता गर्न यो योजना केन्द्रित हुनेछ ।

### २. अद्यावधिक स्थिति

वि.सं. २०५८ को जनगणना अनुसार नेपालको कूल जनसंख्यामध्ये १८ वर्षमुनिका बालबालिका ४७.५ प्रतिशत, १६ वर्षमुनिका ४३.१३ र १४ वर्ष मुनिका ३९.३ प्रतिशत रहेका छन् । प्राथमिक विद्यालयमा खुदभर्ना दर ९३.७ र कक्षा ५ सम्म पूरा गर्ने बालबालिकाको प्रतिशत ७७.९ पुगेको छ । बालश्रमसम्बन्धी गुरुयोजना २०६१-२०७१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लागू भएको छ । बाल अधिकार महासन्धि, निकृष्ट बालश्रम निषेध गर्ने महासन्धि र सार्क महासन्धि अनुमोदन भएका छन् । बालबालिकाका लागि १० वर्षे (२०६१-२०७१) राष्ट्रिय कार्ययोजना अनुसार विभिन्न कार्यक्रमहरु सञ्चालन हुन थालेका छन् । बालगृहहरू सञ्चालनका लागि न्यूनतम मापदण्ड निर्धारण भएको छ ।

जोखिममा रहेका बालबालिकालाई लक्षित गरी कार्यक्रमहरु सञ्चालन भएका छन् । गरिब र दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको छ भने अपाङ्गता हुनेहरुका लागि शिक्षा, स्वास्थ्य, तालिम, सीप विकास, सचेतना, तथा समुदायमा आधारित पुनःस्थापना कार्यक्रमहरु सञ्चालित छन् । मनो-सामाजिक परामर्श सेवा शुरू गरिएको छ । केन्द्रीय र जिल्ला स्तरमा वाल कल्याण समितिको सुदृढीकरणका प्रयास भएका छन् । नेपाल प्रहरीमा महिला तथा बालबालिका सेवाकेन्द्रहरु गठन भएको छ । समुदायमा आधारित बाल केन्द्रहरु सञ्चालन र बाल सहभागितामा वृद्धि भैरहेको छ । बालबालिकालाई संस्थागत संरक्षण प्रदान गरिरहेका अधिकांश बालगृहहरुको अनुगमन भइ "क", "ख", "ग" र "घ" श्रेणीमा वर्गीकरण गरी न्यूनतम मापदण्डभन्दा तल रहेका बालगृहहरुलाई माप दण्ड पुरा गर्न निर्देशन एवं पृष्ठपोषण दिइएको छ । जोखिममा रहेका तथा विशेष संरक्षण र स्याहारको आवस्यकता भएका बालबालिकाहरुका लागि आपतकालीन मानवीय कोष र बाल उद्धारको व्यवस्था गरिएको छ । बालबालिका विरूद्ध हुने हिंसा अन्त्यका लागि दक्षिण एसियाली प्रयासमा नेपालले सार्क क्षेत्रका सवै मुलुकहरूसँग सहकार्य गर्दै आएको छ र यसको सचिबालय नेपालमा स्थापना गरिएकोछ । बालबालिकाका हक अधिकार संरक्षण र प्रबर्द्धनका लागि कार्यक्रमहरू निर्माण र सञ्चालन गर्न नेपाल सरकारले साविकको महिला विकास विभागलाई महिला तथा बालबालिका विभागमा परिणत गरी सवै

जिल्लामा रहेका महिला विकास कार्यालयहरूलाई पनि महिला तथा बालबालिका कार्यालयको रूपमा रूपान्तरण गरिसकेको छ ।

### ३. समस्या तथा चुनौती

बालबालिकाको संरक्षण, सामाजिक सुरक्षा र यौन शोषण, दुर्व्यवहार सम्बन्धी विद्यमान् कानुनको कार्यान्वयन पक्ष र बालन्याय प्रशासन कमजोर रहेको छ । दलित, आदिबासी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका, ग्रामीण र गरीबीको मारमा परेका परिवारका बालबालिकाको शिक्षा, स्वास्थ्य लगायतका सेवामा पहुँच र सामाजिक सुरक्षाको स्थितिमा आशातित रुपमा सुधार हुन सकेको छैन । त्यस्तै, बाल श्रमिक, द्वन्दबाट पीडित सडक बालबालिका र लागू औषधका दुर्व्यसनी र जोखिममा रहेका बालबालिकाको लागि सामाजिक सुरक्षा र पुनःस्थापना पर्याप्तरूपमा गर्न सकिएको छैन । द्वन्द, एच.आई.भी. र वेचविखनबाट पीडित बालबालिकाको पुनःस्थापनाका लागि संस्थागत व्यवस्थाको अभाव रहेको छ ।

बालअधिकार सुनिश्चितताका लागि आवश्यक कानुनी, संस्थागत, प्रक्रियागत र कार्यगत सुधार गर्नु र यी प्रयासका लागि पर्याप्त लगानी गर्नु, बालबालिकाको सरोकार हुने कार्यमा उनीहरूको अर्थपूर्ण सहभागिता गराउनु चुनौतीपूर्ण बन्दै गएको छ ।

### ४. दीर्घकालीन सोच

देशको सबै क्षेत्रमा बसोबास गर्ने सबै समुदायका बालबालिकाले बालअधिकारको पूर्ण उपभोग गर्दै आफ्नो समग्र व्यक्तित्वको विकास गर्न सक्ने वातावरण सिर्जना गर्ने ।

### ५. उद्देश्य

बालबालिकाको समग्र विकासका लागि अनुकूल, सबल, बालमैत्री वातावरणको सिर्जना गरी उनीहरूका मौलिक हक अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने ।

### ६. रणनीति

१. बालबालिका सम्बन्धी सेवा सुविधाहरूको विस्तार र गुण स्तरमा सुधार गर्ने ।

२. द्वन्द प्रभावित, सीमान्तकृत, शारीरिक अपाङ्गता, HIV/AIDS लगायत विभिन्न कारणले जोखिममा रहेका बालबालिकाहरूको उद्धार तथा पुनःस्थापनलाई विस्तार गर्दै निरन्तरता दिने ।

३. सेवा तथा सुविधाहरूमा लक्षित बालबालिकाको पहुँच बढाउन नीतिगत, कानूनी तथा संस्थागत सुधार सुदृढीकरण गर्ने ।

४. सरकारी, गैरसरकारी, सामुदायिक क्षेत्र लगायत सवै सरोकारवालाहरू बीच सहकार्य र समन्वयलाई विस्तार गर्ने ।

### ७. कार्यनीति

१.१ बालबालिका विरूद्धका सबै शोषण, भेदभाव, दुर्व्यवहार, हिंसा, जोखिमहरू र तिनका कारणहरूको अन्त गर्दै बालबालिकाको शारीरिक, मानसिक, सम्वेगात्मक तथा बौद्धिक विकासका लागि अनुकूल सबल वातावरणको सिर्जना गरिनेछ ।

१.२ बालमैत्री विद्यालय, सेवाहरू, स्थानीय निकाय एवं समुदायहरूको अवधारणालाई प्रबर्द्धन गर्दै बालमैत्री स्थानीय शासन प्रणालीमा जोड दिइनेछ ।

१.३ बालबालिका पहिला र बालबालिकाको सर्वोत्तम हित भन्ने अवधारणा अनुरूप सबै सान्दर्भिक क्षेत्रका नीति, कार्यक्रम आयोजनाहरूमा बालबालिकाका आवश्यकता र अधिकारलाई प्राथमिकता दिइनेछ ।

१.४ स्थानीय सरकारको तहमा बाल उद्यान, बाल पुस्तकालय निर्माण गरिनेछ ।

१.५ बालअधिकार महासन्धि, यसका इच्छाधीन आलेखहरू लगायत अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा नेपालले दर्शाएको प्रतिबद्धताहरू पूरा गर्ने दृष्टिकोण लिई कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

२.१ विपन्न, द्वन्द प्रभावित, सीमान्तकृत समुदायका तथा शारीरिक अपाङ्गता भएका र जोखिममा रहेका बालबालिकाहरूबाट शुरू गरी देशका सबै बालबालिकालाई क्रमशः सामाजिक संरक्षणको दायरामा ल्याइनेछ ।

२.२ सबै जिल्लाहरूमा जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना र संरक्षणका लागि प्रभावकारी लक्षित कार्यक्रमहरू विस्तार गर्दै लगिनेछ ।

२.३ जोखिममा परेका बालवालिका संरक्षणका लागि क्षेत्रीय स्तरमा वाल संरक्षण केन्द्रहरूको स्थापना गरिनेछ ।

२.४ परिवारविहीन र जोखिममा रहेका बालबालिकालाई मूल रुपमा लक्षित गरी पुनःस्थापना र वैकल्पिक स्याहारको प्रबर्द्धन गर्नेतर्फ कार्यक्रमहरु लक्षित गरिनेछ ।

२.५. सडक बालबालिकाको पुनःस्थापना एवं संस्थागत स्याहारमा भएका बालबालिकाहरुलाई अधिकतम रुपमा पारिवारिक पुनःएकीकरण गराउनेमा जोड दिइनेछ ।

३.१ Foster care, sponsorship, धर्मपुत्र/पुत्री जस्ता कुरालाई नियमन गरी बालबालिकाहरूको विकास एवम् संरक्षणका लागि विकल्पहरूको विस्तार गरिनेछ ।

३.२ स्थानीय स्तरमा बालबालिकाका संस्थाहरू तथा बालबालिकाका लागि काम गर्ने संस्थाहरूको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

३.३ बालबालिकाको अधिकार संरक्षणका साथै जोखिममा रहेका बालबालिकाहरुको आपत्कालीन सहायता र उद्धारका लागि एक स्थायी बाल कोषको स्थापना र सञ्चालन गरिनेछ ।

३.४ सबै बालबालिकाहरुलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउने गरी कार्यक्रमहरू अघि बढाइने छन् ।

३.५ जिल्लाहरूमा बाल मन्दिर, बाल गृहलाई कानूनी व्यवस्था अन्तर्गत ल्याई न्यूनतम मापदण्ड र सूचक तैयार गरी खडा भएका पूर्वाधारहरूलाई तत्कालका लागि संरक्षण आवश्यक भएका बालबालिकाको हितको पक्षमा सञ्चालन गरिनेछ ।

४.१ बालबालिकाको हक अधिकारको संरक्षण एवं प्रबर्द्धनका लागि क्रियाशील सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरूवीच सहकार्य र समन्वयलाई सुदृढ गर्दै मनोसामाजिक परामर्श तथा पुनःस्थापन लगायतका सेवा विस्तार गरिनेछ ।

४.२ बालबालिका सम्बन्धी विषयमा काम गर्ने संघ संस्था तथा बालबालिकालाई प्रभावित पार्ने विषयहरूमा निर्णय गर्दा सो प्रक्रियामा यथासंभव बालबालिकाहरूलाई सहभागी गराउने कुरामा जोड दिइनेछ ।

४.३ सरकारी गैरसरकारी एवं समुदायमा आधारित संस्थाहरूबाट कार्यान्वयन गरिने बालबालिका सम्बन्धी कार्यक्रमको सवै योजनाचक्रमा उमेर र क्षमताको आधारमा बालबालिकाहरूलाई सहभागी बनाउन नीति तथा मार्गदर्शन तयार गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

- नीति तथा कानुनको पुनरावलोकन, संशोधन एवं निर्माण, बालअधिकारको संरक्षण, अपाङ्गता भएका तथा विशेष संरक्षण र जोखिममा परेका बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, मनोसामाजिक परामर्श र पुनःस्थापना केन्द्रको स्थापना, समुदायमा आधारित पुनःस्थापनालाई जोड दिने, कम्लहरी प्रथा उन्मुलन गर्ने, बालमिज्याइँमा परेका तथा अभिभावक जेलमा रहेका आश्रित बालबालिका तथा घरेलु हिंसा, यौन शोषण तथा अन्य मानसिक तथा शारीरिक यातनामा परेका बालबालिकाहरूको पुनःस्थापना गर्ने, बालबालिकाको संरक्षण तथा बालन्याय प्रणालीसंग सम्वन्धित संस्थाहरूको कार्यविधि तथा प्रक्रियालाई बालमैत्री बनाउने, स्थानीय शासन पद्धतिलाई बालमैत्री बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने । बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी, गैसस एवं बालक्लवहरुको क्षमता अभिवृद्धि, विस्थापित तथा परिवारबाट बिछोडिएका, जोखिममा रहेका तथा सडक

बालबालिका संरक्षण र विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसै गरी सबै किसिमको बालश्रम विरूद्धको सामाजिक जागरण एवं पुन:एकीकरण अभियान, स्रोतकेन्द्रको सञ्चालन र सुदृढीकरण गर्ने, बालबालिकासम्बन्धी सूचना प्रणालीको विकास, आपतकालीन सहायता एवं उद्धारका लागि स्थायी बालकोषको व्यवस्था, बालमन्दिर सुदृढीकरण, प्रत्येक अस्पतालमा वालमैत्री वार्डको स्थापना तथा सेवाविस्तार गर्ने, पोषण केन्द्रको स्थापना तथा सेवा विस्तार गर्ने, सडक बालबालिकाहरूमा HIV/AIDS संक्रमण को अध्ययन अनुसन्धान गर्ने, बाल संरक्षण कार्यक्रम सबै जिल्लामा विस्तार गर्ने, गैरसरकारी संघ सस्थाहरूबाट सञ्चालित बालबालिकामा आधारित कार्यक्रमहरूको प्रभावकारिता अध्ययन तथा अनुगमन गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछन् ।

**९. अपेक्षित उपलब्धि**

१. बालबालिका सम्बन्धि राष्ट्रिय नीति, राष्ट्रिय बाल संरक्षण नीति, बाल सहभागिता सम्बन्धि नीति तयार भइ कार्यक्रमहरु सञ्चालन गर्न सहज भएको हुनेछ ।

२. बालबालिका सम्बन्धी सूचना एवं स्रोत केन्द्रको सुदृढीकरण भइ बालबालिका सम्बन्धी राष्ट्रिय र पचहत्तरै जिल्लाको स्थिति प्रतिवेदन तयार भएको हुनेछ ।

३. बालअधिकारबारे जनचेतना अभिवृद्धि हुनगई बालअधिकार हननका घटनाहरुमा उल्लेखनीय रुपमा कमी आएको हुनेछ ।

४. बालअधिकारको सुनिश्चिताका निम्ति अनुगमन, मूल्यांकन, नियमन कार्य प्रभावकारी भएको हुनेछ ।

५. सबै बालगृहहरुको अभिलेख दुरूस्त हुनुका साथै जिल्ला बालकल्याण समितिमा बालगृहहरुको प्रभावकारी अनुगमन भएको हुनेछ ।

६. सडक बालबालिकाहरू परिवार र आवासीय संस्थाहरुमा संरक्षित भएका हुनेछन् ।

७. बाल न्याय सम्बन्धी कार्यक्रम विस्तार भएको हुनेछ ।

८. सबै जिल्लामा बालमैत्री कार्यक्रम भएको हुनेछ ।

९. निकृष्ट प्रकारको श्रममा रहेका बालबालिकाहरुको उद्दार र संरक्षण भएको हुनेछ ।

१०. जिल्ला स्तरमा पोषण केन्द्रको स्थापना र पोषणसम्बन्धी चेतना अभिवृद्धि भइ पोषण स्तर राम्रो भएको हुनेछ ।

११. द्वन्दपीडित जोखिममा परेका बालबालिकाले उचित परामर्स पाई उनीहरूको मानसिक स्वास्थ्य राम्रो भएको अवस्था हुनेछ ।

१२. कारगारमा परी कष्टकर जीवन विताइरहेका बालबालिकाहरू, आमा तथा शिशुको पोषण अवस्था सुधार हुनेछ ।

## ५.८ गैर सरकारी संस्था

**१. पृष्ठभूमि**

नेपालको अन्तरिम संविधान, २०६३ ले विकास प्रक्रियामा गैरसरकारी क्षेत्रलाई विकासको साझेदारको रूपमा सहभागी गराउने सन्दर्भमा उनीहरूको सञ्चालन र व्यवस्थापन गर्न राज्यले नियमनकारी भूमिका निर्वाह गर्ने कुरा उल्लेख गरेको छ । सरकारी र गैरसरकारी क्षेत्रबीचको सहकार्यले समावेशी एवम् समतामूलक सामाजिक र आर्थिक विकासको क्षेत्रमा थप उपलब्धिहरू हासिल गर्नु आवश्यक भएको छ । गैरसरकारी क्षेत्रले विकासका सबै पक्षहरूमा जनसहभागितात्मक, पारदर्शी र जवाफदेहीपूर्ण रूपले योगदान पुऱ्याउन सक्छन् । तसर्थ, देशको समग्र विकासमा गैरसरकारी क्षेत्रको योगदानलाई अझ बढी प्रभावकारी बनाउन सरकारले सहजीकरण र नियमन गर्न जरूरी छ ।

## २. अद्यावधिक स्थिति

विगत दुई दशकमा देशको सामाजिक आर्थिक जीवनमा गैर सरकारी संस्थाहरूको भूमिका एवं लगानीमा उल्लेखनीय विस्तार भएको छ । हाल मुलुकमा २७ हजार जति राष्ट्रिय गैरसरकारी संस्थाहरू र २२०भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू स्वास्थ्य, शिक्षा, सामुदायिक विकास, बाल अधिकार संरक्षण, महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरण, दिगो वातावरण व्यवस्थापन, आजिविका प्रबर्द्धन, सचेतना अभिवृद्धि, मानव अधिकार, शान्ति लगायतका क्षेत्रमा सक्रिय रहेका छन् । यी संस्थाहरूको सहजीकरणका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत एक अन्तरमन्त्रालय सहजीकरण समिति क्रियाशील रहेको छ । समाज कल्याण परिषद्को माध्यमबाट पनि यस क्षेत्रलाई मर्यादित, व्यवस्थित र जवाफदेही बनाउनेतर्फ प्रयास भएको छ । स्थानीय निकायमा गैर सरकारी संस्थाहरूको क्षमता अभिवृद्धि गरी प्रभावकारी स्तरीय कार्य सम्पादनका लागि विभिन्न तालिमहरू प्रदान गरिएका छन् । स्थानीय निकायसँग गैरसरकारी क्षेत्रको आबद्धतालाई सहज बनाउन प्रयास गरिएको छ । संघ संस्था सम्बन्धी कानुनमा समय सापेक्ष परिमार्जनका लागि कार्य प्रारम्भ भएको छ ।

## ३. समस्या तथा चुनौती

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको तथ्याङ्कीय प्रणाली व्यवस्थित हुन नसकेको कारण अनुगमन कार्य प्रभावकारी हुन सकेको छैन । त्यसै गरी सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई मार्फत् यस्ता संस्थाहरूलाई समुदायप्रति उत्तरदायी बनाउन सकिएको छैन । साथै, गैर सरकारी संस्थाहरूको बजेट तथा क्रियाकलापलाई पूर्ण पारदर्शी बनाउन सकिएको छैन । गैरसरकारी संस्थाहरूको क्रियाकलापहरूको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त नतिजाको आधारमा संहिताबद्ध गराउने कार्यले यथोचित गति लिन सकेको छैन । समाज कल्याण परिषद्को कानूनी एवं व्यवस्थापकीय सुधार अपेक्षित रूपमा गर्न सकिएको छैन ।

गैरसरकारी क्षेत्रको लगानीलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र र वर्गमा प्रवाहित गर्नु, यस क्षेत्रको आर्थिक स्रोतलाई पारदर्शी बनाई राष्ट्रिय लेखाप्रणालीमा आबद्ध गराउनु, आधारभूत विकास कम भएका जिल्ला तथा स्थानहरूमा यस क्षेत्रको योगदानलाई केन्द्रित गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र नागरिक समाजको भूमिकालाई सुदृढ, मर्यादित र पारदर्शी बनाउँदै तिनीहरूलाई आर्थिक, सामाजिक रूपान्तरण तथा समावेशी, न्यायपूर्ण र सम्वृद्ध राष्ट्र निर्माणमा भरपर्दो संवाहक र साझेदारका रूपमा विकास गर्ने ।

## ५.उद्देश्य

सरकारी, गैर सरकारी तथा सामुदायिक क्षेत्रवीच समन्वय र अन्तर्सम्बन्धहरूको विकास गर्दै सामाजिक तथा आर्थिक विकास र स्थानीय तहमा सेवा र सुविधाहरूको विकास एवं विस्तारमा गैर सरकारी संस्थाहरूको भूमिकालाई सुदृढ गर्ने ।

## ६. रणनीति

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको लगानी राष्ट्रिय प्राथमिकताको क्षेत्रतर्फ निर्दिष्ट गरी विकासको साझेदारको रूपमा प्रबर्द्धन गर्ने ।
२. स्थानीय गैर सरकारी संस्था तथा सामुदायिक संस्थाहरूको स्थानीय निकायसँगको समन्वय र सहकार्यलाई सुदृढ बनाउने ।
३. गैरसरकारी संस्थाहरूको नियमन, सहजीकरण, अनुगमन र परिचालनलाई प्रभावकारी बनाउने ।

### ७. कार्यनीति

१.१ गैर सरकारी संस्थाहरूको लगानीलाई लक्षित समूह, सीमान्तकृत, पिछडिएका क्षेत्र तथा समुदायको सामाजिक आर्थिक सशक्तीकरण, मानव अधिकारको संरक्षण तथा प्रबर्द्धन, आजीविका प्रबर्द्धन, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण लगायत सामाजिक विकास तथा सुरक्षाका कार्यक्रम विस्तार गर्ने जस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रतर्फ निर्दिष्ट गरिनेछ ।

१.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा लैंङ्गिक बजेट अनुपात बढी हुने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१.३ गैरसरकारी संस्थाका प्रयासहरूलाई द्वन्द प्रभावित बालबालिका एवं महिलाहरूको पुनःस्थापना तथा द्वन्द प्रभावित क्षेत्रको पुनःस्थापना र पुनर्निर्माणतर्फ केन्द्रित हुन प्रोत्साहन गरिनेछ ।

१.४ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय संस्थामार्फत कार्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्थाका लागि संस्था छनौट गर्ने निर्देशिका तयार गरी लागू गरिनेछ ।

२.१ गैरसरकारी संस्थाहरूको काम कारवाहीको समन्वय, अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी तुल्याउन क्षेत्रीय तथा स्थानीय स्तरमा गै.स.स.हरूको सहजीकरण, अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्रको विकास गरिनेछ ।

२.२ गै.स.स.हरूलाई स्थानीय सरकारको तहमा सञ्जालीकरण गरी विकासको साझेदार बनाइनेछ । जि.वि.स., न.पा. र गा.वि.स. अन्तर्गत गै.स.स.हरूलाई योजना निर्माणदेखि नै सहभागी गराई आवश्यकता अनुसार कार्यान्वयनमा पनि सक्रिय साझेदारका रूपमा परिचालन गरिनेछ ।

२.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूका कार्यक्रमलाई मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका जिल्ला, क्षेत्र एवं समुदायतर्फ उन्मुख गराउने व्यवस्था गरिनेछ ।

२.४ प्रत्येक गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ गर्ने प्रणाली लागू गरिनेछ । उत्कृष्ट देखिएका गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई प्रोत्साहन गर्ने परम्परा बसालिनेछ ।

२.५ गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूवाट कार्यक्रम कार्यान्वयनमा अनियमितता भएको पाइएमा कानून अनुसार कार्यवाहीको दायरामा ल्याइनेछ ।

२.६ स्थानीय स्रोत, मानव स्रोत र स्थानीय प्रविधिको परिचालन गरी गरीबी न्यूनीकरणमा प्राथमिकता दिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ ।

३.१ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू तथा सरकारी निकायहरूवीच समन्वय तथा सहकार्यलाई प्रबर्द्धन गर्न उनीहरूका प्रतिनिधि तथा सरकारी प्रतिनिधिहरू रहने गरी एक उच्चस्तरीय समन्वय समितिको स्थापना गरी सुदृढ गरिनेछ ।

३.२ सबै गैर सरकारी संस्थाहरूको लगानीको आयतन, कार्यसम्पादन, सरकारी नीति तथा कार्यक्रमहरूसँगको आबद्धता, पारदर्शिता, योगदान समेतलाई आधार मानी उनीहरूको मूल्याङ्कन तथा वर्गीकरण गर्ने र उनीहरूले पाउने सुविधाहरूका वारेमा आधार तयार गरिनेछ ।

३.३ गैर सरकारी संघसंस्था सम्बन्धी कानूनी र संस्थागत प्रावधानहरू तथा मानवस्रोतको पुनरावलोकन गरी प्रभावकारी र समयसापेक्ष बनाइनेछ ।

३.४ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सहजीकरण गर्न र त्यस्ता संस्थाहरूले सञ्चालन गर्ने आयोजनाको मूल्याङ्कन प्रक्रियालाई चुस्त, छरितो र प्रभावकारी बनाउन उपयुक्त मार्गदर्शन एवं निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ । परियोजना तथा कार्यक्रमपिच्छे समानान्तर संरचना तथा उप संरचना निर्माण गरी वैदेशिक विकास साझेदारहरूले वैदेशिक सहयोग परिचालन गर्ने पद्धतिलाई निरूत्साहित गरिनेछ ।

३.५ द्विपक्षीय, वहुपक्षीय र अन्तर् सरकारी स्तरमा सम्झौता भइ नेपालका लागि छुट्याइएको कोष अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले उपयोग गर्न नपाइने व्यवस्था गरिनेछ ।

३.६ गैर सरकारी संस्थाका क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता उत्तरदायित्व सुनिश्चित गर्दै कार्यक्रम तथा कार्यक्षेत्रको दोहोरोपनलाई कम गरिनेछ । जिल्ला विकास समितिको कार्यालयमा छुट्टै गैर सरकारी संस्था डेस्क (युनिट) राखी जिल्लामा काम गर्ने संघसंस्थाहरूको कामको संयोजन प्रभावकारी बनाइनेछ ।

३.७ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूमा उपलब्ध भएसम्म नेपाली जनशक्ति प्रयोग गर्नेतर्फ प्राथमिकता दिइनेछ ।

३.८ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र समाज कल्याण परिषद्मा गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासम्बन्धी तथ्यांङ्क प्रणाली तयार गरी विश्वसनीय प्रयोगमा ल्याइनेछ ।

३.९ प्रत्येक गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले वर्षभरिको आम्दानी तथा खर्च सहितको प्रगति विवरण अनिवार्य रूपमा पेश गर्न लगाउने व्यवस्था गरिनेछ । यस्तो प्रतिवेदनको अभिलेख व्यवस्थापन गरी संसद्समक्ष जानकारी गराउनुको साथै अनुसन्धान प्रयोजनका लागि प्रयोथमा ल्याइनेछ ।

३.१० महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा रहेको सहजीकरण समितिको क्षमता अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

३.११ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले नेपालमा कार्यक्रम सञ्चालन गर्दा महालेखा नियन्त्रक कार्यालयबाट निर्दिष्ट वाणिज्य बैंकमा खाता खोली सञ्चालन गर्नु पर्ने व्यवस्था गरिनेछ । सो खाता महालेखा नियन्त्रक कार्यालयबाट प्रमाणित हुने व्यवस्था गरिनेछ ।

३.१२ समाज कल्याण परिषद्को कानूनी एवं संस्थागत संरचनालाई परिवर्तित परिवेस अनुकूल बनाउन परिमार्जन गरी सुदृढ, उत्तरदायी र पारदर्शी बनाइनेछ ।

३.१३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कार्यक्रमका लागि परियोजना प्रस्ताव गर्दा सूचकाङ्कमा आधारित अनुगमन तालिका अनिवार्य रूपमा संलग्न गुर्नपर्ने व्यवस्था गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रमलाई प्राथमिकता प्राप्त क्षेत्रमा निर्दिष्ट गर्न र अनुगमन तथा मूल्याङ्कन सुधार गर्न रणनीति तथा कार्ययोजना तयार गर्ने, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा उच्चस्तरीय संयन्त्र बनाउने, तथ्याङ्क प्रणाली सुदृढ गर्ने, प्रत्येक जि.वि.स. मा समन्वय, सूचना तथा सहयोगी एकाइ खडा गर्ने, सहजीकरण समितिको क्षमता अभिवृद्धि गर्ने, आचार संहिता तयार गरी कार्यान्वयन गर्ने, समाज कल्याण परिषद् ऐन परिमार्जन गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

## ९. कार्यान्वयन व्यवस्था

प्रस्तुत कार्यक्रमहरू महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, गृह मन्त्रालय, समाज कल्याण परिषद् र स्थानीय निकायको समन्वयमा कार्यान्वयन गरिनेछन् । परिवर्तित सन्दर्भ अनुसार संघ संस्था नियमनको लागि ऐन नियमावली तथा निर्देशिका परिमार्जन गरी लागू गरिनेछ । समाज कल्याण परिषद्को विद्यमान् संरचनालाई सामाजिक क्षेत्रको प्रमुख सम्पर्क विन्दुको रूपमा परिमार्जन तथा विकास गरिनेछ । नेपाल सरकारको नियमित खर्च संरचना अनुसार कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यकता अनुसार वैदेशिक स्रोत समेत परिचालन गरिनेछ ।

### १०. अनुगमन तथा मूल्याङ्कन
गैर सरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूका कार्यक्रम तथा प्रतिफलको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनको लागि नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी कार्यान्वयन गरिनेछ । राष्ट्रिय योजना आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, र समाज कल्याण परिषद्का साथै आवश्यक परेको अवस्थामा अन्य निकाय वा गैरसरकारी क्षेत्र वा विश्वविद्यालयहरूका विज्ञहरूलाई समेत समावेश गरी नियमित अनुगमन गरिनेछ । यसरी गरिने अनुगमनबाट प्राप्त सुझाव अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको कृयाकलापलाई व्यवस्थित गरी राष्ट्रिय प्राथमिकता अनुरूप नतीजा प्राप्त भए नभएको लेखाजोखा समेत गरी कार्यान्वयनमा देखिएका कमीकमजोरीलाई आगामी समयमा नदोहोरिने व्यवस्था गरिने छ । संघ संस्थाको अनुगमन तथा मूल्याङ्कनका लागि भएका अल्पकालीन तथा दीर्घकालीन सूचकहरूलाई प्रयोगमा ल्याइनेछ ।

### ११. अपेक्षित उपलब्धि
१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लगानी र कार्यक्रम राष्ट्रिय प्राथमिकताको क्षेत्रतर्फ केन्द्रित हुँदै जानेछ ।
२. स्थानीय गैर सरकारी संस्था तथा सामुदायिक संस्थाहरूको क्षमता र भूमिकामा वृद्धि भएको हुनेछ ।
३. बढीभन्दा बढी गैर सरकारी संस्थाहरूका कार्यक्रमहरू स्थानीय निकायसँगको समन्वयमा सञ्चालन भएका हुनेछन् ।
४. गैर सरकारी संस्थाहरूको सहजीकरण, अनुगमन र परिचालन प्रक्रियाको प्रभावकारीतामा वृद्धि भएको हुनेछ ।

## ५.८ शिक्षा

### १. पृष्ठभूमि
नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकको माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने आधारभूत अधिकार प्रत्याभूत गरेको छ । प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणमा योगदान गर्न सक्ने; विश्वव्यापीकरणको युगमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र राष्ट्र निर्माणको दायित्वलाई बहन गर्न सक्ने देशभक्त नागरिक तयार गर्न सरकार प्रयासरत रहेको छ । सोही अनुरूप विगतका उपलब्धिहरूलाई सुदृढ गर्दै विविध विधा र तहको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, सहस्राब्दी विकास लक्ष्यलगायत राज्यले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धतालाई पूरा गर्ने, शिक्षालाई जीवनोपयोगी, सान्दर्भिक, एवं रोजगारमूलक बनाउने र सकारात्मक सामाजिक परिवर्तनको संवाहकका रुपमा विकास गर्नेतर्फ यो योजनाको प्रयास केन्द्रित रहनेछ ।

### २. अद्यावधिक स्थिति
शिक्षा क्षेत्रमा विगतमा भएका नीतिगत, कानुनी, संस्थागत, कार्यक्रमगत र मानवीय विकासका प्रयासहरुले शिक्षा क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि भएको छ । तीनवर्षे अन्तरिम योजनामा ६ वर्षमाथि र १५ वर्षमाथि उमेर समूहको साक्षरता दर क्रमशः ७६ र ६६ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएकोमा उक्त दर क्रमशः ६३.७ र ५५.६ पुगेको छ । पूर्व प्राथमिक तथा प्रारम्भिक बालविकास केन्द्र समेतको सहजै देखिने भर्ना दर ५१ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा ६६.२ प्रतिशत पुगेको छ । कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको औसत दर करिव ४९.९ प्रतिशत पुगेको छ । प्राथमिक तह

(कक्षा १-५) मा सहजै देखिने भर्नादर र खुद भर्ना दर क्रमशः १०४ र ९६ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा क्रमशः १४१.४ र ९३.७ प्रतिशत पुगेको छ । निम्न माध्यमिक तह (कक्षा ६-८) मा खुद भर्नादर ६३.२ प्रतिशत पुगेको छ । आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक अनुपात लगभग समदरमा पुगेको छ । खुद भर्नादर आधारभूत तहमा ८३.२ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा २३.९ प्रतिशत पुगेको छ । माध्यमिक तह (कक्षा ९-१०) को सहजै देखिने भर्नादर ६० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ६५.७ पुगेको छ भने खुद भर्नादर ४०.८ प्रतिशत पुगेको छ । उच्च शिक्षामा सहजै देखिने भर्ना दर ७.५ प्रतिशत पुगेको छ । यसै गरी प्राविधिक शिक्षा र व्यावसायिक तालिममा लक्षित समूहको पहुँच बढेको छ र मध्यमस्तरीय जनशक्ति उत्पादनमा सकारात्मक प्रभाव पर्न गएको छ ।

मुलुकका करिब एक तिहाई विद्यालयको व्यवस्थापनमा समुदायको सक्रिय सहभागिता रहँदै आएको छ । करीब २१ लाख विद्यार्थीले वार्षिक रुपमा छात्रवृत्ति प्राप्त गरिरहेका छन् । प्रति विद्यार्थीमा आधारित लगानी नीतिअनुसार विद्यालयहरूलाई अनुदान प्रदान गरिंदै आएको छ । शिक्षामा लगानीमैत्री वातावरण सिर्जना भएको छ । योजना अवधिमा २६,७७३ विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । पाठ्यक्रमलाई समयानुकूल सुधार गरिंदैछ । मातृभाषामा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकारको सुनिश्चितताका लागि विभिन्न मातृभाषामा कक्षा ५ सम्मका पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास गरिएका छन् । कक्षा १-५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनका विविध क्रियाकलापहरू कार्यान्वयनमा ल्याइएका छन् ।

### ३. समस्या तथा चुनौती

सबै विद्यालयहरूमा तोकिएको न्यूनतम मापदण्डअनुसारको पूर्वाधार विकास हुन नसक्नु, बालिका तथा वञ्चितीकरणमा परेका समुदायका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाइराख्न नसक्नु, सबैलाई उच्च शिक्षाको समान अवसर पुऱ्याउन नसक्नु, सिकाई उपलब्धिमा अपेक्षित सुधार हुन नसक्नु, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक व्यवस्थापन, परीक्षा र मूल्याङ्कनलाई समयानुकूल बनाउन नसक्नु, संस्थागत विद्यालयहरुको प्रभावकारी नियमन गर्न नसक्नु, सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिमा रहेको दुरीलाई कम गर्न नसक्नु, शिक्षक व्यवस्थापन प्रभावकारी रुपमा गर्न नसक्नु, शिक्षालाई उत्पादन र रोजगारीमूलक बनाउन नसक्नु, निःशुल्क अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन जस्ता समस्याहरु शिक्षा क्षेत्रमा रहेका छन् । यसै गरी प्रारम्भिक बालविकास केन्द्रको विस्तार र प्रभावकारी सञ्चालन हुन नसक्नु, साक्षरता कार्यक्रमको कमजोर कार्यान्वयन, उच्च शिक्षाको शैक्षिक व्यवस्थापन र नियमन प्रभावकारी हुन नसक्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूमा समावेशी र समन्यायिक पहुँच सुनिश्चित गर्न नसकिनु, राष्ट्रिय स्तरमा सीप परीक्षण गर्ने संयन्त्रको कमी हुनु जस्ता समस्याहरू रहेका छन् ।

सबै तहको शिक्षालाई अपेक्षाकृत समावेशी बनाउने, विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गर्ने, माध्यमिक तह क्रमिक रुपमा निःशुल्क गर्न दिगो स्रोतको व्यवस्था गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच सर्वसाधारणसम्म पुऱ्याउने, सबै तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षासम्बन्धी तथ्याङ्क व्यवस्थापन पद्धतिलाई व्यवस्थित गर्ने, विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा प्रभावकारी बनाउने, शिक्षक व्यवस्थापन प्रभावकारी बनाउने, उच्च शिक्षाको व्यवस्थापनमा सुधार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागसँग आबद्ध गर्ने, युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा सक्रिय बनाउने कार्यहरु चुनौतीका रुपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

सम्बृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न लोकतान्त्रिक समावेशी एवम् समतामूलक गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरी सचेत, सक्षम र उत्पादनशील नागरिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुसार ग्राह्य हुने मानव स्रोतको सुनिश्चितता गर्नु शिक्षा क्षेत्रको दूरदृष्टि हुनेछ ।

## ५. उद्देश्य

१. साक्षरता शिक्षालाई जीवन पद्धतिसँग आबद्ध गरी सीप र कामको अन्तर्सम्बन्ध स्थापित गर्दै सबै नेपाली र विशेष गरी महिला तथा विपन्न समुदायका व्यक्तिहरुलाई साक्षरता र निरन्तर शिक्षाका अवसरहरु उपलब्ध गराउने ।

२. प्रारम्भिक बालविकास शिक्षाको विकास तथा विस्तार गर्ने ।

३. सबैलाई निःशुल्क, अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षा (कक्षा १-८) प्रदान गर्ने र माध्यमिक शिक्षा (९-१२) र उच्च शिक्षामा समन्यायिक एवम् समावेशी पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।

४. सीपमूलक र रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्ने ।

५. उच्च शिक्षालाई ज्ञान केन्द्रित समाज सिर्जना गर्ने तर्फ लक्षित गर्दै राष्ट्रिय उत्पादन र विकाससँग आबद्ध गरी क्षेत्रीय सन्तुलन कायम गर्ने ।

६. सबै तहको शिक्षालाई गुणस्तरीय, सान्दर्भिक, जीवनोपयोगी एवम् समसामयिक बनाउँदै सकारात्मक सामाजिक परिवर्तनको माध्यमको रुपमा विकसित गर्ने ।

७. सामुदायिक र संस्थागत विद्यालयवीच साझेदारी र समन्वय कायम गरी सामुदायिक विद्यालयको शैक्षिकस्तर अभिवृद्धि गर्न यी दुवैमा रहेका असल अभ्यासको उपयोग गर्ने ।

## ६. रणनीति

१. योजना अवधिमा निरक्षरतामा उल्लेख्य रूपले कमी ल्याउने । साक्षरता कार्यक्रमलाई जीवनोपयोगी सीपसँग आबद्ध गरी सञ्चालन गर्ने ।

२. प्रारम्भिक बालविकास शिक्षालाई विस्तार गर्नुका साथै यसको व्यवस्थापनमा सुधार ल्याउने ।

३. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट कार्ययोजनासहित लागू गर्ने ।

४. विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

५. शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासनमा रहेका समस्याहरुलाई स्पष्ट कार्ययोजनासहित समाधान गर्ने ।

६. शिक्षामा संस्थागत विद्यालयको सहभागिता, त्यसको व्यवस्थापन, नियमन, सामाजिक, शैक्षिक दायित्व तथा गुणस्तरीय पक्षका सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गर्ने ।

७. प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई अलग-अलग धारका रुपमा विकास गरी व्यावसायिक तालिममा अधिकाधिक युवाहरुलाई अवसर प्रदान गर्दै रोजगारोन्मुख बनाउने ।

८. उच्च शिक्षा नीतिको तर्जुमा गरी यसलाई अनुसन्धान, राष्ट्रिय उत्पादन र विकाससँग आबद्ध गर्ने । विश्वविद्यालय स्थापना र सञ्चालनलाई व्यवस्थित गर्न उच्च शिक्षा ऐन (छाता ऐन) जारी गर्ने ।

९. सबै तहको शिक्षाको पाठ्यक्रम, पठनपाठन सामग्री तथा विधि र गुण स्तरमा समसामयिक परिवर्तन तथा सुधार गर्ने ।

१०. स्थानीय निकाय एवम् समुदायलाई विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस र विश्वविद्यालय सञ्चालनमा जिम्मेवारीसहित सहभागी बनाउने ।

११. सबै तहको शिक्षासम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने ।

## ७. कार्यनीति

१.१ स्थानीय निकाय, गैरसरकारी संस्था तथा नागरिक समाज, विद्यालय, विश्वविद्यालयका विद्यार्थीहरु, धार्मिक संघसंस्थाहरु, सामुदायिक अध्ययन केन्द्र, निजी क्षेत्र तथा राजनीतिक दललाई परिचालन गरी साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१.२ साक्षरता सम्बन्धी तथ्याङ्कलाई आधार मानी साक्षरता कार्यक्रमसँग जीवनयापनका लागि उपयोगी हुने व्यावसायिक तालिम तथा सीप विकासलाई आबद्ध गरिनेछ । आयआर्जन र सीपविकासका कार्यक्रममा लक्षित समूहलाई विशेष प्राथमिकता दिइनेछ ।

२.१ प्रारम्भिक बालविकास शिक्षामा विपन्न, दलित र सीमान्तकृत समुदायका बालबालिकाको पहुँच विस्तार गरी यस कार्यमा संलग्न सरकारी, सामुदायिक तथा अन्य निकायका कार्यक्रमहरुलाई समन्वयात्मक रुपमा अघि बढाउँदै बालविकास केन्द्रहरुको व्यवस्थापनमा सुधार ल्याउन स्थानीय सरकारलाई क्रियाशील बनाइनेछ ।

३.१ निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट रुपमा परिभाषित गरिनेछ र आवश्यक स्रोत साधन विनियोजन गरी स्पष्ट कार्ययोजनासहित लागू गरिनेछ ।

३.२ अंग्रेजी भाषा शिक्षण समेतलाई समावेश गरी भाषिक सर्वेक्षणका आधारमा स्थानीय भाषाका शिक्षकहरुको नियुक्ति र पाठ्यसामग्रीहरूको विकास गर्दै बहुभाषिक शिक्षाका अवसरहरु विस्तार गर्दै लगिनेछ ।

४.१ समष्टिगत विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कक्षा १–१२ को नयाँ शिक्षासम्बन्धी ऐन तर्जुमा गरी लागू गरिनेछ ।

४.२ विद्यालय क्षेत्र सुधार कार्यक्रमअनुरुप माध्यमिक तह (९-१२) को एकीकृत शिक्षा पद्धतिलाई नमुनाका रुपमा सञ्चालन गरिनेछ । यसका लागि विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा संलग्न निकाय तथा संस्थाहरूलाई पुनरसंरचित गरी विद्यालय शिक्षाको संस्थागत व्यवस्थापन गरिनेछ ।

४.३ क्रमिक रुपले कक्षा १० सम्मको शिक्षालाई निःशुल्क गरिनेछ ।

४.४ विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउँदै आधारभूत शिक्षा र माध्यमिक शिक्षामा गुणस्तर सुनिश्चित गर्न सामुदायिक विद्यालयको कक्षा १० को परीक्षा परिणामलाई विद्यालयको उपलब्धिको आधार मानिनेछ । साथै, कक्षा १० को सिकाइ उपलब्धि समेत मापन गरिनेछ ।

४.५ विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तहको कार्यक्रमलाई पूर्णरुपले विस्थापित गरिनेछ ।

४.६ विद्यालय शिक्षा अन्तर्गतका कक्षा ११ र १२ मा विज्ञान विषयमा सबै जिल्लाका विद्यार्थीहरुको पहुँच पुग्ने गरी योजना अवधिभरमा कार्यक्रम विस्तार गरिनेछ ।

४.७ शिक्षामा महिला, आदिबासी/जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति समेतको पहुँच सुनिश्चित गर्न राष्ट्रिय र स्थानीय तहमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । यस क्रममा विद्यालय पौष्टिक आहार तथा विद्यालय स्वास्थ्य कार्यक्रमको थप सुदृढीकरण गरिनेछ ।

४.८ आधारभूत तहमा निःशुल्क र अनिवार्य शिक्षाका लागि वैकल्पिक शिक्षाका कार्यक्रमहरूको पहुँचमा विस्तार गरिनेछ । विद्यालयतहमा हाल विभिन्न निकायबाट सञ्चालित खुला शिक्षा कार्यक्रमलाई प्रणालीगत रुपमा समन्वयात्मक ढङ्गले कार्यान्वयनमा ल्याइनेछ ।

४.९ विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षामा पहुँच बढाउने र डिजिटल डिभाइडलाई कम गर्दै लगिनेछ ।

५.१ माध्यमिक विद्यालय शिक्षक (९-१२) लाई एकीकृत गरी शिक्षकहरुको मिलान सङ्ख्या तय गरिनेछ र शिक्षक पुनमिलानको नीति तथा कार्यक्रम ल्याइनेछ ।

५.२ विद्यालय तहलाई इकाइ मानी न्यूनतम शिक्षक दरवन्दी निर्धारण गरी विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक सङ्ख्या यकिन गरिनेछ ।

५.३ विद्यार्थीको शैक्षिक उपलब्धिका आधारमा शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन प्रक्रिया तय गरिनेछ र पारदर्शी मापदण्डसहित कार्यसम्पादनलाई पुरस्कार र दण्डसँग आबद्ध गरिनेछ ।

५.४ विद्यालय शिक्षासम्बन्धी परीक्षा बोर्ड गठन गरी परीक्षा प्रणालीलाई व्यवस्थित गरिनेछ ।

५.५ जिल्लामा रहेका स्रोत केन्द्रहरुलाई क्रियाशील गराई शिक्षकको पेसागत विकास र समष्टिगत शिक्षाको प्रभावकारी अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्दै शैक्षिक प्रणाली र सेवा प्रवाहलाई सुदृढ गरिनेछ ।

५.६ विद्यालय व्यवस्थापन समितिलाई समावेशी बनाउनुका साथै क्षमता अभिवृद्धि गरी विद्यालय व्यवस्थापनका लागि जिम्मेवार र प्रभावकारी बनाइनेछ ।

५.७ शिक्षामा बढ्दै आएको राजनीतिक प्रभाव न्यूनीकरण गर्न निश्चित मापदण्डका आधारमा मात्र समष्टिगत सेवा प्रवाह गर्ने प्रणालीको विकास गरिनेछ ।

६.१ संस्थागत विद्यालयको सञ्चालनका लागि विद्यमान् नीतिगत तथा कानुनी व्यवस्थामा आवश्यक सुधार गरिनेछ । यी विद्यालयहरुले गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई प्रदान गर्ने छात्रबृत्तिलाई निजी सरकारी साझेदारीमा व्यवस्थित गर्दै प्रतिभाको खोजी गर्ने माध्यमका रुपमा उपयोग गरिनेछ । साथै, छात्रवृत्ति सङ्ख्या वृद्धि गर्न अभिप्रेरित गरी सोको वितरणलाई पारदर्शी गराइनेछ ।

७.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा संलग्न संस्थाहरुको आवश्यकता र प्रभावकारिताको अध्ययन गरी संस्थागत वितरण कार्यलाई सुदृढ गरिनेछ । यस क्षेत्रमा सरकारी-निजी क्षेत्रको सहकार्य र साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्दै कार्य करारका आधारमा लगानी विस्तार गरिनेछ ।

७.२ व्यावसायिक तालिमका क्षेत्रमा समन्वयात्मक एवम् व्यवस्थित तरिकाले अघि बढ्न उच्चस्तरीय समितिका सुझावहरु एकीकृत रुपमा प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइनेछ । सीप विकासका लागि उपलब्ध सबै स्रोतहरुलाई एकीकृत कोष खडा गरी समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ ।

७.३ सीपयुक्त कामदारहरूको सीप परीक्षण (प्रमाणीकरण) गर्ने प्रभावकारी व्यवस्था गरिनेछ तथा परम्परागत सीपको प्रमाणीकरण गरी माथिल्लो तहको शिक्षाका अवसरहरु सिर्जना गरिनेछ ।

७.४ प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई छुट्टै धारको रूपमा विकास र विस्तार गर्दै अधिकाधिक युवाहरूलाई तालिमका अवसरहरू प्रदान गरिनेछ ।

८.१ उच्च शिक्षाको स्पष्ट नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन उच्च शिक्षा ऐन (छाता ऐन) जारी गरिनेछ र उच्च शिक्षा अनुदान आयोगका कामकारवाहीहरूलाई समयसापेक्ष बनाइनेछ । हाल सञ्चालनमा रहेका विश्वविद्यालयको संस्थागत क्षमता, दिगो आर्थिक विकास, सामाजिक दायित्व, गुणस्तर तथा व्यवस्थापकीय पक्षमा सुधार गर्दै नेपाललाई उच्च शिक्षा हासिल गर्ने उपयुक्त थलोका रुपमा विकसित गरिनेछ ।

८.२ उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न खुला विश्वविद्यालय स्थापना गरिनेछ ।

८.३ उच्चशिक्षामा पिछडिएका जनजाती, विशेष योग्यता भएका विद्यार्थी, तथा जेहेन्दार छात्र छात्राहरूको पहुँच वृद्धि गर्न छात्रवृत्ति तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । विद्यार्थी वित्तीय सहयोग जस्ता शैक्षिक कर्जासम्बन्धी विद्यमान् कार्यक्रमको सुधार र विस्तार गरी प्रत्येक क्षेत्र र जिल्लाका विपन्न परिवारका प्रतिभाशाली विद्यार्थीहरुलाई चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि, विज्ञान प्रविधि आदि विषयमा निश्चित मापदण्डका आधारमा अध्ययनको लागि सहुलियत ऋण उपलब्ध गराउने नीति लिइनेछ ।

८.४ उच्च शिक्षालाई रोजगारोन्मुख, सान्दर्भिक तथा प्रतिस्पर्धी बनाउन शैक्षिक गुण स्तरमा सुधारका प्रभावकारी कार्यक्रमहरू ल्याइनेछ ।

९.१ विद्यालय तहमा शिक्षाको गुणस्तर सुनिश्चित गर्न राष्ट्रिय गुणस्तर मापन र उच्च शिक्षामा गुणस्तर निर्धारण संयन्त्र तयार गरी लागू गर्नुका साथै त्यसको नियमित अनुगमन तथा लेखाजोखा गर्ने व्यवस्था मिलाइनेछ ।

९.२ सबै तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण सिकाइ क्रियाकलापमा पुनरावलोकन गरी समसामयिक परिवर्तन गरिनेछ ।

९.३ शिक्षा प्रणालीलाई समाजका वास्तविक समस्या र आवश्यकताहरुको सम्बोधन गर्न सक्षम बनाउन मुलुकको सामाजिक आर्थिक प्रणालीसंग आबद्ध गरिनेछ ।

९.४ गुणस्तरीय पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरुमा विद्यार्थीको पहुँच अभिवृद्धि गर्न शिक्षण संस्था र समुदायमा आधारित पुस्तकालयहरुको विकास तथा विस्तार गरिनेछ ।

९.५ विद्यालय तहका पाठ्यपुस्तकहरु स्वदेशी लेखक प्रकाशकबाट उत्पादन गर्ने नीति लिई स्वदेशी लेखन तथा प्रकाशनलाई प्रोत्साहन गरिनेछ । पाठ्यपुस्तकको अव्यवस्थित लेखन, विषयवस्तुको आधिकारिकता, गुणस्तर, उत्पादन र विक्रीवितरण कार्यलाई व्यवस्थित गर्न आवश्यक नीति र कार्यक्रम ल्याइनेछ ।

९.६ सबै तहको परीक्षा प्रणालीमा देखिएका समस्याहरुको निराकरणका लागि प्रभावकारी कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ । विद्यालय तह (कक्षा १-१२) को परीक्षालाई व्यवस्थित गर्न माध्यमिक तथा उच्च माध्यमिक परीक्षा बोर्डलाई एकीकृत गरी राष्ट्रिय विद्यालय परीक्षा बोर्ड गठन गरिनेछ ।

९.७ सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक-सार्वजनिक साझेदारी, सार्वजनिक-निजी साझेदारीलगायतका कार्यपद्धतिहरुको प्रयोग गरिनेछ । स्थानीय तहमा विद्यालय कार्यसञ्जाल शिक्षक सञ्जाल, प्रधानाध्यापक सञ्जाल र व्यवस्थापन समिति सञ्जाल तयार गरी साझेदारी कार्यलाई व्यवस्थित गरिनेछ ।

९.८ सबै तहको शिक्षा पद्धति अन्तर्गतका शैक्षिक क्रियाकलापहरुको सञ्चालनमा अनुसन्धान र सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तार गरिनेछ ।

९.९ शिक्षाका विभिन्न तह पूरा गरेपछि थप अध्ययनको विषय चयन गर्न तथा रोजगारीको क्षेत्र छनौट गर्न विद्यार्थीलाई आवश्यक परामर्शको व्यवस्थालाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

१०.१ स्थानीय तहमै युवा रोजगारीका सम्भावना खोज्न, त्यसका लागि लगानीको प्रबन्ध मिलाउन र विद्यालयदेखि उच्च शिक्षासम्मको शैक्षिक व्यवस्थापनको कार्यमा सहजता प्रदान गर्न तत्तत् स्थानको विद्यालय, क्याम्पस, निजी उद्यमी र स्थानीय निकायलाई क्रियाशील एवम् जिम्मेवार बनाइनेछ ।

१०.२ स्थानीय व्यवसायसँग सामन्जस्य कायम गरी उत्पादनमुखी शिक्षा प्रदान गर्न केही स्थानमा नमुना व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.३ सबैलाई शिक्षामा पहुँच सुनिश्चित गर्न खुला विद्यालय, निरक्षर र विद्यालय छोडेका गृहिणी, किसान, मजदुरका साथै विपन्न समुदायका लागि लक्षित शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि स्थानीय निकायको तहमा शैक्षिक विकास कोष खडा गरिनेछ ।

११.१ सबै तहको खण्डीकृत शिक्षासम्बन्धी तथ्याङ्क स्थानीय निकायको तहमा अद्यावधिक गर्दै शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ, प्रभावकारी र कार्यमूलक बनाइनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं | विवरण | आ. व. ०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | प्रौढ साक्षरता दर | ६३.० | ६७.० |
| २ | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | ८६.५ | ९०.० |
| ३ | कक्षा एकमा बालविकासको अनुभव सहित भर्ना हुन आउने बालबालिकाको दर | ४९.९ | ५७.० |
| ४ | आधारभूत तह (कक्षा (१-५) खुद भर्ना दर | ९३.७ | ९८.० |
| ५ | आधारभूत तह (कक्षा ६-८) को खुद भर्ना दर | ६३.२ | ७५.० |
| ६ | माध्यमिक तह (कक्षा ९–१०) मा खुद भर्ना दर | ४०.८ | ५०.० |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर | ८३.२ | ९१.३ |
| ८ | कक्षा ५ सम्म टिकाउ दर | ७७.९ | ८५.५ |
| ९ | कक्षा ८ सम्म टिकाउ दर | ६२.० | ७०.० |
| १० | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर | २३.९ | ३५.० |
| ११ | उच्च शिक्षामा सहजै देखिने भर्नादर | ७.५ | १०.० |

## ९. प्रमुख कार्यक्रम

- आधारभूत शिक्षाः विद्यालय शिक्षामा पुनसंरचना, अनिवार्य आधारभूत शिक्षाको विस्तार, गुण स्तरमा सुधार, छात्रबृत्तिलगायतका उत्प्रेरक कार्यक्रमहरू, वहुभाषिक र वहुकक्षा शिक्षा कार्यक्रम विस्तार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि, पाठ्यक्रम, पाठ्यसामग्री र निर्देशिकाहरूको सुधार, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति सुदृढीकरण, शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार, लैङ्गिक समविकास तथा समावेशीकरण कार्यक्रम, भौतिक पूर्वाधारको निर्माण एवं सम्भार, शिक्षक व्यवस्थापन, स्थानीय निकायको सहयोगमा शिक्षा विशेष प्याकेज कार्यान्वयन, गुणस्तर सुधारका लागि सार्वजनिक र निजी विद्यालयहरूवीच सहकार्यलगायतका कार्य गरिनेछन् ।
- माध्यमिक शिक्षाः विद्यालय व्यवस्थापनमा समुदायको सहभागिता तथा स्थानीय स्रोत र साधनको परिचालन, संस्थागत विद्यालयको नियमन, एकीकृत माध्यमिक शिक्षा (कक्षा९-१२) का पूर्वाधारहरूको सुदृढीकरण, व्यवस्थापकीय सुधार, शिक्षामा समतामूलक र समावेशी पहुँच विस्तारका लागि लक्षित समूहका विद्यार्थीलाई छात्रवृत्ति, छात्रावास, आवासीय शिक्षा, अनुदान र निःशुल्क पाठ्यपुस्तक वितरण जस्ता उत्प्रेरक कार्यक्रमहरू सञ्चालन गर्ने, संघीय संरचनाका लागि पूर्वाधार तयार गर्ने, पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सुधार, शिक्षक एवं विद्यालय व्यवस्थापन समितिहरूको क्षमता अभिवृद्धि, सूचना प्रविधि, विज्ञान प्रयोगशाला लगायत भौतिक पूर्वाधार विकास, गुणस्तर सुधार, विद्यार्थी मूल्याङ्कन र परीक्षा प्रणाली सुधार, विद्यालयहरूवीच सहकार्य कार्यक्रम तथा सामान्य व्यावहारिक सीप प्रदान गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- अनौपचारिक शिक्षाः वैकल्पिक शैक्षिक कार्यक्रमहरु (खुला शिक्षा तथा दूर सिकाइ, गृहिणी शिक्षा, किसान, मजदूर तथा विपन्न समुदाय लक्षित शैक्षिक कार्यक्रमहरू समेत) सञ्चालन एवं विस्तार गर्ने, प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने, वैकल्पिक शैक्षिक कार्यक्रम र औपचारिक शिक्षाका कार्यक्रमबीच सहसम्बन्ध स्थापना गर्ने, वैकल्पिक शिक्षा एवं खुला शिक्षा प्रदायक विद्यालयहरूको क्षमता विकास गर्ने, पछाडि पारिएका समुदाय, दलित, लोपोन्मुख जनजाति, आदिबासी एवम् महिलावर्ग लक्षित "सीप विकासका लागि साक्षरता" कार्यक्रम र नवसाक्षरहरुलाई निरन्तर शिक्षा लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालविकास कार्यक्रमः समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक शिक्षा/बालविकास केन्द्रहरुको संस्थागत विकास, विस्तार, सहजकर्ता र व्यवस्थापन समितिको क्षमता विकास र गुणस्तर सुधार, आर्थिक एवम् सामाजिक रुपमा अति विपन्न वर्गका बालबालिकाहरुको पहुँच विस्तारका लागि लक्षित कार्यहरू जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः प्राविधिक एस.एल.सी. र सोभन्दा माथिल्लो तहमा पहुँच वृद्धिका साथै सीपमूलक रोजगारोन्मुख शिक्षाको विकास र विस्तारका लागि विविध विधाका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरू, आवश्यकता र औचित्यका आधारमा संस्थाहरुको वितरण, व्यवस्थापन र क्षमता विकास, एकीकृत कोष स्थापना, युवा, महिला, दलित, आदिबासी जनजाति, अपाङ्ग, गरिब, मधेसी, द्वन्द प्रभावित, विस्थापित र पछाडि परेका वर्गका समुदायको लागि लक्षित कार्यक्रमहरू, उद्यमशीलता विकास, एनेक्स विद्यालय सुदृढीकरण, नीतिगत तथा कानूनी ढाँचामा सामयिक सुधार, छात्रवृत्ति कार्यक्रम, मागमा आधारित सीप विकास कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- उच्च शिक्षाः उच्च शिक्षासम्बन्धी कानूनी, नीतिगत र संस्थागत ढाँचाको परिमार्जन तथा विकास, पहुँचमा विस्तारका लागि छात्रवृत्ति, निःशुल्क वृत्ति, विद्यालय अनुदान, विद्यार्थी सहुलियत ऋण, भौतिक पूर्वाधार विकास, उच्च शिक्षा र सामुदायिक विकासबीच सम्बन्ध विस्तार, खुला विश्वविद्यालय स्थापना, संस्कृत शिक्षालगायत उच्चशिक्षाको पाठ्यक्रम र परीक्षा प्रणालीमा समयसापेक्ष विविधीकरण र क्रमिक सुधार, गुणस्तर निर्धारण संयन्त्र विकास, नियमन, अनुगमन तथा मूल्याकइन प्रणालीको सुदृढीकरण, अनुसन्धानमूलक कार्यहरू सञ्चालन गरिनेछन् ।
- शैक्षिक व्यवस्थापनः शैक्षिक सेवा प्रवाहलाई चुस्त, समयसापेक्ष, नतिजामूलक र प्रभावकारी बनाउनका लागि शैक्षिक व्यवस्थापनको सुदृढीकरण, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन, शैक्षिक विकेन्द्रीकरणमा आधारित योजना निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणाली र सूचना प्रणालीको सुदृढीकरण, सम्बन्धित नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत ढाँचामा सुधार, व्यवस्थापन समितिहरू तथा जनशक्तिको क्षमता विकास, सेवा प्रवाहका लागि निर्देशिका एवं मापदण्डहरूको विकास, संस्थागत विद्यालयको नियमन संयन्त्र विकास, सार्वजनिक पुस्तकालयको सुदृढीकरण, सूचना तथा सञ्चार प्रविधिको कार्ययोजना र कार्यान्वयन लगायतका विविध कार्यक्रमहरु गरिनेछन् ।

## १०. कार्यान्वयन व्यवस्था

कार्यान्वयनलाई प्रभावकारी बनाउन शिक्षा ऐनमा संशोधन, उच्च शिक्षासम्बन्धी छाता ऐन, उच्च शिक्षासम्बन्धी नीति तर्जुमा, निजीक्षेत्र नियमनका लागि नीतिगत व्यवस्था र छात्रवृत्ति प्रणालीलाई सुदृढ गर्नका लागि व्यवस्थित नीतिको तर्जुमा लगायतका कार्यहरू गरिनेछन् । शिक्षा क्षेत्रको संरचनागत तथा कार्यमूलक समायोजन हुने र विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने गरी हालको संरचनामा सुधार गरिनेछ । शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरुको अध्ययन गरी मुलुकको संघीय संरचना अनुकूल हुने गरी पुनसंरचना गरिनेछ । निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई कार्यान्वयनमा ल्याउन स्थानीय स्तरमा आवश्यक संयन्त्र बनाइनेछ ।

विद्यालयमा लेखा परीक्षण, सामाजिक परीक्षण, कार्यसम्पादन परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा आवश्यक संयन्त्र स्थापना र परिचालन गरिनेछ । स्रोतकेन्द्रलाई शिक्षण-सिकाइ क्रियाकलापमा सुधार ल्याउन, विद्यालयमा आधारित शिक्षक तालिम प्रदान गर्न र अनुगमन तथा सुपरिवेक्षणका कार्यमा सक्रिय बनाइनेछ । साथै, शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ । गुणस्तरीय शिक्षाका लागि न्यूनतम सिकाइका आधारहरु निर्धारण गरी विद्यार्थीको नतिजासँग शिक्षकको कार्यसम्पादनलाई आबद्धगरी कार्यान्वयनमा ल्याइनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

विद्यालय निरीक्षक, स्रोतव्यक्ति र समूह अनुगमनको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ । प्रत्येक स्रोतकेन्द्र, जिल्ला र क्षेत्रीय शिक्षा निर्देशनालयमा अनुगमनकर्ताहरुको सूची तयार गरी विद्यालयहरुमा नियमित अनुगमन गरिनेछ । नियमित अनुगमनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ तथा स्थानीय समुदायलाई सक्रिय बनाउँदै विद्यालयमा आधारित अनुगमन प्रणालीको

विकास र कार्यान्वयन गरिनेछ र यस प्रयोजनका लागि विद्यालय निरीक्षकहरुको भूमिकालाई प्रभावकारी बनाइनेछ । स्रोतकेन्द्र रहेका विद्यालयहरुलाई अगुवा विद्यालयको रुपमा विकास गरी त्यस्ता विद्यालय र प्राधानाध्यापकलाई सहयोगी विद्यालयको अनुगमन र सुपरीवेक्षणमा परिचालन गर्ने गरी कार्य सञ्जालको विकास गरिनेछ । सबै तहमा शिक्षा व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरणका साथै विश्वविद्यालयहरु तथा प्राविधिक शिक्षा र व्यावसायिक तालिमका कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. विद्यालयको वातावरण बालमैत्री भएको हुनेछ ।
२. स्थानीय निकायसँग शिक्षामा साझेदारी गर्ने कार्यको थालनी हुनेछ ।
३. विद्यालयदेखि उच्च शिक्षासम्म खुला शिक्षा कार्यक्रमको संस्थागत व्यवस्था हुनेछ ।
४. उच्च शिक्षाको स्पष्ट नीति र छाता ऐन आइसकेको हुनेछ ।
५. विश्वविद्यालयको साधारणतर्फको प्रवीणता प्रमाणपत्र तहको शिक्षा विद्यालयतहमा समायोजन भएको हुनेछ ।
६. सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एस.एल.सी) उत्तीर्ण हुनेको प्रतिशत बढेको हुनेछ ।
७. विद्यालय शिक्षा कक्षा १० को सिकाइ उपलब्धि परीक्षण गरिएको हुनेछ ।

## ५.१० स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रूपमा स्थापित गरेको छ । यही संबैधानिक व्यवस्था एवं क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा जनाइएको प्रतिबद्धता अनुरूप गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने कार्यमा सरकार क्रियाशील रहदै आएको छ । यसै सन्दर्भमा सहश्राव्दी विकास लक्ष्य एवं नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (दोस्रो) समेतका आधारमा कार्यक्रमहरू कार्यान्वयन गरी यस क्षेत्रको योगदानबाट गरीबी न्यूनीकरणमा सहयोग पुर्‍याउनु आजको आवश्यकता भएको छ ।

### २. अद्यावधिक स्थिति

योजनाबद्ध विकास प्रक्रियाको क्रममा स्वास्थ्य क्षेत्रमा भएका नीतिगत, कार्यक्रमगत, जनशक्ति विकास, औषधी उपकरण आपूर्ति र संस्थागत प्रयासबाट स्वास्थ्य सेवा प्रवाहमा समाबेशी रूपमा भइरहेको संख्यात्मक र गुणात्मक विकासले जनसाधारणको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढेको छ । यसका अतिरिक्त निजी, सामुदायिक र गैरसरकारी क्षेत्र तथा स्थानीय निकायबाट पनि स्वास्थ्य सेवामा थप योगदान पुगेको छ । नेपालमा सञ्चालित राष्ट्रिय खोप कार्यक्रमलगायत विविध खोप कार्यक्रम र संक्रामक तथा असंक्रामक रोगसम्बन्धी सेवामा गुणात्मक र संख्यात्मक सुधार भएबाट हाल औसत आयु ६६.३ वर्ष पुगेको छ । तीन वर्षीय अन्तरिम योजनाले लिएको परिमाणात्मक लक्ष्यका सूचकहरूमध्ये कूल प्रजनन दर (२.९) र मातृ मृत्युदर (प्रति लाखमा २२९), नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा ३०), शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा ४४) र बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा ५५) को लक्ष्य हासिल भइसकेको छ भने अन्य सूचकहरू लक्ष्य अनुसार प्राप्त नभए पनि गत तीन वर्षमा उल्लेखनीय रूपमा बढेको देखिन्छ । तथापि, दुर्गम जिल्लाहरू/बस्तीहरू र गरीबीको रेखामुनि रहेका र पिछडिएका वर्गको स्वास्थ्य सेवामा पहुँच सरल, सुलभ र व्यापक हुन सकेको छैन र स्वास्थ्य

स्थितिमा अपेक्षाकृत रूपमा सुधार आउन सकेको छैन । सांस्कृतिक, लैंगिक, आर्थिक र सामाजिक व्यवधानहरूले गर्दा पनि उपलब्ध स्वास्थ्य सेवाहरू समतामूलक रूपमा प्रवाह हुन सकेका छैनन् ।

## ३. समस्या तथा चुनौती

पेशागत स्वास्थ्य, शहरी स्वास्थ्य, विद्यालय स्वास्थ्य, चिकित्सा सम्बन्धी प्रभावकारी कानूनी व्यवस्था नहुनु, आवश्यक औषधि औजारको व्यवस्थित आपूर्ति हुन नसक्नु, स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तिको कमी तथा दुर्गम स्थानमा स्वास्थ्यकर्मीहरूको परिचालनमा कठिनाइ, भौतिक संरचना तथा मर्मत सम्भारको कमी, विभिन्न जनस्वास्थ्य सेवा प्रदान गर्ने निकायबीच समन्वयको कमी जस्ता समस्याहरू रहेका छन् ।

विद्यमान् नियम कानुनमा सान्दर्भिक सुधार ल्याउनु, आवश्यक संसाधनसहित नियमित गुणस्तरीय स्वास्थ्य सेवा सरल र सुलभ रूपमा प्रदान गर्नु, निजी क्षेत्रलाई नियमन गर्नु, उपलब्ध स्वास्थ्य सेवा सम्बन्धमा सबै जनसाधारणलाई सचेत गराउनु, अनुगमन र मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउनुका साथै द्वन्दवाट विस्थापित जनताले भोग्नु परेको विशेषतः मानसिक स्वास्थ्य, अपाङ्गता, आर्थिक पीडावाट सिर्जित समस्या समाधान गर्नु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

## ४. दीर्धकालीन सोच

गुणस्तरयुक्त स्वास्थ्य सेवा उपलध हुने अवस्था सिर्जना गरी सबै नागरिकलाई समान अवसर उपलब्ध गराई गरीव तथा न्यून आय भएका नागरिकहरूको लागि गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच वृद्धि भइ आम नेपाली नागरिकको स्वास्थ्यमा सुधार हुनेछ ।

## ५.उद्देश्य

गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच समान रूपमा वृद्धि गरी स्वास्थ्यमा सुधार गर्ने र गरीबी निवारणमा योगदान पुऱ्याउने दीर्घकालीन सोच अनुरूप सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा उपभोगमा अभिवृद्धि गर्ने त्रिवर्षीय योजनाको उद्देश्य रहेको छ ।

## ६.रणनीति

१ स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउन मानव संसाधन र भौतिक संरचना तथा स्वास्थ्य संस्थाको क्षमता विकास एवं औषधि र उपकरणको प्रभावकारी व्यवस्थापन गर्ने ।

२ प्रतिरोधात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक, पुनःस्थापनामूलक, आपतकालीन र प्रकोपजन्य क्षेत्रमा समेत गुणस्तरीय सेवाहरू स्थानीय स्तर सम्मका जनताको पहुँच हुने गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

३ स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन सार्वजनिक, निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरी सेवा विस्तार र मानव संसाधनको विकास गर्न स्वास्थ्य सेवा प्रदायक निकाय र स्वास्थ्य शिक्षण संस्थासँग सहकार्य गर्ने ।

४ व्यवस्थापन प्रक्रियामा सुधार गरी स्वास्थ्य सेवालाई चुस्त, जनमुखी, एकीकृत एवं विकेन्द्रित बनाउने र उपयुक्त प्रेषण प्रणालीको विकास र टेलिमेडिसिन सेवालाई प्रभावकारी गर्ने ।

५ निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउँदै मुलुकका सबै क्षेत्र र तहमा पुऱ्याउने ।

६ आयुर्वेद र अन्य वैकल्पिक स्वास्थ्य सेवाको एकीकृत विकास एवं विस्तार गरी सर्वसुलभ बनाउने ।

७ कुपोषणको सवाललाई बहुक्षेत्रीय विषयको रूपमा समावेश गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

८ संक्रामक रोग, लागू पदार्थ दुर्व्यसन, एच.आई.भी.एड्स, क्यान्सर, हृदयरोग, मानसिक रोग, मधुमेह, उच्चरक्तचाप जस्ता असंक्रामक रोगको रोकथाम र उपचार व्यवस्थालाई प्रभावकारी गर्ने ।

## ७. कार्यनीति

प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्तलाई निरन्तरता दिइ प्रतिरोधात्मक, निदानात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ । स्वास्थ्य सेवा प्रवाह विस्तार गर्ने क्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको हिसावले भौगोलिक रूपमा पछाडि परेका एवम् आर्थिक रूपमा विपन्न समुदायलाई पहिलो प्राथमिकता दिइनेछ । रणनीति अनुसारका नीतिहरू देहायानुसार हुनेछन् :

१.१ स्थानीय स्वास्थ्य संस्थाहरूलाई क्रमशः स्तरोन्नति गरी सोही अनुसार भौतिक र मानवीय स्रोतसाधनको व्यवस्था गरिनेछ ।

१.२ मानव संसाधनको व्यवस्थापन र उच्चतम उपयोग गर्न दीर्घकालीन प्रक्षेपण गर्ने र उत्पादन तथा उपयोग बीच सन्तुलन कायम गर्दै दक्ष जनशक्तिलाई स्वास्थ्य क्षेत्रमा निरन्तर गर्न समुचित व्यवस्था गरिनेछ ।

१.३ स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउनुका साथै विशेष गरी दुर्गम र पिछडिएका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मी तथा महिला स्वयंसेविकाहरूका लागि विशेष प्रोत्साहन कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

१.४ जिल्ला अस्पतालहरूमा आवश्यक विशेषज्ञ सेवा उपलब्ध हुने गरी २५ देखि ५० शैयाको अस्पतालमा स्तरोन्नति गरिनेछ ।

१.५ कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।

१.६ सामुदायिक, निजी, गैर नाफामूलक अस्पतालहरूबाट सञ्चालन गरिने सेवामा एकरूपता ल्याउन नियामक संयन्त्रको विकास गरिनेछ ।

१.७ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत एक छुट्टै इकाइ स्थापना गरी स्वास्थ्य सेवामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको योगदानवारे विस्तृत अध्ययन गरी नीति निर्माण गरिनेछ ।

१.८ जिल्ला अस्पताल र निजी क्षेत्रका मेडिकल कलेजको बीचमा साझेदारी बढाउन एउटा उच्चस्तरीय समितिको व्यवस्था गरिनेछ साथै सरकारी र निजी क्षेत्रमा सञ्चालित मेडिकल कलेजहरूमा लिइने शुल्कमा एकरूपता कायम गरिनेछ ।

१.९ स्वास्थ्य संस्थाहरूको व्यवस्थापन प्रभावकारी बनाउन केन्द्रीय स्तरमा एउटा समिति गठन गरी सुधार सम्बन्धी सुझाव तयार गरी विकेन्द्रीकरणको अवधारणा अनुरूप जिल्ला स्वास्थ्य प्रणालीलाई एकीकृत पद्धति अन्तर्गत सञ्चालन गरिनेछ ।

१.१० सन्तुलित क्षेत्रीय विकासलाई सघाउन अव खोलिने केन्द्रीय स्तरका अस्पताल/स्वास्थ्य केन्द्रहरू सकभर राजधानी वाहिर खोल्ने नीति अवलम्बन गरिनेछ । साथै अस्पतालहरूलाई क्रमिक रूपमा स्वायत्तता प्रदान गर्दै लगिनेछ ।

१.११ सूत्रमा आधारित अनुदान प्रणालीलाई प्रभावकारी रूपमा लागु गर्न केन्द्रीय स्तरदेखि स्थानीयस्तरसम्म समन्वय समिति सकृय बनाइने र विकेन्द्रीकरण नीति पुनरावलोकन गरी सशक्त गरिनेछ ।

२.१ आम जनताका लागि स्वास्थ्य सेवालाई सुलभ र सहज बनाउन स्वास्थ्य सेवा प्रवाहका संयन्त्रहरूमा लगानी वृद्धि गरिनेछ ।

२.२ महिला स्वास्थ्य, यौन स्वास्थ्य, प्रजनन स्वास्थ्य, नवजात शिशु, शिशु स्वास्थ्य र परिवार नियोजन सम्बन्धी सेवाहरूको पहुँच र प्रभावकारितामा वृद्धि गर्न नयाँ कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै आङ खस्ने समस्याबाट पीडित महिलाहरूका लागि नियमित तथा घुम्ती सेवा मार्फत सेवा प्रदान गरिनेछ । पोस्ट ग्र्याजुएट अध्ययनरत विद्यार्थीहरूले अनिवार्य रूपमा मुलुकका अञ्चल, जिल्ला तथा प्राथमिक स्वास्थ्य केन्द्रहरूमा निश्चित अवधि सम्म काम गर्नु पर्ने व्यवस्था मिलाइनेछ । प्रसुति सेवालाई भरपर्दो बनाउन तथा गुणात्मक स्त्रीरोग तथा प्रसूति

सेवा उपलब्ध गराउन थापाथली स्थित प्रसूति गृहलाई महिला स्वास्थ्य अध्ययन संस्थानको रूपमा विकास गरिनेछ ।

२.३ मुलुकका विकट जिल्ला, गाँउ तथा वस्तीहरूमा चिकित्सकहरूको अभावका कारण स्वास्थ्य सेवा प्रवाह हुननसक्ने स्थितिको अन्त्यको लागि समुचित ऐन नियम र प्रोत्साहनको व्यवस्थामा जोड दिइनेछ ।

२.४ सरकारी, निजी र गैरसरकारी संस्थाको सहकार्यमा विद्यालय स्वास्थ्य शिक्षा विस्तार गरिनेछ ।

२.५ लैंगिक हिँसामूलक स्वास्थ्य समस्याहरू समाधान गर्न गैह्र सरकारी संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

२.६ औषधिको गुणस्तर परीक्षण र आपूर्ति व्यवस्थापन प्रभावकारी बनाइनेछ ।

२.७ सबै उपस्वास्थ्य चौकीहरूको स्तरवृद्धि गरी क्रमशः स्वास्थ्य चौकीमा परिणत गरिनेछ साथै प्राथमिक स्वास्थ्य केन्द्रलाई आवश्यक मापदण्डका आधारमा सामुदायिक अस्पतालको रूपमा स्तरवृद्धि गरिनेछ ।

२.८ अञ्चल अस्पताल तहसम्म विशेषज्ञ सेवा प्रवाह हुने संयन्त्रको विकास गरिनेछ ।

२.९ द्वन्दवाट शारीरिक तथा मानसिक रूपले पीडित भएकाहरूको उपचार, कृत्रिम अंग प्रदान, निःशुल्क स्वास्थ्य शिविर, पुनःस्थापना, अपाङ्गता निवारण एवं रोकथाम, अन्धोपन र कमजोर दृष्टी भएकाको स्थिति अद्यावधिक गर्ने जस्ता कार्यलाई गैरसरकारी संस्थाहरूसँग साझेदारी गरी सेवा प्रबाहलाई व्यवस्थित गरिनेछ ।

३.१ निजी क्षेत्रका स्वास्थ्य सेवा तथा स्वास्थ्य तालिम प्रदायक संस्थाहरूको प्रबर्द्धन, नियमन तथा अनुगमनको लागि प्रभावकारी व्यवस्था मिलाइनेछ ।

३.२ स्वास्थ्य सेवामा निजी, सरकारी, गैर सरकारी, सामुदायिक र सहकारी संस्थालाई बढी सहभागिता गराउन आवश्यक नीति तथा नियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ र आवश्यक सहकार्य, सहजीकरण र नियमन गरिनेछ ।

३.४ कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मध्ये ६० वर्ष उमेर पुगेका र रिक्त भएका स्थानहरूमा क्रमशः दलित, आदिबासी, जनजाति, मधेसी, मुस्लिम आदि रहेको वडामा सोही जनजातिका महिला स्वास्थ्य स्वयंसेविका भर्नाको लागि पहल गरिनेछ । साथै भौगोलिक कार्य क्षेत्रको आधारमा सेवा दिन भ्याउने गरी क्षेत्र निर्धारण गरिनेछ ।

४.१ देशका पाँचै विकास क्षेत्रमा स्वास्थ्य सेवाको न्यून पहुँच भएका समुदायहरूमा नमुनाको रूपमा घरदैलो एकीकृत स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

४.२ सरूवा रोगको हकमा माथिल्लो स्वास्थ्य संस्थामा दोहोरो प्रेषण गर्ने व्यवस्था प्रभावकारी गरिनेछ ।

४.३ स्थानीय र जिल्लास्तरीय स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहको अनुगमन प्रभावकारी बनाउन सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी अनुगमन प्रणालीको विकास गरिनेछ ।

४.४ स्वास्थ्य क्षेत्रमा सेवा प्रदायक र सेवाग्राही वीचको सम्बन्धलाई सुमधुर बनाउन आचार संहिता बनाई लागु गरिनेछ ।

५.१ गुणस्तरीय निःशुल्क स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

५.२ स्वास्थ्य वीमा कार्यक्रमको विकास र विस्तार गर्ने नीति तर्जुमाको साथै विशेष कोष स्थापना गरी कार्यान्वयन गरिनेछ । यसमा निःशुल्क स्वास्थ्य सेवाभन्दा बाहेकका सेवाका लागि लक्षित जन समूह तथा परिवारको पहिचान गरी स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

५.३ विशेष सेवा सहितको मोबाइल क्याम्प, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवा तथा कार्यक्रम विस्तार गरिनेछ ।

५.४ प्राथमिक स्वास्थ्य केन्द्र तथा स्थानीय स्वास्थ्यचौकीबाट चौबीसै घण्टा प्रसूति सेवा उपलब्ध गराउन न्यूनतम आधारभूत संरचनाको व्यवस्था गरिनेछ । यस कार्यमा स्थानीय निकायलाई अधिकत्तम संलग्न गरी यसलाई निरन्तरता दिने उपायहरू समेतको खोजी गर्दै लगिनेछ ।

५.५ बाल स्वास्थ्य सम्बन्धी विविध सर्ने र नसर्ने रोगहरूको निःशुल्क उपचारका साथै स्नायुसम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५.६ सामाजिक स्वास्थ्य सुरक्षा तथा शहरी स्वास्थ्यको प्रबर्द्धन तथा विस्तार गरिनेछ ।

५.७ स्थानीय निकाय, समुदाय र विकासका साझेदारको सहकार्यमा स्थानीय स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकास गरिनेछ ।

६.१ आयुर्वेदिक र वैकल्पिक चिकित्सा प्रणालीतर्फ प्राकृतिक चिकित्सा, योग, होमियोप्याथी, युनानी, आम्ची र अकुपञ्चर सेवाहरूका वीच अन्तर्सम्बन्ध पहिचान गरी एकीकृत ढंगले सेवा सुनिश्चित गरिनेछ ।

६.२ वन तथा भूसंरक्षण मन्त्रालय सँग समन्वय गरी प्राकृतिक एवं जडिबुटी खेतीलाई प्रोत्साहन गरिनुका साथै आयुर्वेदिक औषधि उत्पादनमा जोड दिइनेछ । यस क्रममा स्थानीय तहमा औषधि उत्पादन गर्न सक्ने उद्यमीहरूलाई प्रोत्साहन गरिनेछ ।

७.१ सरकारका तर्फबाट उपलब्ध गराइएका स्वास्थ्य सेवाहरू प्राप्त गर्ने प्रक्रिया बारे सेवाग्राहीहरूलाई स्पष्ट सूचना प्रवाह गरिनेछ ।

७.२ पोषण स्थिति सुधार गर्न आवश्यक संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि सहितको अल्पकालिन तथा दीर्घकालीन रणनीतिक योजना तर्जुमा गरी क्रमशः लागु गरिनेछ । कुपोषणका सबाललाई बहुक्षेत्रीय विषयको रूपमा समावेश गरी स्थानीयस्तरसम्म कार्यान्वयन गरिनेछ ।

७.३ सरकारी, निजी, सामुदायिक एवं गैर सरकारी संस्थाहरूको सहकार्यमा बालबालिका र महिलाहरूको कुपोषणको अवस्थामा सुधार ल्याउन अञ्चलस्तरीय अस्पतालहरूमा पोषण पुनःस्थापना केन्द्र विस्तार गरिनेछ । पोषण कार्यक्रमलाई बढी प्रभावकारी बनाउन स्थानीय समुदायलाई समेत सक्रिय गरिनेछ र स्थानीय स्तरमा बहुपक्षीय अनुगमन र सुपरीवेक्षणको व्यवस्था मिलाइनेछ ।

८.१ एच. आई. भि. एड्स, लागु पदार्थ दुर्व्यसन, धुम्रपान तथा मद्यपानको समस्या निवारणका लागि अभियानका रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.२ एचआइभी एड्सबाट प्रभावित बालबालिकाहरूको लागि पोषण तथा उपचारात्मक कार्यक्रम सञ्चालनमा समन्वय गरिनेछ । साथै Neglected Tropical Disease, क्षयरोग जस्ता गम्भीर संक्रमणबाट प्रभावितका लागि आवश्यक पोषण कार्यक्रम शुरू गरिनेछ ।

८.३ किट जन्य रोग र अन्य संक्रामक रोग विरूद्ध नियन्त्रण कार्यक्रमहरूलाई अझ बढी सुदृढिकरण गरिनेछ ।

८.४ मधुमेय, हृदय रोग, क्यान्सर तथा उच्च रक्त चाप जस्ता नसर्ने गंभीर रोगको रोकथाम र नियन्त्रण कार्य प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

८.५ वातावरण परिवर्तनको कारण जनस्वास्थ्यमा पर्ने प्रभावको न्यूनीकरणका लागि उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.६ स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विविध सेवा/सवाल र प्रकोप तथा दुर्घटनाजन्य सवालमा बहुपक्षीय संलग्नताबारे एकीकृत नीति र समन्वयको व्यवस्था गरिनेछ ।

८.७ जिल्ला जनस्वास्थ्य कार्यालयमा एकीकृत पर्यवेक्षणको व्यवस्था मिलाइनेछ ।

८.८ पर्याप्त जनशक्ति नभएका विषयको मध्यम तहका स्वास्थ्यकर्मीहरू(रेडियोग्राफर, एनेस्थिया सहायक, फिजियोथेरापिस्ट, अप्थलमोलोजी सहायक आदि) वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र पाटन स्वास्थ्य विज्ञान राष्ट्रिय प्रतिष्ठानहरूबाट उत्पादन गरिने व्यवस्था मिलाइनेछ ।

८.९ शहरी स्वास्थ्य प्रबर्द्धन गर्न स्थानीय विकास मन्त्रालय लगायत अन्य सरोकार संस्थाहरूसँग समन्वय गरी कार्यनीति तयार गरिनेछ ।

८.१० गरीव, असहाय, लोपोन्मुख सूचीमा परेका जाति, अपाङ्ग, द्वन्द तथा प्राकृतिक प्रकोप पीडित जनताहरूको स्वास्थ्य सुरक्षाको लागि एक सामाजिक स्वास्थ्य सुरक्षा कोषको व्यवस्था गरिनेछ । यसका लागि सञ्चालन निर्देशिका तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं | विवरण | आ.व. ०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | जनतामा अत्यावश्यक स्वास्थ्य सेवाको उपलब्धता (प्रतिशत) | ७८.८३ | ९० |
| २ | तोकिएका अत्यावश्यक औषधि तोकिएका संस्थामा उपलब्धता संस्थाको (प्रतिशत) | ९३.३८ | ९५ |
| ३ | चारपटक पूर्व प्रसूति सेवा प्राप्त गर्ने महिला (प्रतिशत) | ३५.२ | ६५ |
| ४ | दक्ष प्रसूति कर्मीबाट प्रसूति सेवा (प्रतिशत) | २८.८ | ४० |
| ५ | परिवार नियोजन साधन प्रयोग कर्ता (प्रतिशत) | ४८ | ५७ |
| ६ | एच.आई.भि.एड्स्.बारे विस्तृत ज्ञान भएको १४-३५ वर्षका महिला (प्रतिशत) | १९.९ | ३२ |
| ७ | १५-४९ वर्षका एचआइभी प्रभावित (प्रतिशत) | ०.४९ | ०.३० |
| ८ | क्षयरोग पत्ता लगाउने (खकार पोजेटिभ) (प्रतिशत) | ७५ | ८१ |
| ९ | क्षयरोग निको हुने दर (प्रतिशत) | ८९ | ९० |
| १० | कूल प्रजनन दर (१५-४९ वर्षको महिला) | २.९ | २.७५ |
| ११ | मातृ मृत्युदर (प्रति लाख) | २२९ | १९२ |
| १२ | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ३० | २३ |
| १३ | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ४४ | ३८ |
| १४ | बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ५५ | ४७ |
| १५ | कम तौल भएका बच्चा (प्रतिशत) | ३४ | ३२ |

## ९. प्रमुख कार्यक्रम

- स्वास्थ्य क्षेत्रको उद्देश्य, रणनीति र नीतिहरूको आधारमा सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी स्वास्थ्यमा सुधार गर्नको लागि खास गरी स्वास्थ्य शिक्षा प्रबर्द्धन, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, शिशु र बाल स्वास्थ्य कार्यक्रम, मानसिक स्वास्थ्य, संक्रामक र असंक्रामक रोग व्यवस्थापन, बाताबरणीय स्वास्थ्य, आर्युर्बेद र वैकल्पिक चिकित्सा सेवा, आकस्मिक र प्राकृतिक व्यवस्थापन जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- गुणस्तरीय स्वास्थ्य सेवा सुधार कार्यक्रम अन्तर्गत स्थानीयदेखि केन्द्रीय स्तरसम्मका स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय स्वास्थ्य सेवा दिनका लागि आधारभूत भौतिक सुविधा, औषधि उपकरण र मानवीय संसाधनको व्यवस्थासम्बन्धी कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । स्वास्थ्य सेवामा भौतिक पूर्वाधारको निर्माण, मरम्मत र सम्भार कार्यमा थप जोड दिइ स्थानीय स्तरमा विकास गरिने संरचनामा स्थानीय निकाय वा संस्थाहरूको योगदानलाईसमेत बढावा दिइ कार्यक्रम सञ्चालन गरिनेछ । साथै, MDGP को अध्ययन, स्वास्थ्य संस्था वातावरण सुधार कार्यक्रमहरू सञ्चालन गरिनेछन् । शहरी स्वास्थ्य विस्तार कार्यक्रम र विभिन्न रोगका जीवाणुहरूको परीक्षण तथा अन्य प्याथोलोजिकल डायग्नोस्टिक सेवा उपलब्ध गराउन प्राथमिक स्वास्थ्य केन्द्रसम्म तोकिएका योग्यता पुगेका प्राविधिकबाट स्वास्थ्य प्रयोगशाला सम्बन्धी सेवा विस्तार गरिनेछ । टेलिमेडिसिन सेवालाई प्रभावकारी बनाइनेछ ।
- मानव संसाधनको क्षमता अभिवृद्धिको क्रममा विभिन्न सेवाकालीन तालिम तथा बृत्ति विकास कार्यक्रम, वायोमेडिकल प्राविधिक तालिम लगायत गुणस्तरीय र नियमित स्वास्थ सेवा प्रदान गर्न आवश्यक पर्ने तालिम प्रदान गरिनेछ । राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रहरूको क्षमता अभिवृद्धि कार्यहरू

गरिनेछ । सरकारी अस्पतालहरूमा निश्चित दरवन्दीलगायत वृत्ति विकासको स्पष्ट चित्र बनाइनेछ । आवश्यक जनशक्ती देशभित्र नै उत्पादन गर्ने व्यवस्थाका लागि स्वास्थ्य अध्ययन संस्थानको क्षमता विकास गर्ने र एम.डि., डि.सि.एच्. लगायतका अन्य पोस्टग्राजुएट कोर्स सञ्चालनमा सहयोग गरिनेछ ।

- स्वास्थ्य संस्थाहरूको क्षमता र आवश्यकता अनुसार प्रयोगशाला सुदृढ गर्ने, स्वास्थ्य औजार तथा उपकरण व्यवस्थापन, रेडक्रस सोसाइटीसँगको समन्वयमा अस्पतालहरूमा रक्त संचार केन्द्रको स्थापना एवं स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि सुदृढीकरण कार्यक्रम गरिनेछ ।
- एकीकृत स्वास्थ्य सूचना प्रणाली सुदृढीकरण कार्यक्रम अन्तर्गत केन्द्रदेखि स्थानीयस्तरसम्मको सूचना व्यवस्थापनलाई व्यवस्थित गरी आवश्यकता अनुसार एकीकृत गरिनेछ । सबै प्रकारका स्वास्थ्य सेवाको सूचना व्यवस्थापन प्रणालीलाई GIS को माध्यमबाट वेभ वेसमा राखी संस्थागत सूचना प्रणालीको सुदृढीकरण गरिनेछ । मन्त्रालयमा छुट्टै बित्तीय सूचना प्रणालीको सञ्जाल विकास गरेर बजेट निकासा, वैदेशिक सहायताको शोधभर्ना र वित्तीय प्रतिवेदनलाई अझै छिटो छरितो, स्तरीय, पारदर्शी र प्रभावकारी पारिनेछ ।
- स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण कार्यक्रमहरू अन्तर्गत स्वास्थ्य शिक्षा प्रबर्द्धनका लागि विभिन्न संचारमाध्यमबाट प्रचार प्रसार, टेलिमेडिसिन सेवा, बिद्यालय व्यक्तिगत सरसफाइका साथै सर्ने र नसर्ने विविध स्वास्थ्य समस्याबारेको स्वास्थ्य शिक्षा, स्वास्थ्य सेवामा समावेशीकरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछन् ।
- विशेष स्वास्थ्य सेवा र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पक्षाघात तथा अन्य शारीरिक विकलाङ्गहरूको पुनःस्थापनाको लागि समुदाय तथा गैर सरकारी संस्थाहरूको संलग्नतामा समुदायमा आधारित पुनःस्थापनाको प्रबर्द्धन, सडक, औद्योगिक व्यवसाय तथा अन्य प्राकृतिक वा अप्राकृतिक दुर्घटना तथा चोटपटक रोकथाम गर्न स्वास्थ्य मंत्रालयको संयोजनमा सम्वद्ध मन्त्रालयसँग संमन्वय गरी दुर्घटना रोकथाम तथा नियन्त्रणका लागि विशेष संयन्त्र स्थापना गरिने छन् । साथै लैंगिक हिंसा, विभेद तथा सामाजिक विभेदीकरण न्यूनीकरणमा सहयोग गर्नको लागि स्वास्थ्य संस्थाहरूमा लैंगिक हिंसाबाट पीडितलाई तत्काल सेवा दिन विशेष कार्य गरिनेछ ।
- महिला स्वास्थ्य र प्रजनन स्वास्थ्य अन्तर्गत सुरक्षित मातृत्व, पाठेघर खस्ने समस्या, परिवार नियोजन, आधारभूत प्रसूति सेवा जिल्लाका प्राथमिक स्वास्थ्य केन्द्रसम्म र प्रसूति सेवा स्वास्थ्य चौकी तथा पूर्वाधार र जनशक्ति पुगेका उप स्वास्थ्य चौकीस्तरसम्म विस्तार गरिनेछ र विस्तृत आकस्मिक प्रसूति सेवाको लागि सवै जिल्ला अस्पतालमा भौतिक पूर्वाधार तथा दक्ष जनशक्ति पुऱ्याउनुका साथै नवजात शिशुहरूको उचित स्याहार र स्वास्थ्य सेवा कार्यक्रमहरू सञ्चालन गरिनेछ । यौन स्वास्थ्य र सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी रूपले कार्यान्वयन गरिनेछ । पाठेघर खस्ने समस्याको उपचार तथा रोकथामलाई विशेष प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसका लागि मेडिकल कलेज, गैरसरकारी संस्था तथा सहयोगी निकायहरू सँग सहकार्य गरी घुम्ती सेवा सञ्चालन गरिनेछ । जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञ, MDGP ( विशेषज्ञ) को व्यवस्था क्रमशः बढाउँदै लगिनेछ । साथै परिवार नियोजन सेवाको मिश्रित विधि (Mix Method) विस्तारको लागि शूक्ष्मयोजना तयार गरी बन्ध्याकरण सेवालाई सबै अस्पतालहरूका अतिरिक्त प्राथमिक स्वास्थ्य केन्द्र सम्म विस्तार गरिनेछ । प्रजनन स्वास्थ्यका सम्पूर्ण सेवा (Total Components) लाई समुदायस्तरसम्म प्रदान गर्न स्थानीय निकायसँग सहकार्य गरी घरदैलो अनुगमन कार्यक्रमलाई वढावा दिइ कार्य सञ्चालन गरिनेछ । सुरक्षित मातृत्व सेवालाई अझ बढी प्रभावकारी बनाउन स्थानीय निकाय सँगको समन्वयमा कर्णाली क्षेत्रका हरेक गा.वि.स.बाट यो सेवा शुरू गरिनेछ । यसबाट प्राप्त अनुभवको आधारमा क्रमशः सबै दुर्गम जिल्लाका वडा स्तरमा अ.न.मि.बाट यो सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

- बाल स्वास्थ्य कार्यक्रम अन्तर्गत शिशु तथा बाल पोषण, सामुदायिक कुपोषण व्यवस्थापन, पोषिलो पुरक आहार तथा शूक्ष्म पोषक तत्त्वहरू वितरण गर्ने र अन्य प्रकारका कुपोषणविरूद्ध चेतनामूलक र परामर्श लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ । विस्तारित खोप एवं पोलियो उन्मूलन कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी बनाउदै निरन्तरता दिइनेछ । केही नयाँ खोपलाई थप विस्तार गरिनेछ । समुदायमा आधारित वालरोगको एकीकृत व्यवस्थापन कार्यक्रमलाई पुनरावलोकन गरी सेवामा पहुँच बढाई गुण स्तरमा अभिवृद्धि गरिनेछ । समुदायमा आधारित नवजात शिशु स्याहार कार्यक्रमलाई क्रमशः सबै जिल्लामा विस्तार गरिनेछ । विभिन्न रोगहरूको रोकथामका लागि हाल भैरहेका खोप कार्यक्रमलाई अझ प्रभावकारी र व्यवस्थित गर्न खोप सम्बन्धी छुट्टै कानूनको व्यवस्था गरिनेछ र राष्ट्रिय खोप कोष समेतको व्यवस्था गरिनेछ । राष्ट्रिय वाल स्वास्थ्य योजना तर्जुमाको क्रममा बाल्यावस्थाका स्नायु अशक्ततासम्बन्धी कार्यक्रमको समेत तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- पोषण कार्यक्रम व्यवस्थापनको लागि संस्थागत संरचनालाई अझै सुदृढ गरिनेछ । सामुदायिक पोषण व्यवस्थापन कार्यक्रम, दुर्गम तथा पछाडि परेका वा पारिएका क्षेत्रहरूमा बालबालिकाको लागि पूरक बहुसूक्ष्म पोषण तत्त्व आहार वितरण कार्यक्रम सञ्चालन गरिनेछ । कुटानी तथा पिसानी मिलहरूबाट उत्पादन हुने पिठोमा आइरन फोलेट तथा सूक्ष्म पोषक तत्त्वहरू फोर्टिफिकेशन कार्य शुरू गरिनेछ । शैक्षिक पाठ्यक्रमलाई पुनरावलोकन तथा परिमार्जन गरी पोषण शिक्षा समावेश गराइनेछ । जिल्ला विकास समितिको संयोजकत्वमा पोषण सम्वद्ध बहुक्षेत्रीय निकाय संलग्न जिल्लास्तरीय पोषण निर्देशक समिति गठन गरी पोषण कार्यक्रम सञ्चालन गरिनेछ । नेपालमा पोषण तत्त्व आहार उत्पादन एवं उपभोग तथा पोषण चेतना अभिवृद्धि गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गरिनेछ । पोषण सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न खाद्य तथा पोषण सर्भेलेन्स प्रणाली शुरू गरिनेछ ।
- यौनरोग र एच.आइ.भी/एड्स नियन्त्रण अन्तर्गत आवश्यक निर्देशिका बनाई सम्बद्द मन्त्रालय, निकाय, दातृ संस्था, गैह्रसरकारी संघ संस्थासंगको सहकार्यमा कार्यक्रम विस्तार गरिनेछ । एच.आई.भी. संक्रमितका लागि स्थानीयस्तरसम्म सेवा विस्तार गरिनेछ ।
- आँखा सेवा सुधार कार्यक्रम अन्तर्गत प्राथमिक आँखा उपचार केन्द्र नभएका जिल्लामा क्रमश आँखा उपचार केन्द्र स्थापना गरिनेछ । हालसम्म सञ्चालित Vision 2020: The Right to Sight को मध्यावधि मूल्यांकन गरी त्यसको आधारमा थप कार्यक्रमहरू तर्जुमा गरिनेछ ।
- मुखसम्बन्धी स्थास्थ्यको व्यापक सचेतना कार्यक्रम, जिल्ला अस्पतालसम्ममा मुख, दाँत सम्बन्धी उपचारात्मक सेवा विस्तार र निजी स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी मुख सम्बन्धी स्वास्थ्य परीक्षण तथा उपचार सेवालाई समुदाय स्तरसम्म विस्तार गरिनेछ ।
- मानसिक स्वास्थ्य अन्तर्गत विश्व स्वास्थ्य सङ्गठनले इंगित गरे अनुसार सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम प्राथमिक उपचार सेवासँग एकीकृत गरी सञ्चालन गरिनेछ । विविध कारणले मानसिक स्वास्थ्यको समस्यामा रहेकाहरूको अध्ययन गरी विभिन्न संस्थाहरूको सहकार्यमा स्वास्थ्य सेवा कार्यक्रमको विकास र विस्तार गरिनेछ ।
- हात्ती पाइले, अंकुसे जुका, कीटजन्य रोग जस्ता पर्याप्त ध्यान नदिइएका रोगहरू तथा एभियन इन्फ्लुयन्जा जस्ता नयाँ देखिन सक्ने संक्रामक रोगको नियन्त्रण र यसबाट प्रभावितका लागि आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने कार्य शुरू गरिनेछ । कुष्ठरोगको निवारण कार्यलाई प्रभावकारी बनाउदै गैससको सक्रियतामा रोगीको शीघ्र पहिचान गरी बहुऔषधि उपचार तथा पुनर्स्थापनमा जोड दिइनेछ । क्षयरोग नियन्त्रण र उपचार सरल र सुलभ गर्न हालको कार्यक्रमलाई थप जोड दिइ विस्तार गरिनेछ । साथै मूल सडक नजिक स्वास्थ्य संस्थाहरूमा दुर्घटनाग्रस्त व्यक्तिको उपचार गर्न सक्ने र गम्भीर अवस्थाका विरामीलाई माथिल्ला संस्थामा प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।

- औलो, जापानिज इन्सेफिलाइटिस, डेङ्गु, कालाजार एवम् प्राकृतिक प्रकोप व्यवस्थापन तथा रोग नियन्त्रण कार्यक्रम अन्तर्गत प्रयोगशाााला सुदृढीकरण, ड्रग रेजिस्ट्यान्स कम गर्न अनुसन्धान, अति प्रभावित क्षेत्रमा कीटनाशक औषधि छर्ने, कीटनाशक औषधि छर्किएको झुल प्रयोग गर्न प्रोत्साहन गर्ने, शंकास्पद रोगीको परीक्षण, उपचार तथा नियमित र फोकल स्प्रे कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै नयाँ औषधि र यो रोग सार्ने परजीवी सम्बन्धी अध्ययन गरिनेछ । किटजन्य रोगको अनुसन्धान, तालिम तथा रोग नियन्त्रण कार्यमा सघाउ पुऱ्याउन हेटौंडामा रहेको Vector Borne Diseases Research and Training Centre लाई सुदृढीकरण गरिनेछ ।
- निजामति कर्मचारी अस्पतालमा वृद्ध उपचार इकाइ स्थापना गरी सेवा प्रदान गरिनेछ । यस इकाइले केन्द्रीय तहका अस्पतालहरूमा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्न विशेषज्ञ इकाइको स्थापना गरी सेवा प्रदान गर्ने कार्यलाई समन्वय गरिनेछ ।
- आयुर्वेद र अन्य वैकल्पिक स्वास्थ्य सेवाहरू वीच अन्तरसम्बन्ध पहिचान गरी एकीकृत ढंगले सेवा सुनिश्चित गर्न अत्याबश्यक स्थानमा संस्थाहरूको स्थापना तथा स्तरोन्नति गर्ने, प्राकृतिक एवं जडिबुटी खेतीलाई प्रोत्साहन गरी गुणस्तरीय, सुरक्षित एवं प्रभावकारी आयुर्वेदिक औषधि उत्पादन गर्ने, स्थानीय तहमा यस्ता औषधि उत्पादन गर्ने उद्यमीहरूलाई प्रोत्साहित गर्ने, क्षेत्रीय स्वास्थ्य निर्देशनालय स्थित आयुर्वेद इकाइहरूको सङ्गठनात्मक सुदृढीकरण गर्ने, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र र राष्ट्रिय आयुर्वेद प्रतिष्ठान सञ्चालनका लागि आवश्यक कानूनको निर्माण गर्ने, आयुर्वेद, होमियोप्याथी, युनानी र प्राकृतिक चिकित्सा पद्धतिको संरचना र सेवामा सुधार तथा नियमनको लागि संयन्त्र तयार गर्ने, ऐतिहासिक ग्रन्थ "चन्द्रनिघन्टु" लाई डिजिटलाइज्ड गरी प्रकाशन गर्ने जस्ता कार्यहरू गरिनेछ ।
- औषधि उद्योगहरू (आधुनिक, आयुर्वेदिक, प्राकृतिक आदि) लाई कुशल उत्पादन प्रक्रिया अपनाई GMP प्रमाणपत्र लिन प्रोत्साहन गर्ने, आधुनिक औषधि, पशु औषधि तथा परम्परागत औषधिको प्रभावकारी ढङ्गले अध्ययन तथा अनुसन्धान गर्ने, जडिबुटीमा आधारित स्वास्थ्यवर्द्धक औषधिहरूको बजारीकरण गरी आयुर्वेदिक औषधि उत्पादन गर्न जोड दिइनेछ ।
- औषधि व्यवस्थापन अन्तर्गत विश्व स्वास्थ्य सङ्गठनद्वारा निर्देशित कुशल उत्पादन प्रक्रिया (GMP) अवलम्वन गरी देश भित्रै गुणस्तरीय औषधिलाई सुपथ मूल्यमा वितरण गर्ने व्यवस्था मिलाई औषधिको गुणस्तरको प्रभावकारिता सुनिश्चित गरिनेछ । जिल्लामा औषधि उपकरणको भण्डारण गर्न स्टोर नभएका जिल्लामा स्टोर निर्माण गरिनेछ । केन्द्रले गुणस्तरीय औषधिको पहिचान र ७५ जिल्लाको दररेट यकिन गरे पश्चात् सम्बन्धित जिल्लाले आवश्यक औषधि खरिद गर्ने व्यवस्था मिलाइनेछ । नेपाल औषधि लिमिटेडको औषधि उत्पादन वृद्धि र उच्च गुणस्तरबारे सम्भाव्यता अध्ययन गरी आवश्यक सुधार गरिनेछ । औषधि बजार व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन औषधि व्यवस्था विभागको कार्यक्षमता अभिवृद्धि गरिनेछ । औषधि आपूर्तिको कार्यक्रमलाई भर पर्दो रूपमा सञ्चालन गर्न स्थानीय जनताको चाहना अनुसार सामुदायिक औषधि कार्यक्रम तथा औषधि बैंकको अवधारणा लागु गरिनेछ । परिवार नियोजनका साधनहरूको आपूर्तिका साथै आकस्मिक गर्भनिरोध र सुरक्षित गर्भपतन, सुत्केरी पश्चात चाहिने सरसामानमा कमी आउन नदिन प्रजनन स्वास्थ्य सामग्री सुरक्षा रणनीति कार्यान्वयनमा जोड दिइनेछ । दुर्गम जिल्लाहरूमा औषधिको मूल्य न्यून गराउन स्थानीय तहमा बनेको औषधि मूल्य निर्धारण समितिलाई सकृय बनाउने र त्यस्तो समिति नभएका जिल्लाहरूमा औषधि मूल्य निर्धारण समिति गठन गरिनेछ ।
- स्वास्थ्य सेवाको विकेन्द्रीकरण कार्यक्रम अन्तर्गत केन्द्रीय स्तरदेखि जिल्लास्तरसम्म समन्वय समितिको स्थापना गरी संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा स्थानीय निकाय वा समुदायलाई जिम्मेवार बनाइने कार्यक्रमलाई थप जोड दिइनेछ ।

- सुत्रमा आधारित अनुदान प्रणालीलाई प्रभावकारी रूपमा लागु गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्थानीय विकास मन्त्रालयको समन्वयमा स्वाथ्य क्षेत्रमा विकेन्द्रीकरण नीति पुनरावलोकन गरी विकेन्द्रीकरण प्रक्रियालाई समुदायको थप सशक्तीकरणको अभिन्न अँगको रूपमा अगाडि बढाइनेछ ।
- स्वास्थ्य अनुसन्धान तथा सुपरिवेक्षण अन्तर्गत नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को संयोजकत्वमा विभिन्न विश्वविद्यालय, मेडिकल कलेज, निजी र गैरसरकारी क्षेत्रको सहभागिता गराई स्वास्थ्य व्यवस्थापनमा प्रभावकारी भुमिका खेल्न सक्ने संयन्त्र विकासका लागि अध्ययन अनुसन्धान गरिनेछ ।
- खरिद व्यबस्थापन सुधार सम्बन्धमा लागत अनुमान, प्राविधिक स्पेसिफिकेशन, बजार अनुसन्धान, बोलपत्र कागजात र खरिद गुरूयोजना जस्ता खरिदका पुर्वतयारी कार्यहरू पुरा गरी समयमै खरिद कार्य स्तरीय ढगबाट सम्पादन गर्न सबै कार्यालयका खरिद इकाइहरूलाई सक्रिय र प्रभावकारी पारिने छ । स्वास्थ्य भवन निर्माण र औषधि खरीदमा क्रमशः बिद्युतीय बोलपत्र (E-Bidding ) प्रणालीको थालनी गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको बित्तीय व्यवस्थापन सम्बन्धमा स्वास्थ्य क्षेत्रमा हुने गरेको समग्र वित्तीय लगानीको अध्ययन विश्लेषण एव राष्ट्रिय स्वास्थ्य लेखा तयार गरी सोही आधारमा स्वास्थ्य क्षेत्रको वित्तीय लगानी रणनीतिहरू तर्जुमा गरिनेछ । स्वायत्त अस्पतालहरूलाई निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ । कार्यमूलक लेखापरीक्षणको क्षेत्रलाई विस्तार गरी बेरूजु कम गर्ने तथा बेरूजु फर्छौटको विषयलाई अनिबार्यरूपमा समावेश गर्ने व्यवस्था मिलाइनेछ । स्थानीय स्तरसम्म सामाजिक लेखापरीक्षण र पारदर्शिता अभिवृद्धि गर्ने कार्य गरिनेछ । मन्त्रालय र अन्तर्गत निकायहरूबाट गरिएका अध्ययन, अनुसन्धानहरू, कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रतिवेदनहरू र वार्षिक प्रतिवेदनहरूलाई अभिलेखीकरण गर्ने र तिनलाई विद्युतीय माध्यमबाट सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

स्वास्थ्य क्षेत्रको व्यवस्थापनलाई सार्वजनिक-निजी-सहकारी साझेदारीको भावना अनुरूप सञ्चालन गर्ने कार्यलाई विस्तार गरिनेछ । जसको लागि अन्तरक्षेत्रीय समन्वय, मानब व्यवस्थापन, बित्तीय तथा खरिद व्यवस्थापन, सुशासन र जिम्मेबारी तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई कार्यन्वयन संयन्त्रको रूपमा विकास गरिनेछ । साझेदारीबाट प्रदान गरिएको स्वास्थ्य सेवाको गुण स्तरमा अभिवृद्धि गर्न मानवीय, वित्तीय तथा भौतिक स्रोत साधनको प्रभावकारी ढंगबाट संयोजन एवं व्यवस्थापन गरिनेछ । सेवा प्रवाह एवं व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन नियामक संयन्त्रको विकास गरिनेछ । स्वास्थ्य सेवालाई प्रभावकारी, जनमुखी र चुस्त बनाउन स्वास्थ्य विज्ञान शिक्षा, चिकित्सा एवम् जनस्वास्थ्य सेवा बीचको अन्तर्सम्बन्धलाई सुदृढ गर्न आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।

जनतालाई आफ्नो रोजाई अनुसारको आयुर्वेद लगायतका वैकल्पिक स्वास्थ्य पद्धतिबाट चिकित्सा सेवा उपलब्ध गराउनका लागि जिल्ला र सो अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा कार्यरत जनशक्तिको समन्वयात्मक रूपमा परिचालन गरिनेछ । स्थानीय आवश्यकता अनुसारका उपयुक्त स्वास्थ्य शिक्षा, सूचना तथा चेतनामूलक सामग्रीहरू स्थानीय एफ.एम., रेडियो तथा पत्रपत्रिका मार्फत उत्पादन, प्रवर्द्धन तथा प्रचार प्रसार गरिनेछ । विद्यालयमा वातावरणीय सरसफाइका सन्दर्भमा विद्यार्थीहरूलाई स्वच्छ खानेपानी, सरसफाइमा विशेष ध्यान दिन अन्तर मन्त्रालयसँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

व्यवस्थित योजना तयार गरी केन्द्रदेखि स्थानीय स्तरसम्म प्रत्येक तहबाट अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ र तेस्रो पक्ष वा सबै सरोकारवालाहरूको संयुक्त समूहबाट पनि अनुगमन र मूल्याङ्कनको कार्य गरिनेछ । अनुगमन र मूल्याङ्कन योजनामा प्रभाव, असर र प्रतिफलको सूचकको व्यवस्था गरिनेछ ।

व्यवस्थित अनुगमन, मूल्याङ्कन र आवधिक समीक्षाहरूबाट प्राप्त सुझावहरूलाई आगामी नीति, योजना तथा कार्यक्रम तर्जुमामा आधारको रूपमा लिइनेछ । यो प्रक्रियालाई प्रभावकारी बनाउन समकक्षी पुनरावलोकन तथा आत्मअनुगमनको अवधारणा अनुसरण गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. आधारभूत स्वास्थ्य सेवामा सबै वर्ग, क्षेत्र, जातजाति र विशेष गरी विपन्न र असहाय वर्गका जनताको पहुँचमा वृद्धि हुनेछ ।

२. औषधिको समुचित उपयोग तथा स्वास्थ्य सेवाको गुण स्तरमा सुधार हुनेछ ।

३. स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि भइ स्वास्थ्य सम्बन्धी सेवाहरूको अधिकतम उपयोग भएको हुनेछ ।

४. आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा प्रभावकारी रूपमा उपलब्ध भएको हुनेछ ।

५. मानसिक स्वास्थ्य, अपाङ्गता, सुस्त श्रवण, मुख स्वास्थ्य, आंखा सम्बन्धी सेवा लगायतका रोगको रोकथाम र उपचारमा वृद्धि हुनेछ ।

६. सुरक्षित मातृत्व सेवाको पहुँचमा बृद्धि भइ मातृ, शिशु तथा वाल मृत्यु दर घट्नेछ ।

७. एच.आई भि./एड्स लगायतका संक्रामक रोगहरू नियन्त्रणमा सहयोग पुगेको हुनेछ ।

८. सहस्राव्दी विकास लक्ष्यले तोकेका लक्ष्यहरू प्राप्ति हुनेछ ।

९. क्षयरोग र कुष्ठरोग सम्बन्धी सेवाबाट क्षयरोगी, कुष्ठरोगीहरूको संख्यामा उल्लेख्य कमी आएको हुनेछ ।

१०. नसर्ने गम्भीर रोगका कारणबाट हुने स्वास्थ्य समस्या कम भएको हुनेछ ।

११. सडक तथा अन्य दुर्घटनाको संख्या तथा यसबाट हुने ठूलो जन धनको क्षतिमा कमी आउनेछ ।

## ५.११ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

सुरक्षित खानेपानी तथा सरसफाइ मानव विकासको प्रमुख आधार हो । मानिसको दैनिक जीवनयापन प्रक्रिया र स्वास्थ्यसँग खानेपानी र सरसफाइको प्रत्यक्ष सम्बन्ध हुने भएकोले यसमा सबैको पहुँच हुनु आवश्यक छ ।

सहस्राब्दी विकास लक्ष्य अनुसार सन् २०१५ सम्म ७३ प्रतिशत जनसंख्यालाई खानेपानी सेवा र ५३ प्रतिशत जनसंख्यालाई सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य रहेको छ भने राष्ट्रिय जल योजना अनुसार सन २०१७ सम्म सतप्रतिशत जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सेवा र सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य लिइएको छ । सरकारी क्षेत्रको प्रयासबाट मात्र उक्त लक्ष्य हासिल गर्न नसकिने भएकोले सरकार, स्थानीय निकाय, समुदाय, उपभोक्ता, तथा गैरसरकारी संघसंस्थाहरूले एकीकृत तथा समन्वयात्मक रूपमा कार्य गर्नु आवश्यक रहेको छ । साथै कार्यक्रम सञ्चालन गर्दा खानेपानी र सरसफाइ कार्यक्रमलाई एकआपसमा आबद्ध गरी कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ ।

### २. अद्यावधिक स्थिति

खानेपानी र सरसफाइको क्षेत्रमा बहुनिकाय क्रियाशील रहेका छन । खानेपानीको गुणस्तर तथा सेवास्तर वृद्धि गर्न शहरी तथा अर्धशहरी क्षेत्रमा उपभोक्ताहरूको सहलगानीमा आयोजनाहरू कार्यान्वयन गरिएको छ । सम्बद्ध निकाय र सरोकारवालाहरूसँगको सहकार्य र सहभागितामा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरी खुल्ला दिशामुक्त क्षेत्र विकास गर्दै लैजान एकल सरसफाइ कार्यक्रम शुरू गरिएको छ ।

खानेपानी र सरसफाइ एकीकृत रूपमा विस्तार गर्न निर्माणाधीन र नयाँ खानेपानी आयोजनाहरूमा पूर्ण सरसफाइ कार्यक्रम आवद्ध गरिएको छ ।

काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापनको लागि नेपाल खानेपानी संस्थानको उपत्यका भित्रको सम्पत्ति र दायित्व काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको र व्यवस्थापनको जिम्मेवारी काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई दिइएको छ । बुहप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाको टनेल निर्माणको कार्य चालु छ ।

तीन वर्षीय अन्तरिम योजना अवधिमा आवश्यकता अनुरूप पर्याप्त आर्थिक स्रोतको व्यवस्था हुन नसकेबाट लक्ष्य अनुरूप समयमै आयोजना सम्पन्न हुन नसक्दा जनतालाई अपेक्षित सेवा उपलब्ध गराउन सकिएन । उक्त योजना अवधिमा कूल ८५ प्रतिशत जनसंख्यालाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउने लक्ष्य रहेकोमा ८० प्रतिशत जनसंख्यालाई र मध्यम तथा उच्चस्तरको खानेपानी सेवा उपभोग गर्ने जनसंख्याको प्रतिशत १५ पुऱ्याउने लक्ष्य रहेकोमा जम्मा १०.५ प्रतिशतलाई मात्र पुगेको छ भने ६० प्रतिशत जनसंख्यालाई सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य रहेकोमा ४३ प्रतिशत जनसंख्यालाई मात्र यो सेवा पुगेको छ । सेवा उपलब्ध भएको जनसंख्याको प्रतिशत ग्रामीण तथा शहरी क्षेत्रबीचमा र खानेपानी तथा सरसफाइ बीचमा पनि ठूलो अन्तर देखिएको छ । खानेपानी सुविधा उपलब्ध गराउन बाँकी रहेका ठाउँहरू प्रायशः पातलो जनघनत्व भएका र तुलनात्मक रूपमा बढी दुर्गम ठाउँहरू भएकाले सेवा विस्तार महँगो हुने हुँदा अनुसन्धानात्मक कार्यद्वारा उपयुक्त र सस्तो लागतको प्रविधि विकास गर्न जरूरी देखिन्छ ।

## ३. समस्या तथा चुनौती

खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत विभिन्न निकायहरूबीच योजना कार्यान्वयन तथा अनुगमनमा समन्वयको कमी, पर्याप्त बजेटको अभावमा पुराना आयोजनाहरूको नियमित मर्मत संभार र समयोचित सुधार तथा विस्तारका कार्य गर्न नसिकनु, बनजंगल विनाश र जलवायु परिवर्तनका कारण भइरहेका स्रोतहरू सुक्दै जानु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

माग अनुसार दिगो र पर्याप्त मात्रामा गुणस्तरीय खानेपानी उपलब्ध गराउनु, सरसफाइ सेवामा सबैको पहुँच पुऱ्याउनु, काठमाडौं लगायतका ठूला शहरहरू तथा ग्रामीण र दुर्गम स्थानमा छरिएर रहेका वस्तीहरूमा माग अनुसारको खानेपानी सुविधा सुविधा उपलब्ध गराउनु, सम्पन्न प्रणालीहरूको उचित मर्मत सम्भार, सुधार विस्तार तथा पुननिर्माण गरी सेवा पुनःस्थापन गर्नु यस क्षेत्रका प्रमुख चनौती हुन् । उपलब्ध स्रोतहरूको सही उपयोग गरी समतामूलक एवं व्यावसायिक तवरले वितरण गर्नु र खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न निकायहरू वीच प्रभावकारी समन्वय कायम गरेर कार्यान्वयनमा एकरूपता ल्याई दोहोरोपना हटाउनु पनि चुनौतीपूर्ण नै रहेको छ ।

## ४. दीर्घकालीन सोच

राष्ट्रिय जल योजनाले निर्धारण गरे अनुरूप सन् २०१७ सम्ममा शत प्रतिशत जनतालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने ।

## ५. उद्देश्य

दिगो तथा सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराई जनस्वास्थ्यमा सुधार र जनताको जीवनस्तर माथि उकास्न टेवा पुऱ्याउने ।

## ६. रणनीति

१. खानेपानीको गुणस्तर र सेवास्तर क्रमिक रूपमा वृद्धि गरी सन् २०१७ सम्म सवैलाई भरपर्दो खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने ।

२. छिटो प्रतिफल दिने र अधुरा खानेपानी तथा सरसफाइ कार्यक्रम सम्पन्न गर्ने ।
३. आयोजना निर्माण तथा सञ्चालनमा स्थानीय सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने ।
४. निर्मित खानेपानीका संरचनाहरूको मर्मत सम्भार एवं पुनःस्थापनाका साथसाथै व्यवस्थापनलाई थप प्रभावकारी बनाई सेवा सुनिश्चित गर्ने ।
५. खानेपानी तथा सरसफाइ कार्यक्रममा क्रमशः क्षेत्रगत अवधारणा (SWAp) अवलम्वन गर्ने ।
६. वातावरणमैत्री (जलवायु परिवर्तन अनुकूलन समेत) स्थानीय स्रोत साधनको उपयोग, प्रबर्द्धन गर्ने खानेपानी तथा सरसफाइ संरचनाहरूको निर्माण गर्ने ।
७. राष्ट्रिय खानेपानी मापदण्ड २०६३ ले तोके अनुसार क्रमिक रूपमा खानेपानीको गुणस्तर सुधार गर्दै लाने ।
८. दिगो खानेपानी तथा सरसफाइ सेवाको लागि संस्थागत क्षमता सुधार गर्ने ।

**७. कार्यनीति**

१.१ स्थानीय स्रोत र साधनलाई अधिकतम उपयोग गरेर उपभोक्ताले सञ्चालन गर्न र धान्न सक्ने सरल प्रविधियुक्त आयोजना कार्यान्वयन गरी आधारभूत खानेपानी सेवा उपलब्ध गराइनेछ ।
१.२ खानेपानीको स्रोत उपलब्ध नभएका स्थानहरूमा वैकल्पिक स्रोतको रूपमा वर्षातको पानी सङ्कलन र उपयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
१.३ सम्पन्न आयोजनाहरूमा खानेपानीको गुणस्तर सुधारका लागि स्थानीय आवश्यकता अनुरूप पानी प्रशोधन प्रणाली निर्माण गर्ने र माग अनुसार खानेपानीको आपूर्ति परिमाणमा वृद्धि गर्दै लगिनेछ ।
१.४ खानेपानी वितरण प्रणाली सुदृढ गरी चुहावट नियन्त्रण गरिनेछ ।
१.५ नयाँ खानेपानी आयोजनाहरू पानी प्रशोधन प्रणाली सहित निर्माण गरिनेछ ।
१.६ शहरी तथा अर्धशहरी खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरण गर्दा लागत उठ्ती प्रणाली अवलम्वन गरिनेछ ।
१.७ अतिरिक्त स्रोतको परिचालन र वितरण प्रणालीमा सुधार गरी खानेपानी आपूर्तिमा सुधार गरिनेछ ।
१.८ सरसफाइ कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।
१.९ आयोजना क्षेत्रभित्र नपरेका स्थानहरूमा वातावरणीय सरसफाइ आयोजनाको अगुवाइमा अन्य सम्बद्ध निकायहरू/सरोकारवालाहरूसँगको सहकार्य र सहभागितामा पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत घरेलु शौचालय निर्माण गरी खुला दिशामुक्त क्षेत्र विकास गर्दै लगिनेछ ।
१.१० खानेपानी आयोजना सञ्चालन भएका क्षेत्रमा घरेलु शौचालय निर्माण कार्यलाई आयोजनासंग आबद्ध गरी सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ ।
१.११ सेवा प्राप्त गरेका र गर्न बाँकी जनसंख्या, वडा, गा.वि.स. आदिको तथ्याङ्क अद्यावधिक गरी सूचना प्रवाह गरिनेछ र सोही अनुसार आयोजना कार्यान्वयन गरिनेछ ।
२.१ चालु योजनाले उच्च प्राथमिकतामा राखेका निर्माणाधीन सबै आयोजनाहरू तीन वर्षभित्र पूरा गरिने छन् ।
२.२ छिटो प्रतिफल प्राप्त हुन सक्ने आयोजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
३.१ आयोजना व्यवस्थापन तथा सञ्चालनमा स्थानीय उपभोक्ता समितिको दक्षता वृद्धि गर्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
३.२ उपभोक्ता समूहको नेतृत्व तहमा महिलाको सहभागिता अनुपात वृद्धि गरी उनीहरूको भूमिकालाई सशक्त र प्रभावकारी बनाइनेछ ।
४.१ क्षतिग्रस्त एवं पुराना आयोजनाहरूको पुनर्निर्माण तथा सेवा पुनःस्थापनाका लागि संस्थागत संरचनामा समेत सुधार गरी आयोजनाहरूको उचित मर्मत सम्भार तथा पुनःस्थापना गरिनेछ ।

४.२ खानेपानी वितरण प्रणालीमा मूल वितरण र घरेलु वितरणको छुट्टाछुट्टै व्यवस्था गरिनेछ ।

५.१ खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न निकायका क्रियाकलापहरूलाई क्षेत्रगत अवधारणा (SWAp) अनुरूप परिचालन गरिनेछ ।

५.२ सबै सरकारी तथा गैरसरकारी निकायले जिल्लाको गुरुयोजनाभित्रका आयोजनाहरूलाई प्राथमिकताको आधारमा कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

६.१ शहरी/अर्धशहरी घनावस्ती भएका स्थानहरूमा प्रशोधन प्रणाली सहितको स्यानिटरी ढल निर्माण गरिनेछ ।

६.२ साना साना ढल प्रशोधन प्रणाली स्थापना र सञ्चालन गरी प्रशोधित पानी नदीमा पठाउने व्यवस्था गरिनेछ ।

६.३ खानेपानी तथा सरसफाइका कार्यक्रम सञ्चालन गर्दा जलवायु परिवर्तनबाट पर्न सक्ने असर न्यूनीकरण गर्न विशेष सावधानी अपनाइनेछ ।

६.४ खानेपानी आयोजनाहरूलाई किफायती, दिगो, वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलित बनाउन आवश्यक अध्ययन अनुसन्धान गर्ने संस्थागत क्षमताको विकास गरिनेछ ।

७.१ राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुरूपको खानेपानी वितरण गर्न शहरी तथा नगरोन्मुख क्षेत्रका खानेपानी आयोजनाहरूमा क्रमिक रूपमा गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

७.२ आर्सेनिक न्यूनीकरण तथा निराकरणका उपायहरू अवलम्वन गर्नुका साथै आर्सेनिक रहित खानेपानीको व्यवस्था गरिनेछ ।

८.१ खानेपानी तथा सरसफाइ सेवालाई बढी प्रभावकारी बनाउन खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन तथा नियमावलीको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८.२ खानेपानी तथा सरसफाइ सेवाका क्षेत्रगत तथ्याङ्कमा सबैको पहुँच हुने गरी विद्युतीय प्रणाली (Web) मा राखिनेछ । तथ्याङ्क अद्यावधिक गर्ने प्रणालीको विकास गरिनेछ ।

८.३ वृहत् खानेपानी तथा सरसफाइ आयोजनाहरूको व्यवस्थापन उपभोक्ता संस्थाबाट हुन कठिनाइ भएको अवस्थामा व्यवस्थापन करारमा दिने नीति अवलम्वन गरिनेछ ।

८.४ खानेपानी तथा सरसफाइसंग सम्बन्धित विभिन्न निकायहरूबीच प्रभावकारी समन्वयका लागि क्षेत्रगत सरोकार समूहलाई बढी सक्रिय बनाइनेछ ।

८.५ क्षेत्रगत निकायहरूबीच समन्वय गरी ढल निकास तथा व्यवस्थापनको नीति, निर्देशिका तथा मापदण्ड तयार गरेर ढल निर्माण तथा विकास सम्बन्धी गुरुयोजना तर्जुमा गरिनेछ ।

८.६ क्षेत्रगत मानव संसाधन विकासको लागि खानेपानी तथा ढल निकास विभागको जनसाधन विकास इकाइलाई सक्रिय निकायको रूपमा स्थापित गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.स. | विवरण | आ.व. २०६६/ ०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | **आधारभूत खानेपानी सेवाः** | | |
| | कूल लाभान्वित जनसंख्या (हजारमा) | २२५४७ | २५२२३ |
| | कूल लाभान्वित जनसंख्याको प्रतिशत | ८० | ८५ |
| २ | **मध्यम/उच्चस्तरको खानेपानी सेवाः** | | |
| | कूल लाभान्वित जनसंख्या (हजारमा) | २९४४ | ४४५१ |
| | कूल लाभान्वित जनसंख्याको प्रतिशत | १०.५ | १५ |
| ३ | **सरसफाइ सेवाः** | | |
| | कूल लाभान्वित जनसंख्या (हजारमा) | १२०७० | १७८०४ |
| | कूल लाभान्वित जनसंख्याको प्रतिशत | ४३ | ६० |

## ९. प्रमुख कार्यक्रम

- ❖ आधारभूत खानेपानी सेवा उपलब्ध गराउने कार्यक्रमहरूः क्रमागत रूपमा निर्माण भैरहेका खानेपानी आयोजनाहरू तीन वर्षभित्र सम्पन्न गर्ने कार्यक्रम, नयाँ खानेपानी आयोजना निर्माण, समुदायमा आधारित सामुदायिक खानेपानी, वर्षातको पानी संकलन र उपयोग, ग्रामीण खानेपानी, खानेपानी उत्पादन वृद्धि जस्ता कार्यक्रमहरू ।
- ❖ खानेपानी सेवास्तर तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरूः मेलम्ची खानेपानी कार्यक्रम, साना शहरी खानेपानी, खानेपानी गुणस्तर सुधार, आर्सेनिक न्युनिकरण तथा निराकरण, प्रदूषणको जोखिम कम गर्ने पानी सुरक्षा योजना (Water Safety Plan) जस्ता कार्यक्रमहरू ।
- ❖ सम्पन्न आयोजना मर्मत सुधार, पुनर्निर्माण तथा सेवा पुनःस्थापन कार्यक्रम, डीप टयुबवेल निर्माण तथा इलेक्ट्रो-मेकानिकल उपकरण पुनःस्थापन, जलाधार तथा स्रोत संरक्षण र डीप टयुबवेल रिचार्ज जस्ता जलवायु परिवर्तनको प्रभाव कम गर्ने कार्यक्रमहरू ।
- ❖ सरसफाइ सुविधा र सेवास्तर अभिवृद्धि गर्ने कार्यक्रमहरूः देशव्यापी अभियानको रूपमा सञ्चालन गरिने एकल सरसफाइ कार्यक्रम, खानेपानी आयोजनामा आबद्ध सरसफाइ, स्यानिटरी ढल निर्माण, वागमती सभ्यता एकीकृत विकास र जनचेतना अभिबृद्धि जस्ता कार्यक्रमहरू ।
- ❖ क्षमता अभिवृद्धि तथा संस्थागत सुधार गर्ने कार्यक्रमहरूः खानेपानी तथा ढल निकास विभागको संस्थागत सुधार कार्यक्रम, सूचना व्यवस्थापन तथा अनुगमन, स्थानीय निकाय, उपभोक्ता समिति, सामुदायिक/गैरसरकारी संस्था र सम्बद्ध निकाय तथा आयोजनाका कर्मचारीहरूको सीप, ज्ञान तथा क्षमता अभिबृद्धि र काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास कार्यक्रमहरू ।

## १०. कार्यान्वयन व्यवस्था

सम्पन्न आयोजनाको नियमित मर्मत संभार र सुधारको लागि जिल्ला तहमा खानेपानी मर्मत सम्भार इकाइ गठन गरिनेछ । खानेपानी तथा सरसफाइ सेवाको प्रभावकारी व्यवस्थापनको लागि खानेपानी तथा सरसफाइ ऐन र नियमावलीको तर्जुमा गरी कार्यान्वयन गरिनेछ । खानेपानी तथा सरसफाइ सेवालाई बढी प्रभावकारी, व्यवस्थित र समन्वयात्मक रूपमा प्रवाह गर्न खाने पानी तथा ढल निकास विभागलाई नेतृत्वदायी निकायको रूपमा विकास र सुदृढीकरण गरिनेछ । सम्पन्न खानेपानी आयोजना मर्मत सम्भार तथा सुधारको लागि जिल्ला तहमा मर्मत सम्भार कोष स्थापना तथा परिचालन गर्ने नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । खानेपानी आयोजनाहरूको निर्माण, सुधार विस्तार तथा सेवास्तर अभिबृद्धि कार्य लागत साझेदारी/सहलगानीमा गर्ने नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

खानेपानी तथा सरसफाइ सम्बन्धी निर्माण कार्य/कार्यक्रमको गुणस्तर नियन्त्रण र नियमित अनुगमनमा सम्बन्धित निकाय र उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ । मध्यावधि, अन्तिम र प्रभाव मूल्याङ्कनको कार्यमा समेत उपभोक्ता समितिलाई समावेश गर्ने नीति अवलम्बन गरिनेछ । आयोजनाहरूको प्रभावकारी कार्यान्वयनको लागि प्राविधिक तथा सार्वजनिक परीक्षण गरिनुका साथै मध्यावधि, अन्तिम तथा प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गरिनेछ ।

## १२. अपेक्षित उपलब्धि

१. थप ५ प्रतिशत जनतालाई आधारभूत खानेपानी सेवा पुगेको हुनेछ ।
२. थप ४.५ प्रतिशत जनतालाई मध्यम/उच्चस्तरीय खानेपानी सेवा पुगेको हुनेछ ।
३. थप १७ प्रतिशत जनतालाई सरसफाइ सेवा पुगेको हुनेछ ।
४. खानेपानी सेवा नपुगेका समुदायमा खानेपानीको पहुँचमा सुधार भएको हुनेछ ।
५. खानेपानी क्षेत्रमा संलग्न निकायको संस्थागत सुधार तथा सरोकारवालाहरूको कार्यान्वयन एवं व्यवस्थापकीय सीप र क्षमतामा अभिवृद्धि भएको हुनेछ ।
६. प्रकोप र अन्य कारणबाट सेवा अवरूद्ध भएका आयोजनाहरूमा सेवा सुचारू भएको हुनेछ ।

# अध्यायः ६
# पूर्वाधार विकास नीति

## ६.१ स्थानीय पूर्वाधार

### १.पृष्ठभूमि

स्थानीय पूर्वाधार अन्तर्गत यातायात, साना सिंचाइ तथा नदी नियन्त्रण, लघु जलविद्युत् तथा वैकल्पिक ऊर्जा, ग्रामीण खानेपानी तथा सरसफाइ, ग्रामीण आवास, भवन तथा वस्ती विकास, फोहरमैला व्यवस्थापन र सामाजिक पूर्वाधारका क्षेत्रहरू पर्दछन् । पूर्वाधारको विकासमा स्थानीय निकायलाई जिम्मेवार बनाउने गरी स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरेपछि जिविस, नगरपालिका र गाउँ विकास समितिको भूमिका नेतृत्वदायी रहदै आएको छ । स्थानीय तहमा आवश्यक देखिएका पूर्वाधारहरूको निर्माण तथा मर्मत सम्भारमा सहजीकरण गर्न स्थानीय पूर्वाधार विकास नीति, २०६१ कार्यान्वयनमा आएको छ । यी पूर्वाधार निर्माणमा स्थानीय निकायलाई प्राविधिक सहयोग गर्न केन्द्रमा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र जिल्ला स्तरमा जिल्ला प्राविधिक कार्यालयको संस्थागत व्यवस्था गरिएको छ । स्थानीय निकायहरूको अधिकार क्षेत्र अन्तर्गत स्रोतको परिचालन तथा उपयोगमा स्थानीय निकायहरूलाई बढी क्रियाशील, जनमुखी र जवाफदेही बनाउने उद्देश्यअनुरूप साविकमा केन्द्रीय निकायहरूबाट सञ्चालन गरिएका साना पूर्वाधार निर्माणका कार्यक्रमहरू निक्षेपण गरी स्थानीय निकायहरूलाई हस्तान्तरण गर्दै लगिएको छ ।

### २. अद्यावधिक स्थिति

हाल करिव ४०,००० कि.मी. स्थानीय सडकको ट्र्याक खोल्ने काम भइ करिब १८,००० कि.मी. सडक मोटर सञ्चालन गर्न सक्ने गरी चालू अवस्थामा रहेको भए तापनि करिब ८,००० कि.मी. मात्र सवै याममा मोटर सञ्चालन योग्य अवस्थामा रहेको छ । करिव १२,००० कि.मी. गोरेटो बाटो र ४४०० वटा झोलुंगे पुलको निर्माण सम्पन्न भइसकेको छ । करिब ९०० खानेपानी योजनाबाट करिव ८ लाख ग्रामीण जनतालाई सेवा पुगेको छ । साना सिंचाइतर्फ पहाडमा २५ हेक्टर र तराईमा २०० हेक्टरका आयोजना ग्रामीण पूर्वाधारमा पर्ने नीति अनुसार निक्षेपण कार्य भइरहेको छ ।

स्थानीय स्तरमा पूर्वाधार विकासका लागि स्थानीय पूर्वाधार विकास नीति अनुसार सातैवटा विषय क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यस अन्तर्गत विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन कार्यक्रम, ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना, ग्रामीण पहुँच कार्यक्रम, जिल्ला सडक सहयोग कार्यक्रम, स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम, झोलङ्गे पुल क्षेत्रगत तथा स्थानीयस्तरका सडक पुल कार्यक्रम, ग्रामीण पुनर्निमाण तथा पुनःस्थापन आयोजना, ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम, ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना, फोहोर मैला व्यवस्थापन कार्यक्रम, पश्चिम उच्च पहाडी गरीबी निवारण परियोजना, विकेन्द्रित वित्त व्यवस्था तथा विकास कार्यक्रम, जीवनस्तर सुधारका लागि स्थानीय पूर्वाधार कार्यक्रम, दुर्गम क्षेत्र विकास कार्यक्रम, पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, स्थानीय स्वायत्त शासन एवं सामुदायिक विकास कार्यक्रम आदि कार्यक्रमहरूबाट विभिन्न स्तरका पूर्वाधार निर्माण कार्यहरू भएका छन् ।

## ३. समस्या तथा चुनौती

आयोजनाहरूको कार्यान्वयन प्राथमिकताको आधारमा नभै ससाना आयोजनामा स्रोत छर्ने प्रवृत्तिका कारण आयोजनाहरूको लागत वृद्धि हुनु, अधिकांश स्थानीयस्तरका भौतिक पूर्वाधारहरूको निर्माणमा दक्ष प्राविधिक र गुणस्तरीय प्रविधिको प्रयोग हुन नसकेबाट आयोजनाहरू दिगो बन्न नसक्नु, निर्मित पूर्वाधार संरचनाहरूको उचित मर्मत संभार, सञ्चालन र व्यवस्थापन हुन नसकी आयोजनाको उपयोगितामा कमी आउनु, स्थानीय पूर्वाधार विकास नीति अनुसारका कार्यहरू स्रोत साधन तथा क्षमता सहित स्थानीय निकायमा निक्षेपण नहुनु, स्थानीय पूर्वाधार विकासमा संलग्न निकायहरूको जिम्मेवारी, उत्तरदायित्व तथा अधिकारको स्पष्टता नहुनु, शहरी विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तथा आधारभुत पूर्वाधारको अभावमा अव्यवस्थित सहरीकरण बढदै जानु, स्थानीय पूर्वाधार विकासका लागि आवाश्यक तथा पर्याप्त तथ्याङ्क तथा सूचना प्रणालीको विकास हुन नसक्दा आयोजना व्यवस्थापन प्रभावकारी नहुनु, स्थानीय पूर्वाधार विकासबाट आर्थिक गतिविधिको बढोत्तरी, रोजगार सिर्जना, गरीबी न्यूनीकरण र सामाजीक वञ्चितीकरणमा परेका समुदायहरूको पहुँच अभिवृद्धि गर्ने कार्य अपेक्षित रूपमा हुन नसक्नु जस्ता समस्याहरू विद्यमान् रहेका छन् ।

त्यस्तै गरी स्थानीय पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनमा जनताको स्वामित्व वोध तथा क्षमता अभिवृद्धि गरी विकासको दिगो प्रतिफल उपलब्ध गराउने, उनीहरूलाई आयोजना व्यवस्थापनको कार्यमा उत्तरदायी बनाउने, भौतिक पूर्वाधार विकासका कार्यहरूमा उपयुक्त गुणस्तर कायम गर्दै दिगोपना कायम गर्ने, स्थानीय पूर्वाधार निर्माण कार्यमा वातावरण संरक्षण सम्बन्धी नीति तथा मापदण्डलाई आत्मसात गरी वातावरणमैत्री प्रविधिको अवलम्वन गर्ने, भारी उपकरणको प्रयोगमा निरूत्साहित गरी श्रममूलक, वातावरणमैत्री र सहभागितामूलक प्रविधि मार्फत रोजगारी सिर्जना गरी गरीबी न्युनीकरण गर्ने, निर्मित पूर्वाधारहरूको दिगो उपयोग तथा व्यवस्थापनका लागि मर्मत संभारलाई संस्थागत गर्ने, सडक पूर्वाधारनिर्माणमा विद्यमान् मापदण्डको पालना तथा सडकको उचित मर्मत संभार गरी बढदो सवारी दुर्घटनालाई कम गर्ने र स्थानीय पूर्वाधार निर्माणमा संलग्न निकायहरूको स्रोत साधन र क्षमतालाई एकीकृत र समन्वय गरी उपलब्ध स्रोतको अधिकतम प्रतिफल हासिल गर्ने जस्ता विषयहरू अझै पनि चुनौतीकै रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

स्थानीय पूर्वाधारको माध्यमबाट अल्पकालीन एवं दीर्घकालीन रोजगारीको सृजना गर्दै सामाजिक एवं क्षेत्रीय विभेदको अन्त्य गर्ने तर्फ अघि बढी राष्ट्रको सर्वाङ्गीण विकासका लागी आधार सृजना गर्नु ।

## ५. उद्देश्य

दिगो स्थानीय पूर्वाधार विकास गरी मुलुकमा गरीबी न्यूनीकरण गर्न तथा जनताको जीवनस्तर सुधार गर्न सघाउ पुऱ्याउने ।

## ६. रणनीति

१. केन्द्रस्तर र स्थानीय स्तरका भौतिक पूर्वाधारहरूको स्पष्ट वर्गीकरण गरी स्थानीय स्तरका पूर्वाधार सम्बन्धी कार्यहरू स्थानीय निकायहरूबाट मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
२. स्थानीय पूर्वाधारसम्बन्धी क्षेत्रगत/आवधिक योजना प्राथमिकताका आधारमा मात्र निर्माण गर्ने ।
३. स्थानीय पूर्वाधारमा संलग्न निकायहरूको सस्थागत पुनः संरचना गरी क्षमता अभिवृद्धि गर्ने ।
४. स्थानीय पूर्वाधार विकासमा जनसहभागिताको माध्यमबाट स्थानीय स्रोत, साधन र सीप परिचालन गर्ने विद्यमान् परिपाटीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने ।
५. स्थानीय पूर्वाधार विकासमा संलग्न सरकारी, गैर-सरकारी तथा दातृ निकायहरू बीच सामन्जस्यता कायम गर्दै उपलब्ध स्रोतको प्रभावकारी उपयोग गर्ने ।

६.	स्थानीय पूर्वाधारका योजना निर्माण गर्दा वातावरण संरक्षण तथा सम्बर्धन सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्ने ।

७.	सम्पन्न भएका र नयाँ आयोजनाहरूको मर्मत सम्भारको उपयुक्त प्रबन्ध गर्ने ।

### ७. कार्यनीति

१.१	स्थानीय पूर्वाधारहरूको विकासका कार्यक्रमहरू स्रोत, साधन र जनशक्ति सहित सम्बन्धित स्थानीय निकायहरूमा निक्षेपण गर्न योजना तयार गरी कार्यान्वयन गरिनेछ । यसरी निक्षेपण गर्दा उपयुक्त सक्रमणकालीन योजना बनाई लागु गरिनेछ ।

२.१	उत्तर–दक्षिण एवं पूर्व–पश्चिम लोकमार्गहरू तथा बजार केन्द्रहरूलाई आधार बनाएर स्थानीय सडकहरू तथा अन्य पूर्वाधारहरूको योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

२.२	सम्पूर्ण जिल्ला स्तरीय सडक गुरूयोजनाहरू भौगोलिक सूचना प्रणाली अनुसार अद्यावधिक गरिनेछ र गाउँ स्तरीय सडक गुरूयोजनाहरू समेत तैयार पार्न पहल गरी सोही अनुसार कार्यान्वयन गर्दै लगिनेछ ।

२.३.	नगरपालिकाहरूमा यातायात गुरूयोजना चरणबद्ध रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।

२.४.	गाउँस्तरीय जल सम्पदा गुरूयोजनाहरू तयार गरी सोही अनुसार खानेपानी, सिंचाइ, साना जल बिद्युत तथा अन्य जल सम्पदामा आधारित पूर्वाधारहरूको निर्माण गरिनेछ ।

३.१.	स्थानीय निकायका कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

३.२.	जिल्ला प्राविधिक कार्यालयलाई स्थानीय पूर्वाधार विकास नीति, २०६१ अनुसार जिल्ला विकास समितिको पूर्वाधार विषयगत शाखाको रूपमा कार्य गर्ने गरी थप जिम्मेवार र सशक्त बनाइनेछ ।

३.३	निक्षेपित क्षेत्रमा पूर्वाधार विकास सम्बन्धी कार्य गर्न स्थानीय निकायहरूले आवश्यकता अनुसार बाह्य सेवा प्रदायकको उपयोग गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

४.१.	उपभोक्ता समितिहरूबाट निर्माण तथा सञ्चालन हुने पूर्वाधारका आयोजना सम्बन्धी कार्यविधि परिमार्जन गर्नुका साथै आचार संहिता समेत तयार गरी लागू गरिनेछ ।

५.१	स्थानीय स्तरमा कार्यान्वयन गरिने आयोजनाहरू सम्बन्धित स्थानीय निकायसंग आबद्ध गर्न सबै सरकारी, गैरसरकारी तथा सामुदायिक निकायले सम्बन्धित स्थानीय निकायको योजनाको प्राथमिकताको आधारमा कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

५.२.	सिंचाइ सुविधा विस्तारमा सहकारी तथा सिंचाइ विकास कोषको अवधारणालाई प्रवर्द्धन गरिनेछ ।

५.३.	क्षेत्रगत अवधारणालाई क्रमैसंग स्थानीय सडक, ग्रामीण खानेपानी एवं अन्य क्षेत्रहरूमा लागू गर्दै लगिने छ ।

६.१.	नगरोन्मुख गाँउ विकास समितिमा फोहरजन्य पदार्थको व्यवस्थापन गर्न नदीनाला तथा जमिन जस्ता प्राकृतिक स्रोतलाई प्रदूषणबाट वचाउने गरी व्यवस्थापन गरिनेछ ।

६.२.	हाल प्रयोग भैरहेको निर्माण प्रविधिको पुनरावलोकन गरी नयाँ, श्रममूलक एवं यान्त्रिक उपकरणमा आधारित स्पेसीफिकेशन र आधार तयार गरी लागु गरिनेछ ।

६.३.	संभाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र भौतिक पूर्वाधारको निर्माण गरिनेछ । यसो गर्दा आयोजनाको वातावरणीय तथा जलवायु परिवर्तनसंग सम्बन्धित अनुकूलन पक्षलाई विशेष ध्यान दिइनेछ ।

६.४.	गुणस्तर सुनिश्चितताको लागि गुणस्तर प्रयोगशालाहरूको स्थापना तथा सञ्चालन गर्न आवश्यक प्राविधिक दस्तावेजहरू तयार गर्नका साथै अद्यावधिक समेत गरिनेछ ।

६.५.	स्थानीय पूर्वाधार विकास सम्बन्धी अनुसन्धानलाई संस्थागत गरिनेछ ।

७.१. स्थानीय पूर्वाधारहरूको निर्माण दिगो व्यवस्थापन तथा उपयोगको लागि प्रभावकारी निर्माण तथा मर्मत संभार प्रणालीको स्थापना र विकास गरिनेछ ।

७.२. पूर्वाधार सम्बन्धी नयाँ आयोजनाको थालनी गर्दाको समयमै नै मर्मत सम्भार र सञ्चालन सम्बन्धी व्यवस्था सुनिश्चित गरिनेछ ।

७.३. मर्मत सम्भारलाई थप प्रभावकारी बनाउन स्थानीय पूर्वाधार आयोजना निर्माण स्थलमा आय व्ययको विवरण अनिवार्य रूपमा राख्न लगाइने लगायत अन्य पारदर्शिताका उपायहरूको अवलम्बन गरिनेछ ।

### ८. परिमाणात्मक लक्ष्य

| क्र.स. | विबरण | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|
| १ | नयाँ ग्रामीण कच्ची सडक निर्माण गर्ने (किमि) | ३००० |
| २ | सडकको स्तरोन्नति तथा पुनःस्थापना गर्ने (किमि) | ४७६७ |
| ३ | सडकको नियमित तथा आवधिक मर्मत संभार गर्ने (किमि) | १८,००० |
| ४ | नयाँ पूल निर्माण गर्ने (संख्या) | १५० |
| ५ | नयाँ झोलुङ्गे पुल निर्माण गर्ने (संख्या) | १४०० |
| ६ | जिल्लास्तरीय यातायात गुरूयोजना (अद्यावधिक गरिने)(संख्या) | ६८ |
| ७ | नयाँ नगर स्तरीय यातायात गुरूयोजनाको तर्जुमा गर्ने (संख्या) | २० |
| ८ | क्रमागत तथा नयाँ खानेपानी योजनाहरूको निर्माण कार्य सम्पन्न गर्ने (संख्या) | ८०० |
| ९ | नयाँ, सुधार तथा पुनःस्थापना गरी साना तथा सामुदायिक सिंचाइ कूलोको निर्माण गर्ने (संख्या) | १००० |
| १० | तटबन्ध, नदी नियन्त्रण तथा भूसंरक्षण सम्बन्धी योजनाहरू निर्माण गर्ने (संख्या) | ६०० |
| ११ | लघु जलविद्युत्को निर्माण गर्ने (किवा) | ५०० |
| १२ | स्यानिटरी ल्याण्डफिल साइटको विस्तृत अध्ययन गर्ने (संख्या) | १० |
| १३ | स्यानीटरी ल्याण्डफिल साईटको विकास गर्ने (संख्या) | १० |
| १४ | सार्वजनिक तथा सामुदायिक भवन तथा सामाजिक पूर्वाधारहरूको नयाँ निर्माण, पुनःनिर्माण एवं मर्मत संभार गर्ने (संख्या) | १७०० |
| १५ | ग्रामीण वस्ती विकास क्षेत्रको विस्तृत अध्ययन तथा सोका लागि पूर्वाधार निर्माण कार्य सञ्चालन गर्ने (संख्या) | १० |

### ९. प्रमुख कार्यक्रम

**स्थानीय यातायात पूर्वाधारः**

- स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम सचांलन गर्नका लागि नेपाल सरकार र दातृ समुदायले प्रतिबद्धता जनाए अनुसार अल्पकालीन रूपमा हाल सञ्चालनमा आइरहेका आयोजनाहरू दोहोरोपन नआउने गरी सञ्चालन भैरहेका छन । सन २०१२ देखी सम्पूर्णरूपमा क्षेत्रगत कार्यक्रमको मर्म अनुसार कार्य अघि बढाइनेछ ।
- स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमः ग्रामीण क्षेत्रमा यातायातको विकासद्वारा ग्रामीण जनजीवनलाई हरेक क्षेत्रमा पहुँच सुविधा पुर्‍याई ग्रामीण विकासको पूर्वाधार खडा गर्ने र आर्थिक रूपमा समेत रोजगारी उपलब्ध गराउने उद्देश्यका साथ सञ्चालित यस कार्यक्रम अन्तर्गत आगामी ३ वर्षमा करिब ६६५ कि.मी. नयाँ कच्ची सडक निर्माण, ३४९० कि.मी. सडकको स्तरोन्नति तथा पुनःस्थापनका साथै ४,५०० कि.मी. सडकको नियमित मर्मत तथा संभार गरिनेछ ।
- ग्रामीण पुनर्निमाण तथा पुनःस्थापन क्षेत्रगत विकास आयोजनाः नेपाल सरकार, एसियाली विकास बैंङ्क, संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग, स्विस विकास नियोग, र पेट्रोलियम पदार्थको निर्यातक देशहरूको संगठनको अन्तर्राष्ट्रिय विकास कोषको आर्थिक सहयोगमा ग्रामीण पहुँचमा सुधार गरी गरीबी निवारण गर्न ग्रामीण पुनर्निमार्ण तथा पुर्नस्थापना क्षेत्रगत विकास आयोजना विभिन्न २० जिल्लाहरू (इलाम, पाँचथर, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, चितवन, मनाङ्ग, मुस्ताङ्ग, पर्वत, रूकुम, रोल्पा, डडेलधुरा, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र

दोलखा) मा मुख्य कार्यक्रम तथा थप १८ जिल्लाहरूमा सहायक पूर्वाधार विकासको रूपमा सञ्चालन गरी यातायातमा पहुँच वृद्धि गर्ने, बजार तथा सामाजिक सेवाको अवसरमा ग्रामीण समुदायको पहुँच स्थापित गर्ने र आर्थिक तथा रोजगारीको अवसरमा वृद्धि गर्ने लक्ष्य हासिल गर्न करिब ५४० कि.मी. सडक स्तरोन्नति तथा पुनःस्थापना, ३०० गोटा खानेपानी योजनाहरू र २१० गोटा झोलुंगेपुलको निर्माण गरिनेछ ।

- ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजनाः विश्व बैंकको अनुदान सहयोगमा सञ्चालित यस परियोजनाबाट विभिन्न ३० जिल्लाहरू (कैलाली, बर्दिया, सल्यान, बाँके, कपिलवस्तु, रूपन्देही, नवलपरासी, पाल्पा, स्याँङ्जा, कास्की, धादिङ्ग, नुवाकोट, रसुवा, मकवानपुर, रौतहट, धनुषा, महोत्तरी, सर्लाही, सिराहा, उदयपुर, दाङ्ग, सुर्खेत, कन्चनपुर, तनहुँ, गुल्मी, अर्धाखाँची, प्यूठान, बारा, पर्सा, सप्तरी) मा दिगो तथा सुधारिएको ग्रामीण यातायात पूर्वाधार र सामाजिक सेवाहरूसँग सम्वन्धित आयोजनाहरू सञ्चालन गरिनेछन् । कार्यक्रमहरूबाट करिब १४० कि.मी. नयाँ सडक निर्माण, ५५० कि.मी. सडक स्तरोन्नति तथा पुनःस्थापना, १४० गोटा झो.पु.को निर्माण गरिनेछ ।
- विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन कार्यक्रमः पूर्वाधार विकासका माध्यमबाट गरीबी न्यूनीकरण गर्न नेपाल सरकार, एशियाली विकास बैंक र स्विस सरकार विकास सहयोगको अनुदान सहायतामा १८ जिल्लाहरू (ताप्लेजुङ्ग, सोलुखुम्बु, ओखलढुङ्गा, रामेछाप, गोरखा, लमजुङ्ग, बागलुङ्ग, म्याग्दी, हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकोट, बझाङ्ग, बाजुरा, बैतडी र दाचुला) मा यो कार्यक्रम सञ्चालन भएको छ । यातायात तथा पूर्वाधार विकासको माध्यमबाट ग्रामीण क्षेत्रका विपन्न जनताको आर्थिक तथा सामाजिक पहुँचमा वृद्धि गरि गरीबी न्यूनीकरण गर्ने अवधारणा अनुरूप योजना अवधिमा करिव २८० कि.मी. नयाँ सडक निर्माण, १४० कि.मी. सडकको स्तरोन्नति तथा पुनःस्थापना र १७० वटा झोलुङ्गे पुलको निर्माण र सुधार गरिने लक्ष्यका साथ कार्यक्रम सञ्चालन भैरहेको छ ।
- ग्रामीण पहुँच कार्यक्रम दोस्रो चरण (RAPII): ग्रामीण समुदायको आवागमन, आर्थिक र रोजगारीको अवसरमा अभिवृद्धि र ग्रामीण गरीब तथा उपेक्षितको बजार र सामाजिक सेवाको पहुँचमा वृद्धि गर्ने उद्देश्यले संखुवासभा, भोजपुर, खोटाङ्ग, तेह्रथुम, दैलेख, अछाम र डोटी गरि ७ अति दुर्गम तथा पहाडी जिल्लाहरूमा सञ्चालित यस कार्यक्रम अन्तर्गत योजना अवधिमा ३६५ कि.मी. सडक निर्माण गर्ने कार्यक्रम रहेको छ ।
- जिल्ला सडक सहयोग कार्यक्रम चौथो चरण (DRSP IV ): रामेछाप, ओखलढुङ्गा, सिन्धुली, र खोटाङ्ग गरी ४ जिल्लाहरूमा सञ्चालित यस कार्यक्रम अन्तर्गत योजना अवधिमा १०० कि.मी. नयाँ सडकको निर्माण, ५० कि.मी. सडक स्तरोन्नति तथा पुनःस्थापना र ६०० कि.मी. सडक नियमित मर्मत सम्भार गरिनेछ ।
- सडक बोर्ड नेपाल मार्फत सञ्चालन गरिने मर्मत सम्भार कार्यक्रमः यस कार्यक्रमले हाल सञ्चालनमा रहेका स्थानीय निकाय तथा उपभोक्ताको लागत साझेदारीमा स्थानीय सडकहरूको नियमित मर्मत संभार गर्न सहयोग पुर्‍याउदछ । यस कार्यक्रमका साथै अन्य कार्यक्रमहरूबाट योजना अवधिमा १४,५०० कि.मी. सडकको नियमित मर्मत तथा संभार गरिने कार्यक्रम छ ।
- झोलुङ्गे पुल, क्षेत्रगत तथा स्थानीय स्तरका सडक पुल कार्यक्रमः नेपाल सरकार, स्विस विकास नियोग (SDC), संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग र सडक आयोजना मार्फत एसियाली विकास बैंक र विश्व बैंक को सहयोगमा मुख्य मार्ग तथा स्थानीय मार्गमा मागको आधारमा झोलुङ्गे पुलको निर्माण र मर्मत संभार गरिने यस कार्यक्रम अन्तर्गत थप १४०० झोलुङ्गे पुलहरूको निर्माण तथा करिब ४३०० झोलुङ्गे पुलहरूको मर्मत संभार गरिने कार्यक्रम रहेको छ । नदीनाल पार गर्न प्रयोग भइ रहेका तुइनहरूको लगत तयार गरी संभाव्य स्थानमा सुधारिएको तुइन वा झोलुङ्गे पुलले प्रतिस्थापन गरिनेछ ।

- सामुदायिक पहुँच सुधार आयोजनाः जापानी सरकार, नेपाल सरकार र स्थानीय निकायको संयुक्त सहयोगमा समुदायमा आधारित पक्की पुलको निर्माण गर्न १६ जिल्ला छनौट भइ सडक पुलको निर्माण प्रारम्भ भैसकेको छ। यस कार्यबाट योजना अवधिमा छुट्टै कार्यक्रमको रूपमा थप स्रोतसहित कूल १५० पुलको निर्माण गर्ने लक्ष्य लिइएको छ। सामुदायिक पहुँच सुधार परियोजना अन्तर्गत प्रथम चरणमा विपी राजमार्गको आसपासमा ५ जिल्लाका १३ वटा ग्रामीण सडकहरूमा ३५ वटा मोटरेवल पुल निर्माण गरिनेछ।

**खानेपानी तथा सरसफाइ आयोजनाः**

- ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना दोस्रो चरणः फिनल्याण्ड सरकारको अनुदान सहयोगमा सञ्चालित सुदूर तथा मध्य पश्चिमका १० जिल्लामा सञ्चालित यस कार्यक्रम अर्न्तगत खानेपानी तथा सरसफाइका कार्यक्रम मार्फत थप १ लाख २० हजार जनसंख्यालाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने र एकीकृत जलस्रोत व्यवस्थापनको माध्यमबाट परियोजना लागु भएका क्षेत्रहरूमा सिंचाइ तथा साना जलविद्युत् सेवा तथा सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ।
- खानेपानी तथा सरसफाइ आयोजनाः ७५ वटै जिल्लाहरूमा सञ्चालित यस कार्यक्रम अन्तर्गत हाल चालू अवस्थामा रहेका ५७४ मध्ये ३६० खानेपानी आयोजना योजना अवधिमा भित्र सम्पन्न गरी थप १ लाख ५० हजार जनसंख्यालाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराइनेछ र सम्पन्न आयोजनाको मर्मतसंभार गरिनेछ।
- पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रमः फिनल्याण्ड सरकारको अनुदान सहयोगमा सञ्चालित यस परियोजनाबाट पश्चिमाञ्चलका ९ जिल्लाहरू म्याग्दी, पर्वत, वाग्लुङ्ग, स्याङ्गजा, तनहूँ, नवलपरासी, रूपन्देही, कपिलवस्तु र प्यूठानका ७० हजार जनसंख्यालाई खानेपानी तथा २ लाख ५० हजार जनसंख्यालाई सरसफाइ सुविधा उपलब्ध गराइने छ।

**सिंचाइ कार्यक्रम तथा नदि नियन्त्रणः**

- जीवनस्तर सुधारका लागि स्थानीय पूर्वाधार कार्यक्रमः स्वीस विकास सहयोग (एस.डि.सी) को आर्थिक सहयोगमा दोलखा, रामेछाप, ओखलढुङ्गा, खोटाङ, अछाम, दैलेख, जाजरकोट र कालिकोट गरि जम्मा ८ वटा जिल्लामा सञ्चालित यस कार्यक्रमले ग्रामीण क्षेत्रका जनताहरूको क्षमता अभिबृद्धि गर्ने, आयस्रोत वृद्धि गर्ने, खाद्यान्न पर्याप्तता तथा बाहिरी बजार र सेवासम्म जनताको पहुँच बढाई जिवनस्तर सुधार गर्ने लक्ष्य लिएकोछ। यस कार्यक्रम बाट ३ वर्षमा थप १५०० हेक्टरमा सिंचाइ हुनेछ। यो कार्यक्रम हेल्भेटास नेपालबाट सञ्चालित छ।
- साना सिंचाइ कार्यक्रमः नेपाल सरकारको अनुदान मार्फत ७५ वटै जिल्लामा जिल्ला विकास समितिबाट सञ्चालन हुने साना सिंचाइ कार्यक्रम सञ्चालनमा रहेको र यसबाट समुदायबाट माग भै आएका साना सिंचाइ मार्फत आयश्रोत बढाई गरीबी न्युनीकरण गरी खाद्यान्न आत्मनिर्भरतामा टेवा दिने काम भएको छ। योजना अवधिमा ९००० हे. क्षेत्रमा सिंचाइ सुविधा पुग्ने अनुमान छ।
- सामुदायिक सिंचाइ परियोजनाः एडिविको २.६४ करोड डलर अनुदान सहयोग र नेपाल सरकारको १.०४ करोड डलर गरी जम्मा ३.६८ करोड डलर लागतमा आगामी आ.व. ०६७/०६८ देखि सञ्चालन भएको यस आयोजनाबाट परियोजना लागु भएका जिल्लाका ग्रामीण भेगका पिछडिएका एवं गरिब समुदाय र ०.५ हे. र १ हे.भन्दा कम कृषि जमिन भएका समुदायको आयश्रोत बृद्धि गर्ने लक्ष्य रहेको छ। कार्यक्रम लागु भएका १२ जिल्लाहरू कंचनपुर, कैलाली, दाङ्ग, कपिलवस्तु, डोटी, सल्यान, रूकुम, रोल्पा, प्युठान, बझाङ, जुम्ला र मुगुमा योजना अवधिमा ५००० हे. क्षेत्रफलमा थप सिंचाइ सुविधा पुग्ने अनुमान गरिएको छ।

**लघु जलविद्युत् तथा वैकल्पिक ऊर्जा**

- सबै जिल्लामा ऊर्जा र लघु जलविद्युत् सम्बन्धी कार्यक्रम सन्चालन गरी ग्रामीण क्षेत्रमा विद्युतिकरण गरिनेछ । वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र मार्फत ३७ जिल्लाका एकहजार गाविसमा एक गाविस एक लघुविद्युत् कार्यक्रम सन्चालन गरिनेछ ।

**आवास भवन, शहरी विकास तथा फोहरमैला व्यवस्थापन**

- ग्रामीण वस्ती विकास कार्यक्रम अन्तर्गत ३१ वटा ग्रामीण वस्तीको सम्भाव्यता अध्ययन र आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनेछ । नगरोन्मुख गाउँ विकास समिति र नगरपलिकाहरूको फोहोर मैला संकलन, पृथक्कीकरण, ओसार पसार, कम्पोष्ट प्लान्ट र सेनिटरी लेन्ड फिल साइट विकास तथा सञ्चालन सम्बन्धी अध्ययन गर्नका साथै आवश्यक नीति, नर्मस, निर्देशिका र कार्यविधि तयार गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**सामाजिक पूर्वाधारका कार्यक्रम**

- यस कार्यक्रम अन्तर्गत ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम, पश्चिम उच्च पहाडी गरीबी निवारण परियोजना, दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रमहरूले सडक, खानेपानी, लघु जल विद्युत् एवं नविकरणीय ऊर्जा, साना सिंचाई, सामुदायिक भवन एवं विद्यालय तथा स्वास्थ्य चौकी भवन निर्माणमा सहयोग पुचाइनेछ । यसै गरी स्थानीय निकायहरूलाई प्राप्त निःशर्त अनुदान र आन्तरिक स्रोतबाट समेत विभिन्न ग्रामीण पूर्वाधारहरूको निर्माण हुनेछ ।

## १०. अपेक्षित उपलब्धि

१. भरपर्दो यातायात सेवाबाट २५ लाख जनसंख्यालाई तराईमा २ घण्टा र पहाडमा ४ घण्टा भित्र यातायात सेवा उपलब्ध हुनेछ । दिगो स्थानीय यातायात प्रणाली विस्तार तथा स्तरोन्नति भइ सेवा, स्रोत र बजारसम्म जनताको पहुँचमा सुधार हुनेछ ।

२. ५ लाख जनसंख्यालाई आधारभुत खानेपानी तथा सरसफाइ सेवा पुगेको हुनेछ ।

३. १६००० हेक्टर सिंचाइ योग्य क्षेत्रमा सिंचाइ सुविधा पुगी ३ लाख २० हजार जनसंख्या लाभान्वित हुनेछन् ।

४. लघु जलविद्युत्को माध्यमबाट हालसम्म विद्युत्सेवा उपलब्ध नभएका २५ हजार जनसंख्या लाई विद्युत् सेवा उपलब्ध हुनेछ ।

५. १० वटा स्यानिटरी ल्याण्डफिल साईटको विकासबाट ५० हजार जनसंख्यालाई आधारभूत सरसफाइ सुविधा उपलब्ध हुनेछ ।

६. १० वटा बस्ती विकासका कार्यक्रमबाट ५० हजार जनसंख्यालाई आधारभूत पूर्वाधार सेवाहरू उपलब्ध हुनेछ ।

७. स्थानीय पूर्वाधारहरूको निर्माण तथा मर्मत संभारबाट २ करोड २६ लाख श्रम दिन बराबरको रोजगारी उपलब्ध हुनेछ ।

## ६.२ जल सम्पदा

नेपालमा उपलब्ध जल सम्पदाको बहुआयामिक उपयोगबाट आम नेपाली जनताका जलविद्युत, सिचाइ, खानेपानी, जलयातायात तथा जलमनोरञ्जन सम्बन्धी आवश्यकताहरू पूर्ति गर्न एकीकृत जल सम्पदा व्यवस्थापनको सिद्धान्तलाई अनुसरण गर्नुपर्ने आवश्यकता देखिएको छ। यस क्रममा जलाधार क्षेत्र विशेषमा जलस्रोतको विकास गर्न नदी बेसिन अवधारणालाई अवलम्बन गरी यस क्षेत्रको विकासमा प्राथमिकीकरणका साथै विदेशी लगानीका आयोजनाहरू अधिकतम राष्ट्रिय लाभ हुनेगरी पारदर्शीरूपमा सञ्चालन गर्न समेत मद्दत पुग्दछ। जल उपयोग र जलाधार संरक्षणको कार्यक्रमलाई सँगसँगै अघि बढाएर जलस्रोतको दिगो उपयोगलाई सुरक्षित पार्न समेत यस क्षेत्रमा विशेष काम गनुपर्ने आवश्यकता महसुस भएको छ। जलस्रोतको उपयोगबाट हुने लाभलाई स्थानीय, क्षेत्रीय, प्रादेशिक र राष्ट्रिय तहमा न्यायोचित रूपमा वितरण हुने व्यवस्था मिलाउने र जलस्रोतको द्विपक्षीय वा बहुपक्षीय उपयोग गर्दा राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

## ६.२.१ सिंचाइ क्षेत्र

### १.पृष्ठभूमि

विकट भौगोलिक बनावट तथा जमिनको विषम अवस्थितिका कारण नेपालको कूल क्षेत्रफल १,४७,१८,१०० हेक्टर मध्ये करिव २६,४१,००० हेक्टर कृषि योग्य जमिन भएको अनुमान छ र त्यस मध्ये पनि करिव १७,६६,००० हेक्टरमा मात्र सिंचाइ सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ । सिमित खेतीयोग्य जमिन र बढ्दो जनसंख्याका कारण कृषि उत्पादकत्व बढाउन सिंचाइको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सरकारले सिंचाइ पूर्वाधार विकासमा ध्यान दिंदै आएको छ।

दिगो, न्यायोचित र संतुलित क्षेत्रीय विकासको लागि समावेसी तथा साझेदारी व्यवस्थापनको आधारमा देशका विद्यमान सतह तथा भूमिगत जलस्रोतको अधिकतम् सदुपयोगबाट वर्षैभरि सिंचाइ सुविधा पुऱ्याउने पूर्वाधार विकास गर्दै कृषि उत्पादन तथा उत्पादकत्व बृद्धी गरी गरीबी न्यूनीकरण गर्दै सम्वृद्धितर्फ अगाडि बढ्नु आजको आवश्यकता भएको छ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजना अवधिमा सरकारी निकायहरूको प्रयासबाट सतह सिंचाइतर्फ ५६९०० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा १०१४७ हेक्टरमा यस्तो सुविधा पुगेको छ । यसरी सिंचित क्षेत्रफल आ.ब. २०६६/६७ सम्ममा ६७५९९१ हेक्टर पुग्न गएको छ। यस्तै भूमिगत सिंचाइ तर्फ ३७४०० हेक्टरको लक्ष्यमा ४६४५४ हेक्टर सिंचाइ क्षेत्र थप भइ २०६६/६७ सम्ममा २९९६९६ हेक्टरमा सिंचाइ सुविधा पुगेको छ । नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनातर्फ १६०० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्यमा १२४७ हेक्टरमा थप सिंचाइ सुविधा पुगी यस अवधिसम्म कूल २५८६ हेक्टर सिंचित भएको छ। यस अवधिमा नयाँ सिंचाइतर्फ ५७,८४८ हेक्टरमा र कृषक कुलो सुधारबाट १२,४३४ हेक्टर गरी जम्मा ७०,२८२ हेक्टर क्षेत्रमा थप सिंचाइ पूर्वाधार विकास भएको छ । आ.ब. २०६६/६७ सम्ममा यस्ता सबै प्रणालीहरूबाट सिंचित क्षेत्रफल १२५२४७६ हेक्टर पुगेको छ।

यस अवधिमा सरकारबाट निर्मित मर्मत सम्भारमा रहेका सिंचाइ प्रणालीहरूमा दिगो व्यवस्थापन कार्यक्रम सञ्चालन गरी प्रणालीहरूको सुदृढीकरण एवं जलउपभोक्ता संस्थाहरूको क्षमता अभिवृद्धि, नारायणी सिंचाइ आयोजनाको क्रमबद्ध पुनःस्थापना तथा कन्काई सिंचाइ (७,००० हेक्टर) को मूल नहर बाहेकको व्यवस्थापन जलउपभोक्ता संस्थालाई हस्तान्तरणको प्रक्रिया थालनी भएको छ। यसै गरी भेरी-

बबई, माडी-दाङ्ग, काली गण्डकी-तिनाउ, काली गण्डकी-नवलपरासी, त्रिशुली-चितवन जस्ता ड्राइभर्सन आयोजनाहरूको अध्ययन कार्य पनि शुरू भएको छ ।

## ३. समस्या तथा चुनौती

आर्थिक स्रोतको कमीले विभिन्न सिंचाइ आयोजना/प्रणालीहरूको विकास, विस्तार एवं उचित मर्मत सम्भार तथा व्यवस्थापन हुन नसक्नाले उपभोक्ता कृषकहरूलाई भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन सकिएको छैन । बहुउद्देश्यीय तथा जलाशययुक्त आयोजनाहरूको कार्यान्वयन गर्न नसक्नाले सिंचाइ क्षेत्रमा अपेक्षित प्रगति हासिल हुन सकेको छैन । यस्तै बाढी पहिरोबाट क्षतिग्रस्त सिंचाइ प्रणालीहरूको तत्काल मर्मत सम्भार गर्नको लागि आर्थिक स्रोतको पर्याप्त व्यवस्था गर्न नसकिएको, ऊर्जा आपूर्तिका समस्याका कारण अपेक्षित रूपमा भूमिगत सिंचाइको विकास तथा उपयोग हुन नसकेको, मुलुकको पहाडी तथा हिमाली जिल्लाहरूमा आवश्यकता अनुसार सिंचाइ सेवा कार्यालय नहुँदा सिंचाइमा सेवाग्राहीहरूको पहुँच सहज हुन नसकेको जस्ता समस्याहरू रहेका छन् ।

सतह तथा भूमिगत सिंचाइ आयोजनाहरूको विकास तथा विस्तार गरी बाह्रै महिना भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउनु, सरकारद्वारा व्यवस्थित सिंचाइ प्रणालीहरू कृषक उपभोक्ताहरूलाई हस्तान्तरण गरी सञ्चालन गराउनु तथा जलाशय तथा जलस्थान्तरणयुक्त बहुउद्देश्यीय आयोजनाहरू सञ्चालन गर्नु जस्ता प्रमुख चुनौतिहरू हुन ।

## ४. दीर्घकालीन सोच

जलस्रोत रणनीति २००२ तथा राष्ट्रिय जल योजना २००५ को अवधारणा अनुसार सन् २०२७ सम्ममा देशको सिंचाइयोग्य जमीनमध्ये ९७ प्रतिशत जमीनमा सिंचाइ सुविधा पुग्ने गरी र सो मध्ये ६७ प्रतिशतमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने गरी सिंचाइ प्रणालीहरूको विकास तथा विस्तार गर्ने ।

## ५. उद्देश्य

कृषि योग्य भुमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याउने गरी दक्ष, दिगो, प्रभावकारी तथा भरपर्दो सिंचाइ प्रणालीका माध्यमबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

## ६ रणनीति

१. तत्काल प्रतिफल दिने तथा रोजगारी सिर्जना गर्ने साना तथा मझौला सतह सिंचाइ आयोजना र भूमिगत जल सिंचाइ सम्बन्धी कार्यक्रमहरूलाई द्रुत गतिमा कार्यान्वयन गर्ने ।
२. बहुउद्देश्यीय जलस्रोत आयोजना अन्तर्गत सञ्चालन हुने सिंचाइका कार्यक्रम मार्फत वर्षैभरी सिंचाइ सुविधा पुऱ्याई कृषि उत्पादन, गरीबी न्यूनीकरण एवं रोजगारी वृद्धि गर्ने ।
३. सिंचाइ कार्यक्रम सञ्चालन गर्दा सरोकारवाला निकायहरू एवं अन्तर्सम्बन्धित कार्यक्रमबीच समन्वय कायम गर्ने ।
४. सम्पन्न भइसकेका सिंचाइ प्रणालीहरूको नियमित तथा आवधिक मर्मत संभार गरी व्यवस्थापन र सञ्चालनलाई दिगो, दक्ष र प्रभावकारी बनाउने ।
५. सिंचाइ संरचनाहरूको निर्माण तथा मर्मत संभारलाई दिगो, प्रभावकारी तथा किफायती बनाउन यस्ता आयोजनाहरू सञ्चालन गर्दा वातावरणमैत्री, जलवायु परिर्वतन अनुकुलित, सहभागितामूलक र रोजगारी अभिवृद्धि गर्ने गरी अध्ययन, अनुसन्धान, डिजाइन एवं कार्यान्वयन गर्ने ।
६. सिंचाइ सेवालाई दिगो भरपर्दो बनाई लागत असुलीको सिद्धान्त अनुरूप आयोजना सञ्चालन गर्ने ।

७.	सिंचाइका लागि पानीको स्रोतका रूपमा रहेका तालतलैया तथा जलाधार क्षेत्रहरूमा स्थल विशेष कार्यक्रम कार्यान्वयन गर्ने ।

८.	सिंचाइ विकास एवं व्यवस्थापनको लागि समयसापेक्ष संस्थागत सुधार तथा व्यवस्थापन गर्ने ।

**७. कार्यनीति**

१.१	कम समयमा सम्पन्न हुनसक्ने सिंचाइ आयोजनाहरू प्राथमिकताका साथ अधिकतम जनसहभागिता परिचालन गरी कार्यान्वयन गरिनेछ ।

१.२	भूमिगत जल सिंचाइ आयोजनाका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

१.३	सिंचाइ सुविधा उपलब्ध गराउन बाँकी रहेका क्षेत्रहरूमा कार्यावधि किटानी गरी कार्यक्रम अगाडि बढाइनेछ ।

२.१	वर्षै भरी सिंचाइ सुविधाको विकास गर्न बहुउद्देश्यीय तथा जलाशययुक्त सिंचाइ आयोजना सञ्चालनमा जोड दिइनेछ ।

२.२	भेरी-बबई, त्रिशुली-चितवन, माडी-दाङ्ग, काली गण्डकी-तिनाउ, काली गण्डकी-नवलपरासी, सुनकोशी-कमला र सुनकोशी-मरिन डाईभर्सन, सेती कैलाली डाईभर्सन जस्ता आयोजनाहरूको बिस्तृत अध्ययन, योजना तर्जुमा एवं लगानी योजना तयार गरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

२.३	ठुला तथा मझौला सिंचाइ आयोजना (बहुउद्देश्यीय अयोजना समेत) विकासका लागि लगानी योजना तयार गरिनेछ ।

३.१	सिंचाइ विकासका कार्य अगाडि बढाउँदा सम्भाव्य क्षेत्रमा सडक पहुँच कार्यक्रम पनि संगसंगै अगाडि बढाइनेछ ।

३.२	सिंचाइ कार्यक्रमहरू सञ्चालन गर्दा जलवायु विज्ञान, कृषि एवं जलाधार संरक्षणका निकायहरूसँग समन्वय गरिनेछ ।

३.३	सिंचाइ, नदी नियन्त्रण, वातावरण, भू-संरक्षण एवं सडक विस्तार जस्ता कार्यक्रमबीच समन्वय कायम गरिनेछ ।

३.४	सिंचाइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा कृषिक्षेत्रसँग समन्वय गरेर अत्याधिक जन सहभागिता परिचालन गरी सञ्चालन गरिनेछ ।

४.१	सम्पन्न भइ सकेका सिंचाइ आयोजनाहरूको आवश्यक मर्मत संभारका लागि जनसहभागिता समेत परिचालन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

४.२	भरपर्दो सिंचाइ सुविधा उपलब्ध हुने सिंचाइ प्रणालीहरूबाट उचित सिंचाइ सेवा शुल्क नियमित रूपमा संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

४.३	सम्पन्न भइ सञ्चालनमा रहेका सिंचाइ योजनाहरूको क्षमतामा ह्रास आउन नदिन मर्मत संभार तथा व्यवस्थापनलाई चुस्त राखी सिंचाइ प्रणालीलाई दक्ष, दिगो एवं अझ बढी प्रभावकारी बनाइनेछ ।

५.१	आयोजनाहरूको योजना तर्जुमा, डिजाइन तथा कार्यान्वयनमा रोजगारी, गरीबी न्यूनीकरण, वातावरण संरक्षण तथा जलवायु परिवर्तन जस्ता पक्षमा विशेष ध्यान दिइनेछ ।

५.२	आयोजना छनौट गर्दा समावेशीकरणको अवधारणा अनुरूप पिछडिएका क्षेत्र एवं वर्गलाई प्राथमिकता दिइनेछ ।

५.३	सीमान्तकृत कृषकहरूको जमिनमा सिंचाइ व्यवस्था मिलाउन अन्य क्षेत्रको तुलनामा अतिरिक्त ध्यान दिइनेछ ।

५.४	सुकुम्बासी एवं अति पिछडिएका वर्गलाई सिंचाइ कार्यक्रमबाट रोजगारी उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।

५.५ जनसहभागितामा आधारित सिंचाइ आयोजनाहरू सञ्चालन गर्दा उपभोक्ताबाट विद्यमान् सिंचाइ नीति अनुसार जग्गा प्राप्त गरी आयोजना सञ्चालन गरिनेछ ।

६.१ सिंचाइ सेवा शुल्क व्यस्थापन प्रभावकारी बनाउन कानुनी व्यवस्था गरिनेछ ।

६.२ सिंचाइ आयोजना सञ्चालन तथा विकासका लागि सिंचाइ विकास कोष बोर्डको अवधारणा कार्यान्वयन गरिनेछ ।

६.३ सिंचाइ आयोजनाहरूको डिजाइन तथा कार्यान्वयनमा स्थानीय श्रम, सीप तथा निर्माण सामग्रीको प्रयोगमा जोड दिइनेछ ।

७.१ सिंचाइको स्रोतको रूपमा रहेका तालतलैया तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्द्धनका लागि स्थल विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८.१ सिंचाइ विकास र व्यवस्थापनको लागि सिंचाइ विभागतथा जल उपभोक्ता संस्थाहरूको संस्थागत विकास र सुदृढीकरण गरिंदै लगिनेछ ।

८.२ सिंचाइको विकास, व्यवस्थापन तथा नियमनको लागि नयाँ सिंचाइ ऐन तर्जुमा गरी लागू गरिनुको साथै सिंचाइ नीति तथा नियमबालीलाई समयसापेक्ष परीमार्जन गरिंदै लगिनेछ ।

८.३ बोलपत्र प्रक्रियामा पारदर्शीता तथा स्वस्थ प्रतिस्पर्धा कायम गर्न e-bidding प्रक्रिया अवलम्वन गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.स. | विवरण | त्रिवर्षीय योजनाको लक्ष्य | जम्मा |
|---|---|---|---|
| १ | सतह सिंचाइ (हेक्टर) | २४७०० | |
| २ | भूमिगत सिंचाइ (हेक्टर) | १२३७०० | |
| ३ | नयाँ प्रविधिमा आधारित सिंचाइ | १७०० | **१,५०,१०० हेक्टर** |
| ४ | कृषक सञ्चालित सिंचाइ | ५०,६०० | |
| ५ | विद्यमान् सिंचाइ प्रणालीको दिगो व्यवस्थापनबाट सिंचाइ | ३२६००० | |
| ६ | सञ्चालित सिंचाइ प्रणालीको दिगो व्यवस्थापन/हस्तान्तरण तर्फ | ३३९०० | |
| ७ | बृहत् सिंचाइ आयोजनाहरूको पुनःस्थापना र सुधार कार्य | ८२०० | **४१८७०० हेक्टर** |

## ९. प्रमुख आयोजना/कार्यक्रम

### (क) सञ्चालित केही आयोजना/कार्यक्रम

- सिक्टा सिंचाइ आयोजनाः बाँके जिल्लाको ३६,००० हेक्टर कृषि योग्य जमिनमा सिंचाइ सुविधा पुऱ्याउन करिब रू.१२ अरबको लागतमा नेपाल सरकारको आफ्नै स्रोतबाट आ.व. २०५९/६० देखि निर्माण कार्य शुरू भएको यो आयोजनाको राप्ती नदीमा व्यारेज निर्माण सम्पन्न भइ शुरूको १५ कि.मी. सम्मको मूल नहर निर्माणको कार्य भैरहेको छ । यस योजना अवधिमा मूल नहरको प्रथम १५ कि.मी. सम्पन्न भइ त्यसपछिको २० कि.मी. सम्म नहर निर्माणको कार्य चालु रहने, व्यारेजमा गेटहरू जडान कार्य गरिने, सिधिनीया शाखा नहरको निर्माण शुरू गरी ५०० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।
- बबई सिंचाइ आयोजनाः बर्दिया जिल्लाको ४०,००० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउन नेपाल सरकारको आफ्नै स्रोतबाट निर्माण भइरहेको बबइ सिंचाइ आयोजनाबाट बबई नदी पूर्वतर्फ १०,००० हेक्टरमा सिंचाइ सेवा उपलब्ध भइरहेको छ । यस योजना अवधिमा पूर्व तर्फ केही शाखा नहर तथा अन्य संरचनाहरू निर्माण गरी करीब १,९०० हेक्टरमा थप सिंचाइ पुऱ्याउनुको साथै बबई नदीमा साइफन स्ट्रक्चर निर्माण गरी पश्चिम तर्फ सिंचाइ सुविधा पुऱ्याउन केही कार्य सम्पन्न गर्ने गरिनेछ ।
- सुनसरी मोरङ्ग सिंचाइ आयोजना (तेस्रो चरण): सुनसरी र मोरङ्ग जिल्लाको करीब ६८,००० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउन हेडवर्क्स, मूल नहर, शाखा प्रशाखा नहरहरू निर्माण भै तीन चरणमा ३६,००० हेक्टरमा कमाण्ड क्षेत्र विकासको कार्य सम्पन्न भैसकेकोछ । यस योजना अवधिमा सम्पूर्ण

सिंचाइ प्रणाली सञ्चालन, आवश्यक मर्मत सुधार, जल उपभोक्ता संस्थाहरूको संस्थागत विकास र जिर्ण भएका संरचनाहरूको निर्माण तथा सुदृढीकरण कार्यहरू गरिनेछ।

- रानी जमरा कूलरिया सिंचाइ आयोजनाः कैलाली जिल्लाको २०,००० हेक्टर जमिनमा सिंचाइ सुविधा व्यबस्थित गर्न कृषकहरूबाटै परापूर्वकाल देखि सञ्चालित रानी जमरा कूलरीया सिंचाइ योजनाको निर्माण/पुनःस्थापना गर्ने सम्बन्धमा यस योजना अवधिमा ईन्टेक र यसको बचाउ कार्य तथा भवन निर्माण कार्य गर्ने र मूल नहर तथा feeder canal को निर्माण कार्य शुरू गर्नुका साथै command area को विस्तृत अध्ययन तथा बचाउ कार्य समेत गरिने छ।
- महाकाली सिंचाइ आयोजना (तेस्रो चरण): कैलाली र कञ्चनपुर जिल्लाको करीब ३६,००० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने उद्देश्यबाट सञ्चालित यस आयोजनामा हालसम्म ३ कि.मी. मूल नहरको माटोको काम भएको छ। योजनाअवधिमा थप ९ कि.मी. मूल नहरको माटोको कार्यलाई निरन्तरता दिइनुका साथै नहरका केही संरचनाहरूको निर्माण कार्य शुरू गरिनेछ।
- वागमती सिंचाइ आयोजनाः सर्लाही र रौतहट जिल्लाको करिब ४५,६०० हेक्टर कृषि योग्य जमिनमा व्यवस्थित सिंचाइ सुविधा उपलब्ध गराउन आ.व. २०३५/३६ देखि नेपाल सरकारको आफ्नै स्रोतबाट व्यारेज, मूल नहर, शाखा प्रशाखा नहरहरूको निर्माण भइ करीब २९,००० हेक्टरमा कमाण्ड क्षेत्र विकास भएको छ। साउदी विकास कोषको ऋण सहयोगबाट यस योजना अवधिमा नहर नहरीहरू निर्माण, निरीक्षण सडक ग्राभलिङ्ग र कमाण्ड क्षेत्र बचाउ कार्यहरू गरी करीब १६,६०० हेक्टरमा थप कमाण्ड क्षेत्र विकास गरिनेछ।
- प्रगन्ना तथा बडकापथ सिंचाइ आयोजनाः दाङ्ग जिल्लाको राप्ती नदी बायाँ किनारको करिव ४,००० हेक्टर जमिनमा सिंचाइ सुविधा पुऱ्याउन निर्माण गरिने यस आयोजनाको अनुमानित लागत करिव रू.१ अरब ७५ करोड रहेको छ। यस योजना अवधिमा Intake निर्माण सम्पन्न भै मूल नहरको प्रथम ४ कि.मी. खण्डको निर्माण कार्य गरिनेछ।
- मझौला सिंचाइ आयोजनाः नेपाल सरकारको आफनै स्रोतबाट आ.व. २०६१/६२ देखि शुरू गरिएको मझौला सिंचाइ आयोजनाबाट योजना अवधिमा माग भएका मध्ये केही आयोजनाहरूको अध्ययन र त्यसबाट सम्भाब्य देखिएका योजनाहरूको निर्माण र पुनःस्थापनाको कार्य विभिन्न चरणमा गरी करीब १४५ वटा योजनाहरू सम्पन्न भइ थप ४,७०० हेक्टर जमिनमा थप सिंचाइ सुविधा र १८,८०० हेक्टरमा व्यवस्थित सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ।
- नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनाः सीमान्तकृत कृषकहरूलाई लक्षित गरी नेपाल सरकारको आफनो स्रोतबाट थोपा, फोहोरा, पोखरी आदिमा आधारित सिंचाइ प्रविधिको विकास २०६०/६१ देखि भैरहेको छ। यस आयोजनाबाट योजना अवधिमा १३० वटा योजनाहरू सम्पन्न गरी करिव १,७०० हेक्टरमा थप सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ।
- भूमिगत जलस्रोत विकास समितिः भूमिगत जल प्रयोग गर्ने विभिन्न निकायहरूसँग छलफल/अन्तरक्रिया गरी भूमिगत जलस्रोतको प्रयोग सम्बन्धमा ऐन, नीति, नियम तयार गर्नुको साथै यस कार्यक्रमबाट हाइड्रोजियोलोजिकल अध्ययन, काठमाडौं उपत्यका लगायत तराई र भित्रि मधेशका केही जिल्लाहरूमा भूमिगत जल मनिटरिङ्ग कार्य तथा मध्य पहाडी उपत्यका क्षेत्रमा अन्वेषणात्मक डिप टयूववेल निर्माण लगायत वेल ईन्भेन्टोरी र हाईड्रोजियोलोजिकल जि.आई. एस. म्यापिङ्ग, संभाव्यता अध्ययन, वाटर क्वालिटि तथा आर्सेनिक अध्ययन र प्रभाव अध्ययन गर्ने लक्ष्य रहेको छ।
- भूमिगत स्यालो ट्यूववेल सिंचाइ आयोजनाः दीर्घकालीन कृषि योजना (Agriculture Prospective Plan) को अवधारणा अनुरूप तराई तथा भित्री मधेश र सम्भाव्य भएमा पहाडी उपत्यकामा समेत स्यालो टयुववेल अभियानको रूपमा विकास गरी सिंचाइ सेवा विस्तार गर्ने उद्देश्यले सञ्चालित यस कार्यक्रमबाट त्रिवर्षीय योजना अवधिमा ४४,९०० वटा स्यालो टयूववेल निर्माण गर्ने लक्ष्य रहेको छ, जसबाट करीब १,१२,२०० हेक्टर जमिनमा थप सिंचाइ सुविधा उपलब्ध हुनेछ।

- भूमिगत डीप ट्युववेल सिंचाइ आयोजनाः सिंचाइ सुविधालाई विस्तार गर्दै लैजाने दीर्घकालीन कृषि योजनाको सोंच अनुसार तराई र भित्री मधेशमा यस योजना अवधिमा १०० वटा विभिन्न किसीमका डिप तथा मिडीयम डेप्थ ट्यूवबेलहरू जडान गर्नुका साथै विद्युतीकरण, पम्प हाउस र वितरण प्रणाली जस्ता पूर्वाधारहरू समेत निर्माण गरी करिव ३,००० हेक्टरमा थप सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ ।
- डीप तथा स्यालो ट्युववेल सिंचाइ आयोजना (राहत): भारत सरकारको अनुदान सहयोगमा सञ्चालित यस आयोजनाबाट तराईका ९ वटा जिल्लाहरूमा २,७०० गोटा स्यालो ट्यूववेल निर्माण गरी करीब ८,१०० हेक्टरमा र क्रमागत कार्यक्रम अन्तर्गत १४० गोटा स्यालो ट्यूववेल सप्तरी जिल्लामा निर्माण गरी करीब ४०० हेक्टरमा जमिनमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ ।
- समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजनाः नेपाल सरकारको आन्तरिक स्रोत र ADB तथा OPEC को ऋण सहयोगमा सञ्चालित यस आयोजनाबाट योजना अवधिमा पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रका ३५ जिल्लामा करिब ११० वटा सिंचाइ प्रणालीहरूको पुर्नस्थापना गरी करिब १३,८०० हेक्टरमा भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।
- सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाः नेपाल सरकारको आन्तरिक स्रोत तथा विश्व बैङ्कको ऋण सहयोगमा पश्चिमका तीन विकास क्षेत्रका ४० जिल्लाहरूको कृषक व्यवस्थित सिंचाइ प्रणालीहरूलाई पुनःस्थापना, सरकार व्यवस्थित केही सिंचाइ प्रणालीहरूको व्यवस्थापन हस्तान्तरण गर्ने लगायतका कृयाकलापहरू भै रहेको छ । योजना अवधिमा करिव ११० वटा योजनाहरूको अध्ययन भै पुर्नस्थापना कार्य सम्पन्न गरी करिव १८,००० हेक्टरमा व्यबस्थित सिंचाइ सुविधा उपलब्ध हुनेछ । साथै ४ वटा सरकार व्यवस्थित सिंचाइ योजनाहरूको व्यवस्थापन क्रमिक रूपमा जल उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ ।
- मर्मत संभार आयोजनाः नेपाल सरकारको आफ्नै स्रोतबाट ३२ वटा सरकार व्यवस्थित र करिव ४०० वटा कृषक व्यवस्थित सिंचाइ योजना/प्रणालीहरूको सालवसाली आवश्यक मर्मत सुधार गर्नुका साथै केही योजनाहरूको System Efficiency वृद्धि गरी करिब ३,२६,००० हेक्टरमा व्यवस्थित सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ ।
- सिंचाइ सम्भाव्यता अध्ययन तथा अनुसन्धान कार्यक्रमः यस कार्यक्रमबाट योजना अवधिमा भेरी-बबई, कालीगण्डकी-तिनाउ, कालीगण्डकी-नवलपरासी, त्रिशुली-चितवन, सुनकोशी-मरीन जस्ता डाईभर्सन आयोजनाहरूको पूर्व संभाव्यता र केहीको विस्तृत अध्ययन समेत गरिनेछ । यसको आलावा अध्ययन भै रहेको केही सिंचाइ आयोजनाहरूको अध्ययन कार्य सम्पन्न गरी केही नयाँ सम्भाव्य अयोजनाहरूको अध्ययन थालनी गर्नुका साथै जमुनी सिंचाइ योजना र सिंचाइ विकास कोष बोर्ड सम्बन्धी अध्ययन समेत गरिनेछ । सिंचाइ प्रणालीको प्रभावकारिता अभिवृद्धि अध्ययनको लागि Technical Benchmarking को कार्य शुरू गरिनेछ ।

**(ख) नयाँ प्रस्तावित आयोजना/कार्यक्रम**

- जमुनी सिंचाइ आयोजना, बाराः जमुनी नदीमा बाँध तथा नहर निर्माण गरी नारायणी सिंचाइ प्रणालीको मूल नहरमा पानी प्रबाह गरी करिब ८५०० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य यस आयोजनाको रहेको छ ।
- भेरी बबई डाईभर्सन आयोजनाः भेरी नदीको ४० क्यूमेक पानी बवई नदीमा ल्याउन Diversion structure, १२ कि.मि. लामो शुरूङ्ग लगायत अन्य संरचनाहरू निर्माण गर्ने परीकल्पना गरिएनुसार विभिन्न अध्ययन कार्यहरू चलिरहेका छन । यस बाट ४८ मेगाबाट बिद्युत उत्पादन हुनुका साथै बर्दिया जिल्लाको ४०,००० हेक्टरमा व्यबस्थित र ६,००० हेक्टरमा थप सिंचाइ सुविधा पुग्ने छ । साथै सिक्टा सिंचाइ आयोजनाको केही भागमा भरपर्दो सिंचाइ पुऱ्याउन यो आयोजना सहयोगी हुनेछ । यसको विस्तृत अध्ययन सम्पन्न भइ योजनाअवधिमा निर्माण कार्य शुरू हुनेछ ।

- मध्य तराई सिंचाइ आयोजनाः यस आयोजना अन्तर्गत मझौला सिंचाइ कार्यक्रममा समाबेश गर्न नसकिएको ठुला प्रकृतिका खास गरी मध्य तराईका बिग्ही, रातो, जमुनी जस्ता केही सिंचाइ आयोजनाहरूको कार्य शुरू गरिनेछ ।
- डुण्डुवा सिंचाइ आयोजना, बाँकेः यस आयोजनाबाट बाँके जिल्लाको नेपालगञ्ज नगरपालिका र १८ वटा गा.बि.स. अन्तर्गत करीब १६,८०० हेक्टरमा भरपर्दो सिंचाइ सुविधा पुर्‍याउन निर्माणाधीन सिक्टा सिंचाइ आयोजनाको मूल नहरको चेनेज ३३+४६० कि.मि. बाट डुण्डुवा सिंचाइ आयोजनाको मूल नहरमा पानी उपलब्ध गराइने छ ।
- रानी, जमरा, कूलरीया नहरहरूको आधुनिकिकरण आयोजनाः यस अयोजनाबाट कैलाली जिल्लाको २०,००० हेक्टर जमिनमा सिंचाइ पुर्‍याउन कृषकहरूबाटै परापूर्वकाल देखि सञ्चालित रानी जमरा कूलरिया सिंचाइ योजनाको रानी, जमरा र कूलरीया शाखा नहरहरूको आधुनिकीकरणको कार्य शुरू गर्नुका साथै केही ग्रामीण सडक पुनर्उत्थान कार्य समेत गरिनेछ ।
- इरिगेशन डेभलपमेन्ट फण्ड बोर्ड : कृषक व्यबस्थित सिंचाइ प्रणालीहरूको आवश्यक मर्मत सम्भार तथा केही पुनःस्थापना र विकास समेत गर्न यस प्रकारको बोर्ड परीकल्पना गरिएको छ । यस सम्बन्धी अध्ययन गरी आवश्यक कार्यबिधि तयार गर्नुका गरी प्रारम्भिक कार्यहरू थालनी गरिनेछ ।
- पहाडी सिंचाइ प्रणालीहरूको पुनःस्थापना कार्यक्रमः विभिन्न पहाडी सिंचाइ प्रणालीहरूमा न्यूनतम नियमित मर्मत संभार हुन नसक्दा केही वर्षदेखि उक्त प्रणालीहरू ज्यादै जर्जर अवस्थामा पुगिसकेका छन् । यी सिंचाइ प्रणालीहरूलाई पुनःस्र्थापन गरी जीवन्त पार्ने कार्य कृषक उपभोक्ताको पहुँच बाहिर भएकोले यस योजना अवधिमा चौरजहारीटार र रम्घाटार सिंचाइ प्रणालीहरूको पुनःस्थापना कार्य गरिनेछ ।
- सुनसरी खोला सिंचाइ आयोजनाः सुनसरी खोला सिंचाइ आयोजनाको डिजाइन तथा लागत अनुमान परिमार्जन गरी निर्माण कार्य शुरू गरिनेछ ।
- तराई भूमिगत सिंचाइ आयोजनाः झापा, महोत्तरी, बाँके र बर्दीया जिल्लाहरूमा भूमिगत जल सिंचाइ योजना सम्बन्धी अध्ययन कार्य अद्यावधिक गरी निर्माण कार्य शुरू गरिनेछ ।

## १०. कार्यान्वयन संयन्त्र

योजना अवधिमा सिंचाइ विकास र व्यवस्थापन प्रभावकारी बनाउन कानुनी, संस्थागत, नीतिगत तथा साधन व्यवस्थापनमा आवश्यक व्यवस्था मिलाइनेछ । उपलब्ध पानीको अधिकतम सदुपयोगका लागि सबै उपभोक्तालाई समानुपातिक रूपमा सिंचाइ सुविधा उपलब्ध गराउन समयानूकूल सिंचाइ ऐन, नियमावली तथा अन्य कार्यविधि तर्जुमा गरिनेछ । मौजुदा सिंचाइ नीति २०६० र सिंचाइ नियमावली २०६० लाई समयसापेक्ष परिमार्जन गरिनेछ । सिंचाइ पूर्वाधार विकास तथा व्यवस्थापनका लागि जनशक्ति तथा उपभोक्ता/कृषकहरूको क्षमता अभिवृद्धि गर्दै लगिनेछ । यसका साथै विद्यमान् संगठनात्मक संरचनामा समेत समय सापेक्ष रूपमा परिवर्तन गर्दै सिंचाइ क्षेत्रमा कार्यरत मौजुदा जनशक्ति र स्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गरिनेछ ।

## ११. अनुगमन तथा मूल्यांकन

लिक्षित कार्यक्रमले रोजगारी सृजनाको अवसर उपलब्ध गराए नगराएको र योजनाले लक्षित गरेका सूचकहरू र अपेक्षित उपलब्धिहरूलाई आधार मानी वस्तुगत एवं तथ्यपरक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ । यस क्रममा अनुगमनको लागि जिम्मेवार निकायहरूबीच समन्वय गराई निर्णय कार्यान्वयन गराउने परिपाटी संस्थागत गरिनेछ । सिंचाइ विभाग अन्तर्गतको व्यवस्थापन सूचना प्रणाली इकाइलाई सुदृढीकरण गरिनेछ । अनुगमन र मूल्याङ्कनबाट प्राप्त अनुभवलाई नीतिगत एवं कार्यक्रमगत परिमार्जनका लागि उपयोग गर्ने पद्धति स्थापित गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. सिंचाइ क्षेत्रका उपर्युक्त कार्यक्रमहरूको कार्यान्वयनबाट यस योजनाअवधिमा करिब १,७५,५०० जनाले २०० दिनको रोजगारी प्राप्त गर्न सक्नेछन् ।
२. सिंचाइ पूर्वाधार विकास तथा विस्तारबाट यस योजना अवधिमा कृषि उपजमा वृद्धि भइ गरीबी न्यूनीकरणमा सकारात्मक योगदान पुग्न गई सामाजिक, आर्थिक र सांस्कृतिक जनजीवनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

## ६.२.२ जल विद्युत्

### १. पृष्ठभूमि

नेपालले विद्युत् ऊर्जाको क्षेत्रमा अनुभव सँगालेको एक शताव्दी बितेको छ । आठौं पञ्चवर्षीय योजनासम्म मुख्य रूपमा सरकारी क्षेत्रको मात्र संलग्नता पाएको यस क्षेत्रले नयाँ विद्युत् ऐन, २०४९ सँगै निजी क्षेत्रलाई समेत संलग्न गराएको छ । सुख्खायाममा नदीहरूमा जलस्तर घट्न गई जडित क्षमताअनुसारको विद्युत उत्पादन अत्यधिक रूपमा घटन जाने तथा यसै समयमा विद्युतको माग उच्च हुने कारणले माग र आपूर्तिबीच असन्तुलन भएकाले विगत केही वर्षदेखि लोडसेडिङ गर्नुपर्ने अवस्था रहेको छ । विद्युत उत्पादनको साथसाथै वितरणलाई पनि व्यवस्थापन गर्न विद्यमान् प्रसारण प्रणालीको संरचनामा सुधार तथा विस्तार, प्रसारण आयोजनाहरूको लागि जग्गामा अधिकार प्राप्त गर्ने काममा स्थानीय बासीहरूको विभिन्न मागहरू एवं अवरोध, व्यापारको लागि बजारको सुनिश्चितताको अभावमा लगानी आकर्षित नहुने जस्ता कारणले आन्तरिक तथा बाह्य बजार व्यवस्थापनका लागि राष्ट्रिय ग्रिडको विस्तार तथा सुदृढीकरण र नेपाल भारत अन्तर्देशीय उच्च भोल्टेज प्रसारण लाइन निर्माण समेतमा अगाडि बढ्न सकिएको छैन । नेपालको समग्र विकास र समृद्धिका लागि जलस्रोतको उपयोग एकमात्र दिगो आधारको रूपमा स्थापित भएको छ । जलविद्युत् क्षेत्रमा निजी लगानीकर्ता तथा पूँजी बजारको आकर्षण बढ्दै गएको अवस्थामा यस क्षेत्रमा लगानीको सम्भावना बढ्न गई थप आयोजनाहरू निर्माणमा सहयोग पुग्ने देखिएको छ । जलविद्युत् उत्पादनको प्रचुर सम्भावना र विद्युत् खपतका लागि आन्तरिक बजार यथेष्ट मात्रामा उपलब्ध रहेको तथा निर्यातको सम्भावना समेत रहेको अवस्थामा यस क्षेत्रलाई देशको ऊर्जा अभाव हटाउँदै आर्थिक विकासको भरपर्दो आधारको रूपमा स्थापित गर्नु अपरिहार्य भएको छ ।

### २. अद्यावधिक स्थिति

तीनवर्षीय अन्तरिम योजनाको अन्त्यसम्ममा राष्ट्रिय प्रसारण ग्रिडमा आबद्ध जलविद्युत् उत्पादनको जडित क्षमता ६३९.७ मेगाबाट पुग्यो, जसमा नेपाल विद्युत् प्राधिकरणको ४७२.९ मेगाबाट र निजी क्षेत्रको १६६.८ मेगाबाट रहेको छ । तापीय विद्युत् उत्पादन सहित राष्ट्रिय प्रसारण ग्रिडमा आबद्ध विद्युत्को जडित क्षमता ६९३.७ मेगाबाट पुगेको छ । तथापी ऊर्जा माग र आपूर्ति सन्तुलन बिग्रन गई विगत केही वर्षदेखि देशले लोडसेडिङको समस्या व्यहोरि रहेको छ ।

कर्णाली अञ्चल बाहेकका देशका अन्य जिल्लाहरूमा राष्ट्रिय प्रसारण ग्रिड पुगिसकेको छ । तीन वर्षीय अन्तरिम योजनामा थप १०५ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा ७७ मेगावाट मात्र उत्पादन भएको छ । यस्तै १७४ कि.मी. प्रसारण लाइन विस्तार गर्ने लक्ष्य रहेकोमा ४४ किमी, ९८०० किमी वितरण लाइन विस्तार गर्ने लक्ष्यमा ५६०० कि.मि., ४ लाख ५० हजार विद्युत ग्राहक संख्या थप गर्ने लक्ष्य रहेकोमा ३ लाख ग्राहक थप भएको, यस्तै २५०० गाविसमा विद्युत विस्तार गर्ने लक्ष्य रहेकोमा ८०० गाविसमा विद्युत सेवा पुगेको छ । सामुदायिक ग्रामीण विद्युतीकरणबाट करिब १८५,००० घर

धुरीमा विद्युत् सेवा पुगेको छ । यस अवधिको अन्तमा प्रतिव्यक्ति विद्युत् खपत ८६ किलोवाट घण्टा पुगेको अनुमान छ । यस अवधिमा राष्ट्रिय प्रसारण ग्रिडबाट करिब ४२% जनताले विद्युत् सेवा प्राप्त गरेका अनुमान गरिएको छ ।

### ३. समस्या तथा चुनौती

दक्ष जनशक्तिमा वृद्धि हुन नसक्नु, समुदायको सरकारप्रतिको निर्भरता बढ्दै जानु, निजी क्षेत्रसँग विद्युत् खरिद गर्दा नोक्सानी व्यहोर्नुपर्ने अवस्था हुनु, विद्युत ऊर्जाको उचित व्यवस्थापन नहुनु, राष्ट्रिय पुनर्वास नीतिको अभाव हुनु, विद्युत् आयात निर्यातको लागि अन्तर्देशीय प्रसारण लाइन निर्माणमा ढिलाइ हुनु, नेपाल विद्युत् प्राधिकरणलाई राज्यको दायित्व बहन गर्ने र व्यापारिक कम्पनीको रूपमा सञ्चालन गर्ने दोहोरो भूमिका निर्वाह गर्नुपर्ने बाध्यता रहिरहनु, जलाशययुक्त आयोजनाबाट नेपालले प्राप्त गर्ने तल्लो तटीय फाइदाको वारेमा राष्ट्रिय स्तरमा एकीकृत सोच नहुनु र त्यस्ता फाइदाहरूको मूल्याङ्कन गर्ने विधिमा सम्बन्धित राष्ट्रसँग मतैक्यता नहुनु, स्थानीय स्तरमा राजनीतिक सहमति तथा सुरक्षाको वातावरण बन्न नसक्नु, माग र आपूर्तिको मौसमी असन्तुलन हटाउन आवश्यक मात्रामा जलाशययुक्त आयोजनाहरूको अभाव जस्ता समस्या रहेका छन् ।

विद्युत्को बढ्दो माग अनुरूप आपूर्ति गर्ने सहस्राब्दी विकास लक्ष्य अनुरूप प्रत्येक नेपालीको घर दैलोमा विद्युत् पुऱ्याउने, मुलुकको विकट भौगोलिक क्षेत्रसम्म विद्युत पहुँच पुऱ्याउने, प्रसारण लाइनको सञ्जाल विस्तार गर्नु, विद्युत् चुहावट नियन्त्रण गर्ने, बृहत आयोजनाहरूको निर्माणमा लगानीमैत्री वातावरण बनाउने, विद्युत् आयोजनाको लागि सहज रूपमा जग्गा प्राप्ति गर्ने जस्ता प्रमुख चुनौतीहरू हुन् ।

### ४. दीर्घकालीन सोच

देशको सर्वाङ्गीण विकासका लागि पर्याप्त विद्युत् आपूर्ति गरी नेपाली जनताको जीवन स्तरमा सुधार ल्याउन सन् २०२७ सम्म सबै जनतालाई भरपर्दो रूपमा गुणस्तरीय, दिगो तथा सर्वसुलभ विद्युत् सेवा उपलब्ध गराइ विद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा स्थापित गर्ने ।

### ५. उद्देश्य

जलविद्युत् उत्पादन, प्रसारण तथा वितरणबाट आधुनिक ऊर्जामा सबैको पहुँच बढाउँदै आर्थिक वृद्धि र सामाजिक विकासमा सहयोग पुऱ्याउने ।

### ६. रणनीति

१. आन्तरिक खपतको निम्ति विद्युत् उत्पादन तथा प्रसारणमा सार्वजनिक, निजी, सामुदायिक तथा सहकारी लगानी वृद्धि गर्ने ।
२. उच्च प्राथमिकताकासाथ विद्युत् प्रसारण लाइन निर्माण गर्ने ।
३. उच्च विद्युत् कटौती (लोडसेडिङ) न्यूनीकरण गर्नका लागि विद्युत् उत्पादन तथा वितरण व्यवस्थालाई सुदृढ गर्ने ।
४. जलविद्युत् आयोजनाहरूलाई वातावरण मैत्री तथा जलवायु अनुकूलित हुने गरी दिगो तथा लागत प्रभावी बनाउने ।
५. विद्युत् पहुँचलाई गरीबी निवारणको अभिन्न अंगको रूपमा विकास गर्ने ।
६. जलविद्युत् आयोजनाहरूको निर्माण र विकासका लागि लगानीमैत्री वातावरण तयार गर्ने ।
७. बृहत् तथा बहुउद्देश्यीय जलविद्युत् आयोजनाको विकासका लागि वैदेशिक लगानी तथा सहयोग प्रबर्द्धन गरी देशको बृहतर विकासमा टेवा पुऱ्याउने ।

## ७. कार्यनीति

१.१ आन्तरिक खपतको निम्ति विद्युत् उत्पादन तथा प्रसारण लाइन निर्माण गर्दा सरकारी क्षेत्रको लगानीमा पनि आयोजना सञ्चालन गरिनेछ ।

१.२ छिटो निर्माण सम्पन्न हुने, मर्मत संभार गर्दा उत्पादन बढ्न सक्ने तथा रोजगारी वृद्धि गर्ने आयोजनाहरूलाई प्रोत्साहित गरिनेछ ।

१.३ साना तथा मझौला आयोजनामा सरकारी तथा स्वदेशी निजी क्षेत्रको पूँजी परिचालन गरिनेछ ।

१.४ स्वदेशी निजी लगानी बढाउन विद्युत् खरिद दर पुनरावलोकन गरिनुका साथै यस योजना अवधिमा निर्माण सम्पन्न गर्ने आयोजनाहरूलाई बिद्युत खरिद मूल्यका आधारमा विशेष प्रोत्साहन एवं निर्माण सामग्रीमा कर सहुलियत दिइनेछ ।

१.५ "जनताको जलविद्युत्" अवधारणालाई मूर्त रूप दिन स्थानीय सरकार समेतको संलग्नतामा संस्थागत पूँजी परिचालन गरी ३ देखि २५ मे.वा. सम्मको आयोजना निर्माण र सञ्चालन गर्न नेपाल सरकारले विद्युत् आयोजनाको पहिचान गर्नुको साथै सम्भावित आयोजनाहरूको सर्वेक्षण र अध्ययन पूरा गरी निर्माण चरणमा प्रवेश गराइनेछ । त्यस्ता आयोजनाहरूको निर्माण र सञ्चालन गर्न नेपाल सरकारले वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

१.६ आन्तरिक खपतको लागि थप करिब २५०० मेगाबाटसम्मको विद्युत् उत्पादन हुने आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) तयार गरिनेछ ।

२.१ प्रशारण लाइन निर्माण र स्तरोन्नतिका निम्ति विशेष संस्थागत व्यवस्था गरी उच्च प्राथमिकतासाथ लगानी गरिनेछ ।

२.२ निजी क्षेत्रलाई BT/BOT/BOOT जस्ता सार्वजनिक-निजी साझेदारी नीतिका माध्यमबाट प्रशारण लाइन निर्माणमा आकर्षित गरिनेछ ।

२.३ नेपाल र भारतबीच उच्च भोल्टेजको प्रसारण लाइनहरूको निर्माण गरी द्विपक्षीय आवश्यकता अनुसार विद्युत् आयात तथा निर्यात गरिनेछ ।

३.१ गार्हस्थ, व्यापारिक तथा औद्योगिक क्षेत्रमा ऊर्जा बचत कार्यक्रम सञ्चालन गरिनेछ । ऊर्जा संरक्षण कार्यलाई बढावा दिन उपभोक्ताहरूलाई माग व्यवस्थापन गर्नका लागि अभिप्रेरित गरिनेछ ।

३.२ विद्युत् संकट निरूपणसम्बन्धी विद्यमान् कार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३.३ ग्रामीण विद्युतीकरणका लागि गुरुयोजना तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।

३.४ माग र आपूर्तिको मौसमी असन्तुलन हटाउन नयाँ आयोजनाहरूको छनौट एवं निर्माण गर्दा कम्तीमा पनि ३० प्रतिशत जलाशययुक्त आयोजनाहरूको विकासलाई प्राथमिकता दिइनेछ ।

३.५ विद्युत्को चुहावट नियन्त्रण गर्नका लागि आवश्यक थप कानुनी व्यवस्था तथा प्राविधिक उपायहरूको अवलम्वन गरी जनसहयोग परिचालनमा समेत जोड दिइनेछ । विद्युत् चुहावट तथा सहरी क्षेत्रमा विद्युत्बाट हुने दुर्घटनालाई कम गर्न भूमिगत वितरण लाइनको निर्माणका लागि आवश्यक अध्ययन कार्य अगाडि बढाइनेछ ।

४.१ विद्युत् विकाससँग सम्बन्धित प्राविधिक दस्तावेजहरू डिजाइन तथा प्रकाशन गरिनेछ ।

४.२ विद्युत् उत्पादनलाई किफायती तथा दिगो बनाउन अनुसन्धानलाई संस्थागत गरिनेछ ।

४.३ जलविद्युत् आयोजनाहरूको डिजाइन तथा निर्माणमा नदी बेसिन अवधारणा अनुशरण गर्दै वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन सहितका प्रावधानहरू राख्ने कार्य गरिनेछ ।

४.४ राष्ट्रिय ऊर्जा उपयोग सम्बन्धी विस्तृत सर्वेक्षण गरिनेछ ।

५.१ ग्रामीण विद्युतीकरण ऐन ल्याई बोर्ड र कोषको व्यवस्था गरिनेछ ।

५.२ कृषि, उद्योग, व्यापार जस्ता आर्थिक क्षेत्र र विद्यालय, अस्पताल जस्ता सामाजिक क्षेत्रको विद्युत्मा पहुँच बढाइनेछ ।

५.३ विद्युत् सेवालाई ग्रामीण क्षेत्रसम्म पुऱ्याइने नीति अनुरूप ग्रामीण विद्युतीकरणलाई प्राथमिकताका साथ विस्तार गरिनेछ।

६.१ नयाँ विद्युत् ऐन र राष्ट्रिय विद्युत् नियमन आयोग ऐन ल्याइनेछ।

६.२ राष्ट्रिय जल योजना, जलस्रोत नीति, दश वर्षे एवं बीस वर्षे जल विद्युत् विकास कार्यदलका सुझावहरू क्रमश: कार्यान्वयन गर्दै लगिनेछ।

६.३ निजीक्षेत्रद्वारा निर्माणाधीन आयोजनाहरूलाई सुरक्षाको प्रत्याभूति गरिनेछ।

६.४ ठूला तथा मझौला जलविद्युत् आयोजना विकासका लागि लगानी योजना तयार गरिनेछ।

६.५ उचित मूल्यमा विद्युत् ऊर्जा आपूर्ति हुने गरी विद्युत्को मूल्य निर्धारण प्रक्रिया औचित्यपूर्ण ढंगमा पुनरावलोकन गर्न पहल गरिनेछ।

६.६ एकद्वार प्रणालीलाई प्रभावकारी बनाई विद्युत् उत्पादन, प्रसारण तथा वितरणको अनुमति दिने निकायबाट नै IEE/EIA अध्ययन प्रतिवेदन स्वीकृत हुने व्यवस्थाको लागि पहल गरिनेछ।

७.१ पञ्चेश्वर बहुउद्देश्यीय आयोजना तथा सप्तकोशी बहुउद्देश्यीय उच्च बाँध परियोजनाहरू विकास गर्न पहल गरिनेछ।

७.२ जलविद्युत् क्षेत्रमा क्षेत्रीय सहयोग प्रवर्द्धनका लागि छिमेकी मित्र राष्ट्रसँग आवश्यक समन्वय गरिनेछ।

७.३ विदेशी/निजी क्षेत्रको लगानीमा निर्यातमुखी जलविद्युत् आयोजनाहरू (माथिल्लो कर्णाली ९०० मे.वा.) अरूण तेस्रो (८८० मे.वा.) तामाकोशी तेस्रो (८०० मे.वा.) निर्माण चरणमा प्रवेश गर्ने छन्।

## ८. परिमाणात्मक लक्ष्य

योजना अवधिमा राष्ट्रिय विद्युत् प्रणालीमा आबद्ध हुने सार्वजनिक क्षेत्र र निजी क्षेत्रबाट प्रबर्द्धन गरिएका थप १८४ मेगाबाट क्षमताका जलविद्युत् आयोजनाहरूको निर्माण कार्य सम्पन्न हुनेछ साथै थप १७४३ मेगावाट क्षमताका जलविद्युत् आयोजनाहरूको निर्माण कार्य शुरू हुनेछ। थप १२०० गाविसमा राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवाको विस्तार भइ १३ प्रतिशत जनतालाई राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवा थप हुनगई कूल ५५ प्रतिशत जनतालाई राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवा पुगेको हुनेछ। विद्युत् उपभोक्ता संख्यामा ७३५००० घरधुरी थप भएको तथा प्रतिव्यक्ति विद्युत् खपत १०० किलोबाट घण्टा पुगेको हुनेछ। योजना अवधिमा ४०४ कि.मि. नयाँ विद्युत् प्रसारण लाइन निर्माण भएको हुनेछ। विद्युत् चुहावट २१ प्रतिशतमा सीमित हुनेछ।

## ९. प्रमुख कार्यक्रम

- विद्युत् उत्पादन तथा आपूर्तितर्फ यस अवधिमा सार्वजनिक क्षेत्रबाट चमेलिया जलविद्युत् आयोजना (३० मे.वा.), र कूलेखानी तेस्रो जलविद्युत् आयोजना (१४ मे.वा.) तथा निजी क्षेत्रका साना जलविद्युत् आयोजनाहरूबाट (कूल १४० मे.वा.) गरी कूल १८४ मेगाबाट विद्युत् शक्ति जडान गरी आपूर्ति हुनेछ। यसका साथै विद्युत् माग र आपूर्तिबीच देखिएको असन्तुलन हटाउन जलाशययुक्त माथिल्लो सेती (१२८ मे.वा.) जलविद्युत् आयोजनाको निर्माण प्रक्रिया अगाडि बढाइनेछ भने बुढिगण्डकी (६०० मे.वा.) जलविद्युत् आयोजना विकास गरिनेछ। यी आयोजनाहरूको अलावा नेपाल विद्युत् प्राधिकरण र यसका सहायक कम्पनीहरूमार्फत माथिल्लो त्रिशुली ए (६०मे.वा), राहुघाट (३२मे.वा), माथिल्लो तामाकोशी (४५६मे.वा), माथिल्लो त्रिशुली बी (४० मे.वा), सान्जेन (४२.५मे.वा), माथिल्लो सान्जेन (१४.६ मे.वा), रसुवागढी (१०० मे.वा) र मध्य भोटेकोशी (१०२ मे.वा) का आयोजनाहरू निर्माण चरणमा प्रवेश गर्नेछन्।
- विद्युत् प्रसारण तथा सुदृढीकरण कार्यक्रमतर्फ योजना अवधिमा विभिन्न किलोभोल्टका कूल ४०४ किलोमिटर लम्बाइका प्रसारण लाइनहरूको निर्माण सम्पन्न गरिनेछ। यसमा आ.व. २०६७/६८ मै निर्माण सम्पन्न हुने खिम्ती-ढल्केबर २२० केभी प्रसारण लाइन (७५ कि.मी.), आ.व. २०६८/६९ मा

सम्पन्न हुने बुटवल-कोहलपुर-महेन्द्रनगर १३२ केभी प्रसारण लाइन (२०० कि.मी.), डुम्रे-दमौली-मर्स्याङदी १३२ केभी प्रसारण लाइन (५६ कि.मी.) र हेटौडा-भरतपुर २२० केभी प्रसारण लाइन (७२ कि.मी.), तथा आ.व. २०६९/७० मा सम्पन्न हुने कावेली करिडोर १३२ केभी प्रसारण लाइन (७० कि.मी.), भरतपुर-वर्दघाट २२० केभी प्रसारण लाइन (७५कि.मी.), सिंगटी-लामोसाँघु १३२ केभी प्रसारण लाइन (४० कि.मी.) र हापुरे -तुल्सीपुर १३२ केभी प्रसारण लाइन (२० कि.मी.) आयोजना समावेश छन् । जसको कूल सर्किट लम्बाइ ६१६ कि.मी. हुनेछ । यस्तै नेपाल भारतबीच विद्युत् आदान प्रदान गर्न निर्माण गरिने ४०० के.भी. क्षमताका ३ मुख्य क्रस बोर्डर प्रसारण लाइन मध्ये ढल्केवर-भित्तामोड (३०कि.मी) को निर्माण कार्य शुरू गरिनेछ । यस्तै १३२ के.भी. क्षमताका पथलैया, स्याङ्गजा, चपली र मातातीर्थ सवस्टेशन समेत कूल ३७७ एम.भी.ए को प्रसारण सवस्टेशन क्षमता वृद्धि हुनेछ । यसका अतिरिक्त ४०० के.भि. का हेटौडा-ढल्केबर र ढल्केबर-दुहवी, मर्स्याङ्गदी-काठमाडौं २२० के.भि.(८५ कि.मि.), मोदी-लेखनाथ १३२ के.भि (२२ कि.मि.), कास्की-भुजुङ्ग-पर्वत-कुस्मा १३२ के.भि. (६५ कि.मि.),लेखनाथ-दमौली २२० के.भि.मर्स्याङ्गदी प्रसारण करिडर कोशी करिडर, कालिगण्डकी प्रसारण लाइन करिडर, सोलु करिडर, तामाकोशी-काठमाडौं २२० के.भि. प्रसारण लाइन आदि प्रसारण लाइनहरूको निर्माण शुरू गरिनेछ ।

- विद्युत् वितरण, विस्तार तथा विद्युतीकरण कार्यक्रमतर्फ सहरी क्षेत्रमा विद्युत् सेवा पुगिसकेको तर ग्रामीण क्षेत्रमा भएको अभावलाई दृष्टिगत गरी यस योजना अवधिमा विद्युत्को विस्तारलाई अधिकाधिक ग्रामीण क्षेत्रमा पुऱ्याउन ३३ के.भि. को १६२५ किलोमिटर, ११ के.भि.को ३००० किलोमिटर र ४००/२३० भोल्टको ७५०० किलोमिटर लम्बाइको प्रसारण तथा वितरण लाइनहरू निर्माण गरिनेछ । यसबाट थप १६०० गाँउ विकास समितिका ७ लाख ३५ हजार घर परिवारले विद्युत् सेवा प्राप्त गर्नेछन् ।
- विद्युत् आयोजनाको प्रबर्द्धन र सर्वेक्षण तथा अध्ययनसम्बन्धी कार्य अन्तर्गत योजना अवधिमा निर्माण सम्पन्न हुने वा निर्माण शुरू गरिने जलविद्युत् आयोजनाहरूको लागि आवश्यक सर्वेक्षण, अध्ययन कार्यहरूको अतिरिक्त भविष्यको मागको आपूर्तिका लागि उपयुक्त आयोजनाहरूको छनोट गर्न तथा विद्युत् निर्यात गर्न उपयुक्त अन्य केही आयोजनाहरूको पनि सर्वेक्षण, अध्ययन कार्य पनि गरिनेछ । विद्युत् माग र आपूर्ति सन्तुलनको दृष्टिकोणले महत्त्वपूर्ण ठहरिएका जलाशययुक्त जलविद्युत् आयोजनाहरू बुढिगण्डकी (६००मे.वा.), नौस्यालगड (४००मे.वा), आँधिखोला (१७६ मे.वा.) का साथै अन्य जलविद्युत् आयोजनाहरू तमोर (३००मे.वा.), माथिल्लो तामाकोशी पाँचौ, माथिल्लो अरूण (३३५ मे.वा.) सुनकोशी-२ (१११०मे.वा.), सुनकोशी-३ (५३६ मे.वा.), दूधकोशी-१ (३०० मे.वा.) तथा अन्य ३ वटा आयोजनाहरू (बुढीगंगा (२०मे.वा.), कावेली-३ (१२मे.वा.), इंखुवा ( ८मे.वा.) जलाशययुक्त आयोजनाहरूको अध्ययन गरिनेछ । सप्तकोशी बहुउद्देश्यीय आयोजना तथा यसैसँग सम्बन्धित सुनकोशी-कमला डाइभर्सन आयोजनाको अध्ययन कार्य पनि सञ्चालित रहने छन् । यस्तै (बुढीगंगा ६.२ मे.वा.), इन्खु (२० मे.वा.), मादी (१२.२५ मे.वा.), तल्लो होंगु ( २३.५मे.वा.), हेवा-ए (५ मे.वा.), न्यादी (४.५ मे.वा.), सिवा (१५ मे.वा.), मैवा (१३.५ मे.वा.), घुन्सा (८४ मे.वा.) लगायत विभिन्न १६ वटा साना जलविद्युत् आयोजनाहरूको अध्ययन कार्य सम्पन्न गरी निजी क्षेत्रलाई विकास/निर्माण गर्न दिइने वा "जनताको जलविद्युत" को अवधारणा अनुरूप निर्माण प्रक्रियालाई अघि बढाइनेछ । नेपाल-भारत सीमा नदीमा अवस्थित पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको डि.पी.आर. तयार गर्ने कार्यलाई सूचारू गराउन भारतसँग आयोजना सन्दर्भमा सहमति/समझदारी कायम गर्दै उपयुक्त संरचनामार्फत अध्ययन कार्य पुनः अगाडि बढाइनेछ ।

### १०. कार्यान्वयन व्यवस्था

आयोजनाहरूको कार्ययोजना तथा कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । कार्यक्रमहरूलाई प्रभावकारी बनाउन स्थानीय निकाय, राजनीतिक संस्था, समूह र व्यक्ति आदिसँग समन्वय गरिनेछ । सम्बद्ध जनशक्तीको क्षमता विकासमा जोड दिइनेछ । जिम्मेवार पदाधिकारीहरूको कार्यदक्षताको नतिजामूलक अनुगमन गरिनेछ ।

### ११. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

अनुगमन तथा मूल्याङ्कन कार्यको लागि आयोजनाको सूचकहरू परिमार्जित गरिनेछन् । प्रगति अनुगमन र मूल्याङ्कन गर्न विभिन्न स्तरमा निरन्तर प्रगति समीक्षा, स्थलगत सुपरिवेक्षण तथा अन्य आवश्यक प्रक्रियाहरूको अवलम्वन गरिनेछ । आयोजना सम्पन्न भएपछि समापनोत्तर मूल्याङ्कन/प्रभाव मूल्याङ्कन गराई यसबाट प्राप्त अनुभवको आधारमा भावी आयोजनाहरू तर्जुमा गरिनेछ । यसका लागि आधार तथ्याङ्क संकलन गर्न आवश्यक पहल गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. यस योजनाले परिलक्षित गरेबमोजिम हालको प्रतिव्यक्ति विद्युत् उपभोग ८६ किलोवाट घण्टाबाट बढाई १०० किलोवाट घण्टा पुग्नेछ ।

२. कूल जनसंख्याको ५५ प्रतिशत जनतालाई राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवा उपलब्ध हुनेछ ।

३. कूल २६०० गाविसमा विद्युत् सेवाको पहुँच उपलब्ध हुने तथा उद्योग, कृषि, सिंचाइ, शिक्षा र स्वास्थ्य आदि क्षेत्रमा विद्युत्को उपयोग र परिमाण वृद्धि भइ सामाजिक तथा आर्थिक क्षेत्रको विकासकालागि दिगो रूपले ठोस योगदान पुग्नेछ ।

## ६.३ विपद् व्यवस्थापन

### ६.३.१ विपद् व्यवस्थापन

### १. पृष्ठभूमि

नेपाल बहुप्रकोपीय जोखिम भएको देश हो । नेपाल विश्वका अन्य देशहरूको तुलनामा भूकम्पीय जोखिमका दृष्टिकोणबाट ११ औं, जलजन्य प्रकोपको जोखिमको दृष्टिकोणबाट ३० औं, वातावरण परिवर्तनसम्बन्धी जोखिमका दृष्टिकोणबाट चौंथो तथा वहुप्रकोपीय जोखिमका दृष्टिकोणबाट २० औं स्थानमा रहेको विभिन्न अध्ययनहरूले जनाएका छन् । संयूक्त राष्ट्रसंघ विपद् जोखिम न्यूनीकरण विश्व सम्मेलनले तय गरेको Hyogo Framework for Action (HFA) २००५ तथा विपद् जोखिम न्यूनीकरण तथा वातावरण परिवर्तन अनुकूलन (DRR/CCA) सम्बन्धी एशिया प्रशान्त क्षेत्रीय चौंथो मन्त्रीस्तरीय सम्मेलनले तर्जुमा गरेको Incheon Road Map on DRR/CCA tyf Incheon Declaration 2010 को कार्यान्वयनमा नेपाल सरकारले प्रतिबद्धता जनाएको छ ।

यी समग्र परिस्थितिमा विपद् रोकथाम/अल्पीकरण, विपद् जोखिम मूलप्रवाहीकरण, नीतिगत तथा संस्थागत विकास, आपतकालिन पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्यका माध्यमबाट आगामी दिनमा नेपालको विपद् जोखिम न्यूनीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउन विपद् व्यवस्थापन योजना तर्जुमा गरिएको छ ।

## २. अद्यावधिक स्थिति

विपद् व्यवस्थापनको लागि मूख्य कानूनी औजारको रूपमा दैवी प्रकोप (उद्धार) ऐन, २०३९ रहेको छ । यस ऐनको व्यवस्थाअनुसार केन्द्रदेखि जिल्लासम्म दैवी प्रकोप उद्धार समितिहरू क्रियाशील छन् । प्रधानमन्त्री दैवी प्रकोप राहत कोष तथा केन्द्रीय दैवी प्रकोप उद्धार कोषमार्फत प्रकोप पिडीतहरूलाई उद्धार र राहत उपलब्ध हुँदै आएको छ । जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ तर्जुमा गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले विपद् व्यवस्थापनको कार्यमा स्थानीय निकायको भूमिकालाई सुनिश्चित गरेको छ ।

विपद् व्यवस्थापन ऐनको मस्यौदा तर्जुमा गरिएको छ । विपद् व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गर्न विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, तर्जुमा गरिएको छ । भूकम्प मापन केन्द्रहरू मार्फत भूकम्पसम्बन्धी सूचना संकलन गरी ४ रेक्टर स्केलभन्दा बढीका भूकम्पको सूचना तत्काल सार्वजनिक गर्ने व्यवस्था गरिएको छ । भूकम्पीय जोखिमका क्षेत्रहरूको नक्साङ्कन गरिएको छ । भवन ऐन तथा भवन संहिताको तर्जुमा गरी भूकम्पीय प्रतिरोधी भवन निर्माणमा जोड दिइएको छ ।

नेपालको बहुप्रकोपीय जोखिम लेखाजोखा तयार गरिएको छ । देशभर रहेका विभिन्न केन्द्रहरू मार्फत जलवायु तथा मौषमको पूर्वानुमान गर्ने व्यवस्था गरिएको छ । बाढी, पहिरो, आगलागी खँडेरी/सुख्खा तथा महामारी सम्बन्धी पूर्व सूचना रणनीति तर्जुमाको क्रममा छ । बाढी प्रभावित केही क्षेत्रमा समुदायमा आधारित पूर्वसूचना प्रणालीको स्थापना गरी सञ्चालनमा ल्याइएको छ । जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय अनुकूलन कार्यक्रम तयार भएको छ । जस अर्न्तगत वातावरणजन्य विपद्लाई एउटा महत्त्वपूर्ण क्षेत्रको रूपमा समावेश गरिएको छ ।

नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलले विपद् प्रभावीत व्यक्तिहरूलाई खोजी तथा राहात तथा सिघ्र पुनःस्थापना गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । सशस्त्र प्रहरी बलले कुरिनटारमा विपद् व्यवस्थापन तालिम केन्द्र सञ्चालनमा ल्याएको छ । विपद्का घटनाको सूचना संकलन तथा राहात तथा उद्धार कार्यको प्रभावकारी समन्वय तथा व्यस्थापनका लागि गृह मन्त्रालयमा राष्ट्रिय आपतकालीन सञ्चालन केन्द्र (NEOC) स्थापना गरी २४ सै घण्टा सञ्चालन हुने व्यवस्था मिलाईएको छ । विपद्को प्रभावकारी प्रतिकार्यको व्यवस्था मिलाउन ५ विकास क्षेत्र तथा ६७ वटा जिल्लामा विपद् पूर्वतयारी योजना निर्माण भैसकेको छ । राहत तथा उद्धार कार्यमा एकद्वार नीति तथा विषयगत अवधारण लागु गरिएको छ ।

गृह मन्त्रालयको समन्वयमा विपद् व्यवस्थापन संग सरोकार राख्ने मन्त्रालय, विभाग, सुरक्षा निकाय तथा स्थानीय निकायहरूमा विपद् सम्पर्क व्यक्तिको व्यवस्था गरिएको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय संयुक्त कार्यमञ्च गठन गरिएको छ ।

## ३. समस्या तथा चुनौती

प्रकोपको घटना घटिसकेपछि मात्र राहत र उद्दारमा केन्द्रित हुनु, विपद् जोखिम न्यूनीकरणलाई क्षेत्रगत विकासमा मूलप्रवाहीकरण गर्न नसक्नु, विपद् व्यवस्थापनका लागि आवश्यक पर्याप्त संस्थागत तथा नीतिगत संरचनाको अभाव हुनु, विपद् व्यवस्थापनमा जोखिम न्यूनीकरणलाई भन्दा विपद् प्रतिकार्यलाई बढि जोड दिनु, विपद् जोखिम न्यूनीकरण तथा विपद् पूनर्लाभ कार्यक्रमका लागि पर्याप्त बजेट तथा कार्यक्रमको अभाव हुनु, मौषमको पूर्वानुमान तथा विपद्को पूर्व सूचनामा आधुनिक प्रविधिको प्रयोग हुन नसक्नु, विपद् जोखिम न्यूनीकरणमा पर्याप्त प्रचार-प्रसार, जनचेतनाको कमी हुनु, विकास आयोजनाको तर्जुमा तथा कार्यान्वयन गर्दा विपद् जोखिम मूल्याङ्कन गर्ने पद्धति स्थापित हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सबै निकायहरूकाबीच पर्याप्त समन्वय तथा सहकार्य हुनु, विपद् व्यवस्थापनमा समुदायको सहभागिता सुनिश्चित गर्नु, जोखिम संवेदी भू-उपयोग योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु, प्रकोप सम्भावित क्षेत्रको विस्तृत नक्सांकन गर्नु, भवन संहिताको परिपालन प्रभावकारी गर्नु, विपद् प्रतिकार्यमा संलग्न निकायहरूलाई पर्याप्त स्रोत साधन तथा प्रशिक्षणको व्यवस्था गुर्न जस्ता विषयहरू विपद् व्यवस्थापनको क्षेत्रमा चुनौतीका रूपमा रहेका छन् ।

**४. दीर्घकालीन सोच**

नेपाललाई जुनसुकै खालका प्राकृतिक तथा गैरप्राकृतिक विपद्‌बाट उत्थानशील बनाउने ।

**५. उद्देश्य**

विपद्‌बाट हुने मानवीय, आर्थिक सामाजिक, प्राकृतिक क्षतिलाई न्यूनतम गर्ने ।

**६. रणनीति**

१. विपद्‌को संभावित जोखिमलाई कम गर्न विपद् रोकथाम र न्यूनिकरणमा जोड दिने ।

२. क्षेत्रगत विकासका नीति तथा कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने ।

३. कानूनी, नीतिगत तथा संस्थागत संरचना विकास गर्ने र कार्यान्वयन गर्ने निकायहरूको क्षमता अभिवृद्धि गर्दै जाने ।

४. विपद्‌बाट हुने जनधनको क्षतिलाई न्यून गर्न आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य क्षमतामा अभिवृद्धि गर्ने ।

**७. नीति तथा कार्यनीति**

१.१ जुनसुकै पूर्वाधार निर्माणका आयोजना सञ्चालन हुनुपूर्व त्यसबाट हुने प्रकोप जोखिम मूल्याङ्कन गरी जोखिम न्यूनीकरणका उपाय अनिवार्य रूपमा अवलम्वन गर्नुपर्ने व्यवस्थालाई सुदृढ तुल्याइनेछ ।

१.२ विद्यालय, अस्पताल, स्वास्थ चौकी, सरकारी कार्यालय लगायत जुनसुकै सरकारी तथा सामुदायिक भवन निर्माण गर्दा वहुप्रकोपीय जोखिम न्यूनीकरणका उपायको अनिवार्य अवलम्वन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१.३ विपद् व्यस्थापनको क्षेत्रमा परम्परागत तथा आधुनिक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

१.४ शहरी तथा नगरोन्मूख क्षेत्रमा जोखिम संवेदी भू-उपयोग योजना तर्जुमा तथा भवन संहिताको पालना गर्नुपर्ने कुरालाई अनिवार्य तुल्याइनेछ ।

२.१ विपद् व्यस्थापनको कार्यमा सरकारी गैरसरकारी तथा निजी क्षेत्रहरू वीच समन्वय र सहकार्यलाई प्रभावकारी रूपमा अगाडि वढाइनेछ ।

२.२ विपद् जोखिम न्यूनीकरणको विषयमा अनौपचारिक, औपचारिक शिक्षा, तालिम तथा संचारका माध्यमबाट व्यापक जनचेतनामा अभिवृद्धि गरिनेछ ।

३.१ विपद् जोखिम व्यस्थापन राष्ट्रिय रणनीति, २०६६ को प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

३.३ नेपाल सरकार र दातृ निकायहरू वीच गठन भएको नेपाल जोखिम न्यूनीकरण कार्यमञ्च मार्फत अर्न्तराष्ट्रिय सहयोग परिचालन गरिनेछ र यस कार्यमन्चमा नयाँ दातृ निकायको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।

३.४ विपद् व्यस्थापनका लागि समयसापेक्ष नीतिगत तथा संस्थागत संयन्त्रको विकास गरिनेछ ।

३.५ जोखिम अल्पीकरण तथा न्यूनीकरण, पूर्व तयारी, विपद् प्रतिकार्य तथा पूनर्लाभ जस्ता विपद् व्यवस्थापनका सवै चरण संवोधन हुने गरी कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गरिनेछ ।

३.६ विपद् व्यवस्थापनको सम्पूर्ण कार्यमा महिला, केटाकेटी, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धालगायत उच्च जोखिममा रहेको वर्गको हितलाई सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।

३.७ विपद् व्यवस्थापनमा संलग्न संवद्ध निकायको र जनशक्तिको क्षमता अभिवृद्धि गर्दै यसकार्यमा गृह मन्त्रालयले निभाउदै आएको संयोजनकारी भूमिकालाई थप प्रभावकारी बनाउन यसको क्षमतालाई सक्षम र सुदृढ बनाइनेछ ।

३.८ विपद् व्यवस्थापन राष्ट्रिय कार्यमञ्चलाई क्रियाशील बनाइनेछ ।

४.१ विपद् व्यस्थापनमा स्थानीय निकाय तथा समुदायको भूमिकालाई सुनिश्चित गर्दै उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

४.२ विपद् प्रतिकार्यमा विषयगत अवधारणा र एकद्धार नीतिको अवलम्वन गरिनेछ ।

४.३ विपद् प्रतिकार्यमा संलग्न विनकायको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

४.४ मौषम तथा जलवायुको भविष्यवाणीलाई दुरूस्त वनाउदै संभावित प्रकोपको बारेमा पूर्व सूचना दिने तथा भूकम्पको तत्काल सूचना दिने व्यवस्थालाई थप प्रभावकारी बनाउन नयाँ प्रविधिको उपयोगमा जोड दिइनेछ ।

## ८. प्रमुख कार्यक्रम

- नयाँ विपद् व्यवस्थापन ऐनको तर्जुमा र कार्यान्वयन गर्ने । पाँच वटै विकास क्षेत्रमा गोदामघर तथा क्षेत्रीय आपतकालीन सञ्चालन केन्द्रको निर्माण र सञ्चालन गरी यसलाई राष्ट्रिय आपतकालीन सञ्चालन केन्द्रसंग सञ्जालीकरण गर्ने । निम्न वमोजिमका पाँच प्राथमिकताका कार्यक्रम सञ्चालन गर्ने ।
    - विद्यालय तथा अस्पताल सुरक्षा
    - आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य क्षमता
    - कोशी नदीक्षेत्रको वाढी व्यवस्थापन
    - समुदायमा आधारित एकीकृत विपद् व्यवस्थापन
    - विपद् जोखिम व्यवस्थापनका लागि नीतिगत तथा संस्थागत सुदृढिकरण
- नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी वलको विपद् प्रतिकार्य क्षमता अभिवृद्धिका लागि आवश्यक खोजी तथा उद्धार तालिम तथा उद्धार सामग्रीको व्यवस्था गर्ने । विभिन्न निकायमा गठन भएका विपद् सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । प्रशिक्षण केन्द्रहरूको विपद् व्यवस्थापनको क्षेत्रमा प्रशिक्षण दिने क्षमताको अभिवृद्धि गर्ने । भूकम्पीय जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने । नगरपालिकाहरूलाई वारूण यन्त्र सञ्चालन गर्न आवश्यक स्रोत साधन उपलब्ध गराउने । भू तथा जलाधार संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।
- जल उत्पन्न प्रकोप नियन्त्रण गुरूयोजना तर्जुमा गर्ने । जनताको तटवन्ध कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्ने । Glacial Lake Outburst flood (GLOF) नियन्त्रण सम्बन्धी कार्य सञ्चालन गर्ने । विद्यालय शिक्षा, अनौपचारिक शिक्षा तथा प्रचार प्रसारका माध्यमबाट विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- पाँच विकास क्षेत्र र ७५ वटै जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी वार्षिकरूपमा अद्यावधिक गर्दै जाने । प्रकोपबाट विस्थापित व्यक्तिहरूलाई लक्षित गरी विपद् पूनःस्थापना कार्यक्रम सञ्चालन गर्ने । जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम अर्न्तरगत जलवायुजन्य विपद् न्यूनीकरण सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको महामारी नियन्त्रण गर्ने तथा प्रकोप पिडीतलाई तत्कालै स्वास्थ्य सेवा उपलब्ध गराउने क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने । भूकम्पमापन केन्द्रहरूको स्तरोन्नति गर्ने । जलवायु तथा मौषमको भविष्यवाणीमा आधुनिक प्रविधिको प्रयोग गर्ने ।

स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा विपद् व्यवस्थापन सम्बन्धी सूचकहरू समावेश गर्ने । स्थानीय स्तरमा सञ्चालन हुने योजनाहरूमा वातावरण तथा विपद् जोखिम मूल्याङ्कन गर्नुपर्ने कुरालाई अनिवार्य गराउने । विद्यमान् प्रकोप पिडित राहत मापदण्ड पुनरावलोकन गरी नयाँ एकीकृत र वैज्ञानिक राहत मापदण्डको तर्जुमा गरी लागु गर्ने । काठमाडौं उपत्यकाको भूकम्पीय जोखिमलाई लक्षित गरी भूकम्पीय जोखिम पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । नगरपालिका तथा शहरोन्मुख गाविसहरूमा भवन संहिता लागू गर्ने । भिरालो तथा कान्ला जमीन खेती व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने । सुख्खा तथा बाढी प्रतिरोधी कृषि विउ विजनको विकास गरी प्रयोगमा ल्याउने ।

## ९. कार्यान्वयन व्यवस्था

विपद् व्यवस्थापन कार्य हाल दैवी प्रकोप (उद्धार) ऐन, २०३९ मा आधारित रहँदै आएको छ । यस ऐनले गरेको व्यवस्था अनुसार केन्द्रीय दैवी प्रकोप उद्धार समिति, क्षेत्रीय दैवी प्रकोप उद्धार समिति र जिल्ला दैवी प्रकोप उद्धार समितिहरूले विपद् व्यवस्थापनको कार्यलाई केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरमा संयोजन गर्दै आएका छन् । यस कार्यमा गृह मन्त्रालय, क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूले संस्थागत रूपमा भूमिका निर्वाह गरेका छन् ।

विपद् जोखिम न्यूनीकरणको कार्य अन्तर्सम्वन्धित तथा वहुआयामिक विषय भएको र यो कार्य विकासका सवै विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्नुपर्ने भएकोले यसको कार्यान्वयनमा सरकारी, निजी, सामुदायिक, गैरसरकारी तथा आम नागरिकको सहभागीताको जरूरत पर्दछ । तसर्थ यस योजनामा उल्लेखीत कार्यक्रमको कार्यान्वयन नेपाल सरकारका सम्वद्ध मन्त्रालय, विभाग, स्थानीय निकाय, विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था, निजी क्षेत्रका संघ संस्था, तथा राष्ट्रसंघीय र अन्य दातृ निकायहरूको सामूहिक प्रयासमा कार्यान्वयन गरिनेछ ।

## १०. अनुगमन तथा मूल्याङ्कन

विपद् व्यस्थापन सम्बन्धी आ-आफ्नो मन्त्रालयसंग सम्बन्धित कार्यक्रमहरूको प्रारम्भिक अनुगमन सम्बन्धित विषयगत मन्त्रालयहरूबाट गरिनेछ । विपद् व्यस्थापन सम्बन्धी विषयगत मन्त्रालय तथा गैरसरकारी संस्थाहरूबाट सम्पादित समग्र कामको प्रगति समीक्षा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र गृह मन्त्रालयले गर्नेछन् । गृह मन्त्रालयको संयोजनमा मासिक रूपमा विषयगत निकायका विपद् सम्पर्क व्यक्तिहरूको वैठकमा प्रगति समीक्षा गरिनेछ र आवश्यक सुधारका उपाय अपनाइनेछ । गृह मन्त्रालयले समय-समयमा Humaniterian Country Team (HCT) को बैठक मार्फत गैरसरकारी क्षेत्रको प्रगति समीक्षा गर्नेछ । समय समयमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको वैठकबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ । आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरूबाट कार्यक्रमको मूल्याङ्कन गरिनेछ । विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ को कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना बनाई लागू गरिनेछ ।

## ११. अपेक्षित उपलब्धि

१. विपद् व्यवस्थापन ऐन, २०६८ स्वीकृत भै कार्यान्वयन भएको हुनेछ ।

२. विपद् व्यवस्थापनमा निजी क्षेत्र, स्थानीय निकाय, First Respondent हरू तथा समुदायको विपद् प्रतिकार्यका लागि क्षमता, समन्वय र सहकार्य अभिवृद्धि भएको हुनेछ ।

३. क्षेत्रीय स्तरमा गोदामघर र आपतकालीन सञ्चालन केन्द्र स्थापना भएको हुनेछ ।

४. सवै नगरपालिकाहरूमा वारूणयन्त्र सेवा सञ्चालन भएको हुनेछ र सहरोन्मूख गाविसहरूमा समेत जोखिम संवेदी भू-उपयोग योजना तथा भवन संहिता लागु भएको हुनेछ ।

५. विकास आयोजना तर्जुमा तथा कार्यान्वयन गर्दा विपद् जोखिम मूल्याङ्कन गर्ने व्यवस्था संस्थागत भएको हुनेछ ।

६. विषयगत क्षेत्रको विकासमा विपद् जोखिम न्यूनीकरणको विषय मूलप्रवाहीकरण भएको हुनेछ ।

७. विपद्का घटनाबाट हुने जनधनको क्षतिमा कमी आएको हुनेछ ।

## ६.३.२ जल उत्पन्न प्रकोप नियन्त्रण

### १. पृष्ठभूमि

भौगोलिक अवस्था तथा उपलब्ध प्राकृतिक स्रोतहरूको व्यवस्थित प्रयोगको अभावका कारण नेपालमा जल उत्पन्न प्रकोपले वर्षेनी ठूलो क्षति पुऱ्याउने गरेको छ । विश्वव्यापी रूपमा भैरहेको तापक्रम वृद्धि तथा जलवायु परिवर्तनका कारण वर्षाको प्रकृति तथा मात्रामा परिवर्तन भएको छ । मनसुनी वर्षा, सक्रिय भौगर्भिक स्थिति तथा अवैज्ञानिक भू-उपयोग जस्ता कारणले जल उत्पन्न प्रकोपका समस्याहरू जटिल बन्न पुगेका छन् । बाढी, पहिरो, नदीको कटान एवं धार परिवर्तन तथा डुबान जस्ता प्रकोपका समस्याहरूलाई जल उत्पन्न प्रकोपका रूपमा लिइएको छ । मुलतः वर्षायाममा जल उत्पन्न प्रकोपको कारण मुलुकको अधिकांश भाग आक्रान्त हुने गरेको छ । यस्ता प्रकोप न्यूनीकरण गर्न उपलब्ध सीमित स्रोत तथा प्रविधिलाई अधिकतम परिचालन गर्दै पुनःस्थापनाका क्रियाकलापहरू सञ्चालन गरी मानव बस्ती, खेतीयोग्य जमिन र निर्मित पूर्वाधारको संरक्षण गर्नु जरूरी हुन्छ ।

### २. अद्यावधिक स्थिति

जल उत्पन्न प्रकोपबाट वर्षेनी सरदर ३०० जनाको ज्यान जाने, एक लाखभन्दा बढी व्यक्तिहरू प्रभावित हुने र करौडौंको धनमालको नोक्सानी हुने गरेको छ । वर्षेनी हुने यस्ता प्रकोपले निर्मित पूर्वाधारमा भएको ठूलो लगानी नष्ट हुने, सीमित स्रोतलाई आपतकालीन व्यवस्थापन र पुनःनिर्माणमै खर्च गर्नुपर्ने र जनधनको अपुरणीय क्षति व्यहोर्नु पर्ने अवस्थाले देशको दिगो विकासको लक्ष्यलाई चुनौती दिइरहेको छ । यसर्थ जल उत्पन्न प्रकोपको नकारात्मक असर न्युनीकरण दिगो विकासको मुख्य र अत्यावश्यक शर्त हो भन्न सकिन्छ । पर्याप्त स्रोत र साधनको अभावमा प्रकोप व्यवस्थापन गर्ने कार्य कठिन छ । जल उत्पन्न प्रकोपबाट हुने क्षति रोकथामका लागि वर्षेनी ठूलो संख्यामा मागहरू आउने गरेका छन् । पूर्वाधार संरक्षण तर्फ हालसम्म नारायणघाट मुग्लिन सडक खण्डको ३० कि.मी. र सिन्धुली वर्दिवास सडक खण्डको ९ कि.मी. गरी जम्मा ३९ कि.मी. सडक पूर्वाधार संरक्षण कार्य सम्पन्न गरिएको छ । तराईका केही प्रमुख नदीहरूका किनारमा तटबन्ध निर्माण कार्य शुरू गरिएको छ । हालसम्म विभिन्न सरकारी निकायहरूबाट करिब ५४६ कि.मी. नदी किनारमा तटबन्ध निर्माण कार्य भएको छ । जलाधार क्षेत्रहरूको जोखिम नक्सा तयार गर्ने क्रममा बागमती, कमला, लोथर, पूर्वी राप्ती, कन्काई, तिनाउ, आँधी खोला जलाधार क्षेत्रहरूको प्रकोप जोखिम नक्सा बनाउने कार्य सम्पन्न भएका छन् ।

### ३. समस्या तथा चुनौती

नयाँ उत्पन्न हुने प्रकोपको समस्याहरूलाई सम्बोधन गर्न स्रोत तथा साधनको व्यवस्था गर्न नसक्नु, प्रकोप व्यवस्थापनबारे कार्ययोजना प्रभावकारी नहुनु, सम्वद्ध निकायहरूवीच कार्यगत समन्वयमा कमी हुनु जस्ता समस्याहरू छन् ।

तटबन्धहरूको मर्मत सम्भार र संरक्षण प्रभावकारी गराउने तथा जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यमा संलग्न निकायहरूबीच कार्यक्षेत्र निर्धारणलगायत क्षेत्रमा उचित समन्वय बढाउने, स्रोत साधनको प्रभावकारी उपयोग गर्ने जस्ता प्रमुख चुनौतीहरू रहेका छन ।

## ४. दीर्घकालीन सोच

जल उत्पन्न प्रकोपबाट सृजना हुने सामाजिक तथा आर्थिक हानी नोक्सानीलाई न्यून तहसम्म पु¥याउने ।

## ५. उद्देश्य

जल उत्पन्न प्रकोपबाट मानव बस्ती र खेतीयोग्य भूमि तथा मानव निर्मित विकासका पूर्वाधारको संरक्षण गर्दै रोजगारी सिर्जना गरी गरीबी निवारणमा सहयोग पु¥याउने ।

## ६. रणनीति

१. जल उत्पन्न प्रकोप नियन्त्रण सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने ।

२. आयोजनाहरू सञ्चालन गर्दा वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित र रोजगारी अभिवृद्धि गर्ने गरी अध्ययन, अनुसन्धान, डिजाइन एवं कार्यान्वयन गर्ने र उपयुक्त प्रविधिको पहिचान, विकास तथा विस्तारमा जोड दिने ।

३. जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रम सञ्चालन गर्दा सरोकारवाला निकायहरू एवं अन्तर-सम्बन्धित कार्यक्रम बीच समन्वय कायम गर्ने ।

४. सम्पन्न भइसकेका नदी नियन्त्रण पूर्वाधार संरचनाहरूको नियमित तथा आवधिक मर्मत सम्भार गरी व्यवस्थापन र सञ्चालनलाई दिगो, दक्ष र प्रभावकारी बनाउने ।

५. प्रकोप सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै जाने ।

६. सरोकारवाला निकाय, संघसंस्था तथा विज्ञहरूसँग सहकार्य गर्दै प्रकोप जोखिम न्यूनीकरण गुरूयोजना तर्जुमा गरी क्रमिक रूपमा कार्यान्वयन गर्दै जाने ।

## ७. कार्यनीति

१.१ नदी नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा अधिकतम जनसहभागिता परिचालन गरिनेछ ।

१.२ सुकुम्वासी एवं अति पिछडिएका वर्गलाई नदी नियन्त्रण कार्यक्रमबाट रोजगारी उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।

१.३ जोखिम पहिचान तथा योजना निर्माणमा अधिकतम स्थानीय सहभागीता गराइनेछ ।

१.४ जनसहभागितामा आधारित “जनताको तटबन्ध” कार्यक्रमलाई अझ प्रभावकारी रूपमा निरन्तरता दिइनेछ ।

२.१ आयोजनाहरूको तर्जुमा, डिजाइन तथा कार्यान्वयनमा रोजगारी, गरीबीन्यूनीकरण, वातावरण संरक्षण र जलवायु परिवर्तनलाई विशेष ध्यान दिइनेछ ।

२.२ नमूना कार्यहरूको कार्यान्वयनबाट उपयुक्त प्रविधिको पहिचान, विकास तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२.३ बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोप नियन्त्रण गर्दा उपलब्ध सीमित स्रोतको उत्पादनशील उपयोग गर्नका लागि संरचनागत सुधारका साथै स्थानीय एवं जैविक प्रविधि (वायो इन्जिनियरिङ्ग) को समेत सिर्जनशील उपयोग गरिनेछ ।

२.४ जलवायु परिवर्तनको प्रभाव सहितको प्रकोप जोखिम नक्सा तयार गरिनेछ । जलवायु परिवर्तनको दूरगामी प्रभावलाई मध्यनजर राख्दै यसबाट हुने जोखिम न्यूनीकरण गर्ने किसिमका क्रियाकलाप समेतलाई समेटिनेछ ।

२.५ प्रकोप जोखिम न्यूनीकरण गुरूयोजना तर्जुमाको कार्य प्राथमिकताका साथ शुरूवात गरिनेछ ।

३.१ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको व्यवस्थापनलाई लागत प्रभावकारी बनाउन अन्य सरकारी निकायहरू, गैह्रसरकारी संघसंस्थाहरू र निजी क्षेत्रसँग समन्वय गरी नदी नियन्त्रण, वातावारण तथा भू-संरक्षण, वृक्षारोपण, जग्गा उकास, सडक विस्तार लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

४.१ नदी नियन्त्रण पूर्वाधार संरचनाहरूको नियमित तथा आवधिक मर्मत सम्भारका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

४.२ प्रकोपका घटना भएकै समयमा आपतकालीन कार्य सञ्चालन गर्न आवश्यक संस्थागत सक्षमता विकास गरिनेछ ।

५.१ सरकारी/गैरसरकारी लगायतका विभिन्न निकायमार्फत प्रकोप व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

५.२ प्रकोप न्यूनीकरण सम्बन्धमा तालिम, गोष्ठी, प्रचारप्रसार मार्फत जनचेतना अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६.१ जनताको माग अनुसारका स्थल विशेष प्रकोप नियन्त्रण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.२ स्थानीय र केन्द्रीय तहमा सरोकारवालाहरू सँग समन्वय गरी प्रकोप व्यवस्थापनका कार्यहरू गरिनेछ ।

६.३ गरिब, पिछडिएका र सीमान्तकृत वर्गको वासस्थान र जिविकोपार्जनका क्षेत्रमा प्रकोपले पार्ने प्रभाव न्यूनीकरण गर्न विशेष किसिमका कार्यक्रम सञ्चालन गर्न आवश्यक अध्ययन गरी स्रोत व्यवस्था गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

**प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम:**

- जनचेतना अभिवृद्धि गर्ने, प्रकोप क्षेत्रको पहिचान तथा नक्साङ्कन गर्ने, उपयुक्त प्रविधिको विकास तथा विस्तार गर्ने जस्ता कार्यहरू यस कार्यक्रम अन्तर्गत सञ्चालित छन् । यस कार्यक्रमबाट प्रकोप नियन्त्रणसम्बन्धी विद्यमान् नीति, कानुनी व्यवस्था तथा कार्यान्वयन कार्यविधि र दिग्दर्शनहरूको परिमार्जन तथा आवश्यकताअनुसार नयाँ निर्माण समेत गर्दै लगिनेछ ।

**प्रकोप नियन्त्रण कार्यक्रम:**

- स्थल विशेष प्रकोप नियन्त्रण कार्य: स्थल विशेष साना/ठूला प्रकोप नियन्त्रण, संस्थागत विकास, आपतकालीन रोकथाम तथा अध्ययन कार्यहरू यस कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्ने गरिएको छ । यस कार्यक्रमबाट तात्कालीन र दीर्घकालीन प्रकोप नियन्त्रण कार्यहरूलाई निरन्तरता दिइनेछ ।
- गुरूयोजनामा आधारित प्रकोप नियन्त्रण कार्य: यस कार्यक्रम अन्तर्गत भारत सरकारको अनुदानमा तराई क्षेत्रमा लालबकैया, बागमती, कमला, खाडोलगायत अन्य नदीहरूमा नदी नियन्त्रण आयोजनाहरू सञ्चालनमा छन् । योजना अवधिमा बागमती, लालबकैया र कमला नदी नियन्त्रण कार्यहरू सम्पन्न गरिनेछ । यसका अतिरिक्त अन्य दातृ संस्थाहरूको सहयोगमा सञ्चालन हुने नदी नियन्त्रण आयोजनाहरू, स्थल विशेषमा सञ्चालन हुने आयोजनाहरू र जनताको तटबन्ध कार्यक्रम गुरूयोजनामा आधारित कार्यक्रमहरू हुन । तराइका विभिन्न दशवटा नदीहरूमा नेपाल सरकारको स्रोतबाट आ.ब. २०६६/६७ देखि कार्यान्वय गर्न शुरू गरिएको जनताको तटबन्ध कार्यक्रमले नदीहरूबाट हुने कटान तथा डुबानको समस्यालाई सुव्यवस्थित र योजनाबद्ध ढंगले स्थायी समाधान गर्ने लक्ष्य राखेको छ । ठूला स्तरका र बढी क्षति पुऱ्याउने नदीहरूमा केन्द्रित यस कार्यक्रमलाई योजना अवधिमा थप नदीहरूमा सतेत विस्तार गरिनेछ ।
- टार बजार संरक्षण कार्य: नदी किनारमा अवस्थित बस्ती, खेतीयोग्य टार, सार्वजनिक महत्त्वका स्थान र राष्ट्रिय महत्त्वका पूर्वाधार संरचनाहरूको संरक्षण गर्ने प्रकारको कार्यक्रम यस योजना अवधिमा शुरूवात गरिनेछ । यस कार्यक्रमबाट जोखिम अवस्थामा रहेको नदी किनाराका सहरहरू र पहाडी बस्तीको संरक्षण कार्यलाई अगाडि बढाइनेछ ।
- पूर्वाधार बचाउ कार्य: यस कार्यक्रम अन्तर्गत निर्मित पूर्वाधारहरू बचावट कार्यको लागि विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरूसँगको समन्वयमा संयुक्त रूपमा प्रकोप नियन्त्रण कार्य

सञ्चालन प्रारम्भ गरिनेछ। योजना अवधिमा लोथर नदीको पुल तथा राजमार्गको केही भागको संरक्षण र बुटवल तानसेन सडक खण्डको सिद्धबाबा पहिरो नियन्त्रण कार्य सम्पन्न गरिनेछ भने अन्य महत्त्वपूर्ण पूर्वाधार संरक्षण कार्य गर्न अध्ययन समेत गरिनेछ।

### ९. कार्यान्वयन संयन्त्र

संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी विद्यमान् संगठन संरचना तथा जनशक्तिको अवस्थामा पुनरावलोकन गरिनेछ । जल उत्पन्न प्रकोप नियन्त्रण विभागको हालको कार्यान्वयन पद्धतीमा आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ । सूचना र जानकारीलाई अद्यावधिक गर्न प्रकोप व्यवस्थापन सूचना प्रणालीको स्थापना गरिनेछ। जोखिम क्षेत्रमा समयमा नै प्रकोपबारे पूर्व सूचना दिने प्रणालीहरूको स्थापना र सञ्चालनको व्यवस्था गरिनेछ। जल उत्पन्न प्रकोप सम्बन्धी नीति तथा योजना तर्जुमा, अध्ययन अनुसन्धान, दातृ संस्थासँग समन्वय, अनुगमन तथा मूल्याङ्कन र कम खर्चिलो प्रविधि विकास तथा विस्तार जस्ता कार्यहरूलाई संगठनका संरचनाभित्र आबद्ध गराई कार्यान्वयनमा तिव्रता दिइनेछ । प्रकोप नियन्त्रण कार्यसँग सरोकार राख्ने निकाय तथा समूहहरूसँग समन्वय गरी आपसी सहयोग तथा जनसहभागीतामा प्रबर्द्धन गर्दै कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ।

### १०. अनुगमन तथा मूल्याङ्कन

अनुगमन तथा मूल्याङ्कनका लागि योजना तयार गरिएको समीक्षा र अवलोकनको व्यवस्था गरिनेछ । विश्वव्यापी रूपमा भइरहेको जलवायु परिवर्तन सम्बन्धी सूचना तथा तथ्यांकहरूको अभिलेख तथा प्रवाहका लागि विभागमा स्थापना हुने व्यवस्थापन सूचना प्रणालीलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया अवलम्बन गरिनेछ। नियमित रूपमा मन्त्रालय तथा विभागबाट स्थलगत निरीक्षण गरी अनुगमन तथा मूल्याङ्कन परिपाटीलाई अझ प्रभावकारी बनाई मातहतका निकायहरूलाई कार्यान्वयनमा बढी जिम्मेवार बनाइनेछ।

### ११. अपेक्षित उपलब्धि

१. लोथर जलाधार क्षेत्र चितवन र मकवानपुर, केरूङ्गे जलाधार क्षेत्र नवलपरासी तथा भोटेकोशीको उपजलाधार क्षेत्र ल्याङ खोला सिन्धुपाल्चोक सहित ३ वटा नमुना योजना कार्यान्वयन गरी प्रविधिको पहिचान, विकास तथा विस्तार हुनेछ

२. त्रियुगा, पश्चिम राप्ती, सेती, बबई, भेरी, दार्चुलाको चमेलिया र बाग्लुङ्गको बाढीगाड लगायतका जलाधार क्षेत्रको जोखिम नक्सा तयार हुनेछ।

३. १८ वटा घुम्ती गोष्ठी सञ्चालन, ६ वटा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी बुलेटिन प्रकाशन लगायतका क्रियाकलापबाट प्रकोपबारे न्यूनीकरण सचेतना अभिवृद्धी भएको हुनेछ।

४. प्रकोप नियन्त्रण कार्यक्रमबाट मागका आधारमा स्थल विशेष प्रकोप नियन्त्रण कार्यहरू गरिनेछ।

५. योजना अवधिमा ३०० कि.मी. तटबन्ध निर्माण भइ जग्गा उकास हुने, कृषियोग्य भुमी, भौतिक संरचना तथा मानव बस्तीको संरक्षण हुनेछ।

६. करिब ४ लाख ९१ हजार श्रमिकलाई १०० दिनको प्रत्यक्ष रोजगारी सिर्जना हुनेछ।

७. आमजनसमुदायमा प्रकोप न्यूनीकरण सम्बन्धमा सचेतना अभिवृद्धि भएको हुनेछ।

## ६.४ वैकल्पिक ऊर्जा

### १. पृष्ठभूमि

हालसम्म ग्रामीण क्षेत्रका करिव ९ प्रतिशत जनताले मात्र वैकल्पिक ऊर्जाबाट विद्युत् सेवा उपभोग गर्न पाइरहेका छन् । ग्रामीण क्षेत्रले उपयोग गर्ने ऊर्जाका स्रोतहरूमा नवीकरणीय ऊर्जा (जैविक) र आयातित मट्टितेलले नै मुख्य स्थान लिएका छन् । नेपालमा अधिकांश ग्रामीण वस्ती छरिएर रहेकोले राष्ट्रिय विद्युत् प्रसारण लाइनको पहुँच पुऱ्याउन कठिन भएका क्षेत्रहरूमा वैकल्पिक ऊर्जाको विकास र प्रवर्धन गरी सेवा पुराउनु आवश्यक देखिन्छ । हाल मुलुकका ७२ जिल्लामा ऊर्जा तथा वातावरण इकाइ/शाखा स्थापना भइ ऊर्जा विकास तथा वातावरण सम्बन्धी प्रबर्द्धनात्मक, कार्यहरू सञ्चालन भइरहेका छन् । स्वच्छ विकास संयन्त्र अन्तर्गत नेपालले वायोग्याँसबाट आम्दानी प्राप्त गरेको छ भने, लघु जलविद्युत्लाई CDM प्रोजेक्टको रूपमा विकास गर्न शुरू गरिएको छ । सुधारिएको चुलो, सुधारिएको पानी घट्ट र सौर्य ऊर्जा प्रणाली CDM मा दर्ता हुने क्रममा छन् । नेपालमा CDM लाई एकीकृत तथा दीर्घकालीन रूपमा विकास गर्नका लागि वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र अन्तर्गत जलवायु तथा कार्वन इकाइ स्थापना गरिएको छ ।

### २.अद्यावधिक स्थिति

यो योजनाको शुरू वर्षसम्ममा १५.६ मे.वा. विद्युत् उत्पादन भएको, सौर्य विद्युत् प्रणालीबाट हालसम्म ५.८ मे.वा.विद्युत् उत्पादन भएको, २ लाख २२ हजार ९३३ वटा वायोग्याँस प्लान्ट जडान भएको, २ हजार ५ सय वटा सोलार ड्रायर/कुकर जडान भएको, ७,२३९ वटा सुधारिएको पानी घट्ट जडान भएको, ४१८,४९० वटा सुधारिएको चुलो जडान भएको, ९.२ कि.वा.वायु ऊर्जा उत्पादन भएको अवस्था छ ।

### ३. समस्या तथा चुनौती

विशेष गरी अति दुर्गम क्षेत्रका जनताको न्यून आर्थिक अवस्था, द्वन्दको अवस्था तथा जनचेतनाको कमीका कारण अपेक्षित रूपमा वैकल्पिक ऊर्जाको विकास तथा विस्तार नहुँदा वन विनास तथा वातावरणमा नकारात्मक प्रभाव पर्नु, यस क्षेत्रको विकासमा संलग्न संस्थाहरूमा पर्याप्त मात्रामा प्राविधिक जनशक्तिको अभाव हुनु, वैकल्पिक ऊर्जा सम्बन्धी छुट्टै ऐनको व्यवस्था नहुनु, स्थानीय निकायमा जनप्रतिनिधिको अभाव हुनु आदि यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

दुर्गम क्षेत्रका न्यून आय भएका जनताले प्रयोग गर्न सक्ने गरी यसको विकास गर्नु, लघु तथा साना जलविद्युत् मार्फत विद्युत् सेवा उपलब्ध भएको ठाँउहरूमा भविष्यमा राष्ट्रिय विद्युत् प्रसारण लाइन पुगेमा उक्त आयोजनालाई ग्रीडमा जोड्नु, घरेलु तथा लघु उद्योग जस्ता उत्पादनमूलक प्रयोगमा ऊर्जाको उपयोग गरी गरीबी निवारणमा टेवा पुऱ्याउनु, लघु जलविद्युत् आयोजनाको आर्थिक दिगोपनलाई सुनिश्चत गर्नु तथा वैकल्पिक ऊर्जा उपयोगकर्तालाई सहज रूपमा कर्जा उपलब्ध हुने व्यवस्था गराउनु मूख्य चुनौतीका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोच

आगामी २० वर्षभित्र कूल ऊर्जाको खपत मध्ये १० प्रतिशत वैकल्पिक ऊर्जाबाट र विद्युत्को पहुँच पुग्ने जनसंख्या मध्ये ३० प्रतिशत वैकल्पिक ऊर्जाबाट उपलब्ध गराउन वैकल्पिक ऊर्जा प्रविधिको विकास, विस्तार गर्दै वातावरण सन्तुलन, रोजगारी सृजना र समावेशी विकासमा योगदान पुऱ्याउने ।

### ५. उद्देश्य

वैकल्पिक ऊर्जालाई आर्थिक तथा सामाजिक क्रियाकलापहरूसँग आबद्ध गरी ग्रामीण जनताको जीवन स्तरमा सुधार तथा रोजगारी एवं उत्पादकत्वमा वृद्धि गरी परम्परागत ऊर्जाको निर्भरतालाई कम गर्दै दिगो वातावरण विकासमा जोड दिने ।

## ६. रणनीति

१. विकेन्द्रीकृत ऊर्जा प्रणाली अन्तर्गत नवीकरणीय ऊर्जाको विकास एवं विस्तारमा जोड दिने ।

२. वैकल्पिक ऊर्जाका माध्यमबाट ग्रामीण जनताको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दिगोपनामा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमहरूलाई प्राथमिकता दिने ।

३. वैकल्पिक ऊर्जाको विकास र विस्तारमा सम्बन्धित सरोकारवालाहरू, स्थानीय निकाय, निजीक्षेत्र आदि बीच साझेदारी र समन्वय प्रबर्द्धन गर्ने ।

४. ग्रामीण ऊर्जाको दिगो र समुचित विकास गर्ने ।

५. वैकल्पिक ऊर्जाको अनुसन्धान एवं प्रविधि हस्तान्तरणमा जोड दिने ।

## ७. कार्यनीति

१.१ ग्रामीण क्षेत्रमा लघु तथा साना जलविद्युत्, सौर्य, जैविक तथा वायु ऊर्जाको प्रबर्द्धन एवं विस्तार गरिनेछ ।

१.२ तत्काल राष्ट्रिय प्रसारण लाइन पुग्न नसक्ने क्षेत्रमा लघु तथा साना जलविद्युत् र सौर्य ऊर्जा विकासमा जोड दिइनेछ ।

१.३ सम्भाव्य स्थानहरूमा लघु तथा साना जलविद्युत्लाई व्यापकरूपमा विस्तार गर्न कार्यान्वयन प्रक्रिया र कार्यविधि तयार गर्ने तथा दिगोरूपमा परियोजनामा लगानी सुनिश्चत गर्न लघु जलविद्युत् चक्र कोष (MH Revolving Fund) स्थापना गरिनेछ ।

१.४ ऊर्जाको रूपमा दाउराको प्रयोगलाई कम गर्दै लैजान वायोग्याँस तथा अन्य किफायती जैविक ऊर्जा प्रविधिको विस्तार गरिनेछ ।

१.५ वैकल्पिक ऊर्जा प्रबर्द्धन सम्बन्धी कार्यलाई दिगो र स्थायी रूपमा व्यवस्थित गर्न कानुनी पूर्वाधार तयार गरिनेछ ।

१.६ वायो ब्रिकेटको व्यापक उपयोग मार्फत ग्रामीण क्षेत्रमा परम्परागत इन्धन तथा सहरी क्षेत्रमा खनिज इन्धन प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ ।

२.१ स्थाानीय निकायलाई वैकल्पिक ऊर्जा सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ ।

२.२ लघु तथा साना जलविद्युत्को सम्भावना नभएका ठाँउहरूमा सौर्य तथा वायु ऊर्जा मार्फत विद्युत् सेवा पुऱ्याइनेछ ।

२.३ संभाव्य ठाँउमा वायु ऊर्जाबाट विद्युत् उत्पादन, तराईमा सिंचाइका लागि पानी तान्न वायु पम्पको विकास तथा विस्तार गरिनेछ ।

२.४ वायु ऊर्जाको विकासको लागि निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।

३.१ वैकल्पिक ऊर्जाको विकास तथा विस्तार गर्न सहकारी क्षेत्र एवं स्थानीय निकायसंग समेत साझेदारी गरिनेछ ।

३.२ लघु तथा साना जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ ।

३.३ ऊर्जा संकटको विद्यमान् अवस्थालाई सम्बोधन गर्न सहरी क्षेत्रमा पनि सौर्य ऊर्जाको विस्तार गरिनेछ ।

३.४ सहरी क्षेत्रबाट उत्पादन हुने जैविक फोहोरबाट ऊर्जा उत्पादन गरी घरायसी उपयोगमा ल्याउन स्थानीय निकाय र निजीक्षेत्रसंग सहकार्य गरी केही ठाउँमा पाइलट प्रोजेक्ट सञ्चालन गरिनेछ ।

४.१ ग्रामीण ऊर्जाको दिगो तथा समुचित विकासका लागि हालको ग्रामीण ऊर्जा कोषलाई केन्द्रीय ग्रामीण ऊर्जा कोषको रूपमा विस्तार गरी वित्तीय संस्थाहरूलाई लगानी गर्ने वातावरण सिर्जना गरिनेछ ।

४.२ सामुदायिक तथा संस्थागत वायोग्याँस प्रणालीहरूको प्रबर्द्धन तथा विस्तार गरिनेछ।

४.३ घरेलु तथा लघु उद्यम जस्ता कार्यक्रममा वैकल्पिक ऊर्जा प्रयोगकर्तालाई विशेष सहुलियतको व्यवस्था गरिनेछ ।

५.१ वैकल्पिक ऊर्जा प्रविधिको विकासका लागि आवश्यक अनुसन्धानका लागि विश्वविद्यालय र अनुसन्धानकर्ता संग सहकार्य गर्ने एवं प्रविधि हस्तान्तरणमा जोड दिइनेछ ।

५.२ समय समयमा देखिने पेट्रोलियम पदार्थ आपूर्तिको समस्यालाई मध्यनजर गरी आयातित पेट्रोलियम पदार्थलाई आंशिक विकल्पका रूपमा देशभित्रै वायोडिजेलको उत्पादन गर्न विशेष गरी सजिवन खेतीको प्रबर्द्धन तथा विकास गरिनेछ ।

५.३ वैकल्पिक ऊर्जा विकासमा कार्यरत रहेका विभिन्न निकायहरू वीच समन्वय गरी कार्यक्रमहरूलाई एकीकृत रूपमा अगाडि बढाइनेछ ।

५.४ वैकल्पिक ऊर्जा प्रविधिको विकासमा योगदान गर्ने खालका अनुसन्धानमा संलग्न नव प्रतिभाहरूलाई पुरस्कृत गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

वैकल्पिक ऊर्जाबाट थप ७ प्रतिशत ग्रामीण जनतालाई विद्युत् सेवा पुऱ्याउने । पहाडी सम्भाव्य जिल्लाहरूमा लघु/साना जलविद्युत्बाट १५ मेघाबाट (१५,००० कि.वा.) विद्युत् उत्पादन गर्ने । विद्युत् सेवा नपुगेका ठाँउहरूमा १२५,००० वटा सौर्य विद्युत् प्रणाली जडान गरी विद्युत् सेवा उपलब्ध गराउने । विद्युत् सेवा नपुगेका जिल्लाहरूमा १००,००० वटा सौर्य टुकी वितरण गर्ने । सम्भाव्य क्षेत्रहरूमा वायु ऊर्जा बाट १ मे.वा.बराबरको विद्युत् उत्पादन गर्ने । ३० जिल्लामा १५० वटा सौर्य खानेपानी तथा लघु सिंचाइ आयोजना सञ्चालन गर्ने । दुर्गम जिल्लामा ८०० वटा संस्थागत सौर्य विद्युत् प्रणाली जडान गर्ने । विभिन्न जिल्लाहरूमा २००० वटा सौर्य ड्रायर/कुकर जडान गर्ने । सवै जिल्लामा ९०,००० वटा घरायसी, ५० वटा सामुदायिक र ७५ वटा संस्थागत वायोग्यास प्लान्ट निर्माण गर्ने । ४० जिल्लामा ४,५०० वटा पानी घट्ट सुधार तथा जडान गर्ने । पहाड तथा तराईमा ३००,००० वटा सुधारिएका चुलोहरू तथा अन्य जैविक ऊर्जा प्रणालीहरू जडान गर्ने । सहरी क्षेत्रका २ लाख घरधुरीमा वायो ब्रिकेट प्रबर्द्धन गर्ने ।

## ९. प्रमुख कार्यक्रम

### जैविक ऊर्जा कार्यक्रम

- न्यून आय भएका तथा पिछडिएका परिवारको आर्थिक सहयोग उपलब्ध गराई पहुँच वृद्धि गराउने र उपयुक्त तथा साना क्षमताका प्लान्टहरूलाई प्राथमिकता दिनुको साथै उच्च हिमाली भेगमा यसको विकास तथा विस्तारको लागि थप अनुसन्धान तथा लागत घटाउने कार्य गरिनेछ । त्यसै गरी सुधारिएका चुलोहरूको प्रबर्द्धन गर्ने उद्देश्य अनुरूप योजना अवधिमा ३ लाख वटा सुधारिएको चुलो, विशेषगरी सहरी क्षेत्रहरूमा आयतित ग्याँसलाई प्रतिस्थापन गर्न २ लाख वटा वायोब्रिकेट तथा अन्य जैविक ऊर्जा प्रणालीहरू जडान गरिनेछन् । यस अवधिमा जैविक इन्धन उत्पादन गर्न यस सम्वन्धी प्रबर्द्धन, सजिवन नर्सरी स्थापना, वृक्षारोपण, अध्ययन तथा अनुसन्धान कार्य गरिनेछ । तराईमा ग्यासीफायरबाट खाना तथा विद्युत् उत्पादनको लागि यसको प्रबर्द्धन तथा विस्तार गरिनेछ ।

### सौर्य ऊर्जा कार्यक्रम

- राष्ट्रिय विद्युत् प्रणाली नपुगेका तथा लघु जलविद्युत्को सम्भावना कम भएका ठाँउहरूमा सौर्य प्रणाली उपयोगी भएकोले योजना अवधिमा १ लाख २५ हजार वटा घरेलु सौर्य विद्युत् प्रणाली जडान गरी ग्रामीण क्षेत्रमा विद्युत् आपूर्ति गरिनेछ । न्यून आर्थिक अवस्था भएका घरपरिवारलाई तत्काल उज्यालो पुऱ्याउनको लागि १ लाख वटा सौर्य टुकी जडान गरिनेछ । १५० वटा सौर्य विद्युत् पम्प जडान गरिनेछ । दुर्गम ग्रामीण क्षेत्रका सामुदायिक स्कूलमा कम्प्यूटर सञ्चालन गर्न, स्वास्थ्य

केन्द्रहरूमा रेफ्रिजेरेटर सञ्चालन गर्न तथा बत्ती बाल्न, स्थानीय स्तरमा फोटोकपी तथा फ्याक्स आदि सञ्चालन गर्न र खाद्य पदार्थ पिसानी गर्न ८०० वटा सौर्य विद्युत् प्रणाली जडान गरिनेछ । सौर्य कुकर/ड्रायर आदिको प्रयोगबाट प्राप्त हुने सौर्य ऊर्जाले ग्रामीण क्षेत्रमा ऊर्जाको बढ्दो मागलाई पूरा गर्न सकिने देखिएकोले २,००० वटा सौर्य ड्रायर/कुकर जडान गर्ने लक्ष्य रहेकोछ ।

**लघु तथा साना जलविद्युत् कार्यक्रम**

- घरायसी खपत बाहेक स–साना उद्योग व्यवसायमा प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्न तथा ग्रामीण अर्थतन्त्रलाई मजवुत गर्न योजनाकालमा लघु तथा साना जलविद्युत् आयोजनाहरू स्थापना गरी १५ हजार कि.वा. विद्युत् उत्पादन गर्ने लक्ष्य रहेकोछ । पहाडी क्षेत्रमा खाद्य पदार्थ कुटानी तथा पिसानीको लागि ४५०० वटा परम्परागत पानी घट्टहरू सुधार तथा नयाँ पानी घट्टहरू जडान गर्ने लक्ष्य रहेको छ । हाल सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत् आयोजना रहेका ठाँउमा राष्ट्रिय प्रसारण लाइन पुगेमा सम्भाव्यताको आधारमा उक्त आयोजनाहरूलाई राष्ट्रिय प्रसारण ग्रीडमा समेत जोडिने छ । अमेरिकन अन्तर्राष्ट्रिय सहयोग नियोग (USAID/Sari Energy) ले नेपालमा वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र अन्तर्गत लघु जलविद्युत् क्षेत्रीय श्रेष्ठता केन्द्र स्थापना गर्न सहयोग गरेको हुँदा यसलाई सुदृढ गरी विस्तार गरिनेछ ।

**वायु ऊर्जा कार्यक्रम**

- नेपालका विभिन्न ठाँउहरूमा वायु ऊर्जा विकासको सम्भावना रहेको हुँदा योजना अवधिमा १ हजार कि.वा.विद्युत् उत्पादन गर्ने र देशभरि वायु ऊर्जा स्रोतको म्यापिङ्ग र तथ्याङ्क संकलन गर्ने लक्ष्य रहेको छ । साथै वायु तथ्याङ्क उपलब्ध भएका र वायु म्यापिङ्ग तयार गरिएका जिल्लाहरूमा लघु तथा साना वायु टर्वाइन जडान गरी विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ ।

**संस्थागत सुदृढीकरण तथा सहयोग कार्यक्रम**

- वैकल्पिक ऊर्जाको राष्ट्रिय रणनीति तथा वैकल्पिक ऊर्जा ऐन र दीर्घकालीन राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । वैकल्पिक ऊर्जा नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र अन्य सहयोगी संस्थाहरू विशेषगरी निजी संस्था, गैरसरकारी तथा स्थानीय निकायहरूको भूमिका महत्त्वपूर्ण रहेको परिप्रेक्ष्यमा योजना अवधिमा केन्द्रको संस्थागत संरचनामा सुधारको लागि केन्द्रको रणनीतिक तथा संस्थागत विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, केन्द्रलाई छुट्टै ऐनमा लैजाने र आवश्यक नियम तथा उपनियमहरू तर्जुमा गरिनुको साथै यसको आफ्नै कार्यालय भवन निर्माण तथा जनशक्ति विकासमा जोड दिइनेछ । ऊर्जा विकास तथा प्रबर्द्धनमा संलग्न संघ संस्थाहरूको क्षमता वृद्धिको लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

**विविध कार्यक्रम**

- योजना अवधिमा वैकल्पिक ऊर्जा सम्बन्धी सर्वेक्षण, सम्भाव्यता अध्ययन, अनुसन्धान तथा विकास, प्रबर्द्धन, प्रदर्शन तथा जनचेतना कार्यक्रम, उपकरण/सामानहरूको राष्ट्रियस्तर गुणस्तर निर्धारण तथा अनुगमन, नीति तथा योजना तर्जुमा, तालिम, कार्यशाला गोष्ठी आदि कार्यक्रम सञ्चालन गरिनेछन् । नवीकरणीय ऊर्जा परीक्षण केन्द्रको क्षमता अभिवृद्धि गरी वैकल्पिक ऊर्जा प्रविधिमा प्रयोग हुने उपकरण/सामानहरूको राष्ट्रिय स्तर निर्धारण गरी सेवा तथा गुणस्तरीयता सम्बन्धी विश्वसनीयता दिलाउने व्यवस्था गरिनेछ । वैकल्पिक ऊर्जाको एकीकृत विकासको लागि यसलाई क्षेत्रगत अवधारणामा लगिनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

वैकल्पिक ऊर्जाको विकास तथा विस्तारलाई प्रभावकारी बनाउन हालको कार्यान्वयन पद्धतिमा आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्दै लगिनेछ । यस अन्तर्गत केन्द्रीय स्तरमा वैकल्पिक

ऊर्जा प्रबर्द्धन केन्द्रले वैकल्पिक ऊर्जा सम्बन्धी नीति तथा योजना तर्जुमा, अध्ययन तथा अनुसन्धान, स्रोत परिचालन, प्राविधिक सहयोग, वैकल्पिक ऊर्जासँग सम्वन्धित उपकरण तथा सामानहरूको गुणस्तर निर्धारणको लागि मापदण्ड बनाउने, ऊर्जा प्रणाली स्थापना गर्ने, कम्पनी तथा संस्थाहरूको छनोट, दातृसंस्थासँग समन्वय, अनुगमन तथा मूल्याङ्कन आदि कार्य गर्नेछ । त्यस्तै निजीक्षेत्रले ऊर्जा प्रणालीको उत्पादन, आपूर्ति, जडान, विक्री पश्चातको सेवा, उपभोक्तालाई सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी तालिम, प्रविधि हस्तान्तरण आदि कार्यहरू गर्नेछ । स्थानीय निकायहरूले स्थानीय स्तरमा योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन, समन्वय तथा आन्तरिक स्रोतको परिचालन र अनुदानको लागि सीफारिस गर्नेछन् ।

वैकल्पिक ऊर्जाको विकास तथा विस्तारको लागि अनुदान परिचालन तथा ऋणको सहजीकरणको लागि केन्द्रमा केन्द्रीय ग्रामीण ऊर्जा कोष तथा जिल्लामा जिल्ला ऊर्जा कोषको स्थापना गरिनेछ । साथै लघु तथा साना जलविद्युत् आयोजनाहरूलाई आर्थिक रूपबाट बढी सम्भाव्य बनाउन, सञ्चालनमा दिगोपन ल्याउन र आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन स्थानीय निकायको समन्वयमा देशका विभिन्न ठाउँहरूमा आवश्यकता अनुसार थप क्षेत्रीय सेवा केन्द्रहरूको स्थापना गरिनेछ । वैकल्पिक ऊर्जा विकास तथा प्रबर्द्धनमा सहयोग पुऱ्याउन आवश्यक नीति तथा कानूनमा सुधार एवं परिमार्जन गरिनेछ ।

### ११. अनुगमन तथा मूल्याङ्कन

वैकल्पिक ऊर्जा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन कार्य केन्द्रीयस्तरबाट वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र र स्थानीय स्तरमा स्थानीय निकायबाट हुने व्यवस्था गरिनेछ । कार्यक्रमको हरेक तहमा भौगोलिक र व्यवस्थापकीय सूचना प्रणाली अद्यावधिक गरी स्थलगत अनुगमन तथा गुणस्तर नियन्त्रण र मूल्याङ्कन गर्ने प्रणालीलाई सुदृढ गरिनेछ । सूचकहरूको आधारमा वैकल्पिक ऊर्जा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ । यसको लागि खास गरी ऊर्जा प्रणालीको जडान संख्या तथा क्षमता, लाभान्वित घरपरिवार तथा जनसंख्या, आर्थिक अवस्थामा सुधार, स्वास्थ्य तथा शिक्षामा सुधार, रोजगारीमा वृद्धि, ऊर्जा प्रणालीको निरन्तर सञ्चालन, विद्युत् सेवाको पहुँच आदिलाई सूचकको रूपमा लिइनेछ । प्रत्येक २ वर्षमा प्रत्येक कार्यक्रमबाट आर्थिक तथा सामाजिक र वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. वायोग्यास, सुधारिएको चुलो, वायोब्रिकेट, ग्यासीफायर लगायत अन्य जैविक ऊर्जा प्रणालीको प्रबर्द्धन र सर्वसुलभ उपयोगमा वृद्धि भएको हुनेछ ।

२. सौर्य ऊर्जाबाट विद्युत् तथा अन्य सेवाको क्षेत्रमा विस्तार एवं उपयोगमा वृद्धि भएको हुनेछ ।

३. लघु तथा साना जलविद्युत् आयोजनाहरूबाट विद्युत्‌को उत्पादन र उत्पादनमूलक उपयोगमा वृद्धि भएको हुनेछ ।

४. वायु ऊर्जाको विकास तथा उपयोग भएको हुनेछ ।

५. वैकल्पिक ऊर्जाको विकास एवं उपयोग क्षेत्रमा संस्थागत क्षमता विकास भएको हुनेछ ।

६. वैकल्पिक ऊर्जाको विकासको लागि आवश्यक आर्थिक स्रोतको उपलब्धतामा वृद्धि भएको हुनेछ ।

## ६.५ सडक तथा अन्य यातायात

### १. पृष्ठभूमि

सडक तथा यातायात आर्थिक विकास, सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीलता प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको भए तापनि रेलमार्ग, जलमार्ग, रज्जुमार्ग जस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ ।

पूर्व-पश्चिम जोड्ने निर्माणाधीन मध्य-पहाडी लोकमार्ग, हुलाकी राजमार्ग तथा उत्तर-दक्षिण जोड्ने सडकहरूको निर्माणबाट छिमेकी राष्ट्रहरूसँग व्यापार तथा आवागमनमा सहज हुने तथा देशको आर्थिक, सामाजिक विकासमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सकिने पर्याप्त सम्भावना रहेको छ ।

### २. अद्यावधिक स्थिति

केन्द्रीय प्रणालीका महत्त्वपूर्ण सामरिक सडकहरू तथा प्रमुख सहरी सडकहरू र ती सडकहरूमा पर्ने पुलहरूको निर्माण तथा मर्मत संभार भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गतको सडक विभागमार्फतस स्थानीय स्तरका सडक तथा पुलहरूको निर्माण तथा संभार कार्य स्थानीय विकास मन्त्रालय अन्तर्गतको ग्रामीण पूर्वाधार विकास तथा कृषि सडक विभागमार्फत र नियमित, पटके तथा आवधिक मर्मत संभार सडक वोर्ड मार्फत हुने गरेका छन । क्षेत्रगत सडक कार्यक्रमका रूपमा सडक क्षेत्रको १० वर्षे प्राथमिक लगानी योजना (सन २००७-२०१७) मा उल्लेख भएका र आवश्यकता अनुरूप उक्त योजनामा उल्लेख नभएका विभिन्न सडकहरू र ती सडकहरूमा पर्ने पुलहरूको पनि निर्माण तथा मर्मत कार्यहरू भइरहेका छन ।

आ.व. २०६६/६७ को अन्त्यसम्ममा ६३०४ कि.मि.कालोपत्रे, ४७७२ कि.मि. खण्डास्मित र ८८९२ कि.मि. कच्ची (माटे) सडक गरी जम्मा १९,९६८ कि.मि.यातायात सञ्चालनयोग्य सडक र १३६५ वटा पुल निर्माण सम्पन्न भइसकेको छ । ७५ जिल्लामध्ये ७१ जिल्लाका सदरमुकाममा सडक सम्पर्क कायम भएको छ । मनाङ्ग, डोल्पा, हुम्ला र मुगु जिल्ला सदरमुकाममा सडक यातायात पुग्न सकेको छैन ।

### ३. समस्या तथा चुनौती

प्राथमिकता लगानी योजनाले पहिचान नगरेका सडक आयोजनाहरू समेत कार्यान्वयन गर्नु परेको, रेखाङ्कन तथा मुआव्जा वितरण सम्बन्धमा रहेका समस्याले महत्त्वपूर्ण सडकहरूको निर्माण तथा स्तरोन्नति कार्यमा अवरोध भएको, पर्याप्त बजेट व्यवस्था नहुँदा मर्मत संभार कार्य व्यवस्थित ढंगबाट हुन नसकी सडक सम्पत्तिको प्रभावकारी व्यवस्थापन हुन नसक्नुका साथै सडक सुरक्षासम्बन्धी अवधारणा कार्यान्वयन हुन नसकेको, बन्द तथा हडतालको कारण निर्माण कार्य नियमित हुन नसकेको, पर्याप्त स्रोत र साधनको अभाव तथा व्यवस्थापकीय कारणबाट सडक विभाग मातहतका क्षेत्रीय स्तरका सांगठनिक संरचनाहरूबाट प्रभावकारी अनुगमन हुन नसकेको र स्थानीय स्तरका सडकहरूको निर्माण र मर्मत सम्भारको दायित्व सम्बन्धमा भएको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु यस क्षेत्रका मुख्य समस्याका रूपमा रहेका छन् ।

विशेष भौगोलिक बनावटका कारण देशका सबै जिल्ला सदरमुकाम लगायत दुर्गम क्षेत्रसम्म सडक पुऱ्याउनु, बाऱ्है महिना सुरक्षित र भरपर्दो यातायात सञ्चालन गर्नु, निजी लगानीकर्तालाई सडक निर्माण कार्यमा आकर्षित गराउनु, सडक निर्माणसँग सम्बन्धित विभिन्न निकायहरू बीच समन्वय गर्नु, निर्माण तथा मर्मत कार्यमा पारदर्शिता, विश्वसनीयता, प्रभावकारिता र गुणस्तरीयता कायम गर्नु, प्राकृतिक

प्रकोपको कारणबाट क्षति हुन सक्ने संभावनाहरूको मूल्याङ्कन तथा न्यूनीकरणका उपायहरू अवलम्वन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन भने उपलब्ध सीमित स्रोत र साधनबाट महत्त्वपूर्ण सडक तथा पुलहरूको मर्मत संभार गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ ।

### ४. दीर्घकालीन सोच

क्षेत्रीय असन्तुलन, आर्थिक र सामाजिक असमानता कम गर्ने परिप्रेक्ष्यमा कृषि, औद्योगिक उत्पादन र सेवा क्षेत्रको बजारसम्म पहुँच सहज गराउन तथा छिमेकी मुलुकहरूबीचको व्यापारको साथै अन्य सामाजिक तथा आर्थिक पूर्वाधारको विकासमा समेत सहयोग पुऱ्याउन सुरक्षित, भरपर्दो तथा वातावरणमैत्री राष्ट्रिय यातायात सञ्जालको विकास गर्ने ।

### ५. उद्देश्य

राष्ट्रिय आर्थिक-सामाजिक एकीकरण, प्रादेशिक सन्तुलन र विकासमा योगदान पुग्ने गरी भरपर्दो र सुरक्षित यातायात सञ्जाल विस्तार गर्ने ।

### ६. रणनीति

१. क्षेत्रीय तथा जिल्ला सदरमुकाम जोड्ने गरी यातायात पहुँच र सुविधा विस्तार गर्ने ।

२. कृषि, उद्योग, जलविद्युत्, पर्यटन, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच बढाई रोजगारी अभिवृद्धि हुने गरी यातायात विस्तार गर्ने ।

३. सवारी साधनको चाप अनुरूप सडकको विकास तथा विस्तार गर्ने ।

४. सडक यातायातका अतिरिक्त रेलमार्ग लगायत अन्य यातायातका माध्यमहरूको पहिचान गरी विकास र विस्तार गर्ने ।

५. यातायात पूर्वाधार विकास तथा सञ्चालनमा निजी-सार्वजनिक साझेदारी प्रबर्द्धन गर्ने ।

६. सडक सम्पत्ति संरक्षण एवं व्यवस्थापनलाई थप प्रभावकारी बनाउने ।

७. दिगो, सुरक्षित र भरपर्दो यातायात सञ्जालको विकास गर्ने ।

### ७. कार्यनीति

१.१ सडक सञ्जालसँग नजोडिएका हुम्ला लगायत बाँकी जिल्ला सदरमुकाममा सडक सञ्जाल पुऱ्याइनेछ ।

१.२ जिल्ला सदरमुकाम जोड्ने तथा अन्य राष्ट्रिय महत्त्वका सडक सञ्जाललाई क्रमागत रूपमा वर्षैभरि चल्न सक्ने गरी स्तरोन्नति गरिनेछ ।

१.३ हुलाकी सडकको स्तरोन्नति गरिनुका साथै विभिन्न सीमावर्ती व्यापार केन्द्र र प्रमुख नाकाहरूलाई लोकमार्गसंग जोड्ने गरी उत्तर दक्षिण सडकहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ ।

१.४ मध्यपहाडी लोकमार्ग र काठमाडौं-तराई द्रुतमार्ग निर्माण कार्यलाई अगाडि बढाउनुका साथै सहायक मार्ग तथा जिल्ला सडकहरूको निर्माण, विस्तार तथा स्तरोन्नति गरिनेछ ।

२.१ सम्पन्न हुन लागेका र रोजगारी सिर्जना गर्ने सडकहरूलाई प्राथमिकता दिनुका साथै स्थानीय प्रविधिको प्रयोगलाई बढावा दिइनेछ ।

२.२ महत्त्वपूर्ण जलविद्युत्, सिंचाइ, पर्यटन तथा उद्योगलाई सहयोग पुऱ्याउने र कृषि, शिक्षा तथा स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्ने सडकहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ ।

३.१ लोकमार्ग तथा सहरी सडकहरूको सवारी चाप अनुसार क्षमता विस्तार गर्नका लागि सडक चौडा गर्ने, चौबाटो सुधार, फ्लाइओभर, शुरूङ्ग मार्ग तथा वैकल्पिक मार्ग निर्माण जस्ता कार्यहरू गरिनेछ ।

३.२ काठमाडौं उपत्यकामा सहरीकरणको चापलाई दृष्टिगत गर्दै सुरक्षित, वातावरणमैत्री, अवरोधरहित यातायात व्यवस्थापनमा सहयोग पुग्ने गरी सडक सञ्जालको विस्तार गरिनेछ ।

३.३ सहरी क्षेत्रमा सडक निर्माण कार्यलाई व्यवस्थित बनाउन आवश्यक कानून तथा नीति तर्जुमा गरी विद्यमान् सडक क्षेत्र मापदण्डको कार्यान्वयन पक्षमा देखिएका प्राविधिक कमजोरीलाई क्रमशः सुधार गर्दै लगिनेछ ।

३.४ सडक निर्माण गर्दा ढल, खानेपानी, विद्युत्, टेलिफोन जस्ता पूर्वाधारलाई सडक अधिकार क्षेत्रका दुवै किनारामा व्यवस्थित गर्ने गरी सम्बन्धित क्षेत्रगत निकायगतहरूसँग समन्वय गरिनेछ र सम्भाव्य सडकहरूमा फुटपाथ र साइकल लेनको व्यवस्था गरिनेछ ।

४.१ पूर्व पश्चिम तथा काठमाडौं पोखरा विद्युतीय रेलमार्ग विकासलाई सम्भाव्यताका आधारमा आवश्यक सांगठनिक संरचना निर्माण गरी अगाडि बढाइनेछ ।

४.२ जलमार्ग, रज्जु मार्ग जस्ता वैकल्पिक यातायात प्रणालीको विकास कार्य सम्भाव्यता अध्ययनका आधारमा अगाडि बढाइनेछ ।

५.१ पर्यटकीय दृष्टिकोण समेतले महत्त्वपूर्ण जलमार्ग, रज्जुमार्ग जस्ता यातायात प्रणालीको विकास गर्न सार्वजनिक निजी साझेदारी, BOOT/BOT जस्ता अवधारणा मार्फत लगानी आकर्षित गर्न प्रोत्साहित गरिनेछ ।

५.२ राष्ट्रिय महत्त्वका ठूला सडक लगायत अन्य यातायात सञ्जाल विकासका लागि लगानी योजना तयार गरिनेछ ।

६.१ कम खर्च, निर्धारित गुणस्तर तथा योजनाहरू समयमै कार्यान्वयन गर्न सडक निर्माण तथा सम्भारसंग सम्बन्धित निकायहरू, स्थानीय निर्माण व्यवसायीहरू तथा परामर्शदाताहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

६.२ सडक सञ्जालको आवधिक मर्मत र सम्भार गर्ने कार्यमा विशेष जोड दिइनेछ ।

६.३ सडक मर्मत सम्भार कोषलाई सुदृढ गर्दै यसलाई सडक निर्माणमा समेत प्रयोग गर्न सकिने संभावनाबारे अध्ययन गरिनेछ ।

६.४ सडक सम्पत्ति व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

७.१ अपाङ्गमैत्री सडक संरचनाहरू विकास गर्दै लगिनेछ ।

७.२ सडक निर्माण गर्दा वातावरण संरक्षण हुने गरी स्थानीय निर्माण सामग्री तथा सीपको प्रयोगलाई बढावा दिइनेछ ।

७.३ सडक निर्माण गर्दा वातावरणीय, गरीबी न्यूनीकरण, समावेशी तथा रोजगारीका पक्षहरूलाई विशेष ध्यान दिइनेछ ।

७.४ सडक निर्माणलाई दिगो, सुरक्षित र किफायती बनाउन आवश्यक Engineering Code & Specification हरूको परिमार्जन तथा प्रयोगमा अभिवृद्धि गरिनेछ ।

७.५ राष्ट्रिय प्राथमिकता प्राप्त सडक निर्माणमा बहुवर्षीय ठेक्का व्यवस्थापन गरी निर्माण प्रक्रियालाई अगाडि बढाइनेछ ।

७.६ दिगो तथा किफायती संरचनाहरूको विकासका लागि विद्यमान् संरचनाहरूको सुदृढीकरणका साथै अन्य आवश्यक संरचनाहरूको स्थापना गरिनेछ ।

७.७ सडक निर्माण र मर्मत कार्यमा विद्युतीय खरिद प्रणालीलाई अझ परिस्कृत गर्दै कार्यान्वयन गरिनेछ ।

७.८ स्थानीय सडकहरूको सञ्चालन तथा मर्मत सम्भारको जिम्मा स्थानीय निकायहरूलाई दिइनेछ ।

७.९ सबै निकायबाट निर्मित सडक तथ्याङ्कलाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी भौगोलिक सडक तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना एवं सञ्चालन गरिनेछ।

७.१० लोकमार्ग तथा अन्य महत्त्वपूर्ण सडकहरूमा प्रवेश तथा बहिर्गमनलाई व्यवस्थित गर्दै लगिनेछ ।

७.११ सार्वजनिक सडक ऐन, २०३१ लगायत सडक पूर्वाधार तथा अन्य यातायात विकाससंग सम्बन्धित ऐन र नियमावलीमा आवश्यक सुधार गरिनेछ ।

७.१२ सहरी सडक निर्माण गर्दा सडक सतहको वर्षातको पानीलाई भूमिगत जल Recharge गर्न प्रयोग गरिनेछ ।

७.१३ सडक विभागमा अनुसन्धान र विकास शाखा खडा गरी अनुसन्धान कार्यलाई अघि बढाइनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.स. | विवरण | आ. व. ०६६/६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | नयाँ सडक निर्माण (सबै किसिमका) (कि.मि.) | १९९६८ | १४९३ |
| २ | सडक स्तरोन्नति (कालोपत्रे तथा ग्राभेल), सुदृढिकरण, पुनःस्थापना र पुनःनिर्माण (कि.मि.) | -- | ३७५२ |
| ३ | आवधिक मर्मत (कि.मि.) | -- | ३६०० |
| ४ | मर्मत सुधार (नियमित, पटके, विशेष, सुधार) (कि.मि.) | -- | ९४०० |
| ५ | पुल निर्माण (संख्या) | १३६५ | थप २०० |
| ६ | थप जिल्ला सदरमुकाम जोड्ने सडकहरू (संख्या) | ७१ | ४* |

नोट*: हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटमा तिव्वत तर्फबाट सडक यातायत सुविधा पुऱ्याउने ।

## ९. प्रमुख कार्यक्रम

- जिल्ला सदरमुकामहरू जोड्ने सडकः जिल्ला सदरमुकामहरू जोड्न बाँकी ४ वटा जिल्ला सदरमुकामहरूमा सडक यातायात पुऱ्याइनेछ । तीन वर्षीय अन्तरिम योजना अवधिमा जिल्ला सदरमुकामहरूलाई जोडिसकेका २ वटा सडकहरूको सुदृढीकरण समेत बझाङ्ग, दार्चुला, कालिकोट, जुम्ला, जाजरकोट, रूकुम, ताप्लेजुङ्ग, रामेछाप, नुवाकोट, रसुवा, कपिलवस्तु, ओखलढुङ्गा, सोलुखुम्वु, संखुवासभा, खोटाङ्ग, दाङ्ग, सल्यान, रोल्पा, बाजुरा, अछाम, प्यूठान, रौतहट, तेहथुम, म्याग्दी र दैलेख गरी २५ वटा जिल्ला सदरमुकाम जोड्ने सडकहरूको कालोपत्रे स्तरमा स्तरोन्नति गरिनेछ ।
- उत्तर-दक्षिण व्यापारिक तथा पारवहन सडकः चीन तथा भारतबीच विभिन्न आठवटा व्यापार तथा पारवहन कोरिडोरको निर्माण कार्य अगाडि बढाइनेछ । यी सडकहरूमध्ये रानी–इटहरी-धरान-धनकृटा–हिले–संखुवासभा-खाँदवारी)–किमाथान्का (४१९ कि.मि.), वीरगञ्ज जितपुर–पथलैया–काठमाडौं कोल्फु–त्रिशूली–धुन्चे–स्याप्रुबेसी–रसुवागढी (२६५ कि.मि.), सुनौली–मिर्मी–फलेबास–जोमसोम–कोराला (४६७ कि.मि.) सडकहरूको ट्र्याक खोल्ने कार्य पूरा हुनेछ । केचना–इलाम–फिदिम–ताप्लेजुङ्ग-ओलाङ्गचुङ्गगोला (४६० कि.मि.), जनकपुर–दोलखा–लामाबगर–चीन सीमाक्षेत्र (२९५ कि.मि.), वीरगञ्ज–जीतपुर–पथलैया–फास्ट ट्र्याक सडक काठमाडौं–दोलालघाट–मितेरीसाँघु (२९२ कि.मि.), नेपालगंज–सुर्खेत–जुम्ला–सिमीकोट–हिल्सा (४३६ कि.मि.), ब्रम्हदेवमण्डी–जोगबुढा–सतबाँझ–दार्चुला–टिंकरपास (४१५ कि.मि.) सडकको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- मध्य-पहाडी सडक (पुष्पलाल लोकमार्ग): पूर्वमा पांचथर जिल्लाको चियोभन्ज्याङ्ग (नेपाल भारत सीमा) बाट शुरू भइ सुदुर पश्चिममा बैतडी जिल्लाको झुलाघाट सम्म पुग्ने यस लोकमार्गको अनुमानित लम्वाई करिब १७७४ कि. मी. मध्ये ट्र्याक खोल्न बाँकी करिब २२६ कि. मी. सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न गरी क्रमश स्तरोन्नति गर्दै लगिनेछ ।
- काठमाडौं उपत्यका सडक विस्तारः कलंकी - नागढुंगा सडक चौडा गर्ने कार्यलाई निरन्तरता दिइने र कलंकी चोकमा सवारी चाप घटाउन कलंकी बाईपास र चावहिल चोक बाइपासको लागि चक्रपथ (गल्फ कोर्स)-वागमती सडक निर्माण गरिनेछ । काठमाडौं उपत्यका शहरी सडक कार्यक्रम

अन्तर्गत बागमती करिडोरको निर्माण कार्य तथा रिङ्गरोड ट्र्याकलाई व्यवस्थित तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उपत्यका भित्रका मुख्य मुख्य सहरी सडकहरूको सुदृढिकरण, स्तरोन्नति तथा मर्मत संभार गरिनेछ । चार लेनमा विस्तार भइरहेको काठमाडौं-भक्तपुर सडक निर्माण कार्य सम्पन्न हुनेछ ।

- सडक स्तरोन्नति एवं सुदृढीकरणः सामरिक महत्त्वका हालको ९४०० कि.मी. सडक सञ्जालमध्ये कालोपत्रे हुन बांकी सडकहरू क्रमशः स्तरोन्नति गर्दै लगिने कार्यक्रम अनुरूप दातृ राष्ट्र र निकायहरूको सहयोग एवं नेपाल सरकारको आफ्नै स्रोतमा सडक स्तरोन्नति कार्य गरिनेछ । धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली बजार-हेटौंडा, नारदमुनी थुलुङ्ग मार्ग, कान्ति लोकपथ, ११ किलो छेपेटार भालुस्वाँरा वारपाक सडकको ग्रेड तथा मोड सुधार गरी स्तरोन्नति कार्य नेपाल सरकारको स्रोतबाट भैरहेको छ । महत्त्वपूर्ण पर्यटकीय क्षेत्रहरू, कृषि तथा औद्योगिक उत्पादनको सहज बजार पहुँचका लागि सडक विस्तार एवं स्तरोन्नति कार्य गरिनेछ ।
- सडक निर्माण तथा सुधारः सडक पहुँच विस्तार गर्ने उद्देश्यले गाईघाट-दिक्तेल, चेपाङ्ग मार्ग (भण्डारा-लोथर-मलेखु), बेनीघाट-आरूघाट-लार्केभञ्ज्याङ्ग, सालझ्ण्डी-सन्धीखर्क-ढोरपाटन,शहिदमार्ग (तिला-घर्तिगाउँ-थवाङ-रूकुमकोट), सेती लोकमार्ग (टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) लगायतका सडकहरूको निर्माण सुधार गरिनेछ ।
- पुल निर्माणः मुलुकका प्रमुख लोकमार्गहरू र सहायक मार्गहरूमा पर्ने २०० वटा पुलहरूको निर्माण कार्य सम्पन्न गरिनेछ । सामरिक महत्त्वका सडकहरू तथा सदरमुकाम जोड्ने सडक निर्माण भइसकेको तर पुल नभएको कारणबाट यातायात सञ्चालन हुन नसकेको सडकहरूमा पर्ने नदीहरूमा तत्काल यातायात सुचारू गर्न बेलिब्रिज जडान गरिनेछ । साथै सुनकोशी पुल तथा कोशी पुल (चतरा) निर्माण कार्य सम्पन्न गरिनेछ ।
- सडक तथा पुल मर्मत सम्भारः यस कार्यक्रम अन्र्तगत मुलुकभरका विभिन्न लोकमार्ग, सहायक मार्ग तथा पुलहरूको नियमित, पटके र आवधिक मर्मत सम्भार गरी सडक संरचनालाई सुदृढ र व्यवस्थित गरिनेछ ।
- हुलाकी सडक करिब १४४० कि.मी. मध्ये ६४० कि.मी.हुलाकी सडकहरूको मर्मत सुधार एवं स्तरोन्नति सम्पन्न गरिनेछ ।
- अध्ययन तथा अनुसन्धानः पुल निर्माण कार्यलाई व्यवस्थित गर्न सडक विभागमा पुल महाशाखा र निर्माण कार्यलाई प्रभावकारी बनाउन, गुणस्तर कायम गर्न र ठेक्कापट्टालाई पारदर्शी बनाउन तथा सडक सम्पत्तिको सुरक्षण, व्यवस्थापन एवं दीर्घकालीन उपयोग गर्न सम्पत्ति व्यवस्थापन, ठेक्का व्यवस्थापन तथा गुणस्तर नियन्त्रण महाशाखा स्थापना गरिनेछ। प्राविधिक क्षमता वृद्धि गर्न अनुसन्धान र विकास शाखा (R&D Section) स्थापना गरिनेछ। सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई अगाडि बढाउन PPP Cell स्थापना गरिनेछ ।
- विविधः सडक सुरक्षा, अतिक्रमण नियन्त्रण तथा सीमा सुरक्षा, मुआब्जा वितरण, ट्राफिक तथा सडक सुरक्षा उपायहरू, यान्त्रिक उपकरण खरिद तथा मर्मत संभार गर्ने कार्यहरू यस कार्यक्रममा समावेश गरिएको छ ।

### १०. कार्यान्वयन संयन्त्र

कार्यक्रम कार्यान्वयनको लागि सडक विभाग तथा अन्तर्गतका निकायहरूको वर्तमान संगठनलाई आवश्यकता अनुसार सुधार तथा विस्तार गरिनेछ । लोकमार्ग व्यवस्थापन सूचना प्रणाली सबै तहमा सुदृढ पार्दै लगिनेछ । प्राथमिकता प्राप्त योजनाहरू निर्दिष्ट समयमा सम्पन्न गर्न वार्षिक विनियोजित बजेटभित्र रहने गरी बहुवर्षीय ठेक्का व्यवस्था गर्दै लगिनेछ । प्रथम चौमासिक अवधिभित्रै ठेक्का व्यवस्था गरी सक्नु पर्ने व्यवस्था लागू गरिनेछ । प्राविधिक परीक्षणलाई योजना कार्यान्वयनको अभिन्न अंगको रूपमा विकास गर्दै लगिनेछ ।

### ११. अनुगमन र मूल्याङ्कन

आयोजनाहरूको हरेक चरणमा प्रभावकारी कार्यान्वयन भए/नभएको मूल्याङ्कन गर्न केही आयोजनाहरूको प्राविधिक परीक्षण गरिनेछ। राष्ट्रिय महत्त्वका ठूला आयोजनाहरूको कम्तीमा चौमासिक रूपमा स्थलगत अनुगमन गरिनेछ। अनुगमन र मूल्याङ्कनमा तेस्रो पक्ष र लाभग्राहीको संलग्नता विस्तार गरिनेछ। आयोजना/कार्यक्रमको सम्पादनमा कोअर्डिनेटर/ आयोजना निर्देशक कार्यालय/योजना प्रमुखलाई जिम्मेवार बनाइनेछ। लागत न्यूनीकरण, समय एवं गुणस्तर नियन्त्रण, समग्र कार्यसम्पादनको स्तर, आर्थिक अनुशासनको पालना लगायतबाट सम्बन्धित योजना/कार्यालयका कर्मचारीको कार्य संपादन मूल्याङ्कन गरिने व्यवस्था मिलाइनेछ।

### १२. अपेक्षित उपलब्धि

१. सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिनेछ। साथै थप २५ जिल्ला सदरमुकामसम्म कालोपत्रे स्तरमा सडक स्तरोन्नति भइ आवागमन सहज भएको हुने।
२. मध्य पहाडी लोकमार्ग र काठमाडौं तराई द्रूत मार्गको ट्रयाक निर्माण पूरा भएको हुने।
३. थप २०० वटा पुल निर्माण भएको हुने।
४. ९ हजार ४०० कि.मि. सडकको नियमित मर्मत सम्भार र ३६०० कि.मि. सडकको आवधिक मर्मत सम्भार भएको हुने।
५. १४९३ कि.मि. नयाँ सडक निर्माण भएको हुने

## ६.६ सूचना तथा सञ्चार

### १. पृष्ठभूमि

राष्ट्रको सर्वाङ्गीण विकासको लागि सूचना तथा सञ्चार क्षेत्रको विकास र विस्तार अपरिहार्य छ। विगतको योजना अवधिमा यस क्षेत्रबाट प्रदान हुँदै आएको सेवामा संख्यात्मक तथा पहुँच विस्तार उत्साहजनक रह्यो। गुणात्मक सुधारका लागि प्रयास जारी रहेको छ। सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका नयाँ नयाँ प्रविधिसँगै जनतालाई उपलब्ध गराइने सेवासुविधामा विविधीकरण र गुण स्तरमा वृद्धि गर्दै सूचना तथा सञ्चार क्षेत्रलाई देशको समग्र विकासका लागि महत्त्वपूर्ण आधारस्तम्भको रुपमा विकास गर्दै लैजानुपर्ने टड्कारो आवश्यकता छ। लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्ने सवालमा देशको भौगोलिक विकटतालाई मध्यनजर गर्दै सूचना तथा सञ्चार प्रविधिको विकासलाई राष्ट्रिय विकाससँग आबद्ध गर्नु जरूरी छ।

### २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजनामा लक्ष्य बमोजिम सबै गाउँ विकास समितिहरूमा टेलिफोन सेवा पुऱ्याइयो। देशभर नेपाल टेलिभिजनको प्रसारण पुऱ्याउने लक्ष्य लिइएकोमा ७१.५ प्रतिशत जनसंख्यामा मात्र प्रसारण पुग्न सक्यो। त्यस्तै रेडियो नेपालको प्रसारण देशभर पुऱ्याउने लक्ष्य लिइएकोमा ८० प्रतिशत जनसंख्यामा पुगेको अनुमान छ। ५,८६,६४८ फिक्स्ड लाइन टेलिफोन पुऱ्याउने लक्ष्य लिइएकोमा ८,४१,६१८ पुगेको छ। ताररहित टेलिफोन १२,४८,९८९ पुऱ्याउने लक्ष्य लिइएकोमा ६,०४,२०६ मात्र हासिल भयो। मोबाइल टेलिफोन ३९,२८,९७९ पुऱ्याउने लक्ष्य भएकोमा ९१,९५,५६२ पुगेको छ। टेलिफोन घनत्व प्रतिसय व्यक्ति २५ लक्ष्य रहेकोमा ३१.३ पुगेको छ। जिल्ला हुलाकहरूमा काउन्टर अटोमेसन गर्ने लक्ष्य भएकोमा गोश्वारा हुलाकमा मात्र उक्त कार्य सम्पन्न भएको छ। त्यस्तै २२० हुलाक कार्यालयमा टेलिसेन्टरहरूको स्थापना भयो भने क्षेत्रीयस्तरबाट समेत गोरखापत्रको प्रकाशन गर्ने लक्ष्य राखिएकोमा विराटनगर र वुटवलमा प्रकाशनका लागि व्युरोको स्थापना भएको छ।

## ३. समस्या तथा चुनौती

सूचना तथा सञ्चार क्षेत्रमा भएको विकासलाई आत्मसात् गर्ने पूर्वाधार तथा जनशक्तिको कमी, दूरसञ्चारक्षेत्रमा सेवाप्रदायकहरूवीच अन्तर्आबद्धताको सहजतामा कमी, हुलाक सेवालाई आधुनिकीकरण र विविधीकरण गर्न स्रोतगत (वित्तीय र जनशक्तिको) समस्या, आफ्नै ढुवानी साधनको कमीले आन्तरिक डाँक ढुवानी परिचालन हुन नसक्नु, छापा प्रकाशनहरुको गुण स्तरमा अपेक्षित सुधार हुन नसक्नु, दूरसञ्चार नीति तथा दूरसञ्चार ऐनमा सामयिक सुधार हुन नसक्नु, सुरक्षण मुद्रणालय विकासका लागि पर्याप्त स्रोत (वित्तीय र जनशक्ति)को कमी जस्ता समस्याहरू यस क्षेत्रमा विद्यमान् रहेका छन् ।

भौगोलिक विकटता तथा अन्य पूर्वाधारको विकासको कमीले सूचना प्रविधिको व्यापक विस्तारमा कठिनाइ, दूरसञ्चार सेवा गुणस्तरयुक्त हुन नसक्नु, निजीक्षेत्रका विद्युतीय सञ्चार माध्यमहरुमा सहरी क्षेत्रलाई मात्र लक्ष्य बनाउने प्रवृत्ति देखिनु, फ्रिक्वेन्सीको वितरण एवं समुचित व्यवस्थापनमा समस्या देखिनु जस्ता चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

लोकतान्त्रिक गणतन्त्र नेपाललाई नयाँ नेपालको रुपमा परिचित गराउने गरी अत्याधुनिक प्रविधियुक्त दूरसञ्चार सेवालाई सहज प्राप्य बनाउने, ज्ञानमा आधारित समाज निर्माण गर्न स्वतन्त्र, व्यावसायिक, उत्तरदायी र मर्यादित पत्रकारिताको विकास गर्दै रेडियो तथा टेलिभिजनको प्रसारण र गोरखापत्र लगायतका अन्य छापा पत्रिकाको प्रकाशनलाई देशव्यापी बनाउने, हुलाक सेवालाई विविधीकरण गर्दै छरितो संयन्त्रद्वारा प्रभावकारी हुलाक सेवा प्रवाह गर्ने, स्तरीय सुरक्षण मुद्रण सेवा देशभित्रै उपलब्ध गराउने एवं राष्ट्रका मौलिक संस्कृति विकास गर्ने खालका गुणस्तरयुक्त चलचित्र निर्माण गर्ने वातावरणको सृजना गर्ने ।

## ५. उद्देश्य

सूचना तथा सञ्चारमा सवैको पहूँच पुऱ्याई सामाजिक तथा आर्थिक अवसरहरू विस्तार गर्ने र समष्टिगत राष्ट्रिय विकास एवं राष्ट्रिय एकीकरणमा योगदान पुऱ्याउने ।

## ६. रणनीति

१. हुलाक सेवाको विविधीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने ।

२. सञ्चार सम्बन्धी ऐन नियमहरूको पुनरावलोकन गर्ने र सञ्चारका माध्यमहरूको विश्वसनीयता, गुणस्तरीयता र सामाजिक दायित्व अभिवृद्धि गर्ने ।

३. दूरसञ्चार सेवाको विस्तार, विविधीकरण र गुणात्मक सुधार गर्ने ।

४. सञ्चार क्षेत्रको विकासमा निजी तथा सार्वजनिक क्षेत्रको साझेदारी र सहकार्य अघि बढाउने ।

५. सञ्चार क्षेत्रमा निर्मित संरचनाहरूको बहुपक्षीय उपयोग गर्ने ।

६. देशभित्रै सुरक्षण मुद्रणको कार्य प्रारम्भ गर्ने ।

## ७. कार्यनीति

१.१ हुलाक कार्यालयहरूमा बहुउद्देश्यीय टेलिसेन्टरको स्थापना गरी हुलाक सेवालाई ई-सेन्टरको रूपमा विकास गरिनेछ ।

१.२ हुलाक सेवाको लागि आवश्यक जनशक्ति विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३ जीर्ण हुलाक कार्यालयहरुको भौतिक अवस्थामा सुधार एवं विकास गरिनेछ ।

१.४ हुलाक सेवामा सार्वजनिक निजी साझेदारीको अवधारणालाई कार्यान्वयन गर्दै लगिने छ ।

१.५ सबै जिल्ला हुलाक कार्यालयहरूमा काउन्टर अटोमेसन गरिनेछ ।

१.६ निजीक्षेत्रसँग सहकार्य गरी हुलाक सेवाको विविधीकरण र व्यावसायीकरण गर्दै सेवालाई सक्षम एवं भरपर्दो बनाइनेछ ।

१.७ हुलाक सेवालाई प्रतिस्पर्धी एवं आत्मनिर्भर बनाउन पूर्वाधार तयार गरिनेछ ।

१.८ हुलाक वचत बैंक सेवालाई विस्तार गरिनेछ ।

२.१ नेपाल टेलिभिजनको प्रशारण देशव्यापी बनाउन स्थापित रिलेकेन्द्रहरूको सुदृढीकरण एवं विस्तार गरिनेछ ।

२.२ नेपाल टेलिभिजन प्रसारणमा एनालग प्रविधिलाई डिजिटल प्रविधिबाट प्रतिस्थापन गरिनेछ ।

२.३ नेपाल टेलिकम लगायतका विभिन्न उद्योग प्रतिष्ठानहरुसँग समन्वय गरी व्यावसायिक कार्यक्रम उत्पादन र प्रसारण गरिनेछ ।

२.४ रेडियो नेपालको प्रशारण विस्तारका लागि एफ. एम. रिलेकेन्द्रहरूको स्थापना गर्ने तथा सर्टवेभ प्रशारणलाई सुदृढीकरण गरिनेछ ।

२.५ रेडियो नेपालको प्रसारणलाई सेवामूलक र व्यावसायिक गरी दुई च्यानलमा विभाजन गरी प्रसारण शुरू गरिनेछ ।

२.६ राष्ट्रिय समाचार समितिमा अनलाइन सफ्टवेयर प्रयोग गर्ने र समाचार सम्प्रेषणमा भिस्याट प्रविधिको उपयोग गरिनेछ ।

२.७ गोरखापत्रको क्षेत्रीय प्रकाशन शुरू गरिनेछ ।

२.८ सूचना विभागलाई सार्क सूचना वैंकको रूपमा विकास गर्न विभागको पोर्टललाई प्रभावकारी बनाइ अनलाइन सूचना सेवाको विस्तार एवं विकास गरिनेछ ।

२.९ सञ्चारकेन्द्रहरूलाई प्रभावकारी बनाई पाँचवटै सञ्चारकेन्द्रहरू र सूचना विभागको बीचमा पोर्टल प्रयोगमा इन्टरलिंक गरी सञ्चार केन्द्रहरूलाई समेत Information Hub को रूपमा विकास गरिनेछ ।

२.१० सूचना विभागलाई फोटो अर्काईभ सेन्टरको रूपमा विकास गरिनेछ ।

२.११ पत्रकारितासँग सम्वन्धित ऐन नियममा पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ ।

२.१२ आम पत्रकार, पत्रकार महासंघको सहमतिमा पत्रकार आचारसंहिता तर्जुमा गरी सबै प्रकारका सञ्चारमाध्यमहरुको आचारसंहिता अनुगमन गरिनेछ ।

२.१३ इलेक्ट्रोनिक र छापा विज्ञापनमा नेपाली पात्रको प्रयोग वढाउनेतर्फ आवश्यक कार्य गरिनेछ ।

२.१४ नेपालको भौगोलिक अवस्थिति र प्राकृतिक सौन्दर्यको उपयोग गर्दै चलचित्र छायाङ्कनको लागि आकर्षक थलोको रूपमा विकास गर्न प्रबर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.१ दूरसञ्चार सेवा नपुगेका देशका दुर्गम ग्रामीण क्षेत्रहरूमा टेलिफोन तथा इन्टरनेट सेवा पुऱ्याउन निजी सेवा प्रदायकहरूलाई प्रोत्साहित गरिनेछ ।

३.२ टेलिफोन सेवामा गुणस्तर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.३ दूरसञ्चार सेवालाई आधुनिक प्रविधिको विकाससंग आबद्ध गरी सेवाको विविधीकरण गर्दै लगिनेछ ।

३.४ नेपाल टेलिकमबाट मुलुकभर Convergence Bill Cash Collection System लागु गरिनेछ ।

४.१ अप्टिकल फाइबरको पहुँच नभएका वा कठिन हुने स्थानहरुमा Wimax जस्ता प्रविधिको प्रयोग गरी सर्वसुलभ रुपमा सार्वजनिक निजी साझेदारी (PPP) मार्फत् सेवा उपलब्ध गराइनेछ ।

५.१ अप्टिकल फाइवरको उपयोग गरी सूचना महामार्गको विकास र विस्तार गर्ने कार्यलाई प्रभावकारी ढंगले निरन्तरता दिइनेछ ।

५.२ वायरलेस ब्रोडव्याण्ड सर्भिस खुला गरिनेछ ।

५.३ एडिएसएल प्रविधिमा आधारित विद्यमान् कपर नेटवर्कबाट ब्रोडव्याण्ड डाटा सर्भिस विस्तार गरिनेछ ।

५.४ सञ्चार क्षेत्रमा रहेका पूर्वाधारहरूको सामूहिक प्रयोगका लागि नीतिगत तथा कानूनी व्यवस्था गरी लागू गरिनेछ ।

५.५ CDMA/GSM प्रविधिमा आधारित High Speed Data सेवा सञ्चालन गर्ने र Video Call सेवा सञ्चालन गरिनेछ ।

६.१ मुद्रण विभागलाई सुरक्षण मुद्रणालयको रूपमा विकास गर्न विभागको सुदृढीकरण र संरचनात्मक परिवर्तन गरी आवश्यक ऐन कानून तर्जुमा तथा जनशक्तिको विकास गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.स. | विवरण | आ.व. २०६६/ ०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | टेलिफोन घनत्व (प्रतिसत व्यक्ति) | ३१.३ | ६० |
| २ | फिक्स्ड लाइन टेलिफोन PSTN (संख्या) | ८,४१,६१८ | १३ लाख |
| ३ | ताररहित टेलिफोन (संख्या) | ६,०४,२०६ | ४० लाख |
| ४ | मोबाइल ग्राहकसंख्या (संख्या) | ९१,९५,५६२ | १ करोड ४० लाख |
| ५ | हुलाक कार्यालयहरूमा Counter Automation को व्यवस्था | गोश्वारा हुलाकमा कार्य सम्पन्न भएको | सबै जिल्ला हुलाक कार्यालयहरूमा हुने |
| ६ | टेलिभिजन प्रसारण सेवाको पँहुच (प्रतिसत व्यक्ति) | ७१.५ | १०० |
| ७ | रेडियो प्रसारण सेवाको पँहुच (प्रतिसत व्यक्ति) | ८० | १०० |

## ९. प्रमुख कार्यक्रम

- अप्टिकल फाइबर विस्तारः सबै जिल्ला सदरमुकाममा अप्टिकल फाइबरयुक्त सूचना महामार्गको पहुँच विस्तार गर्ने ।
- अत्याधुनिक प्रविधिको दूरसञ्चार सेवा विकास र विस्तारः दूरसञ्चार सेवामा अत्याधुनिक प्रविधि भित्र्याउने तथा सबै गा.वि.स हरूमा मोवाइलको सिग्नल पुऱ्याउने ।
- रेडियो तथा टेलिभिजन पहुँचमा विस्तारः MW/FM रेडियो तथा भूसतही टेलिभिजन प्रसारणको देशव्यापी पहुँच पुऱ्याउने ।
- हुलाकसेवाको आधुनिकीकरण र विविधीकरणः हुलाक कार्यालयमा धनादेश, वचत बैङ्क, द्रुत डाँक सेवा, इ-पोष्ट, इ-मनि ट्रान्सफर सेवाको विस्तार र विविधीकरण गर्ने तथा टेलिसेण्टरको स्थापना, विस्तार र सो बाट प्राप्त आम्दानीबाट आत्मनिर्भर र स्वायत्ततातर्फ अगाडि बढाउने कार्यक्रम सञ्चालन गर्ने ।
- सूचना बैंकको विकासः सूचना विभागलाई महत्त्वपूर्ण सूचनाहरुको एकीकृत स्रोतकेन्द्र/सूचना बैंकका रुपमा विकास गरिने ।
- सुरक्षण मुद्रणको विकासः मुलुकभित्रै स्तरीय सुरक्षण मुद्रणको प्रारम्भिक कार्य शुरू गर्ने । छापा प्रकाशनलाई स्वतन्त्र, विश्वसनीय र जिम्मेवार बनाउन ऐन, नियमहरूमा समयानुकूल सुधार गर्ने ।
- चलचित्र क्षेत्र विकासः नेपाललाई चलचित्र छायाँङ्कन गन्तव्यका रूपमा विकास गर्ने कार्य थालनी गर्ने ।

## १०. कार्यान्वयन व्यवस्था

सूचना तथा सञ्चार मन्त्रालयको संयोजनमा मातहतका विभागहरु, नियामक निकायहरु तथा अन्य निकायहरुबाट कार्यक्रम कार्यान्वयन हुनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा तथा नियामक निकायहरुलाई प्रभावकारीरुपमा परिचालन गरी समीक्षा बैठक, स्थलगत अनुगमन, निरीक्षण, छलफल, समस्या समाधान समितिको बैठक आदि कार्य नियमितरूपमा गरिनेछन् । अनुगमनका क्रममा प्रयोग गरिने चेकलिष्ट तयार गरी सोको आधारमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था एवं कार्यान्वयनक्रममा आइपरेका समस्याको रिपोर्टिङ र समाधानको

संयन्त्र स्थापना गरिनेछ। सरकारी बेरूजु रकम फर्छ्यौट कार्यको स्थितिबारे प्रतिवेदन गर्ने अनिवार्य व्यवस्था गरिनेछ । सम्बन्धित निकायबाट सम्पादन गर्नुपर्ने काम र सोको लागि व्यवस्था गरिएको जनशक्तिको सामञ्जस्य भए नभएको अनुगमन मूल्याङ्कन गरिनेछ।

### १२. अपेक्षित उपलब्धि

१. योजनाको अन्त्य सम्ममा ७५% गाँउ विकास समितिहरुमा Broadband सेवाको पहुँच पुग्नेछ।

२. मोबाइल र वायरलेस सेवाको पहुँच देशको ७५% क्षेत्रमा पुग्नेछ।

३. Voice Over Internet Protocal-VOIP, Wimax nufotsf WBA प्रविधिहरु पूर्णरुपमा खुला हुनेछ।

४. मुलुकका ६५ जिल्ला सदरमुकामसम्म अप्टिकल फाइबर सञ्जाल पुग्नेछ।

५. मध्यपहाडी लोकमार्गको ६० प्रतिशत भागमा (१००० कि.मी.) अप्टिकल फाइबर जडान हुनेछ।

६. इन्टरनेट सेवाग्राहीको संख्या २५% हुनेछ।

## ६.६.१ सूचना प्रविधि

### १. पृष्ठभूमि

सूचना प्रविधिको द्रुततर विकासले मुलुकको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्ने अवसरहरू प्रदान गरेको छ। सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्ने एउटा सशक्त पूर्वाधारको रूपमा समेत स्थापित हुन सक्ने देखिन्छ। यसका लागि आउँदा वर्षहरूमा सूचना प्रविधिमा पहुँच हुने र नहुने बीचको दुरी घटाउदै जानु आवश्यक छ। सूचना प्रविधिलाई यथासम्भव समतामूलक र समावेशी हुने गरी दुर्गम क्षेत्र, दलित, जनजाति, महिला, अपाङ्ग र ज्येष्ठ नागरिकहरूको पहुँचसम्म विस्तार गरी क्षेत्रीय सन्तुलन कायम राखी प्रविधिको विकास र उपयोगद्वारा सामाजिक एवं आर्थिक विकास, रोजगारी सृजना, गरीबी न्यूनीकरण, सूचना एवं ज्ञानमा आधारित समाजको निर्माण तथा विद्युतीय शासनमा रूपान्तरण गर्दै सरकारी सेवा तथा सूचनामा जनताको सहज पहुँच पु¥याउनु आजको आवश्यकता हो।

### २. अद्यावधिक स्थिति

विगत योजनाकालमा सूचना प्रविधि शिक्षाको उल्लेख्य विकास र विस्तार हुनुकासाथै सूचना प्रविधि नीति २०६७ जारी भयो। विद्युतीय कारोबार ऐन र नियम कार्यान्वयनमा रहेको छ। यसका अतिरिक्त ग्रामीण सूचना केन्द्रहरूको स्थापना गरी सञ्चालन गर्ने लक्ष्य भएकोमा सार्वजनिक विद्यालय र सामुदायिक संस्थाहरूमा जम्मा ११४ वटा ग्रामीण सूचना केन्द्रहरू स्थापना भयो । इ-गभर्मेन्टको स्थापना तथा सरकारी एकीकृत सूचना केन्द्र सञ्चालन गर्ने लक्ष्य भएकोमा विद्युतीय सरकारको अवधारणा कार्यान्वयनका लागि e-Government Master Plan कार्यान्वयनको क्रममा रहेको छ भने Government Integrated Data Center (GIDC) को निर्माण सम्पन्न भै सञ्चालन भएको छ। सिंहदरबार भित्रका सरकारी निकायहरूमा सूचना महामार्गको पहुँच विस्तार भएको छ। त्यस्तै निजीक्षेत्र समेतको संलग्नतामा सूचना प्रविधि शिक्षा, सूचना प्रविधिको प्रयोग र सूचना प्रविधि सम्बन्धी जनशक्ति विकासको शुरूवात भएको छ।

### ३. समस्या तथा चुनौती

नेपाल विश्व व्यापार संगठनको सदस्य भए पश्चात उत्पन्न हुन सक्ने वौद्धिक सम्पत्ति सम्बन्धी अधिकार संरक्षण र अत्यधिक भण्डारण सम्बन्धी जोखिम यस क्षेत्रको प्रमुख समस्याको रूपमा देखिन्छ।

सूचना तथा प्रविधि क्षेत्रको कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखापरेको समन्वयात्मक असहजता निरूपण गरी व्यवहारमुखी बनाउनु, विभिन्न सरकारी तथा निजीक्षेत्रबाट सञ्चालित सूचना प्रविधिका कार्यहरूमा दोहोरोपन हटाई कार्यक्रमलाई मितव्ययी एवं प्राथमिकता प्राप्त क्षेत्र (ग्रामीण क्षेत्र) सम्म पुऱ्याउनु, सूचना र प्रविधि क्षेत्रमा नेपालको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

नेपाललाई सूचना प्रविधिको विश्व मानचित्रमा स्थापित गर्दै ज्ञानमा आधारित समाजमा रूपान्तरण गर्नु, सूचना प्रविधिको समुचित प्रयोग गरी सुशासन, गरीबी न्यूनीकरण लगायत सामाजिक तथा आर्थिक विकासका लक्ष्यहरू प्राप्त गर्नु तथा सूचना प्रविधिको उपयोगद्वारा सामाजिक एवं आर्थिक विकासका लक्ष्यहरू हासिल गर्दै गरीबी न्यूनीकरण गर्ने ।

## ५. उद्देश्य

सूचना प्रविधिको समुचित विकास, अनुसन्धान तथा प्रयोग गरी सोको माध्यमद्वारा विकास निर्माण तथा स्रोत साधनको उपयोगमा जोड दिदै गरीबी न्यूनीकरण, वातावरण संरक्षण, प्राकृतिक प्रकोप न्यूनीकरण तथा रोजगारीका अवसरहरू विस्तार गरी नेपाली जनताको जीवनस्तर उकास्ने ।

## ६. रणनीति

१. सूचना प्रविधि क्षेत्रको अनुसन्धान तथा विकासमा थप जोड दिने ।
२. आधुनिक तथा उपयुक्त प्रविधि र स्थानीय प्रविधिहरूको पहिचान तथा विकास गरी सो को उपयोगलाई प्रोत्साहित गर्ने ।
३. विकसित प्रविधिको प्रयोगवाट लाभ तथा रोजगारी अभिवृद्धि हुने क्षेत्र पहिचान गरी उपयोग गर्ने ।
४. विज्ञान तथा प्रविधिको विकासका लागि सार्वजनिक तथा निजी साझेदारीमा जोड दिने ।
५. प्रयोग भइरहेका प्रविधिहरूको कार्यान्वयनलाई सहजीकरण गर्ने तथा पूर्वाधार संरचनाहरू दिगो, वातावरणमैत्री, सुरक्षित तथा किफायती बनाउने ।
६. सूचना प्रविधिमा जनताको पहुँच विस्तार गर्ने ।
७. प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनको कारणले परेका प्रभावहरू न्यूनीकरण गर्न पूर्व सूचना प्रणाली संयन्त्रको विकास गर्ने ।
८. विज्ञान प्रविधिको क्षेत्रमा जनशक्तिको संस्थागत विकास तथा आवश्यक कानुन निर्माणमा जोड दिने ।
९. विज्ञान प्रविधिसँग प्रत्यक्ष रूपमा सम्बन्धित निकायहरूलाई विज्ञान तथा प्रविधि मन्त्रालयको छाताभित्र समाहित गर्ने ।

## ७. कार्यनीति

१.१ अन्तर्राष्ट्रिय स्तरमा रहेका प्रचलित प्रविधिलाई अध्ययन अनुसन्धान गरी मुलुकको हित हुने प्रविधि प्रयोगमा ल्याइनेछ ।
१.२ राष्ट्रिय अन्तरिक्ष विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रको स्थापना तर्फ कार्य शुरू गरिनेछ ।
१.३ उच्चस्तरीय वेधशाला, बी.पी. कोइराला प्लानेटोरियम तथा विज्ञान संग्रहालयलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय आवश्यकता अनुरूप उपयोग गरिनेछ ।
१.४ नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको संस्थागत विकासका लागि ठोस कार्यक्रम ल्याइनेछ ।
१.५ आणविक शक्तिको प्रयोग र विकास सम्बन्धमा प्रारम्भिक कार्य शुरू गरिनेछ ।

१.६ सूचना प्रविधिको क्षेत्रमा नियमित रूपमा राष्ट्रिय तथ्याङ्कहरू अद्यावधिक गर्न IT Informatization Index तयार गरी सूचना प्रविधि सम्बन्धी अवधारणा तथा कार्यक्रम लागू गर्न आवश्यक e-Readiness Assessment नियमित रूपमा गरिनेछ ।

१.७ Electronic Hardware Technology Park (EHTP) निर्माण एवं सञ्चालन समेतलाई प्रोत्साहन गरिनेछ ।

१.८ IT Park को स्थापना तथा सञ्चालन, व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी र यस अन्तर्गतका प्रारूपहरूलाई समेटि प्रतिस्पर्धी ढंगले सञ्चालन गरिनेछ ।

२.१ प्रविधि सूचना तथा हस्तान्तरण कार्य अगाडि बढाउने तर्फ आवश्यक कार्य गरिनेछ ।

२.२ उपयुक्त प्रविधिको विकासमा योगदान गर्ने व्यक्ति/संस्था/निकायलाई प्रोत्साहित गरिनेछ ।

२.३ स्थानीय प्रविधिको संरक्षण र प्रयोगमा जोड दिंदै परम्परागत प्रविधिको संरक्षण तथा आधुनिकीकरण पनि गरिनेछ ।

३.१ सूचना लगायत अन्य प्रविधिजन्य उद्योगहरूमा लगानी आकर्षित गरी रोजगारी सिर्जना गरिनेछ ।

४.१ विद्युतीय कारोवार लगायत विज्ञान प्रविधिका अन्य क्षेत्रलाई व्यवस्थित गर्न सरकारी तथा निजीक्षेत्रको सहकार्यमा जोड दिइनेछ ।

५.१ प्राविधिकहरूका लागि आवश्यक दस्तावेजहरू तयार गर्न निकायगत सवलीकरण गरिनेछ ।

६.१ सूचना प्रविधिमा जनताको पहुँच वृद्धि गर्न विद्यालय शिक्षामा सूचना प्रविधिको पठन पाठनमा जोड दिइनेछ ।

६.२ सूचना प्रविधि क्षेत्रमा जनताको पहुँच अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.३ विद्युतीय सरकार गुरूयोजना तर्जुमा गरी कार्यान्वियन गर्ने ।

६.४ सिंहदरबार परिसरभित्र स्थापित सरकारी एकीकृत डाटा सेन्टरलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

७.१ प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारणले परेका प्रभाव न्यूनीकरण गर्न पूर्व सूचना प्रणाली संयन्त्रको विकास गरी धन-जनको सुरक्षा गरिनेछ ।

८.१ विज्ञान तथा प्रविधि सम्बन्धी जनशक्ति विकास गर्न क्षेत्रगत विशेषज्ञ संस्थाहरूको स्थापना तथा विकास गर्दै लगिनेछ ।

८.२ अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप राष्ट्रिय कानुनहरू निर्माण गरी सो को प्रवर्द्धनात्मक तथा नियमनकारी संस्थाको स्थापना गरिनेछ ।

९.१ विज्ञान तथा प्रविधिको क्षेत्रसंग सम्वन्धित संस्थाहरूको पुनर्संरचना गरी स्पष्ट रूपमा कार्यक्षेत्र निर्धारण गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.स. | विवरण | आ. व. २०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | ISP को ईन्टरनेट क्षमता विस्तार | 4MBPs क्षमता सञ्चालन मा रहेको | 24MBPs क्षमता पुऱ्याउने । |
| २ | डाटा सेन्टर तथा त्यसमा रहेका सूचना तथा सेवाहरूको विश्वसनीयता, सुरक्षा तथा प्रभावकारिता कायम गर्ने | e-Government Master Plan कार्यान्वयनको क्रममा रहेको र Government Integrated Date Center (GIDC) को निर्माण सम्पन्न भएको | Disaster Recovery Site निर्माणका लागि पहल गरिनेछ । |

## ९. प्रमुख कार्यक्रम

- Government Integrated Data Center सञ्चालन गर्नेः सिंहदरवार स्थित Government Integrated Data Center मा सबै मन्त्रालय तथा केन्द्रीय निकायहरुको ईलेक्ट्रोनिक डाटा भण्डारण गरी पूर्ण रूपमा सञ्चालन गर्ने ।

- Multimedia content development/Application निर्माण गर्नेः सेवाग्राहीलाई प्रदान गरिने सेवाहरू विद्युतीय माध्यमबाट छिटो छरितो प्रदान गर्न आवश्यक ११ वटा Application निर्माण गर्ने तथा सरकारी निकायहरूमा Multimedia content को विकास गर्ने ।
- अनुसन्धान तथा विकासः विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूसँग सहकार्य गरी सूचना प्रविधि अनुसन्धान तथा विकास कार्यक्रम सञ्चालन गर्ने । Free and open source software (FOSS) को संभाव्यता अध्ययन र विकास तथा हार्टवेयर/सफ्टवेर सम्बन्धी अध्ययन अनुसन्धान गर्ने । सूचना प्रविधि उद्योगमा बौद्धिक अधिकार संरक्षण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने । अन्तर्राष्ट्रिय सूचना प्रविधि सम्बन्धी अनुसन्धान सस्थाहरूसँग सहकार्य गर्ने । ICT सम्बन्धी तथ्याङ्क जस्तै e-readiness Index लाई अद्यावधिक गर्ने ।
- जनशक्ति विकासः विभिन्न क्षेत्रमा कार्यरत सरकारी कर्मचारीहरू र फोकल प्वाइन्टका प्रमुखहरूलाई विद्युतीय सरकार कार्यान्वयनको लागि आधारभूत कम्प्यूटर तालिम प्रदान गर्ने ।
- जनचेतना अभिवृद्धिः प्रचार प्रसार सामग्री र पुस्तिकाहरू तयार गरी वितरण एवं प्रचार गर्ने । नेपालको सूचनाप्रविधि क्षेत्र, आई टी पार्क र विश्व विद्यालयसहितको आकर्षक वृत्तचित्र तथा सूचना प्रविधि सम्बन्धी तथ्याङ्क पुस्तिका प्रकाशन गर्ने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार र प्रदर्शनीको आयोजना गर्ने ।
- संस्थागत सुदृढिकरणः IT Department स्थापना र इन्जिनियरिङ्ग सेवा अन्तर्गत IT समूह गठन गर्ने तर्फ कार्य अघि बढाउने ।
- सूचना प्रविधि विकास तथा सुदृढीकरणः नेपालीनक्स अपरेटिङ्ग सिस्टम तथा नेपाली युनिकोड फन्टलाई सरकारी कार्यालयहरूमा अनिवार्य रूपमा प्रयोगमा ल्याउने । Software Outsourcing तथा Business Process out sourcing लाई सुदृढीकरण गर्न आवश्यक पूर्वाधारको निर्माण गर्ने । Linux जस्ता Free software हरूको प्रयोगलाई प्रोत्साहन गर्ने । सूचना प्रविधि सम्बन्धी प्रदर्शनीहरू आयोजना गर्ने ।
- PKI Data Center स्थापनाः विद्युतीय कारोवार ऐन नियम वमोजिम विद्युतीय सूचनाहरूलाई सुरक्षित रूपमा सञ्चालनका लागि Public Key Infrastructure Data Center स्थापना गर्ने तर्फ कार्यहरू अघि बढाउने ।
- IT Park स्थापनाः देशका अन्य विकास क्षेत्रमा नयाँ IT Park स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने ।
- आवश्यक कानून निर्माण र नीति तर्जुमाः सूचना प्रविधिजन्य वस्तुहरूको आयात, निर्यात तथा गैरआवासीय नेपालीलाई सूचना प्रविधिजन्य उद्योग तथा वस्तुहरूको विकास एवं सेवा प्रबर्द्धन गर्न सहज बनाउन आवश्यक कानून तथा नीति तर्जुमा गर्ने ।

### १०. कार्यान्वयन व्यवस्था

सूचना प्रविधिको विकास तथा विस्तारलाई प्रभावकारी बनाउन हालको कार्यान्वयन परिमार्जन गर्दै लगिनेछ । सूचना प्रविधिको विकास र उपयोगको लागि संस्थागत सुदृढीकरणका साथै उपलब्ध जनशक्तिको उच्चतम परिचालन एवं उच्च मनोबल कायम गर्न सम्बद्ध कर्मचारीहरूलाई प्रोत्साहित गरिनेछ । त्यस्तै जनशक्तिको क्षमता अभिबृद्धिका लागि उपयुक्त तालिम प्रदान गरिनेछ ।

### ११. अनुगमन र मूल्याङ्कन

सूचना प्रविधिको क्षेत्रमा भएका उपलब्धिहरूलाई कार्य सम्पादन सूचकहरू तयार गरी तिनीहरूको आधारमा आवधिक रूपमा समीक्षा गरी मूल्याङ्कन गर्नुका साथै स्थलगत अध्ययन अवलोकन समेत गरिनेछ । सूचना तथा तथ्याङ्कहरूको अभिलेख तयार गरिनेछ । यसलाई अनुगमन तथा मूल्याङ्कनको एक सशक्त साधनको रूपमा उपयोग गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

१. सवै मन्त्रालय तथा केन्द्रीय निकायहरुको इलेक्ट्रोनिक डाटा सिंहदरवार स्थित Government Integrated Data Center मा भण्डारण भएको हुनेछ ।

२. १५ वटा सरकारी निकायहरूको Multimedia Content Development भएको हुनेछ ।

३. PKI Data center स्थापनाबाट विद्युतीय कारोवार नियमित हुनेछ ।

४. देशका अन्य विकास क्षेत्रहरूमा नयाँ IT Park स्थापनाका लागि सम्भाव्यता अध्ययन गरि प्रतिवेदन प्राप्त हुनेछ ।

५. सेवाग्राहीलाई प्रदान गरिने सेवाहरू सरल र भरपर्दो प्रदान गर्न ११ वटा Applications निर्माण गरिनेछ ।

## ६.७ भवन, आवास तथा शहरी विकास क्षेत्र

### १. पृष्ठभूमि

नेपालमा हाल करिव १९ प्रतिशत जनसंख्या शहरमा बसोबास गर्दछन् । सेवा, सुविधा र अवसरहरूको खोजी तथा शहरी क्षेत्रमा उपलब्ध शिक्षा र रोजगारीको अवसरको कारण शहरी क्षेत्रको जनसंख्या तीव्र वृद्धि हुँदै गएको छ । यसको परिणामस्वरूप शहरमा उपलब्ध सीमित सामाजिक र भौतिक पूर्वाधार सेवाहरूमा अतिरिक्त चाप पर्न गएको छ। काठमाडौ लगायत अन्य ठूला शहरहरू तथा नगरोन्मुख क्षेत्रहरूमा बढ्दै गएको जनसंख्याको चापलाई शहरी क्षेत्रको धारण क्षमता भित्र कायम राखी प्राकृतिक तथा साँस्कृतिक वातावरणमा सन्तुलन कायम गर्नु आवश्यक रहेको छ ।

न्यून आय भएका परिवार तथा ग्रामीण क्षेत्रमा छरिएर रहेको बस्तीलाई एकीकृत गरी सुविधायोग्य स्थानमा किफायती, सुरक्षित र पहुँचयोग्य आवास व्यवस्था गर्नु आवश्यक रहेको छ । यस सम्बन्धी आवश्यक नीति तर्जुमा गरी कार्यक्रम विस्तार गर्नु पर्ने देखिन्छ ।

### २. अद्यावधिक स्थिति

सन्तुलित क्षेत्रीय विकासको अवधारणा अनुरूप प्रमुख विकास कोरिडर वरिपरिका क्षेत्रीय, मध्यम र साना नगरहरूको विकास, नगरपालिका हुन नसकेका जिल्ला सदरमुकामको पूर्वाधारमा लगानी तथा घनावस्ती विकास गर्ने सोच अनुरूपका कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन ।

तीन वर्षीय अन्तरिम योजनामा काठमाडौं उपत्यका वाहिरी चक्रपथको ४० कि.मि. डि.पि. आर तयार गर्ने लक्ष्य रहेकोमा ४७ कि.मि. डि.पि.आर. तयार भएको, १२ नगरपालिकामा स्वस्थ्य शहर कार्यक्रम सञ्चालन गर्ने भनिएकोमा १३ वटामा सञ्चालन भएको, ३० नगरपालिकाको डिजिटल नक्सा तयार गर्ने लक्ष्य रहेकोमा २० वटा न.पा.को तयार भएको तथा उपत्यकाभित्र नगरोन्मुख गा.वि.स. क्षेत्रको Detail Digital Land Use Map तयार गर्ने लक्ष्य रहेकोमा आधार नक्सा तयार भएको छ । यसै गरी ८ वटा शहरहरूको पूर्वाधार विकास तथा वातावरणीय सुधार गर्ने भनिएकोमा ९ वटा शहरहरूमा गरिएको, १२ नगरपालिकामा आवधिक योजना तर्जुमा र ३० नगरको भौतिक विकास योजना तर्जुमा गर्ने लक्ष्य पूरा भएको, २५ जिल्लाको १/१ गा वि.स.मा नमुना पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा २० वटामा सञ्चालन भएको तथा २८ नगरोन्मुख गा.वि.स.को ढल तथा सडक सञ्जाल योजना तर्जुमा गर्ने भनिएकोमा २१ वटा गा.वि.स.को तयार भएको छ ।

जग्गा एकीकरणको माध्यमबाट १२ हजार घडेरी उपलब्ध गराउने भनिएकोमा ९९०० घडेरी उपलब्ध गराइएको तथा करिव १००० भवनको मर्मत तथा १५ वटा दरवार र स्मारकको मर्मत संभार कार्य गर्ने लक्ष्य रहेकोमा १०७५ भवनको मर्मत संभार गरिएको र १२ भवन प्रवलीकरण गर्ने लक्ष्य रहेकोमा १० वटा भवनहरूको प्रबलीकरण कार्य सम्पन्न भएको छ ।

### ३. समस्या तथा चुनौती

नगरपालिकाहरूले आवधिक योजना तर्जुमा गरी सो योजना बमोजिम मात्र विकास निर्माणका कार्यक्रमहरू कार्यान्वयनमा गर्नुपर्नेमा केही नगरपालिकाहरूबाट विनायोजना र विना प्राथमिकताका कार्यक्रमहरू सञ्चालन गरिरहनु, काठमाडौं उपत्यकाको विकासलाई व्यवस्थित र त्यसमा समन्वय गर्न

अधिकारसम्पन्न उच्चस्तरको निकायको अभाव रहनु, शहरी पूर्वाधार विकासमा नगर विकास कोषको लगानी पर्याप्त हुन नसक्नु, निजी क्षेत्रलाई जग्गा विकास तथा आवास निर्माणमा आकृष्ट गर्न कानूनी संरचनाको अभाव यथावत् रहनु, नगर विकास समितिहरू नीतिगत कार्यमा सीमित नरही योजना कार्यान्वयनतर्फ पनि उन्मुख हुंदा नगर विकास समिति र नगरपालिकाबीच द्वन्दको स्थिति रहनु, बसाइसराइको कारण बढ्दो जनसंख्याको अनुपातमा शहरी क्षेत्रमा पूर्वाधार विकास एवं विस्तार गर्नमा सम्वद्ध निकायहरूबीच (खानेपानी, विजुली, सडक, ढल, सञ्चार आदि) समन्वय गरी एकीकृत योजना तर्जुमा र कार्यान्वयन हुन नसक्नु, उपयुक्त भूउपयोग नक्सा बन्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

भौतिक योजना तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयबीच समन्वय गरी नगरपालिकाहरू र शहरी विकास तथा भवन निर्माण विभागबीच संस्थागत अन्तर्सम्वन्ध सबल पार्नु, आर्थिक रूपले पिछडिएका वर्गलाई आवासमा पहुँच पुर्‍याउनु तथा सार्वजनिक र निजी भवन निर्माणमा भवन संहिताको पालना अनिवार्य गराउनु यस क्षेत्रका प्रमुख चुनौती हुन । बस्ती विकास प्रोत्साहित क्षेत्र र निरूत्साहित क्षेत्र छुट्याएर व्यवस्थित बस्ती विकास गर्नु, अनियन्त्रित आवास तथा बस्ती विकासबाट पर्ने नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावको निराकरण गर्नु र निजी तथा सार्वजनिक स्तरमा निर्माण हुने भवनहरूलाई सुरक्षित बनाउनु पनि चुनौतीपूर्ण नै रहेको छ ।

## ४. दीर्घकालीन सोच

अनियन्त्रित शहरीकरणलाई भौतिक योजनाको माध्यमबाट व्यवस्थित गरी ग्रामीण क्षेत्रसँगको अन्तर्सम्बन्ध सुदृढ गर्ने, निजी क्षेत्र समेतको सक्रियतामा सबैका लागि औकात अनुसारको सुरक्षित आवासको व्यवस्था गर्ने तथा सार्वजनिक तथा निजी भवनलाई यथासम्भव स्थानीय प्रविधि र निर्माण सामग्री मैत्री बनाई सुरक्षित एवम् किफायती बनाउने ।

## ५. उद्देश्य

भवन - सुरक्षित, किफायती तथा वातावरण अनुकूलको सार्वजनिक तथा निजी भवनहरू निर्माण तथा विकास गर्ने ।

आवास - सवै आयवर्गको लागि उपयुक्त, सुरक्षित र किफायती आवासको व्यवस्था गरी व्यवस्थित बसोबासको प्रबर्द्धन गर्ने ।

शहरी विकास - सुरक्षित, स्वच्छ र आर्थिक रूपमा गतिशील शहरहरूको विकास गर्ने एवं शहरीकरण तथा आधारभूत शहरी सेवाबीच सामाञ्जस्यता स्थापित गरी सन्तुलित राष्ट्रिय शहरी स्वरूपको विकास गर्ने ।

## ६. रणनीति

१ नमूना भवनहरूको प्रबलीकरण गर्ने, आवश्यक तालिम प्रदान गरी भवन संहिताको पालना गर्न सक्षम जनशक्तिको उत्पादन गर्ने तथा यस सम्बन्धी जनचेतना बढाउने ।

२. सुरक्षित, किफायती तथा वातावरण अनुकूलका आवासहरूको विकास गरी समाजका कमजोर वर्गलाई आवास सुविधा उपलब्ध गराउने ।

३. क्षेत्रीय (ठूला) शहरहरू तथा मझौला शहरहरूका आधारभूत सामाजिक, आर्थिक पूर्वाधारहरूमा शहरको मौलिक पहिचानलाई समेत दृष्टिगत गरी सरकारी लगानीलाई निर्देशित गर्दै निजीक्षेत्रको लगानी आकृष्ट गर्ने ।

४. यस क्षेत्रमा सार्वजनिक निजी साझेदारीलाई प्रबर्द्धन गर्ने ।

## ७. कार्यनीति

१.१ भवनहरू गुणस्तरीय, किफायती एवं सुरक्षित बनाउन राष्ट्रिय भवन संहिताको पालना अनिवार्य गर्नुका साथै सीपयुक्त कालिगढ तथा प्राविधिकहरू उत्पादन गरिनेछ ।

१.२ अग्ला भवन निर्माणको कार्यलाई समसामयिक तथा प्रभावकारी बनाउन नियमन गरिनेछ ।

२.१ सामुदायिक बस्ती तथा निजी आवासहरू स्वस्थ एवं सुरक्षित हुने गरी विकास गर्नको लागि मापदण्डहरू निर्धारण गरिनेछन् ।

२.२ जग्गा विकासको माध्यमबाट ग्रामीण बस्ती विकासलाई व्यवस्थित गरिनेछ ।

२.३ समाजका कमजोर वर्गलाई आवास सुविधा पुऱ्याउन वातावरणमैत्री तथा किफायती आवास सेवा विस्तार गरिनेछ ।

२.४ सार्वजनिक निजी साझेदारी र सहकारीको माध्यमबाट आवास तथा बस्तीहरूको विकास गरिनेछ ।

३.१ प्रमुख लोकमार्ग, मध्यपहाडी मार्ग तथा आर्थिक विकासको दृष्टिकोणले महत्त्वपूर्ण अन्य मार्गहरूको निकटमा व्यवस्थित शहर तथा वस्तीहरूको विकास गरिनेछ ।

३.२ दिगो तथा व्यवस्थित शहरी विकास योजना तथा बस्ती विकास कार्यक्रम लागु गरिनेछ ।

३.३ शहरी विकाससंग सम्बद्ध पात्रहरूका बीचमा कार्यगत समन्वय अभिवृद्धि गरिनेछ ।

३.४ यस क्षेत्रमा आवश्यक अनुसन्धान समेत गर्न सक्ने गरी स्थानीय निकाय एवं केन्द्रीय सरकारी अङ्गहरूको संस्थागत क्षमताको विकासका साथै नियमन प्रणाली सुदृढ गरिनेछ ।

३.५ ठूला क्षेत्रीय र छानिएका साना शहरहरूको एकीकृत पूर्वाधार विकास गरिनेछ ।

३.६ स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय, नागरिक समाज तथा दातृ निकायहरूसँग समन्वय एवं सहकार्य गरी सबै नगरपालिकाहरूको नगर प्रोफाइल, स्रोतनक्सा तथा आवधिक योजना तर्जुमा कार्य सम्पन्न गरिनेछ ।

३.७ शहरी क्षेत्रमा आवश्यक ठूला पूर्वाधार विकास तथा आवास बस्ती विकासका लागि लगानी योजना तयार गरिनेछ ।

३.८ शहरी पूर्वाधार विकास र शहरी सुशासनको कार्यलाई एकीकृत र समन्वयात्मक रूपमा सम्पादन गर्न छुट्टै उपयुक्त संस्थागत संयन्त्रको निर्माण गरिनेछ ।

३.९ नगरपालिका नबनेका जिल्ला सदरमुकामहरूमा आवश्यक भौतिक र सामाजिक पूर्वाधार तयार गरिनेछ ।

३.१० नगरपालिका र नगरउन्मुख गा.वि.स.हरूको भू उपयोग योजना तयार पारी बस्ती विकास प्रोत्साहित क्षेत्र र निरूत्साहित क्षेत्र छुट्याई व्यवस्थित बस्ती विकास र प्राकृतिक संरक्षणलाई संगसँगै अघि बढाइनेछ ।

३.११ उपत्यकाका नदीहरूलाई हराभरा र स्वच्छ बनाउन नमूना परियोजनाको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

३.१२ राष्ट्रिय शहरी पूर्वाधार लगानी नीति तर्जुमा गरी लागु गरिनेछ ।

४.१ सार्वजनिक निजी साझेदारी र सहकारीको विद्यमान् व्यवस्थालाई आवश्यकता अनुसार परिष्कृत गर्नुका साथै संस्थागत संरचना स्थापित गरी कम्तीमा तीनवटा नगरपालिकाहरूमा ठूला बसपार्क, मनोरञ्जन पार्क, सूचना तथा सञ्चार पार्क, पूर्ण वित्तीय कारोवार क्षेत्र जस्ता आर्थिक सरंचनाको विकासका साथै रणनीतिक महत्त्वका विशेष शहरी पूर्वाधार विकास सम्बन्धी कार्यहरू गरिनेछ ।

४.२ शहरी पूर्वाधार निर्माणको लागि निजी क्षेत्र र स्थानीय निकायलाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारी ऐन (स्थानीय निकायको लागि) तर्जुमा गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|
| **भवन कार्यक्रम** | | |
| १ | सिंहदरवार पुनर्निर्माण कार्यक्रम | केन्द्रीय सचिवालयभित्र सबै मन्त्रालय तथा संसद् भवन निर्माण |
| २ | सरकारी भवन निर्माण कार्यक्रम | ३० वटा नयाँ सरकारी कार्यालय भवन निर्माण गर्ने,<br>१ वटा अन्तर्राष्ट्रिय तथा १२ वटा स्थानीय स्तरको सामुदायिक भवन निर्माण गर्ने, |
| ३ | सरकारी भवन मर्मत कार्यक्रम | १५०० वटा विभिन्न सरकारी भवनहरूको मर्मत सम्भार गर्ने,<br>१५ वटा दरवार परिसरहरूको मर्मत सम्भार गर्ने । |
| ४ | भवन संहिता कार्यक्रम | १२ वटा भवनलाई भूकम्प प्रतिरोधी बनाउन प्रवलीकरण गर्ने,<br>२५०० जनालाई विभिन्न किसिमको तालिम प्रदान गर्ने, । |
| **आवास कार्यक्रम** | | |
| १ | आवास विकास कार्यक्रम | २० वटा अव्यवस्थित वस्तीहरूमा आवास स्तरोन्नति गर्ने,<br>७००० न्यून लागतको जनता आवास विकास गर्ने,<br>नमूनाको रूपमा २ वटा कर्मचारी आवास गृह निर्माण गर्ने,<br>प्रत्येक विकास क्षेत्रमा कम्तीमा १/१ वटा एकल महिला, वालक, वृद्ध तथा अशक्तहरूको लागि आवास भवन निर्माण गर्ने । |
| ३ | प्रकोपपीडित आवास व्यवस्थापन | विभिन्न प्रकोपका कारण विस्थापित भएका ६०० परिवारलाई तात्कालिक राहत तथा अस्थायी आवास सुविधा प्रदान गर्ने, |
| **शहरी विकास कार्यक्रम** | | |
| १ | सघन शहरी विकास कार्यक्रम | शहरी नीति अनुरूप महत्त्वपूर्ण कोरिडरमा रहेका ३ वटा क्षेत्रीय र ७ वटा मध्यम तथा साना शहरहरूको पूर्वाधार विकास गर्ने । |
| २ | काठमाडौं उपत्यका विकास कार्यक्रम | बाहिरि चक्रपथको डि.पि.आर. पूरा गर्ने,<br>५ वटा नगरपालिका र ५ वटा गा.वि.स.मा विभिन्न एकीकृत पूर्वाधार विकास गर्ने |
| ३ | एकीकृत शहरी तथा वातावरणीय सुधार आयोजना | १० वटा छानिएका नगरपालिकाहरूमा एकीकृत पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्ने,<br>९ नगरपालिकामा हाल सञ्चालित एकीकृत पूर्वाधार विकास योजना पूरा गर्ने । |
| ४ | भौतिक विकास योजना | ५८ वटै नगरपालिकाहरूको आवधिक योजना पूरा गर्ने,<br>२५ वटा साना शहर/बजार केन्द्रको भौतिक विकास योजना तर्जुमा गर्ने,<br>योजना तर्जुमा भइसकेका २५ वटा शहरहरूमा पूर्वाधार विकासको सम्भावना अध्ययन गरी डि.पि.आर. तयार गर्ने,<br>६ वटा नगरपालिकाहरूको शहरी म्यापिङ्ग पूरा गर्ने । |
| ५ | साना शहर तथा बजार केन्द्र विकास कार्यक्रम | ५ वटा साना शहर र १५ नमूना गाउंको एकीकृत भौतिक पूर्वाधार विकास गर्ने,<br>६ वटा घनावस्ती विकास गर्ने । |
| ६ | शहरी वातावरण सुधार कार्यक्रम | १० वटा नगरपालिकाहरूमा स्वस्थ शहर सम्बन्धी कार्य गर्ने,<br>१० वटा नगरपालिकाहरूमा हरियाली विकास र पानीको स्रोत संरक्षण गर्ने,<br>४० वटा नगरपालिकाहरूमा नमूनाको रूपमा वर्षात्को पानी सङ्कलन गर्ने । |
| ७ | शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम | ६ नगरपालिकाहरूको पूर्वाधार विकास गर्ने,<br>६ वटा नगरपालिकाको शहरी सुशासन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने । |
| ८ | नयाँ नगर विकास कार्यक्रम | मध्य पहाडी लोकमार्गमा पर्ने १० वटा नयाँ नगर विकास गर्ने । |
| ९ | रणनीतिक महत्त्वका विशेष आयोजना कार्यक्रम | विराटनगर चक्रपथमा ४२ कि.मि. ट्र्याक खोली चौथाइ भागमा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने । |
| १० | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास कार्यक्रम | २५ वटा धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वका स्थलहरूको परिसरमा भौतिक सुधार पूर्वाधार विकास गर्न गुरूयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने । |

## ९. प्रमुख कार्यक्रम

- सिंहदरवार पुनर्निर्माण कार्यक्रमः सिंहदरबार केन्द्रीय प्रशासनिक एकाइको गुरूयोजना अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
- सरकारी भवन निर्माण कार्यक्रमः विभिन्न सरकारी भवन निर्माण गर्ने र सरकारी/सामुदायिक भवन प्रबलीकरणबाट भुकम्पीय जोखिम कम गर्ने ।
- नगर विकास कोषमा सबै नगरपालिकाहरूको स्वामित्व रहने गरी पुनर्संरचना गरिनेछ। नगरपालिकाहरूको भौतिक पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाहरूमा खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकीकृत शहरी तथा वातावरणीय सुधार आयोजनाः नगरपालिकाहरूमा वातावरण सुधार कार्यक्रम कार्यान्वयन एवं शहरी पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- साना शहर तथा बजार केन्द्र विकास कार्यक्रम साना शहर एवं ग्रामीण क्षेत्रमा पूर्वाधार निर्माण सुधारका कार्यक्रम सञ्चालन गनिरेछ ।
- गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भहरू निर्माण ।
- विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास कार्यक्रमः धार्मिक, साँस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण विशेष स्थानहरूमा भौतिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- एकीकृत बस्ती विकास कार्यक्रमः नगरपालिका नभएका जिल्ला सदरमुकामहरूको एकीकृत पूर्वाधार विकास एवं नमूना गाउँ विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

## १०. कार्यान्वयन संयन्त्र

वैदेशिक लगानी हुने आयोजनाहरू सञ्चालनको लागि पृथक् आयोजना कार्यालयहरू स्थापना गरिनेछन् । काठमाडौं उपत्यकाको एकीकृत विकासको लागि उपयुक्त संरचनाको स्थापना गरिनेछ । शहरी विकास सम्बन्धी कार्यहरू हाल भौतिक योजना तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालय अन्तर्गतका भिन्दाभिन्दै निकायहरूबाट समानान्तर रूपमा सम्पादन भैरहेकोमा एकीकृत ढङ्गबाट सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

## ११. अनुगमन र मूल्याङ्कन

आयोजनाहरूको हरेक चरणमा प्रभावकारी कार्यान्वयन भए नभएको मूल्याङ्कनका लागि केही आयोजनाहरूको प्राविधिक परीक्षण गरिनेछ । सञ्चालित आयोजनाहरूको तेस्रो पक्षबाट अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

## १२. अपेक्षित उपलब्धि

१. प्रत्येक विकास क्षेत्रमा कम्तीमा १/१ वटा आवास भवन निर्माण भएको हुनेछ ।
२. जनता आवास कार्यक्रम अन्तर्गत ७००० न्यून लागतका आवास भवनहरू निर्माण भएका हुनेछन् ।
३. २० वटा अव्यवस्थित वस्तीमा आवास स्तरोन्नति तथा ६०० हेक्टर जग्गा विकास कार्यक्रम सञ्चालन भएको हुनेछ ।
४. हरेक विकास क्षेत्रमा एकएक गरी हाललाई तीन वटा क्षेत्रीय शहरहरू निर्माण भएको हुनेछ ।
५. उत्तर-दक्षिण तथा मध्य पहाडी लोकमार्ग मिलन क्षेत्र निकटमा मध्यम तथा साना शहर गरी कुल दशवटा शहरहरूको एकीकृत पूर्वाधार विकास भएको हुनेछ ।
६. सबै नगरपालिकाहरूको प्रोफाइल, स्रोत नक्सा र आवधिक योजना तर्जुमा कार्य सम्पन्न हुनेछ ।

# ६.८ विज्ञान तथा प्रविधि

## १.पृष्ठभूमि

राष्ट्रको सर्वाङ्गीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोग अपरिहार्य हुन्छ । खास गरी जनताको आधारभूत आवश्यकता परिपूर्ति, गरीबी न्यूनीकरण, आयमूलक कार्य, प्राकृतिक स्रोत तथा साधनहरूको परिचालन आदिलाई दिगो तथा किफायती तरिकाबाट प्रयोग गर्ने लगायत कानूनी राज्यको दायित्व पूरा गर्ने कार्यमा विज्ञान तथा प्रविधिको प्रयोग हुनुपर्ने देखिन्छ । उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, भौतिक पूर्वाधारको दिगो विकास गर्न तथा विभिन्न आपराधिक क्रियाकलापको अनुसन्धानमा सहजता ल्याउन समेत विज्ञान तथा प्रविधि क्षेत्र अन्तर्गत आवश्यक अनुसन्धानलाई अगाडि बढाउनु जरूरी हुन्छ ।

विज्ञान तथा प्रविधिका क्षेत्रमा भएका महत्त्वपूर्ण उपलब्धिहरूमा पहुँच बढाउन र राष्ट्रिय आवश्यकता अनुरूप सो को उपयोग गर्न व्यावहारिक अनुसन्धान तथा विकास, अन्तरिक्ष प्रविधि, परमाणु प्रविधि तथा जैविक प्रविधि जस्ता आधुनिक प्रविधिहरूको विकास तथा स्थानीय प्रविधिको प्रबर्द्धन, उपयोग र सो को लागि स्तरीय एवं दक्ष जनशक्ति विकास गर्ने तर्फ ध्यान दिनु पनि त्यत्तिकै जरूरी छ । नेपाल International Atomic Energy Agency (IAEA), Comprehensive Test Ban Treaty (CTBT), Organization for the Prohibition of Chemical Weapons (OPCW), International Centre for Genetic Engineering and Biotechnology (ICGEB) लगायतका अन्तर्राष्ट्रिय सङ्गठनहरूको सदस्य भएको नाताले सिर्जना हुने दायित्वलाई पूरा गर्न पनि विज्ञान तथा प्रविधि क्षेत्रको विकास महत्त्वपूर्ण रहेको छ ।

## २. अद्यावधिक स्थिति

तिन वर्षीय योजनामा भएका नीतिगत तथा संस्थागत प्रयासका कारण विज्ञान प्रविधिको विकास एवं विस्तारमा केही उपलब्धिहरू भएका छन् । नीतिगत तथा संस्थागत संरचना निर्माण तर्फ राष्ट्रिय परमाणु नीति २०६४ र सूचना प्रविधि नीति २०६७ तयार भएको छ । Country Program Framework तयार गरी IAEA मा पठाउने कार्य भैरहेको छ । विधि विज्ञान सेवाको विस्तार र स्थानीय प्रविधिको प्रबर्द्धन तर्फ मानव अवशेष (हाडखोर, रौं) आदिबाट Deoxyribonuclic acid (DNA) परीक्षण सेवा शुरू भएको छ । लागु औषध र विषादि परीक्षणको गुण स्तरमा सुधार, Video Spectral Comparison (VSC) 6000 को व्यवस्था भएको छ । ग्रामीण प्रविधिको प्रबर्द्धन सम्बन्धी प्रदर्शनी तथा नमुना वायो भिलेज स्थापना गरिएको छ । विज्ञान संग्रहालय भवन र NAST अन्तर्गत वैज्ञानिक प्रयोगशाला भवनको निर्माण सम्पन्न भएको छ । जल तथा मौसम विज्ञान सेवालाई भरपर्दो बनाउने कार्यलाई निरन्तरता दिइएको छ ।

## ३. समस्या तथा चुनौती

उपयुक्त प्रविधिको पहिचान, विकास, अनुसन्धान तथा प्रयोग हुन नसक्नु, यस क्षेत्रमा कार्यरत निकायहरूबीच कार्यक्षेत्रको दोहोरोपना, अस्पष्टता, संस्थागत सम्बन्धन तथा एकीकृत कार्य संरचनाको अभाव, संस्थागत संरचनाको अपर्याप्तता, प्रभावकारी समन्वय नहुनु, व्यवहारमुखी अनुसन्धान हुन नसक्नु तथा अनुसन्धानबाट प्राप्त नतिजालाई व्यवसायीकरण गर्न नसक्नु, निजीक्षेत्रबाट यस क्षेत्रलाई लाभदायी क्षेत्रका रूपमा नलिइनु, सरकारी लगानी पर्याप्त नहुनु, प्रतिभा पलायन, भएका अनुभवी वैज्ञानिकलाई समेत भौतिक संसाधन उपलब्ध गराई अनुसन्धान कार्यमा उत्प्रेरित गर्न नसक्नु, पर्याप्त वैज्ञानिक तथा अनुसन्धानमूलक प्राविधिक जनशक्तिको अपर्याप्तता र प्रयोगशालाको संख्या, भौतिक अवस्था तथा औजार उपकरणको अपर्याप्तता आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

विज्ञान तथा प्रविधिका क्षेत्रमा जनचासो अभिवृद्धि गर्नु, स्थानीय एवं मौलिक प्रविधिहरूको पहिचान गरी अध्ययन अनुसन्धान गर्नु र आवश्यकता अनुसार तिनको संरक्षण गर्नु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र प्रयोगद्वारा राष्ट्रिय आवश्यकताको परिपूर्ति गर्ने एवं नेपालको अन्तर्राष्ट्रिय पहिचान बनाउने ।

## ५. उद्देश्य

विज्ञान तथा प्रविधिको समुचित विकास, अनुसन्धान तथा प्रयोग गरी सोको माध्यमद्वारा विकास निर्माण तथा स्रोत साधनको उपयोगमा जोड दिंदै गरीबी न्यूनीकरण, वातावरण संरक्षण, प्राकृतिक प्रकोप न्यूनीकरण तथा रोजगारीका अवसरहरू विस्तार गरी जनताको जीवनस्तर उकास्ने ।

## ६. रणनीति

१. विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा विकासमा थप जोड दिने ।

२. आधुनिक तथा उपयुक्त प्रविधि र स्थानीय प्रविधिहरूको पहिचान तथा विकास गरी सो को उपयोगलाई प्रोत्साहित गर्ने ।

३. विकसित प्रविधिको प्रयोगबाट लाभ तथा रोजगारी अभिवृद्धि हुने क्षेत्र पहिचान गरी उपयोग गर्ने ।

४. विज्ञान तथा प्रविधिको विकासका लागि सार्वजनिक निजी साझेदारीमा जोड दिने ।

५. प्रयोग भइरहेका प्रविधिहरूको कार्यान्वयनलाई सहजीकरण गर्ने तथा पूर्वाधार संरचनाहरू दिगो, वातावरणमैत्री, सुरक्षित तथा किफायति बनाउने ।

६. प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनको कारणले परेका प्रभावहरू न्यूनीकरण गर्न पूर्व सूचना प्रणाली संयन्त्रको विकास गर्ने ।

७. विज्ञान प्रविधिको क्षेत्रमा जनशक्तिको संस्थागत विकास तथा आवश्यक कानुन निर्माणमा जोड दिने ।

८. विज्ञान प्रविधिसंग प्रत्यक्ष रूपमा सम्बन्धित निकायहरूलाई विज्ञान तथा प्रविधि मन्त्रालयको छाताभित्र समाहित गर्ने ।

## ७. कार्यनीति

१.१ अन्तर्राष्ट्रिय स्तरमा रहेका प्रचलित प्रविधि (Bio-technology, Information Technology, Nano Technology, Nuclear Technology आदि) लाई अध्ययन अनुसन्धान गरी मुलुकको हित हुने प्रविधि प्रयोगमा ल्याइनेछ ।

१.२ राष्ट्रिय अन्तरिक्ष विज्ञान तथा प्रविधि केन्द्र, परमाणु प्रविधि केन्द्र र जैविक प्रविधि केन्द्रको स्थापना तर्फ कार्य शुरू गरिनेछ ।

१.३ उच्चस्तरीय वेधशाला, प्लानेटोरियम तथा विज्ञान संग्रहालयलाई राष्ट्रिय/ अन्तर्राष्ट्रिय आवश्यकता अनुरूप उपयोग गरिनेछ ।

१.४ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको संस्थागत विकासका लागि ठोस कार्यक्रम ल्याइनेछ ।

१.५ विज्ञान तथा प्रविधि विषयमा अनुसन्धानवृत्ति प्रदान गरिनेछ ।

१.६ विधि विज्ञान प्रयोगशालाको कार्यलाई भरपर्दो तथा थप प्रभावकारी बनाइनेछ ।

२.१ प्रविधि सूचना तथा हस्तान्तरण कार्य अगाडि बढाउने तर्फ आवश्यक कार्य गरिनेछ ।

२.२ उपयुक्त प्रविधिको विकासमा योगदान गर्ने व्यक्ति/संस्था/निकायलाई प्रोत्साहित गरिनेछ ।

२.३ स्थानीय प्रविधिको संरक्षण र प्रयोगमा जोड दिंदै परम्परागत प्रविधिको संरक्षण तथा आधुनिकीकरण गरिनेछ ।

२.४ विज्ञान तथा प्रविधि प्रदर्शनीका माध्यमबाट विज्ञान तथा प्रविधिको प्रचार प्रसार र प्रबर्द्धन गरिनेछ ।

३.१ आधुनिक प्रविधिजन्य उद्योगहरूमा लगानी आकर्षित गरी रोजगारी सिर्जना गरिनेछ ।

४.१ विज्ञान प्रविधि क्षेत्रलाई व्यवस्थित गर्दै सरकारी तथा निजीक्षेत्रको सहकार्यमा जोड दिइनेछ ।

४.२ विज्ञान तथा प्रविधिको विकासका लागि अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध विस्तार गरी सहयोग परिचालन गरिनेछ । अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त गर्नसकिने प्राविधिक तथा वित्तीय सहयोगको प्रभावकारी उपयोग गरिनेछ ।

५.१ प्राविधिकहरूका लागि आवश्यक दस्तावेजहरू (Code & Specification) तयार गर्न निकायगत सवलीकरण गरिनेछ ।

६.१ प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारणले परेका प्रभाव न्यूनीकरण गर्न पूर्वसूचना प्रणाली संयन्त्रको विकास गरी धन-जनको सुरक्षा गरिनेछ ।

७.१ विज्ञान तथा प्रविधि सम्बन्धी जनशक्ति विकास गर्न क्षेत्रगत विशेषज्ञ संस्थाहरूको स्थापना तथा विकास गर्दै लगिनेछ ।

७.२ अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप राष्ट्रिय कानूनहरू निर्माण गरी सो को प्रबर्द्धनात्मक तथा नियमनकारी कार्यका लागि संस्थाको स्थापना गरिनेछ ।

७.३ विद्यालय तथा कलेज स्तरमा विज्ञान शिक्षालाई प्रभावकारी बनाइनेछ ।

८.१ विज्ञान तथा प्रविधि क्षेत्रसंग सम्वन्धित संस्थाहरूको पुनर्संरचना गरी स्पष्ट रूपमा कार्यक्षेत्र निर्धारण गरिनेछ

## ८. परिमाणात्मक लक्ष्य

| क्र.स. | विवरण | २०६६/ ०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | उपयुक्त र ग्रामीण प्रविधिको प्रबर्द्धन सम्बन्धी प्रदर्शनी गर्ने | ग्रामीण प्रविधिको प्रबर्द्धन सम्बन्धी प्रदर्शनी तथा नमुना वायो भिलेज स्थापना गरिएको छ | ५ लाख सर्वसाधारणबाट अवलोकन हुने गरी प्रदर्शनी गर्ने |
| २ | विधि विज्ञान सम्बन्धी परीक्षण | मानव अवशेष (हाडखोर, रौं) आदिबाट DNA परीक्षण सेवा शुरू भएको । लागु औषध र विषादि परीक्षणको गुण स्तरमा सुधार, Video Spectral Comparison (VSC) 6000 को व्यवस्था भएको छ । | २००० वटा केस तथा नमूना परीक्षण सम्पन्न गर्ने |
| ३ | विज्ञान तथा प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान प्रतिवेदन | वैज्ञानिक प्रयोगशाला भवन तयार भएको तथा जल तथा मौसम विज्ञान सेवालाई भरपर्दो बनाउने कार्य निरन्तर भएको । | ३० वटा प्रतिवेदन तयार गर्ने, |

## ९. प्रमुख कार्यक्रम

- विज्ञान तथा प्रविधि प्रवर्द्धनः- स्थानीय प्रविधिहरूको विकास र सम्वर्द्धनका लागि सरोकारवालाहरूको सहभागितामा प्रदर्शनी लगायत जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- संस्थागत सुदृढीकरण र विकासः- विद्यमान् संस्थाहरूको सुदृढीकरण गर्नुका साथै Space science and technology center, Nuclear technology center र Biotechnology research Center को स्थापना गर्नेतर्फ प्रारम्भिक कार्य गर्ने ।
- नमुना वायो भिलेजः- देशका विभिन्न भौगोलिक क्षेत्रहरूमा जैविक विविधतामा आधारित नमूना वायो भिलेजहरू स्थापना गर्दै लाने ।
- Bio Informatic सम्बन्धी डाटावेस तयार गर्ने ।
- अनुसन्धान तथा विकासः- विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान वृत्तिको व्यवस्था गर्ने । विज्ञान तथा प्रविधिको प्रबर्द्धन गर्न सहयोगी कार्यक्रमहरू सञ्चालन गर्ने । विज्ञान र प्रविधिका क्षेत्रमा योगदान गर्ने वैज्ञानिक तथा प्राविधिकहरूलाई पुरस्कृत एवं सम्मान गर्ने । विज्ञान र प्रविधि सम्बन्धी विविध क्षेत्रमा अध्ययन अनुसन्धान गरी प्राप्त खोज एवं नतिजाहरूलाई सार्वजनिक गर्ने ।

- अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग अभिवृद्धिः- विज्ञान तथा प्रविधिका क्षेत्रमा अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगमा विस्तार गर्दै जाने र अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रतियोगिताहरूमा नेपालको सहभागिता वृद्धि गर्ने ।
- विज्ञान सङ्ग्रहालय स्थापनाः- विज्ञान सङ्ग्रहालयको स्थापना गरी सञ्चालन गर्ने, पृथ्वीमा खसेका आकाशीय पिण्डहरूको अध्ययन गर्ने, अन्तर्राष्ट्रिय विज्ञान तथा प्रविधि सम्बन्धी स्कूलको आयोजना गर्ने । कस्मिक रे वेधाशाला र मेटियर सावर वेधाशाला स्थापना गर्ने तर्फ प्रारम्भिक कार्य गर्ने ।
- विधि विज्ञान सम्बन्धीः- विधि विज्ञान प्रयोगशाला सुदृढीकरण गर्ने क्रममा Forensic Sample मा DNA परीक्षण गर्ने र Mitochondrial DNA परीक्षण सेवा पनि शुरू गर्ने । अत्याधुनिक Gas chromatography (GC) Head Space प्रविधिबाट मादक पदार्थको मात्रा परीक्षण, त्यस्तै High-performance liquid Chromatography (HPLC) प्रविधिबाट लागू पदार्थ दुर्व्यसनीहरूको पहिचान उपचार एवं अन्य आकस्मिक विरामीहरूको उपचारमा सहयोग पुऱ्याउने । नेपालका प्रमुख जातिहरूको DNA Profile database तयार गरिनेछ । प्रयोगशाला भवनको सुरक्षा प्रबन्ध गर्ने ।
- विज्ञान प्रयोगशालाः- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान अन्तर्गत राष्ट्रियस्तरको वैज्ञानिक प्रयोगशाला सञ्चालनका लागि आवश्यक पर्ने प्रयोगशाला उपकरण तथा जनशक्तिको व्यवस्था गर्ने तथा अध्ययन अनुसन्धानलाई निरन्तरता दिने ।

### १०. कार्यान्वयन व्यवस्था

विज्ञान तथा प्रविधिको विकास तथा विस्तारलाई प्रभावकारी बनाउन हालको कार्यान्वयन पद्धतिमा आवश्यकता अनुसार सुधार एवं परिमार्जन गर्दै लगिनेछ । विज्ञान र प्रविधिको विकास र उपयोगका लागि संस्थागत सुदृढीकरणका साथै उपलब्ध जनशक्तिको उच्चतम परिचालन एवं उच्च मनोबल कायम गर्न वैज्ञानिक एवं प्राविधिकहरूलाई प्रोत्साहन गरिनेछ । त्यस्तै जनशक्तिको क्षमता अभिवृद्धिका लागि उपयुक्त तालिम प्रदान गरिनेछ ।

### ११. अनुगमन तथा मूल्याङ्कन

विज्ञान तथा प्रविधिको क्षेत्रमा भएका उपलब्धिहरूलाई कार्य सम्पादन सूचकहरू तयार गरी तिनीहरूको आधारमा आवधिक रूपमा समीक्षा गरी मूल्याङ्कन गर्नुका साथै स्थलगत अध्ययन अवलोकन समेत गरिनेछ । विज्ञान प्रविधि सम्बन्धी सूचना तथा तथ्याङ्कहरूको (Database) अभिलेख अद्यावधिक गरिनेछ । यसलाई अनुगमन तथा मूल्याङ्कनको एक सशक्त साधनको रूपमा उपयोग गरिनेछ ।

### १२. अपेक्षित उपलब्धि

देशका विभिन्न भौगोलिक क्षेत्रमा ६ वटा नमूना वायो भिलेज स्थापना हुनुका साथै नेपालका प्रमुख जातिहरूको करिव २०० जनाको DNA Profile Database तयार हुनेछ ।

## ६.९ वातावरण तथा जलवायु परिवर्तन

### १. पृष्ठभूमि

नेपालमा वातावरण सम्बन्धी सवाल छैंठौ पञ्चवर्षीय योजनादेखि सम्वोधन हुँदै आएको छ । वातावरणीय विषयहरू सम्वन्धित नीति, राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरूमा प्रतिविम्वित भएका छन् । त्यसलाई अनुशरण गर्दै विकराल बन्दै गएको वातावरणीय तथा जलवायु परिवर्तनको समस्यालाई हृदयङ्गम गरी विकासका कार्यक्रमलाई निरन्तरता दिनु अपरिहार्य भएको छ । वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्दै लैजाने, ओजोन तहलाई नाश गर्ने पदार्थहरूको पैठारीमा रोक लगाउने,

वायु प्रदूषणको न्यूनीकरण, दिर्घाई विषादिको सुरक्षित विसर्जन गर्ने एवं वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यले विगतदेखि नै उचित महत्त्व पाउँदै आएको छ । वातावरण तथा जलवायु परिवर्तनका समस्याको जड पत्ता लगाइ न्यूनीकरणका उपायहरूको छनोट गर्न सहरी तथा ग्रामीण क्षेत्रका वातावरणीय सवालहरूको मूल्याङ्कन गर्नु अपरिहार्य हुन्छ । जलवायु परिवर्तनबाट पर्नसक्ने प्रतिकूल प्रभावलाई सम्बोधन गर्न राष्ट्रिय तहका विभिन्न कार्यक्रमहरू आरम्भ भइसकेका छन् । यी मध्ये जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापन क्षमता अभिवृद्धिका लागि प्राविधिक सहायता, राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) कार्यान्वयन भै रहेको र जलवायु उत्थानशिलता अभिवृद्धिका लागि Strategic Program for Climate Resilience-SPCR तयारीको क्रममा रहेको छ ।

## २. समस्या तथा चुनौती

स्वीकृत मापदण्डको पालना लगायत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको कार्यान्वयन सम्बन्धमा अनुगमन व्यवस्था प्रभावकारी नहुनु, संस्थागत क्षमता अपेक्षाकृत रूपमा सुदृढ नहुनु, अन्तर्मन्त्रालय समन्वय सुदृढ नहुनु, विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रमसंग वातावरण सम्बन्धी नीति तथा कार्यक्रमको तालमेल नहुनु जस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन् ।

वातावरणीय व्यवस्थापनका अवधारणालाई विकेन्द्रीकृत कार्यक्रमहरू मार्फत् स्थानीय स्तरसम्म पुऱ्याउने, जलवायु परिवर्तनका कारण सिर्जित समस्यालाई समाधान गर्न सरकारी तथा गैरसरकारी निकायहरूवीच समन्वय कायम गर्ने र वातावरण क्षेत्रमा तयार भइरहेको जनशक्तिको अधिकतम उपयोग गर्दै वातावरण व्यवस्थापनको प्रभावकारी अनुगमन गर्ने कार्य यस क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

## ३. अद्यावधिक स्थिति

गैर सरकारी क्षेत्र, स्थानीय निकाय एवम् समुदायको भूमिकामा व्यापक विस्तार गर्ने कार्य भएको छ । वातावरया र प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन भएको छ । ठूला आयोजनाको वातावरणीय प्रभाव मल्याङ्कन र वातावरणीय अनुगमन एव परीक्षणलाइ आन्तरिकीकरण गर्दै वातावरणीय परीक्षणलाई संस्थागत गर्न गत योजना अवधिमा ३५ वटा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन भयो । हाल सम्म १०९ वटा ठूला आयोजनाको वातावरणीय प्रभाव मल्याङ्कन सम्पन्न भएको छ । सहरी क्षेत्रका नदिहरूको प्रदूषण न्यूनीकरण तथा दिर्घाइ विषादिहरूको सुरक्षित विसर्जन गर्न राष्ट्रिय मापदण्डहरूको निर्धारण भइ कार्यान्वयन भैरहेको छ । फोहरमैला बिसर्जनस्थल र hazardous waste सम्बन्धी निर्देशिका तयार गरिएको छ । जैविक दीर्घाई विषादिहरूको सुरक्षित विसर्जनकालागि दातृ संस्थासंग सहयोग सहमतिमा हस्ताक्षर भएको छ । राष्ट्रिय महत्त्वका सम्पदाको संरक्षण गर्न ८० भन्दा बढी स्थानमा सम्पदा संरक्षण कार्य सम्पन्न भएको छ । सहरी क्षेत्रको ध्वनि, वायु र जल प्रदूषण कम गर्न मापदण्डहरू निर्धारण तथा कार्यान्वयनकालागि प्रारूप तयार गर्नुका साथै सवारी प्रदूषण अनुगमन, र कोइलाको गुणस्तरको मापदण्ड तयार गर्न अवधारणापत्र तयार भएको छ । वातावरण सम्बन्धी महासन्धिहरूको कार्यान्वयन गर्न विभिन्न नीति, नियमहरू तर्जुमा तथा परिमार्जन गर्ने कार्य गरिनुका साथै Conference of Parties -15 मा पहिलो पटक राष्ट्रिय स्थिति पत्र पेश गरिएको छ ।

## ४. दीर्घकालीन सोच

वातावरण व्यवस्थापनलाई प्रभावकारी बनाई स्वच्छ एवं स्वस्थ वातावरण सिर्जना गर्नु तथा प्राकृतिक स्रोत एवं साधनको विवेकशील प्रयोगद्वारा दिगो विकास हासिल गर्नुका साथै जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण एवं अनुकूलित बनाउँदै लैजाने ।

## ५. उद्देश्य

१. हरित विकासको अवधारणालाई प्रोत्साहन दिइ मानवीय क्रियाकलाप र विकास निर्माणलाई वातावरणमैत्री बनाउँदै जलवायु परिवर्तनबाट हुने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने एवं अनुकूलित बनाउने ।

२. सहरी प्रदूषणलाई रोकथाम गर्ने र ग्रामीण क्षेत्रको प्राकृतिक सुन्दरतालाई बचाइराख्ने ।

## ६. रणनीति

१. वातावरणीय नीति नियम सम्बन्धी संयन्त्रको सवलीकरण र संस्थागत क्षमता विकास गर्ने ।

२. विकास कार्यक्रममा वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गरी विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा सञ्चालन गर्ने ।

३. वातावरणीय व्यवस्थापन सम्बन्धमा राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई प्राथमिकीकरण गरी प्रभावकारी ढंगले कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।

४. जन स्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गर्ने ।

५. राजधानी लगायतका ठूला सहरमा रहेका नदीहरूको प्रदूषण न्यूनीकरण गर्ने तथा जल, जमिन, ध्वनि तथा वायुको प्रदूषण रोकथाम गर्ने ।

६. प्रकोप जोखिम न्यूनीकरण, गरीबीन्यूनीकरण तथा वातावरणीय उत्प्रेरणालाई निरन्तरता दिँदै जलवायु परिवर्तनलाई अनुकूलित बनाउने र प्राकृतिक स्रोत सम्पदाको दिगो संरक्षण तथा व्यवस्थापन गर्ने ।

७. मौसम भविष्यवाणी प्रणाली भरपर्दो बनाउने ।

८. वातावरण प्रवर्द्धन तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन/अनुसन्धान गर्ने ।

## ७. कार्यनीति

१.१ वातावरणीय व्यवस्थापनलाई सुदृढ बनाउन यस क्षेत्रमा कार्यरत विभिन्न निकायहरूको भूमिकामा स्पष्टता ल्याइनेछ ।

१.२ वातावरण संरक्षणसंग सम्वन्धित आवश्यक कानुनहरूको तर्जुमा र विद्यमान् कानुनहरू अद्यावधिक गरिनेछ ।

१.३ वातावरण मन्त्रालयबाट वातावरण संरक्षण र जलवायु परिवर्तन कार्यको समन्वय गरिनेछ ।

१.४ राष्ट्रिय अनुकूलन कार्यक्रमलाई कार्यान्वयन गर्ने निकायहरूको भूमिका पहिचान गरी जिम्मेवारी सुनिश्चित गरिनेछ ।

१.५ दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवं निजी क्षेत्र एवं अन्य निकायहरूवीच साझेदारी गरिनेछ ।

२.१ पूर्वाधार विकास योजनामा भू-क्षय रोकथाम गर्न वायोईञ्जिनियरिङ्गको प्रयोग गरिनेछ ।

२.२ वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ ।

२.३ Climate Resilience Friendly योजना तर्जुमा र कार्यान्वयनमा अन्तर्निकाय समन्वयलाई सुदृढ गरिनेछ ।

३.१ नेपाल पक्ष भएका वातावरण सम्बन्धी सन्धि तथा महासन्धिहरूको कार्यान्वयन गरी विशेषतः क्योटो प्रोटोकल अन्तर्गतको स्वच्छ विकास संयन्त्रबाट लाभ लिन कार्बन व्यापारलाई प्रबर्द्धन गरिनेछ ।

३.२ राष्ट्रिय अनुकूलन कार्यक्रमबाट पहिचान भएका कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याउन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सहयोगको उपयोग गरिनेछ ।

३.३ विभिन्न खाले Hazardous Waste तथा फोहरमैला व्यवस्थापनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ ।

४.१ स्थानीयस्तरसम्म वातावरणीय चेतना जगाउन विभिन्न राष्ट्रिय एवं स्थानीय सञ्चार माध्यमहरू, स्थानीय गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, निजी क्षेत्र मार्फत सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

५.१ वायु प्रदूषण, जल प्रदूषण, भू-प्रदूषण, ध्वनि प्रदूषण जस्ता वातावरणीय पक्षका थप मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५.२ विभिन्न खालका प्रदूषण न्यूनीकरणका विशेष कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।

५.३ सहरी क्षेत्रमा पर्ने नदीहरूको प्रदूषण सम्बन्धी अध्ययन गरी कार्ययोजना तयार गरिनेछ ।

५.४ प्रदूषण नियन्त्रण गर्न विभिन्न सरकारी एवं गैरसरकारी निकायवीच समन्वय र साझेदारी गरिनेछ ।

५.५ जैविक विकारको व्यवस्थापनबाट ऊर्जा प्राप्त गर्नेतर्फ अग्रसर रहन ठोस पहल गरिनेछ ।

५.६ नदी प्रदूषण नियन्त्रण गर्न ढल प्रशोधन नगरी नदीमा मिसाउन बन्देज लगाउने एवं सम्वन्धित निकायलाई ढल प्रशोधन संयन्त्र स्थापनामा प्रोत्साहित गरिनेछ ।

५.७ वातावणीय दुष्प्रभाव न्यून गर्दै लैजान "प्रदूषकले तिर्नुपर्छ" (Polluters Pay Principle) र "प्रदूषण हटाउदा पनि फाइदा हुन्छ" (Pollution Prevention Pays) भन्ने सिद्वान्त लागु गर्न आवश्यक संयन्त्रको विकास एवं कार्यान्वयन गर्दै जाने तथा वातावरणमैत्री इन्धन, कम प्रदूषण गर्ने यातायातका साधनहरूको प्रयोग बढाउँदै लगिनेछ ।

५.८ उच्च प्रविधिको प्रयोगबाट बढ्दै गएको प्रदूषण न्यूनीकरणको व्यवस्थापन गर्दै लगिनेछ ।

५.९ सहरी वातावरणलाई स्वच्छ राख्न २० माइक्रोन सम्मको प्लाष्टिक झोला निषेध गर्ने र अन्यलाई निरूत्साहित गरिनेछ ।

६.१ प्राकृतिक स्रोत साधनहरूको दिगो रूपमा व्यवस्थापन गरी जनताको सामाजिक तथा आर्थिक स्तरमा सुधार गरिनेछ ।

६.२ वातावरणीय स्रोतहरूको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको अनुगमन एवं परीक्षणलाई संस्थागत गरिनेछ ।

६.३ वातावरण संरक्षणका क्षेत्रमा काम गर्ने संस्थाका मुद्दाहरू पहिचान गरी समन्वयात्मक रूपमा अगाडि बढ्न प्रयास गरिनेछ ।

६.४ वाग्मती नदीको दुवै किनारतिर हरियाली बढाउने कार्यक्रम सञ्चालन गर्न निजीक्षेत्रसंग समन्वय गरिनेछ ।

६.५ वातावरण तथा गरीबीन्यूनीकरणलाई समायोजन गर्न गरीबी तथा वातावरणीय उत्प्रेरणा (Poverty Environment Initiative) कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

६.६ प्रकोप जोखिम व्यवस्थापन रणनीति २०६६ को कार्यान्वयन गरिनेछ ।

६.७ हिमनदी, हिमताल र बाढीको खतरा रहेका नदी तथा स्थानहरूमा पूर्व सूचना पद्धतिको विकास गरी योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

७.१ जल तथा मौसम केन्द्रहरूको स्तर वृद्धि गरी वैज्ञानिक तरिकाले तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण एवं प्रकाशनका साथै मौसम भविष्यवाणीलाई भरपर्दो बनाइनेछ ।

८.१ प्राकृतिक स्रोतबाट प्राप्त आयको निश्चित प्रतिशत रकम प्राकृतिक स्रोत र साधनको संरक्षण तथा वातावरणीय अनुसन्धान र विकासमा खर्च गर्ने व्यवस्था गरिनेछ ।

८.२ जलवायु परिवर्तन विषयमा नेपालमा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.स. | विबरण | २०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | राष्ट्रिय अनुकूलन कार्यक्रमको कार्यान्वयन | NAPA निर्माण भइ स्वीकृत भएको | प्रमुख ६ वटा विषयगत क्षेत्रका निर्दिष्ट कार्यक्रमहरू लागु हुने । |
| २ | दीर्घाइ विषादिको सुरक्षित विसर्जन | दीर्घाइ विषादि सम्बन्धी निर्देशिका तयार भइ विसर्जनकालागि दातृ संस्थासंग हस्ताक्षर भएको | ८० मेट्रिक टन विषादि सुरक्षित विसर्जन हुने |
| ३ | सहरी क्षेत्रको ध्वनि, वायु र जल प्रदूषण न्यूनीकरण | मापदण्डहरू निर्धारण तथा कार्यान्वयनकालागि प्रारूप तयार | मापदण्ड तयार भइ कार्यान्वयनमा आएको हुनेछ |
| ४ | वातावरण सम्बन्धी महासन्धिहरूको कार्यान्वयन | नीति नियमहरू तर्जुमा तथा परिमार्जन गर्ने कार्य गरिनुका साथै Conference of Parties (१५ मा राष्ट्रिय स्थिति पत्र पेश भएको । | २३ वटा महासन्धिहरूको कार्यान्वयन हुने । |
| ५ | राष्ट्रिय सम्पदाहरूको संरक्षण | ८०भन्दा बढी स्थानमा संरक्षण कार्य भएको | थप १०० वटा राष्ट्रिय सम्पदाहरूको संरक्षण हुने । |

## ९. प्रमुख कार्यक्रम

- जलवायु अनुकूलन तथा न्यूनीकरणः Mountain Initiative को तयारी तथा मन्त्रीस्तरीय सम्मेलन आयोजना गर्ने । राष्ट्रिय अनुकूलन कार्यक्रमले निर्दिष्ट गरेका कार्यक्रमहरू सञ्चालन गर्ने । जलवायु परिवर्तनबाट परेको प्रभाव न्युनीकरण गर्ने ।
- जनचेतना अभिवृद्धि तथा प्रचार प्रसारः वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी श्रव्यदृष्य सामग्री उत्पादन गरी प्रसारण र प्रचार गर्ने । विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसार, जनचेतना मूलक कार्यक्रम सञ्चालन, समन्वय र सहयोग गर्ने ।
- राष्ट्रिय महत्त्वका प्राकृतिक, पुरातात्त्विक र ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने ।
- अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धिः रणनीतिक वातावरण अध्ययन, जलवायु परिवर्तन सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने । जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने संस्था, संगठन तथा निकाय एवं उक्त क्षेत्रका विशेषज्ञहरूको Criteria-based रोष्टर निर्माण गर्ने । वातावरण सम्बर्द्धन र संरक्षणको क्षेत्रमा योगदान गर्ने व्यक्ति तथा संघ संस्थालाई प्रोत्साहित र पुरस्कृत गर्ने । वातावरणीय संरक्षण र जलवायु परिवर्तन क्षेत्रमा काम गर्ने गैह्रसरकारी संस्था, नागरिक समाज आदिलाई सहयोग समन्वय गर्ने । स्वच्छ विकास संयन्त्र सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- अन्तर्राष्ट्रिय प्रतिबद्धताः वातावरण सम्बन्धी महासन्धिहरूको नेपालीमा अनुवाद गर्ने । स्वच्छ विकास संयन्त्र सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । जलवायु परिवर्तन सम्बन्धी महासन्धि तथा प्रोटोकल तथा गतिविधिहरूको आद्यावधिक सूचना सामग्री तयार गर्ने । UNCCD को १० वर्षे रणनीति कार्यान्वयन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- मापदण्डहरूको तर्जुमा, पालना तथा अनुगमनः वायु, पानी तथा ध्वनि प्रदूषण सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न वायु, पानी, ध्वनिको गुणस्तर एवं ठोस फोहरमैला सम्बन्धी मापदण्ड निर्धारण गर्ने । हानीकारक फोहरमैला एवं रसायन तथा गह्रौ धातु व्यवस्थापन गर्ने । नेपालमा रहेको दीर्घाई विषादिहरूको सुरक्षित विसर्जन गर्ने । काठमाडौं उपत्यकाको वायु प्रदूषण गुणस्तर अनुगमन, वातावरणीय व्यवस्थापन प्रणाली नमूना कार्यक्रम सञ्चालन, औद्योगीक प्रदूषण नियन्त्रण सम्बन्धमा स्वच्छतर उत्पादन तथा ऊर्जा वचत कार्यक्रम सञ्चालन गर्ने । वातावरणीय मापदण्ड विश्लेषण तथा परीक्षण कार्यको लागि गुणस्तरीय प्रयोगशालाहरू तोक्ने । २० माक्रोन सम्मका प्लास्टिक झोलाको प्रयोग निषेध र अन्यलाई निरूत्साहित गर्न आवश्यक पहल गर्ने ।
- वातावरणीय प्रभाव मूल्याङ्कनः सम्बन्धित निकायहरू तथा सो अन्तर्गतका विभागहरू लगायत निजीक्षेत्रका प्रतिनिधिहरूसँग वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरूको समीक्षा र स्वीकृति प्रक्रियालाई बढी छरितो एवं प्रभावकारी बनाउने बारे अन्तर्क्रिया गर्ने ।

- संयुक्त राष्ट्र संघ पार्क निर्माणः संयुक्त राष्ट्र संघ पार्कको स्वीकृत गुरू योजना भित्र रही सम्पूर्ण निर्माण कार्यहरू सम्पन्न गर्ने ।
- नीति, निर्देशिका तथा संयन्त्र सुदृढीकरणः जलवायु परिवर्तन नीति तर्जुमा एवं वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका परिमार्जन गर्न विभिन्न सरोकारवालासंग अन्तरक्रिया, गोष्ठी, सेमिनार सञ्चालन गरी राय सुझाव संकलन गर्ने । जलवायु कोष स्थापना गर्नको लागि कानूनी संरचना निर्माण गर्ने । प्रदूषण शुल्क सञ्चालन निर्देशिका तयारी गर्ने । वातावरण संरक्षण कोष परिचालन निर्देशिका, वातावरण संरक्षण ऐन एवं वातावरण संरक्षण नियमावलीलाई समयानुकूल बनाउन परिमार्जन गर्ने । कार्बन व्यापार सम्बन्धी राष्ट्रिय नीति निर्माण र जलवायु परिवर्तनको क्षेत्रमा कार्यरत निकाय तथा विज्ञहरूको सूचना व्यवस्थापन सम्बन्धी कार्यविधि/निर्देशिका निर्माण गर्ने ।
- जल तथा मौसम सम्बन्धीः प्राथमिकता प्राप्त र अन्य जल स्थिति केन्द्रमा जल प्रवाह मापन तथा केन्द्र सञ्चालन गर्ने । फेवातालको व्याथिमेटिक नक्सा तयार गरी होर्डिङ बोर्ड जडान गर्ने । च्छो रोल्पा Dambreak प्रभाव अध्ययन तथा संरचना र विद्युत् गृह सञ्चालन गर्ने । कर्णाली तथा नारायणी बेसिनमा Telemetry system स्थापनार्थ अध्ययन गर्ने । बाढी भविष्यवाणी केन्द्रहरूमा जलमापन कार्य गरी बाढीको खतरा सतह निर्धारण गरी मार्किङ गर्ने । जनसाधारण, हिमाली पदयात्री तथा हवाइ उडान, र पर्वतारोहणको लागि मौसमी सूचना तथा विशेष मौसम पुर्वानूमान सेवा उपलब्ध गराउने । Numerical Weather Prediction शुरू गर्ने ।

## १०. कार्यान्वयन व्यवस्था

वातावरण व्यवस्थापन एवं जलवायु परिवर्तन सम्बन्धी कार्य बहुआयामिक एवं बहुपक्षीय विषय भएकाले सवै क्षेत्रको सहकार्य एवं समन्वयमा कार्यक्रमहरू कार्यान्वयन गर्दै लगिनेछन् । अनुकूलन एवं प्रवर्द्धनात्मक कार्यहरू समेत कार्यान्वयनका चरणमा गरिनेछन् । राष्ट्रिय अनुकूलन कार्यक्रमले सीफारिस गरेका आयोजना मध्ये वातावरण र जलवायु परिवर्तन सम्बन्धी विषय र क्षेत्रका आयोजनाहरू वातावरण मन्त्रालय र अन्य विषयगत क्षेत्रका आयोजनाहरू सम्बन्धित मन्त्रालयबाट कार्यान्वयन हुने छन् ।

## ११. अनुगमन तथा मूल्याङ्कन

वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यान्वयन निकायको व्यवस्था गरी अनुगमन एवं निरीक्षण कार्यलाई सक्षम पारिनेछ । वातावरण व्यवस्थापन एवं जलवायु परिवर्तन सूचना प्रणालीलाई प्रभावकारी रूपमा विकास एवं विस्तार गरी सामाजिक, आर्थिक पूर्वाधारको निर्माण गर्दा वातावरणमैत्री क्रियाकलापको अवलम्बन भए/नभएको निरन्तर रूपमा अनुगमन गरिनेछ । कार्यसम्पादन सूचकहरूका आधारमा स्थलगत अध्ययन, अवलोकन एवं समीक्षा गरी आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ ।

## १२. अपेक्षित उपलब्धि

१. जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण (Climate Resilience), प्रकोप जोखिम न्यूनीकरण र गरीबीन्यूनीकरण तथा वातावरणीय उत्प्रेरणा सम्बन्धमा राष्ट्रिय कार्य प्रारूप तयार भइ कार्यान्वयन भएको हुनेछ ।

२. योजना अवधिमा १०० वटा हावापानी केन्द्रहरूको स्तरोन्नति भएको हुनेछ ।

३. अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र स्थापना गर्न पहल शुरू भएको हुनेछ ।

# अध्याय: ७
# शान्ति, पुन:स्थापना र समावेशी विकास

## ७.१ शान्ति, पुनर्निर्माण तथा पुन:स्थापना

### १. पृष्ठभूमि

विस्तृत शान्ति सम्झौता पछि मुलुकमा अन्तरिम संविधान जारी हुनुका साथै गणतन्त्रको कार्यान्वयन र संविधान निर्माणको ऐतिहासिक कार्य भैरहेको छ। यस क्रममा सशस्त्र द्वन्द र ऐतिहासिक जनआन्दोलन पश्चात शुरू गरिएको शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने प्रयत्न भइरहेको छ। आन्दोलनका क्रममा जीवन उत्सर्ग गरेका शहीदहरूको सम्मान, बेपत्ता पारिएकाहरूको खोजी, द्वन्द पीडितहरूका लागि राहत तथा पुनःस्थापन, पुन एकीकरण र संक्रमणकालीन न्याय प्रदान एवं द्वन्दका क्रममा क्षतिग्रस्त संरचनाको पुन निर्माण गर्ने कार्यहरू अझै पनि महत्त्वपूर्ण कार्य सूचीमा रहेका छन्। शिविरमा रहेका माओवादी सेनाका लडाकुहरूको समायोजन, पुनःस्थापन तथा संयुक्त राष्ट्रसंघको प्रमाणीकरणबाट योग्य नठहरिई शिविरबाट वर्हिगमन भएका लडाकुहरूको पुनःस्थापन गर्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण छन्। दिगो शान्तिका लागि निरपेक्ष गरीबी, बेरोजगारी, सामाजिक एवं क्षेत्रीय असमानता, विभेद, वञ्चितीकरण जस्ता द्वन्दका कारणहरूलाई सम्बोधन गर्न राष्ट्र प्रतिबद्ध रहेको छ।

### २. अद्यावधिक स्थिति

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ मृतकका हकदारलाईआर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५ बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५ को कार्यान्वयनका साथै शान्ति तथा पुर्निर्माण सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने केन्द्रीय संयोजनकारी भूमिका निभाउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयको गठन भएको छ। आवश्यक स्रोत परिचालनका लागि शान्ति कोष सचिवालयको गठन भएको छ। राहत तथा पुनर्स्थापन कार्यक्रमलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गर्नका लागि विभागस्तरीय राहत तथा पुर्नस्थापन इकाइको स्थापना गरेको छ। जिल्लामा सम्पर्क गर्ने इकाइको रूपमा सर्वदलीय जिल्लास्तरीय शान्ति समितिको गठन भएको छ। नगरपालिका र गाँउ विकास समिति स्तरमा पनि शान्ति समितिको गठन भएको छ।

करिब एक दशक लामो द्वन्दका क्रममा राष्ट्रले गम्भीर मानवीय तथा भौतिक क्षति व्यहोर्नु पऱ्यो। हालसम्म प्राप्त तथ्यांकको आधारमा द्वन्दका कारण १६,७१९ व्यक्तिहरूको मृत्यु भएकोमा १३,९६४ परिवारलाई राहत दिइएको, ७८,७०८ व्यक्तिहरू विस्थापित भएकोमा २५,००० जनाको पुनःस्थापना तथा पुनःएकीकरण गरिएको र १,३२७ व्यक्तिहरू बेपत्ता भएकामध्ये १,१९७ जनाको परिवारलाई राहत दिइएको, करिव ८,९९९ जना द्वन्द प्रभावित विधवा तथा एकल महिलाहरूमध्ये ३,६६८ लाई राहत दिइएको छ। द्वन्दको क्रममा क्षतिग्रस्त भएका ३,६४७ पूर्वाधारहरूमध्ये १,९६८ को पुनर्निर्माण भएको, जनआन्दोलनका २३ जना घाइतेहरूलाई जीवन निर्वाह भत्ता प्रदान गरिएको, जन आन्दोलनमा अपांगभएका २६ जनालाई सन्तति छात्रवृत्ति प्रदान गरिएको, जनआन्दोलनका शहिद भएका २६ जनाका परिवारलाई जीवन निर्वाह भत्ता प्रदान गरिएको छ। यसै गरी द्वन्दको क्रममा भएको ११,७७५ परिवारको व्यक्तिगत सम्पति क्षति वापत ४,२३८ परिवारलाई राहत दिइएको, अपहरणमा परेका १,२१९ जनामध्ये २२१ जनालाई आर्थिक सहायता दिइएको, शान्ति संझौता पश्चात घटेका घटनामा परी मृत्यू भएका १५२ व्यक्तिका हकदारहरूमध्ये १० जनालाई राहत दिइएको, ५३ वटामध्ये ३३ वटा बारूदीशुरूङ्ग व्यवस्थापन भएको स्थिति रहेको छ।

### ३. समस्या तथा चुनौती

द्वन्दोत्तर शान्ति तथा पुनः निर्माण विषय र अनुभव नयाँ हुनु, तथ्यांक आधार कमजोर रहनु, सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता व्यक्ति सम्बन्धी आयोग समयमा गठन हुन नसक्नु, पहिचान तथा अधिकारका नाममा माग राख्ने र वन्द हड्ताल तथा हिंसात्मक क्रियाकलापमा उत्रने प्रवृत्ति कायम रहनु, कार्यक्रम कार्यान्वयनका लागि जिल्ला स्तरमा आफ्नै संरचनाको अभाव रहनु, मानवीय तथा भौतिक क्षति तथा मागका तुलनामा विनियोजित रकम न्यून रहनु, स्थानीय विवाद लगायतका कारणले पुनर्निर्माण सम्बन्धी कार्य समयमा सम्पन्न हुन नसक्नु र विविध कारणबाट विनियोजित बजेट रकम समेत सम्पूर्ण खर्च हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

दातृ निकायहरूले प्रतिबद्धता जनाए बमोजिमको सहयोग रकम प्राप्त गर्ने, पुनर्निर्माण, पुनःस्थापना तथा पुनरेकीकरणका कार्यक्रमहरूलाई प्रभावकारी बनाउने, विभिन्न पक्षहरूसँग भएका वार्ता तथा सहमतिलाई व्यवहारमा कार्यान्वयन गर्ने, सशस्त्र द्वन्दको मनोसामाजिक असरलाई पुनसामान्यीकरण गर्ने, द्वन्द व्यवस्थापन तथा रूपान्तरणको प्रक्रियालाई प्रभावकारी रूपमा अगाडि बढाउने, शान्ति प्रक्रियालाई स्थानीय स्तरसम्म संस्थागत गर्ने, मौद्रिक राहतका अतिरिक्त परिपूरणको अन्य विकल्पहरूको खोजी गरी लागू गर्ने, सबै मृतक परिवार, बेपत्ता परिवार, व्यक्तिगत सम्पत्ति क्षति भएका एवं विस्थापितहरूलाई राहत, पुनःस्थापन एवं पुनर्सामाजिकीकरण गर्ने, द्वन्दोत्तर पुनःनिर्माण, राहत, मेलमिलाप र दण्डहीनता अन्त्यका लागि सबैको सहयोग जुटाउने र यसको लागि स्रोत र साधनको व्यवस्था मिलाउने जस्ता चुनौती रहेका छन् ।

### ४. दीर्घकालीन सोच

सम्बृद्ध र आधुनिक नेपाल निर्माण गर्नका लागि राहत, पुनर्निर्माण, पुनःस्थापना, पुनःएकीकरण र समावेशीकरणको प्रक्रियाद्वारा शान्ति, मेल मिलाप, आपसी सद्भाव र सहिष्णुता अभिवृद्धि गर्ने ।

### ५. उद्देश्य

१. द्वन्द प्रभावितहरूलाई तोकिएको मापदण्ड अनुसार राहत उपलब्ध गराउने र द्वन्दको क्रममा क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण गर्ने

२. द्वन्द प्रभावितका लागि परिपूरण र पुनःस्थापनका साथै द्वन्दको क्रममा कब्जा गरिएका सम्पत्तिहरू फिर्ता दिलाउन पहल गर्ने ।

३. सामाजिक पुनःएकीकरणलाई निरन्तरता दिंदै मुलुकमा दिगो शान्ति स्थापना गर्ने ।

### ६. रणनीति

१. द्वन्द प्रभावितहरूको लागि राहत, परिपूरण, पुनःस्थापन तथा पुनःएकीकरणको कार्य पूरा गर्ने ।

२. द्वन्दको क्रममा क्षति भएका भौतिक संरचनाहरूको पुननिर्माण कार्य संपन्न गर्ने ।

३. विस्तृत शान्ति सम्झौता एवं अन्य सम्झौता, सहमति र समझदारीले व्यवस्था गरेका कुराहरूको पालना गर्दै राष्ट्रिय तथा स्थानीयस्तरका स्थापित शान्ति संयन्त्रलाई अत्याधिक उपयोग गरी संक्रमणकालीन न्याय व्यवस्थापनमा विशेष जोड दिने ।

४. दिगो शान्तिका लागि सबै वर्ग, क्षेत्र, लिङ्ग, तथा सीमान्तकृत जाति, जनजाति एवं समुदायका आवाजहरूलाई उचित सम्वोधन गर्ने तथा अन्तर्निकाय समन्वय गर्ने ।

५. शान्ति कोषलाई प्रभावकारीरूपमा परिचालन गर्ने ।

६. शिविरहरूमा रहेका माओवादी लडाकुहरूलाई विस्तृत शान्ति सम्झौताको प्रावधान अनुसार समायोजन तथा पुनःस्थापन गर्ने ।

## ७. कार्यनीति

१.१ द्वन्द प्रभावित व्यक्ति तथा समूहहरूलाई राहत तथा सामाजिक पुनःस्थापना एवं पुनःसामाजिकीकरण गर्ने क्रममा आवश्यक मनोसामाजिक परामर्श, रोजगारी वा स्वरोजगारीका लागि आवश्यक सीप, तालिम र अवसरका साथै सुरक्षाको व्यवस्था मिलाइनेछ ।

१.२ राहत, पुनर्निर्माण, पुनःस्थापना तथा पुनःएकीकरणका कार्यक्रमहरूमा पारदर्शिता ल्याउन तथा भएका प्रयास र उपलव्धिलाई नियमितरूपमा जनसमक्ष पुऱ्याउन भरपर्दो संचार व्यवस्था मिलाइनेछ ।

१.३ पुनर्निर्माण, पुनःस्थापना तथा पुनःएकीकरणका कार्यक्रमहरूको विशेष रूपमा अनुगमन गर्ने व्यवस्था गरिनेछ । यसका लागि तेस्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गराउने पद्धतिलाई संस्थागत गरिनेछ ।

१.४ वैदेशिक रोजगारीका अवसरहरूमा द्वन्दपीडित र तिनका परिवारका सदस्यलाई सहज पहुँच पुऱ्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१.५ द्वन्दपीडित बालबालिकाहरूको राहत तथा पुनःस्थापनका लागि राष्ट्रिय कार्ययोजनाको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१.६ द्वन्दबाट अपाङ्ग भएका वा शारीरिकरूपमा अशक्तकालागि उपचार सेवा लगायतको राहत प्रदान गरिनेछ ।

१.७ द्वन्द प्रभावितहरूको राहत, परिपूरण र पुनःस्थापना सम्बन्धी कार्य कार्ययोजना बनाई पूरा गरिनेछ ।

१.८ शान्ति, पुनर्निर्माण, पुनःस्थापना तथा पुनःएकीकरणका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत क्षमता विकास गरिनेछ ।

१.९ द्वन्द पीडितहरूलाई सामाजिकीकरण र पुनरेकीकरण गरिनेछ ।

२.१ पुनर्निर्माण सम्बन्धी कार्यलाई योजनाको निश्चित अवधिभित्र कार्ययोजना बनाई सम्पन्न गरिनेछ ।

३.१ केन्द्रदेखि स्थानीय स्तरसम्मका शान्ति संयन्त्रलाई साधन स्रोत उपलब्ध गराई सुदृढीकरणकासाथै गाँउ/नगर स्तरसम्म विस्तार गरिनेछ ।

३.२ मुलुकमा अरू द्वन्द हुन नदिन सबै विकास कार्यक्रममा द्वन्द निरोधात्मक उपायका साथै द्वन्द सम्वेदनशील पद्धति अनिवार्य रूपमा समाहित (Built-in) गर्ने प्रावधान राखिनेछ ।

३.३ शान्ति संवेदनशील विकास अगाडि बढाउन नीति निर्माता, योजनाविद्, प्रशासक/व्यवस्थापक, लाभान्वित वर्गलगायत सम्वद्ध पक्षमा द्वन्द संवेदनशीलता सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गरिनेछ ।

३.४ सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता व्यक्ति सम्बन्धी आयोग गठन गरी पीडितलाई संक्रमणकालीन न्याय दिलाउन आवश्यक कानूनको व्यवस्था गरिनेछ ।

३.५ विस्तृत शान्ति सम्झौता र अन्य सम्झौता, सहमति र समझदारीले व्यवस्था गरे अनुसार द्वन्दका क्रममा कब्जा गरिएका सम्पत्तिहरू फिर्ता दिलाउन पहल गरिनेछ ।

४.१ माओवादी शिविर वरिपरिका क्षेत्रमा परेको असर सम्बन्धी अध्ययन गरी सो क्षेत्रमा आवश्यक सेवा सुविधा पुऱ्याइनेछ । शिविरमा बस्नेलाई स्थानीय प्रकृति, सामाजिक, सांस्कृतिक वातावरण र मूल्य मान्यता एवम् आचार संहिताको मान्यताप्रति संवेदनशील तुल्याइनेछ ।

४.२ भविष्यमा ठूला द्वन्द आकस्मिक रूपमा उत्पन्न नहोऊन् भन्नका लागि समाजका विभिन्न क्षेत्रमा आएको परिवर्तनका चाहनाको स्रोत पत्ता लगाउन यस सम्बन्धी विषयविज्ञबाट नमूनाको रूपमा छनौट गरिएका केही क्षेत्रको अध्ययन गराई प्राप्त उपयुक्त सुझावहरूलाई विभिन्न कार्यक्रम मार्फत संवोधन गरिनेछ । यस क्रममा तालिम एवं विकास, रोजगारी प्रत्याभूति तथा अवसरहरूको सिर्जनामा जोड दिइनेछ ।

४.३ द्वन्दका जोखिमहरू न्यूनीकरण गर्न निरोधात्मक उपायको रूपमा राज्यका नीति तथा क्रियाकलापहरू शान्ति मैत्री बनुन भन्नाका खातिर Peace vulnerability mapping and early warning system, Peace sensitivity audit जस्ता क्रियाकलापहरूलाई अवलम्बन तथा आत्मसात गर्दै लगिनेछ ।

५.१ शान्ति कोषलाई शान्ति, पुनःनिर्माण, पुनःस्थापना तथा पुनःएकीकरणका कार्यक्रमहरू कार्यान्वयनका लागि प्रभावकारीरूपमा परिचालन गरिनेछ ।

६.१ प्रमाणीकरणमा योग्य नठहरिई शिविरबाट वहिर्गमन भएका लडाकुहरूलाई उनीहरूले हासिल गरेको शैक्षिकस्तर हेरी बढीमा कक्षा १२ सम्मको शिक्षा प्रदान गरिनेछ ।

६.२ विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम समायोजन र पुनःस्थापन हुने माओवादी सेनाका लडाकुको व्यवस्थापन प्रभावकारी ढंगमा गरिनेछ ।

६.३ संयुक्त राष्ट्रसंघीय मिसन अनमिनको प्रमाणीकरणबाट योग्य नठहरिएका पुनःस्थापना गरिने लडाकुहरूलाई रोजगार, बजार अनुकूलको काम वा पेशा अपनाउन आवश्यक शिक्षा, सीप, दक्षता एवं टेवा उपलब्ध गराइनेछ ।

६.४ शान्ति सद्भाव र राष्ट्रिय एकताको भावना प्रबर्द्धन गरी शान्तिको लाभ वितरण गर्न नमूना वस्ती, राष्ट्रिय, क्षेत्रीय एवं स्थानीय स्तरका शहिद पार्क, स्मारक, वाटिका आदि निर्माण गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | जम्मा परिमाण | ०६६/०६७को स्थिति | त्रिवर्षीय योजनाकोलक्ष्य |
|---|---|---|---|---|
| १ | मृतकका परिवारलाई राहत | १६,७१९ | १३,९६४ | २७५५ |
| २ | द्वन्द प्रभावित विधवा तथा एकल महिलाहरूलाई राहत | ९,००० | ३,६६८ | ५३३२ |
| ३ | द्वन्दको क्रममा क्षतिग्रस्त पूर्वाधारहरूको पुनर्निर्माण | ३,६४७ | १,९६८ | १६७९ |
| ४ | विस्थापितको पुनःस्थापना तथा पुनःएकीकरण | ७८,७०८ | २५,००० | ५३७०८ |
| ५ | माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनर्स्थापन | १९,५२८ | १९,५२८ | १९५२८ |
| ६ | वेपत्ता नागरिकका परिवारलाई राहत | १,३२७ | १,१९७ | १३० |
| ७ | द्वन्दबाट भएको व्यक्तिगत सम्पति क्षति वापत राहत | ११,७७५ | ४,२३८ | ७२३७ |
| ८ | अपहरणमा परेकालाई आर्थिक सहायता | १,२१९ | २२१ | ९९८ |
| ९ | अपाङ्गता भएका व्यक्तिलाई आर्थिक सहायता | ४,३०५ | १,२९७ | ३००८ |
| १० | शान्ति संझौता पश्चात घटेका घटनामा परी मृत्यू भएका व्यक्तिका हकदारलाई राहत | १५२ | १० | १४२ |
| ११ | बारूदीशुरूङ्ग व्यवस्थापन | ५३ | ३३ | २० |

## ९. प्रमुख कार्यक्रम

द्वन्दका क्रममा क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण कार्य सञ्चालन । द्वन्द पीडितहरूलाई राहत, परिपुरण तथा पुनःस्थापनाः द्वन्दका कारण मृत्युभएका मृतक तथा बेपत्ता पारिएकाका परिवार र अपाङ्गहरूलाई आर्थिक सहायता तथा पुनःस्थापना, द्वन्दबाट बढि आक्रान्त तथा प्रभावित बालबालिका, महिला, वृद्ध र अशक्तहरूको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । जनआन्दोलनका शहीद, घाइते र घाइतेका परिवारलाई जीवन निर्वाह भत्ता, छात्रवृत्ति तथा आर्थिक सहायता प्रदान गरिनेछ । माओवादी सेनाका लडाकुहरूको भरणपोषण, मासिक भत्ता तथा शिविर व्यवस्थापन र माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनःस्थापना प्रयोजनका निमित्त गठित विशेष समितिका सुझाव कार्यान्वयन गरिनेछ । यसै गरी विभिन्न समूहहरूसँग शान्ति वार्ता, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन, स्थानीय शान्ति समितिहरूको गठन, शान्ति सम्झौता तथा सहमतिको कार्यान्वयन, सहजीकरण र अनुगमन, राष्ट्रिय र स्थानीय स्तरमा शान्ति प्रबर्द्धन र द्वन्द रोकथाम बारे प्रचार प्रसार, शान्तिस्मारक निर्माण तथा शान्ति सम्मान कार्यक्रम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

### १०. कार्यान्वयन संयन्त्र

नेपालमा स्थायी शान्ति कायम गर्न र विगतको द्वन्दको क्रममा भएका संरचनाहरूको पुनर्निर्माण गर्नुका साथै द्वन्द पीडितहरूलाई राहत वितरण एवं पुनर्स्थापनको कामलाई यथाशिघ्र सम्पन्न गर्ने र द्वन्द पीडितहरूलाई उचित न्याय प्रदान गर्न उच्च स्तरीय आयोगहरू गठन गरी कार्यान्वयन गरिनेछ। विशेष समिति, प्राविधिक समिति र शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालयबाट समेत संस्थागत रूपमा आ-आफ्नो क्षेत्राधिकार भित्र रही काम कारबाहीहरू समन्वयात्मक ढंगले सञ्चालन हुनेछ। मुलुकमा दिगो शान्ति स्थापनाका लागि सञ्चालन गरिने कार्यक्रमहरू विभिन्न सम्बद्ध निकाय र संयन्त्रहरूबाट कार्यान्वयन हुनेछन्।

### ११. अनुगमन तथा मूल्याङ्कन

नतीजामूलक अनुगमन र मूल्याङ्कन योजना तयार गरी पुनर्निर्माण, पुनःस्थापन तथा पुनः एकीकरणका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरिनेछ। कार्यक्रम तथा आयोजनाहरूको सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गरिनेछ। तेस्रो पक्षद्वारा समेत अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

### १२. अपेक्षित उपलब्धि

१. मुलुकमा शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुगेको हुनेछ।
२. द्वन्दकोक्रममा क्षति पुगेका भौतिक पूर्वाधारको पुननिर्माण सम्पन्न भएको हुनेछ।
३. द्वन्दबाट पीडित पक्षलाई राहत उपलब्ध गराउने काम सम्पन्न भएको हुनेछ।
४. समाजमा दिगो शाान्ति तथा मेलमिलापको वातारणको सृजना भएको हुनेछ।
५. द्वन्दमा संलग्न युवाहरू समाजको मूलधारमा रही देश विकासमा रचनात्मक नेतृत्व प्रदान गर्न अग्रसर भएका हुनेछन्।
६. सबै जिल्लामा स्थानीय शान्ति समितिले कार्य प्रारम्भ गरिसकेको हुनेछ।
७. योग्य नठहरिएका लडाकुहरूलाई रोजगार, बजार अनुकूलको काम वा पेशा अपनाउन आवश्यक शिक्षा, सीप, दक्षता एवं टेवा उपलब्ध गराइएको हुनेछ।

## ७.२ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले लैङ्गिक विभेदको अन्त्य गरी महिलाका लागि पैत्रिक सम्पतिमा समान हक र प्रजननसम्बन्धी हकको प्रत्याभूत गर्ने र उनीहरूमाथि हुने सबैप्रकारका हिँसाजन्य कृयाकलापलाई दण्डनीय मानेको छ। महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको लागि राज्यले विशेष नीति लिनुपर्ने कुरा समेत संविधानमा नै उल्लेख छ। राज्यका सबै अङ्गहरूमा महिलाको समानुपातिक सहभागिता संविधानद्वारा नै सुनिश्चित गरिएको छ। नेपाल सरकारले महिला उपर हुने सबै प्रकारका भेदभावको उन्मूलन गर्ने महासन्धि १९७९ र बेजिङ कार्यमञ्च लगायत लैङ्गिक समानता र महिलाविरूद्ध हुने विभेदको अन्त्यको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता जनाएको छ। राज्य संयन्त्रमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्वका लागि राजनीतिक सङ्कल्प व्यक्त गरिएको छ। सरकारले द्वन्द समाधान तथा शान्ति स्थापनाको प्रक्रियामा महिलाहरूको सहभागितालाई बढावा दिएको छ।

### २. अद्यावधिक स्थिति

मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५ र घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा नियमावली २०६७ जारी भएपछि महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारी कानुनी आधार तयार भएको छ। ऐतिहासिक संविधान सभामा झन्डै ३३ प्रतिशत महिला

प्रतिनिधित्व, स्थानीय निकायमा महिला सहभागिताको सुनिश्चितता र निजामति सेवा, नेपाल प्रहरी, नेपाली सेनालगायतका राज्यका विभिन्न अंगहरूमा महिला सहभागिता बढाउने सन्दर्भमा नीतिगत तथा कार्यक्रम कार्यान्वयनतहमा क्रमिकरूपले सुधार भएका छन् । मन्त्रालयहरुबाट क्षेत्रगत लैङ्गिक मूलप्रवाहीकरण रणनीति तर्जुमा गरिएका छन् । विकेन्द्रित विकास प्रक्रियाअनुरुप स्थानीयस्तरदेखि नै योजना तर्जुमा, कार्यान्वयन एवम् पुनरावलोकनका चरणमा लैङ्गिक मुद्दाहरुलाई संवोधन गर्ने परिपाटी बसालिएको छ । केन्द्र तथा स्थानीय तहमा समेत लैङ्गिक सम्पर्क-बिन्दुहरुको सञ्जाल स्थापना गरिएका छन् । शान्ति तथा पुनःस्थापना समितिहरुमा महिला प्रतिनिधित्व सुनिश्चित गरिएको छ ।

लैङ्गिक उत्तरदायी बजेटतर्फ मूलकको कूल बजेटको १७.३ प्रतिशतको अनुपात र गाविस अनुदानको कम्तीमा ५ प्रतिशत रकम महिला सशक्तीकरणतर्फ छुट्याउनुपर्ने व्यवस्था भएको छ । विपन्न ग्रामीण महिलाका लागि वैकल्पिक अवसर सिर्जना गर्ने गरी सञ्चालित महिला विकास कार्यक्रम आ.व. २०६६/०६७ को अन्तसम्ममा देशका पचहत्तरै जिल्लाका ३,०४३ गाविसमा विस्तार भइसकेको छ । महिला विकास कार्यक्रममा लक्षित महिलाको सहभागिता ५ लाख २६ हजार पुगेको छ । घरेलु हिंसा र यौनजन्य दुर्व्यवहारबाट प्रभावित महिलाका लागि १५ जिल्लामा सेवा केन्द्र सञ्जाल स्थापना, बेचविखन वा ओसारपसारमा परेका प्रभावित महिलाका लागि ८ स्थानमा पुनःस्थापना केन्द्रको व्यवस्था र बादी समुदायका महिलाका लागि घर विकास योजनाका साथै लैङ्गिक हिंसा नियन्त्रणतर्फका प्रयास उल्लेखनीय छन् । महिलामाथि हुने हिंसा निवारणका लागि स्थानीय स्तरमा कानूनी सहायता समितिहरूको माध्यमबाट कानूनी सशक्तीकरण, मध्यस्थता, मेलमिलाप र न्यायमा पहुँच अभिवृद्धिको वातावरण सिर्जना भएको छ ।

## ३. समस्या तथा चुनौती

समाजमा पितृसत्तात्मक सोच अझै कायम रहनु, महिलाहरूको राजनीतिक, आर्थिक, सामाजिक, कानूनी सशक्तीकरणका प्रयासहरू फैलावट र गुणस्तरका दृष्टिले अपर्याप्त हुनु, सशस्त्र द्वन्द, लैंगिक हिंसा, मानव वेचविखन, एच.आई.भि./एड्स तथा गरीबीको प्रभाव महिलाहरूमा बढ्नु, संस्थागत व्यवस्थालाई सुदृढीकरण गर्न पर्याप्त मात्रामा भौतिक, वित्तीय एवं मानवीय स्रोत परिचालन गर्न नसकिनु, महिला अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरूबीच समन्वय र क्षमताको कमी हुनु जस्ता समस्याहरू रहेका छन् ।

स्रोत, साधन र प्रतिफलमा महिलाहरूको पहुँच र नियन्त्रण स्थापना गर्ने, विभिन्न प्रकारका विभेद, सेवा क्षेत्रमा श्रम तथा यौन शोषणको अन्त्य गर्ने, गैर कृषि क्षेत्रमा रोजगारीका अवसरहरू वृद्धि गर्ने, निर्णय निरूपण प्रक्रियामा महिलाको सहभागितालाई सार्थक बनाउने, वैदेशिक रोजगारमा जाने महिलाहरूको लागि सीप र व्यावसायिक दक्षता अभिबृद्धी गर्ने, महिलाको लागि आर्थिक अवसर वृद्धि गर्ने, महिला समुदायभित्र समानता कायम गर्ने र महिलाको योगदानलाई राष्ट्रिय लेखा प्रणालीमा समावेश गर्ने कार्य चुनौतीपूर्ण रहेका छन् ।

## ४. दीर्घकालीन सोच

महिलाको मुलभुत तथा समान अधिकार सुनिश्चित गर्दै समुन्नत, न्यायपूर्ण, लैङ्गिक रूपले समावेशी र समतामूलक नयाँ नेपाल निर्माण गर्ने ।

## ५. उद्देश्य

१ सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै दिगो शान्ति एवं विकासमा महिलाहरूको भूमिकालाई सशक्त बनाउने ।

२ महिलाविरूद्धका विभिन्न प्रकारका लैगिंकतामा आधारित हिंसा एव विभेदको अन्त्य गर्ने ।

## ६. रणनीति

१ विकास प्रक्रिया, सेवा प्रवाह र शासकीय प्रणालीका सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरणलाई सुदृढ गर्ने ।

२ लैंगिक बजेट प्रणालीलाई सुदृढ गर्दै स्थानीय स्तरसम्म विस्तार गर्ने ।

३ महिलाविरूद्धका विभिन्न हिंसा र विभेद रोकथाम तथा नियन्त्रणका लागि अभियानको रूपमा कार्यक्रम सञ्चालन गर्ने ।

४ ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाहरूको क्षमता अभिवृद्धि एवं जीवनस्तर सुधारका लागि लक्षित संरक्षणात्मक, सेवामूलक तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

५ द्वन्द समाधान र शान्ति स्थापना गर्ने कार्यमा महिलाहरूको सार्थक सहभागिता सुनिश्चित गर्ने ।

## ७. कार्यनीति

१.१ महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरूको संरक्षण, प्रबर्द्धन तथा प्रचलनमा हालसम्म भएका उपलब्धिहरूलाई सुदृढीकरण गर्दै राज्यको संरचनामा महिला प्रतिनिधित्व ३३ प्रतिशत माथि पुऱ्याइनेछ ।

१.२ महिला सशक्तीकरण, क्षमता अभिवृद्धि, क्षेत्रगत लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरणलाई अभियानका रूपमा अघि बढाइनेछ ।

१.३ लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरणको क्षेत्रमा क्रियाशील संस्थाहरू तथा जनशक्तिको क्षमता अभिवृद्धि तथा सशक्तीकरण गरिनेछ ।

१.४ लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरणको क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक क्षेत्र र दातृसमुदाय बीचको सहकार्यलाई अझ प्रभावकारी बनाइनेछ ।

१.५ समष्टिगत आर्थिक ढाँचा, समग्र लेखा र तथ्याङ्क प्रणालीलाई लैङ्गिकमैत्री बनाउनुका साथै समय र श्रम बचत गर्ने प्रकारका कार्यक्रम सञ्चालन गरिनेछ ।

१.६ लैङ्गिक मुलप्रवाहिकरणकालागि राष्ट्रिय लैङ्गिक रणनीति तयार गरी लागु गरिनेछ ।

२.१ आयोजनाहरूलाई बढीभन्दा बढी रोजगारीमूलक र लैङ्गिक दृष्टिले उत्तरदायी बनाउन आयोजना तर्जुमाको क्रममा Gender Analysis, Gender Audit तथा Gender Impact Assessment गर्ने पद्धतिको सुनिश्चितता गरिनेछ ।

२.२ लैङ्गिक बजेट प्रणालीलाई सबै क्षेत्रगत कार्यक्रम तर्जुमा प्रक्रियामा बढी प्रभावकारी, सार्थक र संस्थागत बनाउँदै स्थानीयस्तरसम्म विस्तार गरिनेछ ।

३.१ महिलाका विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेदहरूको रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार, सामाजिक संरक्षण र सामुदायिक अग्रसरतालाई प्रोत्साहन गर्दै लैङ्गिक हिंसा संवोधन प्रणालीको विकास गरिनेछ ।

३.२ महिला तथा बालबालिका लगायत मानव ओसारपसार तथा वेचविखन विरूद्धमा नयाँ राष्ट्रिय कार्ययोजना तयार गरी विभिन्न सरोकारवाला निकायहरूले सञ्चालन गरिरहेका निरोधात्मक, संरक्षणात्मक र उपचारात्मक प्रयासहरूवीच समन्वय गरी प्रभावितहरूको उद्धार तथा पुनःस्थापनका लागि आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

३.३ नेपालका विभिन्न भाग विशेष गरी तराई मधेश क्षेत्रमा दाईजो प्रथा लगायत सामाजिक कुरितीजन्य हिंसा नियन्त्रणका लागि सामाजिक तथा कानुनी सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

३.४ महिला मानव अधिकारको पक्षमा नेपालले जनाएको अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार तर्जुमा भएका राष्ट्रिय कार्ययोजनाहरू, महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी, वेइजिङ्ग कार्यमञ्च, संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को महिला, शान्ति र सुरक्षा सम्बन्धि प्रस्ताव १३२५ तथा महिला शान्ति र विकाससम्बन्धी प्रस्ताव १८२० र मानव

बेचबिखन विरूद्धको राष्ट्रिय कार्य योजना अर्न्तगत विभिन्न निकायवाट सम्पन्न हुने र हुनुपर्ने कार्यक्रमहरूको कार्यान्वयन र त्यसको प्रभावकारी अनुगमन र नियमित प्रतिवेदनको पद्धति विकास गरिनेछ ।

३.५ विभिन्न किसिमका लैङ्गिक हिंसामा परेका महिला तथा किशोरीहरूलाई पुनःस्थापना तथा सेवा केन्द्र स्थापना गरी जीवनोपयोगी सीप मार्फत क्षमता विकास गरिनेछ ।

४.१ महिलाहरूको रोजगारी सामर्थ्यमा वृद्धि गर्न बजारमूखी उद्यमशीलता एवं सीपमूलक तालिम कार्यक्रममा महिला सहभागिता अभिवृद्धि गर्नुका साथै लघु ऋण एवं उत्पादन तथा बजार प्रबर्द्धनका लागि उपयुक्त लक्षित कार्यक्रम ल्याइनेछ ।

४.२ स्रोत र साधनमा महिलाहरूको पहुँच एवं प्रभाव बढाउन विशेष जोड दिइनेछ ।

४.३ पिछडिएका, सीमान्तकृत, वृद्ध, अपाङ्गता भएका एवं विभिन्न कारणले जोखिममा परेका र बञ्चितीकरणमा परेका जातजाति, क्षेत्र, एवं समुदायका महिलाहरू विशेष गरी वादी, देवकी, कमलरी, कमैया समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४.४ एकल महिलाको सशक्तीकरणका लागि क्षमता विकास, स्वरोजगारका निम्ति प्रोत्साहन, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रमहरू ल्याइनेछ ।

४.५ निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग सहकार्य गरी ती क्षेत्रको नेतृत्व पंक्तिमा महिला उपस्थिति र भूमिकालाई सुदृढ गरिनेछ ।

४.६ महिला विकास कार्यक्रमलाई सबै गा.वि.स.हरूमा विस्तार गरी ग्रामीण क्षेत्रका विपन्न तथा अति विपन्न महिलाहरू र विद्यालय-विमुख किशोरीहरुलाई लक्षित गरी विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५.१ महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै द्वन्द्व समाधान, दिगो शान्ति र विकासमा महिलाहरूको भूमिकालाई सक्षम र सशक्त बनाइनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

| क्र.सं. | विवरण | आ. व. ०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | लैङ्गिक विकास सूचकाङ्क | ०.५४५ | ०.५९२ |
| २. | लैङ्गिक सशक्तीकरण मापक | ०.४९६ | ०.५४९ |
| ३. | राज्य संयन्त्रमा महिला प्रतिनिधित्व अनुपात | - | ३३+ |
| ४. | लक्षित कार्यक्रममा महिला सहभागिता अनुपात | - | ४० |
| ५. | लैङ्गिक संवेदनशील विनियोजन अनुपात | - | ३३ |
| ६. | महिला विकास कार्यक्रमको फैलावट (गा.वि.स) (वटा) | ३०४३ | ३९१५ |
| ७. | महिला विकास कार्यक्रममा लक्ष्यित समूह सहिभागिता (जना) | ५२६००० | ६७५००० |

## ९. प्रमुख कार्यक्रम

- लैङ्गिक मूलप्रवाहीकरण कार्यक्रम (मन्त्रालयस्तर): यस अन्तर्गत राष्ट्रिय लैङ्गिक मूलप्रवाहीकरण रणनीति तर्जुमा, लैङ्गिक समानता कायम गर्न आवश्यक कानुनी सुधार, लैङ्गिक सम्पर्क एकाइको रुपमा क्षेत्रगत मन्त्रालयका योजना महाशाखाहरुको क्षमता विकास, क्षेत्रगत मन्त्रालयको सहभागितात्मक लैङ्गिक लेखाजोखा तथा लैङ्गिक मूलप्रवाहीकरण कार्ययोजना, लैङ्गिक हिंसा निवारण कोषको प्रबर्द्धन, लैङ्गिक मुद्दाहरुको पहिचान वा संवोधन लक्ष्यित अनुसन्धान, वार्षिक रूपमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको क्षेत्रमा हासिल भएको प्रगतिको प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- महिला विकास कार्यक्रम (जिल्लास्तर): यस अन्तर्गत लैङ्गिक मूलप्रवाहीकरण कार्ययोजना, क्षेत्रगत कार्यालयको लैङ्गिक लेखाजोखा क्षमता विकास, लैङ्गिक हिंसा निवारण, जोखिम-सन्मुखका

विद्यालयविमुख किशोरीको बहुआयामिक विकास, जोखिम-उन्मुखका अति विपन्न महिलाका लागि बीउपूँजी टेवासहित पारिवारिक संरक्षण प्रणालीको सुदृढीकरणका लागि घर विकास आयोजना, कानुनी उपचार सहायता समिति, लैङ्गिक हिंसा सम्बोधनका लागि सञ्चालनमा रहेका सेवाहरूको उपभोगमा सचेतना अभिवृद्धि, प्रभावित महिलाका लागि सेवा केन्द्र, लैङ्गिक हिंसाको नियन्त्रणमा पुरूष सक्रियताको लागि अभिमुखीकरण, लक्ष्यित महिलाको समूहीकरण, समूह सदस्यको अनुशिक्षण एवं अभिकार्य प्रशिक्षण, स्व-रोजगारीका अवसर सिर्जना, महिला संस्थाको भौतिक पूर्वाधार विकास, चालुकोष परिचालन, सेवाविमुख गाविसमा कार्यक्षेत्र विस्तार जस्ता कार्यहरू गरिनेछन् ।

- लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजनाः यस अन्तर्गत महिलाहरूको क्षमता विकास, महिला बहुउद्देश्यीय भवन निर्माण, साना सामुदायिक आयोजना सञ्चालन, महिला संस्थाका लागि परिपूरक कोष स्थापना, रोजगारीमूलक प्रविधि हस्तान्तरण तथा टेवा, जोखिममा रहेका तथा द्वन्दबाट प्रभावित बालबालिका एवं परिवारका लागि विकेन्द्रित सहयोग सुदृढीकरण, सामुदायिक पूर्वाधार निर्माण, जीविकोपार्जनका लागि नगद हस्तान्तरण, एकल तथा असहाय महिलाहरूलाई सामाजिक, आर्थिक तथा कानूनी सशक्तीकरणका कार्यक्रमहरू तर्जुमा गरिनेछ । साथै एकल तथा असहाय महिलाहरूलाई समाजमा पुनःस्थापना गर्ने, मनोपरामर्श तथा कानूनी सेवा प्रदान गर्ने, रोजगार मूलक सीप प्रदान गर्ने, बचत तथा ऋण सहकारीमार्फत आर्थिक क्रियाकलापमा सहभागी गराउने, एकल तथा असहाय महिलाका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## १०. कार्यान्वयन व्यवस्था

राष्ट्रिय स्तरमा लैङ्गिक मूल प्रवाहीकरणका प्रयासहरुमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट अगुवाइ गरी लैङ्गिक समानतातर्फका लक्ष्यहरु हासिल गर्न विभिन्न क्षेत्रबाट पुग्नुपर्ने योगदान सुनिश्चित हुने गरी सम्बन्धित मन्त्रालयहरुसँग सहकार्य गरिनेछ । सबै मन्त्रालयका योजना प्रमुखले लैङ्गिक सम्पर्क-बिन्दु र महाशाखाले लैङ्गिक सम्पर्क एकाइको रुपमा कार्य गर्नेछन् । लैङ्गिक सम्पर्क एकाइहरुले आ-आफ्नो क्षेत्रमा मूल प्रवाहीकरणको प्रक्रिया अघि बढाउने छन् । मन्त्रालयको संयोजनमा विभिन्न क्षेत्रका लैङ्गिक सम्पर्क एकाइहरू माभ्क सञ्जालीकरण, अनुकरणीय अभ्यासहरुको अनुशरण र स्थानीय तहसम्म समन्वय सुनिश्चित गर्ने परिपाटी बसालिनेछ । निजी र गैरसरकारी क्षेत्रहरुसँग पनि सञ्जालीकरण गरी सहकार्यलाई बढावा दिइनेछ ।

## ११. अपेक्षित उपलब्धि

१. राज्य संयन्त्रमा महिला प्रतिनिधित्व ३३ प्रतिशतभन्दा माथि पुगेको हुनेछ ।
२. महिला विरूद्धको हिंसामा उल्लेखनीय रूपमा न्यूनीकरण भएको हुनेछ ।
३. लैंगिक सम्वेदनशील बजेट विनियोजनको अनुपात ३३ प्रतिशत पुगेको हुनेछ ।
४. महिला तथा बालबालिका विभाग र महिला तथा बालबालिका कार्यालयहरूको क्षमता विकास भइ महिला विकास कार्यक्रम सवै गा.वि.स.मा पुगेको हुनेछ ।
५. राष्ट्रिय लैङ्गिक रणनीति तर्जुमा भएको हुनेछ ।

## ७.३ समावेशीकरण

### १. पृष्ठभूमि

नेपाली समाजमा रहेको क्षेत्रीय, वर्गीय, जातीय तथा अन्य सामाजिक भेदभाव र विभेदलाई हटाई समतामूलक समाज निर्माण गर्ने विषयमा विगतका प्रयासहरू त्यति प्रभावकारी हुन सकेका छैनन् । यस्तो भेदभाव र विभेद विरूद्धका आवाजहरूलाई सम्बोधन गर्न जनआन्दोलन २०६२/६३ को भावना अनुरूप राज्यको पुनः संरचना गरी सबै जातजाति, लिङ्ग, धर्म, क्षेत्र र उमेरका नागरिकहरूको हक सुनिश्चित गरी नयाँ नेपालको खाका कोर्नु पर्ने आवश्यकता देखिएको छ । बञ्चितीकरण/बहिष्करणमा परेका क्षेत्र, वर्ग, लिङ्ग, समुदाय र सुविधा सम्पन्न समूह वा क्षेत्र बीचको असमानतालाई हटाई सबैका पहिचान एवं विशिष्टताको सम्मान सुनिश्चित गर्नु आजको आवश्यकता हो ।

### २. अद्यावधिक स्थिति

आदिबासी/जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडिएको समुदाय तथा लोपोन्मुख जाति, कर्णाली क्षेत्र समेतका दुर्गम पहाडी तथा हिमाली जिल्लाका वासिन्दा र विपन्न वर्ग र त्यसमा पनि महिलाहरूको अवस्था तुलनात्मक रूपले कमजोर रहेको देखिन्छ । यसलाई सम्बोधन गर्न सरकार प्रयासरत छ । वञ्चितीमा परेका/पारिएका समुदाय तथा क्षेत्रको बारेमा अद्यावधिक जानकारी उपलब्ध नभएको अवस्था समेत विद्यमान् रहेको छ । यी समग्र पक्षलाई सम्बोधन गर्न समावेशीकरणलाई एउटा औजारको रूपमा लिइएको छ ।

### २. समस्या तथा चुनौति

गरीबी, विद्यमान् संकीर्ण सामाजिक मूल्य मान्यता, अशिक्षा, स्रोत र साधन तथा सेवा सुविधामा न्यून पहुँच, साथै योजना तर्जुमा र कार्यान्वयनमा समावेशी र समन्यायिक दृष्टिकोणको अभाव जस्ता समस्याहरू रहेका छन् ।

विभिन्न क्षेत्र, वर्ग, लिङ्ग र समूहलाई स्रोत, साधन तथा सेवा र सुविधामा समन्यायिक पहुँच सुनिश्चित गर्नु चुनौतिको रूपमा रहेको छ ।

### ४. दीर्धकालीन सोच

सबैको सहभागिताको माध्यमबाट साधन र स्रोतमा न्यायोचित तथा विवेकशील साझेदारीलाई सुनिश्चित गरी समुन्नत समाजको निर्माण गर्न सघाउ पुऱ्याउने ।

### ५. उद्देश्य

महिला, दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक र लोपोन्मुख जाति एवं कर्णाली क्षेत्र समेत दुर्गम पहाडी र हिमाली क्षेत्रका बासिन्दा तथा विपन्न वर्ग र समुदाय सहित वञ्चितीमा परेका/पारिएका समुदायहरूलाई विकासको मूलधारमा ल्याई उनीहरूको आर्थिक, सामाजिक, मानवीय तथा सांस्कृतिक अधिकार र अवसरहरूमा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

### ६. रणनीति

१. आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था समेत गरी अल्पसंख्यक र लोपोन्मुख जाति, महिला, दलित, आदिबासी/जनजाति, मुस्लिम, पिछडिएको समुदाय, अपाङ्गता भएका व्यक्ति, मधेशी एवं विपन्न वर्ग र कर्णाली क्षेत्र समेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा समेत वञ्चितीमा पारिएका/परेका समुदाय र क्षेत्रहरूलाई विकासको समग्र प्रक्रिया र प्रतिफलमा मूलप्रवाहीकरण गरी स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउने ।

२. राज्यका सबै निर्णय प्रक्रिया तथा संरचनामा बञ्चितिमा परेका/पारिएका समुदायहरूको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने ।

३. दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक र लोपोन्मुख जाति तथा दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्ग र समुदायहरूको उत्थानका लागि नीतिगत, कानुनी तथा संरचनागत प्रावधानहरूमा सुधार गर्ने ।

४. लक्षित कार्यक्रमको सञ्चालन गरी सकारात्मक विभेद र आरक्षणका माध्यमबाट दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्र समेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्ग समेतका समुदायहरूको सशक्तीकरण गर्ने ।

**७. कार्यनीति**

१.१ महिला, दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्र समेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्ग र समुदायहरूको आर्थिक सशक्तीकरणका लागि सार्वजनिक रोजगारीका अवसरहरूमा न्यायोचित पहुँचको व्यवस्था गरी राज्यका सबै निकायहरूमा वञ्चितीमा परेका/पारिएका समुदायहरूलाई मूल प्रवाहीकरण गरिनेछ ।

२.१ शासन सञ्चालन एवं विकास निर्माणका सबै क्षेत्रको निर्णय एवं कार्यान्वयन प्रक्रियामा वञ्चितीमा परेका/पारिएका समुदाय समेतका सवै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

३.१ खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा जस्ता सार्वजनिक सेवा र स्रोत साधनमा अल्पसंख्यक जाति तथा वञ्चितीमा परेका/पारिएका समुदाय समेतका सबै समुदायको पहुँच बढाउनका लागि आवश्यक नीतिगत र संरचनात्मक सुधार गरिनेछ ।

३.२ लोपोन्मुख जाति तथा समुदायको पहिचान गरिनेछ र उनीहरूको उत्थान तथा विकासका लागि कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

३.३ महिला, दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अल्पसंख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्र समेत दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्ग तथा समुदायहरू भित्रकै सीमान्तकृत समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका सामाजिक सुरक्षा र सशक्तीकरणको लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

३.४ महिला, दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अल्पसंख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्र समेत दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्गका समुदायहरूको सशक्तीकरणका लागि माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने व्यवस्था मिलाइनेछ ।

३.५ राष्ट्रिय सांस्कृतिक एवं भाषिक नीति बनाई लागु गरिनेछ ।

३.६ बहुभाषिक नीति अनुरूप हुने गरी शैक्षिक पाठ्यक्रमहरूको परिमार्जन गरिनेछ ।

३.७ महिला, दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अल्पसंख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्र समेत दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्गसमुदायहरूको हक हितको संरक्षण र सम्वर्द्धनको लागि सम्वद्ध सार्वजनिक निकायको पुनःसंरचना गरी संस्थागत सुदृढीकरण गर्नुका साथै क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३.८ सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रसँग सम्बन्धित नीतिगत तथा कानुनी र संरचनात्मक प्रावधानहरूमा सकारात्मक विभेद तथा आरक्षणको सिद्धान्त अनुरूप परिमार्जन गरी वञ्चितीमा पारिएका/परेका समुदायहरूको सशक्तीकरण गरिनेछ ।

४.१ शिक्षा र श्रम बजारमा पहुँच भएका र नभएकाहरू बीचको खाडल पहिचान गरी सबभन्दा कम पहुँच भएकाहरूलाई प्राथमिकतामा राख्दै त्यस्ता खाडल कम गर्न सकारात्मक विभेदको नीति बनाई लागु गरिनेछ ।

४.२ राज्यले सञ्चालन गर्ने विकास निर्माणका कार्यहरूमा महिला, दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अल्पसंख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्र समेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्ग तथा समुदायहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

४.३ खण्डिकृत तथ्यांङ्क प्रणालीको विकास गरिनेछ ।

### ८. प्रमुख कार्यक्रम

यस खण्डमा उल्लेख गरिएको समावेशीकरण सम्बन्धी उद्देश्य, रणनीति तथा कार्यनीति राष्ट्रले समावेशीकरण सम्बन्धमा अपनाउने समष्टिगत नीतिगत खाका हो । यसलाई कार्यान्वयन गर्नको लागि लक्षित कार्यक्रम अन्तर्गत विशिष्टीकृत नीति, कार्यक्रम तथा बजेटको उल्लेख गरिएको छ ।

### ९. अपेक्षित उपलब्धि

१. राज्यका विभिन्न क्षेत्रमा महिला, दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अल्पसंख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्र समेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्गका समुदाय र क्षेत्रहरूको न्यायोचित सहभागिता सुनिश्चित भएको हुनेछ ।

२. दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अल्पसंख्यक र लोपोन्मुख समुदायहरूको सामाजिक तथा आर्थिक स्थितिमा सुधार आएको हुनेछ ।

३. दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अल्पसंख्यक र लोपोन्मुख जाति, कर्णाली क्षेत्र समेतका दुर्गम पहाडी र हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्ग समुदायहरूको भाषा तथा संस्कृतिको संरक्षण भएको हुनेछ ।

४. राज्यका संरचना, नीति तथा कानुन दलित, आदिबासी/जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अल्पसंख्यक र लोपोन्मुख जाति एवं कर्णाली क्षेत्र समेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र विपन्न वर्ग समुदायहरूको हित अनुकूल हुनेछ ।

५. जाति, धर्म, सस्कृति, भाषाको आधारमा हुने विभेदहरूको अन्त्य भएको हुनेछ ।

## ७.३.१ मधेसी, मुस्लिम एवं पिछडिएका समुदायको विकास

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिबासी/जनजाति, मधेसी, उत्पीडित समुदाय र पिछडिएका समुदाय र क्षेत्रका समस्याहरूलाई सम्बोधन गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक, संघीय शासन प्रणालीसहितको अग्रगामी पुन:संरचना गर्ने उल्लेख गरेको छ। कूल जनसंख्याको करिब १८ प्रतिशत मधेसी, मुस्लिम एवं पिछडिएको समुदाय छन् । हालसम्म पहिचान भएका ३६ जातिहरूमध्ये कुर्मी, बरैई, राजभर जस्ता अत्यन्तै थोरै जनसंख्या भएका समूहदेखि लिएर यादव, कलवार, तेली, सुडी, कोइरी, मुसलमान जस्ता बढी जनसंख्या भएका समूहहरूलाई पनि पिछडिएको समुदाय मानिएको छ । यिनीहरू सदियौंदेखि आर्थिक, सामाजिक, सांस्कृतिक एवं मानवीय विकासको दृष्टिले वञ्चितीमा परेको तथ्याङ्कले देखाउँछ । यिनीहरूलाई राज्यमा राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक अधिकार सुनिश्चित गर्नु आवश्यक भएको छ ।

## २. अद्यावधिक स्थिति

मधेसी, मुस्लिम एवं पिछडिएको समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक उत्थान र विकासको लागि पिछडिएको समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६५ जारी भएको छ। मधेसी समुदायलाई केन्द्रित गरी महिलाको आर्थिक सामाजिक सुधारका लागि लघुवित्त कर्जा सम्बन्धी कार्यक्रमहरू ग्रामीण विकास बैंकहरू मार्फत सञ्चालन गरिएको भए तापनि पिछडिएको समुदायका महिलाहरू यसबाट लाभान्वित हुन सकेका छैनन्। पश्चिम तराई गरीबी निवारण आयोजना, डिप/स्यालो ट्यूववेल, साना सिंचाइ, ग्रामीण खानेपानी तथा सरसफाइ, महिला विकास जस्ता लक्षित कार्यक्रम सञ्चालनबाट मधेशका महिला समुदायले अपेक्षित लाभ पाउन सकेका छैनन् । गरीबी निवारण सम्बन्धी लक्षित कार्यक्रमहरूको कार्यान्वयनद्वारा मधेसी, मुस्लिम तथा पिछडा समुदायको उत्थानका लागि भएका प्रयासबाट आशातित रूपमा सफलता पाउन सकिएको छैन । मुस्लिम समुदायको पवित्र तीर्थ हज यात्राका लागि मुस्लिम समुदायको समिति मार्फत सार्वजनिक सेवा प्रदान गरिदै आएको छ। मधेसी, मुस्लिम पिछडावर्ग उत्थान कार्यक्रम तराई मधेसका २० जिल्ला र पहाडका केही जिल्लामा पिछडिएका जातजातिहरूको सर्वपक्षीय विकासको उद्देश्य राखी सीप विकास, रोजगारी प्रवर्द्धन, सचेतना वृद्धि जस्ता क्रियाकलापमा केन्द्रित रही कार्यान्वयनमा रहेको छ । त्रिवर्षीय अन्तरिम योजनामा सम्बन्धित सरोकारवालाहरूसँग व्यापक छलफल गरी छनौट गरिएका कार्यक्रमहरू समावेश गरिएकोमा अधिकांश कार्यक्रमहरू दीर्घकालीन प्रकृतिका भएका, मुलुक संक्रमणकालीन अवस्थामा नै रहेको र विभिन्न विषयगत मन्त्रालयहरूबाट सञ्चालन भएका कार्यक्रमहरूबाट प्राप्त नतिजालाई एकीकृत अभिलेख गर्न नसकिएकोले अपेक्षित प्रगति हासिल हुन नसकेको अवस्था विद्यमान् छ

## ३. समस्या तथा चुनौती

राष्ट्र विकासको मूलप्रवाहमा मधेसी, मुस्लिम र पिछडा वर्गको न्यायोचित प्रतिनिधित्व र सहभागिता हुन नसकेको, जातीय, सांस्कृतिक र भाषिक पहिचान स्थापित हुन नसकेको, भरपर्दो तथ्याङ्कको अभावमा सामाजिक, आर्थिक स्थितिको सही चित्रण हुन नसकेको, सामाजिक संरचनाको आधारमा विभेद र शोषण विद्यमान् रहेको, सामाजिक कुरीति र अन्धविश्वासको कारण दहेज प्रथा, बोक्सी, बालविवाह र महिला हिंसा जस्ता सामाजिक विकृतिहरूको अन्त्य हुन नसक्नुका साथै निरपेक्ष गरीबी, अशिक्षा, स्रोत साधन तथा सेवा सुविधामा न्यून पहुँच, संकीर्ण सामाजिक मूल्य मान्यता, साथै योजना तर्जुमा र कार्यान्वयनमा समावेशी र समन्यायिक दृष्टिकोणको कमी रहेको जस्ता समस्याहरू देखिएका छन्।

यसै गरी भाषा, संस्कृति तथा परम्पराहरूको संरक्षण र विकास गरी सामाजिक सद्भाव सहितको स्वपहिचान कायम गर्ने, सार्वजनिक सेवामा पहुँच, प्रतिनिधित्व र न्यायोचित प्रतिफल पाउने अवस्था सुनिश्चित गर्ने, उनीहरूमा विद्यमान् रहेको आर्थिक सामाजिक विभेदको अन्त्य गरी उनीहरूका बीचमा सामञ्जस्यपूर्ण समानता कायम गर्ने, समाजको आर्थिक, सामाजिक र सांस्कृतिक परम्परा र प्रचलनमा सुधार ल्याई उनीहरूको बहुपक्षीय विकास गर्ने वातावरण सिर्जना गर्ने, विकासका सबै प्रक्रिया र चरणहरूमा समावेशीकरणको अवधारणालाई आत्मसात गरी कार्यक्रमहरू सञ्चालन गर्ने, आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि आवश्यक साधन स्रोतको व्यवस्था र सोको समानुपातिक र समन्यायिक वितरण गर्ने तथा छरिएर रहेका लक्षित परिवारलाई एकीकृत र संगठित गरी समन्वयात्मक ढंगले लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने चुनौतिहरू रहेका छन्।

## ४. दीर्घकालीन सोच

मधेसी, मुस्लिम एवं पिछडिएको समुदायको आर्थिक तथा सामाजिक स्थितिमा सुधार गरी न्यायपूर्ण र समतामूलक समाज सिर्जना गर्ने।

## ५. उद्देश्य

मधेसी, मुस्लिम एवं पिछडिएको समुदायलाई विकासको मूलधारमा ल्याई उनीहरूको आर्थिक, सामाजिक, मानवीय तथा सांस्कृतिक अधिकार र अवसरहरूमा न्यायोचित पहुँच सुनिश्चित गरी उनीहरूको जीवन स्तरमा सुधार ल्याउने ।

## ६. रणनीति

१. राज्यका सबै संरचनाहरूमा मधेसी, मुस्लिम र पिछडा वर्गको समानुपातिक सहभागिताका लागि संरचनागत तथा नीतिगत अवरोधहरू हटाउन राज्यका संरचनाहरू तथा नीति-नियमहरू सुधार तथा निर्माण गर्ने ।

२. वञ्चितीमा परेका मधेसी, मुस्लिम र पिछडा वर्गको गरीबी निवारणका लागि समुदायहरूकै आवश्यकतामा आधारित फरक-फरक विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

३. मधेसी, मुस्लिम र पिछडा वर्गको सशक्तीकरणका लागि सम्बन्धित संघ संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै विकास प्रक्रियामा सक्रिय साझेदारका रूपमा विकास गर्दै लैजाने ।

४. सामाजिक स्थितिमा सुधार गर्नका लागि सकारात्मक विभेदको सिद्धान्त अपनाई मधेसी, मुस्लिम र पिछडा वर्गको जनशक्ति विकास गर्ने ।

५. मधेसी, मुस्लिम र पिछडा वर्गको भाषा र सँस्कृतिको विकासका लागि दीर्घकालीन योजना तर्जुमा गरी भाषा र सँस्कृतिको संरक्षण एवं सम्बर्द्धन गर्ने ।

## ७. कार्यनीति

१.१ मधेसी, मुस्लिम र पिछडा वर्गको पहिचान गर्ने आधार तयार गरी सो आधार बमोजिम यस समुदायमा सूचीकृत हुने जाति वा समुदायको सूची तयार गरिनेछ ।

१.२ शिक्षा, स्वास्थ्य, आवास र रोजगारीमा निश्चित समयका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था एवं समावेशीकरणको व्यवस्था गरिनेछ ।

१.३ नीति निर्माण/निर्णय तहमा मधेसी, मुस्लिम र पिछडा वर्गको पहुँच बढाउन उनीहरूको क्षमता विकास गर्दै लगिनेछ ।

२.१ आर्थिक रूपले कमजोर मधेसी, मुस्लिम र पिछडा वर्गको पहिचान गरी स्वरोजगारका लागि सहुलियत कर्जा सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

२.२ दिगो विकासका लागि आय आर्जन लगायतका सामुदायिक विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.३ मधेसी, मुस्लिम र पिछडा वर्गको विविध पक्षको विकास गर्न चेतनामूलक एवं सशक्तीकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.१ मधेसी, मुस्लिम र पिछडा वर्गसँग सम्बन्धित विभिन्न कार्यकक्रमहरू सरकारी, स्थानीय निकाय र गैरसरकारी संस्था मार्फत गाउँ एवं समुदायस्तरसम्म पुऱ्याउन आवश्यक समन्वय गर्न संयन्त्र निर्माण गरिनेछ ।

३.२ मधेसी, मुस्लिम र पिछडा वर्ग भित्रका सामाजिक कुरीतिजन्य लैंङ्गिक, जातीय, धार्मिक, सांस्कृतिक विभेद हटाउन आवश्यक कानुन तर्जुमा गरी सोही वर्गका प्रतिनिधिमूलक संघसंस्था मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

३.३ मधेसी, मुस्लिम र पिछडा वर्गका महिलाहरू माथिको हिंसा, शोषण हटाउन सामाजिक परिचालन, चेतना अभिवृद्धिका साथै अनुगमन तथा दण्ड व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

४.१ मधेसी, मुस्लिम र पिछडा वर्गको मानव संसाधन तथा क्षमता विकासको लागि सकारात्मक विभेदको नीति अपनाइनेछ ।

४.२ मधेसी, मुस्लिम र पिछडा वर्गको उत्थानको लागि स्वास्थ्य, सरसफाइ र वातावरण सम्बन्धी जनचेतनामूलक प्रचारप्रसारका सामग्रीहरू स्थानीय भाषामा प्रकाशन र वितरण गर्ने कार्यको थालनी गरिनेछ ।

४.३ स्वदेश तथा विदेशका विश्वविद्यालयहरूमा उच्च शिक्षा (इन्जिनियरिङ, मेडिकल, कृषि, वन, कानुन आदिमा समेत) मा मधेसी, मुस्लिम र पिछडा वर्गका विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

५.१ मधेसी, मुस्लिम र पिछडा वर्गको भाषा, संस्कृति, इतिहास, परम्परालाई परिचय गराउने अभिलेखालय तथा संग्राहलय स्थापना गरिनेछ ।

५.२ सम्बन्धित क्षेत्रका प्राथमिक विद्यालयहरूमा लेख्य परम्परा भएका मधेसी, मुस्लिम र पिछडा वर्गका भाषामा शिक्षा दिने व्यवस्था मिलाइनेछ ।

**८. प्रमुख कार्यक्रम**

- समावेशी विकास कार्यक्रमः मधेसी, मुस्लिम र पिछडा वर्गको विकास प्रक्रियामा पहुँच सुनिश्चित गर्दै विकासको प्रतिफलमा अधिकतम लाभ प्राप्त गर्ने गरी समावेशी विकास कार्यक्रमलाई एकीकृत र समन्वयात्मक अभियानको रूपमा सञ्चालन गरिनेछ र खण्डीकृत तथ्याङ्क प्रणालीको विकास गरिनेछ ।
- लक्षित कार्यक्रमः मधेसी, मुस्लिम र पिछडा वर्गको लक्षित वर्गलाई सम्बोधन गर्ने गरी उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातीय पहिचानका लागि समूह विशेषको अवसर र प्रतिफलमा पहुँच पुग्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सामाजिक परिचालन तथा सुशासन प्रर्वद्धनः सामाजिक परिचालनको माध्यमबाट चेतना अभिवृद्धि, सीप विकास र सशक्तीकरण गरी लोकतान्त्रिक परिपाटीमा सहभागी हुने वातावरण सिर्जना गरी सुशासन प्रबर्द्धन मार्फत मधेसी, मुस्लिम र पिछडा वर्गको सामाजिक तथा आर्थिक उत्थान गरिनेछ ।
- सहभागितात्मक योजना प्रणालीः योजनाको हरेक चरणहरूमा मधेसी, मुस्लिम र पिछडा वर्गलाई र तिनका प्रतिनिधि संस्थाहरूको सहभागी गराइने, उपभोक्ता समूहलाई समावेशी बनाउने, सामाजिक परिचालन माध्यमबाट पहिचान भएका माग तथा आवश्यकतालाई प्राथमिकीकरण गरी सम्बोधन गर्ने र सहभागितात्मक अनुगमन पद्धतिलाई संस्थागत गरिनेछ । यस क्षेत्रमा संलग्न र सहभागी सामाजिक संस्थाहरूको संस्थागत सुदृढीकरण गर्ने कार्यक्रमहरू समेत सञ्चालन गरिनेछ ।
- क्षमता विकासः मधेसी, मुस्लिम र पिछडा वर्गलाई राज्यको हरेक तह र तप्कामा पहुँच वृद्धि गर्नको लागि आवश्यक पर्ने क्षमता अभिवृद्धिका जस्तै सीप विकास, संस्थागत विकास, नेतृत्व विकास जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- पहिचानः मधेसी, मुस्लिम र पिछडा वर्गको भाषा, धर्म संस्कृति, कला, साहित्य, परम्परा, रीतिथिति लगायतका ऐतिहासिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक पक्षहरूको पहिचान गर्ने कार्यक्रमहरू जस्तैः शैक्षिक प्रबर्द्धनात्मक कार्यक्रम, चेतना अभिवृद्धि कार्यक्रम, जातीय सद्भाव तथा भाषिक विवरणी तयार गर्ने जस्ता कायक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षाः विपन्न, लोपोन्मुख तथा सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपमा पछि परेका/पारिएकाहरू मधेसी, मुस्लिम र पिछडा वर्गलाई सामाजिक सुरक्षा सम्बन्धी आर्थिक तथा गैर आर्थिक कार्यक्रम मार्फत सम्बोधन गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सशक्तीकरणः मधेसी, मुस्लिम र पिछडा वर्गको आर्थिक तथा सामाजिक रूपान्तरणका साथ जनजीविकाको लागि आत्मनिर्भरता हुने गरी विभिन्न सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गरिनेछ । जस्तै परम्परागत सीप परिमार्जन गर्दै बजार मैत्री आधुनिकीकरण गर्ने, लोक सेवा आयोग लगायत अन्य परीक्षाहरूमा प्रतिस्पर्धाहरूको लागि तयारी कक्षाहरू सञ्चालन गरिनेछ ।

## ९. कार्यान्वयन व्यवस्था

राज्यको सबै तहका निकायहरूमा मधेसी, पिछडिएका समुदायहरू र मुस्लिमको सहभागिता र प्रतिनिधित्व बढाउन र उनीहरूको सामाजिक र आर्थिक विकासका लागि निर्माण गरिने ऐन, कानुन र नीति-निर्देशनहरूको तर्जुमा एवम् कार्यान्वयन गरिनेछ। यी कार्यहरू गर्न यो समुदायलाई प्रतिनिधित्व गर्ने संघ संस्थाहरूले सहयोगीको भूमिका निर्वाह गर्नेछन्। मधेसी, पिछडिएका समुदायहरू र मुस्लिम समुदायहरूका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, बसोबास, सञ्चार, रोजगारी र आर्थिक विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ। मधेसी, पिछडिएका समुदायहरू र मुस्लिम समुदायलाई प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरू तर्जुमा कार्यान्वयन गर्दा पिछडिएको समुदायलाई प्रतिनिधित्व गर्ने संघसंस्थाहरूलाई सहभागी गराइनेछ।

## १०. अपेक्षित उपलब्धि

१. राज्यको संरचना र नीतिहरू मधेसी, मुस्लिम र पिछडा वर्गको हित अनुकूल निर्माण भइ सामाजिक स्तरमा सकारात्मक प्रभाव पर्नुका साथै राज्यको सबै तहमा सहभागिता वृद्धि भएको हुनेछ।

२. मधेसी, मुस्लिम र पिछडा वर्गका वञ्चित समूहहरूको आर्थिक, सामाजिक स्थितिमा सुधार भइ सांस्कृतिक र भाषिक सम्पदाहरूको संरक्षण एवम् सम्बर्द्धन भएको हुनेछ।

३. मधेसी, मुस्लिम र पिछडा वर्ग भित्रका विभेदकारी व्यवहारमा सकारात्मक सुधार आउनुका साथै प्रतिनिधित्व गर्ने संघ संस्थाहरूको विकास तथा संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ।

४. कम्तीमा १०००० कमजोर मधेसी, मुस्लिम र पिछडा वर्गका परिवारलाई स्वरोजगारका लागि सहुलियत कर्जा सुविधा प्रदान गरेको हुनेछ।

५. यस वर्गको आर्थिक, सामाजिक अवस्था खुल्ने गरी कम्तीमा १० जिविसले जिल्ला पार्श्वचित्र तयार गरेको हुनेछ।

६. मधेसी, मुस्लिम र पिछडा वर्गलाई लक्षित गरी कम्तीमा ७०० वटा सामुदायिक पूर्वाधार विकासका कार्यक्रमहरू सन्चालन गरिएको हुनेछ।

# ७.३.२ दलित समुदायको समावेशीकरण

## १. पृष्ठभूमि

देशको कूल जनसंख्याको करिब १३ प्रतिशत दलित समुदायहरू अरू जातजातिभन्दा आर्थिक तथा सामाजिक सेवा र राजनीतिक अवसरबाट वञ्चित रहेका छन्। मुलुकलाई छुवाछुत मुक्त राज्य घोषणा गरिसक्दा पनि समाजमा बहुसंख्यक मानिसहरूको दलितहरूप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन हुन सकिरहेको छैन। सार्वजनिक स्थलमा दलितहरूले अपहेलित हुनु पर्ने सामाजिक परिपाटी व्यावहारिक रूपमा अझै पनि विद्यमान् रहेको छ। दलितहरूलाई समाजको मूलप्रवाहमा ल्याउने प्रयासले सार्थकता प्राप्त नगरेसम्म मुलुकको सर्वतोमुखी विकास सम्भव नहुने तथ्यलाई मनन गरी दलितहरूको मूलप्रवाहीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन्।

## २. अद्यावधिक स्थिति

नवौं योजनादेखि दलितहरूको उत्थान र विकासलाई सोझै लक्षित गरी प्रारम्भ गरिएको कार्यक्रमले निरन्तरता पाउँदै आएकोले उनीहरूको समग्र स्थितिमा सुधारका लक्ष्यणहरू देखा पर्दै छन्। त्रिवर्षीय अन्तरिम योजना अवधिमा दलित उत्थान तथा विकासमा केही महत्त्वपूर्ण कार्यहरू शुरू भए। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार भइ कार्यान्वयनमा आएको छ। दलित समुदायलाई

जनसंख्याको अनुपातमा निजामति, प्रहरी, सैनिक सेवा लगायत सार्वजनिक क्षेत्रको पदमा नयाँ भर्ना गर्दा निश्चित प्रतिशत समावेशीकरण गरिएको छ । दलित वर्ग उत्थान जिल्ला समन्वय समिति मार्फत ७५ वटै जिल्लामा आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन भएको छ भने उच्च शिक्षा अध्ययन गर्ने दलित विद्यार्थीहरूलाई विभिन्न प्राविधिक तथा अप्राविधिक विषयमा छात्रवृत्तिहरू प्रदान गरिएका छन् । जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी छुवाछुत तथा जातीय भेदभावमा कमी ल्याउने प्रयत्न भएको छ। सीप विकाससम्बन्धी विभिन्न तालिमहरू सञ्चालन गरी दलित समुदायलाई रोजगारीमा सहयोग गरिएको छ । अन्तरजातीय सद्भाव बढाउने सामाजिक कार्यलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिएको छ। मधेशी दलितहरूलाई लक्षित गरी जनता आवास कार्यक्रम सञ्चालन गरिएको छ।

## ३. समस्या तथा चुनौती

वर्ण व्यवस्थामा आधारित कार्य विभाजन र जातीय संरचना विद्यमान् रहनु, परम्परागत आर्थिक पेशा निर्वाहमुखी जीविकोपार्जनको स्रोत मात्र भएकोले गरीबीको अवस्थामा सुधार आउन नसक्नु, हलिया, खलिया, हरूवा, चरूवा तथा बालीघरे प्रथा जस्ता अर्धसामन्तवादी आर्थिक संरचना अझैपनि कायम हुनु, सामाजिक विभेदले शिक्षा, स्वास्थ्य र रोजगारीमा पर्याप्त अवसर र पहुँच हुन नसक्नु, नीति तर्जुमा र कार्यन्वयन गर्ने तहमा दलित समुदायको प्रतिनिधित्व कम हुनु, दलितहरूको वस्ती छरिएर रहनु, जस्ता प्रमुख समस्याहरू रहेका छन् ।

समाजको आर्थिक, सामाजिक र सांस्कृतिक परम्परा, भेदभाव र प्रचलनमा सुधार ल्याई दलितमैत्री वातावरण सिर्जना गर्ने, छरिएर रहेका दलित परिवारलाई एकीकृत र संगठित गरी समन्वयात्मक ढंगले लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने कार्य चुनौतिपूर्ण छ ।

## ४. दीर्घकालीन सोच

जातीय भेदभावमुक्त समतामूलक समाजको निर्माण गर्ने ।

## ५. उद्देश्य

दलितहरूको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक अधिकार र अवसरहरूमा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

## ६. रणनीति

१. नीतिगत र संरचनात्मक व्यवस्था गरी दलितलाई विकासको समग्र प्रक्रिया र प्रतिफलमा मूलप्रवाहीकरण गरी स्रोत-साधन र सार्वजनिक सेवामा पहुँच वृद्धि गर्ने ।

२. राज्यका सबै निर्णय प्रक्रिया तथा संरचनामा बञ्चितिमा परेका समुदायहरूको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने ।

३. दलितहरूको उत्थानका लागि नीतिगत, कानुनी तथा संरचनागत प्रावधानहरूमा सुधार गर्ने ।

४. लक्षित कार्यक्रमको सञ्चालन, सकारात्मक विभेद र आरक्षणका माध्यमबाट दलित समुदायहरूको सशक्तीकरण गर्ने ।

## ७. कार्यनीति

१.१ दलित समुदायहरूको आर्थिक सशक्तीकरणका लागि सार्वजनिक रोजगारीका अवसरहरूमा न्यायोचित पहुँचको व्यवस्था गरी राज्यका सबै निकायहरूमा वञ्चितीमा परेका समुदायहरूलाई मूलप्रवाहीकरण गरिनेछ ।

२.१ शासन सञ्चालन एवं विकास निर्माणका सबै क्षेत्रको निर्णय एवं कार्यान्वयन प्रक्रियामा वञ्चितीमा परेका समुदाय समेतका सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

३.१ खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा जस्ता सार्वजनिक सेवा र स्रोत साधनमा अल्पसंख्यक जाति तथा वञ्चितीमा परेका समुदाय समेतका सबै समुदायको पहुँच बढाउनका लागि आवश्यक नीतिगत, कानूनी र संरचनात्मक सुधार गरिनेछ ।

३.२ लोपोन्मुख दलित जाति तथा समुदायको पहिचान गरिनेछ र दलित समुदायहरू भित्रकै सीमान्तकृत समुदायहरूको सामाजिक सुरक्षा तथा आर्थिक उत्थान र सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

३.३ दलित समुदायहरूको सशक्तीकरण गर्न तिनका बालबालिकाहरूका लागि छात्रवृत्तिसहितको अनिवार्य तथा निःशुल्क शिक्षा दिने व्यवस्था मिलाइनेछ ।

३.४ दलित समुदायहरूको हक हितको संरक्षण र सम्वर्द्धनको लागि सञ्चालित सार्वजनिक निकायको पुनः संरचना गरी संस्थागत सुदृढीकरण गर्नुका साथै क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

३.५ सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रसँग सम्बन्धित नीतिगत तथा कानुनी र संरचनात्मक प्रावधानहरूमा सकारात्मक विभेद तथा आरक्षणको सिद्धान्त अनुरूप परिमार्जन गरी वञ्चितीमा परेका समुदायहरूको सशक्तीकरण गरिनेछ ।

३.६ स्वदेश तथा विदेशका विश्वविद्यालयहरूमा उच्च शिक्षा (इन्जिनियरिङ, मेडिकल, कृषि, वन, कानुन आदिमा समेत) का लागि दलित विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

३.७ प्राविधिक/व्यावसायिक शिक्षा तथा सीप विकासका कार्यक्रमहरूमा दलित समुदायका युवाहरूको सहभागिता वृद्धि गरिनेछ ।

४.१ राज्यले सञ्चालन गर्ने विकास निर्माणका कार्यहरूमा दलित समुदायहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

- समावेशी विकास कार्यक्रमः दलित समुदायको विकास प्रक्रियामा पहुँच सुनिश्चित गर्दै विकासको प्रतिफलमा अधिकतम लाभ प्राप्त गर्ने गरी समावेशी विकास कार्यक्रमलाई एकीकृत र समन्वयात्मक अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- लक्षित कार्यक्रमः दलित समुदायको लक्षित वर्गलाई सम्बोधन गर्ने गरी उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातीय पहिचानका लागि समूह विशेष अवसर र प्रतिफलमा पहुँच पुग्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सामाजिक परिचालन तथा सुशासन प्रर्वद्धनः सामाजिक परिचालनको माध्यमबाट चेतना अभिवृद्धि, सीप विकास र सशक्तीकरण गरी लोकतान्त्रिक परिपाटीमा सहभागी हुने वातावरण सिर्जना गरी सुशासन प्रबर्द्धन मार्फत दलित समुदायको सामाजिक तथा आर्थिक उत्थान गरिनेछ । दलित समुदायमा सक्रिय सामाजिक संस्थाहरूको समेत
- सुदृढीकरण गर्ने कार्यक्रमहरू समावेश हुनेछ ।
- सहभागितात्मक योजना प्रणालीः योजनाको हरेक चरणहरूमा दलितलाई र तिनका प्रतिनिधि संस्थाहरूको सहभागी गराइने, उपभोक्ता समूहलाई समावेशी बनाउने, सामाजिक परिचालन माध्यमबाट पहिचान भएका माग तथा आवश्यकतालाई प्राथमिकीकरण गरी सम्बोधन गर्ने र सहभागितात्मक अनुगमन पद्धतिलाई संस्थागत गरिनेछ ।
- क्षमता विकासः दलित समुदायलाई राज्यको हरेक तह र तप्कामा पहुँच वृद्धि गर्नको लागि आवश्यक पर्ने क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । छुवाछुत तथा जातीय भेदभाव अन्त्य गर्न क्षमता विकास, नेतृत्व विकास, चेतनामूलक तथा अभिमुखीकरण तालिम, आयआर्जन, व्यावसायिक तथा सीप अभिवृद्धि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- पहिचानः दलित समुदायका भाषा, धर्म संस्कृति, कला, साहित्य, परम्परा, रीतिथिति लगायतका ऐतिहासिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक पक्षहरूको पहिचान गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षाः विपन्न, लोपोन्मुख तथा सामाजिक, आर्थिक तथा साँस्कृतिक रूपमा पछि परेका/पारिएकाहरू दलित समुदायलाई सामाजिक सुरक्षा सम्बन्धी आर्थिक तथा गैर आर्थिक कार्यक्रम मार्फत सम्बोधन गरिने कार्यक्रम सञ्चालन गरिनेछ । साथै दलितहरू विरूद्ध हुने संरचनात्मक हिंसा अन्त्य गर्ने कार्यक्रम सञ्चालन हुनेछ ।
- सशक्तीकरणः दलित समुदायको आर्थिक तथा सामाजिक रूपान्तरणको लागि जनजीविकाको लागि आत्मनिर्भरता हुने गरी विभिन्न सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गरिनेछ । जस्तै परम्परागत सीप परिमार्जन गर्दै बजार मैत्री आधुनिकीकरण गर्ने, व्यवसायीकरण तथा बजारीकरण गर्ने, लोक सेवा आयोग लगायत अन्य परीक्षाहरूमा प्रतिस्पर्धाहरूको लागि तयारी कक्षाहरू सञ्चालन गर्ने, ।

### ९. कार्यान्वयन ब्यवस्था

जनचेतना अभिवृद्धि, आयवृद्धि तथा वैदेशिक रोजगारीमा पहुँच बढाउने कार्यक्रमहरू सम्बन्धित विषयगत मन्त्रालय, विभाग र तिनका शाखाहरूबाट देशभर कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । जिल्ला स्तरमा गठन भएका दलित वर्ग उत्थान जिल्ला समन्वय समितिले दलितसँग सम्बन्धित जिल्ला स्तरीय दलित लक्षित कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन गर्नुका साथै दलितको अधिकार तथा उत्थानसँग सम्बन्धित संपूर्ण कार्यहरू गर्नेछ । दलित विकास समितिले जिल्लाका लागि सोझै गर्ने कार्यहरूमा पनि यस समितिलाई जिम्मेवार गराउँदै लगिनेछ ।

### १०. अपेक्षित उपलब्धि

१. राज्य, निजी क्षेत्र तथा नागरिक समाजको सबै निकायमा दलित समुदायको सहभागिता र प्रतिनिधित्वमा वृद्धि भएको हुनेछ ।
२. धर्म, जाति, संस्कृति र भाषाको आधारमा हुने विभेद घटेको हुनेछ ।
३. दलित महिलाको आर्थिक सामाजिक स्तरमा सुधार आएको हुनेछ ।
४. मधेसी दलितको सशक्तीकरण र समग्र सामाजिक स्तरमा सुधार आएको हुनेछ ।

## ७.३.३ आदिबासी जनजाति

### १. पृष्ठभूमि

साझा भूगोल, साझा भाषा, तथा आफ्नै प्रकारको धर्म, संस्कृति मूल्य मान्यतासहितको विशिष्ट पहिचान बोकेका आदिबासी जनजातिहरूको संख्या नेपालको कूल जनसंख्याको ३७.२ प्रतिशत रहेको छ । आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५९ ले ५९ आदिबासी जनजातिहरूको पहिचान र तिनलाई कानूनी मान्यता प्रदान गरेको छ । संविधानसभामा आदिबासी जनजातिहरूको प्रतिनिधित्व झन्डै उनीहरूको जनसंख्याको अनुपातमा पुगे तापनि विगतको शासकीय पद्धतिमा रहेको असमावेशी चरित्रको कारण नीति निर्माण र सार्वजनिक सेवाहरूमा आदिबासी जनजातिहरूको सहभागिता अपेक्षित रूपमा वृद्धि हुन सकेको छैन । आदिबासी जनजातिहरूको साक्षरता दर राष्ट्रिय औसत साक्षरता दरको तुलनामा अझै कम छ । समग्रमा नेपालका आदिबासी जनजातिहरू आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक क्षेत्रमा बहिष्करण र वञ्चितीमा परेका छन् । प्रत्येक समुदाय तथा जातजातिहरूको समानुपातिक, सन्तुलित र समन्यायिक प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति सम्भव भएकोले आदिबासी जनजातिहरूको सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनीतिक विकासका लागि राज्यका सबै अङ्गबाट विशेष महत्त्व दिइ समावेशी विकास नीति अनुरूप कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन हुन आवश्यक छ ।

## २. अद्यावधिक स्थिति

तीन वर्षीय अन्तरिम योजना (२०६४/६५–२०६६/६७) अवधिमा आदिबासी जनजातिको अधिकार र हकहित प्रबर्द्धनसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धी १६९ व्यवस्थापिका संसदबाट अनुमोदन भै २००८ सेप्टेम्बर १४ बाट लागू समेत भएको छ । यसै गरी यस महासन्धीसँग विरोधाभाष हुने कानुनी एवं नीतिगत प्रावधानहरू पहिचान गरी संशोधन गर्ने कार्य भैरहेको छ । राष्ट्रिय कार्ययोजना अनुरूप जल, जमिन, जङ्गल र खानी जस्ता प्राकृतिक स्रोतहरूमा आदिबासी जनजातिहरूको पहुँच वृद्धि गर्ने कार्य भैरहेको छ । वौद्ध दर्शन प्रबर्द्धन तथा गुम्वा विकास समिति (गठन) आदेश २०६६, मन्त्रिपरिषद्बाट पारित भएको छ । आदिबासी जनजातिको सूची परिमार्जनका लागि अध्ययन अनुसन्धान गरि सुझाव पेश गर्न गठित उच्चस्तरीय कार्यदलले वुझाएको प्रतिवेदन निर्णयार्थ मन्त्रिपरिषद्मा पठाइएको छ । निजामति सेवा, सेना, प्रहरी र अन्य निकायहरूमा कर्मचारी भर्ना गर्दा निश्चित प्रतिशत आदिबासी जनजातिको लागि सकरात्मक विभेदको माध्यमबाट समावेशीकरण शुरू गरिएको छ ।

विभिन्न सरकारी निकायहरू, स्थानीय निकाय र गैर सरकारी निकायहरूबाट लोपोन्मुख, अतिसीमान्तकृत तथा सीमान्तकृत आदिबासी जनजातिहरूका निम्ति विशेष लक्षित कार्यक्रम सञ्चालन गरिएको छ । आदिबासी जनजातिका भाषा, धर्म, संस्कार, र संस्कृतिको संरक्षण गर्न केन्द्र तथा स्थानीय निकायहरू मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न रकम विनियोजन भएको छ । प्रत्येक वर्ष आदिबासी जनजातिले छानेका विकास निर्माण तथा पूर्वाधारका कार्यक्रमहरू र जनचेतना अभिवृद्धि कार्यक्रमहरू उनीहरूकै अगुवाइमा सञ्चालन गर्न प्रत्येक स्थानीय निकायबाट ५ देखि १५ प्रतिशत रकम छुट्याउने गरिएको छ । स्थानीय निकायहरूले आदिबासी जनजातिहरूको आर्थिक-साँस्कृतिक उत्थानका लागि अनिवार्य रूपमा बजेट छुट्याउने व्यवस्था गरिएको छ भने सबै जिल्लाहरूमा आदिबासी जनजाति जिल्ला समन्वय समिति गठन गरी सो समिति मार्फत लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ । आदिबासी जनजातिहरूको शैक्षिकस्तर वृद्धि गर्नका लागि विद्यालय तथा उच्च शिक्षामा छात्रवृत्ति तथा समावेशीकरणको प्रावधान लागू गरिएको छ । रेडियो, एफ.एम., टीभी, पत्रिका जस्ता सञ्चार माध्यमहरूमा आदिबासी जनजाति भाषाहरूमा कार्यक्रम सञ्चालन तथा समाचार प्रशारण गर्ने गरिएको छ । लोपोन्मुख, अतिसीमान्तकृत तथा सीमान्तकृत आदिबासी जनजातिका मानिसहरूका लागि सामाजिक सुरक्षा भत्तामा वृद्धि गरिएको छ ।

## ३. समस्या तथा चुनौती

आदिबासी जनजातिहरूको लोपोन्मुख भाषा र सँस्कृतिहरूको संरक्षण, प्रबर्द्धन र उनीहरूको परम्परागत सीप तथा प्रविधिहरूको प्रयोग र परिमार्जनमा राज्यको पर्याप्त ध्यान नपुगेको, राज्यबाट प्रदत्त सेवा, सुविधा र अवसरहरूमा आदिबासी जनजातिको न्यायोचित पहुँच पुग्न नसकेको र पर्याप्त बजेट विनियोजन नभएको कारण आदिबासी जनजातिहरूका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न नसकिएको जस्ता समस्याहरू विद्यमान् छन् ।

यसै गरी अन्तरिम संविधान २०६३ ले प्रत्याभूत गरेका विषयहरूलाई व्यवहारिक रूपमा कार्यान्वयनमा ल्याउनु, आदिबासी जनजातिहरूको बीचमा मानव विकास सूचकांक, गरीबी तथा लैगिक विकास सूचकाङ्कमा रहेको अन्तर घटाउन कार्यक्रमहरू सञ्चालन गर्नु, आदिबासी जनजातिको भाषा, सँस्कृति, मूल्य, मान्यताको जगेर्ना गर्न मातृ भाषामा शिक्षा दिन पाठ्यपुस्तकको तयारी, स्रोत व्यक्तिको व्यवस्था, आदिबासी जनजाति भित्रकै सीमान्तकृत तथा आर्थिक सामाजिक र साँस्कृतिक हिसाबले पछि परेका वर्गहरूको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने कार्य चुनौतिपूर्ण रहँदै आएको छ ।

## ४. दीर्घकालीन सोच

आदिबासी जनजातिहरूको सामाजिक, साँस्कृतिक र आर्थिक स्थितिमा सुधार गरी न्यायपूर्ण र समतामूलक समाज सिर्जना गर्ने ।

## ५. उद्देश्य

आदिबासी जनजाति समुदायलाई विकासको मूलधारमा ल्याई उनीहरूको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक अधिकार र अवसरहरूमा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

## ६. रणनीति

१. आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था समेत गरी अल्पसंख्यक र लोपोन्मुख लगायतका आदिबासी जनजातिहरूलाई विकासको समग्र प्रक्रिया र प्रतिफलमा मूलप्रवाहीकरण गरी स्रोत-साधन र सार्वजनिक सेवामा पहुँच बढाउने ।

२. राज्यका सबै निर्णय प्रक्रिया तथा संरचनामा बञ्चितिमा परेका समुदायहरूको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने ।

३. आदिबासी/जनजाति र लोपोन्मुख जाति वर्ग र समुदायहरूको उत्थानका लागि नीतिगत, कानुनी तथा संरचनागत प्रावधानहरूमा सुधार गर्ने ।

४. लक्षित कार्यक्रमको सञ्चालन गरी सकारात्मक विभेद र समावेशीकरणका माध्यमबाट आदिबासी/जनजाति, अल्पसंख्यक र लोपोन्मुख जाति समुदायहरूको सशक्तीकरण गर्ने ।

## ७. कार्यनीति

१.१ आदिबासी/जनजाति, अल्पसंख्यक र लोपोन्मुख जाति र समुदायहरूको आर्थिक सशक्तीकरणका लागि सार्वजनिक रोजगारीका अवसरहरूमा न्यायोचित पहुँचको व्यवस्था गरी राज्यका सबै निकायहरूमा वञ्चितीमा परेका समुदायहरूलाई मूल प्रवाहीकरण गरिनेछ ।

२.१ शासन सञ्चालन एवं विकास निर्माणका सबै क्षेत्रको निर्णय एवं कार्यान्वयन प्रक्रियामा वञ्चितीमा परेका समुदाय समेतका सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

३.१ खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा जस्ता सार्वजनिक सेवा र स्रोत साधनमा अल्पसंख्यक जाति तथा वञ्चितीमा परेका समुदाय समेतका सबै समुदायको पहुँच बढाउनका लागि आवश्यक नीतिगत र संरचनात्मक सुधार गरिनेछ ।

३.२ लोपोन्मुख जाति तथा समुदायको पहिचान गरिनेछ र उनीहरूको उत्थान तथा विकासका लागि कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

३.३ आदिबासी जनजाति, अल्पसंख्यक र लोपोन्मुख जाति तथा समुदायहरू तथा सो भित्रकै सीमान्तकृत समुदायहरूको सामाजिक सुरक्षा, आर्थिक उत्थान तथा सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

३.४ राष्ट्रिय सांस्कृतिक एवं भाषिक नीति बनाई लागू गरिनेछ ।

३.५ बहुभाषिक नीति अनुरूप हुने गरी शैक्षिक पाठ्यक्रमहरूको परिमार्जन गरिनेछ ।

३.६ आदिबासी/जनजाति, अल्पसंख्यक र लोपोन्मुख जाति र समुदायहरूको हक हितको संरक्षण र सम्वर्द्धनको लागि सञ्चालित सार्वजनिक निकायको पुनसंरचना गरी संस्थागत सुदृढीकरण गर्नुका साथै क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३.७ सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रसँग सम्बन्धित नीतिगत तथा कानुनी र संरचनात्मक प्रावधानहरूमा सकारात्मक विभेद तथा समावेशीकरणको सिद्धान्त अनुरूप परिमार्जन गरी वञ्चितीमा परेका समुदायहरूको सशक्तीकरण गरिनेछ ।

४.१ शिक्षा र श्रम बजारमा पहुँच भएका र नभएकाहरू बीचको खाडल पहिचान गरी सबभन्दा कम पहुँच भएकाहरूलाई प्राथमिकतामा राख्दै त्यस्ता खाडल कम गर्न सकारात्मक विभेदको नीति

बनाई लागू गरिनेछ ।

४.२ राज्यले सञ्चालन गर्ने विकास निर्माणका कार्यहरूमा आदिबासी जनजाति, अल्पसंख्यक र लोपोन्मुख जाति समुदायहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

४.३ सामान्य अवस्थामा आदिबासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमिबाट विस्थापित गरिनेछैन तर विस्थापित गर्नै पर्ने अवस्था आएमा उनीहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।

४.४ स्वदेश तथा विदेशका विश्वविद्यालयहरूमा उच्च शिक्षा (इन्जिनियरिङ, मेडिकल, कृषि, वन, कानुन आदिमा समेत) मा आदिबासी/जनजातिका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

**८. प्रमुख कार्यक्रम**

- समावेशी विकास कार्यक्रमः आदिबासी/जनजातिको विकास प्रक्रियामा पहुँच सुनिश्चित गर्दै विकासको प्रतिफलमा अधिकतम लाभ प्राप्त गर्ने गरी समावेशी विकास कार्यक्रमलाई एकीकृत र समन्वयात्मक अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- लक्षित कार्यक्रमः आदिबासी/जनजातिको लक्षित वर्गलाई सम्बोधन गर्ने गरी उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातीय पहिचानका लागि समूह विशेष अवसर र प्रतिफलमा पहुँच अभिवृद्धि हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सामाजिक परिचालन तथा सुशासन प्रर्वद्धनः सामाजिक परिचालनको माध्यमबाट चेतना अभिवृद्धि, सीप विकास र सशक्तीकरण गरी लोकतान्त्रिक परिपाटीमा सहभागी हुने वातावरण सिर्जना गरी सुशासन प्रबर्द्धन मार्फत आदिबासी/जनजातिको सामाजिक तथा आर्थिक उत्थान गरिनेछ । आदिबासी जनजातिका समुदायमा सक्रिय सामाजिक संस्थाहरूको समेत सुदृढीकरण गर्ने कार्यक्रमहरू समावेश हुनेछ ।
- सहभागितात्मक योजना प्रणालीः योजनाको हरेक चरणहरूमा आदिबासी/जनजातिलाई र तिनका प्रतिनिधि संस्थाहरूको सहभागी गराइने, उपभोक्ता समूहलाई समावेशी बनाउने, सामाजिक परिचालन माध्यमबाट पहिचान भएका माग तथा आवश्यकतालाई प्राथमिकीकरण गरी संबोधन गर्ने र सहभागितात्मक अनुगमन पद्धतिलाई संस्थागत गरिनेछ ।
- क्षमता विकासः आदिबासी/जनजातिलाई राज्यको हरेक तह र तप्कामा पहुँच वृद्धि गर्नको लागि आवश्यक पर्ने क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । क्षमता विकास, नेतृत्व विकास, जनचेतनामूलक तथा अभिमुखीकरण तालिम, जनजागरण, आयआर्जन, परम्परागत पेशाको व्यावसायिक उत्पादन, वितरण तथा सीप अभिवृद्धि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- पहिचानः आदिबासी/जनजाति समुदायका भाषा, धर्म सँस्कृति, कला, साहित्य, परम्परा, रीतिथिति लगायतका ऐतिहासिक, धार्मिक, सामाजिक तथा साँस्कृतिक पक्षहरूको पहिचान गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । मातृभाषामा शिक्षा दिने कार्यक्रमको विस्तार, लोपोन्मुख जाति र समुदायको भाषाको सम्वर्द्धन गर्ने तथा अभिलेखीकरण गर्ने कार्यक्रम, सांस्कृतिक पर्यटन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षाः विपन्न, लोपोन्मुख तथा सामाजिक, आर्थिक तथा साँस्कृतिक रूपमा पछि परेका/पारिएका आदिबासी/ जनजातिलाई सामाजिक सुरक्षा सम्बन्धी आर्थिक तथा गैर आर्थिक कार्यक्रम मार्फत सम्बोधन गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सशक्तीकरणः आदिबासी/जनजातिको आर्थिक तथा सामाजिक रूपान्तरणको लागि आत्मनिर्भरता हुने गरी विभिन्न सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गरिनेछ । जस्तै परम्परागत सीप परिमार्जन गर्दै बजार मैत्री आधुनिकीकरण गर्ने, व्यवसायीकरण तथा बजारीकरण गर्ने, उद्यमशीलता विकास सम्बन्धी तालिम, लोक सेवा आयोग लगायत अन्य परीक्षाहरूमा प्रतिस्पर्धाहरूका लागि तयारी कक्षाहरू सञ्चालन गर्ने, जीविकोपार्जन सम्बन्धी कार्यक्रम इत्यादि ।

### ९. कार्यान्वयन व्यवस्था
राज्यको सबै तहका निकायहरूमा आदिबासी जनजातिहरूको सहभागिता र प्रतिनिधित्व बढाउन र उनीहरूको सामाजिक र आर्थिक विकासका लागि निर्माण गरिने ऐन, कानुन र नीति-निर्देशनहरू समावेशी बनाउन नेपाल आदिबासी जनजाति महासंघ र आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको भूमिका प्रबर्द्धन गर्दै लगिनेछ । आदिबासी जनजातिहरूको सामाजिक, शैक्षिक, आर्थिक र सांस्कृतिक विकास, उनीहरूको भाषा, लिपि, संस्कृति, साहित्य, कला र इतिहासको संरक्षण तथा सम्वर्द्धन र परम्परागत ज्ञान, सीप, प्रविधि एवं विशेष जानकारीको संरक्षण तथा व्यावसायिक उपयोग सम्बन्धी लक्षित कार्यक्रमहरू आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, विभिन्न विषयगत मन्त्रालयहरू र स्थानीय निकायहरूले कार्यान्वयन गर्नेछन् ।

### १०. अनुगमन तथा मूल्याङ्कन
आदिबासी जनजाति उत्थान र विकासका निम्ति जिल्ला स्तरमा सञ्चालन गरिने कार्यक्रमहरूको नियमित समीक्षा र समन्वय स्थानीय विकास मन्त्रालय र आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले गर्नेछन् । यस्ता कार्यक्रमहरूको अनुगमन आदिबासी जनजाति जिल्ला समन्वय समिति/जिविस र आदिबासी जनजाति महासंघको जिल्ला समन्वय परिषद्ले समेत संयुक्तरूपमा गर्नेछन् ।

### ११. अपेक्षित उपलब्धि
१. राज्यको संरचना र नीतिहरू आदिबासी जनजातिहरूको हित अनुकूल निर्माण भएका हुनेछन् ।
२. आदिबासी जनजातिहरूको परम्परागत र जातीय सङ्गठनहरूको क्षमता अभिवृद्धि भएको हुनेछ ।
३. लोपोन्मुख सीमान्तकृत, सीमान्तकृत तथा वञ्चित आदिबासी जनजातिलगायत सबै जनजातीहरूको आर्थिक र सामाजिक स्थितिमा सुधार भएको हुनेछ ।
४. आदिबासी जनजातिका भाषा र सँस्कृतिहरूलाई संरक्षण गरिएको हुनेछ ।
५. भाषा र संस्कृति सम्बन्धी राष्ट्रिय नीति निर्माण भएको हुनेछ ।

## ७.४ सन्तुलित विकास

### १. पृष्ठभूमि
राष्ट्रको सन्तुलित विकासका लागि क्षेत्रीय विकासको अवधारणा चौथो योजना अवधिदेखि आएको भए तापनि विकासको प्रतिफल समानरूपमा उपलब्ध गराउन नसकिएको सन्दर्भमा क्षेत्रीय सन्तुलन कायम गर्ने विषय अझै पनि उत्तिकै सान्दर्भिक रहेको छ । नेपाल संघीय संरचनामा जाने विषय अन्तरिम संविधानमा उल्लेख भइसकेको अवस्थामा योजनाले सुदूरपश्चिम, कर्णालीलगायत तराइ, पहाड र हिमाली भेगका विविध कारणले आर्थिक र सामाजिक विकासका अवसरबाट वञ्चित समुदाय र क्षेत्रहरूको समन्यायिक विकास गर्नु राज्यको दायित्व हो । स्रोत, साधन र अवसरमा समान पहुँच, पहिचान र प्रतिनिधित्वको सुनिश्चितता गर्नु पर्ने आवश्यकता टडकारो देखिन्छ । यस परिप्रेक्षमा देश भित्रका विभिन्न जिल्ला, गाउँ वा नगर तथा समुदायमा सन्तुलित तवरले स्रोत, साधन र अवसरको वितरण र उपभोग सुनिश्चित गर्नेतर्फ यो योजना उन्मुख रहेको छ ।

### २. अद्यावधिक स्थिति
भौगोलिक दृष्टिकोणले विकट, आर्थिक दृष्टिकोणले विपन्न र सामाजिक दृष्टिकोणले पछि परेका/पारिएका उत्तर-दक्षिण सिमावर्ती, भौगोलिक र विकास क्षेत्रबीच सन्तुलन कायम गर्नेतर्फ योजनाबद्ध विकासको ५ दशकको प्रयासबाट पनि अपेक्षित उपलब्धि हासिल हुन सकेन । एकातर्फ यी क्षेत्रहरूमा भएका

स्रोतसाधनको सही उपयोग गर्न सकिएको छैन भने अर्कोतर्फ भौतिक, आर्थिक, मानव विकास र रोजगारीको अवसरको वितरण पनि वान्छित रूपमा हुन सकेको छैन । आ.व. २०६३/६४ देखि कर्णाली क्षेत्रको विकास तथा रोजगारीका लागि कर्णाली रोजगार कार्यक्रम शुरू भएको छ । त्यसै गरी स्थानीय निकाय अनुदान कार्यक्रम, कामका लागि खाद्यान्न कार्यक्रम, स्थानीय पूर्वाधार विकास कार्यक्रमहरू, पश्चिम उच्च पहाडी गरीबी निवारण आयोजनालगायतका कार्यक्रमहरूबाटसमेत स्थानीय आर्थिक सामाजिक विकास र गरीबी निवारणमा महत्त्वपूर्ण योगदान पुगेको छ । सामाजिक सुरक्षा तर्फ कर्णाली अञ्चलका ६० वर्ष नाघेका ज्येष्ठ नागरिक र अन्य क्षेत्रका ५ वर्ष मुनिका बालबालिकालाई समेत पोषणका लागि मासिक भत्ता रकम उपलब्ध गराईएको छ । विभिन्न समुदाय वा क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिएका आजिविका तथा सशक्तीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । तर यस्ता कार्यक्रमहरू सबै लक्षित समुदायहरूमा पर्याप्त हुने गरी विस्तार हुन सकेको छैन ।

## ३. समस्या तथा चुनौति

लक्षित समुदाय तथा क्षेत्रानुसारको आवश्यकता पहिचानमा आधारित कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्न नसक्नु, सरकारी, गैर सरकारी र विकास साझेदारहरूको प्रयास विशेषगरी सहज पहुँच हुने स्थानमा केन्द्रित हुने प्रवृत्ति रहनु, उनीहरूको कार्यक्रमलाई एकीकृत र समन्वित गर्न नसक्नु, भौगोलिक विकटता र छरिएर रहेका वस्तीहरूका कारण विकास कार्य खर्चिलो हुनु, विकासका कार्यक्रम तथा उपलब्ध अन्य स्रोतको उपयोगमा जनताको सहभागिता कम हुनु तथा गराउनु, स्थानीय स्रोत साधनको परिचालन र व्यवस्थापन प्रभावकारी नहुनु, परनिर्भरतामुखी प्रवृत्तिले प्रशय पाउनु, मानवीय, भौतिक तथा वित्तीय स्रोतको उचित प्रवन्ध गर्न नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

लक्षित समुदायहरूमा विकास कार्यक्रमको प्रतिफल समानरूपमा उपलब्ध गराउने, भौगोलिक विविधताको अवसरलाई पूँजीकरण गर्ने, विकासको लागि हुने सबै लगानीलाई लक्षित समुदायमा निर्दिष्ट गर्ने तथा एकीकृत र समन्वित गर्ने, समुदायभित्रका विषमतालाई सम्बोधन गरी समन्यायिक नतिजा ल्याउने जस्ता कार्य चुनौतिपूर्ण रहेका छन् ।

## ४. दीर्घकालीन सोच

देशको सवै क्षेत्रको सन्तुलित विकासद्वारा नागरिको जीवनस्तर न्यायपूर्ण र समतामूलक ढंगले उठाउने ।

## ५. उद्देश्य

विकासका दृष्टिले तुलनात्मक रूपमा पछाडि परेका वा पारिएका क्षेत्र तथा समुदायको आर्थिक र सामाजिक विकास गरी सशक्त गर्ने ।

## ६. रणनीति

१. विकास क्षेत्र र विभिन्न समुदायबीचको असन्तुलनलाई कम गर्न र ती क्षेत्र तथा समुदायको आर्थिक/सामाजिक विकासको लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

२. निजी क्षेत्र, स्थानीय निकाय, समुदाय तथा अन्य सरोकारवालाहरूको सहभागितामा सीमान्तीकृत क्षेत्र र समुदायको विकास प्रक्रिया अगाडि बढाउने ।

३. सीमान्तीकृत तराइ, कर्णाली, दुर्गम पहाडी र हिमाली क्षेत्र तथा समुदायको आर्थिक, सामाजिक, र भौतिक विकासमा स्थानीय समुदायको सहभागिता र निर्णय प्रक्रियामा उनीहरूको संलग्नतालाई सुनिश्चित गर्न सामाजिक समावेशीकरणको अवधारणालाई विशेष जोड दिने ।

४. स्थानीय सम्भाव्यता र अवसरको विश्लेषण गरी सोही अनुरूपका पूर्वाधार विकास, आर्थिक विकास र बजारको पहुँच जस्ता क्षेत्रमा प्राथमिकीकरण गर्दा “उत्तर-दक्षिण विकास” का सम्भावनालाई उच्च प्राथमिकता दिइ उपयुक्त कार्यक्रमहरू तय गरी लागू गर्ने ।

## ७. कार्यनीति

१.१ निश्चित आधार तथा मापदण्ड अनुसार कर्णालीलगायत दुर्गम पहाडी, हिमाली र तराइ क्षेत्रको सन्तुलित विकासको खाका तयार गरी यस क्षेत्रको विकासमा हुने सबै लगानीलाई यसै बमोजिम एकीकृत र समन्वित गरी नतिजामूलक रणनीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१.२ स्थानीय तहको विकास निर्माणसम्बन्धी निर्णय एवं कार्यान्वयन प्रक्रियामा लक्षित समुदायको न्यायोचित प्रतिनिधित्व र लगानी सुनिश्चित गरी कार्य गरिनेछ ।

२.१ साझेदारी र सहकार्यकासाथ पूर्वाधारलगायत अन्य कार्यक्रम सञ्चालन गर्न/गराउन निजी, सहकारी, सामुदायिकलगायतका संस्थाको संलग्नता तथा साझेदारीमा कार्य गरिनेछ ।

३.१ स्थानीय प्रविधि र सीपको उच्चतम उपयोग गर्ने गरी उत्पादन विकास प्रणालीमा जोड दिँदै दक्ष एवं सीपयुक्त जनशक्तिलाई यस्ता क्षेत्रमा क्रियाशील रहन प्रोत्साहन गरिनेछ ।

३.२ "क्षेत्रीय सडक सञ्जाल" को अवधारणा अनुसार सडक पूर्वाधारको विकास गर्न उत्तर दक्षिण लोकमार्गलाई आधार मानी निश्चित सडकहरू बाह्रै महिना सञ्चालन हुन सक्ने गरी निर्माण गरिनेछ । सामाजिक पूर्वाधार विकासका कार्य गर्दा विगतमा सुविधा वञ्चित क्षेत्रमा प्राथमिकता दिइनेछ ।

३.३ बस्ती केन्द्रित रहेका क्षेत्रमा थप सुविधाहरू उपलब्ध गराई व्यवस्थित बस्ती विकासमा सरिक गराउन छरिएर रहेका घर परिवारलाई प्रोत्साहित गर्ने गरी कार्यक्रम ल्याइनेछ ।

३.४ कर्णाली लगायत दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा र समुदायहरू सशक्तीकरणका लागि माध्यमिक तहसम्म निःशुल्क शिक्षा, अनौपचारिक तथा व्यावसायिक शिक्षामा पहुँच र उच्च शिक्षामा समावेशीकरणको व्यवस्था तथा सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रसँग सम्बन्धित नीतिगत तथा कानुनी र संरचनात्मक प्रावधानहरूमा सकारात्मक विभेदको व्यवस्था मिलाइनेछ । खास गरेर ती समुदायभित्र रहेका सिमान्तीकृत समुदायका आर्थिक तथा सामाजिक सुरक्षा र सशक्तीकरणका लागि आवश्यकता अनुसार सम्बन्धित समुदाय र क्षेत्रमुखी विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

४.१ क्षेत्रगत तुलनात्मक लाभ एवं स्थानीय प्रतिस्पर्धात्मक क्षमताको आधारमा स्थानीय स्रोत र सीप उपयोग हुने खालको उत्पादन प्रणालीको विकास गर्न जोड दिइनेछ ।

४.२ खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता सार्वजनिक सेवा र स्रोत साधनमा कर्णालीलगायत दुर्गम पहाडी तथा हिमाली र तराइका सीमान्तीकृत क्षेत्रका वासिन्दाको पहुँच बढाउनका लागि आवश्यक नीतिगत र संरचनात्मक सुधार गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

- समावेशी विकास कार्यक्रमः लक्षित क्षेत्र तथा समुदायको विकास प्रक्रियामा पहुँच सुनिश्चित गर्दै विकासको प्रतिफलमा अधिकतम लाभ प्राप्त गर्ने गरी समावेशी विकास कार्यक्रमलाइ एकीकृत र समन्वयात्मक अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- लक्षित कार्यक्रमः लक्षित क्षेत्र तथा समुदायका नागरिकलाई सम्बोधन गर्ने गरी उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातीय पहिचानका लागि समूह विशेष अवसर र प्रतिफलमा पहुँच पुग्ने कार्यहरू गरिनेछ ।
- सामाजिक परिचालन तथा सुशासन प्रर्वद्धनः सामाजिक परिचालनको माध्यमबाट चेतना अभिवृद्धि, सीप विकास र सशक्तीकरण गरी लोकतान्त्रिक परिपाटीमा सहभागी हुने वातावरण सिर्जना गरी सुशासन प्रबर्द्धन मार्फत कर्णाली लगायत दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा र समुदायको सामाजिक आर्थिक उत्थान गरिनेछ । सो क्षेत्रमा सक्रिय सामाजिक संस्थाहरूको समेत सुदृढीकरण गर्ने कार्यक्रमहरू समावेश हुनेछ ।

- सहभागितात्मक योजना प्रणालीः योजनाको हरेक चरणहरूमा कर्णाली लगायत दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा र समुदायहरू तथा तिनका प्रतिनिधि संस्थाहरूको सहभागी गराइने, उपभोक्ता समूहलाई समावेशी बनाउने, सामाजिक परिचालन माध्यमबाट पहिचान भएका माग तथा आवश्यकतालाई प्राथमिकीकरण गरी सम्बोधन गर्ने र सहभागितात्मक अनुगमन पद्धतिलाई संस्थागत गरिनेछ ।
- क्षमता विकासः लक्षित क्षेत्र तथा समुदायलाई आर्थिक र सामाजिक अवस्था सुधारका अवसरमा पहुँच वृद्धि गर्नको लागि आवश्यक पर्ने क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षाः विपन्न, लोपोन्मुख तथा सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा पछि परेका/पारिएका लक्षित क्षेत्र तथा समुदायका लागि् सामाजिक सुरक्षासम्बन्धी आर्थिक तथा गैर आर्थिक कार्यक्रम गरिनेछ ।

### ९. कार्यान्वयन संयन्त्र

स्थानीय विकास मन्त्रालय अन्तर्गत प्रस्तावित कार्यक्रमहरू प्रस्तावित कर्णाली एवं दुर्गम हिमाली क्षेत्र विकास समिति र तथा स्थानीय स्तरमा जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको समन्वयमा सञ्चालन गरिनेछ । अन्य विषयगत मन्त्रालयको कार्यक्रमहरू सम्बन्धित विषयगत संयन्त्रबाट सन्चालन हुनेछन् ।

### १०. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

लक्षित क्षेत्र तथा समुदायका लागि सञ्चालित कार्यक्रम तथा प्रयासको नतीजा अनुगमन र मूल्याङ्कन गर्न योजना तयार गरी स्थानीय विकास मन्त्रालयलगायत अन्य सम्बद्ध मन्त्रालय वा निकायबाट नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ । आवधिक रूपमा स्वतन्त्र पक्षहरूबाट समेत यी कार्य गरिनेछ ।

### ११. अपेक्षित उपलब्धि

१. विकास प्रयासका माध्यमबाट लक्षित क्षेत्र तथा समुदायको आर्थिक र सामाजिक अवस्थाको सुधार भइ जीवन स्तरमा सुधार हुने र सशक्त भएको हुनेछ ।

२. लक्षित क्षेत्र तथा समुदायको साँस्कृतिक र भाषिक सम्पदाहरूको संरक्षण एवम् सम्बर्द्धन भएको हुनेछ ।

## ७.५ अपाङ्गता भएका व्यक्ति

### १. पृष्ठभूमि

अपाङ्गता भएका व्यक्तिहरूको हित र अधिकार संरक्षणका लागि नेपालको अन्तरिम संविधान, २०६३ ले विशेष व्यवस्था गरेको छ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूका निमित्त समानीकरणसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रमाणिक नियम, १९९३, विवाको सहश्राब्दि कार्ययोजना र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक (१९९३-२००२) ले अपाङ्गता भएका व्यक्तिहरूका पक्षमा कृयाशिल रहन विशेष जोड दिएको छ । यीनै राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धतालाई पूरा गर्दै अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको संरक्षण र सम्वर्द्धन गर्नेतर्फ यो योजना केन्द्रित रहनेछ ।

### २. अद्यावधिक स्थिति

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न अपाङ्ग संरक्षण तथा कल्याण ऐन, नियमावली, राष्ट्रिय नीति र कार्ययोजना कार्यान्वयनमा ल्याएको छ । अपाङ्गताको परिभाषा र वर्गीकरण गरी ७५ जिल्लामा अपाङ्गता परिचय पत्र प्रदान गर्ने व्यवस्थाका साथै समुदायमा आधारित

पुनर्स्थापना कार्यक्रम सञ्चालन भइरहेका छन् । अपाङ्गता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, नीति तथा कार्यक्रम एवं सो अनुरूप उपलब्ध गराइने सेवा तथा सुविधा र त्यसको उपभोग गर्ने प्रक्रिया सहितको सरल पुस्तिका "अपाङ्गता स्रोत पुस्तिका" तयार पारी मुलुकका सबै गा.वि.स. तथा नगरपालिकाहरू एवं सरोकारवाला निकायहरूमा वितरण गरिएको छ । अपाङ्गता भएका महिलाहरूको लागि काठमाडौंमा आवासीय छात्रावास तथा पुनःस्थापना कार्यक्रम शुरूवात गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि औपचारिक र अनौपचारिक विशेष शिक्षा, छात्रबृत्ति, पुनःस्थापन तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालित छन् । साथै निजामति सेवामा आरक्षणको व्यवस्था, यात्रा गर्दा भाडा दरमा ५० प्रतिशत छुटको व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्रीहरूमा भन्सार छुटको व्यवस्था, निःशुल्क स्वास्थ्य सेवा र घर जग्गा रजिष्ट्रेशन दस्तूर छुट तथा आयकरको छुटमा वृद्धि जस्ता सेवा सुविधाहरू प्रदान गरिदै आएको छ ।

## ३. समस्या तथा चुनौती

अपाङ्गता सम्बन्धी आवश्यक सूचना तथा तथ्याङ्क अद्यावधिक नहुनु, राज्यद्वारा प्रदान गरिने सेवा सुविधाहरू सबै अपाङ्गता भएका व्यक्तिहरूसमक्ष पुऱ्याउन नसकिनु, स्रोत साधनको कमीले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको हितका लागि आवश्यक पर्ने सेवा विस्तार गर्न नसकिनु, अपाङ्गतासम्बन्धी सचेतनामा कमी हुनु जस्ता समस्या रहेका छन् ।

सार्वजनिक स्थल, सवारी साधन तथा सेवाहरूलाई अपाङ्गमैत्री बनाउने, अपाङ्गता भएका व्यक्तिहरूलाई स्वरोजगारमूलक सीप प्रदान गरी आत्मनिर्भर बनाउने, अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सेवा सुविधा र कृत्रिम साधनहरूको उत्पादन र वितरणलाई प्रभावकारी बनाउने जस्ता कार्यहरू चुनौतीपूर्ण रहेका छन् ।

## ४. दीर्घकालीन सोच

सबै प्रकारका शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत हक, अधिकारको संरक्षण र उनीहरूमा अन्तर्निहित प्रतिभाको विकास गरी उनीहरूलाई समर्थ नागरिक बनाउने ।

## ५. उद्देश्य

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्ण, स्वतन्त्र, अवरोधमुक्त र आत्मनिर्भर जीवन यापनका लागि उपयुक्त रोजगारी सहित आवश्यक सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार एवं सुविधाहरू उपलब्ध गराउने ।

## ६. रणनीति

१. अपाङ्गता भएका व्यक्तिहरूको अवरोधमुक्त, न्यायपूर्ण मर्यादित जीवनयापनका लागि अनुकूल वातावरण निर्माण गरी मूलप्रवाहीकरण गर्ने कुरामा जोड दिने ।

२. अपाङ्गता भएका व्यक्तिहरूको पक्षमा कानुनी, संस्थागत, भौतिक तथा आर्थिक पूर्वाधारहरूको विस्तार गर्ने ।

३. अशक्तताको वर्गीकरणका आधारमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक सुरक्षा प्रदान गर्ने ।

४. अशक्त र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष संरक्षण प्रदान गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

५. अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक सामग्रीहरूको स्वदेशमै उत्पादन गर्न र आधारभूत सेवा सुविधाहरूको विस्तार गर्न विकासका साझेदारहरूवीच सहकार्य र समन्वयमा जोड दिने ।

## ७. कार्यनीति

१.१ अपाङ्गता भएका व्यक्तिहरूका लागि अवरोधमुक्त, न्यायपूर्ण, मर्यादित स्वतन्त्र जीवनयापन गर्न सक्ने गरी सामाजिक आर्थिक पूर्वाधारको विकास गर्दै लगिनेछ ।

१.२ अपाङ्गता भएका व्यक्तिहरूको हक, अधिकार र सरोकारका विषयहरू निर्क्यौल गरी मूलप्रवाहिकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

२.१ सबैका लागि पहुँचको अवधारणा बमोजिम अब निर्माण गरिने वा निर्माणधीन वा बनिसकेका सरकारी कार्यालयहरू, सार्वजनिक स्थलका सेवा, सडक पार गर्ने व्यवस्था लगायत सुविधा एवं पूर्वाधारहरूलाई अपाङ्गता मैत्री बनाउँदै लगिनेछ ।

२.२ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिको मूलमर्मलाई आत्मसात् गरी सोही अनुरूप कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमन गरिनेछ ।

२.३ अपाङ्गहरूको शारीरिक पुनःस्थापना सम्बन्धी राष्ट्रिय रणनीति तयार गरिनेछ ।

३.१ अशक्तताको वर्गीकरणका आधारमा अपाङ्गता भएका सवै महिला तथा पुरूषका लागि पर्याप्त सामाजिक सुरक्षाका प्रावधानहरूको क्रमिक रूपले विकास गरिनेछ ।

३.२ अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीका अवसर प्रदान गर्नका लागि सरकारी कार्यालयहरू तथा गैरसरकारी संस्थाहरूमा प्रोत्साहन र प्राथमिकता दिइनेछ ।

४.१ अपाङ्गताभएका व्यक्तिहरूको क्षमता अभिवृद्धि आर्थिक, सामाजिक राजनीतिक सशक्तीकरणको माध्यमबाट प्रभावकारी समावेशीकरणका लागि विशेष लक्षित कार्यक्रमहरू तयार गरी लागु गरिनेछ ।

४.२ अपाङ्गता भएका व्यक्तिहरूका लागि नियमित रूपमा विशेष खेलकुद एवम् मनोरञ्जनात्मक कृयाकलापहरूको आयोजना गरिनेछ ।

४.३ विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त शिक्षा, सीप रोजगारी प्रदान गर्दै स्वावलम्बी र स्वतन्त्र जीवनयापनका लागि अवसर प्रदान गरिनेछ ।

५.१ अपाङ्गता भएका व्यक्तिहरूका लागि यथासम्भव स्वदेशमै आवश्यक सहायक सामग्रीहरूको उत्पादन, वितरण एवं शारीरिक पुनःस्थापन लगायत आधारभूत सेवा सुविधाहरूको विकास तथा विस्तार गर्न सरकारी, गैरसरकारी, सामुदायिक क्षेत्र र विकासका साझेदारहरूबीच समन्वय र सहकार्यलाई प्रबर्द्धन गरिनेछ ।

५.२ अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि यस क्षेत्रमा कार्यरत राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी, गैरसरकारी संस्थाहरूबीच समन्वय, सहकार्य र सहयोगलाई सुदृढ गरिनेछ ।

५.३ अपाङ्गता भएका व्यक्तिहरूसम्बद्ध सूचनाहरू एकीकृत गरी व्यवस्थित सूचना प्रणालीको विकास गर्नुका साथै विभिन्न स्थानमा स्रोत केन्द्रहरूको स्थापना गर्दै लगिनेछ ।

५.४ सवै प्रकारका अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूका लागि समुदायमा आधारित पुनःस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनःस्थापना कार्यक्रम ७५ जिल्लामा सञ्चालन गर्ने, जिल्लामा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको तथ्याङ्क व्यवस्थापन, पाँच विकास क्षेत्रमा आवश्यकता अनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि सहयोगी सामग्री उत्पादन तथा वितरण केन्द्रको स्थापना र सञ्चालन गर्ने, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धीबारे प्रचार प्रसार गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउन, अपाङ्गता भएका वेवारिसे महिला, पुरूष तथा बालबालिकाहरूका लागि पाँच विकास क्षेत्रमा आवश्यक संख्यामा आवासीय संरक्षण तथा पुनर्स्थापना केन्द्र स्थापना गर्ने, संस्थाहरूलाई (सामाजिक सुरक्षा अन्तर्गत आयआर्जन, स्वरोजगारी, सशक्तीकरण तथा चेतनामूलक तालिमसम्बन्धी कार्य गर्न) अनुदान दिने जस्ता कार्यहरू गरिनेछन् ।

### ९. कार्यान्वयन व्यवस्था
राष्ट्रिय स्तरमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी योजनाको कार्यान्वयनका लागि सरकारी, गैर सरकारी, सामुदायिक र निजी क्षेत्रवीच सहकार्यलाई जोड दिनेछ । केन्द्रीय स्तरमा मन्त्रालय, अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति, महिला तथा बालबालिका विभाग र राष्टिय अपाङ्ग महासंघ लगायत सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूसँग आबद्ध संघ संस्थाहरू, जिल्ला स्तरमा महिला तथा बालबालिका कार्यालय, जिल्लास्तरीय समुदायमा आधारित पुनर्स्थापना समन्वय समिति र अन्य अपाङ्गता सम्बन्धी संस्थाहरूबाट कार्यान्वयन हुनेछ ।

### १०. अनुगमन तथा मूल्याङ्कन
केन्द्रीय स्तरबाट अनुगमन तथा मूल्याङ्कन राष्ट्रिय योजना आयोग, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र समुदायमा आधारित पुनःस्थापन निर्देशक समिति, महिला तथा बालबालिका विभागले गर्नेछन् । जिल्ला स्तरमा पनि महिला तथा बालबालिका कार्यालय तथा समुदायमा आधारित पुनर्स्थापना जिल्ला समन्वय तथा कार्यान्वयन समितिबाट अनुगमन हुनेछ । आवश्यकता अनुसार तेस्रो पक्षबाट समेत अनुगमन गर्ने तथा पृष्ठपोषण लिने कार्य सम्पन्न गरिनेछ ।

### ११. अपेक्षित उपलब्धि
१. कानूनी, संस्थागत, भौतिक आर्थिक पूर्वाधारहरूको विस्तार भई अपाङ्गतामैत्री, अनुकूल तथा सबल वातावरण तयार भएको हुनेछ ।
२. सबै सम्बद्ध क्षेत्रगत कार्यक्रमहरूमा अपाङ्गताको विषय समावेश भएको हुनेछ ।
३. अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक सुरक्षाका प्रावधानहरू सुदृढ भएको हुनेछ ।
४. अपाङ्गताको प्रकृति हेरी लक्षित सेवा, सुविधाहरूको विस्तार भएको हुनेछ ।
५. सबै सरोकारवालाहरूवीच सहकार्य र समन्वयमा वृद्धि भएको हुनेछ ।
६. अपाङ्गता भएका व्यक्तिहरू आफ्नो परिवार तथा समुदायमा नै पुनस्थापित भएका हुनेछन् ।

## ७.६ गरीबी निवारण

### १. पृष्ठभूमि
देशमा नवौ योजनादेखि गरीबी निवारणलाई योजनागत विकासको केन्द्रमा राखी गरीबी निवारणसम्बन्धी विभिन्न प्रयासहरू गरिएबाट र गरीबीको अनुपात केही मात्रामा घटेर आ. ब. ०६५।६६को अन्त्यसम्म २५.४ प्रतिशत पुगेको अनुमान रहेको छ । विगतका योजना, नीति तथा कार्यक्रमको समीक्षा र अनुभवसमेतलाई दृष्टिगत गरी महिला, दलित, आदिबासी, जनजाति, अल्पसंख्यक, मधेसी, कर्णालीवासी, दुर्गम पहाडी तथा हिमाली क्षेत्रका वासिन्दा र शारीरिक रूपले अशक्त र भाषिक, साँस्कृतिक, धार्मिक र आर्थिक रूपले कमजोर वर्गलाई केन्द्रित गरी रोजगार तथा आयमूलक कार्यक्रमहरू प्रभावकारी रूपमा लागु गर्नेगरी गरीबी निवारण गर्नेतर्फ योजना केन्द्रित रहनेछ ।

### २. अद्यावधिक स्थिति
राष्ट्रको झन्डै १२ लाख ५० हजार घरपरिवार अथवा करिव ७० लाख व्यक्ति अझै गरीबीको रेखामुनि रहेको अनुमान गरिएको छ । गरीबीमा संख्यात्मक रूपमा केही सुधार देखिए तापनि असमानतालाई दर्शाउने गिनी सूचकाङ्क (Gini Coefficient) ०.४१ बाट ०.४६ मा पुगेको अनुमान गरिएको छ । भौगोलिक क्षेत्र तथा विभिन्न जनजातिबीच यो सूचकाङ्क अझ बढी भएको अनुमान गरिएको छ । आय असमानता बढनुका मुख्य कारणहरूमा अवसरहरूमा सीमित वर्गको मात्र पँहुच हुनु, न्यून कृषि ज्यालादर, कार्यक्रमहरू सबै क्षेत्र र समुदायमा नपुग्नु, द्वन्दको अवशेषहरू अझै रहनु, बढ्दो शहरीकरण, लगानीको

वातावरणमा सुधार नहुनु, वैदेशिक रोजगारीको वातावरणमा सुधार नहुनु, वैदेशिक रोजगारीमा भएका अभिवृद्धि र यसबाट प्राप्त विप्रेषण मुख्य रूपमा रहेको देखिन्छ ।

### ३. समस्या तथा चुनौती

विभेद र असमानता, अर्थतन्त्रको संरचनागत कमजोरी, साँधुरो उत्पादन आधार, न्यून उत्पादनशीलता, कमजोर सुशासन, वञ्चितीकरण एवं विभेद, फितलो नीति र कमजोर पुनर्वितरण प्रणाली तथा फितला लक्षित कार्यक्रम जस्ता समस्याहरूले मुलुकमा गरीबी निवारणको घोषित लक्ष्य प्राप्त गर्नमा कठिनाइ भएको छ । विभिन्न निकायबाट गरीबी निवारणका कार्यक्रमहरू समन्वय नगरी कार्यान्वयन गर्नु, र अनुगमन र मूल्याङ्कन प्रक्रिया प्रभावकारी हुन नसक्नुलाई थप समस्याहरूको रूपमा लिन सकिन्छ ।

विभिन्न मन्त्रालयहरू र निकायहरूले सञ्चालन गर्ने गरीबी निवारणसम्बन्धी कार्यक्रमहरूको वीचमा समुचित समन्वय गर्ने कार्य चुनौतीको रूपमा रहेको छ ।

### ४. दीर्धकालीन सोच

अवसरहरूको सिर्जना, क्षमता विकास जस्ता कार्यक्रमहरूको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन तथा प्रतिस्पर्धात्मक रोजगारीका अवसरहरू सिर्जना गरी गरीबी न्यूनीकरण गर्ने ।

### ५. उद्देश्य

समावेशी, उत्पादनमूलक एवं लक्षित कार्यक्रमको विस्तारद्वारा सम्मानजनक तथा लाभजन्य रोजगारीका अवसर वृद्धि गरी मुलुकमा विद्यमान् असमानता र गरीबी घटाउने ।

### ६. रणनीति

१. मुलुकभित्र औपचारिक तथा अनौपचारिक क्षेत्रका उत्पादनमूलक क्रियाकलापका माध्यमबाट फराकिलो आर्थिक वृद्धि, रोजगारीका अवसरहरू सिर्जना, प्रबर्द्धन एवं सोको न्यायोचित वितरणमा राज्यको भूमिका तथा नीतिहरूलाइ निर्देशित गर्ने ।
२. क्षेत्रगत तुलनात्मक लाभका आधारमा श्रममूलक उत्पादन प्रणालीको अवलम्वन र कार्यक्रम सञ्चालनमा जोड दिने ।
३. मानवीय सुरक्षा मैत्री नीति एवं संयन्त्रको प्रबर्द्धन, विकास तथा विस्तार गरी विपन्न तथा सीमान्तकृत वर्गको जोखिम न्यूनीकरणका लागि सुरक्षा जालो लाई प्रोत्साहन गर्ने ।
४. खाद्य तथा पोषण सुरक्षामा जोड दिने ।
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी, वैदेशिक सहयोग एवं गैर सरकारी संघ संस्थाहरूकावीच प्रभावकारी समन्वय र सहकार्यद्वारा गरीबी न्यूनीकरणका लागि स्रोत परिचालन गर्ने ।

### ७. कार्यनीति

१.१ लघु कर्जा, सीप विकास जस्ता लक्षित कार्यक्रम सञ्चालन गरी गरीब, सीमान्तकृत र निमुखा वर्ग लक्षित रोजगार प्रत्याभुतिका लागि कानूनी र संस्थागत संरचनाको निर्माण गरिनेछ ।
१.२ संविधानप्रदत्त रोजगारीको हक कार्यान्वयन गर्न आवश्यक कानूनको तर्जुमा गरी संस्थागत र प्रक्रियागत व्यवस्था मिलाइनेछ ।
१.३ क्षेत्रगत तुलनात्मक लाभ एवं स्थानीय प्रतिस्पर्धात्मक क्षमताका आधारमा स्थानीय स्रोत एवं सीपको उपयोग र उत्पादन प्रणालीको विकास गर्न जोड दिइनेछ ।
१.४ लक्षित समूहमुखी कार्यक्रमको प्रभावकारी सञ्चालनार्थ आर्थिक हैसियत खुल्ने परिचयपत्र प्रणाली लागु गरिनेछ ।
१.५ निजी क्षेत्र, सरकारी-निजी, साझेदारी र सहकारी क्षेत्रको भूमिका वृद्धिगरी रोजगारीका अवसरहरूको सिर्जना गरिनेछ ।

१.६ वैदेशिक सहायतालाई रोजगारीमूलक क्षेत्रमा उपयोग गरिनेछ ।

१.७ गैर सरकारी संस्थाहरूको वीचमा कार्यक्रमगत समन्वय र सहकार्यद्वारा गरीबी निवारणमा सहयोग पुग्नेगरी स्रोत परिचालन गरिनेछ ।

१.८ शिक्षा तथा रोजगारमूलक तालिमका माध्यमबाट रोजगारीका अवसरहरूमा विपन्न वर्गहरूको पहुँचमा वृद्धि गराइनेछ ।

१.९ लघु वित्त सेवा बढाइ गरीब र विपन्न वर्गको ऋण पहुचमा वृद्धि गरिनेछ ।

१.१० गरीबी निवारणका लागि लक्षित तथा मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२.१ पूर्वाधार विकास, कृषि प्रणालीको आधुनिकीकरण, ग्रामीण पर्यटन एवं औपचारिक/अनौपचारिक क्षेत्रका उत्पादनमूलक क्रियाकलापमा श्रममूलक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

३.१ विपन्न, गरीब, सीमान्तकृत वर्गको जोखिम न्यूनीकरणका लागि सुरक्षा जालो तयार गर्ने कार्य प्रारम्भ गरिनेछ ।

४.१ खाद्य तथा पोषण सुरक्षाका लागि आवश्यक कार्यक्रमहरूको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५.१ वैदेशिक रोजगारीका अवसरलाई समावेशी र विपन्नमुखी बनाउनका लागि कर्जा कार्यक्रम सञ्चालन गर्न वैंक तथा वित्तीय संस्थालाई प्रोत्साहन दिइनेछ ।

५.२ गरीबी न्यूनीकरणका निमित्त कार्यक्रम सञ्चालन र स्रोत साधनको परिचालनका निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी, सहयोग एवं गैर सरकारी संघ संस्थाहरूकावीच प्रभावकारी समन्वय तथा सहकार्य गरिनेछ ।

५.३ गरीबी तथा वातावरणीय उत्प्रेरणासम्बन्धी कार्यक्रमहरूलाई अगाडि वढाइनेछ ।

## ८. प्रमुख कार्यक्रम

योजना अवधिमा सञ्चालन हुने मुख्य कार्यक्रमहरूमा श्रममूलक प्रविधिलाई प्रोत्साहन दिंदै भौतिक पूर्वाधारहरूको निर्माणमा स्थानिय श्रमको प्रयोग गर्ने, रोजगार प्रत्याभूतिसम्बन्धी कानुनको निर्माण गरी लागू गर्ने, रोजगारमूलक सीप, प्रविधि र विकास सम्वन्धि तालिम सञ्चालन गर्ने, गरीबीको रेखामुनी रहेका जनसंख्याको पहिचान गरी परिचय पत्र उपलब्ध गराउने, विपन्न बेरोजगार व्यक्तिहरूलाई सहुलियत तथा सुविधाजन्य ऋणको व्यवस्था गरी उत्पादनमूलक कार्यमा लगानी गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गरीबी निवारण कोष लगायत अन्य निकायहरूबाट सञ्चालन भएका कार्यक्रमहरूको विस्तार गरी समन्वयात्मक रूपमा कार्यक्रमको दायरा र क्षेत्र बढाउने, गरीबी निवारणलाई लक्षित गरी खाद्य तथा पोषण सुरक्षाका कार्यक्रमहरू तजुर्मा गरी कार्यान्वयन गर्ने, विपन्न र सीमान्तकृत वर्गको जोखिम न्यूनीकरणका निम्ति सुरक्षा जालो कार्यक्रम सञ्चालन गर्ने, वैदेशिक रोजगारबाट प्राप्त हुने वचतलाई उत्पादनमूलक कार्यमा लगाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता कार्यहरू गरिनेछन् ।

## ९. अपेक्षित उपलब्धि

१. श्रममूलक प्रविधिलाई प्रोत्साहन दिन उपयुक्त नीतिको तर्जुमा भएको हुनेछ ।

२. रोजगारमूलक सीप र प्रविधि विकास तालिमका अवसर वृद्धि भएको हुनेछ ।

३. गरीबीको रेखामुनिका जनसंख्यालाई परिचयपत्र उपलब्ध गराईएको हुनेछ ।

४. उत्पादनमूलक कार्यमा लगानी गर्न इच्छुक विपन्न बेरोजगार व्यक्तिहरूलाई सहुलियत तथा सुविधाजनक ऋणको व्यवस्था भएको हुनेछ ।

# अध्यायः ८
# सुशासन र मानव अधिकार

## ८.१ सुशासन

### १. पृष्ठभूमि

मुलुकको बहुआयामिक विकासको लागि राज्य व्यवस्था सञ्चालन र विकास कार्यको व्यवस्थापनमा पारदर्शिता, जनसहभागिता र जवाफदेहिता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रभावकारी रूपमा सञ्चालन गरी जनसाधारणलाई सुशासनको प्रत्याभुति दिनु सरकारको दायित्व हो । नेपालको अन्तरिम संविधान, २०६३ ले सुशासनलाई राज्यको दायित्वको रूपमा स्वीकार गरेकोले सार्वजनिक क्षेत्रमा आवश्यक सुधार गरेर जनतालाई प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउनु र नीति निर्माण तहदेखि नै सुशासनका आधारहरू तय गरी कार्यान्वयनलाई प्रभावकारी बनाउनु आवश्यक भएको छ । सरकार, निजी क्षेत्र, स्थानीय निकाय, सार्वजनिक संघ संस्थाहरू, सहकारी, गैर सरकारी संघ संस्था, नागरिक समाजको समग्र क्रियाकलाप तथा सेवा प्रवाहलाई राज्यबाट समन्वय गर्दै सबै सेवा प्रदायकको जवाफदेहिता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, लगनशिलता, सदाचारको अभिवृद्धिबाट सेवा प्रवाह सरल, सुलभ, गुणस्तरीय र चुस्त बनाउन जरूरी छ ।

### २. अद्यावधिक स्थिति

प्रस्तुत सन्दर्भमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५, सम्पत्ति शुद्धीकरण ऐन, निजामति सेवा ऐन २०४९, स्थानीय स्वायत्त शासन ऐन २०५५, भ्रष्टाचार निवारण ऐन २०५९, सार्वजनिक खरिद ऐन २०६३, र सुचनाको हक सम्वन्धि ऐन २०६३, घरेलु हिंसा (कसुर र सजायं) ऐन २०६६, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका २०६५, सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्वन्धि कार्यविधि २०६५, सेवा अभियान सञ्चालन निर्देशिका २०६५, जनगुनासो व्यवस्थापन निर्देशिका २०६६ समेतका ऐन कानूनको तर्जुमा र कार्यान्वयन तथा भ्रष्टाचार विरूद्धको रणनीति तथा कार्य योजना २०६५, को कार्यान्वयनका माध्यमबाट सुशासनका आधारभूत सिद्धान्त तथा मान्यताहरूलाई व्यवहारमा उतार्ने प्रयासहरू हुदै आएको छ ।

न्यायप्रणालीमा सुधार गर्नको निमित्त न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६/०६७-२०७०/०७१) तथा न्यायाधीशको आचारसंहिता २०६५, लागू भएको छ । सुरक्षा निकायको संस्थागत सुधारको लागि विषेश सुरक्षा योजनाको शुरूवात भएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३ वर्षे रणनीति अनुसार भ्रष्टाचार नियन्त्रणको कार्यविधि कायान्वयनमा छ । महालेखा परीक्षकको विभाग, राष्ट्रिय सतर्कता केन्द्र र राजस्व अनुसन्धान विभागको सुदृढीकरण र संस्थागत सुधार गर्ने कार्य जारी छ । सुशासन अभिवृद्धिको दिशामा भएका प्रयासहरूबाट केही सकारात्मक परिवर्तनहरू देखा परेको भए पनि कार्यान्वयन तहमा सेवा प्रवाह सरल र चुस्त हुन सकेको छैन ।

### ३. समस्या तथा चुनौती

स्थानीय तहमा रहेको सुरक्षा सवाल, द्वन्द प्रभावित स्थानमा कर्मचारीको अभाव, निर्वाचित स्थानीय निकायको अभावले गर्दा समयानुकूल गुणस्तरीय सेवा प्रदानमा समस्या परिरहेको छ । सेवा प्रदायक निकायमा कार्यरत व्यक्तिहरूमा सकारात्मक सोचको कमी र समस्या समाधान तर्फ उन्मुखताको कमी हुनु, परिलक्षित उद्देश्यहरूको नतीजामूलक तथा सहभागितामूलक अनुगमन र मूल्याङ्कन गर्न कठीन हुनु, कार्यक्रमहरूको प्राथमिकीकरण नगरिनु एवं कार्यान्वयनको लागि पर्याप्त गृहकार्य हुन नसक्नु, प्रत्येक काम कारवाहीमा अत्याधिक राजनीतिकरण हुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् ।

व्यवस्थापिका, कार्यपालिका र न्यायापालिका लगायतका सवै संवैधानिक निकायहरूबीच समन्वय गरी अन्तरिम संविधानले परिकल्पना गरे वमोजिम सुशासन कायम गर्नु र सम्वन्धित निकाय, संस्था तथा व्यक्तिहरूबाट जनतालाई प्रदान गर्नु पर्ने सबै प्रकारका सेवाहरू नियमित, सरल, सुलभ र सहजरूपमा प्रवाह गर्नु चुनौतीपूर्ण हुन गएको छ।

## ४. दीर्घकालीन सोच

राष्ट्रनिर्माण र दिगो विकासको प्रक्रियामा टेवा पुऱ्याउनका लागि प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउने ।

## ५. उद्देश्य

सार्वजनिक सेवा प्रवाह समेतको सार्वजनिक नीतिको तर्जुमा, कार्यन्वयन र मूल्याङ्कनको कार्यलाई प्रभावकारी बनाउन सार्वजनिक प्रशासनलाई स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी, परिणाममुखी, समावेशी, जनताको आवश्यकता र आकांक्षा प्रति संवेदनशील एवं आफ्नो कार्यको निम्ति उत्तरदायी, सक्षम एवं संघीयता र विकेन्द्रीकरणका आधारभूत मूल्य मान्यतालाई आत्मसात गरेर अनुशासित भइ विधिसम्मत ढंगले काम गर्ने स्पष्ट कार्य जिम्मेवारी भएको क्षेत्र बनाउने ।

## ६. रणनीति

१. राजनीतिक क्षेत्र र प्रशासनिक क्षेत्र बीचको सम्बन्धलाई स्पष्ट रूपले परिभाषित गरी प्रशासनिक प्रक्रिया र कार्यलाई स्वच्छ, सरल, छिटो छरितो, पारदर्शी, निडर, सहभागितामूलक, स्पष्ट पूर्वानुमान योग्य बनाएर जनताले सुशासनको अनुभूति गर्ने अवस्थाको सिर्जना गर्नका लागि आवश्यक कानुनी र संस्थागत सुधार गर्ने आधार तयार गर्ने ।

२. कागज रहित सरकारको निर्माण र सञ्चालन गर्ने दीर्घकालीन उद्देश्य लिएर प्रशासनिक निकायहरूको कामकारवाहीमा विद्युतीय शासन पद्धतिका प्रक्रियाहरू क्रमशः प्रयोग गर्दै जाने ।

३. भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि मार्फत अन्तर्राष्ट्रिय समुदायले व्यक्त गरेको प्रतिबद्धता अनुरूप हुने गरी भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था र प्रशासनिक संरचनाको सुदृढीकरण र सुधार गर्ने ।

४. गुणस्तरीय सार्वजनिक सेवा निष्पक्ष, सहज एवं विधिसम्मत ढंगले समयमै लक्षित समुदायले पाउने अवस्था सुनिश्चित हुने गरी सार्वजनिक सेवाको प्रवाहलाई स्वच्छ, पारदर्शी र प्रभावकारी बनाउने ।

५. सम्पूर्ण वर्ग र समुदायका योग्य तथा इच्छुक व्यक्तिहरूलाई सार्वजनिक सेवामा प्रवेश गर्न समान अवसरहरू उपलब्ध गराउने व्यवस्था मिलाई समावेशी बनाउने ।

६. सर्वसाधारण जनताको सबभन्दा नजिकको निकायले गर्न सक्ने काम सोही निकायले गर्न पाउने गरी प्रशासनिक अधिकारको प्रत्यायोजन गर्ने ।

७. सार्वजनिक नीतिको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउनका निम्ति प्रशासनिक क्षमताको विकास गर्ने ।

८. प्रशासनिक एवं विकास कार्यहरूको अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई परिणाममुखी र प्रभावकारी बनाउने ।

९. कर्मचारीको कामको मूल्याङ्कनलाई वस्तुगत बनाएर कर्मचारीलाई कामका आधारमा दण्ड/पुरस्कार दिने नीतिको कार्यान्वयनलाई प्रभावकारी बनाउने ।

१०. कर्मचारीको नियुक्ति, पदस्थापना, सरूवा, बढुवा तथा तलव सुविधाको निर्धारण समेतका मानव स्रोत व्यवस्थापनका विभिन्न पक्षहरूलाई पूर्वानुमानयोग्य, विधिसम्मत उत्प्रेरणाका आधारभूत मान्यता अनुरूप बनाउनका लागि आवश्यक सुधार गर्ने ।

११. सार्वजनिक सेवा र वस्तुको गुणस्तर निर्धारण, उत्पादन र वितरणको कार्यमा संलग्न निजी, सहकारी एवं गैर सरकारी र नागरिक समाजका संस्थाहरूको नियमन, अनुगमन तथा क्षमता विकास गर्ने ।

**७. कार्यनीति**

१.१ सार्वजनिक निकायसँग सम्बन्धित पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पार्नका निम्ति विद्यमान् कानुनी व्यवस्थामा सुधार गरिनेछ ।

१.२ राजनीति र प्रशासन क्षेत्रको सम्बन्धलाई अझ स्पष्ट रूपमा परिभाषित गरी सुमधुर बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३ प्रशासनिक कार्यविधिको सरलीकरण र संक्षेपीकरण गर्न कार्यविधि सम्बन्धी नीतिगत व्यवस्थामा सुधार गरिनेछ ।

१.४ प्रशासनिक निकायको कामकारवाहीलाई प्रभावकारी बनाउन संगठनात्मक संरचना, दरवन्दीको पुनरावलोकन र सुधार गरिनेछ ।

१.५ प्रशासनिक प्रक्रिया र निर्णयका आधारहरू स्पष्ट र मापनीय बनाइनेछ ।

१.६ प्रशासनिक कामकारवाही र निर्णयलाई पारदर्शी बनाउनको निम्ति सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

२.१ सरकारी कामकाजमा विद्युतीय शासनका प्रक्रियाहरूको प्रयोग बढाउन आवश्यक कार्य निर्देशिकाहरू बनाई लागु गरिनेछ ।

३.१ भ्रष्टाचारनिवारण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको भावनाअनुरूप भ्रष्टाचार सम्बन्धी कानुनी र संस्थागत व्यवस्थामा सुधार गरिनेछ ।

३.२ सार्वजनिक सम्पत्ति एवं साधन स्रोतको अभिलेख प्रणालीमा सुधार गरी अझ व्यवस्थित बनाइनेछ ।

४.१ शिक्षा, स्वास्थ्य, कृषि, पशु र अन्य सेवा प्रदायक स्थानीय स्तरका संस्थाहरूसँग समन्वय गरी सार्वजनिक सेवा प्रवाहमा स्थानीय निकायको संलग्नता वढाइनेछ ।

४.२ सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा संलग्न निकायका कर्मचारीको क्षमता र कार्य व्यवहारमा सुधार गरिनेछ ।

४.३ सार्वजनिक सेवाको प्राप्तिलाई सुनिश्चित बनाउन सेवा प्रवाहको अनुगमनको व्यवस्था प्रभावकारी बनाइनेछ ।

४.४ सार्वजनिक सेवा प्रवाहको प्रक्रियालाई पारदर्शी, स्पष्ट र विधिसम्मत बनाउन सेवा प्रवाह निर्देशिकाहरूको तर्जुमा, परिमार्जन र कार्यान्वयन गरिनेछ ।

४.५ सबै स्थानका जनताहरूलाई सार्वजनिक सेवा सुलभ ढंगले प्राप्त हुने अवस्था सुनिश्चित गर्न सेवा केन्द्रको स्थापनालगायतका कार्यक्रमको सञ्चालन गरिनेछ ।

५.१ सबै वर्ग, क्षेत्र समुदायका इच्छुक र योग्य व्यक्तीहरूलाई सार्वजनिक सेवामा प्रवेशका अवसर उपलब्ध गराउने गरी कानुनमा आवश्यक सुधार गरिनेछ ।

६.१ सर्वसाधारण मानिसहरूलाई उपलब्ध गराउन सकिने सेवा सुविधाहरू स्थानीय निकायबाटै उपलब्ध गराउने गरी स्थानीय निकायको सुदृढीकरण गरिनेछ ।

६.२ पूँजीगत र चालु खर्चको सीमासमेतका मापदण्ड र नीतिको निर्धारण गरी बजेट शीर्षकको संख्या यथासम्भव घटाएर एउटा शीर्षक अन्तर्गतको रकम सम्बन्धित विभिन्न कार्यक्रममा बाँडफाँड गर्ने अधिकार सम्वद्ध मन्त्रालय र निकायलाई विकेन्द्रित गर्ने र एकीकृत भुक्तानी प्रणाली लागु गर्दै जाने गरी बजेट प्रणालीमा सुधार गरिनेछ ।

७.१ सार्वजनिक निकायका कर्मचारीलाई उपलब्ध गराइने र प्रदान गरिने तालिम र अध्ययनका अवसरहरूलाई वृद्धि गरी वितरण व्यवस्था पारदर्शी बनाइनेछ ।

७.२ सार्वजनिक निकायका पदाधिकारीलाई प्रशिक्षण दिने संस्थाहरूको क्षमता वृद्धि गरिनेछ ।

८.१ विकास कार्यक्रमहरूको प्रगतिको मूल्याङ्कनमा परिणामले प्राथमिकता पाउने गरी मूल्याङ्कनका आधारहरूको परिमार्जन गरिनेछ ।

८.२ विकास कार्यको प्रगतिको मूल्याङ्कन गर्नका निम्ति सूचकहरू सुधार गरिनेछ ।

९.१ निजामति कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन मापनीय सूचकका आधारमा गर्नका निम्ति मूल्याङ्कनका उपयुक्त सूचकहरूको पहिचान गरी मूल्याङ्कनलाई पूर्वानुमानयोग्य बनाइनेछ ।

१०.१ कर्मचारीको मनोवल उच्च बनाएर उनीहरूलाई कामप्रति थप उत्प्रेरित बनाउनका निम्ति मूल्यवृद्धिको अनुपातमा कर्मचारीको तलब सुविधामा नियमितरूपले समायोजन हुने व्यवस्था मिलाइनेछ ।

१०.२ कर्मचारीको पदस्थापना, बढुवा र सरूवा सम्बन्धी विद्यमान् व्यवस्थाको सुधार गरेर पूर्वानुमान योग्य बनाइनेछ ।

११.१ सार्वजनिक सेवा र वस्तुको उत्पादन र वितरणमा संलग्न रहने निजी एवं गैरसरकारी तथा नागरिक समाजका संस्थाहरूको नियमन, अनुगमन र क्षमता विकास सम्बन्धी नीतिको तर्जुमा तथा आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

- पारदर्शितालाई राज्य सञ्चालनका सबै अंगमा आन्तरिक संस्कृतिको रूपमा विकास गर्न सूचनाको हकसम्बन्धी ऐनका प्रावधानहरूको कार्यान्वयनमा उच्च प्राथमिकता दिइ यसबाट परेका सकारात्मक प्रभावहरूको समीक्षा गरिनेछ । सबै सरोकारवालाहरूले नैतिक उत्तरदायित्वलाई ग्रहण गर्ने संस्कृतिको विकास गर्दै भ्रष्टाचारविरूद्धको रणनीति कार्यान्वयन गरिनेछ । सेवा प्रवाहलाई सरल र सहज बनाउन सेवाग्राहीको भावना र सहभागितालाई सुनिश्चित गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण, सार्वजनिक मत सर्वेक्षण तथा गुनासो व्यवस्थापन जस्ता औजारहरूको प्रयोगमा तिव्रता दिइनेछ ।
- दण्डहिनताको अन्त्य गर्न सुरक्षा निकायको सुदृढीकरण एवं क्षमता विकास गरिनेछ । निजामति सेवाको गुणस्तर अभिवृद्धि गर्न कर्मचारीका लागि शिक्षा, स्वास्थ्य, आवास लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै कर्मचारीहरूमा सामाजिक सुरक्षाको प्रत्याभूति हुने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- निजामति कर्मचारीहरूलगायत सेवा प्रदायकको कार्यकुशलतामा वृद्धि गर्न विभिन्न क्षमता अभिबृद्धीका कार्यक्रमहरू सञ्चालन गरिनेछ । संघीय स्वरूपमा निजामति प्रशासन र सेवा प्रदायकको भूमिका/कार्यसम्बन्धी क्रियाकलापहरू सञ्चालन गरी संघीयतामैत्री कार्यक्रम सञ्चालन गरिनेछ । अन्तरिम संविधानले परिलक्षित गरेको समावेशी प्रजातन्त्र र विकेन्द्रित संघिय शासन व्यवस्था अनुरूप रहने गरी निजामति सेवालगायत सेवा प्रदायकको सम्भावित स्वरूपवारे अध्ययन गरिनेछ ।
- सरकार र सेवा प्रदायकको काम कारवाही, सेवा सुविधा तथा सम्पादित कामलाई सेवाग्राहीको प्रत्यक्ष निगरानी, अनुगमन, मूल्याङ्कनको दायरामा ल्याउने संस्थागत तथा संरचनागत व्यवस्था गर्दै त्यस सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- निजामति किताव खाना, शिक्षक किताव खाना, प्रहरी किताव खाना र न्याय परिषद्हरूमा हाल भैरहेको अभिलेखसम्बन्धी अध्ययन गरी एकीकृत कितावखानाको अवधारणा तयार गरिनेछ । सेवानिवृत्त कर्मचारीहरूको विशेषज्ञता उपयोगसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । सेवा, समूह अनुसार आचार संहिता बनाउने तथा नागरिक सुनवाइ र नागरिक वडापत्रको व्यवस्था गर्ने जस्ता कार्यहरू गरिनेछन् ।

### ९. कार्यान्वयन व्यवस्था
सरकारी, निजी, गैरसरकारी तथा सहकारी जस्ता सबै क्षेत्रका माथिल्लो निकाय वा सञ्जालको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा सामान्य प्रशासन मन्त्रालयको संयोजकत्वमा एउटा समिति वा सञ्जालको व्यवस्था गरिनेछ ।

### १०. अनुगमन तथा मूल्याङ्कन
सुशासनको प्रत्याभूतिका लागि जनता समक्ष पुऱ्याइने सबै सेवाको प्रभावकारी अनुगमन र मूल्याङ्कनका लागि योजना बनाई कार्य गरिनेछ । मन्त्रालय, विभाग, कार्यालय र स्थानीय तहमा समन्वय, अनुगमन र मूल्यांकन समिति गठन गरिनेछ । सूचना तथा तथ्याङ्क व्यवस्थापनमा विद्युतीय सूचना प्रणाली लागु गरिनेछ । अनुगमन तथा मूल्यांकन प्रणालीमा सरोकारवालाहरूलाई संलग्न गराइनेछ ।

### ११. अपेक्षित उपलब्धि
१. शासकीय कार्यसम्पादन सम्बन्धी विद्यमान् ऐन नियममा सुधार भएको हुनेछ ।
२. भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय माहासन्धिको कार्यान्वयन भएको हुनेछ ।
३. विद्युतीय शासन सम्बन्धी निर्देशिकाको तर्जुमा र कार्यान्वयन भइ विद्युतीय शासन प्रणालीको क्रमिक रूपमा विस्तार भएको हुनेछ ।
४. निजामति कर्मचारीलाई दिइने तालिमको पाठ्यक्रममा समयानुकूल सुधार भएको हुनेछ ।
५. सार्वजनिक सेवाको प्रवाह सरल र पारदर्शी भएको हुनेछ ।
६. प्रशासनिक संगठन र दरवन्दीमा सुधार भएको हुनेछ ।
७. दरवन्दी सिर्जना, पदपूर्ति नियुक्ति, पदस्थापना, सरूवा, वढुवा प्रशिक्षण समेतका मानव साधन व्यवस्थापनका निर्णय प्रक्रियाहरू पूर्वानुमानयोग्य हुनेछन् ।
८. कार्यसम्पादन मूल्याङ्कन तथा कार्य प्रगति मूल्याङ्कनका मापनीय सूचकहरूको पहिचान भएको हुनेछ ।
९. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भएको हुनेछ ।

## ८.२ मानव अधिकार

### १. पृष्ठभूमि
संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी घोषणा सन् १९४८ र त्यस पछिका मानव अधिकारसंग सम्वन्धित विभिन्न महासन्धिहरूमा नेपालले पनि प्रतिबद्धता जनाई सकेको छ । मानव अधिकार सम्बन्धी मुख्य दस्तावेजहरू एवं ६ मुख्य महासन्धिहरू लगायत २२ वटा मानव अधिकारसम्बन्धी दस्तावेजहरूको अनुमोदन एवं सम्मिलन गरी नेपालपक्ष राष्ट्र बनिसकेको छ । यी दस्तावेजका व्यवस्थाहरू अनुरूप कार्य गर्ने क्रममा राष्ट्रिय स्तरमासमेत बलियो संस्थागत, नीतिगत एवं कानुनी संरचना तयार गरेको छ । मानव अधिकार संस्कृतिको विकास गरी देशका सबै जात, जाति, भाषा, धर्म, संस्कृति, वर्ण, सम्प्रदाय, लिङ्ग र क्षेत्रका नागरिकको मानव अधिकारको सम्मान्, संरक्षण र सम्वर्धन गरी समानता र न्यायपूर्ण समाजको विकास गर्नेतर्फ यो योजना केन्द्रित रहनेछ ।

### २. अद्यावधिक स्थिति
नवौं योजनादेखि मानव अधिकारको संरक्षण एवं सर्वद्धनको लागि हालसम्म विभिन्न नीतिगत र संस्थागत व्यवस्थाहरू भएका छन् । नागरिकहरूको हक अधिकारको संरक्षण र सर्वद्धन गर्न नेपाल सरकारले त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्य योजना (२०६७/०६८-२०६९/७०) सार्वजनिक गरेको छ । मानव अधिकारको संरक्षण, संवर्द्धन गर्न संस्थागत रूपमा राष्ट्रिय मानव अधिकार आयोग, पाँच वटा क्षेत्रिय

कार्यालय र तीन वटा उप-क्षेत्रिय कार्यालय एवं प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय लगायत अन्य सरकारी निकायहरू र अन्तर्राष्ट्रिय र राष्ट्रिय गैर-सरकारी संस्थाहरू क्रियाशील रहेका छन् । भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धी संसद्बाट पारित भएको छ र मानव अधिकारसंग सम्बन्धित १२ वटा विधेयकहरू र ३ वटा सन्धी/सम्झौताहरू व्यवस्थापिका संसदमा पेश गरिएको छ । तथापि, मानव अधिकारका मूल्य तथा मान्यता अनुसार शान्ति सुरक्षाको अवस्थामा अपेक्षित सुधार हुन सकेको छैन ।

### ३. समस्या तथा चुनौती

राज्यका संयन्त्रहरूमा मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र आदर्शलाई आधार मानी कार्य गर्ने संस्कृतिको विकास हुन नसक्नु, सशस्त्र द्वन्द्वका क्रममा घाईते भएका, मारिएका, बेपत्ता भएका, विस्थापित भएका व्यक्ति एवं तिनका परिवारलाई राज्यका तर्फबाट प्रदान गर्नुपर्ने उपचार, क्षतिपूर्ति, खोजी, राहत र पुन:स्थापना गर्ने कार्यमा अपेक्षित सफलता प्राप्त हुन नसक्नु, मानव अधिकार हनन भएका विषयमा राष्ट्रिय मानव अधिकार आयोगले गरेका नीतिगत निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु लगायतका विषयहरू समस्याको रूपमा रहेको छ ।

संविधान प्रदत्त मौलिक अधिकार र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट सिर्जित दायित्वलाई पूरा गर्दै मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्धन गर्ने संस्कृतिलाई संस्थागत गरी न्याय र समानतामा आधारित समाजको विकास गर्ने चुनौती रहेको छ ।

### ४. दीर्घकालीन सोच

नेपालले मानव अधिकार सम्बन्धी दस्तावेजहरू मार्फत व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं संविधान प्रदत्त मौलिक हकलाई व्यावहारिक रूपमा सुनिश्चितता प्रदान गर्दै मानव अधिकार संस्कृतिमा आधारित समावेशी, न्यायपूर्ण र सम्मृद्ध राष्ट्रको निर्माण गर्ने ।

### ५. उद्देश्य

१. सबै प्रकारका आर्थिक तथा सामाजिक विभेदको न्यूनीकरण गरी राज्यले व्यक्त गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा सुनिश्चितता प्रदान गरी मानव अधिकारको प्रत्याभूति गर्ने ।

२. आर्थिक, सामाजिक एवं शैक्षिक रूपमा पछाडि परेका वर्ग र समुदायको संरक्षण, विकास, सशक्तीकरणका कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने र राज्य व्यवस्थामा ती समुदायको सहभागितालाई सुनिश्चितता प्रदान गर्ने ।

३. मानव अधिकार उल्लंघनका घटनामा नियन्त्रण गरी सम्बृद्ध मानव अधिकार संस्कृतिको विकास गर्ने ।

### ६. रणनीति

१. मानव अधिकारको विषयलाई सबै क्षेत्रगत विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने ।

२. मानव अधिकारको क्षेत्रमा कार्यरत सबै सरकारी तथा गैर सरकारी संस्थाहरूको संस्थागत सुदृढीकरण गरी क्षमता अभिवृद्धि र प्रभावकारीतामा अभिवृद्धि गर्ने ।

३. मानव अधिकार शिक्षा र सुशासनमार्फत सार्वजनिक निकायका पदाधिकारीहरू लगायत सबै जिम्मेवार पक्षबाट मानव अधिकारको सम्मान गर्ने संस्कृतिको विकास गर्ने ।

## ७. कार्यनीति

१.१ संविधान प्रदत्त मौलिक हक तथा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू मार्फत व्यक्त प्रतिबद्धतालाई प्रचलित कानुनी प्रावधानहरूमा परिमार्जन एवं आवश्यकतानुसार नयाँ कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१.२ क्षेत्रगत विकासका नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनमा मानव अधिकारका विषयलाई समावेश गरी सञ्चालन गरिनेछ ।

१.३ मानवअधिकार राष्ट्रिय कार्ययोजनालाई समय सापेक्ष बनाउन आवश्यक कार्यक्रम तय गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१.४ दण्डहीनताको अन्त्य गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने नीति अवलम्वन गरिनेछ ।

१.५ सबै किसिमका विभेद, छुवाछुत, शोषण, हिंसा र दुर्व्यवहारको अन्त्य गरी सबै नागरिकहरूको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारको संरक्षण र प्रबर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१.६ अल्पसंख्यक र सीमान्तकृत समुदायको संरक्षण, विकास र सशक्तीकरणलाई विशेष जोड दिइ राज्य व्यवस्थामा ती समुदायको सहभागितालाई सुनिश्चित तुल्याइनेछ ।

१.७ कारागारलाई सुधार गृहका रूपमा विकास गर्दै कारागार एवं हिरासतमा रहेकाहरूको मानव अधिकारको प्रत्याभूतिका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१.८ सशस्त्र द्वन्द्वका क्रममा घाईते भएका, मारिएका, बेपत्ता भएका, विस्थापित भएका व्यक्ति एवं तिनका परिवारको समस्या समाधानका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२.१ मानव अधिकारको संरक्षण एवं सम्बर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई राज्यका तर्फबाट प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२ मानव अधिकारसंग सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरूको क्षमता, कार्यदक्षता र प्रभावकारितामा अभिवृद्धि गरिनेछ ।

२.३ औपचारिक एवं अनौपचारिक शिक्षा मार्फत मानव अधिकार सम्बन्धी शिक्षा प्रदान गरिनेछ ।

३.१ सार्वजनिक सञ्चार माध्यमलाई मानव अधिकार सम्बन्धी कार्यक्रम निर्माण एवं प्रशारण गर्न प्रोत्साहित गर्ने कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।

३.२ सुरक्षाकर्मी एवं अन्य सेवा प्रदायकका लागि प्रदान गरिने संस्थागत तालिम एवं प्रशिक्षण कार्यक्रममा मानव अधिकार विषयलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था गरिनेछ ।

२.३ राज्यका तर्फबाट प्रदान हुने सेवाहरूलाई विस्तार गर्दै छिटो, छरितो र गुणस्तरीय सेवा प्राप्त गर्ने नागरिकको अधिकार सुनिश्चित गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

❖ मानव अधिकारको दृष्टिकोणबाट विद्यमान् ऐन नियम आवश्यकता अनुसार संशोधन गर्ने तथा एकीकृत गर्ने व्यवस्था मिलाइनेछ । त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सफल कार्यान्वयनको लागि उचित बजेटको व्यवस्था गर्नुको साथै मानव अधिकारसम्बन्धी कार्य गर्ने सम्पूर्ण निकायहरूले एकीकृत रूपमा अनुगमनको कार्य गर्ने व्यवस्था मिलाइनेछ । मानव अधिकार हनन् सम्बन्धी भए गरेका घटनाहरूको राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिसहरूलाई कार्यान्वयनमा ल्याइनेछ । शिक्षा, स्वास्थ्य, खाद्य, रोजगार, सामाजिक सुरक्षा जस्ता कार्यक्रमहरूको लागि स्रोत परिचालन तथा सोको अनुगमन गरिने व्यवस्था मिलाइनेछ । नेपालको पाँच वटा विकास क्षेत्रहरूमा कम्तीमा एक-एकवटा कारागारको स्तरोन्नति गरिनेछ । कारागारका बन्दीहरू जेल मुक्त भए पछि उनीहरूको जीवनयापनको लागि आवश्यक व्यावसायिक सीप तथा तालिम कारागर भित्रै

प्रदान गर्ने व्यवस्था मिलाइनेछ । अपराध गरी जेल सजाय भोगीरहेका बालबालिकाहरूको लागि थप बाल सुधार गृहको निर्माण एवं आवश्यक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । खुला कारागार अवधारणालाई परीक्षणको रूपमा हाललाई केही पहाडी जिल्लाहरूमा लागू गरिनेछ । घाईते भएका, मारिएका र वेपता भएका व्यक्तिहरूको परिवारहरूलाई दिइएको क्षेतिपूर्तिमा पुनरावलोकन गरिनेछ ।

- घाईते भएका, मारिएका र वेपत्ता भएका व्यक्तिहरूको परिवारहरूलाई जि.वि.स, गा.वि.स. वा विद्यालयबाट मनोपरामर्श दिने कार्य सञ्चालन गरिनेछ । सशस्त्र द्वन्द्धमा घाईते भएका सबै व्यक्तिहरू, मारिएका र वेपत्ता भएका व्यक्तिहरूको परिवारहरू मध्ये कम्तीमा एक जनालाई व्यावसायिक सीप र उद्यमशीलतासम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ । राष्ट्रिय मानव अधिकार आयोग एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा मानव अधिकारको संरक्षण कार्यमा उत्कृष्ट कार्य गर्ने संस्था एवं व्यक्तिहरूलाई प्रोत्साहन दिने कार्य गरिनेछ । मानव अधिकार सँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूको क्षमता अभिबृद्धी गरिनेछ र प्रत्येक जिल्लामा र विद्यालयहरूमा तालिम तथा जनचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ । मानव अधिकारसम्बन्धी शिक्षा सबै विद्यालयहरूमा अनिवार्य रूपमा लागू गरिनेछ र यसको अनुगमन शिक्षा मन्त्रालयले गर्नेछ। राष्ट्रिय मानव अधिकार आयोग र सञ्चार मन्त्रालयको समन्वयमा मानव अधिकार को सचेतना सम्बन्धि नियमित कार्यक्रम सञ्चार माध्यमबाट प्रचार-प्रसार गरिनेछ । सुरक्षाकर्मीहरूलाई प्रदान गरिने तालिम एवं प्रशिक्षणमा मानव अधिकारको विषय समावेश गराइनेछ ।

### ९. कार्यान्वयन व्यवस्था

मानव अधिकारसम्बन्धी नीति एवं कार्यक्रमहरूको कार्यान्वयन राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, शिक्षा मन्त्रालय एवं अन्य सरकारी तथा गैर-सरकारी संस्थाहरूबाट गर्ने व्यवस्था मिलाइनेछ । मानव अधिकारको संरक्षण संवर्द्धन गर्ने कार्य अन्तर सम्बन्धित विषय भएको हुँदा सबै सरकारी एवं अन्य निकायहरूबाट प्राथमिकताका साथ कार्यान्वयन व्यवस्था मिलाइनेछ ।

### १०. अपेक्षित उपलब्धि

१. आधारभूत मानव अधिकारको प्रत्याभूतिका निम्ति आवश्यक कानुनी व्यवस्थाको तर्जुमा तथा कार्यान्वयन संयन्त्रको निर्माण र सुदृढीकरण भएको हुनेछ ।

२. औपचारिक तथा अनौपचारिक शिक्षाको पाठ्यक्रममा मानव अधिकार सम्बन्धी विषयवस्तुहरू समावेश भएका हुनेछन् ।

३. मानव अधिकारको उपभोग गर्नबाट वञ्चित पक्षले उचित उपचार र क्षतिपूर्ति पाउने र मानव अधिकारको हनन गर्ने पक्ष दण्डित हुने व्यवस्था लागु भएको हुनेछ ।

४. कारागारहरूलाई सुधार गृहको रूपमा परिणत गर्न कारागार सम्बन्धी कानुनी तथा संरचनागत व्यवस्थामा सुधार भएको हुनेछ ।

## ८.३ योजना तथा तथ्याङ्क

### १. पृष्ठभूमि

बढ्दो जनआकांक्षा र सीमित स्रोत तथा साधनबीच सन्तुलन कायम गरी विकास गतिविधिलाई तिव्रता दिन प्रभावकारी योजना पद्धतिको विकास आवश्यक हुन्छ । योजना पद्धतिलाई भरपर्दो, व्यवस्थित, वैज्ञानिक तथा वस्तुगत एवं व्यावहारिक बनाउन सूचना र तथ्याङ्कको संकलन, प्रशोधन, विश्लेषण र प्रयोगका लागि तथ्याङ्क पद्धतिलाई सुदृढ गर्दैजानु अपरिहार्य छ ।

## २. अद्यावधिक स्थिति

आवधिक रूपमा गरिने राष्ट्रिय जनगणना, कृषि गणना, श्रम शक्ति सर्भेक्षण, जीवन स्तर सर्भेक्षण, तथा नेपाल जनसांख्यिक स्वास्थ्य सर्भेक्षण आदि राष्ट्रिय स्तरका तथ्यांकका स्रोत हुन् । नेपाल श्रमशक्ति सर्वेक्षण (दोस्रो) सफलतापूर्वक सम्पन्न भएको छ । राष्ट्रिय जनगणना २०६८ तथा राष्ट्रिय कृषि गणना २०६८ सम्बन्धित तयारी कार्य भएको छ । यसैगरी, औद्योगिक गणना, प्रथम वितरणात्मक व्यापार सर्वेक्षण तथा तरकारी बाली सर्वेक्षण आदि सम्पन्न भएका छन् । राष्ट्रिय लेखा सुदृढ गर्न त्रैमासिक राष्ट्रिय लेखा (QNA) तयारीको कार्य प्रारम्भ भएको छ । यसका साथै, ७५ जिल्लाको जिल्ला वस्तुगत विवरण तथा Nepal Info तयार भएका छन् । यसका आधारमा राष्ट्रिय स्तरमा आर्थिक सामाजिक सूचकहरू तथा सहस्राब्दी विकास लक्ष्यका सूचकाङ्कहरू उपलब्ध भएका छन् ।

## ३. समस्या तथा चुनौती

योजना तर्जुमाका लागि आवश्यक मूलभूत र खण्डित तथ्याङ्क व्यवस्थापनमा कमी कमजोरी हुनु, सूचना प्रविधिको न्यून प्रयोग हुनु, स्थानीयदेखि केन्द्रीयस्तरका योजना तर्जुमामा नीति तथा कार्यक्रमको प्राथमिकीकरण कमजोर हुनु, योजनाको क्रममा नै कार्यान्वयनको जिम्मेवारी नतोकिनु जस्ता समस्याहरू रहेका छन् ।

शान्ति र पुनःस्थापना पछिको अवसरलाई सदुपयोग गरी सम्बृद्ध, न्यायपूर्ण, आधुनिक नेपालको निर्माणलाई लक्षित गरी योजना तयार गर्ने र सामाजिक आर्थिक तथा मानवसंसाधनको अधिकतम परिचालनद्वारा समग्र विकासमा तीव्रता ल्याउन सक्ने योजनाहरू तर्जुमा गर्ने र यसलाई भरपर्दो र वस्तुगत आधार खडा गर्ने कार्य प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

नेपाली जनताको जीवन स्तरमा समुचित सुधार गरी नेपालको लागि सुहाउँदो अर्थ व्यवस्था अपनाउँदै समुन्नत र आर्थिक रूपमा सम्बृद्ध र न्यायपूर्ण नेपालको निर्माणमा समयानुकूल सहयोग पुऱ्याउने योजना तथा तथ्याङ्क प्रणालीको विकास गर्ने ।

## ५. उद्देश्य

प्रयोगकर्ता मैत्री एवं भरपर्दो तथ्याङ्क प्रणालीको विकास गर्दै प्रभावकारी, परिणाममुखी र दिगो तथा न्यायपूर्ण विकासको प्रक्रियालाई गति प्रदान गर्ने योजना पद्धतिलाई संस्थागत गर्ने योजना तथा तथ्याङ्क क्षेत्रको उद्देश्य हुनेछ ।

## ६. रणनीति

१. योजना पद्धतिलाई प्रभावकारी बनाउनका लागि योजना तर्जुमा सम्बन्धी नीति, नियम र कार्यविधिको निर्माण र सुधार गर्ने ।

२. योजना र तथ्याङ्क सम्बन्धी कार्यमा संलग्न निकाय र इकाइहरूको संस्थागत सुदृढीकरण एवं क्षमता अभिवृद्धि गर्ने ।

३. राज्यको पुनसंरचना अनुकूल हुने गरी योजना र तथ्याङ्क प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउने ।

४. राष्ट्रका निम्ति आवश्यक पर्ने तथ्याङ्कहरूको संकलन, प्रशोधन र विश्लेषणलाई प्रभावकारी बनाउन सूचना तथा प्रविधिको प्रयोगमा जोड दिने ।

५. राष्ट्रिय योजना आयोगमा केन्द्रीयस्तरको भू-सूचना प्रणाली सम्बन्धी केन्द्रीय तथ्याङ्क भण्डारण स्थापना गर्ने ।

## ७. कार्यनीति

१.१ योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी नीति नियम र कार्यविधिको निर्माण र सुधार गरिनेछ ।

१.२ सहभागितात्मक रूपले स्थानीयस्तरबाट प्रक्रियागत ढंगले आएका योजनाहरूलाई केन्द्रले प्राथमिकता दिनेछ ।

२.१ योजना एवं तथ्याङ्क सम्बन्धी कार्यमा संलग्न निकायहरूको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्न नीतिगत र संस्थागत सुधार गरिनेछ ।

२.३ विभिन्न तह र निकायका योजना र तथ्याङ्क सम्बन्धी क्रियाकलापहरूका वीचमा समुचित समन्वय कायम गरी एकभन्दा बढि निकायको प्रयोगमा आउने तथ्याङ्कको पारस्परिक उपयोगितालाई सहज बनाउन उपयुक्त सञ्जालको विकास गरिनेछ ।

२.४ योजना र तथ्याङ्क सम्बन्धी कार्य गर्ने विभिन्न निकायमा रहेको जनशक्तिलाई समन्यायिक ढंगले बृत्तिविकास र क्षमता अभिवृद्धिका अवसरहरू उपलब्ध गराइनेछ ।

२.५ योजना र तथ्याङ्क सम्बन्धी काम गर्ने कर्मचारीहरूको वृत्ति विकासका निम्ति स्पष्ट कार्ययोजना बनाई वृत्ति विकास र क्षमता अभिवृद्धिका अवसरहरू उपलब्ध गराइनेछ ।

२.६ योजना तथा तथ्याङ्क सम्बन्धी संगठन र इकाइमा सम्बन्धित समूहका कर्मचारी राख्ने कानुनी व्यवस्थाको कार्यान्वयन गरी प्रशासनिक संरचनाको सुधार गरिनेछ ।

३.१ शिक्षा, स्वास्थ्य, वन, सार्वजनिक जग्गा जमिन, कृषियोग्य जमीन, प्राकृतिक स्रोत साधन एवं सार्वजनिक सम्पति, श्रम, रोजगारी, जीवनस्तर आदि विविध क्षेत्र र विषयका तथ्याङ्क संकलन र प्रशोधन सम्बन्धी कार्यमा आवश्यक समन्वय गरिनेछ ।

३.२ विभिन्न निकायहरूको वीचमा समुचित समन्वय कायम गरी तथ्याङ्क र योजना प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउने र योजना र तथ्याङ्क सम्बन्धी संयन्त्रमा राज्यको पुनःसंरचना अनुकूल सुधार गरी उपयुक्त योजना तथा तथ्याङ्क प्रणालीको विकास गरिनेछ ।

४.१ योजना तर्जुमा र तंथ्यांकको संकलन र विश्लेषणमा आधुनिक सूचना प्रविधिको प्रयोग गरिनेछ ।

४.२ तथ्याङ्क अभिलेख संग्रह (Data archive) को विकास गरिनेछ ।

५.१ केन्द्रीय तथ्याङ्क भण्डारणमा सेवा, साधनस्रोत, पहुँच, गरीबी, वस्ती, परिवार र वडागत तथ्याङ्क संकलन गरिनेछ ।

५.२ केन्द्र र स्थानीय स्तरका आवधिक तथा क्षेत्रगत योजना तयार गर्दा भू-सूचना प्रणाली (GIS) प्रयोग गर्न जोड दिइनेछ ।

## ८. अपेक्षित उपलब्धि

१. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियालाई वस्तुगत र पारदर्शी बनाउने गरी नीति नियम र निर्देशिका तर्जुमा र कार्यान्वयन भएको हुनेछ ।

२. योजना तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको सहभागिता सुनिश्चित भएको हुनेछ ।

३. निर्धारित समयमा राष्ट्रिय जनगणना, राष्ट्रिय कृषि गणना एवं जीवनस्तर सर्वेक्षण, श्रम शक्ति सर्वेक्षण जस्ता आधारभूत गणना सर्वेक्षणहरू सम्पन्न भएको हुनेछ ।

४. राष्ट्रिय आम्दानी, वचत, लगानी आदिको तथ्याङ्क अद्यावधिक भएको हुनेछ ।

५. केन्द्रीय, क्षेत्रीय र स्थानीय स्तरका योजनाको योजना संयन्त्र प्रक्रियाका विचमा समन्वय कायम भएको हुनेछ ।

६. योजना समूह सम्बन्धी व्यवस्था लागु भएको हुनेछ ।

७. योजना तथा तथ्याङ्क सम्बन्धी सार्वजनिक निकायहरूमा राज्यको पुनःसंरचना अनुरूप पुनःसंरचना भइ उपयुक्त योजना र तथ्याङ्क प्रणालीको विकास भएको हुनेछ ।

८. उपलब्ध तथ्याङ्क विश्लेषणबाट राष्ट्रिय आवश्यकता अनुसारका नक्सा तयार गर्न सम्भव भई योजना तथा कार्यक्रम तर्जुमा गर्दा यसको प्रयोग हुनेछ ।
९. केन्द्र र जिल्ला तहका निकायको तथ्याङ्क प्रणाली केन्द्रीय तथ्याङ्क भण्डारणमा रहेको केन्द्रीय तथ्याङ्क वैंकमा आबद्ध भइ योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यमा प्रयोग भएको हुनेछ ।

## ८.४ राष्ट्रिय विकास स्वयंसेवक सेवा

### १. पृष्ठभूमि

विकासको गतिविधि ग्रामीण भेकसम्म पुऱ्याउन एवम् राज्य र जनताबीच सम्बन्ध विस्तार गर्न सेवा प्रवाहमा गतिशीलता ल्याउन जरूरी हुन्छ । यस परिप्रेक्षमा दशौं योजनाको गरीबी निवारणको लक्ष्यलाई सहयोग पुऱ्याउन आ.व. २०५५।५६ देखि राष्ट्रिय विकास स्वंयसेवक सेवा कार्यक्रम शुरू भएको हो । शुरूमा २० जिल्लाबाट थालनी भएको यो कार्यक्रम हाल देशभर विस्तार भैसकेको छ । यस कार्यक्रमको सकारात्मक प्रभावले गर्दा थप परिमार्जनसहित कार्यान्वयन गर्नु आवश्यक देखिएको छ ।

### २. अद्यावधिक स्थिति

राष्ट्र निर्माणका लागि सेवाको भावनाले समर्पित हुन चाहने उपयुक्त युवा जनशक्तिलाई ग्रामीण तथा स्थानीय विकास कार्यमा संलग्न हुने अवसर प्रदान गर्ने, जन स्तरमा गई विकासको कार्यक्रममा सहयोग पुऱ्याउने, स्वयंसेवाको भावना प्रवर्द्धन गराउने, ग्रामीण स्तरमा रहेको प्राविधिक जनशक्तिको न्यूनतालाई केही हदसम्म परिपूर्ति गर्ने, अल्पकालिन रोजगारीको सृजना गर्ने, विदेशमा कार्यरत दक्ष नेपाली तथा विभिन्न सेवाहरुबाट अवकास प्राप्त व्यक्तिहरुलाई स्वयंसेवक भइ नेपालको ग्रामीण क्षेत्रमा सेवा गर्न आकर्षित गर्ने, विकासलाई स्वयं सेवाको भावनासँग जोड्ने, उपयुक्त शिक्षा एवं सीप भएका युवा जनशक्तिलाई दुर्गम जिल्लाहरुमा गई सेवा गर्न अभिप्रेरित गर्ने जस्ता कार्यमा यस सेवाले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । हालसम्म लगभग ८००० जनाले यस संस्था मार्फत स्वयंसेवा गर्ने अवसर प्राप्त गरिसकेका छन् । स्वयंसेवाको कार्यलाई अझ बढी प्रभावकारी र व्यवस्थित गराउने उद्देश्यले कृषि तथा पशु, स्वास्थ्य, शिक्षा इन्जिनियरिङ्ग क्षेत्रका प्राविधिकहरूलाई मागको आधारमा विशेष गरी ग्रामीण र पिछडिएका क्षेत्रमा र हिमाली र उच्च पहाडि क्षेत्रमा रहेको शिक्षकको न्यूनतालाई केही हद सम्म परिपूर्ति गर्न अंग्रेजी, विज्ञान र गणित विषयका स्नात्तकोत्तर र स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरूलाई ती क्षेत्रहरूमा मा.वि र उच्च मा.वि तहको स्वयंसेवक शिक्षकको रूपमा परिचालन गर्न उपयुक्त देखिएको छ । साथै, स्वंय सेवकको क्षमता विकास र भावनाको अभिप्रेरित गरी विदेशमा पनि स्वयंम सेवकको भूमिका निर्वाह गर्न सक्षम तुल्याउनु आवश्यक देखिएको छ ।

### ३. समस्या तथा चुनौती

स्वयम्सेवी संस्थाहरूबीच समन्वय र सहकार्यमा कमी, स्वयम्सेवकलाई स्पष्ट कार्यक्षेत्र यकिन गर्न नसकिएको, स्वयम्सेवकको माग र आपूर्तिबीच तालमेल मिलाउन नसकिएको जस्ता समस्याहरू रहेका छन् । स्वयम्सेवाको महत्त्वलाई समाज र स्थानीय स्तरमा स्थापित गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ४. दीर्घकालीन सोच

स्वयम्सेवाको प्रवर्द्धनबाट समाजमा स्वयम्सेवी भावना स्थापित गराई देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने साथै यसकै माध्यमबाट वैदेशिक रोजगारीको अवसर पनि सिर्जना गर्ने ।

### ५. उद्देश्य

स्वयम्सेवा गर्न चाहने निश्चित योग्यता र अनुभव भएका युवा तथा व्यक्तिहरू परिचालन गरी गरीबी न्यूनीकरणमा सहयोग पुर्‍याउनु ।

### ६. रणनीति

स्थानीय आवश्यकता अनुसार विकास कार्यमा योगदान दिन विभिन्न विषयमा ज्ञान, सीप र दक्षता भएका व्यक्तिहरूलाई स्वयम्सेवकको रूपमा परिचालन गर्ने ।

### ७. कार्यनीति

१. विभिन्न सरकारी एवम् उपभोक्ता महासंघ, स्वयम्सेवी संस्था जस्ता निकायसंगको साझेदारीमा स्वयम्सेवक परिचालन गरिनेछ ।

२. स्वयम्सेवासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरिनेछ ।

३. स्थानीय माग तथा आवश्यकतानुसार स्वयम्सेवकको व्यवस्थापन गरिनेछ ।

४. स्वयम्सेवामा महिला, दलित, जनजाती, मधेशी, दुर्गम तथा सीमान्तीकृत समूहका युवायुवतीहरूलाई प्राथमिकता दिइनेछ ।

५. दैवी प्रकोप एवं सामाजिक सुरक्षा लगायतका अन्य क्षेत्रहरूको पहिचान गरी सोही वमोजिम स्वयंसेवकहरूको परिचालन गरिनेछ ।

६. "राष्ट्रिय विकास स्वयंसेवक सेवा" को संगठनात्मक संरचनामा सुधार गरिनेछ ।

### ८. प्रमुख कार्यक्रम

स्वयंसेवक परिचालनको लागि आवश्यक नीति, निर्देशिका/कार्यविधि र आचार संहिता तयार गर्ने, नेपालमा कार्यरत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्वयमसेवक परिचालन गर्ने, विदेशबाट आउने सबै स्वयमसेवकहरूको प्रथम सम्पर्क विन्दुको रूपमा काम गर्ने, स्वयमसेवालाई प्रबर्द्धन गर्ने किसिमका जानकारीमूलक श्रव्य-दृष्य सामग्री तयार गरी प्रचार प्रसार, गोष्ठी तथा छलफल गर्ने, उदाहरणीय कार्य गर्ने स्वयम सेवाकलाई प्रोत्साहित गर्न र आचरण विपरित कार्य गर्ने स्वयम सेवकहरूलाई सजाय गर्ने, विभिन्न विद्यालय तथा महाविद्यालयहरूमा अध्यनरत विद्यार्थीहरूलाई आवश्यकता अनुसार इर्न्टनसीपमा खटाउने स्वयम् सेवको अनुभव र दक्षताको माध्यमबाट स्वयम् सेवको रूपमै वैदेशिक रोजगारीका अवसरहरू परिचालन जस्ता कार्यहरू गरिनेछन् ।

### ९. अपेक्षित उपलब्धि

१. स्वयम्सेवाको प्रबर्द्धन भइ मानिसहरू स्वतस्फुर्तरूपमा स्वयम्सेवाप्रति आकर्षित भई देशको आर्थिक सामाजिक विकासमा संलग्न भएका हुनेछन् ।

२. सहस्राब्दी विकास लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण योगदान पुगेको हुनेछ ।

## ८.५ योजना कार्यान्वयन

### १. पृष्ठभूमि

योजना तर्जुमाको पक्ष जति महत्त्वपूर्ण छ, कार्यान्वयन पक्ष पनि त्यति नै महत्त्वपूर्ण हुन्छ। यसैले योजना तर्जुमा गर्दा सफल कार्यान्वयनका निमित्त प्रभावकारी संयन्त्र बनाउनु आवश्यक छ। यसरी योजनाको उद्देश्य र उपलब्धि वीच तादात्म्य ल्याउनु सरकारको दायित्व हो। योजनाको सफलता यसको पूर्ण कार्यान्वयनमा निर्भर गर्दछ । योजना तर्जुमा गर्दाकै बखत यसलाई कार्यान्वयन योग्य बनाउन र कार्यान्वयनको प्रभावकारी संयन्त्र तयार पार्न सकिएमा योजनाले लिएका  लक्ष्य र उद्देश्यहरू हासिल हुन सघाउ पुग्दछ। तसर्थ योजनाको लक्ष्य र उपलब्धिबीचको खाडललाई कम गर्न प्रभावकारी कार्यान्वयनको खाका तयार पार्नु आवश्यक हुन्छ।

सार्वजनिक संयन्त्रलाई चुस्त एवं पारदर्शी बनाई आम जनतालाई विकासको प्रतिफल समानुपातिक रूपमा वितरण गर्नु नै योजनाको कार्यान्वयनको मूल अभिप्राय हो। योजनाको प्रभावकारी कार्यान्वयनबाट रोजगारीका अवसरहरू सिर्जना हुने, जनसहभागितामा अभिवृद्धि हुने र योजनाले अपेक्षा गरेअनुसार रोजगारी सिर्जना र आर्थिक वृद्धि भइ गरीबी न्यूनीकरणमा सघाउ पुग्ने हुन्छ।

### २. अद्यावधिक स्थिति

वर्तमान अवस्थामा कार्यान्वयनका लागि संस्थागत तथा नीतिगत व्यवस्थाहरू गरिएका छन्। योजनाले लिएका लक्ष्य र उद्देश्य हासिल गर्ने गरी क्षेत्रगत निकायहरूले आ-आफ्ना कार्यक्रमहरू तर्जुमा गर्ने र सोही अनुसार बजेट विनियोजन गर्ने गरिएको छ। त्यसैगरी मध्यकालिन खर्च संरचनाको उपयोगद्वारा कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने परिपाटिको विकास गरिएको छ। योजनाको पूर्ण कार्यान्वयनका लागि आवश्यक मानव संसाधनको समयमै व्यवस्था गर्न उचित ध्यान दिइएको छ भने आयोजना प्रमुख लगायतका कर्मचारीहरूलाई निश्चित समय पुगेपछि मात्र सरूवा गर्ने नीति कार्यान्वयन गरिएको छ। यसका साथै बहुपक्षीय ठेक्का प्रणालीको व्यवस्था, निश्चित आधारमा बजेट फ्रिज नहुने व्यवस्था र आयोजना/कार्यक्रमको उपलब्धिलाई कर्मचारीको कार्यसम्पादन मूल्यांकनसंग आवद्ध गर्ने व्यवस्था समेत गरिएको छ। बेरूजुलाई समेत कार्यसम्पादन मूल्यांकनको अंङ्ग बनाइएको छ। तथापी, योजनाले महत्व दिएका आयोजना तथा कार्यक्रमको स्पष्ट कार्ययोजना तयार नहुनु तथा अनुगमन तथा मूल्यांकन पक्ष कमजोर रहेका कारणले योजनाको वास्तविक प्रतिफल र उपलब्धि मापन गर्न नसकिरहेको स्थिति छ।

### ३. समस्या तथा चुनौती

योजनाबद्ध विकासको सांढे पाँच दशकको यस अवधिमा योजनाको कार्यान्वयन पक्ष कमजोर रहेको भनाई धेरैतिरबाट आएका छन्। योजनाले प्रक्षेपण गरेभन्दा कम स्रोत उपलब्ध हुनु, स्रोतका् समयानुकूल व्यवस्थापन नहुनु, क्षेत्रगत तथा निकायगत समन्वयको अभावले कार्यक्रम कार्यान्वयनमा जटिलता आउनु, कार्यान्वयनकर्ताको अधिकार र जिम्मेवारी स्पष्ट नहुनु, अधिकारको प्रत्यायोजन नगरिनु जस्ता समस्याहरू एकातिर छन् भने प्रशासनिक तथा राजनीतिक हस्तक्षेप व्याप्त हुनु, ठेक्का प्रणाली झण्झटिलो हुनु, कार्यक्रम तथा आयोजनाको सफलतालाई सम्वन्धित कर्मचारीको कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्न नसकिनु, नतिजामूलक कार्यान्वयन कार्ययोजनाको अभाव रही नतिजाउन्मुख कार्यान्वयन संयन्त्रको विकास नहुनु जस्ता समस्याहरू अर्कातिर छन्।

विकास योजनालाई गुणस्तरीय बनाई समय सीमाभित्र मितव्ययी, पारदर्शी र जिम्मेवारीपूर्ण ढङ्गले सम्पन्न गर्नु योजना कार्यान्वयनको मुख्य चुनौती रहेको छ।

## ४. उद्देश्य

आवधिक योजनाको कार्यान्वयनलाई नतिजामूलक र लागत प्रभावकारी बनाउने ।

## ५. रणनीति

१. क्षेत्रगत नतिजामूलक कार्ययोजना बनाई कार्यान्वयन गर्ने परिपाटी बसाल्ने ।

२. कार्य सम्पादनको परिमाण, गुणस्तर, लागत र समयावधि सुनिश्चित गर्न नीति, नियम र निर्देशिका समयानुकूल बनाउने ।

३. लक्ष्य तथा परिलक्ष्य प्राप्तिका लागि सम्बन्धित संस्था र जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।

४. नतिजामूलक र सुधारात्मक अनुगमन एवं मूल्याङ्कन व्यवस्थालाई नियमित र प्रभावकारी बनाउने ।

## ७. कार्यनीति

१.१ सबै क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमको नतिजामूलक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

१.२ योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन एवं मर्मत संभारको कार्यमा सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ ।

२.१ कार्यान्वयन प्रभावकारी बनाउन सार्वजनिक खरिद तथा ठेक्का पट्टा लगायत उपयुक्त नीति, ऐन नियम र निर्देशिकालाई अद्यावधिक बनाई लागु गरिनेछ ।

२.२ आवधिक योजनाको कार्यान्वयनमा स्रोत साधनको निश्चित गरिनेछ ।

२.३ सबै प्रकारका सार्वजनिक खरिदमा इ-विडिङ्ग प्रणाली लागु गरिनेछ ।

३.१ कर्मचारीको कार्य सम्पादनस्तरलाई कार्यक्रमको लक्ष्य, उद्देश्य र परिलक्ष्यको नतिजासंग आबद्ध गर्ने गरी प्रोत्साहन प्रणाली लागू गरिनेछ ।

३.२ कार्यान्वयनलाई नतिजामूलक र प्रभावकारी बनाउन सम्बद्ध संस्था र जनशक्तिको क्षमता अभिबृद्धि गरिनेछ ।

४.१ योजना कार्यान्वयनको सार्वजनिक लेखा परीक्षण गरिनेछ ।

४.२ तोकिएको परिमाण, गुणस्तर, लागत र समयावधि अनुसारको कार्यान्वयन नतिजा प्राप्त नभएमा सम्बद्ध सबै पक्षलाई जिम्मेवार ठहऱ्याई कारवाहीको व्यवस्था गरिनेछ ।

४.३ अनुगमन र मूल्याङ्कनबाट प्राप्त निष्कर्षलाई योजना तथा कार्यान्वयनको पृष्ठपोषणका रूपमा प्रयोग गरिनेछ ।

४.४ निर्माण सम्पन्न भएका ठूला भौतिक संरचनाको समय तालिका बनाई नियमित रूपमा मर्मत संभार गरिनेछ ।

## ८. अपेक्षित उपलब्धि

आवधिक योजनाको कार्यान्वयन नतिजामूलक र लागत प्रभावकारी भएको हुनेछ ।

## ८.६ अनुगमन तथा मूल्याङ्कन

### १. पृष्ठभूमि

विकास कार्यक्रम तथा आयोजनाहरूको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त पृष्ठपोषणका आधारमा व्यवस्थापनका विभिन्न तहहरूले उचित निर्णयद्वारा आइपरेका बाधा व्यवधान र समस्याहरूको समाधान गरी लक्षित उपलब्धि हासिल गर्न टेवा पुऱ्याउने व्यवस्थापकीय औजारको रूपमा अनुगमन तथा मूल्याङ्कन पद्दतिलाई विकास प्रक्रियाको अभिन्न अंगको रूपमा लिइएको छ । विकास कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी र नतिजामूलक नभएको र प्रगति अनुगमनमा मात्र सीमीत रहेको भन्ने भनाइहरू आउने गरेको सन्दर्भमा यसलाई नतिजामूखी एवं प्रभावकारी बनाउनु आवश्यक छ । यस सन्दर्भमा, अनुगमन तथा मूल्याङ्कन पद्दतिलाई नजितामूलक र नियमित बनाउनको लागि यस सम्बन्धी स्पष्ट नीति एवं कानून तर्जुमा गरी लागू गर्ने कार्यमा विशेष जोड दिनु पर्ने देखिएको छ ।

### २. अद्यावधिक स्थिति

राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरका विकास समस्या समाधान समितिको व्यवस्था र विकास कार्यक्रम सञ्चालन गर्ने मन्त्रालयहरूमा अनुगमन तथा मूल्याङ्कन महाशाखाहरूको स्थापना जस्ता संस्थागत व्यवस्था र अनुगमन सम्बन्धी विभिन्न फारामहरू तथा निर्देशिकाको व्यवस्था भइ सो अनुसार चौमासिक र वार्षिक प्रगति विवरण प्राप्त गरी समीक्षा गर्ने कार्य भइआएको छ । आयोजना/कार्यक्रमको अनुगमन र मूल्याङ्कन नतिजामूलक बनाउन नतिजामूलक अनुगमन तथा मूल्याङ्कन निर्देशिका पनि तर्जुमा गरिएको छ । विकास कार्यक्रम/ आयोजनाहरू सम्बन्धी विवरण तथा तथ्यांक विद्युतीय माध्यमबाट सहज रूपमा प्राप्त गर्न आयोजना कार्यसम्पादन सूचना प्रणाली र गरीबी अनुगमन तथा विश्लेषण प्रणालीलाई व्यवस्थित गर्न जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणाली निर्देशिका र यस सम्बन्धी सफ्टवयर तयार गरी कार्यान्वयनमा ल्याइसकिएको छ ।

गरीबी अनुगमन तथा विश्लेषण प्रणालीलाई आयोजना/कार्यसम्पादन सूचना प्रणालीसँग आबद्ध गरी स्वचालित रूपमा जिल्लास्तरबाट एकीकृत तथ्यांकहरू केन्द्रमा प्राप्त हुनेछन् । विकास नतिजाका लागि व्यवस्थापन अवधारणा अनुरूप व्यावसायिक कार्ययोजना तयार गरी सरकारी निकायबाट गरिने कार्यलाई नतिजासँग आबद्ध गर्ने कार्यको शुरूवात भएको छ । अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न कर्मचारीहरूको ज्ञान र सीप विकासका लागि स्वदेश र विदेशमा तालिम प्रदान गर्ने कार्य पनि निरन्तर रूपमा गरिदै आएको छ ।

### ३. समस्या तथा चुनौती

राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिका बैठक निर्धारित समयमा एवं नियमित रूपमा बस्न नसक्नु, प्रगति विवरणहरू निर्धारित समय र फाराममा नियमित रूपमा प्राप्त नहुनु, अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण विकास योजना, कार्यक्रम तथा आयोजना तर्जुमा र कार्यान्वयनमा समुचित रूपमा प्रयोग नहुनु, अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न कर्मचारीहरूमा उत्प्रेरणाको कमी हुनु र कर्मचारीहरूको छिटोछिटो सरूवा भइरहनाले कार्य दक्षतामा अभिबृद्धि नहुनु जस्ता प्रमुख समस्याहरू देखिएका छन् ।

अनुगमन तथा मूल्याङ्कन पद्दतिलाई नियमित, भरपर्दो र नतिजामूलक बनाई विकास आयोजनाको कार्यान्वयनलाई अपेक्षित रूपमा प्रभावकारी बनाउने कार्य प्रमुख चुनौतीको रूपमा रहेको छ । अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई समयसापेक्ष रूपमा परिमार्जन गर्दै विद्युतीय सफ्टवेयरको माध्यमबाट स्वचालित रूपमा तथ्याङ्क प्राप्त गर्ने एवं प्रशोधन गर्ने प्रणालीको स्थापना गरी सञ्चालन गर्ने कार्य अर्को चुनौतीको रूपमा रहेको छ । साथै, अनुगमन तथा मूल्याङ्कनमा नीति निर्माण तहको प्रतिबद्धता, तालिम

प्राप्त जनशक्तिको सेवाको निरन्तरता तथा लागू गरिएका निर्देशिका र सूचकहरूको प्रयोग नियमित र भरपर्दो रूपमा गरी अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई विकास योजनाको तर्जुमा र कार्यान्वयनमा प्रयोग गरिने स्थितिको सिर्जना गर्ने कार्य थप चुनौतीको रूपमा रहेको छ ।

## ४. दीर्घकालीन सोच

अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई नतिजामूलक बनाई संस्थागत सुदृढीकरणका माध्यमबाट प्रभावकारी र भरपर्दो व्यवस्थापकीय औजारको रूपमा स्थापित गराई विकास योजना, कार्यक्रम तथा आयोजनाहरू निर्धारित समय, लागत, परिमाण र गुण स्तरमा सम्पन्न गर्न सक्ने क्षमता विकास गरी योजनाको लक्षित उद्देश्य हासिल गर्न योगदान पुऱ्याउने ।

## ५. उद्देश्य

विकास नीति तथा कार्यक्रम/आयोजनाको अनुगमन तथा मूल्याङ्कन कार्यलाई नतिजामूलक, नियमित र भरपर्दो बनाई त्यसबाट प्राप्त नतिजालाई पृष्ठपोषणका रूपमा लिई सम्बन्धित कार्यक्रम/आयोजनाहरूको कार्यान्वयनमा देखा परेका समस्याहरूको तत्काल समाधान गर्ने र नीति निर्माण, विकास योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्णय प्रक्रियाहरूमा उपयोग गर्ने व्यवस्था मिलाउने ।

## ६. रणनीति

१. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी संस्थागत र प्रक्रियागत व्यवस्थालाई स्पष्ट रूपमा परिभाषित र व्यवस्थित गरी नतिजामूलक तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुदृढीकरण गर्ने ।

२. विभिन्न तह तथा निकायहरूमा रहेका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सूचना प्रणालीहरूलाई एउटै सञ्जालभित्र ल्याई एकीकृत सूचना प्रणालीको विकास तथा अनुगमन तथा मूल्याङ्कनको कार्यशैली, प्रक्रिया र संरचनामा परिवर्तन गरी स्वचालित संयन्त्रको निर्माण गर्ने ।

३. अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने ।

४. आयोजना/कार्यक्रमहरूसँग सम्बन्धित निकाय र जनशक्तिको कार्यसम्पादन मूल्याङ्कनलाई आयोजनाको प्रगतिसँग आबद्ध गर्ने ।

५. स्वतन्त्र र तेस्रो पक्षलाई पनि अनुगमन तथा मूल्याङ्कन कार्यमा आवश्यकता अनुसार संलग्न गराउने ।

६. सार्वजनिक सरोकारका आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनमा लाभग्राही सरोकारवालाहरूलाई समेत संलग्न गराई अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई नतिजामूलक र सहभागीतामूलक बनाउन जोड दिने ।

७. विकास कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन सम्बन्धी विवरण र तथ्यांक अद्यावधिक गर्ने व्यवस्था गरी अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजालाई योजना प्रक्रियामा पृष्ठपोषणका रूपमा उपयोग गर्ने व्यवस्था गर्ने ।

## ७. कार्यनीति

१.१ मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकलाई नियमित बनाई तिनको भूमिकालाई थप प्रभावकारी बनाइनेछ ।

१.२ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थालाई स्पष्ट रूपमा परिभाषित गरी अनुगमन तथा मूल्याङ्कन निर्देशिकाहरू जारी गरिनेछ ।

१.३ ठूला तथा उच्च प्राथमिकताका र जन स्तरमा प्रभाव पार्ने आयोजना तथा कार्यक्रमहरूको विशेष रूपमा निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१.४ विकास नतिजाका लागि व्यवस्थापन पद्धतिलाई मन्त्रालयहरूमा पनि विस्तार गरिनेछ ।

२.१ विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन तथा गरीबी अनुगमन तथा विश्लेषण प्रणाली सम्बन्धी सफ्टवयरहरूको विकास तथा स्थापना गरिनेछ ।

२.२ जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणाली लगायत विभिन्न मन्त्रालय अन्तर्गतका अनुगमन सम्बन्धी सूचना प्रणालीहरूलाई राष्ट्रिय योजना आयोगको आयोजना कार्यसम्पादन सूचना प्रणालीसँग सञ्जालिकरण गरिनेछ ।

२.३ अनुगमन तथा मूल्याङ्कन कार्यलाई सफ्टवयरको माध्यमबाट विद्युतीय रूपमा सूचना तथा तथ्यांक प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

३.१ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी जनशक्तिलाई अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषयमा विभिन्न तालिम दिने व्यवस्था गरिनेछ ।

४.१ विकास कार्यक्रम/आयोजनाहरू सञ्चालन गर्ने मन्त्रालय र आयोजनासँग सम्बन्धित कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा सञ्चालित आयोजनाले हासिल गरेको प्रगतिलाई ध्यानमा राखी मूल्याङ्कन गर्न जोड दिइनेछ ।

५.१ सम्बन्धित सरकारी निकाय वाहेकका स्वतन्त्र तथा तेस्रो पक्षबाट पनि निश्चित प्रक्रिया अनुसार अनुगमन तथा मूल्याङ्कन कार्य गराइनेछ ।

६.१ सार्वजनिक सरोकार तथा लक्षित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनमा लाभग्राही र सरोकारवालाहरूलाई समेत संलग्न गराइने छ ।

६.२ विकास आयोजनाहरूमा सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरीक्षणको माध्यमबाट कार्यसम्पादनको स्तर मापन गर्ने प्रणाली विकास गरिनेछ ।

७.१ विकास कार्यक्रम/आयोजनाहरूको कार्यान्वियन सम्बन्धी विवरण र तथ्यांक अद्यावधिक गर्ने र अनुगमन तथा मूल्याङ्कन एवं समीक्षा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

७.२ आयोजनाहरूको अद्यावधिक विवरण र अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन एवं समीक्षा प्रतिवेदनहरूलाई निर्णय प्रक्रियामा पृष्ठपोषणको रूपमा लिने व्यवस्था गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली र जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणाली सञ्चालन निर्देशिका जारी गरी सोको कार्यान्वयन गरिनेछ । गरीबी अनुगमन तथा विश्लेषण प्रणाली र जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणाली अन्तर्गतका सूचकहरूलाई परिमार्जन गर्ने कार्य गरिनेछ । प्रत्येक आ.व.को शुरूमा ठूला तथा उच्च प्राथमिकताका र जन स्तरमा प्रभाव पार्ने आयोजना तथा कार्यक्रमहरूको सूची तयार गरी द्वैमासिक रूपमा प्रगति स्थितिको समीक्षा गरिनेछ । विकास नतिजाका लागि व्यवस्थापन पद्धतिलाई मन्त्रालयहरूमा विस्तार गरी व्यावसायिक योजना तयार पार्ने र नतिजाका आधारमा बजेट व्यवस्था गर्ने कार्य गरिनेछ । विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनका लागि आयोजनाको कार्यसम्पादन सूचना प्रणाली र गरीबी अनुगमनका लागि गरीबी अनुगमन तथा विश्लेषण प्रणाली सम्बन्धी सफ्टवयरहरूको विकास र स्थापना राष्ट्रिय योजना आयोगबाट गरिनेछ । गरीबी अनुगमन तथा विश्लेषण प्रणाली सम्बन्धी सफ्टवयर स्थानीय विकास मन्त्रालयमार्फत सबै जिल्लाहरूमा स्थापना र सञ्चालन गर्ने व्यवस्था गरिनेछ । जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणाली लगायत विभिन्न मन्त्रालय अन्तर्गतका अनुगमन सम्बन्धी सूचना प्रणालीहरूलाई राष्ट्रिय योजना आयोगको आयोजना कार्यसम्पादन सूचना प्रणालीसँग सञ्जालिकरण गरी विद्युतीय माध्यबाट सूचना तथा तथ्यांक प्रवाह गर्ने व्यवस्था गरिनेछ। अनुगमन तथा मूल्याङ्कन सम्बन्धी जनशक्तिलाई अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषय तथा जारी भएका निर्देशिका अनुसार गर्नुपर्ने कार्य सम्बन्धमा क्षमता अभिबृद्धी गरिनेछ । विकास कार्यक्रम/आयोजनाहरू सञ्चालन गर्ने मन्त्रालयको चौमासिक र वार्षिक प्रगतिस्तर Ranking गरिनेछ र आयोजनासँग सम्बन्धित कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा सञ्चालित आयोजनाहरूले हासिल गरेको प्रगतिलाई ध्यान दिनुपर्ने व्यवस्था गरिनेछ । प्रत्येक वर्ष केही छानिएका

कार्यक्रम तथा आयोजनाहरूको मूल्याङ्कन स्वतन्त्र तथा तेस्रो पक्षबाट गराइनेछ । विकास कार्यक्रम/ आयोजनाहरूको कार्यान्वयन सम्बन्धी विवरण र तथ्यांक अद्यावधिक गर्ने कार्य शुरू गरी योजना अवधिमा सबै पहिलो प्राथमिकता प्राप्त र वैदेशिक सहयोगमा सञ्चालित कार्यक्रम/ आयोजनाहरूको विवरण अद्यावधिक गरिनेछ ।

## ९. कार्यान्वयन व्यवस्था

अनुगमन तथा मूल्याङ्कनलाई स्पष्ट रूपमा परिभाषित गरी नतिजामुखी बनाउन र जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणालीलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न छुट्टाछुट्टै निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइनेछ । अनुगमन र मूल्याङ्कन सुपरीवेक्षण समिति, केन्द्रीय अनुगमन तथा विश्लेषण समिति, गरीबी अनुगमन तथा समन्वय समिति र जिल्लास्तरीय अनुगमन तथा विश्लेषण समितिको व्यवस्था गरी यिनीहरूको प्रभावकारिता अभिवृद्धिमा जोड दिइनेछ । नतिजामूलक अनुगमन तथा मूल्याङ्कनका आधार र मापदण्डहरूको व्यवस्था गरी सोही आधारमा अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने व्यवस्था गरिनेछ । स्वतन्त्र तथा तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्याङ्कन कार्य गराउने व्यवस्था गरिनेछ । विद्यमान् अनुगमन तथा मूल्याङ्कनसम्बन्धी संस्थागत व्यवस्थालाई निरन्तरता दिइ यसको प्रभावकारिता अभिवृद्धिमा जोड दिइनेछ । अनुगमन तथा मूल्याङ्कनसम्बन्धी विभिन्न मन्त्रालय अन्तर्गतका सूचना प्रणालीहरूलाई राष्ट्रिय योजना आयोगमा रहेको आयोजनाको कार्य सम्पादन सूचना प्रणालीमा आबद्ध गर्ने व्यवस्था गरिनेछ । विकास कार्यक्रम सञ्चालन गर्ने मन्त्रालयहरूलाई अनुगमन तथा मूल्याङ्कन कार्यको लागि छुट्टै बजेट उपशीर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गरिनेछ ।

## १०. अपेक्षित उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य स्पष्ट, व्यवस्थित र नतिजामूलक भएको हुनेछ ।

२. विकास कार्यक्रम तथा आयोजना सम्बन्धी विवरणहरू नियमित रूपमा विद्युतीय माध्यमबाट छिटोछरितो रूपमा उपलब्ध हुनेछ ।

३. अनुगमन तथा मूल्याङ्कन कार्यको लागि आवश्यक स्रोत, साधनको व्यवस्था भएको हुनेछ ।

४. जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणालीको सफ्टवयर तयार भइ सबै जिल्लाहरूमा स्थापना गरी अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धि भएको हुनेछ ।

५. राष्ट्रिय योजना आयोगमा आयोजना कार्यसम्पादन सूचना प्रणाली स्थापना गरी मन्त्रालयहरूसँग सञ्जालीकरणद्वारा आयोजनाको शुरूदेखि सम्पन्न हुँदाको अवस्था सम्मका सबै विवरणहरू नियमित रूपमा विद्युतीय माध्यमबाट उपलब्ध भएको हुनेछ ।

६. विकास कार्यसंग सम्बन्धित सबै मन्त्रालयहरूको व्यावसायिक योजना तयार भै कार्यान्वयन भएको हुनेछ ।

# अनुसूचीहरू

# अनुसूची १

**योजना तर्जुमा गर्दा अपनाएको प्रक्रिया**

यो त्रिवर्षीय योजना दोस्रो जन-आन्दोलनपछिको दोस्रो योजना हो । जन आन्दोलनको भावना अनुरूप आर्थिक तथा सामाजिक विकास गर्न यस योजनालाई बढी सहभागितामूलक र समावेशी बनाइएको छ । साथै, योजना तर्जुमाका सन्दर्भमा (१) वृहद् शान्ति सम्झौता (२) अन्तरिम संविधानका निर्देशक सिद्धान्त र नीतिहरू (३) संयुक्त सरकारका साझा कार्यक्रमहरू (४) राज्यको पुनर्संरचना र त्यसका लागि आवश्यक पूर्वाधारको तयारी, र (५) विकासका जल्दावल्दा समकालीन चूनौतिहरू (जलवायू परिर्वतन र विश्वव्यापी आर्थिक संकट) लाई प्रमुख आधारका रूपमा लिइएको छ। उल्लिखित आधार लिएर योजना तर्जुमाको प्रक्रिया निम्न अनुसार अवलम्वन गरिएको छ।

**दीर्घकालीन सोचको अवधारणा**

नेपालको प्रमुख समस्या भनेकै गरिवी निवारणका लागि आर्थिक गतिशीलता प्रवर्द्धन गर्न नसक्नु हो। विगतका आवधिक योजनामा पनि गरिवी निवारणका मुद्दालाई प्रमुखता दिइए तापनि अझै एक चौथाइ जनसंख्या गरिबीको निरपेक्ष रेखामुनि रहेका छन्। साथै, अन्तर्राष्ट्रिय तहमा नेपालले गरेको सहस्राव्दी विकास लक्ष्यहरू प्रतिको प्रतिवद्धता पनि पूरा गर्न पनि त्यत्तिकै आवश्यक रहेको छ। योजनाको आधार वर्षदेखि २ वर्षका लागि नेपाल अतिकम विकसित मुलुकको नेतृत्व पनि गरिरहेको छ । त्यसैले योजना त्रिवर्षीय भए पनि यसले केही वर्षसम्मको विकासको गन्तव्य निश्चित गरी साधन स्रोतको विनियोजन र प्राथमिकता निर्दिष्ट गर्दै आगामी दुई दशकमा मुलुकलाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकको रूपमा स्थापना गर्न र सहस्राव्दी विकास लक्ष्यहरू समयमै हासिल गर्ने दीर्घकालीन सोच राखी समष्टिगत उद्देश्य, रणनीति, नीति र विषय क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**आधारपत्रको तयारी**

यस योजनाको मूल दस्तावेज तर्जुमा पूर्व तीनवर्षीय अन्तरिम योजनाको मध्यावधि समीक्षा गरी अवधारणापत्र तयार गरिएको थियो । उक्त अवधारणालाई सहभागितामूलक ढङ्गबाट विस्तृतीकरण गर्न राजनीतिक दलका प्रतिनिधि, विषय विज्ञ, योजना कार्यान्वयनमा संलग्न रहेका पदाधिकारीहरूसँग केन्द्र तथा मोफसलमा विस्तृत छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझावलाई समावेश गरी योजनलाई वास्तविक र वस्तुनिष्ठ बनाउने प्रयास गरिएको छ।

**केन्द्रीय स्तरमा अन्तर्क्रिया**

योजनालाई वास्तविक र वस्तुनिष्ठ बनाएर सफलतापूर्वक कार्यान्वयन गर्न तर्जुमाको क्रमदेखि नै सहभागितामूलक प्रक्रिया अपनाउनु आवश्यक पर्दछ । यही कुरालाई हृदयङ्गम गरी यस योजनाको तर्जुमाको क्रमदेखि नै केन्द्रस्तरमा राजनीतिक दल, विज्ञ, नागरिक समाज, विभिन्न वर्ग/क्षेत्रलाई प्रतिनिधित्व गर्ने पेशागत समुदाय एवं विकास साझेदारहरूसँग विभिन्न चरणहरूमा विस्तृत अन्तरक्रिया गरी सुझाव तथा प्रतिक्रिया लिइएको हो।

**क्षेत्रीयस्तरमा अन्तर्क्रिया**

आधारपत्रको मस्यौदाउपर सुझाव तथा प्रतिक्रिया संकलनका लागि क्षेत्रीयस्तरमा राजनीतिक दल, नागरिक समाज, जिल्लास्थित विषयगत निकायका प्रतिनिधिहरू, स्थानीय संघसंस्थाहरूका प्रतिनिधि, जिल्ला विकास समितिका प्रतिनिधि, शिक्षक, पत्रकार एवं सर्वसाधारणहरूसँग समेत अन्तर्क्रिया

कार्यक्रमहरू सञ्चालन गरिएको थियो । यस प्रकारका अन्तरक्रियाहरूमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सदस्यहरू लगायत अन्य कर्मचारीहरूको समेत सहभागिता रहेको थियो ।

योजनामा महिला, दलित, जनजाति, अपाङ्ग, मधेशी लगायत सक्रिय नागरिकहरूको समुदायहरूबाट लिखित र मौखिक रूपमा प्राप्त भएका सुझाव तथा प्रतिक्रियाहरू समेत समावेश गरिएका छन् ।

**विज्ञ सुझाव**

योजनाको आधारपत्रको मस्यौदा तथा विस्तृत योजनालाई अन्तिम रूप दिने सम्बन्धमा विभिन्न चरणमा क्षेत्रगत विज्ञहरूको सुझावहरू समेत लिइएको थियो । यस्ता विज्ञहरूले सम्बन्धित विषयक्षेत्रको विगतको प्रगति समीक्षा तथा योजनाले समेट्नु पर्ने विषयको सम्बन्धमा व्यावहारिक सुझावहरू आयोगसमक्ष प्रस्तुत गरेका थिए ।

**राष्ट्रिय विकास परिषद्को निर्देशन**

विभिन्न चरणमा विभिन्न समुदाय तथा विज्ञहरूबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरिएको आधारपत्रको मस्यौदा स्वीकृतिका लागि राष्ट्रिय विकास परिषद्मा प्रस्तुत गरिएको थियो । राजनीतिक दल, राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान दिएका महानुभावहरू, बुद्धिजीवी, महिला, मधेशी, दलित, जनजाति, अपांग, समाजसेवी, विश्वविद्यालयका पदाधिकारी लगायत नेपाल सरकारका मन्त्री एवं सचिवहरूसमेत समावेश गरी विकास परिषद्को पुनर्गठन गरिएको थियो । पुनर्गठित राष्ट्रिय विकास परिषद्को काठमाडौंमा भएको व्यापक अन्तरक्रियात्मक छलफलले राष्ट्रिय योजना आयोगको तर्फबाट प्रस्तुत आधारपत्रको मस्यौदालाई सुझाव सहित अन्तिम रूप दिन निर्देशन दिएको थियो ।

**आधारपत्रको स्वीकृति तथा प्रकाशन**

राष्ट्रिय विकास परिषद्को बैठकबाट प्राप्त सुझाव तथा निर्देशनहरूलाई समावेश गरी राष्ट्रिय योजना आयोगले आधारपत्रलाई अन्तिम रूप दिई २०६७ जेष्ठमा प्रकाशन गरिसकेको छ ।

**मन्त्रालय तथा अन्य सार्वजनिक निकायहरूको संलग्नता**

राष्ट्रिय विकास परिषद्बाट प्राप्त सुझाव समेत समावेश गरी प्रकाशन गरिएको योजनाको आधारपत्रको आधारमा राष्ट्रिय योजना आयोग अन्तर्गत गठित विषयगत विज्ञहरूको समूहमा विभिन्न मन्त्रालय तथा सचिवालयहरूको सक्रिय सहभागिता रहेको थियो । साथै, उक्त समूहलाई सहजीकरण गर्नका लागि विज्ञ तथा परामर्शदाताहरू समेतलाई संलग्न गराइएको थियो । उक्त विषयगत विज्ञहरूको समूहमा योजनाको समष्टिगत खाका र क्षेत्रगत कार्यक्रम वीचको आबद्धता कायम गर्ने गरी योजनाको विस्तृत दस्तावेज तयार गरिएको छ ।

**मूल दस्तावेजको मस्यौदा सम्पादन तथा प्रकाशन**

विभिन्न चरणमा भएको छलफलका आधारमा तयार पारिएको त्रिवर्षीय योजना (१२औं योजना) को विस्तृत दस्तावेजलाई राष्ट्रिय योजना आयोगले भाषागत शुद्धाशुद्धि समेत सच्याई जनसमक्ष प्रस्तुत गरेको छ ।

# अनुसूची २

## तीन वर्षीय अन्तरिम योजनाको सांखिकीय समीक्षा


| तालिका नं. | विषय सूचि | पृष्ठ |
|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) | २ |
| २ | कुल गार्हस्थ उत्पादन (२०६३/६४ को स्थिर मूल्यमा) | ३ |
| ३ | कुल तथा क्षेत्रगत आर्थिक वृद्धि दरको लक्ष्य तथा उपलब्धि (२०६३/६४ को स्थिर मूल्यमा) | ४ |
| ४ | कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान | ५ |
| ५ | निजी तथा सरकारी क्षेत्रको कुल स्थिर पूँजी निर्माण, लगानी र वृद्धिदर (प्रचलित मूल्यमा) | ६ |
| ६ | निजी तथा सरकारी क्षेत्रको कुल स्थिर पूँजी निर्माण, लगानी र वृद्धिदर (२०६३/६४ को स्थिर मूल्यमा) | ७ |
| ७ | उपभोग, बचत तथा लगानी | ८ |
| ८ | चालु खर्च | ९ |
| ९ | चालु खर्चः क्षेत्रगत प्रगति (प्रचलित मूल्यमा) | १० |
| १० | चालु खर्चः क्षेत्रगत प्रगति (२०६३६४ को स्थिर मूल्यमा) | ११ |
| ११ | पूंजीगत खर्च | १२ |
| १२ | पूंजीगत खर्चः क्षेत्रगत प्रगति (प्रचलित मूल्यमा) | १३ |
| १३ | पूंजीगत खर्चः क्षेत्रगत प्रगति (२०६३/६४ को स्थिर मूल्यमा) | १४ |
| १४ | राजस्व (प्रचलित मूल्यमा) | १५ |
| १५ | राजस्व (२०६३/६४ को स्थिर मूल्यमा) | १६ |
| १६ | राजस्वको संरचना (प्रचलित मूल्यमा) | १७ |
| १७ | सरकारी वित्तीय स्थिति (प्रचलित मूल्यमा) | १८ |
| १८ | सरकारी वित्तीय स्थिति (२०६३/६४ को स्थिर मूल्यमा) | १९ |
| १९ | न्यून वित्त | २० |
| २० | तीन वर्षीय अन्तरिम योजनाको वित्तीय लक्ष्य र उपलब्धि (२०६३/६४ को स्थिर मूल्यमा) | २१ |
| २१ | पूंजीगत खर्चमा विदेशी सहायताको अंश (२०६३/६४ को स्थिर मूल्यमा) | २२ |
| २२ | सरकारी खर्चको वर्गीकरण | २३ |
| २३ | मौद्रिक सर्भेक्षण | २४ |
| २४ | मुद्रा प्रदायका कारक तत्वहरू | २५ |
| २५ | वाणिज्य बैंकहरूको साधनको श्रोत र उपयोग | २६ |
| २६ | उद्देश्य अनुसार वाणिज्य बैंकहरूको कर्जा प्रवाह | २७ |
| २७ | राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क (आधार वर्ष २०६३/६४= १००) | २८ |
| २८ | वैदेशिक व्यापार स्थिति (प्रचलित मूल्यमा) | २९ |
| २९ | वैदेशिक व्यापार स्थिति (२०६३/६४ को स्थिर मूल्यमा) | ३० |
| ३० | भारत निर्यात भएका केही प्रमुख वस्तुहरू (प्रचलित मूल्यमा) | ३१ |
| ३१ | भारतबाट आयात गरिएका केही प्रमुख वस्तुहरू (प्रचलित मूल्यमा) | ३३ |
| ३२ | अन्य मुलुकहरूमा निर्यात भएका केही प्रमुख वस्तुहरू (प्रचलित मूल्यमा) | ३४ |
| ३३ | अन्य मुलुकबाट आयात भएका केही प्रमुख वस्तुहरू (प्रचलित मूल्यमा) | ३५ |
| ३४ | शोधनान्तर स्थिति (प्रचलित मूल्यमा) | ३६ |
| ३५ | बैंकहरूसंग रहेको विदेशी विनिमय संचिति | ३८ |
| ३६ | त्रिवर्षीय योजनामा हुने रोजगारीको सिर्जना तथा थपिने श्रमशक्तिको प्रक्षेपण | ३९ |

# तीन वर्षीय अन्तरिम योजनाको सांख्यकीय समीक्षा

## तालिका १ : कुल गार्हस्थ उत्पादन

**(प्रचलित मूल्यमा)** **(रू. करोडमा)**

| क्षेत्रहरू | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७* | औसत वार्षिक वृद्धि (प्रतिशत) |
|---|---|---|---|---|---|
| **कृषि, वन र मत्स्यपालन** | **२२६८२.३०** | **२४७१९.१०** | **३०९५५.३०** | **३८३०९.४०** | **१९.०९** |
| **गैह कृषि क्षेत्र** | **४७०५४.१** | **५३२२५.१** | **६२९११.९** | **७१२९४.३** | **१४.८६** |
| उद्योग तथा खानी | ५५५८.९० | ६१५६.०० | ७०५३.१० | ७६२७.२० | ११.१२ |
| विद्युत्, ग्याँस तथा पानी | १४८४.१० | १५२१.९० | १४६२.९० | १६५२.६० | ३.६५ |
| निर्माण | ४५०९.९० | ५४१३.४० | ६३५२.१० | ७१०८.२० | १६.३८ |
| थोक तथा खुद्रा व्यापार | ९२६४.८० | १०५३०.५७ | १२४१२.१० | १४६२१.८० | १६.४३ |
| होटेल तथा रेष्टुराँ | १००४.३१ | ११५०.२७ | १३९४.३० | १७४६.६० | २०.२६ |
| यातायात, भण्डारण तथा सञ्चार | ६९५५.५० | ७६८१.८३ | ९२६१.८० | ९५२३.९० | ११.०४ |
| वित्तीय मध्यस्थता | २८४६.७० | ३३५३.८५ | ३९१०.०० | ४६१४.१० | १७.४७ |
| घर जग्गा वहाल तथा व्यापारिक क्रियाकलाप | ७०७९.१० | ७३६३.५६ | ८१६२.५० | ९१३१.९० | ८.८६ |
| सामान्य प्रशासन तथा रक्षा | १२२२.७० | १४३५.२० | १८५५.६० | २१६९.३० | २१.०६ |
| शिक्षा | ४०९३.९० | ४८७२.२० | ६२६४.२० | ७४३४.८० | २२.०० |
| स्वास्थ्य तथा सामाजिक कार्य | ८५६.८० | १०९६.३० | १३७४.४० | १५१४.७० | २०.९२ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | २१७७.४० | २६५०.०० | ३४०८.९० | ४१४९.२० | २३.९८ |
| **कुल मूल्य अभिवृद्धि** | **६९७३६.४१** | **७७९४४.१८** | **९३८६७.२०** | **१०९६०३.७०** | **१६.२७** |
| अप्रत्यक्ष वित्तीय मध्यस्थता | २१५०.५० | २४१८.५० | २९३६.२० | ३५१५.६० | १७.८० |
| **कुल गार्हस्थ उत्पादन (आधारभूत मूल्यमा)** | ६७५८५.९१ | ७५५२५.६८ | ९०९३१.०० | १०६०८८.१० | १६.२२ |
| खूद कर, उत्पादित वस्तुहरुमा | ५१९६.८० | ६०४०.१० | ७८७४.४० | १११०२.४० | २८.७९ |
| **कुल गार्हस्थ उत्पादन (उत्पादक मूल्यमा)** | **७२७८२.७१** | **८१५६५.७८** | **९८८०५.४०** | **११७१९०.५०** | **१७.२१** |

*संशोधित अनुमान ।

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

## तालिका २ : कूल गार्हस्थ उत्पादन

**(२०६३/६४ को स्थिर मूल्यमा)**

**(रु. करोडमा)**

| क्षेत्रहरू | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७* | औसत वार्षिक वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| **कृषि, वन र मत्स्यपालन** | **२२६८२.३०** | **२४०२६.७५** | **२४६८१.०७** | **२४९३०.१३** | **३.२०** |
| **गैह कृषि क्षेत्र** | **४७०५४.११** | **४९७९५.०** | **५१९०३.९** | **५४६५६.६** | **५.१२** |
| उद्योग तथा खानी | ५५५८.९० | ५५६७.६९ | ५४१८.६७ | ५५०६.२२ | (०.३२ |
| विद्युत, ग्याँस तथा पानी | १४८४.१० | १४९९.८५ | १४४८.२४ | १५२५.९२ | ०.९३ |
| निर्माण | ४५०९.९० | ४७३८.०१ | ४७८५.०२ | ५०२३.६३ | ३.६६ |
| थोक तथा खुद्रा व्यापार | ९२६४.८० | ९६४९.३४ | १०१५६.०६ | १०८३४.०३ | ५.३५ |
| होटेल तथा रेष्टुराँ | १००४.३१ | १०७३.८० | १०९८.६३ | ११७८.२६ | ५.४७ |
| यातायात, भण्डारण तथा सञ्चार | ६९५५.५० | ७६०७.०८ | ८१३७.२२ | ८६३६.३९ | ७.४८ |
| वित्तीय मध्यस्थता | २८४६.७० | ३१०९.२९ | ३१७२.२९ | ३२६२.४२ | ४.६५ |
| घर जग्गा वहाल तथा व्यापारिक क्रियाकलाप | ७०७९.१० | ७८१८.०९ | ७९६८.४६ | ८२५८.६९ | ५.२७ |
| सामान्य प्रशासन तथा रक्षा | १२२२.७० | १२३०.१८ | १३२१.६७ | १३७९.३६ | ४.१० |
| शिक्षा | ४०९३.९० | ४३५७.५६ | ४८२५.७८ | ५१७६.११ | ८.१३ |
| स्वास्थ्य तथा सामाजिक कार्य | ८५६.८० | ९२९.७० | १०१८.९० | १०६२.५६ | ७.४४ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | २१७७.४० | २३८१.६७ | २६८४.५६ | ३०००.२८ | ११.२८ |
| **कुल मूल्य अभिवृद्धि** | **६९७३६.४१** | **७३८२१.७६** | **७६५८४.९५** | **७९५८६.७२** | **४.५०** |
| अप्रत्यक्ष वित्तीय मध्यस्थता | २१५०.५० | २२९०.५९ | २३९५.६१ | २५५२.७९ | ५.८८ |
| **कुल गार्हस्थ उत्पादन (आधारभूत मूल्यमा)** | ६७५८५.९१ | ७१५३१.१८ | ७४१८९.३५ | ७७०३३.९४ | ४.४६ |
| खूद कर, उत्पादित वस्तुहरुमा | ५१९६.८० | ५७२०.६४ | ६४२४.६१ | ८०६१.८० | १५.७६ |
| **कुल गार्हस्थ उत्पादन (उत्पादक मूल्यमा)** | **७२७८२.७१** | **७७२५१.८२** | **८०६१३.९६** | **८५०९५.७४** | **५.३५** |

*संशोधित अनुमान

स्रोत : केन्द्रीय तथ्यांक विभाग

## तालिका ३ : कुल तथा क्षेत्रगत आर्थिक वृद्धि दरको लक्ष्य तथा उपलब्धि

(२०६३/६४ को स्थिर मूल्यमा)

प्रतिशत परिवर्तन

| विवरण | तीन वर्षीय योजनाको लक्ष्य | २०६३/६४ (आधार वर्ष) | उपलब्धि | | | औसत वार्षिक वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | २०६४/६५ | २०६५/६६ | २०६६/६७* | |
| कृषि, वन र मत्स्यपालन | ३.६० | ०.९५ | ५.९३ | २.७२ | १.०१ | ३.२० |
| गैह्र कृषि क्षेत्र | ६.५० | ४.३० | ५.८२ | ४.२४ | ५.३० | ५.१२ |
| उद्योग तथा खानी | ६.३० | २.५० | ०.१६ | (२.६८ | १.६२ | (०.३२ |
| विद्युत, ग्याँस तथा पानी | ७.१० | १३.०० | १.०६ | (३.४४ | ५.३६ | ०.९३ |
| निर्माण | ७.३० | २.४९ | ५.०६ | ०.९९ | ४.९९ | ३.६६ |
| थोक तथा खुद्रा व्यापार | ६.४० | (५.५९ | ४.१५ | ५.२५ | ६.६८ | ५.३५ |
| होटेल तथा रेष्टुराँ | ७.१० | ३.४६ | ६.९२ | २.३१ | ७.२५ | ५.४७ |
| यातायात, भण्डारण तथा सञ्चार | ६.६० | ४.९८ | ९.३७ | ६.९७ | ६.१३ | ७.४८ |
| वित्तीय मध्यस्थता | ५.५० | ११.३९ | ९.२२ | २.०३ | २.८४ | ४.६५ |
| घर जग्गा वहाल तथा व्यापारिक क्रियाकलाप | ६.४० | ११.७६ | १०.४४ | १.९२ | ३.६४ | ५.२७ |
| सामान्य प्रशासन तथा रक्षा | ३.८० | १.३५ | ०.६१ | ७.४४ | ४.३७ | ४.१० |
| शिक्षा | ६.५० | ७.३३ | ६.४४ | १०.७४ | ७.२६ | ८.१३ |
| स्वास्थ्य तथा सामाजिक कार्य | ६.३० | ६.४६ | ८.५१ | ९.५९ | ४.२८ | ७.४४ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | ७.०० | १९.४५ | ९.३८ | १२.७२ | ११.७६ | ११.२८ |
| कुल मूल्य अभिवृद्धि | ५.५० | ३.१२ | ५.८६ | ३.७४ | ३.९२ | ४.५० |
| कुल गार्हस्थ उत्पादन (उत्पादक मूल्यमा) | ५.६० | ३.४१ | ६.५१ | ४.५८ | ६.५६ | ५.८८ |

*संशोधित अनुमान ।

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

## तालिका ४ : कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान

(प्रतिशतमा)

| क्षेत्रहरु | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७* | औसत (प्रतिशत) |
|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ३२.५३ | ३२.५५ | ३२.२३ | ३१.३२ | ३२.०३ |
| गैह्र कृषि क्षेत्र | ६७.४७ | ६७.४५ | ६७.७७ | ६८.६८ | ६८.१८ |
| उद्योग तथा खानी | ७.९७ | ७.५४ | ७.०८ | ६.९२ | ७.१८ |
| विद्युत, ग्याँस तथा पानी | २.१३ | २.०३ | १.८९ | १.९२ | १.९५ |
| निर्माण | ६.४७ | ६.४२ | ६.२५ | ६.३१ | ६.३३ |
| थोक तथा खुद्रा व्यापार | १३.२९ | १३.०७ | १३.२६ | १३.६१ | १३.३२ |
| होटेल तथा रेष्टुराँ | १.४४ | १.४५ | १.४३ | १.४८ | १.४६ |
| यातायात, भण्डारण तथा सञ्चार | ९.९७ | १०.३० | १०.६३ | १०.८५ | १०.५९ |
| वित्तीय मध्यस्थता | ४.०८ | ४.२१ | ४.१४ | ४.१० | ४.१५ |
| घर जग्गा वहाल तथा व्यापारिक क्रियाकलाप | १०.१५ | १०.५९ | १०.४० | १०.३८ | १०.४६ |
| सामान्य प्रशासन तथा रक्षा | १.७५ | १.६७ | १.७३ | १.७३ | १.७१ |
| शिक्षा | ५.८७ | ५.९० | ६.३० | ६.५० | ६.२४ |
| स्वास्थ्य तथा सामाजिक कार्य | १.२३ | १.२६ | १.३३ | १.३४ | १.३१ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | ३.१२ | ३.२३ | ३.५१ | ३.७७ | ३.५० |
| कुल मूल्य अभिवृद्धि | १००.०० | १००.०० | १००.०० | १००.०० | |

*संशोधित अनुमान

श्रोत : तालिका २.१

## तालिका ५ : निजी तथा सरकारी क्षेत्रको कुल स्थिर पूँजी निर्माण, लगानी र वृद्धिदर

**(प्रचलित मूल्यमा)**

(रु. करोडमा)

| आर्थिक वर्ष | निजी क्षेत्रको लगानी | सरकारी क्षेत्रको लगानी | कुल स्थिर पूँजी लगानी | मौज्दातमा परिवर्तन | कुल लगानी | वृद्धि दर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| २०६३/६४ (आधार वर्ष) | १२८६९.२ | २४६४.५ | १५३३३.७ | ५५४४.२ | २०८७७.९ | |
| २०६४/६५ | १४५४५.३ | ३२९९.३ | १७८४४.६ | ६८८२.६ | २४७२७.२ | १८.४४ |
| २०६५/६६ | १६६७६.१ | ४४२७.८ | २११०३.९ | १०१७७.१ | ३१२८१.० | २६.५० |
| २०६६/६७* | १८३८७.१ | ५३०२.३ | २३६८९.४ | १७३८३.१ | ४१०७२.५ | ३१.३० |
| **तीन वर्षीय अन्तरिम योजनाको जम्मा** | **४९६०८.५** | **१३०२९.४** | **६२६३७.९** | **३४४४२.८** | **९७०८०.७** | |

*संशोधित अनुमान

**प्रारम्भिक अनुमान

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका ६ : निजी तथा सरकारी क्षेत्रको कुल स्थिर पूँजी निर्माण, लगानी र वृद्धिदर

(२०६३/६४ को स्थिर मूल्यमा)

(रु. करोडमा)

| आर्थिक वर्ष | निजी क्षेत्रको लगानी | सरकारी क्षेत्रको लगानी | कुल स्थिर पूँजी लगानी | मौज्दातमा परिवर्तन | कुल लगानी | वृद्धि दर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| २०६३/६४ (आधार वर्ष) | १२८६९.२ | २४६४.५ | १५३३३.७ | ५५४४.२ | २०८७७.९ | |
| २०६४/६५ | १३७७६.० | ३१२४.८ | १६९००.८ | ६५१८.६ | २३४१९.४ | १२.२ |
| २०६५/६६ | १३६०५.८ | ३६१२.६ | १७२१८.४ | ८३०३.४ | २५५२१.७ | ९.० |
| २०६६/६७* | १३३५१.५ | ३८५०.२ | १७२०१.६ | १२६२२.४ | २९८२४.० | १६.९ |
| **तीन वर्षीय अन्तरिम योजनाको जम्मा** | **४०७३३.३** | **१०५८७.६** | **५१३२०.८** | **२७४४४.४** | **७८७६५.२** | |

*संशोधित अनुमान

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका ७ : उपभोग, बचत तथा लगानी

(रु. करोडमा)

| विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७* | औसत वार्षिक वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|
| **प्रचलित मूल्यमा** | | | | | |
| कुल उपभोग | ६५६३७.४ | ७३५४७.० | ८९५०४.२ | १०८५२९.२ | १८.२ |
| कुल गार्हस्थ वचत | ७१४५.३ | ८०१८.८ | ९३०१.२ | ८६६१.३ | ६.६ |
| कुल राष्ट्रिय वचत | २०७८७.६ | २७०९६.२ | ३५४२१.७ | ३७८४०.८ | २२.१ |
| कुल लगानी | २०८७७.९ | २४७२७.२ | ३१२८१.० | ४१०७२.५ | २५.३ |
| **२०६३/६४ को स्थिर मूल्यमा** | | | | | |
| कुल उपभोग | ६५६३७.४ | ६९६५७.१ | ७३०२५.२ | ७८८०६.५ | ६.३ |
| कुल गार्हस्थ वचत | ७१४५.३ | ७५९४.७ | ७५८८.७ | ६२८९.२ | (४.२ |
| कुल राष्ट्रिय वचत | २०७८७.६ | २५६६३.१ | २८९००.१ | २७४७७.४ | ९.७ |
| कुल लगानी | २०८७७.९ | २३४१९.४ | २५५२१.७ | २९८२४.० | १२.६ |
| **कुल गार्हस्थ उत्पादनको अनुपातमा** | | | | | |
| कुल गार्हस्थ वचतको प्रतिशत | ९.८ | ९.८ | ९.४ | ७.४ | |
| कुल लगानीको प्रतिशतमा | २८.७ | ३०.३ | ३१.७ | ३५.० | |
| कुल लगानीमा कुल गार्हस्थ वचतको अंश (प्रतिशतमा) | ३४.२ | ३२.४ | २९.७ | २१.१ | |
| कुल लगानीमा कुल राष्ट्रिय वचतको अंश (प्रतिशतमा) | ९९.६ | १०९.६ | ११३.२ | ९२.१ | |

*संशोधित अनुमान

सोतः केन्द्रीय तथ्याङ्क विभाग

# तालिका ८ : चालु खर्च

(रु. करोडमा)

| आर्थिक वर्ष | प्रचलित मूल्यमा | वृद्धि प्रतिशत | ०६३/६४ को स्थिर मूल्यमा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| २०६३/६४ (आधार वर्ष) | ७,७१२.२४ | | ७,७१२.२४ | |
| २०६४/६५ | ९,१४४.६९ | १८.५७ | ८,६६१.०३ | १२.३ |
| २०६५/६६ | १२,७७३.८९ | ३९.६९ | १०,४२२.०४ | २०.३ |
| २०६६/६७* | १५,१०१.९१ | १८.२२ | १०,९६५.९८ | ५.२ |
| **तीन वर्षीय अन्तरिम योजनाको जम्मा****| **३७,०२०.४९** | २५.११ | **३०,०४९.०५** | १२.४५ |

*संशोधित अनुमान

**वृद्धि प्रतिशतको हकमा तीन वर्षको औषत मापन गरिएको छ।

नोट : स्थिर मूल्यमा गणना गर्दा Price Deflator प्रयोग गरिएको छ।

स्रोतः अर्थ मंत्रालय ।

## तालिका ९ : चालु खर्चः क्षेत्रगत प्रगति*

**(प्रचलित मूल्यमा)**

**(रु. करोडमा)**

| सि.नं. | खर्च विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | तीन वर्षीय अन्तरिम योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| १ | संबैधानिक अंगहरु | १०७.५६ | १६४.२८ | १४१.८१ | १५६.४५ | १३.३० |
| २ | साधारण प्रशासन | ११०७.९० | १३९४.१७ | १६८६.०३ | १९५७.४८ | २०.८९ |
| ३ | राजस्व तथा आर्थिक प्रशासन | १००.१२ | ९१.६६ | १२१.२१ | १४६.९३ | १३.६४ |
| ४ | आर्थिक प्रशासन र योजना | ६६.३३ | ३६.१८ | ३८.०२ | ५०.२८ | (८.८२ |
| ५ | न्याय प्रशासन | ५८.०१ | ६७.३२ | ८१.१५ | १०५.३१ | २१.९९ |
| ६ | बैदेशिक सेवा | ८४.६८ | १०२.०६ | ११५.०२ | १३७.९३ | १७.६६ |
| ७ | रक्षा | १०१२.८९ | १०५६.५० | १,३७४.८४ | १,६५७.६० | १७.८४ |
| ८ | सामाजिक सेवा | २९४९.७६ | ३५०७.३२ | ४,७४३.७९ | ६,२४२.७४ | २८.३९ |
| ९ | आर्थिक सेवाहरु | ८३८.४८ | ९२०.०३ | १,२०५.२६ | १,४९२.९० | २१.२० |
| १० | साँवा र ब्याज भुक्तानी | ६१६.४० | ६३७.३७ | ८१५.४२ | ९९८.१३ | १७.४३ |
| ११ | विविध | ७७०.१० | ११६७.८० | २,४५१.३३ | २,१५६.१६ | ४०.९४ |
| जम्मा | | ७७१२.२३ | ९१४४.६९ | १२७७३.८९ | १५१०१.९१ | २५.११ |

स्रोत : महालेखा नियन्त्रक कार्यालय

* फाल्गुणसम्म भएको निकासा र चालू कोषमा आधारित छ। यसमा नगद र गैर-नगद (सोझै भुक्तानी र वस्तुगत सहायता) समेत समावेश छ

## तालिका १० : चालु खर्चः क्षेत्रगत प्रगति*

### (२०६३/६४ को स्थिर मूल्यमा)

(रु. करोडमा)

| सि.नं. | खर्च विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | तीन वर्षीय अन्तरिम योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| १ | संबैधानिक अंगहरु | १०७.५६ | १५५.५९ | ११५.७० | ११३.६० | १.८४ |
| २ | साधारण प्रशासन | ११०७.९० | १३२०.४३ | १३७५.६१ | १४२१.३९ | ८.६६ |
| ३ | राजस्व तथा आर्थिक प्रशासन | १००.१२ | ८६.८१ | ९८.८९ | १०६.६९ | २.१४ |
| ४ | आर्थिक प्रशासन र योजना | ६६.३३ | ३४.२७ | ३१.०२ | ३६.५१ | (१८.०५ |
| ५ | न्याय प्रशासन | ५८.०१ | ६३.७६ | ६६.२१ | ७६.४७ | ९.६५ |
| ६ | बैदेशिक सेवा | ८४.६८ | ९६.६६ | ९३.८४ | १००.१६ | ५.७५ |
| ७ | रक्षा | १०१२.८९ | १०००.६२ | ११२१.७२ | १२०३.६४ | ५.९२ |
| ८ | सामाजिक सेवा | २९४९.७६ | ३३२१.८२ | ३८७०.३९ | ४५३३.०५ | १५.४० |
| ९ | आर्थिक सेवाहरु | ८३८.४८ | ८७१.३७ | ९८३.३६ | १०८४.०४ | ८.९४ |
| १० | साँवा र ब्याज भुक्तानी | ६१६.४० | ६०३.६६ | ६६५.२९ | ७२४.७७ | ५.५५ |
| ११ | विविध | ७७०.१० | ११०६.०४ | २०००.०१ | १५६५.६६ | २६.६८ |
| जम्मा | | ७७१२.२३ | ८६६१.०३ | १०४२२.०४ | १०९६५.९८ | १२.४५ |

* फाल्गुणसम्म भएको निकासा र चालू कोषमा आधारित छ। यसमा नगद र गैर-नगद (सोझै भुक्तानी र वस्तुगत सहायता) समेत समावेश छ।

स्रोत : महालेखा नियन्त्रक कार्यालय

# तालिका ११ : पूँजीगत खर्च

(रु. करोडमा)

| आर्थिक वर्ष | प्रचलित मूल्यमा | वृद्धि प्रतिशत | ०६३/६४ को स्थिर मूल्यमा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| २०६३/६४ (आधार वर्ष) | ३,९७२.९९ | | ३,९७२.९९ | |
| २०६४/६५ | ५,३५१.६१ | ३४.७० | ५,०६८.५७ | २७.६ |
| २०६५/६६ | ७,३०८.८९ | ३६.५७ | ५,९६३.२२ | १७.७ |
| २०६६/६७* | ९,०२३.७७ | २३.४६ | ६,५५२.४५ | ९.९ |
| **तीन वर्षीय अन्तरिम योजनाको जम्मा**** | २१,६८४.२७ | ३१.४५ | १७,५८४.२४ | १८.१५ |

*संशोधित अनुमान

**वृद्धि प्रतिशतको हकमा तीन वर्षको औषत मापन गरिएको छ।

नोट : स्थिर मूल्यमा गणना गर्दा Price Deflator प्रयोग गरिएको छ।

स्रोत: अर्थ मंत्रालय ।

## तालिका १२ : पूँजीगत खर्चः क्षेत्रगत प्रगति

**(प्रचलित मूल्यमा)**

**(रु. करोडमा)**

| सि.नं. | खर्च विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | तीन वर्षीय अन्तरिम योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| १ | संवैधानिक अंगहरू | ४.५३ | ९.६० | ८.४७ | ७.३१ | १७.२९ |
| २ | साधारण प्रशासन | ४५१.२० | १७७.३५ | १७८.१७ | २००.७७ | (२३.६६ |
| ३ | राजस्व तथा आर्थिक प्रशासन | ७.९३ | १९.१२ | १३.१८ | ३९.४१ | ७०.६५ |
| ४ | आर्थिक प्रशासन र योजना | २.६२ | ७.९८ | ४.७२ | ८.६८ | ४९.०८ |
| ५ | न्याय प्रशासन | २४.०६ | २७.७१ | ३०.१७ | ३२.०८ | १०.०६ |
| ६ | बैदेशिक सेवा | ११.४७ | ५.३६ | ३.५१ | ८.६२ | (९.०८ |
| ७ | रक्षा | १००.०८ | ८०.९२ | ७१.२५ | ९४.९२ | (१.७५ |
| ८ | सामाजिक सेवा | १५५२.९३ | २०२८.३६ | ३४०५.६८ | ३८०६.६८ | ३४.८३ |
| ९ | आर्थिक सेवाहरू | १७९३.८६ | २२१४.२७ | ३१९९.९९ | ४३२९.५६ | ३४.१४ |
| १० | ऋण तथा लगानी | २.०० | ६९०.३३ | ९३.४६ | ३३१.९८ | ४४९.५८ |
| ११ | विविध | २२.३१ | ९०.६२ | ३००.२९ | १६३.७६ | ९४.३४ |
| **जम्मा** | | **३९७२.९९** | **५३५१.६२** | **७३०८.९०** | **९०२३.७७** | **३१.४५** |

स्रोतः अर्थ मंत्रालय ।

## तालिका १३ : पूँजीगत खर्चः क्षेत्रगत प्रगति
(२०६३।६४ को स्थिर मूल्यमा)

(रु. करोडमा)

| सि.नं. | खर्च विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | तीन वर्षीय अन्तरिम योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| १ | संबैधानिक अंगहरु | ४.५३ | ९.१० | ६.९१ | ५.३१ | ५.४३ |
| २ | साधारण प्रशासन | ४५१.२० | १६७.९७ | १४५.३७ | १४५.७९ | (३१.३८ |
| ३ | राजस्व तथा आर्थिक प्रशासन | ७.९३ | १८.११ | १०.७५ | २८.६२ | ५३.३८ |
| ४ | आर्थिक प्रशासन र योजना | २.६२ | ७.५५ | ३.८५ | ६.३० | ३३.९९ |
| ५ | न्याय प्रशासन | २४.०६ | २६.२४ | २४.६१ | २३.२९ | (१.०७ |
| ६ | बैदेशिक सेवा | ११.४७ | ५.०८ | २.८६ | ६.२६ | (१८.२८ |
| ७ | रक्षा | १००.०८ | ७६.६४ | ५८.१३ | ६८.९२ | (११.६९ |
| ८ | सामाजिक सेवा | १५५२.९३ | १९२१.०९ | २७७८.६५ | २७६४.१५ | २१.१९ |
| ९ | आर्थिक सेवाहरु | १७९३.८६ | २०९७.१६ | २६१०.८३ | ३१४३.८३ | २०.५७ |
| १० | ऋण तथा लगानी | २.०० | ६५३.८२ | ७६.२६ | २४१.०६ | ३९३.९७ |
| ११ | विविध | २२.३१ | ८५.८३ | २४५.०० | ११८.९१ | ७४.६८ |
| जम्मा | | ३९७२.९९ | ५०६८.५८ | ५९६३.२३ | ६५५२.४५ | १८.१५ |

स्रोतः अर्थ मंत्रालय ।

## तालिका १४ : राजस्व

(प्रचलित मूल्यमा) (रु. करोडमा)

| सि.नं. | राजस्व विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | तीन वर्षीय अन्तरिम योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| १ | **भन्सार महसूल** | **१६७०.७६** | **२१०६.२५** | **२६७९.२९** | **३५१५.१६** | **२८.१** |
| | पैठारी कर | १३६२.६१ | १७१२.८२ | २२०५.६६ | २९९६.४८ | ३०.० |
| | निकासी कर | ७०.८७ | ४४.५६ | ७९.६४ | ९०.७९ | ८.६ |
| | भारतीय अन्त:शुल्क फिर्ता | १८९.६५ | २९९.७१ | ३२१.११ | ३५२.१० | २२.९ |
| | अन्य | ४७.६३ | ४९.१६ | ७२.८८ | ७५.७९ | १६.७ |
| २ | **उपभोग तथा वस्तु र सेवामा लाग्ने कर** | **३५४३.८८** | **४१००.५३** | **५५९३.८३** | **७९३९.४१** | **३०.८** |
| | अन्त: शुल्क | ९३४.३२ | १११८.९६ | १६२२.०९ | २४३०.६१ | ३७.५ |
| | बिक्री कर (मू.अ.क.) | २६०९.५६ | २९८१.५७ | ३९७१.७४ | ५५०८.८० | २८.३ |
| ३ | **घरजग्गा तथा रजिष्ट्रेशन** | **२२५.३५** | **२९४.०७** | **५२२.३३** | **५५१.०८** | **३४.७** |
| | घरजग्गा तथा रजिष्ट्रेशन | २२५.३५ | २९४.०७ | ५२२.३३ | ५५१.०८ | ३४.७ |
| ४ | **सम्पति, नाफा र आयकर** | **१६७२.६८** | **२०१४.७०** | **२९०९.७४** | **३६२३.८४** | **२९.४** |
| | आयकर (सरकारी क्षेत्र) | १०१.९७ | २०.४६ | ९५.९१ | ११३.१८ | ३.५ |
| | आयकर (सार्वजनिक क्षेत्र) | ५७१.७१ | ७१८.६५ | ९४२.५१ | १२२३.४४ | २८.९ |
| | आयकर (नीजि क्षेत्र) | ५२३.४४ | ६३८.१२ | ९८७.७५ | ११०३.९९ | २८.२ |
| | आयकर (पारिश्रमिक) | २००.७९ | २४५.१० | ३१९.५६ | ४४१.३१ | ३०.० |
| | सवारी साधन कर | ९९.५० | १०६.९२ | १८५.०० | २४१.७९ | ३४.४ |
| | ब्याज कर | १०५.४९ | १०८.७९ | १६८.५१ | २४६.६४ | ३२.७ |
| | अन्य करहरू | ६९.७८ | १७६.६६ | २१०.५० | २५३.४९ | ५३.७ |
| **(क)** | **कर राजस्व जम्मा** | **७११२.६७** | **८५१५.५५** | **११७०५.१९** | **१५६२९.४९** | **३०.०१** |
| ५ | दस्तुर, शुल्क, दण्ड जरिवाना र जफत | १९४.५४ | २५५.९५ | ६१८.०४ | ४९८.५४ | **३६.८** |
| ६ | सरकार सम्पत्ति, सेवा र वस्तुको बिक्री/भाडा | ४७७.६८ | ४८९.३१ | ५२५.५३ | ५५८.७२ | ५.३६ |
| ७ | लाभांश | ४९३.७७ | ५०२.५९ | ७१९.७४ | ७३५.२० | १४.१९ |
| ८ | रोयल्टी र सरकारी सम्पत्तिको बिक्री | १०९.१८ | ५७७.३६ | २५४.१७ | २९४.८३ | ३९.२५ |
| ९ | सावाँ र ब्याज | २०८.५७ | ३४४.०१ | ४६१.६९ | २४०.११ | ४.८१ |
| १० | विविध | १७४.८१ | ७७.४८ | ६३.०९ | ३७.६८ | (४०.०४ |
| **(ख)** | **गैर कर राजस्व जम्मा** | **१६५८.५५** | **२२४६.७०** | **२६४२.२६** | **२३६५.०८** | **१२.५६** |
| **(ग)** | **राजस्व जम्मा (क + ख)** | **८७७१.२२** | **१०७६२.२५** | **१४३४७.४५** | **१७९९४.५७** | **२७.०७** |

स्रोत: अर्थ मंत्रालय ।

## तालिका १५ : राजस्व

**(२०६३/६४ को स्थिर मूल्यमा)** (रु. करोडमा)

| सि.नं. | राजस्व विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | तीन वर्षीय अन्तरिम योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| १ | भन्सार महसूल | १६७०.७६ | १९९४.८५ | २१८६.०० | २५५२.४७ | १५.२ |
| | पैठारी कर | १३६२.६१ | १६२२.२३ | १७९९.५७ | २१७५.८४ | १६.९ |
| | निकासी कर | ७०.८७ | ४२.२० | ६४.९८ | ६५.९३ | (२.४ |
| | भारतीय अन्तःशुल्क फिर्ता | १८९.६५ | २८३.८६ | २६१.९९ | २५५.६७ | १०.५ |
| | अन्य | ४७.६३ | ४६.५६ | ५९.४६ | ५५.०३ | ४.९ |
| २ | उपभोग तथा वस्तु र सेवामा लाग्ने कर | ३५४३.८८ | ३८८३.६६ | ४५६३.९३ | ५७६५.०६ | १७.६ |
| | अन्तः शुल्क | ९३४.३२ | १०५९.७८ | १३२३.४४ | १७६४.९४ | २३.६ |
| | बिक्री कर (मू.अ.क.) | २६०९.५६ | २८२३.८८ | ३२४०.४९ | ४०००.११ | १५.३ |
| ३ | घरजग्गा तथा रजिष्ट्रेशन | २२५.३५ | २७८.५२ | ४२६.१६ | ४००.१६ | २१.१ |
| | घरजग्गा तथा रजिष्ट्रेशन | २२५.३५ | २७८.५२ | ४२६.१६ | ४००.१६ | २१.१ |
| ४ | सम्पति, नाफा र आयकर | १६७२.६८ | १९०८.१४ | २३७४.०२ | २६३१.३९ | १६.३ |
| | आयकर (सरकारी क्षेत्र) | १०१.९७ | १९.३८ | ७८.२५ | ८२.१८ | (६.९ |
| | आयकर (सार्वजनिक क्षेत्र) | ५७१.७१ | ६८०.६४ | ७६८.९८ | ८८८.३८ | १५.८ |
| | आयकर (नीजि क्षेत्र) | ५२३.४४ | ६०४.३७ | ८०५.८९ | ८०१.६४ | १५.३ |
| | आयकर (पारिश्रमिक) | २००.७९ | २३२.१४ | २६०.७२ | ३२०.४५ | १६.९ |
| | सवारी साधन कर | ९९.५० | १०१.२७ | १५०.९४ | १७५.५७ | २०.८ |
| | ब्याज कर | १०५.४९ | १०३.०४ | १३७.४८ | १७९.०९ | १९.३ |
| | अन्य करहरू | ६९.७८ | १६७.३२ | १७१.७४ | १८४.०७ | ३८.२ |
| **(क)** | **कर राजस्व जम्मा** | **७११२.६७** | **८०६५.१७** | **९५५०.१०** | **११३४९.०७** | **१६.८५** |
| ५ | दस्तुर, शुल्क, दण्ड जरिवाना र जफत | १९४.५४ | २४२.४१ | ५०४.२५ | ३६२.०१ | २३.० |
| ६ | सरकार सम्पत्ति, सेवा र वस्तुको बिक्री/भाडा | ४७७.६८ | ४६३.४३ | ४२८.७७ | ४०५.७० | (५.३० |
| ७ | लाभांश | ४९३.७७ | ४७६.०१ | ५८७.२३ | ५३३.८५ | २.६४ |
| ८ | रोयल्टी र सरकारी सम्पत्तिको बिक्री | १०९.१८ | ५४६.८२ | २०७.३७ | २१४.०९ | २५.१६ |
| ९ | सावाँ र ब्याज | २०८.५७ | ३२५.८२ | ३७६.६९ | १७४.३५ | (५.८० |
| १० | विविध | १७४.८१ | ७३.३८ | ५१.४७ | २७.३६ | (४६.११ |
| **(ख)** | **गैर कर राजस्व जम्मा** | **१६५८.५५** | **२१२७.८७** | **२१५५.७८** | **१७१७.३६** | **१.१७** |
| **(ग)** | **राजस्व जम्मा (क ं ख)** | **८७७१.२२** | **१०१९३.०४** | **११७०५.८९** | **१३०६६.४३** | **१४.२१** |

स्रोतः अर्थ मंत्रालय ।

# तालिका १६ : राजस्वको संरचना

**(प्रचलित मूल्यमा)**

(प्रतिशतमा)

| सि.नं. | राजस्व विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | तीन वर्षीय अन्तरिम योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| १ | भन्सार महसूल | १९.०५ | १९.५७ | १८.६७ | १९.५३ | १९.३ |
| | पैठारी कर | १५.५४ | १५.९२ | १५.३७ | १६.६५ | १६.० |
| | निकासी कर | ०.८१ | ०.४१ | ०.५६ | ०.५० | ०.५ |
| | भारतीय अन्तःशुल्क फिर्ता | २.१६ | २.७८ | २.२४ | १.९६ | २.३ |
| | अन्य | ०.५४ | ०.४६ | ०.५१ | ०.४२ | ०.५ |
| २ | उपभोग तथा वस्तु र सेवामा लाग्ने कर | ४०.४० | ३८.१० | ३८.९९ | ४४.१२ | ४०.४ |
| | अन्तः शुल्क | १०.६५ | १०.४० | ११.३१ | १३.५१ | ११.७ |
| | बिक्री कर (मू.अ.क.) | २९.७५ | २७.७० | २७.६८ | ३०.६१ | २८.७ |
| ३ | घरजग्गा तथा रजिष्ट्रेशन | २.५७ | २.७३ | ३.६४ | ३.०६ | ३.१ |
| | घरजग्गा तथा रजिष्ट्रेशन | २.५७ | २.७३ | ३.६४ | ३.०६ | ३.१ |
| ४ | सम्पति, नाफा र आयकर | १९.०७ | १८.७२ | २०.२८ | २०.१४ | १९.७ |
| | आयकर (सरकारी क्षेत्र) | १.१६ | ०.१९ | ०.६७ | ०.६३ | ०.५ |
| | आयकर (सार्वजनिक क्षेत्र) | ६.५२ | ६.६८ | ६.५७ | ६.८० | ६.७ |
| | आयकर (नीजि क्षेत्र) | ५.९७ | ५.९३ | ६.८८ | ६.१४ | ६.३ |
| | आयकर (पारिश्रमिक) | २.२९ | २.२८ | २.२३ | २.४५ | २.३ |
| | सवारी साधन कर | १.१३ | ०.९९ | १.२९ | १.३४ | १.२ |
| | ब्याज कर | १.२० | १.०१ | १.१७ | १.३७ | १.२ |
| | अन्य करहरू | ०.८० | १.६४ | १.४७ | १.४१ | १.५ |
| **(क)** | **कर राजस्व जम्मा** | ८१.०९ | ७९.१२ | ८१.५८ | ८६.८६ | ८२.५ |
| ५ | दस्तुर, शुल्क, दण्ड जरिवाना र जफत | २.२२ | २.३८ | ४.३१ | २.७७ | ३.२ |
| ६ | सरकार सम्पत्ति, सेवा र वस्तुको बिक्री/भाडा | ५.४५ | ४.५५ | ३.६६ | ३.१० | ३.८ |
| ७ | लाभांश | ५.६३ | ४.६७ | ५.०२ | ४.०९ | ४.६ |
| ८ | रोयल्टी र सरकारी सम्पत्तिको बिक्री | १.२४ | ५.३६ | १.७७ | १.६४ | २.९ |
| ९ | सावाँ र ब्याज | २.३८ | ३.२० | ३.२२ | १.३३ | २.६ |
| १० | विविध | १.९९ | ०.७२ | ०.४४ | ०.२१ | ०.५ |
| **(ख)** | **गैर कर राजस्व जम्मा** | १८.९१ | २०.८८ | १८.४२ | १३.१४ | १७.५ |
| **(ग)** | **राजस्व जम्मा (क ं ख)** | १००.०० | १००.०० | १००.०० | १००.०० | |

स्रोतः अर्थ मंत्रालय ।

## तालिका १७ : सरकारी वित्तीय स्थिति
### (प्रचलित मूल्यमा)

(रु. करोडमा)

| क्र.सं | विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | योजनाको जम्मा रकम | योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | | |
| १ | **कुल खर्च** | **१३३६०.४६** | **१६१३४.९९** | **२०.८** | **२१९६६.२** | **३६.१** | **२५९६८.९** | **१८.२** | **६४०७०.०९** | २४.८ |
| | चालु खर्च | ७७१२.२४ | ९१४४.६९ | १८.६ | १२७७३.८९ | ३९.७ | १५१०१.९१ | १८.२ | **३७०२०.४९** | २५.१ |
| | पूजीगत खर्च | ३९७२.९९ | ५३५१.६१ | ३४.७ | ७३०८.८९ | ३६.६ | ९०२३.७७ | २३.५ | **२१६८४.२७** | ३१.४ |
| | सावां भूत्तानी खर्च | १६७५.२३ | १६३८.६९ | (२.२ | १८८३.४१ | १४.९ | १८४३.२३ | (२.१ | **५३६५.३३** | ३.२ |
| कुल खर्च व्यहोर्ने स्रोतहरु | | | | | | | | | | |
| २ | **आन्तरिक साधन** | **१०७७५.०३** | **१३२०४.९३** | **२२.६** | **१८३३१.०२** | ३८.८ | **२०९९१.९८** | १४.५ | **५२५२७.९३** | २४.९ |
| | राजस्व | ८७७१.२१ | १०७६२.२५ | २२.७ | १४३४७.४५ | ३३.३ | १७९९४.५८ | २५.४ | **४३१०४.२८** | २७.१ |
| | अन्य स्रोतहरु | २००३.८२ | २४४२.६८ | २१.९ | ३९८३.५७ | ६३.१ | २९९७.४ | (२४.८ | **९४२३.६५** | १४.४ |
| | आन्तरिक ऋण | १७८९.२३ | २०४९.६४ | १४.६ | १८४१.७१ | (१०.१ | २९९१.४० | ६२.४ | **६८८२.७५** | १८.७ |
| | नगद मौज्दात परिवर्तन (–) वचत | २१४.५९ | ३९३.०४ | ८३.२ | २१४१.८६ | ४४४.९ | ६.०० | (९९.७ | **२५४०.९०** | (६९.६ |
| ३ | **बाह्य साधन (विदेशी सहायता)** | **२५८५.४३** | **२९३०.०६** | **१३.३** | **३६३५.१७** | **२४.१** | **४९७६.९३** | **३६.९** | **११५४२.१६** | **२४.४** |
| | विदेशी अनुदान | १५८०.०८ | २०३२.०७ | २८.६ | २६३८.२८ | २९.८ | ३८५४.५९ | ४६.१ | **८५२४.९४** | ३४.६ |
| | विदेशी ऋण | १००५.३५ | ८९७.९९ | (१०.७ | ९९६.८९ | ११.० | ११२२.३४ | १२.६ | **३०१७.२२** | ३.७ |

स्रोतः महालेखा नियन्त्रक कार्यलय ।

# तालिका १८ : सरकारी वित्तीय स्थिति

(२०६३/६४ को स्थिर मूल्यमा)

(रु. करोडमा)

| क.सं | विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | योजनाको जम्मा रकम | योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | | |
| १ | **कुल खर्च** | **१३३६०.४६** | **१५२८१.६२** | **१४.४** | **१७९२१.९१** | **१७.३** | **१८८५६.८५** | **५.२** | **५२०६०.३८** | १२.२ |
| | चालु खर्च | ७७१२.२४ | ८६६१.०३ | १२.३ | १०४२२.०४ | २०.३ | १०९६५.९८ | ५.२ | **३००४९.०५** | १२.४ |
| | पूजीगत खर्च | ३९७२.९९ | ५०६८.५७ | २७.६ | ५९६३.२२ | १७.७ | ६५५२.४५ | ९.९ | **१७५८४.२४** | १८.१ |
| | सावां भूक्तानी खर्च | १६७५.२३ | १५५२.०२ | (७.४ | १५३६.६५ | (१.० | १३३८.४३ | (१२.९ | **४४२७.१०** | (७.२ |
| कुल खर्च व्यहोर्ने स्रोतहरु | | | | | | | | | | |
| २ | **आन्तरिक साधन** | **१०७७५.०३** | **१२५०६.५३** | **१६.१** | **१४९५६.०३** | १९.६ | **१५२४२.९४** | १.९ | ४२७०५.५० | १२.३ |
| | राजस्व | ८७७१.२१ | १०१९३.०४ | १६.२ | ११७०५.८९ | १४.८ | १३०६६.४४ | ११.६ | **३४९६५.३६** | १४.२ |
| | अन्य स्रोतहरु | २००३.८२ | २३१३.४९ | १५.५ | ३२५०.१४ | ४०.५ | २१७६.५१ | (३३.० | **७७४०.१४** | २.८ |
| | आन्तरिक ऋण | १७८९.२३ | १९४१.२४ | ८.५ | १५०२.६३ | (२२.६ | २१७२.१५ | ४४.६ | **५६१६.०१** | ६.७ |
| | नगद मौज्दात परिवर्तन (–) वचत | २१४.५९ | ३७२.२५ | ७३.५ | १७४७.५१ | ३६९.४ | ४.३६ | (९९.८ | २१२४.१२ | (७२.७ |
| ३ | **बाह्य साधन (विदेशी सहायता)** | **२५८५.४३** | **२७७५.०९** | **७.३** | **२९६५.८९** | **६.९** | **३६१३.९१** | **२१.८** | **९३५४.८८** | **११.८** |
| | विदेशी अनुदान | १५८०.०८ | १९२४.६० | २१.८ | २१५२.५४ | ११.८ | २७९८.९४ | ३०.० | **६८७६.०७** | २१.० |
| | विदेशी ऋण | १००५.३५ | ८५०.५० | (१५.४ | ८१३.३५ | (४.४ | ८१४.९७ | ०.२ | **२४७८.८१** | (६.८ |

स्रोतः अर्थ मंत्रालय ।

## तालिका १९ : न्यून वित्त*

रू. करोडमा

| आर्थिक वर्ष | न्यून वित्त प्रचलित मूल्यमा | न्यून वित्त २०६३/६४ को मूल्यमा | कुल गार्हस्थ उत्पादनमा न्यून वित्तको अंश प्रतिसतमा |
|---|---|---|---|
| २०६३/६४ (आधार वर्ष) | २००३.८२ | २००३.८२ | २.७५ |
| २०६४/६५ | २४४२.६८ | २३१३.४९ | २.९९ |
| २०६५/६६ | ३९८३.५७ | ३२५०.१४ | ४.०३ |
| २०६६/६७ | २९९७.४० | २१७६.५१ | २.५६ |
| **तीन वर्षीय अन्तरिम योजनाको जम्मा** | **९४२३.६५** | **७७४०.१४** | |

* नगद मौज्दात परिवर्तन समेत समावेश गरिएको।
स्रोत : अर्थ मन्त्रालय।

## तालिका २० : तीन वर्षीय अन्तरिम योजनाको वित्तीय लक्ष्य र उपलब्धि

**(२०६३/६४ को स्थिर मूल्यमा)**

(रू. करोडमा)

| क्र.सं. | विवरण | २०६३/६४ (आधार वर्ष) | कुल खर्चको प्रतिशत | तीन वर्षीय अन्तरिम योजनाको लक्ष्य | | तीन वर्षीय अन्तरिम योजनाको उपलब्धि | | लक्ष्यको तुलनामा उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | रकम | कुल खर्चको प्रतिशत | रकम | कुल खर्चको प्रतिशत | |
| १ | **कुल खर्च** | **१३३६०.४६** | १००.०० | **५११३७.८०** | १००.०० | **५२०६०.३८** | १००.०० | १०१.८० |
| २ | चालु खर्च | ७७१२.२४ | ५७.७२ | २८५४८.३ | ५५.८३ | ३००४९.०५ | ५७.७२ | १०५.२६ |
| ३ | पूँजिगत खर्च | ३९७२.९९ | २९.७४ | १७८९९ | ३५.०० | १७५८४.२४ | ३३.७८ | ९८.२४ |
| ४ | साँवा भूक्तानी | १६७५.२३ | १२.५४ | ४६९०.५ | ९.१७ | ४४२७.१० | ८.५० | ९४.३८ |
| कुल खर्च व्यहोर्ने स्रोतहरु | | | | | | | | |
| ५ | **राजस्व** | **८७७१.२१** | **६५.६५** | **३१८८९.३** | **६२.३६** | **३४९६५.३६** | **६७.१६** | १०९.६५ |
| ६ | बाह्य साधन (विदेशी सहायता) | **२५८५.४३** | **१९.३५** | **१४०६५.९** | **२७.५१** | **९३५४.८८** | **१७.९७** | ६६.५१ |
| | अनुदान | १५८०.०८ | ११.८३ | ८४१३.७ | १६.४५ | ६८७६.०७ | १३.२१ | ८१.७२ |
| | ऋण | १००५.३५ | ७.५२ | ५६५२.२ | ११.०५ | २४७८.८१ | ४.७६ | ४३.८६ |
| ७ | आन्तरिक ऋण* | २००३.८२ | **१५.००** | ५१८२.६ | **१०.१३** | ७,७४०.१४ | **१४.८७** | १४९.३५ |

* नगद मौज्दात परिवर्तन समावेश गरिएको ।

स्रोतः अर्थ मन्त्रालय ।

## तालिका २१ : पूँजीगत खर्चमा विदेशी सहायताको अंश

**(२०६३/६४ को स्थिर मूल्यमा)**

(रु. करोडमा)

| क्र.सं | विवरण | २०६३/६४ (आधार वर्ष) रकम | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | योजनाको जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| १. | **पूँजीगत खर्च** | ३९७२.९९ | ५०६८.५७ | २७.६ | ५९६३.२२ | १७.७ | ६५५२.४५ | ९.९ | १७५८४.२४ |
| २. | **विदेशी सहायता*** | २५८५.४३ | २७७५.०९ | ७.३ | २९६५.८९ | ६.९ | ३६१३.९१ | २१.८ | ९३५४.८८ |
| ३. | **विदेशी सहायताको अंश (प्रतिशतमा)** | ६५.०८ | ५४.७५ | | ४९.७४ | | ५५.१५ | | ५३.२० |

* विदेशी ऋण र अनुदान समावेश गरिएको ।

स्रोतः अर्थ मन्त्रालय ।

# तालिका २२ : सरकारी खर्चको वर्गीकरण

**(रू. करोडमा)**

| विवरण | २०६३/६४ (आधार वर्ष) रकम | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | योजनाको जम्मा रकम | योजनाको वार्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | | |
| **प्रचलित मूल्यमा** | | | | | | | | | |
| **कुल खर्च** | **१३३६०.४६** | **१६१३४.९९** | **२०.८** | **२१९६६.१९** | **३६.१** | **२५९६८.९१** | **१८.२** | **६४०७०.०९** | २४.८ |
| साधारण खर्च | ८३१३.३६ | ९२५८.२३ | ११.४ | १२००७.३७ | २९.७ | १३७००.६३ | १४.१ | **३४९६६.२३** | १८.१ |
| विकास खर्च | ५०४७.१० | ६८७६.७६ | ३६.३ | ९९५८.८२ | ४४.८ | १२२६८.२८ | २३.२ | **२९१०३.८६** | ३४.५ |
| **२०६३/६४ को स्थिर मूल्यमा** | | | | | | | | | |
| **कुल खर्च** | **१३३६०.४६** | **१५२८१.६२** | **१४.४** | **१७९२१.९१** | **१७.३** | **१८८५६.८५** | **५.२** | **५२०६०.३८** | १२.२ |
| साधारण खर्च | ८३१३.३६ | ८७६८.५७ | ५.५ | ९७९६.६५ | ११.७ | ९९४८.४६ | १.५ | **२८५१३.६८** | ६.२ |
| विकास खर्च | ५०४७.१० | ६५१३.०५ | २९.० | ८१२५.२६ | २४.८ | ८९०८.३९ | ९.६ | **२३५४६.७०** | २०.९ |

स्रोतः महालेखा नियन्त्रक कार्यलय ।

# तालिका २३ : मौद्रिक सर्भेक्षण

(रु. करोडमा)

| क्र.सं. | शीर्षक | असार मसान्त | | | | औसत वार्षिक वृद्धिदर प्रतिसतमा |
|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६७* | |
| १ | खुद वैदेशिक सम्पत्ति | १३१९०.९ | १७१४५.६ | २२४५६.२ | २१३०३.६ | १७.३ |
| २ | कुल आन्तरिक कर्जा | ३६०५५.८ | ४३७२७.० | ५५५६७.६ | ६५०९८.२ | २१.८ |
| ३ | सरकारलाई गएको खुद कर्जा | ७८३४.४ | ८७०८.० | १०४८६.८ | १३३१२.९ | १९.३ |
| ४ | सरकारी संस्थानलाई कर्जा | ८७३.७१ | १०३५.६० | १२४५.३४ | १७२०.३० | २५.३ |
| | (क) वित्तिय | ३६२.२२ | ४७०.९५ | ७३६.११ | ११७५.९९ | ४८.१ |
| | (ख) गैर वित्तीय | ५११.४९ | ५६४.६५ | ५०९.२४ | ५४४.३१ | २.१ |
| ५ | निजी क्षेत्रलाई गएको कर्जा | २७३४७.७ | ३३९८३.४ | ४३८३५.४ | ५००६५.१ | २२.३ |
| ६ | मुद्दती र बचत निक्षेप | २६८६३.० | ३४१०३.३ | ४३४०६.२ | ५०१४४.० | २३.१ |
| ७ | अवर्गीकृत खुद दायित्व | ९६९४.९ | ११३३४.८ | १४९७१.७ | १४४४२.० | १४.२ |
| ८ | खूद आन्तरिक सम्पति | २६३६०.९ | ३२३९२.२ | ४०५९५.९ | ५०६५६.३ | २४.३ |
| ९ | मुद्रा प्रदाय, (एम १) | १२६८८.८ | १५४३४.४ | १९६४५.९ | २१८१५.९ | १९.८ |
| | (क) मुद्रा | ८३५५.३ | १००१७.५ | १२५७५.८ | १४२११.५ | १९.४ |
| | (ख) चल्ती निक्षेप | ४३३३.४ | ५४१६.९ | ७०७०.१ | ७६०४.५ | २०.६ |
| १० | मुद्रा प्रदाय, (एम २) (एम १ ं ६) | ३९५५१.८ | ४९५३७.७ | ६३०५२.१ | ७१९५९.९ | २२.१ |
| ११ | मुद्रा प्रदाय (एम १) मा परिवर्तन (प्रतिशत) | | २१.६४ | २७.२९ | ११.०५ | १९.८ |
| १२ | मुद्रा प्रदाय (एम २) मा परिवर्तन (प्रतिशत) | | २५.२५ | २७.२८ | १४.१३ | २२.१ |

* अपरिष्कृत

स्रोतः नेपाल राष्ट्र बैक ।

# तालिका २४ : मुद्रा प्रदायका कारक तत्वहरू

(रु. करोडमा)

| क्र. सं. | शीर्षक | २०६३/६४ (आधार वर्ष) | वार्षिक परिवर्तन (आषाढ मसान्तको) | | |
|---|---|---|---|---|---|
| | | | २०६४/६५ | २०६५/६६ | २०६६/६७* |
| १ | खुद वैदेशिक सम्पत्ति# | ५९०.४ | २९६७.५ | ४४७५.८ | (३६३.० |
| २ | कुल आन्तरिक कर्जा | ३७८७.४ | ७६७१.२ | ११८४०.६ | ९५३०.७ |
| ३ | सरकारलाई गएको खुद कर्जा | ७३७.३ | ८७३.६ | १७७८.८ | २८२६.१ |
| ४ | सरकारी संस्थानलाई कर्जा | ५९.४३ | १६१.९ | २०९.७ | ४७५.० |
| | (क) वित्तिय | ४.०३ | १०८.७ | २६५.२ | ४३९.९ |
| | (ख) गैर वित्तीय | ५५.४० | ५३.२ | -५५.४ | ३५.१ |
| ५ | निजी क्षेत्रलाई गएको कर्जा | २९९०.७ | ६६३५.७ | ९८५२.० | ६२२९.६ |
| ६ | मुद्दती र बचत निक्षेप | ३४८६.७ | ७२४०.३ | ९३०२.९ | ६७३७.८ |
| ७ | अवर्गीकृत खुद दायित्व # | -४९१.६ | ६५२.७ | २८०२.० | २५९.८ |
| ८ | खूद आन्तरिक सम्पति # | ४२७९.० | ७०१८.४ | ९०३८.६ | ९२७०.८ |
| ९ | मुद्रा प्रदाय, (एम १) | १३८२.७ | २७४५.६ | ४२११.५ | २१७०.० |
| | (क) मुद्रा | ५७७.३ | १६६२.२ | २५५८.३ | १६३५.६ |
| | (ख) चल्ती निक्षेप | ८०५.४ | १०८३.४ | १६५३.२ | ५३४.४ |
| १० | मुद्रा प्रदाय, (एम २) (एम १ ं ६) | ४८६९.४ | ९९८५.९ | १३५१४.४ | ८९०७.८ |

*प्रारम्भिक अनुमान

# विनिमय नाफा/नोक्सान समायोजन गरिएको ।

श्रोत : नेपाल राष्ट्र बैंक ।

## तालिका २५ : बाणिज्य बैकहरुको साधनको स्रोत र उपयोग

(आषाढ मसान्तको) रू. करोडमा

| क्र. सं. | विवरण | २०६४ | २०६५ | | २०६६ | | २०६७* | | औसत वार्षिक वृद्धिदर % मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| १ | **कुल निक्षेप** | **३३४४५.३३०३** | **४२१५२.३७** | **२६.०३** | **५५०६७.७** | **३०.६४** | **६२०६०.८६८** | **१२.७०** | **२२.८८** |
| २ | चल्ती निक्षेप | ४२६९.२ | ५४१२.४ | २६.७८ | ६९४९.० | २८.३९ | ७९१४.९ | १३.९० | २२.८५ |
| ३ | बचत निक्षेप | १७४६३.४ | २११४०.६ | २१.०६ | २५९८७.२ | ७०.५६ | २३७४९.३ | (८.६१ | १०.७९ |
| ४ | मुद्दती निक्षेप | ११४०३.२ | १५२३६.४ | ३३.६१ | २१६८५.५ | ४२.३३ | २९८९२.५ | ३७.८५ | ३७.८८ |
| ५ | मार्जिन निक्षेप | ३०९.५ | ३६२.९ | १७.२५ | ४४६.० | २२.९२ | ५०४.२ | १३.०४ | १७.६७ |
| ६ | नेपाल राष्ट्र बैकबाट सापटी | १८७.१ | ६६.१ | (६४.६९ | ०.० | (१००.०० | ४७८.३ | - | ३६.७४ |
| ७ | अन्य वैदेशिक दायित्व | १६२.८ | १९१.२ | १७.४१ | १६७.१ | (१२.६२ | १९३.३ | १५.७१ | ५.८९ |
| ८ | खूद अन्य दायित्व | ६७३३.३ | ७५१५.७ | ११.६२ | ९०९४.६ | २१.०१ | १०१०७.५ | ११.१४ | १४.५० |
| ९ | **कुल साधनको स्रोत उपयोग** | **४०५२८.५१** | **४९९२५.३१** | **२३.१९** | **६४३२९.३५** | **५५.२४** | **७२८४०.०४** | **१३.२३** | **२१.५८** |
| १० | **नगद तथा बैक मौज्दात** | **६४९३.०३** | **७९०१.०५** | **२१.६९** | **१२२६५.८९** | **५५.२४** | **१३१०५.१५** | **६.८४** | **२६.३८** |
| ११ | नगद मौज्दात | ७३६.० | १२६५.२ | **७१.९१** | १५०१.६ | १८.६९ | १६८६.४ | १२.३० | ३१.८३ |
| १२ | राष्ट्र बैकमा रहेको मौज्दातं | २३१८.४ | २४८९.९ | **७.४०** | ४६८५.९ | ८८.१९ | ५१३९.३ | ९.६८ | ३०.३९ |
| १३ | विदेशी मुद्रा | ४५.४ | ३५.९ | **(२०.९७** | ८२.३ | १२९.४४ | ४३.७ | (४६.८८ | (१.२४ |
| १४ | विदेशमा रहेको मौज्दात | ३३९३.३ | ४११०.१ | **२१.१२** | ५९९६.१ | ४५.८९ | ६२३५.७ | ४.०० | २२.४९ |
| १५ | **कर्जा तथा लगानी** | **३४०३५.४९** | **४२०२४.२६** | **२३.४७** | **५२०६३.४६** | **२३.८९** | **५९३५५.९९** | **१४.०१** | **२०.३७** |
| १६ | नेपाल सरकारमाथि दाबी | ६५८५.०० | ७२१०.०२ | ९.४९ | ७१९४.९१ | (०.२१ | ८२९९.५८ | १५.३५ | ८.०२ |
| १७ | सरकारी संस्थानहरुमाथि दावी | ६१६.१ | ६८७.४ | ११.५६ | ६२५.९ | (८.९५ | ७२४.३ | १५.७३ | ५.५४ |
| १८ | गैर सरकारी वित्तीय संस्थानहरुमाथि दाबी | १८७.० | ३००.७ | ६०.७८ | ५९५.३ | ९७.९७ | ९२२.८ | ५५.०२ | ७०.२५ |
| १९ | निजी क्षेत्रमाथि दाबी | २६५३६.०६ | ३३६७८.१० | २६.९१ | ४३४९१.२७ | २९.१४ | ४९७१४.०० | १४.३१ | २३.२८ |
| २० | विदेशी बिल खरीद | १११.२६ | १४८.०५ | ३३.०७ | १५६.१२ | ५.४५ | ७४.१३ | (५२.५२ | (१२.६६ |
| २१ | कर्जा तथा सापटी /निक्षेप अनुपात (प्रतिशत)** | ८२.१ | ८२.६ | | ८१.५ | | ८२.९ | | |

श्रोत : नेपाल राष्ट्र बैंक । **नेपाल सरकारमाथिको दावी समावेश नभएको । *प्रारम्भिक अनुमान ।

# तालिका २६ : उद्देश्य अनुसार वाणिज्य बैंकहरूको कर्जा प्रवाह

| विवरण | २०६३/६४ (आधार वर्ष) | असार मसान्त | | | औसत वार्षिक वृद्धिदर प्रतिसनमा |
|---|---|---|---|---|---|
| | | २०६५ | २०६६ | २०६७* | |
| | (रु. करोडमा) | | | | |
| कृषि | १३८८.२० | १३८८.०० | १३३७.६३ | १४२९.०९ | ०.९७ |
| खानी | १३१.५० | १९५.५० | १७०.९४ | २०१.९८ | १५.३८ |
| उत्पादन क्षेत्र | ६२३७.०० | ७४८८.९८ | ८७८७.८० | ९४७१.३७ | १४.९४ |
| निर्माण | १९७७.०० | ३२३६.८८ | ४४८६.७० | ४९५६.८० | ३५.८५ |
| धातु उत्पादन, मेसिनरी र विद्युतीय उपकरण तथा जडान | २९१.९० | ५०६.९४ | ६५३.४६ | ५८७.७८ | २६.२८ |
| यातायात, उपकरण उत्पादन तथा जडान | ३२४.३० | ४३४.०२ | ६९७.७७ | १०५४.६४ | ४८.१६ |
| संचार र सार्वजनिक सेवा | १३१३.०० | १६१२.९० | १८४३.२८ | २२२७.६० | १९.२७ |
| थोक विक्रेता र खुद्रा विक्रेता | ४५६३.६० | ५५७३.२० | ६८८०.८३ | ८८५८.४१ | २४.७४ |
| वित्त, वीमा र स्थिर सम्पत्ति | १३९१.८० | २४९१.३५ | ३८८८.२७ | ५४०९.३३ | ५७.२३ |
| सेवा उद्योग | १८३६.७० | २११६.३३ | २३३५.७८ | २९६०.५४ | १७.२५ |
| उपभोग्य कर्जा | ८१२.०० | ९४३.७१ | १४७१.६२ | २२६९.४९ | ४०.८६ |
| स्थानीय सरकार | ०.०० | ०.०० | १९७.२४ | ३०८.७७ | – |
| अन्य | २९१७.३० | ४६६५.६० | ७४२६.४८ | ७१९७.३९ | ३५.१२ |
| **जम्मा** | २३१८४.३० | ३०६५३.४१ | ४०१७७.८० | ४६९३३.१८ | २६.५० |
| | **क्षेत्रतग अंश (प्रतिशत)** | | | | |
| कृषि | ५.९९ | ४.५३ | ३.३३ | ३.०४ | ३.६३ |
| खानी | ०.५७ | ०.६४ | ०.४३ | ०.४३ | ०.५० |
| उत्पादन क्षेत्र | २६.९० | २४.४३ | २१.८७ | २०.१८ | २२.१६ |
| निर्माण | ८.५३ | १०.५६ | ११.१७ | १०.५६ | १०.७६ |
| धातु उत्पादन, मेसिनरी र विद्युतीय उपकरण तथा जडान | १.२६ | १.६५ | १.६३ | १.२५ | १.५१ |
| यातायात, उपकरण उत्पादन तथा जडान | १.४० | १.४२ | १.७४ | २.२५ | १.८० |
| संचार र सार्वजनिक सेवा | ५.६६ | ५.२६ | ४.५९ | ४.७५ | ४.८७ |
| थोक विक्रेता र खुद्रा विक्रेता | १९.६८ | १८.१८ | १७.१३ | १८.८७ | १८.०६ |
| वित्त, वीमा र स्थिर सम्पत्ति | ६.०० | ८.१३ | ९.६८ | ११.५३ | ९.७८ |
| सेवा उद्योग | ७.९२ | ६.९० | ५.८१ | ६.३१ | ६.३४ |
| उपभोग्य कर्जा | ३.५० | ३.०८ | ३.६६ | ४.८४ | ३.८६ |
| स्थानीय सरकार | ०.०० | ०.०० | ०.४९ | ०.६६ | ०.३८ |
| अन्य | १२.५८ | १५.२२ | १८.४८ | १५.३४ | १६.३५ |
| **जम्मा** | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

स्रोतः नेपाल राष्ट्र बैंक ।

* अपरिष्कृत

## तालिका २७ : राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकांक

(आधार वर्ष २०६३/६४ = १००)

| समूह तथा उपसमूह | अर्थिक वर्ष | | | | वार्षिक प्रतिसत परिवर्तन | | | वार्षिक औसत प्रतिसत परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|
| | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | |
| **खाद्य तथा पेय पदार्थ** | **१७८.८** | **१९६.९** | **२२९.७** | **२६५.०** | **१०.१** | **१६.७** | **१५.४** | **१४.०** |
| रेष्टुरेण्ट जलपान | २१०.७ | २२५.७ | २६७.४ | ३१२.२ | ७.१ | १८.५ | १६.८ | **१४.०** |
| चामल | १७५.१ | १९७.२ | २३१.१ | २५६.४ | १२.६ | १७.२ | १०.९ | **१३.६** |
| दाल | १६८.१ | २००.८ | २५०.९ | ३१६.३ | १९.५ | २५.० | २६.१ | **२३.५** |
| तरकारी तथा फलफूलहरु | १७५.९ | १८१.७ | २००.४ | २४५.६ | ३.३ | १०.३ | २२.६ | **११.८** |
| मरमसला | १७०.८ | १८९.२ | २१२.४ | २७०.४ | १०.८ | १२.३ | २७.३ | **१६.५** |
| मासु, माछा र फुल | १८२.६ | २००.७ | २४७.६ | २९८.७ | ९.९ | २३.४ | २०.६ | **१७.८** |
| दूध र दुग्ध पदार्थ | १८६.३ | १८२.८ | २१०.३ | २३५.३ | (१.९ | १५.० | ११.९ | **८.१** |
| तेल र घीउ | १६९.९ | १९०.१ | २२१.१ | २१०.९ | ११.९ | १६.३ | (४.६ | **७.५** |
| चिनी र मिठाई | १५७.३ | १३६.७ | १९९.५ | २९०.४ | (१३.१ | ४५.९ | ४५.६ | **२२.७** |
| पेय पदार्थ | १५२.० | १९२.५ | २१६.९ | २४८.५ | २६.६ | १२.७ | १४.६ | **१७.८** |
| **गैह खाद्य र सेवाहरु** | **१९४.१** | **२०४.०** | **२२३.४** | **२३३.९** | **५.१** | **९.५** | ४.७ | ६.४ |
| कपडा, लत्ता र सिलाइ | १४८.६ | १५२.२ | १६३.९ | १७५.८ | २.४ | ७.७ | ७.३ | **५.८** |
| कपडा | १३५.६ | १३६.० | १४६.५ | १५७.२ | ०.३ | ७.७ | ७.३ | **५.१** |
| लुगा र सिलाइ सेवा | १९२.५ | २०२.५ | २२३.९ | २५३.० | ५.२ | १०.६ | १३.० | **९.५** |
| जुत्ता-चप्पल | १४३.५ | १५१.९ | १६३.२ | १७४.३ | ५.९ | ७.४ | ६.८ | **६.७** |
| आवास सेवा | २१५.४ | २३०.४ | २५३.८ | २६३.२ | ७.० | १०.२ | ३.७ | **६.९** |
| ईन्धन बत्ती र पानी | ३०१.५ | ३२६.९ | ३६१.४ | ३६८.७ | ८.४ | १०.६ | २.० | **६.९** |
| यातायात र सञ्चार | २५४.८ | २६०.६ | ३०१.९ | २८८.३ | २.३ | १५.८ | (४.५ | **४.२** |
| औषधि तथा व्यक्तिगत हेरचाह | १८१.० | १९०.० | १९९.९ | २०६.० | ५.० | ५.२ | ३.१ | **४.४** |
| शिक्षा तथा मनोरञ्जन | २११.८ | २२२.० | २४१.७ | २६७.६ | ४.८ | ८.९ | १०.७ | **८.१** |
| चुरोट | १७३.१ | १८५.९ | २१४.६ | २४०.६ | ७.४ | १५.४ | १२.१ | **११.६** |
| **सबै वस्तु तथा सेवा** | **१८५.९** | **२००.२** | **२२६.७** | **२५०.५** | **७.७** | **१३.२** | **१०.५** | **१०.५** |

श्रोत : नेपाल राष्ट्र बैंक

## तालिका २८ : वैदेशिक व्यापार स्थिति*

(प्रचलित मूल्यमा) (रु.करोडमा)

| विवरण | २०६३/६४ (आधार वर्ष) रकम | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | औसत वार्षिक वृद्धिदर % मा |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| **निर्यात (एफ.ओ.वी.)** | **५९३८.३१** | **५९२६.६५** | **-०.२०** | **६७६९.७५** | **१४.२३** | **६०८२.४०** | **-१०.१५** | **०.८०** |
| भारत | ४१७२.८८ | ३८५५.५७ | -७.६० | ४१००.५९ | ६.३५ | ३९९९.३७ | -२.४७ | **-१.४१** |
| अन्य देशहरु | १७६५.४३ | २०७१.०८ | १७.३१ | २६६९.१६ | २८.८८ | २०८३.०३ | -२१.९६ | **५.६७** |
| **आयात (सी.आई.एफ.)** | **१९४६९.४६** | **२२१९३.७७** | **१३.९९** | **२८४४६.९६** | **२८.१८** | **३७४३३.५२** | **३१.५९** | **२४.३५** |
| भारत | ११५८७.२३ | १४२३७.६५ | २२.८७ | १६२४३.७६ | १४.०९ | २१७११.४३ | ३३.६६ | **२३.२८** |
| अन्य देशहरु | ७८८२.२३ | ७९५६.१२ | ०.९४ | १२२०३.२० | ५३.३८ | १५७२२.०९ | २८.८४ | **२५.८८** |
| **व्यापार स्थिति** | **-१३५३१.१५** | **-१६२६७.१२** | **२०.२२** | **-२१६७७.२१** | **३३.२६** | **-३१३५१.१२** | **४४.६३** | **३२.३२** |
| भारत | -७४१४.३५ | -१०३८२.०८ | ४०.०३ | -१२१४३.१७ | १६.९६ | -१७७१२.०६ | ४५.८६ | **३३.६८** |
| अन्य देशहरु | -६११६.८० | -५८८५.०४ | -३.७९ | -९५३४.०४ | ६२.०० | -१३६३९.०६ | ४३.०६ | **३०.६४** |
| **कुल व्यापार** | **२५४०७.७७** | **२८१२०.४२** | **१०.६८** | **३५२१६.७१** | **२५.२४** | **४३५१५.९२** | **२३.५७** | **१९.६४** |
| भारत | १५७६०.११ | १८०९३.२२ | १४.८० | २०३४४.३५ | १२.४४ | २५७१०.८० | २६.३८ | **१७.७२** |
| अन्य देशहरु | ९६४७.६६ | १००२७.२० | ३.९३ | १४८७२.३६ | ४८.३२ | १७८०५.१२ | १९.७२ | **२२.६६** |
| **कुल व्यापारमा अंश प्रतिशतमा** | **१००.००** | **१००.००** | | **१००.००** | | **१००.००** | | |
| भारत | ६२.०३ | ६४.३४ | | ५७.७७ | | *५९.०८* | | |
| अन्य देशहरु | ३७.९७ | ३५.६६ | | ४२.२० | | *४०.९२* | | |

स्रोतः नेपाल राष्ट्र बैंक ।    *भन्सार तथ्यांकमा आधारित

## तालिका २९ : वैदेशिक व्यापार स्थिति

(२०६३/६४ को स्थिर मूल्यमा)

(रु. करोडमा)

| विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | औसत वार्षिक वृद्धिदर % मा |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| **निर्यात (एफ.ओ.वी.)** | **५९३८.३१** | **५६१३.१९** | **-५.४७** | **५५२३.३५** | **-१.६०** | **४४१६.६२** | **-२०.०४** | **-९.४०** |
| भारत | ४१७२.८८ | ३६५१.६५ | -१२.४९ | ३३४५.६१ | -८.३८ | २९०४.०७ | -१३.२० | -११.३८ |
| अन्य देशहरु | १७६५.४३ | १९६१.५४ | ११.११ | २१७७.७३ | ११.०२ | १५१२.५५ | -३०.५४ | -५.०२ |
| **आयात (सी.आई.एफ.)** | **१९४६९.४६** | **२१०१९.९६** | **७.९६** | **२३२०९.४८** | **१०.४२** | **२७१८१.६७** | **१७.११** | **११.७७** |
| भारत | ११५८७.२३ | १३४८४.६३ | १६.३७ | १३२५३.०६ | -१.७२ | १५७६५.३६ | १८.९६ | १०.८१ |
| अन्य देशहरु | ७८८२.२३ | ७५३५.३३ | -४.४० | ९९५६.४२ | ३२.१३ | ११४१६.३१ | १४.६६ | १३.१४ |
| **व्यापार स्थिति** | **-१३५३१.१५** | **-१५४०६.७६** | **१३.८६** | **-१७६८६.१४** | **१४.७९** | **-२२७६५.०४** | **२८.७२** | **१८.९४** |
| भारत | -७४१४.३५ | -९८३२.९८ | ३२.६२ | -९९०७.४५ | ०.७६ | -१२८६१.२९ | २९.८१ | २०.१५ |
| अन्य देशहरु | -६११६.८० | -५५७३.७८ | -८.८८ | -७७७८.६९ | ३९.५६ | -९९०३.७५ | २७.३२ | १७.४२ |
| **कुल व्यापार** | **२५४०७.७७** | **२६६३३.१५** | **४.८२** | **२८७३२.८३** | **७.८८** | **३१५९८.२९** | **९.९७** | **७.५४** |
| भारत | १५७६०.११ | १७१३६.२८ | ८.७३ | १६५९८.६७ | -३.१४ | १८६६९.४३ | १२.४८ | ५.८१ |
| अन्य देशहरु | ९६४७.६६ | ९४९६.८७ | -१.५६ | १२१३४.१५ | २७.७७ | १२९२८.८६ | ६.५५ | १०.२५ |
| **कुल व्यापारमा अंश प्रतिशतमा** | १००.०० | १००.०० | | १००.०० | | १००.०० | | |
| भारत | ६२.०३ | ६४.३४ | | ५७.७७ | | ५९.०८ | | ६०.४० |
| अन्य देशहरु | ३७.९७ | ३५.६६ | | ४२.२३ | | ४०.९२ | | ३९.६० |

स्रोतः नेपाल राष्ट्र बैक

## तालिका ३० : भारतमा निर्यात भएका केही प्रमुख वस्तुहरू

(प्रचलित मूल्यमा) (रु.करोडमा)

| विवरण | २०६३/६४(आधार वर्ष) | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | औसत वार्षिक वृद्धिदर % मा |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| तोरी र सर्स्यूँ | २.३३ | ३.५१ | ५०.६४ | २.१७ | -३८.१८ | १.१४ | -४७.४७ | -२१.२० |
| जडीबुटी | १०.५६ | १४.८६ | ४०.७२ | २०.६६ | ३९.०३ | २३.९० | १५.६८ | ३१.२९ |
| घ्यू | ११.०९ | १०.१७ | -८.३० | १०.६४ | ४.६२ | १२.६८ | १९.१७ | ४.५७ |
| सुठो | ४.९६ | ५.४० | ८.८७ | ६.८० | २५.९३ | ९.११ | ३३.९७ | २२.४७ |
| दाल | ३०.६९ | ३१.४८ | २.५७ | ३८.१६ | २१.२२ | २.७६ | -९२.७७ | -५५.२० |
| कच्छ | ०.६३ | ०.८५ | ३४.९२ | ५.०८ | ४९७.६५ | २.९५ | -४१.९३ | ६७.३० |
| जीवित जनावर | २.१७ | ५.२२ | १४०.५५ | २.४४ | -५३.२६ | ३.६८ | ५०.८२ | १९.२५ |
| मैदा | ०.०० | ०.३५ | | ८.२४ | २२५४.२९ | ४.०९ | -५०.३६ | |
| अदुवा | ५४.१३ | ५४.३२ | ०.३५ | ३३.५१ | -३८.३१ | ३५.३९ | ५.६१ | -१३.२१ |
| पीना | ३१.८१ | ४०.५० | २७.३२ | ५३.२७ | ३१.५३ | ४९.७५ | -६.६१ | १६.०८ |
| खयर | ५४.२८ | ५४.३७ | ०.१७ | १२१.७१ | १२३.८६ | १६८.२० | ३८.२० | ४५.७९ |
| चामलको ढुटोको तेल | १७.८३ | १९.६५ | १०.२१ | १४.३३ | -२७.०७ | ११.१९ | -२१.९१ | -१४.३८ |
| कच्चा जुट | ०.१६ | ३.११ | १८४३.७५ | १४.६३ | ३७०.४२ | ६.४५ | -५५.९१ | २४२.८८ |
| जुट कटींग | ०.०० | १.०८ | | ५.६७ | ४२५.०० | ६२.०७ | ९९४.७१ | |
| जुटका सामान | २७५.६८ | २५८.२५ | -६.३२ | १२८.२५ | -५०.३४ | २८९.६७ | १२५.८६ | १.६६ |
| अलैंची | ८४.८१ | १०३.४८ | २२.०१ | १२१.६० | १७.५१ | १३१.६० | ८.२२ | १५.७७ |
| चाउचाउ | २३.७४ | ५२.२९ | १२०.२६ | ८०.३२ | ५३.६० | ५७.६४ | -२८.२४ | ३४.४० |
| गाइवस्तुको दाना | ८.०९ | १७.६९ | ११८.६७ | ३५.०५ | ९८.१३ | १४.४१ | -५८.८९ | २१.२२ |
| टुथपेष्ट | ६६.३४ | ४७.५६ | -२८.३१ | ८१.३२ | ७०.९८ | ६७.३२ | -१७.२२ | ०.४९ |
| पोलिष्टर धागो | २२४.१० | २६१.८० | १६.८२ | २४९.९८ | -४.५१ | ३३९.७९ | ३५.९३ | १४.८८ |
| च्यवनप्राश र हाजमोला | १५.६३ | १३.२१ | -१५.४८ | १६.३४ | २३.७० | २१.५८ | ३२.०६ | ११.३५ |
| साबुन | ५०.२७ | ४२.४२ | -१५.६२ | ५९.१० | ३९.३२ | ४०.४१ | -३१.६२ | -७.०२ |
| बनस्पति घ्यू | ४१३.६५ | २१३.२३ | -४८.४५ | ०.९१ | -९९.५७ | ०.४६ | -४९.४५ | -८९.६४ |
| पश्मिना | ४.८३ | ४.४० | -८.९० | ६.५९ | ४९.७७ | ६.०७ | -७.८९ | ७.९१ |
| धागो | ४०५.५९ | ४१३.४८ | १.९५ | २५२.५४ | -३८.९२ | २७७.१५ | ९.७४ | -११.९२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कपर वायर, रड | २०.६० | ६१.७४ | १९९.७१ | ५७.१८ | -७.३९ | ६४.३६ | १२.५६ | ४६.१९ |
| एम.एस. पाइप | ७६.१९ | ९७.९५ | २८.५६ | ५७.१२ | -४१.६८ | ६९.५१ | २१.६९ | -३.०१ |
| प्लाष्टिकका सामान | ४१.५१ | ३०.२६ | -२७.१० | ५१.३४ | ६९.६६ | १८.१७ | -६४.६१ | -२४.०७ |
| कर्कटपाता | ३५७.९९ | ४४१.६९ | २३.३८ | २८२.१७ | -३६.१२ | १७९.४८ | -३६.३९ | -२०.५६ |
| जी.आई. पाइप | १२.७८ | २४.२७ | ८९.९१ | १०९.८४ | ३५२.५८ | ५६.७९ | -४८.३० | ६४.४० |
| कपडा | ३०५.६९ | २११.४८ | -३०.८२ | ३१९.३५ | ५१.०१ | ३३६.१९ | ५.२७ | ३.२२ |
| जुस | १५९.१३ | १८३.६४ | १५.४० | १९५.२२ | ६.३१ | १७५.०१ | -१०.३५ | ३.२२ |
| रसायन | ९५.०२ | २७.५७ | -७०.९९ | २९.०१ | ५.२२ | १५.१८ | -४७.६७ | -४५.७४ |
| **क= जम्मा** | **२८६२.२८** | **२७५१.२९** | **-३.८८** | **२४७०.५४** | **-१०.२०** | **२५५४.३१** | **३.३९** | **-३.७२** |
| **ख= अन्य** | **१३१०.६०** | **११०४.२८** | **-१५.७४** | **१६३०.०५** | **४७.६१** | **१४४५.०७** | **-११.३५** | **३.३१** |
| **जम्मा (क +ख)** | **४१७२.८८** | **३८५५.५७** | **-७.६०** | **४१००.५९** | **६.३५** | **३९९९.३७** | **-२.४७** | **-१.४१** |

स्रोतः नेपाल राष्ट्र बैंक

## तालिका ३१ : भारतबाट आयात गरिएका केही प्रमुख वस्तुहरू

(प्रचलित मूल्यमा) (रु.करोडमा)

| विवरण | २०६३/६४ (आधार वर्ष) | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | औसत वार्षिक वृद्धिदर % मा |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| इलेक्ट्रीकल सामान | २३६.५२ | ३५८.७३ | ५१.६७ | ३९४.२५ | ९.९० | ६०८.९५ | ५४.४६ | ३७.०६ |
| धागो | ३१५.८८ | ३०५.६३ | -३.२४ | २५९.७२ | -१५.०२ | ३०२.२७ | १६.३८ | -१.४६ |
| सुर्ती | ६४.६३ | ७३.२२ | १३.२९ | १०६.१६ | ४४.९९ | १८१.७१ | ७१.१७ | ४१.१४ |
| यातायातका सामान | ९७९.८७ | ११८७.४६ | २१.१९ | १६१५.८६ | ३६.०८ | २३७७.६६ | ४७.१५ | ३४.३८ |
| औषधि | ४४४.२५ | ५४३.४१ | २२.३२ | ६५५.८१ | २०.६८ | ७९६.२८ | २१.४२ | २१.४७ |
| रसायनिक मल | ६२.४० | ३१.५७ | -४९.४१ | १३.०२ | -५८.७६ | २९५.११ | २१६६.५९ | ६७.८५ |
| कपडा (सुती तथा अन्य) | १७५.३८ | १६६.३६ | -५.१४ | २४६.१९ | ४७.९९ | २४४.०७ | -०.८६ | ११.६५ |
| तरकारी | १०३.५८ | १४५.७३ | ४०.६९ | १२९.०८ | -११.४३ | २०७.९४ | ६१.०९ | २६.१५ |
| सिमेन्ट | २५१.९९ | २३३.७० | -७.२६ | ४२२.६६ | ८०.८६ | ४४१.४५ | ४.४५ | २०.५५ |
| कागज | ८०.६९ | ७२.९३ | -९.६२ | ११३.९३ | ५६.२२ | १३८.९५ | २१.९६ | १९.८६ |
| हर्लिक्स र दुग्ध पदार्थ | ८.०० | ४४.५३ | ४५६.६३ | ८६.०२ | ९३.१७ | ७०.८५ | -१७.६४ | १०६.८९ |
| रसायनिक पदार्थ | २५९.०९ | २७१.९८ | ४.९८ | २७८.४६ | २.३८ | ३१३.३४ | १२.५३ | ६.५४ |
| कृषियन्त्र तथा पार्टस् | १०७.३१ | १४८.३८ | ३८.२७ | २४९.०६ | ६७.८५ | ३३७.२८ | ३५.४२ | ४६.४८ |
| एम.एस. वायर रड | १४१.८७ | २५९.५३ | ८२.९३ | २४८.७४ | -४.१६ | ६१०.७६ | १४५.५४ | ६२.६८ |
| एम.एस. विलेट | ४३८.४२ | ८१४.५४ | ८५.७९ | ६४५.७३ | -२०.७२ | १३७२.०७ | ११२.४८ | ४६.२७ |
| स्टील पाता | ०.२६ | ०.०१ | -९७.५० | ०.०० | -१००.०० | ०.०० | | |
| एल्मुनियम इनगोट | ४२.४६ | ६५.४७ | ५४.१९ | ५१.९६ | -२०.६४ | १०८.७० | १०९.२० | ३६.८० |
| हट रोल शिट (क्वाईलमा) | २०५.२७ | ३५७.५९ | ७४.२० | २८२.४१ | -२१.०२ | ४११.१३ | ४५.५८ | २६.०५ |
| कोल्ड रोल शिट (क्वाईलमा) | २०७.९६ | ४००.५८ | ९२.६२ | ७०३.८५ | ७५.७१ | ६८०.२६ | -३.३५ | ४८.४४ |
| अन्य मेशिनरी तथा पार्टस् | ३५५.६३ | ४६८.२० | ३१.६५ | ७२६.३८ | ५५.१४ | ८४१.६९ | १५.८७ | ३३.२७ |
| पेट्रोलियम पदार्थ | ३३५६.७६ | ४०८१.५७ | २१.५९ | ४१३५.६७ | १.३३ | ५१६१.०४ | २४.७९ | १५.४२ |
| अन्य | ३६४९.६९ | ४२०६.५४ | १५.२६ | ४८७८.८० | १५.९८ | ६२६९.९२ | २८.५१ | १९.७७ |
| **जम्मा** | **११५८७.२३** | **१४२३७.६५** | **२२.८७** | **१६२४३.७६** | **१४.०९** | **२१७७१.४३** | **३४.०३** | **२३.४०** |

स्रोतः नेपाल राष्ट्र बैक

## तालिका ३२ : अन्य मुलुकहरुमा निर्यात भएका केही प्रमुख वस्तुहरु

(प्रचलित मूल्यमा)

(रु. करोडमा)

| विवरण | २०६३/६४ (आधार वर्ष) रकम | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | औसत वार्षिक वृद्धिदर % मा |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| **(क) प्रमुख वस्तुहरू** | **१३४५.१०** | **१३१२.७९** | **(२.४०** | **२०६४.९७** | **५७.३०** | **१५४९.८१** | **(२४.९५** | **४.८४** |
| दाल | ४८.८५ | १४५.८४ | १९८.५५ | ६२४.७१ | ३२८.३५ | ३९५.२० | -३६.७४ | **१००.७५** |
| अलैंची | १२.९६ | ६.५० | -४९.८५ | ६.३९ | -१.६९ | ०.०० | -१००.०० | |
| जडीबुटी | ४.३५ | ९.७९ | १२५.०६ | ४१.२० | ३२०.८४ | २३.९४ | -४१.८९ | **७६.५५** |
| नेपाली कागज र कागजबाट बनेका सामान | १९.०६ | ३४.७१ | ८२.११ | ३६.१२ | ४.०६ | ५५.३३ | ५३.१८ | **४२.६५** |
| छाला | २७.९१ | २४.८७ | -१०.८९ | ५.८२ | -७६.६० | ३०.७० | ४२७.४९ | **३.२३** |
| ऊनी कार्पेट | ५६०.०२ | ५०४.८२ | -९.८६ | ५७३.५५ | १३.६१ | ४०७.८७ | -२८.८९ | **-१०.०३** |
| तयारी पोशाक | ५२१.२९ | ४७५.५८ | -८.७७ | ४९०.४७ | ३.१३ | ३८९.०७ | -२०.६७ | **-९.२९** |
| हस्तकलाका सामान | २५.०२ | १९.४० | -२२.४६ | १०७.७८ | ४५५.५७ | १०८.२८ | ०.४६ | **६२.९६** |
| गरगहना | ३२.५४ | २६.९४ | -१७.२१ | २६.२४ | -२.६० | १२.६६ | -५१.७५ | **-२७.००** |
| पश्मिना | ९३.१० | ६४.३४ | -३०.८९ | १५२.६९ | १३७.३२ | १२६.७६ | -१६.९८ | **१०.८४** |
| **(ख) अन्य** | **४२०.३३** | **७५८.२९** | **८०.४०** | **६०४.१९** | **-२०.३२** | **५३३.२२** | **-११.७५** | **८.२५** |
| **(ग) जम्मा** | **१७६५.४३** | **२०७१.०८** | **७८.००** | **२६६९.१६** | **२८.८८** | **२०८३.०३** | **-२१.९६** | **५.६७** |

स्रोतः नेपाल राष्ट्र बैक

## तालिका ३३ : अन्य मुलुकबाट आयात भएका केही प्रमुख वस्तुहरू

(प्रचलित मूल्यमा) (रु.करोडमा)

| विवरण | २०६३/६४(आधार वर्ष) | २०६४/६५ | | २०६५/६६ | | २०६६/६७ | | औसत वार्षिक वृद्धिदर % मा |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| सुन | ३५१.९९ | ३७५.०५ | ६.५५ | १६५७.४६ | ३४१.९३ | ४१६३.५८ | १५१.२० | १२७.८५ |
| चांदी | ०.१२ | ४४.६७ | ३७१२५.०० | ११७.५४ | १६३.१३ | ३२५.०९ | १७६.५८ | १२९४.०४ |
| पेट्रोलियम पदार्थ | ५७.२२ | ५२.३० | -८.६० | ९५.५७ | ८२.७३ | १६९.३६ | ७७.२१ | ४३.५८ |
| अन्य मेशिनरी तथा पार्टस् | २००.७४ | ३९०.२० | ९४.३८ | ५९७.२३ | ५३.०६ | ७६५.६१ | २८.१९ | ५६.२४ |
| इलेक्ट्रीकल समान | २९६.५८ | ३९४.५२ | ३३.०२ | ८२४.१६ | १०८.९० | ६८३.७७ | -१७.०३ | ३२.११ |
| धागो | १२५.६८ | १३९.५८ | ११.०६ | २१७.३० | ५५.६८ | २७३.५२ | २५.८७ | २९.५९ |
| कच्चा ऊन | १६३.०८ | १३९.४८ | -१४.४७ | ३५.५९ | -७४.४८ | ८७.३३ | १४५.३८ | -१८.७९ |
| यातायातका सामान | २७०.५० | ४३९.१८ | ६२.३६ | ५५०.२१ | २५.२८ | ४२३.५९ | -२३.०१ | १६.१३ |
| औषधि | १५३.६९ | १२६.३० | -१७.८२ | ३११.७३ | १४६.८२ | ३३५.८० | ७.७२ | २९.७६ |
| रासायनिक मल | ६१.७३ | १.९६ | -९६.८२ | ७.९८ | ३०७.१४ | ७०.३५ | ७८१.५८ | ४.४५ |
| कागज | ७९.२६ | १०३.९७ | ३१.१८ | १०१.९७ | -१.९२ | १४२.६५ | ३९.८९ | २१.६४ |
| कम्प्यूटर पार्टस् | २७०.१० | २२६.९७ | -१५.९७ | ३७६.९७ | ६६.०९ | ५३४.११ | ४१.६९ | २५.५२ |
| हवाईजहाजका पार्टस् | १४६.२८ | १०४.९९ | -२८.२३ | २०२.०४ | ९२.४४ | २२१.८२ | ९.७९ | १४.८९ |
| दुरसंचारका सामान | ९५.४१ | ४९७.९४ | ४२१.८९ | ४०६.४४ | -१८.३८ | ८५२.१९ | १०९.६७ | १०७.४८ |
| कपडा (सुती तथा अन्य) | २४५.५७ | १९६.६६ | -१९.९२ | २९२.७३ | ४८.८५ | १९१.०५ | -३४.७४ | -८.०३ |
| पोलिथिन ग्रान्युअल्स् | २९५.९७ | ३७१.८९ | २५.६५ | ३६१.६५ | -२.७५ | ५७८.७६ | ६०.०३ | २५.०५ |
| कच्चा पाम तेल | ७१२.१५ | ५७४.६८ | -१९.३० | २९४.९३ | -४८.६८ | २०२.६४ | -३१.२९ | -३४.२३ |
| कच्चा भटमासको तेल | १९२.४२ | १६०.०० | -१६.८५ | ३६५.८६ | १२८.६६ | ४३३.७५ | १८.५६ | ३१.१२ |
| तामाको तार तथा स्क्र्यँप्स | १८७.८८ | १९४.११ | ३.३२ | १८१.३६ | -६.५७ | १७७.६२ | -२.०६ | -१.८५ |
| कच्चा रेशम | २.५४ | ०.५५ | -७८.३५ | ४.१० | ६४५.४५ | ३.१८ | -२२.४४ | ७.७८ |
| अन्य | ३९७३.३२ | ३४२१.१२ | -१३.९० | ५२००.३८ | ५२.०१ | ५०८६.३२ | -२.१९ | ८.५८ |
| **जम्मा** | **७८८२.२३** | **७९५६.१२** | **०.९४** | **१२२०३.२०** | **५३.३८** | **१५७२२.०९** | **२८.८४** | **२५.८८** |

स्रोतः नेपाल राष्ट्र बैक

# तालिका ३४ : शोधनान्तर स्थिति

**(प्रचलित मूल्यमा)**

रू करोडमा

| विवरण | २०६३/६४(आधार वर्ष) | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | औसत वार्षिक वृद्धिदर % मा |
|---|---|---|---|---|---|
| **(क) चालू खाता** | (९०.२२ | **२३६७.९६** | **४१४३.७३** | **-२८१३.५२** | २१४.७६ |
| निकासी, एफ ओ वी | ६१४८.८४ | ६१९७.११ | ६९९०.६८ | ६३१७.७५ | ०.९१ |
| तेल | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| अन्य | ६१४८.८४ | ६१९७.११ | ६९९०.६८ | ६३१७.७५ | ०.९१ |
| पैठारी, सी.आई.एफ. | -१९०४३.७१ | -२१७९६.२८ | -२७९२२.७८ | -३६६६९.२५ | २४.४१ |
| तेल | -३३५६.७६ | -४०८१.५७ | -४१३५.६७ | -५१६०.७२ | १५.४२ |
| अन्य | -१५६८६.९५ | -१७७१४.७१ | -२३७८७.११ | -३१५०८.५३ | २६.१७ |
| व्यापार सन्तुलन | -१२८९४.८७ | -१५५९९.१७ | -२०९३२.१० | -३०३५१.५० | ३३.०२ |
| खुद सेवा आय | -८३७.७३ | -११०९.२० | -१०४७.८० | -१६३८.५३ | २५.०६ |
| सेवा आय | ३२०७.८९ | ४२२३.६१ | ५२८३.०१ | ५११२.०५ | १६.८० |
| यात्रा | १०१२.५३ | १८६५.३१ | २७९५.९८ | २८१३.८६ | ४०.५९ |
| अन्यत्र नपरेको सरकारी आय | १२३३.६४ | १३३०.१८ | १२७३.४४ | ६६३.५६ | -१८.६७ |
| अन्य | ९६१.७२ | १०२८.१२ | १२१३.५९ | १६३४.६३ | १९.३४ |
| सेवा भुक्तानी | -४०४५.६२ | -५३३२.८१ | -६३३०.८१ | -६७५०.५८ | १८.६१ |
| यातायात | -१४५५.७४ | -२२६७.५९ | -२२११.६२ | -२२९६.४६ | १६.४१ |
| भ्रमण | -१५७८.५० | -२०८६.२० | -३१३९.६३ | -३२२८.८२ | २६.९४ |
| अन्य | -१०११.३८ | (९७९.०२ | -९७९.५६ | -१२२५.३० | ६.६० |
| व्यापार तथा सेवा क्षेत्रको सन्तुलन | -१३७३२.६० | -१६७०८.३७ | -२१९७९.९० | -३१९९०.०३ | ३२.५६ |
| खुद आय | ७४३.१८ | ७९४.६८ | ११७४.९५ | ९११.७४ | ७.०५ |
| आय प्राप्ती | १४५०.०८ | १३४४.७७ | १६५०.६६ | १४९१.७९ | ०.९५ |
| आय भुक्तानी | -७०६.९० | -५५०.०९ | -४७५.७१ | -५८०.०५ | -६.३८ |
| व्यापार, सेवा तथा आय सन्तुलन | -१२९८९.४२ | -१५९१३.६९ | -२०८०४.९५ | -३१०७८.२९ | ३३.७५ |
| खुद ट्रान्सफर | १२८९९.२० | १८२८१.६५ | २४९४८.६८ | २८२६४.७७ | २९.८९ |
| ट्रान्सफर आय | १३३१९.६८ | १८५४६.२९ | २५७४६.१३ | २८७७७.०६ | २९.२८ |
| अनुदान | १८२१.८२ | २०९९.३२ | २६७९.६२ | २६६७.३६ | १३.५५ |
| निजी क्षेत्रको विप्रेषण | १००१४.४८ | १४२६८.२७ | २०९६९.८५ | २३१७२.५३ | ३२.२७ |
| पेन्सन | १२९३.७० | १८७८.९९ | १७७५.५४ | २५८५.०७ | २५.९५ |
| अन्य | १८९.६८ | २९९.७१ | ३२१.१२ | ३५२.१० | २२.९० |
| ट्रान्सफर भुक्तानी | -४२०.४८ | -२६४.६४ | -७९७.४५ | -५१२.२९ | ६.८० |

| | | | | | |
|---|---|---|---|---|---|
| **(ख) पूँजी खाता (पूँजी ट्रान्सफर)** | **४४४.९९** | **७९१.२५** | **६२३.१०** | **१२५७.८३** | ४१.३९ |
| जम्मा (क ं ख) | ३५४.७७ | ३१५९.२१ | ४७६६.८३ | -१५५५.६९ | |
| **(ग) वित्तीय खाता (समूह ङ बाहेक)** | **-२३६.२१** | **११०३.२६** | **१८०४.९८** | **५८९.८२** | |
| प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह | ३६.२३ | २९.३९ | १८२.९२ | २८५.२० | ९८.९३ |
| पोर्टफोलियो लगानी | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| अन्य लगानी सम्पत्ति | -१०६९.०० | -११३९.६१ | -१७६७.५१ | -१८२५.३९ | १९.५३ |
| व्यापारिक साख | -५१२.७६ | ८५.३२ | -३०२.४२ | -१००.९० | -४१.८४ |
| अन्य | -५५६.२४ | -१२२४.९३ | -१४६५.०९ | -१७२४.४९ | ४५.८१ |
| अन्य लगानी दायित्व | ७९६.५६ | २२१३.४८ | ३३८९.५७ | २१३०.०१ | ३८.८० |
| व्यापारिक साख | १७२.७८ | १२४८.३६ | १९५५.४६ | २१९६.८९ | १३३.४० |
| ऋण | १४५.५६ | ३३९.१५ | -२८९.९० | -३९३.३५ | |
| सरकार | २१५.०७ | ३४५.५९ | -२८३.२४ | -३९०.१५ | |
| ऋण प्राप्ती | ९६८.९७ | ११३२.५५ | ७२८.७९ | ६८४.१६ | -१०.९५ |
| साँवा भुक्तानी | -७५३.९० | -७८६.९६ | -१०१२.०३ | -१०७४.३१ | १२.५३ |
| अन्य क्षेत्र | (६९.५१ | -६.४४ | -६.६६ | -३.२० | -६४.१६ |
| करेन्सी तथा डिपोजिट | ४७८.२२ | ६२५.९७ | १७२४.०१ | -२९७.९७ | |
| राष्ट्र बैंक | ०.२४ | -०.५६ | -८.४१ | ४.४८ | १६५.२७ |
| वाणिज्य बैंक | ४७७.९८ | ६२६.५३ | १७३२.४२ | -३०२.४५ | |
| अन्य दायित्व | ०.०० | ०.०० | ०.०० | ६२४.४४ | |
| जम्मा (क+ख+ग) | ११८.५६ | ४२६२.४७ | ६५७१.८१ | -९६५.८७ | |
| **(घ) विविध पूँजी तथा भुलचुक** | **९५०.०९** | **-६६९.०३** | **-७१९.८३** | **३०४.८५** | -३१.५४ |
| जम्मा (क+ख+ग+घ) | १०६८.६५ | ३५९३.४४ | ५८५१.९८ | -६६१.०२ | |
| **(ङ) रिजर्भ तथा सम्बन्धित शिर्षक** | **-१०६८.६५** | **-३५९३.४४** | **-५८५१.९८** | **६६१.०२** | |
| रिजर्भ सम्पत्ति | -१३४१.०२ | -३७००.२० | -५८५१.९८ | ३३१.१४ | |
| नेपाल राष्ट्र बैंक | -१०९६.३२ | -२९६३.६८ | -४५७५.१३ | ४३९.८२ | |
| वाणिज्य बैंक | -२४४.७० | -७३६.५२ | -१२७६.८५ | -१०८.६८ | -२३.७० |
| आई.एम.एफ. कर्जा उपयोग | २७२.३७ | १०६.७६ | ०.०० | ३२९.८८ | ६.५९ |
| **खुद वैदेशिक सम्पत्तिमा परिवर्तन (–वृद्धि)** | *-५९०.४३* | *-२९६७.४७* | *-४१२७.९७* | *३६३.०५* | |

श्रोत : नेपाल राष्ट्र बैंक

## तालिका ३५ : बैकहरुसँग रहेको विदेशी विनियम संचिति
**(आषाढ मसान्त)**

(रु. करोडमा)

| विवरण | २०६४ | २०६५ | | २०६६ | | २०६७ | | तीन वर्षको औसत वार्षिक वृद्धिदर % |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| परिवर्त्य विदेशी विनिमय | १५५४३.६३ | १८१६७.५९ | १६.८८ | २६०५०.६० | ४३.३९ | २२४२१.४९ | -१३.९३ | १२.९९ |
| अपरिवर्त्य विदेशी विनिमय | ९६८.९७ | ३०९४.७६ | २१९.३९ | २६०२.९२ | -१५.८९ | ४४६९.२२ | ७१.७० | ६६.४६ |
| विदेशी विनिमय जम्मा | १६५१२.६० | २१२६२.३५ | २८.७६ | २८६५३.५२ | ३४.७६ | २६८९०.७१ | -६.१५ | १७.६५ |
| पैठारी धान्ने क्षमता (महिनामा)* | १०.२ | ११.५ | | १२.१ | | ८.६ | | |
| वस्तु र सेवाको पैठारी धान्ने क्षमता* | ८.४ | ९.३ | | ९.९ | | ७.३ | | |

* पैठारीको स्रोत तालिका २७ र सेवाको स्रोत तालिका ३३

श्रोत : नेपाल राष्ट्र बैंक

## तालीका ३६: त्रिबर्षिय योजनामा हुने रोजगारीको सिर्जना तथा थपिने श्रमशक्तिको प्रक्षेपण

| क्र.स. | जिल्ला | रोजगारी सृजना | थपीने श्रम शक्ति | | जिल्ला | रोजगारी सृजना | थपीने श्रम शक्ति | | जिल्ला | रोजगारी सृजना | थपीने श्रम शक्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | झापा | ४८८४८ | ३७७१० | २६ | चितवन | २९२४२ | २९१३४ | ५१ | मुस्ताङ्ग | २९८ | ५४० |
| २ | ईलाम | १०९१४ | १८१६५ | २७ | मकवानपुर | १२४८४ | ७७५४ | ५२ | दाङ्ग | २९९०७ | ४०४५८ |
| ३ | पाँचथर | ७७०५ | ६६९१ | २८ | काठमाण्डौं | ३७७२१ | १७४१९९ | ५३ | प्युठान | ९०४५ | ९१३० |
| ४ | ताप्लेजुङ् | २३९६ | ५६०५ | २९ | ललितपुर | १३४४१ | ३१५०८ | ५४ | सल्यान | ३०५० | (३०२६ |
| ५ | मोरङ्ग | ५९८२४ | ९२१०९ | ३० | भक्तपुर | ८२८८ | १५५१५ | ५५ | रोल्पा | ९७४२ | ९२७० |
| ६ | सुनसरी | ४०१४१ | ५४३३८ | ३१ | काभ्रे | १५६१७ | १०९३४ | ५६ | रूकुम | ७३६० | ६६१९ |
| ७ | धनकुटा | ७४२७ | ३५७७ | ३२ | सिन्धुपाल्चोक | ५४३३ | ५०२७ | ५७ | बाँके | २१८६७ | ३२३६१ |
| ८ | भोजपुर | ९९९२ | २६०२ | ३३ | धादिङ्ग | १६०८१ | १७३५३ | ५८ | बर्दिया | २४०६७ | ४०५६७ |
| ९ | तेह्रथुम | ४६८० | २६८३ | ३४ | नुवाकोट | १२५५५ | ९८१५ | ५९ | सुर्खेत | ८९१६ | १४००३ |
| १० | संखुवासभा | २५८७ | ४१३८ | ३५ | रसुवा | ८४१ | २६७२ | ६० | जाजरकोट | ५६६३ | ५३०७ |
| ११ | सप्तरी | ४०४९३ | २७५२३ | ३६ | नवलपरासी | ४१७१७ | ५५४८९ | ६१ | दैलेख | ८६०७ | ७४५७ |
| १२ | सिराहा | ३९३३२ | २९९०८ | ३७ | रूपन्देही | ३९०४३ | ४६३४३ | ६२ | डोल्पा | ४१५ | (२४२ |
| १३ | उदयपुर | १०८२२ | १९६०३ | ३८ | कपिलवस्तु | ३५७७६ | ४१३३३ | ६३ | जुम्ला | १३१५ | (४२ |
| १४ | खोटाङ्ग | १०५८७ | ५२४५ | ३९ | गोर्खा | १२३१८ | १०२९७ | ६४ | कालिकोट | १४० | (३७९ |
| १५ | ओखलढुङ्गा | ७१४५ | ५२८४ | ४० | लमजुङ्ग | ८१५३ | ५९१३ | ६५ | मुगु | ६१३ | (६०९ |
| १६ | सोलुखुम्बु | २१२४ | २९१९ | ४१ | तनहुँ | १२६६५ | १०५६० | ६६ | हुम्ला | ७७२ | ११४६ |
| १७ | धनुषा | ३९६८० | ४८०९० | ४२ | स्याङ्गजा | १३२४३ | ९०१९ | ६७ | कैलाली | ३८६६९ | ९९७०१ |
| १८ | महोत्तरी | ३६६९५ | ४६४०५ | ४३ | कास्की | १४०८७ | २७०२१ | ६८ | डोटी | ८६८४ | ७९१६ |
| १९ | सर्लाही | ४३८८५ | ५६७९७ | ४४ | बागलुङ्ग | १०३४९ | १२५२४ | ६९ | अघाम | १०९९९ | ५४४९ |
| २० | सिन्धुली | १०४५९ | १२६८५ | ४५ | म्याग्दी | ४४५६ | १४२६ | ७० | बाजुरा | १८२६ | १९९१ |
| २१ | रामेछाप | ९३२७ | ४४४२ | ४६ | पर्वत | ६९९८ | ४८८९ | ७१ | बझाङ्ग | ३०१६ | ६५४७ |
| २२ | दोलखा | ३३८१ | ३४२३ | ४७ | गुल्मी | १२९४३ | १६३१५ | ७२ | कञ्चनपुर | २३३५३ | ५१३५८ |
| २३ | रौतहट | ३७२२२ | ६१०११ | ४८ | अर्घाखाँची | ८२२५ | ५७२० | ७३ | डडेलधुरा | ४७९८ | २९०७ |
| २४ | बारा | २७४७८ | २७०२२ | ४९ | पाल्पा | १००० | २६२८ | ७४ | बैतडी | ९८०७ | ६९७७ |
| २५ | पर्सा | ३४५४५ | ५५९७२ | ५० | मनाङ्ग | १५९ | १६०१ | ७५ | दार्चुला | १९३१ | ५४७६ |